नेपाल कानून पत्रिका

भाग-६६ | २०८१ फागुन | अङ्क-११

ने
का
प

२
०
८
१

फा
गु
न

अ
ङ्
क

११

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	**- अध्यक्ष**
माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत	**- सदस्य**
मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत	**- सदस्य**
अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन	**- सदस्य**
वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री कालीबहादुर साम्यु लिम्बू

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री कृष्णबहादुर तामाङ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा :

नायब सुब्बा श्री खिमा पोखरेल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

प्रकाशित सङ्ख्या : १५०० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नु पर्नेछ :

नेकाप, २०८..., ...महिना, नि.नं. ....., पृष्ठ ...

उदाहरणार्थ : *नेकाप,* २०८१, फागुन महिना, नि.नं.११३६३, पृष्ठ २००५

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नुपर्ने छ :

सअ बुलेटिन, २०८१, ...- १ वा २, पृष्ठ ...

उदाहरणार्थ : *सअ बुलेटिन*, २०८१, फागुन – १ वा २, पृष्ठ १

सर्वोच्च अदालतको वेभसाइट www.supremecourt.gov.np मा गई दायाँतर्फ **प्रकाशनहरूमा** क्लिक गरी २०६५ सालदेखिका **नेपाल कानून पत्रिका** तथा **सर्वोच्च अदालत बुलेटिनमा** समाविष्ट निर्णयहरू पढ्न र डाउनलोड गर्न सकिने छ।

साथै, नेपाल कानून पत्रिकामा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म) **हेर्न, पढ्न तथा सुरक्षित गर्न** **www.nkp.gov.np** मा जानुहोला।

निन्दन्तु नीतिनिपुणा यदि वा स्तुवन्तु
लक्ष्मीः समाऽविशतु गच्छतु वा यथेष्टं ।
अद्यैव वा मरणं मस्तु युगान्तरे वा
न्याय्यात्पथः प्रविचलन्ति पदं न धीराः ॥८४॥

- भर्तृहरि नीतिशतकम्

<u>अर्थः</u> निन्दा गरून् वा प्रशंसा, लक्ष्मी आउन् वा जाउन्,
आजै मर्नुपरोस् वा कालान्तरमा,
यी कुनै कुराको कत्ति पनि चिन्ता नराखी
न्यायिक मार्गमा लाग्नेहरू कहिल्यै विचलित हुँदैनन् ।

नेपाल कानून पत्रिकामा फैसला खोज्ने तरिका

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुने छ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिने छ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुने छ ।

मूल्य रू.१५०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना

विषय सूची

क्र. स.	नि.नं./इजलास / विवरण	पक्ष / विपक्ष	विषयको सारसङ्क्षेप	पृष्ठ
१.	११३६३ बृहत् पूर्ण बन्दी प्रत्यक्षीकरण	पासाङ तामाङ उर्फ सन्दीप पाठक भन्ने मिलन लामा विरुद्ध उच्च अदालत पाटनसमेत	▪ कैद खापी सजाय गर्ने विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने र स्पष्ट तोकिएको अवस्थामा बाहेक कैद खाप्न नहुने कुरालाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को समग्र कानूनी व्यवस्थामा आत्मसात् गरिएको पाइने । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) मा कसुर कायम भई कैद सजाय भोगिरहेकाको हकमा दफा ३६ (२) को केही विशेष अवस्थामा बाहेक अर्को कसुर कायम भई सोबापत सजाय गर्दा साथ साथै / एकैपटक (concurrently) भुक्तान हुने भन्ने र कुनै कसुरमा कैदको सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान नहुँदै अर्को सजाय भएमा एकपछि अर्को सजाय हुने व्यवस्था रहेबाट ऐ. ऐनको दफा ३६ को उपदफा (२) लाई पहिलो कसुरमा सजाय भोग्नुअघि अर्को कसुरबापत सजाय भएको अवस्था भनी बुझ्नुपर्ने । अन्यथा विधायिकाले ऐ.ऐनको दफा ३६(१) र (२) को व्यवस्था नै गर्ने थिएन। तसर्थ ऐ. ऐनको दफा ३६ को समग्रतालाई विचार नगरी	२००५

			केवल सो दफा ३६ को उपदफा (२) लाई मात्र टिपेर अलग राखी त्यसैको मात्र अर्थ लगाउँदा दफा ३६ को समग्र कानूनी व्यवस्था तथा सजायको उद्देश्यको अन्तरनिहित उद्देश्य पराजित हुने ।	
२.	११३६४ पूर्ण बकसपत्र लिखत बदर गरी अंश नामसारी	पवनकुमार मल्ल विरूद्ध निर्मला श्रेष्ठ	▪ २०४६ सालको बन्डापत्रबाट प्राप्त सम्पत्ति शेषपछिको बकसपत्र तथा दाखेल खारेजलगायतका प्रक्रियाबाट आफ्नो नाउँमा ल्याई उपभोग गर्ने तर बन्डापत्रलाई स्वीकार नगर्ने भन्न नमिल्ने । बन्डापत्रको परिणामलाई स्वीकार गरेपछि बन्डापत्रको बेहोरालाई पनि स्वीकार गरेको मान्नुपर्ने ।	२०५२
३.	११३६५ पूर्ण बन्दी प्रत्यक्षीकरण	अङ्कुस भगत भन्ने अङ्गकुस भगत विरूद्ध जिल्ला सरकारी वकिल कार्यालय, मोरङ, विराटनगरसमेत	▪ वारदातको श्रृङ्खला एउटै भए पनि त्यस्तो श्रृङ्खलाअन्तर्गत भएका कार्यहरू फरकफरक फौजदारी कानून सम्बन्धित विषय बन्न सक्ने । यस्तो अवस्थामा कुनै एक प्रकारको अभियोगमा मुद्दा चलाएको छ भन्ने आधारमा अर्को कसुरमा मुद्दा चलाउन बाधा नपर्ने । त्यसो गर्न दोहोरो खतराको सिद्धान्तले नरोक्ने । तर यस्तो लगातार कसुर भइरहेको अवस्थामा अलगअलग कानूनअन्तर्गत एउटै निकायमा मुद्दा चलाउने वा अलगअलग निकायमा मुद्दा चलाउने भन्ने विषयमा भने सम्बन्धित कानूनी व्यवस्थाको रोहमा हेरिनुपर्ने ।	२०६३

४.	११३६६ पूर्ण उत्प्रेषण	राष्ट्रिय बिमा संस्थान, रामशाहपथ, काठमाडौंसमेत विरूद्ध शान्ता पोखरेल भट्टराईसमेत	▪ कुनै पनि कानून अवैध घोषित नभएसम्म वैध हुने । सो कानूनबमोजिम भए गरेका निर्णय एवं काम कारबाहीहरू पनि संवैधानिक एवं कानूनी प्रश्न उठी बदर नहुँदासम्म स्वतः वैध मानिने । प्रश्न उठी बदर गर्नुपरेमा पनि जुन विषयमा प्रश्न उठी बदर गर्नुपरेको हो सो हदसम्म मात्र बदर गर्नु मनासिब हुने । नियुक्ति पाई परीक्षणकालसमेत समाप्त भई संस्थानमा कार्यरत अन्य कर्मचारीहरूको हकमा कुनै विवाद नै नभएको अवस्थामा संस्थानबाट भए गरेका सम्पूर्ण निर्णय एवं काम कारबाहीहरू बदर गर्नु न्यायसङ्गत नहुने । तत्काल प्रचलित कानूनसम्मत निर्णय एवं काम कारबाहीलाई मान्यता प्रदान गर्नु न्यायोचित हुने ।	२०७६
५.	११३६७ संयुक्त कर्तव्य ज्यान र अपहरण तथा शरीर बन्धक	सन्तोषकुमार पण्डितसमेत विरूद्ध नेपाल सरकार	▪ कसुरको अवस्थालाई जरियाको सिद्धान्त (Doctrine of Causation) को सन्दर्भमा हेर्दा प्रतिवादीहरूले अपहरण गरी लगेको कार्यकै परिणामस्वरूप मृतकको मृत्यु हुन पुगेको अवस्था भए जरियाको सिद्धान्त (Doctrine of causation) आकर्षित हुनेतर्फ विचार गर्न सकिने । किनभने Doctrine of Causation को सिद्धान्त "a man can only be held liable for the consequences of his actions" भन्ने मान्यतामा आधारित हुन्छ ।	२०९०

			जरियाको सिद्धान्त (Doctrine of Causation) स्थापित हुन मुख्य गरी Factual Causation र Legal Causation बिचको सम्बन्ध स्थापित हुनुपर्ने । अभियुक्तले गरेको कसुरजन्य कार्यको chain of causation भङ्ग भएको देखिन्छ भने पछिल्लो कसुरबापतको दायित्व अभियुक्तले बेहोर्नु नपर्ने ।	
६.	११३६८ संयुक्त जबरजस्ती करणी र मानव बेचबिखन	नेपाल सरकार विरूद्ध सुसिसकुमार थारूसमेत	▪ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीमा सारेको भए पनि वादी पक्षले अभियुक्तले गरेको कसुरको गहन अनुसन्धान गर्ने, कुन कानूनको उल्लङ्घन के कसरी भयो, कानूनविपरीत कार्य गरेको के कुन प्रमाणद्वारा पुष्टि गर्न सकिन्छ भनी अनुसन्धान र प्रमाण सङ्कलन गर्नेतर्फ अभियोजन पक्ष आफ्नो दायित्वबाट पन्छिन नमिल्ने । ▪ ओसारपसार कुन उदेश्यले गरिएको छ सो पनि हेर्नुपर्ने । कसुरमा बेचबिखनको वा शोषणको वा वेश्यावृत्तिको उद्देश्य भएमा मात्र मानव बेचबिखन तथा ओसारपसारमा कारबाही हुने । तर विवाहको निमित्त गरिएको ओसारपसारलाई मानव बेचबिखनको निमित्त गरिएको ओसारपसारअन्तर्गतको कसुर मान्न नसकिने ।	२१३४

७.	११३६९ संयुक्त मानव बेचबिखन तथा ओसारपसार	अर्जुनप्रसाद शर्मा विरूद्ध नेपाल सरकार	▪ अदालतको न्यायिक अभ्यासको रोहमा हेर्दा मानव बेचबिखनको कसुर ठहर हुन मानिसलाई बिक्री गर्ने उद्देश्य हुनुपर्ने, स्वदेशको एक स्थानबाट अर्को स्थान होस् वा विदेश नै लगेको किन नहोस् तर बिक्री गर्ने उद्देश्यले नै लगेको प्रमाणित हुनुपर्ने। ▪ वेश्यालयमा लगी बिक्री गर्ने वा वेश्यागमन गरेको अर्थात् आर्थिक फाइदा लिनेसमेत उद्देश्यले वेश्यालयमा पुऱ्याएको अवस्थाका साथै मानव अङ्ग जस्तै किड्नी आदि बेच्ने कार्यलाई समेत मानव बेचबिखनको कसुर मान्नुपर्ने। ▪ मानव बेचबिखन र ओसारपसार दुई फरक कसुर भएको र कतिपय अवस्थामा यी दुवै कसुर सँगसँगै आउने भए पनि एकको अनुपस्थितिमा पनि अर्को कसुर हुन सक्ने।	२१५१
८.	११३७० संयुक्त उत्प्रेषण / परमादेश	TATA Projects विरूद्ध मिलेनियम च्यालेन्ज अकाउन्ट नेपाल (Millennium Challenge Account Nepal) समेत	▪ नेपाल पक्ष राष्ट्र भई कुनै अर्को राष्ट्र वा त्यसका निकाय वा अन्तरसरकारी सङ्गठनसँग गरेका द्विपक्षीय सन्धिहरू सामान्यतया नेपाल कानूनसरह मात्र लागु हुने । करारीय प्रकृतिका सम्झौतासँग सम्बद्ध हक वा दायित्वको प्रचलनमा कुनै प्रश्न उठेमा अदालतले सो प्रश्न निरूपणको विषयमा समान हैसियत भएको वा नभएको सम्बन्धी सार्वभौमिक समानता र पारस्परिकताको सिद्धान्तको कसीमा राखेर विचार गर्नुपर्ने।	२१७०

			▪ द्विपक्षीय तथा त्रिपक्षीय सन्धिका हकमा भने संविधानका विभिन्न प्रावधानहरूमा सार्वभौमिक समानता, पारस्परिकता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र मुलुकलाई पर्ने असरलगायतका सर्तहरूको अवलम्बन गर्नुपर्ने । तुलनात्मक क्षेत्राधिकारमा समेत मानव अधिकार सन्धि र द्विपक्षीय तथा त्रिपक्षीय सन्धिहरूको पृथक् हैसियत (bifurcation) कायम गरी संवैधानिक विधिशास्त्र निर्माण गरिएको देखिने । नेपालको संविधान, नेपाल सन्धि ऐन, २०४७, यस अदालतबाट समयसमयमा प्रतिपादन भएका नजिर तथा तुलनात्मक क्षेत्राधिकारमा भएको विधिशास्त्रीय विकासलाई मध्यनजर गर्दा बहुपक्षीय मानवअधिकार सन्धिले अधिकानूनको हैसियत (status of supra-legality) प्राप्त गर्ने भए तापनि द्विपक्षीय सन्धि सम्झौतामा यदि समानता र पारस्परिकताको अभाव भएमा त्यस्ता सन्धि सम्झौताहरूले प्रचलित कानूनको तुलनामा माथिल्लो हैसियत प्राप्त गर्न नसक्ने । ▪ द्विपक्षीय वा त्रिपक्षीय आर्थिक, व्यापारिक वा करारीय प्रकृतिका सन्धि सम्झौताअन्तर्गत कसैको हक वा दायित्वको प्रचलनको सम्बन्धमा न्याय निरूपण गर्दा न्यायिक निकायले जुन	

			सन्धि वा सम्झौतासँग सम्बन्धित प्रश्न रहेको हो सो सन्धि वा सम्झौताले नेपालबाहेकका अन्य पक्षहरूको के कस्तो प्रकारको दायित्व निर्धारण गरेको छ भन्ने तथ्यको समेत विश्लेषण गर्नुपर्ने। नेपालसँग सन्धि वा सम्झौता गर्ने राष्ट्रमा उक्त सन्धि वा सम्झौताबमोजिमको हक वा दायित्वको न्यायिक प्रचलन हुने समानान्तर अवस्था विद्यमान भएमा मात्र सन्धि वा सम्झौताबमोजिमको हक वा दायित्वको प्रचलनको प्रश्न न्यायिक निरूपणयोग्य प्रश्नको रूपमा स्थापित हुने। त्यस्ता सन्धि सम्झौताबाट सिर्जित हक वा दायित्वको कार्यान्वयनको क्रममा कुनै प्रश्न सम्बद्ध विवाद यस अदालतमा प्रवेश गरेमा उक्त सन्धि सम्झौताका अन्य पक्षराष्ट्रमा सम्बन्धित सन्धि सम्झौताले समान किसिमको हैसियत (reciprocal status) राख्छ कि राख्दैन भनेरसमेत हेर्नुपर्ने। ▪ दुई वा दुईभन्दा बढी सार्वभौम राष्ट्रले आफ्नो सार्वभौमिकताको प्रयोग गरेर हस्ताक्षर गरिने यस्ता सन्धि सम्झौता सम्बद्ध सबै राष्ट्रमा उस्तै रूपमा कार्यान्वयनयोग्य छन् छैनन् भनेर हेर्नु आवश्यक देखिने । नेपाल पक्ष भएको सन्धि सम्झौताबाट सिर्जित हक वा दायित्व अर्को पक्षको अदालतबाट समान रूपले प्रचलन गराउने अवस्था छ वा छैन	

			भनेरसमेत हेर्नुपर्ने । यदि त्यस्तो अवस्था नरहेको देखिएमा नेपालको अदालतले मात्र एकपक्षीय रूपमा नेपाल कानूनभन्दा माथिल्लो दर्जामा राखेर न्यायिक निरूपणयोग्य मान्ने र अर्को पक्षको अदालतले सोही हैसियत नदिने अवस्था सिर्जना भई समान सार्वभौमिकताको सिद्धान्तमा आधारित नभएर गरिने यस्ता सन्धि सम्झौताको वैधतामाथि नै प्रश्न उठ्ने । ▪ नेपाल पक्ष राष्ट्र भएको द्विपक्षीय वा त्रिपक्षीय सन्धिको सम्बन्धमा अर्को देशको कानून वा अभ्यासमा नेपाल सन्धि ऐनको दफा ९(१) सरहको प्रावधान नभएमा वा सन्धिका प्रावधानलाई राष्ट्रिय कानूनसरह मान्यता नदिएको अवस्थामा अदालतले त्यस्तो द्विपक्षीय वा त्रिपक्षीय सन्धि सम्झौताका आधारमा एकपक्षीय रूपमा नेपालको राष्ट्रिय कानूनभन्दा सन्धि सम्झौताको प्रावधानलाई माथिल्लो हैसियत नदिन पनि सक्ने । नेपालले कुनै अर्को देश वा उक्त देशको कानूनद्वारा स्थापित संस्थासँग ऋण वा अनुदानमा आयोजना सम्पन्न गर्न सम्झौता गरेको अवस्था भएमा उक्त आयोजना सम्पन्न गर्ने सम्झौतासँग सम्बन्धित मुख्य दस्ताबेजसम्म नेपाल सन्धि ऐन, २०४७ को दफा २ र दफा ९(१) बमोजिमको हैसियत सीमित हुने भएको हुँदा,	

			Millenium Challenge Corporation (MCC) अन्तर्गत भएको सम्झौता र दस्ताबेजहरूलाई सो हदसम्म मात्र बुझ्नुपर्ने। ▪ **MCC** सम्झौताअन्तर्गतको **MCA-Nepal** मा नेपालको पनि लगानी रहेको, **MCC** स्वयम्मा एक राज्य जस्तै प्रकृतिको निकाय रहेको र यसले गर्ने निर्णयहरूमा स्वेच्छाचारिता **(arbitrariness)** नहुने भन्ने नभएको हुँदा प्रभावकारी उपचार **(effective remedy)** को प्रयोजनको लागि निवेदक अदालतमा प्रवेश गर्न पाउने।	

निर्णय नं. ११३६३

सर्वोच्च अदालत, बृहत् पूर्ण इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुङ्गाना
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
माननीय न्यायाधीश श्री विनोद शर्मा
आदेश मिति : २०८०।७।२३
०७९-WF-०००७

मुद्दाः- बन्दीप्रत्यक्षीकरण

निवेदक : सिन्धुली जिल्ला, कमलामाई नगरपालिका वडा नं. ११ घर भई हाल कारागार कार्यालय नख्खु, ललितपुरमा थुनामा रहेको पासाङ तामाङ उर्फ सन्दीप पाठक भन्ने मिलन लामा

विरूद्ध

विपक्षी : उच्च अदालत पाटनसमेत

- **फौजदारी कसुरमा कसुरदारलाई सजाय कार्यान्वयन गर्दा कसुर गर्दाको समयमा प्रचलित कानूनभन्दा सजाय कार्यान्वयनको समयमा घटी सजाय हुने गरी कानूनी व्यवस्था भएको अवस्थामा घटी सजाय नै कार्यान्वयन गर्नुपर्ने ।**

(प्रकरण नं.१२)

- **प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) र साबिक मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को उक्त प्रतिबन्धात्मक वाक्यांशको कानूनी व्यवस्थाअनुसार कसुर गर्दाको समय र अवस्थाबमोजिम तोकिएका खासखास अवस्थाहरूमा मात्र एकपछि अर्को (consecutively) कैद भुक्तान गर्नुपर्ने भन्ने देखिने ।**

(प्रकरण नं.४९)

- **कैद खापी सजाय गर्ने विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने र स्पष्ट तोकिएको अवस्थामा बाहेक कैद खाप्न नहुने कुरालाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को समग्र कानूनी व्यवस्थामा आत्मसात् गरिएको पाइने । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) मा कसुर कायम भई कैद सजाय भोगिरहेकाको हकमा दफा ३६ (२) को केही विशेष अवस्थामा बाहेक अर्को कसुर कायम भई सोबापत सजाय गर्दा साथ साथै / एकैपटक (concurrently) भुक्तान हुने भन्ने र कुनै कसुरमा कैदको सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान नहुँदै अर्को सजाय भएमा एकपछि अर्को सजाय हुने व्यवस्था रहेबाट ऐ. ऐनको दफा ३६ को उपदफा (२) लाई पहिलो कसुरमा सजाय भोग्नुअघि अर्को कसुरबापत सजाय भएको अवस्था भनी बुझ्नुपर्ने । अन्यथा विधायिकाले ऐ.ऐनको दफा ३६(१) र (२) को व्यवस्था नै गर्ने थिएन । तसर्थ ऐ. ऐनको दफा ३६ को समग्रतालाई विचार नगरी केवल सो दफा ३६ को उपदफा (२) लाई मात्र टिपेर अलग राखी त्यसैको मात्र अर्थ लगाउँदा दफा ३६ को समग्र कानूनी व्यवस्था तथा सजायको उद्देश्यको अन्तरनिहित उद्देश्य पराजित हुने ।**

(प्रकरण नं.६३)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री रामनारायण विडारी तथा विद्वान् अधिवक्ताहरू श्री माधव बस्नेत, श्री पदम रोका र श्री मुकुन्द न्यौपाने

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री सोमकान्त भण्डारी तथा विद्वान् उपन्यायाधिवक्ता श्री शान्तिप्रसाद लुइँटेल

अवलम्बित नजिर :

- ने.का.प.२०४१, अङ्क ३, नि.नं.१९४२
- ने.का.प.२०४१, अङ्क ९, नि.नं.२१०८
- ने.का.प.२०४१, अङ्क ८, नि.नं.२८३१
- ने.का.प.२०४३, अङ्क ११, नि.नं.२९०६
- ने.का.प.२०४४, अङ्क ८, नि.नं.३१८१
- ने.का.प.२०४५, अङ्क ४, नि.नं.३४१३
- ने.का.प.२०७४, अङ्क ७, नि.नं.९८४६
- ने.का.प.२०७६, अङ्क ९, नि.नं.१०३६०

सम्बद्ध कानून :

- नेपालको संविधान
- मुलुकी अपराध संहिता, २०७४
- फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४
- मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५

आदेश

न्या.सपना प्रधान मल्ल : नेपालको संविधानको धारा ४६ र १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको अधिकारक्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार छ।

तथ्य खण्ड

निवेदन बेहोरा

म हाल कारागार कार्यालय, नख्खु ललितपुरमा बन्दी जीवन बिताइरहेको छु। म नेपालमा मिति २०६७।८।२४ देखि थुनामा रहेको छु। त्यसैले म कैदमा बसेको १२ वर्ष भइसकेको छ। त्यसअघि २ वर्ष ४ महिना भारतको तिहाड जेलमा राखिएको थियो। भारतको उच्च अदालतबाट मैले सफाइ पाएपछि पनि मलाई मुक्त नगरी भारतीय प्रहरीले बन्दीकै अवस्थामा नेपाल भारत सीमाको कञ्चनपुर जिल्लामा ल्याएर नेपाल प्रहरीमा जिम्मा लगाएको थियो। म भारतमा हातहतियार मुद्दामा पक्राउ परेदेखि हालसम्म कहिल्यै पनि थुनामुक्त भएको छैन। मलाई कहिले कुन कहिले कुन गम्भीर प्रकृतिका मुद्दाहरू लगाई हालसम्म थुनामै राखिएको छ। भारतीय प्रहरीबाट नेपाल प्रहरीले जिम्मा लिएपछि मबाट लागु औषध बरामद भएको भनेर कञ्चनपुर जिल्ला अदालतमा लागु औषध मुद्दा चलायो। म चुरोट र मदिरासमेत कहिल्यै सेवन नगर्ने व्यक्ति भए तापनि मबाट मिति २०६७।८।२४ मा २५ ग्राम खैरो हेरोइन बरामद भएको आरोप लगाइयो। उक्त मुद्दामा म निवेदकलाई कञ्चनपुर जिल्ला अदालतबाट १० वर्ष कैद र रू.२५,०००।- (पच्चिस हजार) जरिवाना हुने ठहरी मिति २०६८।२।४ मा फैसला भयो। पुनरावेदन अदालत महेन्द्रनगरबाट पनि मिति २०६९।१२।४ मा कञ्चनपुर जिल्ला अदालतकै फैसला सदर भयो।

मेरो संलग्नताको कुनै प्रमाण नहुँदा नहुँदै पनि मेरो विरूद्धमा धेरै मुद्दाहरू दर्ता भएका थिए। कतिपय मुद्दाहरू त म थुनामै रहेको भए पनि थाहा नपाई प्रमाण नपुगेको भनेर फैसला भई मैले सफाइ पनि पाएको रहेछु। एल. पि. साँवा लिम्बू भन्ने लालबहादुर साँवा लिम्बूलाई गोली प्रहार गरेको भन्ने अभियोगमा हातहतियार मुद्दामा जिल्ला प्रशासन कार्यालयबाट मेरो अनुपस्थितिमा नै मिति २०६८।३।१९ मा मलाई

५ वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना भएको रहेछ । अर्को, अवैध कटुवा पेस्तोल बोकेर हिँडेको भन्ने अर्को मुद्दा सिर्जना गरी मेरो अनुपस्थितिमा नै मलाई २ वर्ष कैद र रू.४,०००।- (चार हजार रूपैयाँ) जरिवाना गरिएको रहेछ । सो कुरा मैले मिति २०७५।२।१९ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको पत्रबाट जानकारी पाएँ। त्यस्तै मिति २०६३।१।२१ मा डा. हेमाङ्ग दीक्षितलाई गोली प्रहार गरेको भन्ने अर्को ज्यान मार्ने उद्योग मुद्दा दर्ता भई मेरो हकमा काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।१०।८ मा मुलतबी राखिएको रहेछ । सो कुरा जानकारी पाई कारागार कार्यालय, पर्साबाट नै निवेदन दिई मिति २०६८।७।२० मा मुद्दा जगाएको र सो मुद्दामा मिति २०७१।१।१४ मा मलाई ५ वर्ष कैद हुने गरी फैसला भएछ ।

मिति २०६३।१२।१७ मा १३:०० बजेको समयमा गोंगबु नयाँ बसपार्कबाट आकाश के.सी. भन्ने वीरबहादुर खत्री, केदार श्रेष्ठ, मनोज तामाङ, गणेशकुमार लामाबाट हेरोइन बरामद भएको भनी मसमेतलाई लागु औषध मुद्दा चलाइएको रहेछ । सो मुद्दा मिति २०६६।३।८ मा फैसला हुँदा मेरो हकमा "रीतपूर्वक म्याद बुझी फरार रहेको" भनी मुलतबी राखिएको रहेछ । सो कुरा मैले जानकारी पाई आफैँले मिति २०७५।१।२६ मा निवेदन दिई मुद्दा जगाई मिति २०७६।५।२३ मा कसुर कायम भई मिति २०७६।६।७ मा सजाय निर्धारण हुँदा मलाई ११ वर्ष कैद र रू.८२,५००।- (बयासी हजार पाँच सय रूपैयाँ) जरिवाना हुने ठहर भएछ । सो फैसलामा चित्त नबुझेकोले पुनरावेदन गर्दा उच्च अदालत पाटनबाट मिति २०७८।४।१५ मा सजाय र जरिवानामा केही घटाई १० वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार रूपैयाँ) जरिवाना हुने फैसला भएको छ ।

म कञ्चनपुर जिल्ला अदालतको मिति २०६८।२।२२ को कैदी पुर्जीअनुसार निरन्तर कैदमा नै रहेको भए पनि उच्च अदालत पाटनको फैसलाअनुसार मलाई कैदी पुर्जी दिँदा काठमाडौं जिल्ला अदालतमा फैसला कार्यान्वयन अधिकारीले जरिवाना तिरे मिति २०८५।६।१७ मा र जरिवाना नतिरे मिति २०८६।२।२६ सम्म कैदमा राखी मिति २०८६।२।२७ मा कैद मुक्त गरिदिनु भनेर मिति २०७८।९।६ मा प्रत्यर्थी कारागार कार्यालय, जगन्नाथ देवललाई संशोधित कैद म्यादको पत्र लेख्नुभएको रहेछ । त्यसको जानकारी पाएपछि मैले मिति २०७८।९।२६ मा कैद हद गरी एकीकृत कैदी पुर्जी पाउँ भनी निवेदन दिएको थिएँ। सो निवेदनमा फैसला कार्यान्वयन अधिकारीले मुद्दाहरूको वारदातसमेत फरक रहेको भन्ने कारण देखाई मेरो निवेदन अस्वीकार गर्नुभएछ । त्यसपछि फैसला कार्यान्वयन अधिकारीको आदेशमा इजलासबाट पनि मुद्दाहरू एउटै नभई अलग-अलग भएको भन्ने आधारमा मिति २०७८।१०।२१ मा फैसला कार्यान्वयन अधिकारीको आदेश नै सदर भएछ। उच्च अदालत पाटनबाट समेत मिति २०७९।२।२६ मा जिल्ला अदालतको आदेश नै सदर भएछ।

अदालतहरूबाट भएका आदेशहरूमा मलाई सजाय गरिएका वारदातहरू नै फरक-फरक रहेका भन्ने आधार बनाइएको छ । दुवै तहका आदेशहरू **दुखितलाल हाडी वि. झापा जिल्ला अदालतसमेत (ने.का.प. २०४५, अङ्क ४, नि.नं. ३४१३)** भएको मुद्दामा प्रतिपादित सिद्धान्त मेरो हकमा लागु नहुनुपर्ने कारण छैन । वारदात हुँदाको बखतको दण्ड सजायको ४१ नं. तथा हालको सजाय कार्यान्वयन ऐनको दफा ३६ बमोजिम कानूनी सुविधा पाउने भन्ने सम्बन्धमा यस सम्मानित अदालतबाट विभिन्न मुद्दाहरूमा प्रश्न उठी समाधान गरिसकेको विषय हो । दीपक मल्ल, लालबहादुर वि.क., देवीप्रसाद ढकाल, कर्णबहादुर थापा, बलबहादुर सुनार तथा महेन्द्रकुमार मल्ल ठकुरी भन्नेसमेत एउटै व्यक्ति **बलबहादुर वि.क. वि.**

कारागार कार्यालय, जगन्नाथ देवल, काठमाडौंसमेत (ने.का.प. २०७२, अङ्क ११, नि.नं. ९५००) र **साँढे भन्ने कैलाश सिंह वि. कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत (ने.का.प. २०७३, अङ्क ८, नि.नं. ९६६२)** भएका मुद्दाहरूमा पनि फरक-फरक कसुरमा फरक-फरक अदालतहरूबाट तोकिएका फरक-फरक सजाय जोड्न नमिल्ने भनी बन्दीप्रत्यक्षीकरणका आदेशहरू जारी भएका छन् । मेरो सन्दर्भमा निवेदन गर्दा पनि मलाई कानूनले दिएको सुविधा नदिई संविधान र कानूनका उल्लिखित व्यवस्था विरूद्ध आदेश गरिएको छ ।

मलाई अभियोग लगाइएका मुद्दाहरूको वारदात बनाइएको बखतमा कायम रहेको मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. मा भएको व्यवस्था र हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ मा विभिन्न कसुरबापत भएको कैद सजायको कार्यान्वयन गर्ने सम्बन्धमा भएको व्यवस्था मिल्न आउँछ । मेरो विरूद्धमा कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६८।२।४ मा फैसला हुँदा कैद १० वर्ष भएको थियो र त्यही फैसलालाई मिति २०६९।१२।४ मा पुनरावेदन अदालत, महेन्द्रनगरले पनि सदर गरेको छ । त्यस्तै, काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।५।२३ मा ११ वर्ष कैद र रू.८२,५००।- (बयासी हजार पाँच सय रूपैयाँ) जरिवाना गरिएको थियो । तर त्यसमा मैले पुनरावेदन गर्दा उच्च अदालतबाट उक्त सजाय परिवर्तन भई १० वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार रूपैयाँ) जरिवाना भएको छ अर्थात् कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६८।२।४ मा भएको कैद बराबर नै सजाय भएको छ । यस्तो अवस्थामा ऐ. ऐनको दफा ३६ को उपदफा (१) को खण्ड (क) तथा दफा ३६ को उपदफा (३) अनुसार हुनुपर्छ । मलाई लागेका मुद्दाहरूमा भएका सजायहरूमध्ये अधिकांश मुद्दाको सजाय निरन्तर कैदमा बसेर कटाइसकेको छु । मलाई दुवै मुद्दाहरूका फैसलाबाट भएका अवधि जोडी कैदमा राख्न मिल्दैन ।

अतः उल्लिखित आधारहरूमा मेरो हकमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) आकर्षित हुने नभई दफा ३६ को उपदफा (१) को (क) र उपदफा (३) आकर्षित हुनेमा लाग्दै नलाग्ने कानून आकर्षित हुन्छ भनी गैरकानूनी रूपमा थुनामा राखिएको र त्यसबाट संविधानको धारा १६(१), १७, १८(१) तथा २०(४) समेतद्वारा प्रदत्त मौलिक हक र ऐ. ऐनको दफा ३६ को उपदफा (१) र (३) मेरो सन्दर्भमा आकर्षित हुने भएकोले म मिति २०६७।८।२४ देखि निरन्तर थुना र कैदमा रहेको र मैले कानूनबमोजिम बस्नुपर्ने थुनामा बसिसकेको हुँदा हाल म गैरकानूनी थुनामा रहेकोले तत्काल थुनामुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणलगायत अन्य उपयुक्त आदेश जारी गरिपाऊँ ।

यस अदालतको मिति २०७९।४।२६ को आदेश

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार कारणसहित यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक ३ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूको नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको जानकारीसमेत दिई नियमानुसार पेस गर्नू ।

काठमाडौं जिल्ला अदालतका फैसला कार्यान्वयन अधिकारीको लिखित जवाफ

प्रतिवादी पासाङ तामाङ उर्फ सन्दिप पाठक

भन्ने मिलन लामा तामाङ भएको ०७४-CR-१८७७ को लागु औषध मुद्दामा यस जिल्ला अदालतको मिति २०७६।६।७ को सजाय निर्धारण फैसलाअनुसार निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१) को देहाय (छ)(२) बमोजिम ११ (एघार) वर्ष कैद र रू.८२,५००।- (बयासी हजार पाँच सय रूपैयाँ) जरिवाना हुने ठहरेकोमा सोउपर पुनरावेदन परी उच्च अदालत पाटनबाट यस जिल्ला अदालतको फैसला केही उल्टी भई निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१) (छ) (२) बमोजिम कैद १० (दश) वर्ष र रू. ७५,०००।- (पचहत्तर हजार रूपैयाँ) जरिवाना हुने ठहरी मिति २०७८।४।१५ मा फैसला भएकोमा निज प्रतिवादी प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा मिति २०७५।६।१७ देखि हालसम्म थुनामा रहेको देखिँदा निजलाई लागेको कैद सोही मितिबाट कट्टा हुने गरी मिति २०८५।६।१६ सम्म नियमानुसार सिदा खान दिई थुनामा राखी निजलाई लागेको जरिवाना रू.७५,०००।- (पचहत्तर हजार रूपैयाँ) दाखिला गरे अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत ०७४-CR-१८७७ को लागु औषध मुद्दाको हकमा मात्र निज प्रतिवादीलाई मिति २०८५।६।१७ मा थुनाबाट मुक्त गरिदिनू । उल्लिखित जरिवाना दाखिला नगरे सो जरिवानाबापत कैद ठेक्नुपर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ समेतको आधारमा प्रतिदिन रू.३००।- का दरले ०।८।१० (आठ महिना दश दिन) कैद गर्नुपर्दा मिति २०८५।६।१७ देखि मिति २०८६।२।२६ सम्म नियमानुसार सिदा खान दिई थुनामा राखी अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत लागु औषध मुद्दाको हकमा मात्र निज प्रतिवादीलाई मिति २०८६।२।२७ मा थुनाबाट मुक्त गरिदिनु भनी यस अदालतको च.नं. ११५२ मिति २०७८।९।६ को कैदी पुर्जीमार्फत कारागार कार्यालय नख्खु, ललितपुरमा कैद ठेकी पठाइएको हो । निवेदकको उल्लिखित मुद्दामा यस अदालतबाट मिति २०७६।६।७ को सजाय निर्धारण फैसला र उच्च अदालतबाट मिति २०७८।४।१५ मा भएको फैसलाबमोजिम फैसला कार्यान्वयनको सिलसिलामा माथि उल्लिखित मुद्दामा ठहरेको कैद र जरिवानाबापत कैद म्याद ठेकी कारागार कार्यालयमा पठाइएको हुँदा निज निवेदकको थुना गैरकानूनी नभई कानूनसम्मत भएकोले यस अदालतको नाममा निवेदकको माग दाबीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था नहुँदा निवेदन खारेज गरिपाऊँ ।

उच्च अदालत पाटनको लिखित जवाफ

निवेदक प्रतिवादीउपरका मुद्दाहरू एउटै नभई अलग-अलग भएको देखिँदा यी निवेदक प्रतिवादीका हकमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (३) नभई दफा ३६ को उपदफा (२) आकर्षित हुने देखिएको भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।१०।२१ मा भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहनु परेन । कानूनबमोजिम गर्नु भनी मिति २०७९।२।२६ मा यस अदालतबाट अन्तिम आदेश भएको बेहोरा जानकारीको लागि सादर अनुरोध गरिन्छ । यसरी निवेदन संलग्न कागज प्रमाणको मूल्याङ्कन र विश्लेषण गरी तथ्य, प्रमाण र कानूनको आधारमा आदेश जारी भएको हुँदा यस अदालतको हकमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाऊँ ।

कारागार कार्यालय नख्खु ललितपुरको लिखित जवाफ

कारागार कार्यालय नख्खुमा थुनामा रहेका पासाङ तामाङ उर्फ सन्दिप पाठक भन्ने मिलन लामालाई लागु औषध मुद्दामा कञ्चनपुर जिल्ला अदालतको च.नं. २६६९ मिति २०६८।२।२२ को

कैदी पुर्जी, ज्यान मार्ने उद्योग मुद्दामा काठमाडौं जिल्ला अदालतको च.नं. २०९३ मिति २०६८।७।२२ को थुनामा राख्न पठाइएको पत्र तथा एल. पि. साँवाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सन्दिप पाठक भन्ने मिलन भएको ज्यान मार्ने उद्योग मुद्दामा काठमाडौं जिल्ला अदालतको च.नं. १५५१ मिति २०७८।३।२७ को पत्रबाट निजलाई थुनामा राखिएको हो। निवेदकको मागबमोजिम यस कार्यालयउपर आदेश जारी हुनु नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

यस अदालतको संयुक्त इजलासको मिति २०७९।१०।१५ को आदेश

प्रस्तुत निवेदनको रोहबाट निरूपण हुनपर्ने कैद हद कायमसम्बन्धी प्रश्नमा यस अदालतको पूर्ण इजलासबाट **विनोदकुमार यादव विरूद्ध उच्च अदालत जनकपुरसमेत** (०७८-WF-००२९) भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ग) को व्याख्या गर्ने सन्दर्भमा सिद्धान्त प्रतिपादन भएको देखिन्छ भने **आङ्जेन लामा विरूद्ध बर्दिया जिल्ला अदालतसमेत** भएको (०७८-NF-०००७) बन्दीप्रत्यक्षीकरण मुद्दामा नयाँ कानून लागु भइसकेको सन्दर्भमा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ख) को व्यवस्था आकर्षित हुने वा नहुने भन्ने मुख्य प्रश्नमा नै यस अदालतको पूर्ण इजलासबाट फरक-फरक सिद्धान्त कायम हुनुका साथै यस सम्बन्धमा विभिन्न संयुक्त इजलासबाट भएका फैसलाहरूमा समेत विविधता देखिएको र सो सम्बन्धमा गरिएका व्याख्या एवम् कायम भएको सिद्धान्तको पालनाका विषयमा अन्यौल र द्विविधा हटाई यससम्बन्धी कानूनी व्यवस्थामा आएको परिवर्तनसमेतलाई मध्यनजर गरी निश्चित न्यायिक धारणा यकिन गर्नुपर्ने तथा फैसलाबमोजिम कैद भुक्तान गरिरहेको अवस्थामा कैद हद कायम गर्ने विषयमा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ख) लागु हुने हो वा होइन तथा प्रस्तुत विवादको फैसलाबमोजिम कैद भुक्तान गरिरहेको अवस्थामा अन्य मुद्दामा भएको फैसलाबमोजिमको सजायमा कैद हद गर्ने विषयमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) वा (२) कुन लागु हुने हो ? स्पष्ट मार्गदर्शन हुन आवश्यक देखिँदा प्रस्तुत विषय बृहत् पूर्ण इजलासबाट हेरिन उपयुक्त देखिएकोले सो प्रयोजनको लागि प्रस्तुत निवेदन सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम (२) को देहाय (च) बमोजिम सम्माननीय प्रधानन्यायाधीशज्यूसमक्ष पेस गर्नू।

आदेश खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा समावेश भई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनसहितको मिसिलसंलग्न कागजातहरूको अध्ययन गरियो।

निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रामनारायण विडारी तथा विद्वान् अधिवक्ताहरू श्री माधव बस्नेत, श्री पदम रोका र श्री मुकुन्द न्यौपानेले यी रिट निवेदक कञ्चनपुर जिल्ला अदालतबाट अनुसन्धानको क्रममा लागु औषध मुद्दामा मिति २०६७।८।२४ देखि नै थुनामा रहेको र उक्त मुद्दामा १० वर्ष कैद सजायसमेत भई सजाय भोगिरहको अवस्थामा निजलाई पुनः अर्को लागु औषध मुद्दामा काठमाडौं जिल्ला अदालतमा मिति २०७५।६।१७ मा उपस्थित गराइयो। सोही मितिदेखि अनुसन्धानको क्रममा थुनामा रहेको भन्ने आधार लिई निजलाई सजाय गरिएका वारदातहरू नै फरक-फरक रहेका भनी सोही मितिबाट लागु हुने गरी फैसलाबमोजिम १० वर्षको कैद

र रू.७५,०००।– (पचहत्तर हजार रूपैयाँ) जरिवाना नतिरेमा सोबापतसमेत कैद सजायमा बस्नुपर्ने भनी कैदी पुर्जी जारी भएको छ, उक्त आदेशलाई सदर गरेको जिल्ला अदालत र उच्च अदालतबाट भएका आदेशहरूसमेतमा कैद सजाय खप्टिई लामो समयसम्म कैदमा राखिएको छ । सरकारले नै लगाएको मुद्दाबाट थुनामा रहेको व्यक्तिलाई थुनामा रहेको थाहा थिएन, त्यसैले अर्को मुद्दामा उपस्थित गराइएको मितिबाट मात्र निजको थुना सुरू हुने भन्न मिल्दैन । निजलाई अभियोग लगाइएका मुद्दाहरूको वारदातको बखत तत्काल कायम रहेको मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. मा भएको व्यवस्था र हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ मा विभिन्न कसुरबापत भएको कैद सजायको कार्यान्वयन गर्ने सम्बन्धमा भएको व्यवस्था एकै रहेको छ । यस्तो अवस्थामा थुनामा बसेको व्यक्तिले पुनः कसुर गरेमा मात्र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) लागु हुने हो । यी रिट निवेदकले कैदमा बसेको अवस्थामा कसुर गरेको नभई पहिले नै भएको कसुरमा कैद भुक्तान गर्दैको अवस्थामा अन्य कसुरमा समेत सजाय भएको हुँदा निजको हकमा दफा ३६ को उपदफा (१) को देहाय (क) तथा दफा ३६ को उपदफा (३) अनुसार सबैभन्दा बढी कैद सजाय १० वर्ष मात्र हुनुपर्ने हो । यी रिट निवेदकले सबैभन्दा बढी कैदको सजायबापत निरन्तर कैदमा बसेर कैद भुक्तान गरिसकेको अवस्था हुँदा सोभन्दा बढी गैरकानूनी रूपमा राखिएको थुनाबाट मुक्त गर्न काठमाडौं जिल्ला अदालतबाट जारी भएको संशोधित कैदी पुर्जी बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी बहस गर्नुभयो ।

विपक्षी निकायहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री सोमकान्त भण्डारी तथा विद्वान् उपन्यायाधिवक्ता श्री शान्तिप्रसाद लुइँटेलले यी रिट निवेदकलाई फरक-फरक समयमा गरेको वारदातमा फरक-फरक मितिमा सजाय भएको र निजलाई फरक-फरक मुद्दामा तोकिएको कैद सजायबापत थुनामा राखिएको हो । कैदमा बस्दै आएको अवस्थामा फरक-फरक मुद्दामा कारबाही चली कैद सजाय हुँदा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) बमोजिम एउटा मुद्दामा भएको कैद सजाय भुक्तान भएपछि मात्र अर्को मुद्दाको कैद सजाय गणना हुने हो । यी रिट निवेदक काठमाडौं जिल्ला अदालतबाट लागु औषध मुद्दामा मिति २०७५।६।१७ देखि अनुसन्धानको क्रममा थुनामा रहेको हुँदा सोही मितिबाट निजलाई लागेको कैद सजाय गणना गरी संशोधित कैदी पुर्जी जारी गरिएको कार्य कानूनसम्मत हुँदा निजको थुना गैरकानूनी नभएकोले रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो ।

निवेदकतर्फका विद्वान् कानून व्यवसायीहरू तथा विपक्षीतर्फका विद्वान् सहन्यायाधिवक्ता तथा उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसमेत सुनी यस विवादमा मूलतः निम्न प्रश्नहरूको निरूपण गरी निर्णय गर्नुपर्ने भएको छः

क. फौजदारी कसुरमा कसुरदार ठहर भएको व्यक्तिको हकमा कैद हद कायम गर्नेसम्बन्धी विषय सजाय निर्धारणसँग सम्बन्धित हो वा सजाय कार्यान्वयनको हो ?

ख. कुनै कसुरदारलाई भएको कैद सजाय कार्यान्वयन गर्दा निजले सो कसुर गर्दाको समयको तत्काल प्रचलित कानून लागु हुने हो वा सजाय कार्यान्वयन हुँदाको बखत प्रचलनमा रहेको कानून लागु हुने हो ?

ग. एकभन्दा बढी कसुरसँग सम्बन्धित विभिन्न मुद्दामा कसुरदारलाई भएको एकभन्दा बढी कैद सजाय कार्यान्वयन गर्दा सबैभन्दा ठुलो कैद सजाय भुक्तान

गर्दा अन्य कसुरमा भएको कैद सजाय पनि स्वतः एकैसाथ भुक्तान भएको मानिने हो ? वा एउटा कसुरमा भएको कैद सजाय भुक्तान भइसकेपछि मात्र अर्को कसुरको निर्धारित कैद सजायको कार्यान्वयन वा भुक्तान गर्नुपर्ने हो ?

घ. फैसलाबमोजिम कैद भुक्तान गरिरहेको अवस्थामा एकभन्दा बढी मुद्दामा भएको फैसलाबमोजिमको कैद सजाय कार्यान्वयन गर्ने विषयमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) वा उपदफा (२) मध्ये कस्तो अवस्थामा कुन कानूनी व्यवस्था लागु हुने हो ?

ङ. यस अदालतको फरक-फरक पूर्ण इजलासबाट कैद हद गर्ने विषयमा अभिव्यक्त राय आपसमा बाझिएको अवस्था हो होइन ?

च. निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने हो वा होइन ?

निरूपण हुनुपर्ने उल्लिखित प्रश्नतर्फ प्रवेश गर्नुअगाडि यस विवादको तथ्यगत अवस्थालाई समेत हेर्नु वाञ्छनीय हुने भई सोतर्फ हेर्दा, मिति २०६३।१२।१७ को १३:०० बजेको समयमा काठमाडौं गोंगबु नयाँ बसपार्क स्थितमा प्रतिवादीहरू आकाश के.सी. भन्ने वीरबहादुर खत्रीसमेतको साथबाट खैरो हेरोइन बरामद भएको र निज प्रतिवादीहरूलाई पक्राउ गरी अनुसन्धानको क्रममा बयान गराउँदा यी निवेदक सन्दिप पाठक भन्ने मिलन लामाको नामसमेत पोल गरेको, सोही पोलको आधारमा यी निवेदकलाई समेत उक्त मुद्दाको प्रतिवादी बनाइएकोमा निज पक्राउ हुन नसकी निजको हकमा मुलतबीमा रहेको मुद्दा मिति २०७५।१।२६ मा निजले काठमाडौं जिल्ला अदालतमा दिएको निवेदनको आधारमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।३।५ मा भएको आदेशबमोजिम उक्त मुद्दा मुलतबीबाट जगाई कारबाही अगाडि बढेको पाइयो। काठमाडौं जिल्ला अदालतबाट उक्त ०७४-CR-१८७७ को लागु औषध मुद्दामा यी निवेदक मिलन लामा तामाङलाई ११ वर्ष कैद र रू. ८२,५००।- (बयासी हजार पाँच सय रूपैयाँ) जरिवाना हुने ठहरी मिति २०७६।६।७ मा फैसला भएकोमा यी प्रतिवादीले चित्त नबुझाई उच्च अदालत पाटनमा पुनरावेदन गरेको र उक्त मुद्दामा उच्च अदालतबाट सुरू फैसला केही उल्टी गरी यी निवेदक प्रतिवादीलाई १० वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार रूपैयाँ) जरिवाना हुने ठहरी मिति २०७८।४।१५ मा फैसला भएको देखियो । सोही लागु औषध मुद्दाको मिति २०६३।१२।१७ को वारदातमा संलग्न रहेका व्यक्तिहरूमध्ये केदार श्रेष्ठको साथबाट पेस्तोल फेला परेको भनी यी निवेदकसमेतउपर जिल्ला प्रशासन कार्यालय काठमाडौंमा मि.नं. १०४५(ख) को हातहतियार खरखजाना मुद्दा चली मिति २०६६।८।२१ मा फैसला हुँदा यी निवेदकसमेतलाई २ वर्ष कैद सजाय र रू.४,०००।- (चार हजार रूपैयाँ) जरिवाना हुने ठहर भएको समेत देखिन्छ।

यसैगरी यी निवेदकसमेतको सरसल्लाहमा मिति २०६३।१।२१ मा काठमाडौंको बानेश्वर हाइटमा डा. हेमाङ्ग दीक्षितलाई गोली प्रहार गरेको भन्ने विषयमा ज्यान मार्ने उद्योग मुद्दा दायर भएकोमा काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।१०।८ मा फैसला हुँदा यी निवेदक प्रतिवादीको हकमा मुद्दा मुलतबीमा रहेको र मिति २०६८।७।२० को आदेशले मुलतबीबाट जगाई २०६८ सालको स.फौ.नं. CR-१६८६ को मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१।१४ मा फैसला हुँदा यी निवेदकलाई ५ वर्ष कैद सजाय हुने ठहरी फैसला भएको देखिन्छ।

त्यस्तै, काठमाडौंको चप्पल कारखाना

चोकनिर लालबहादुर साँवा लिम्बूलाई मिति २०६३।१०।१६ मा यी निवेदक प्रतिवादीसमेतले गोली प्रहार गरेको र निजहरूले अवैध हातहतियार राखेको भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंमा २०६७/६८ सालको स.फौ.नं. ४/२५३ को हातहतियार खरखजाना मुद्दा चली निज निवेदक प्रतिवादीलाई ५ वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने ठहरी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट मिति २०६८।३।१९ मा फैसला भएको देखिन्छ।

यसका साथै मिति २०६७।८।२४ मा जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका वडा नं. ११ स्थित गड्डाचौकी भन्सारनजिक यी निवेदक मिलन लामाको खल्तीबाट लागु औषध खैरो हेरोइन फेला परेको भनी निज विरूद्ध २०६७ सालको दु.फौ. CR-००५२ को लागु औषध (खैरो हेरोइन) मुद्दा कञ्चनपुर जिल्ला अदालतमा चलेकोमा उक्त मुद्दामा मिति २०६८।२।४ मा फैसला हुँदा निवेदक (प्रतिवादी) लाई १० वर्ष कैद र रू.२५,०००।- (पच्चिस हजार रूपैयाँ) जरिवाना हुने ठहर भएकोमा तत्कालीन पुनरावेदन अदालत महेन्द्रनगरबाट समेत मिति २०६९।१२।४ मा सुरू जिल्ला अदालतको फैसला सदर भएको देखिन्छ।

यसरी रिट निवेदकलाई मिति २०६३।१२।१७ को लागु औषधसम्बन्धी वारदातको कसुरमा चलेको ०७४-CR-१८७७ को लागु औषध मुद्दामा **१० (दश) वर्ष कैद र रू.७५,०००।– (पच्चिस हजार रूपैयाँ)** जरिवाना भएको, सोही वारदातमा पेस्तोल बरामद भएको विषयमा चलेको मि.नं. १०४५(ख) को हातहतियार खरखजाना मुद्दामा **२ (दुई) वर्ष कैद र रू.४,०००।– (चार हजार रूपैयाँ) जरिवाना** भएको, मिति २०६३।१।२१ को वारदातको सम्बन्धमा चलेको २०६८ सालको स.फौ.नं. CR-१६८६ को ज्यान मार्ने उद्योग मुद्दामा **५ (पाँच) वर्ष कैद** भएको, त्यसैगरी मिति २०६३।१०।१६ को वारदातको सम्बन्धमा २०६७/६८ सालको स.फौ.नं. ४/२५३ को हातहतियार खरखजाना मुद्दा चली निज निवेदकलाई **५ (पाँच) वर्ष कैद र रू.१,००,०००।– (एक लाख रूपैयाँ) जरिवाना** भएको र मिति २०६७।८।२४ मा निवेदकबाट खैरो हिरोइन बरामद भएको विषयमा २०६७ सालको स.फौ. CR-००५२ को लागु औषध (खैरो हेरोइन) मुद्दा चली **१० (दश) वर्ष कैद र रू.२५,०००।– (पच्चिस हजार) जरिवाना** भई अन्तिम भएको भन्ने देखिन आएको छ।

उल्लिखित मुद्दाहरूमा निवेदकलाई भएको कैद तथा जरिवाना असुल गर्ने क्रममा निवेदक प्रतिवादीउपर कञ्चनपुर जिल्ला अदालतमा चलेको लागु औषध मुद्दामा मिति २०६८।०२।०४ मा भएको फैसलाबमोजिम **यी निवेदकलाई सो अदालतको च.नं. २६६९ बाट मिति २०६८।२।२२ मा जारी भएको कैदी पुर्जीबमोजिम यी निवेदक निरन्तर रूपमा कैदमा बसी आएको अवस्थामा नै काठमाडौं जिल्ला अदालतमा चलेको लागु औषध मुद्दा तथा ज्यान मार्ने उद्योग मुद्दाका साथै जिल्ला प्रशासन कार्यालयमा चलेका हातहतियार खरखजाना मुद्दाहरूसमेतमा भएका फैसलाबमोजिमको कैद तथा जरिवानाको हकमा निवेदकलाई कैदमा राख्ने गरी कैदी पुर्जी जारी गरी पठाइएको भन्ने देखिन आएको छ । यसरी कैदमा राख्न पठाउँदा आफूलाई कैद नखापी एकपछि अर्को मुद्दामा भएको फैसलाले ठहर गरेको कैदलाई जोडेर गैरकानूनी रूपमा आफूलाई बढी अवधि कैदमा राखिएको भन्ने नै निवेदकको मुख्य निवेदन दाबी रहेको छ।**

२. उल्लिखित सन्दर्भबाट अब, निरूपण गरिनुपर्ने पहिलो प्रश्न ***फौजदारी कसुरमा कसुरदार ठहर भएको व्यक्तिको हकमा कैद हद कायम गर्नेसम्बन्धी विषय सजाय निर्धारणसँग सम्बन्धित हो वा सजाय कार्यान्वयनको हो ?*** भन्ने सन्दर्भमा हेर्दा, मूलतः कुनै व्यक्तिले कुनै कानूनविपरीतको कसुर

गरेको खण्डमा त्यस्तो व्यक्तिलाई प्रचलित कानूनमा तोकिएबमोजिमको अर्धन्यायिक निकाय वा न्यायिक निकायबाट कसुर ठहर गरी कानूनबमोजिम निर्धारित कैद तथा जरिवानाको सजाय तोक्ने कार्य सजाय निर्धारणअन्तर्गत पर्दछ। कसुरदारलाई उचित सजाय निर्धारण गर्ने तथा त्यस्तो सजाय कार्यान्वयन गर्न फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ जारी भएको पाइन्छ। ऐ. ऐनको दफा ८ ले कसुरदार ठहर भएपछि सजाय निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ। सोही ऐनको परिच्छेद-२ मा सजाय निर्धारणसम्बन्धी व्यवस्था रहेको पाइन्छ। ऐ. ऐनको दफा १३ ले सजायको उद्देश्य विचार गर्दा पुनर्स्थापकीय न्याय (Restorative Justice) को अवधारणालाई समावेश गरिएको देखिन्छ। ऐ. ऐनको दफा १५ मा सजाय निर्धारण गर्ने आधारहरू उल्लेख गरेको समेत देखिन्छ।

३. उल्लिखित कानूनी प्रावधानबमोजिम कुनै पनि कसुरमा सजाय निर्धारण गर्दा विवादको तथ्य र संलग्न प्रमाणहरूको आधारमा सम्बद्ध कानूनले निर्धारित गरेको सीमाभित्र रही कैद तथा जरिवानाको निक्यौल गर्नुपर्ने हुन्छ। सम्बद्ध कानूनमा कुनै कसुरको हकमा सजायको तल्लो हद र माथिल्लो हदका बिचमा अन्तर राखिएको अवस्थामा त्यस्तो कसुरमा सजाय निर्धारण गर्ने क्रममा न्यायकर्तालाई फराकिलो स्वविवेक रहेको समेत हुन्छ। त्यस्तो सजायको मात्रात्मक अन्तर रहेको कारण सजाय निर्धारणको लागि फराकिलो न्यायिक स्वविवेक रहेको अवस्थामा समेत न्यायकर्ताले कसुरको तथ्यगत अवस्था, कसुरदारको सामाजिक र आर्थिक परिवेश, उमेर अवस्था, पीडितलाई पर्न गएको हानि वा क्षतिलगायत मुलुकी अपराध संहिता, २०७४ को दफा ३८, ३९, ४३ र ४४ मा वर्णित समग्र अवस्थाहरूको सादृश्यतामा कसुरको मात्रा र गम्भीरतालाई हेरी कानूनबमोजिम सजायको अनुपात मिल्ने हिसाबबाट निर्धारण गर्नुपर्ने हुन्छ। यसरी कुनै पनि कसुरमा सजाय निर्धारण गर्दा एकातर्फ कसुरको गम्भीरता र सजायको मात्राका बिचमा समानुपातिकता कायम गर्नु आवश्यक हुन्छ भने अर्कोतर्फ समान प्रकृति र अवस्थाको अर्को कसुरमा सजाय निर्धारण गर्दासमेत सजायको मात्रात्मक एकरूपता कायम हुनु पनि उत्तिकै आवश्यक हुन्छ। त्यसैकारण कुनै पनि फौजदारी कसुरमा सजाय निर्धारण गर्ने क्रममा न्यायकर्तालाई विधायिकी कानूनले प्रदान गरेको फराकिलो स्वविवेकीय अधिकारको प्रयोगको क्रममा कसुर र सजायबिचको समानुपातिकता (Proportionality) र एकरूपता (Uniformity) लाई विशेष रूपमा ख्याल गर्नुपर्ने हुन्छ। यी समग्र पक्षहरू सजाय निर्धारणको क्रममा न्यायकर्ताले मनन गर्नुपर्ने विषय हुन्।

४. कुनै पनि फौजदारी कसुरमा कसुरदारलाई सजाय निर्धारण भइसकेपछि सो सजाय के कसरी र कुन रूपमा कार्यान्वयन गराउने भन्ने विषय सजाय कार्यान्वयनको विषय बन्दछ। फौजदारी मुद्दामा भएको फैसला कार्यान्वयनको सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद-१५ मा व्यवस्था भएको देखिन्छ भने सजाय कार्यान्वयनको सम्बन्धमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को परिच्छेद-४ मा कैद सजाय भएकोलाई सामुदायिक सेवामा लगाउनेसम्बन्धी व्यवस्था र ऐ. परिच्छेद-५ मा कैदमा राख्नेसम्बन्धी व्यवस्थाअन्तर्गत समेटिएको देखिन्छ। उक्त परिच्छेदको दफा ३६ ले ***"विभिन्न कसुरबापत भएको कैद सजायको कार्यान्वयन"*** को सम्बन्धमा व्यवस्था गरेको पाइन्छ।

५. कैदको सजाय कार्यान्वयनबाट कसुरदारको व्यक्तिगत स्वतन्त्रता नियन्त्रित हुन जान्छ। त्यसैकारण अदालतको अन्तिम फैसलाबमोजिम कसुरदारलाई भएको सजाय कार्यान्वयन गर्दा फैसलाले तोकेको कैद सजायको सीमासम्म मात्र कैदमा राखिनुपर्दछ। यसरी हेर्दा सजाय निर्धारण विशुद्ध न्यायिक कार्य हो।

फैसलाबमोजिम सजाय कार्यान्वयनको क्रममा कैदको अवधि तोक्ने वा कैद हद वा सीमा निर्धारण गर्ने कार्यसमेत न्यायिक प्रकृतिको हुन्छ । त्यसैगरी फैसलाबमोजिम निर्धारित कैद अवधि भुक्तानको लागि कसुरदारलाई कारागारमा कैदमा राख्ने वा खुल्ला कारागारमा राख्ने वा सामुदायिक सेवामा समावेश गराई निजलाई तोकिएको कैद अवधि व्यतीत गराउनेलगायतका कार्यमा पनि **कानूनले निर्धारण गरेको सर्त, अवस्था र विधि लागु हुने भएकोले सो हदसम्म उक्त विषय पनि कानूनी प्रकृतिको नै हुन्छ । यसदेखिबाहेकका अन्य व्यवस्थापकीय कार्य भने प्रशासनिक प्रकृतिभित्र पर्ने देखिन्छ । सजाय कार्यान्वयनको विषयमा न्यायिक, कानूनी तथा प्रशासकीय आयाम हुने भएकोले यिनमा तीनै पक्षको संयोजन रहन्छ ।** त्यसकारण कुनै पनि फौजदारी कसुरको सम्बन्धमा गरिने सजाय निर्धारणको विषय र निर्धारण भइसकेको सजायको कार्यान्वयनको विषय फरक-फरक भए पनि यी विषय अन्तरसम्बन्धित पनि बन्न पुग्दछन् । विशेष गरी एकीकृत कसुर, बहुकसुर वा पटके कसुर वा कानूनबमोजिम अन्य विशेष अवस्थाको कसुरमा सजाय तोक्दा वा सजाय निर्धारण गर्दा वा फौजदारी कसुरमा पनि कैद जरिवाना गर्दा कार्यान्वयनको रोहमा कैद हद निर्धारण गर्नुपर्दा यो अन्तरसम्बन्धित भएर पनि आउँदछ ।

६. प्रस्तुत रिट निवेदनमा निवेदकले आफूलाई विभिन्न मितिमा भएको कसुरको हकमा विभिन्न अदालतबाट भएको फैसलाले सजाय निर्धारण गरिसकेको र कञ्चनपुर जिल्ला अदालतमा चलेको लागु औषध मुद्दामा मिति २०६७।८।२४ देखि पक्राउ भई निरन्तर कैदमा रहेको अवस्थामा विभिन्न मितिमा भएको कैद सजायमा कैद खाप्ने विषयमा भएको काठमाडौं जिल्ला अदालतको मिति २०७८।९।६ को संशोधित कैदी पुर्जीलाई चुनौती दिएको अवस्था देखिएकोले प्रस्तुत विषय कैद हदको विषय हुँदा सजाय कार्यान्वयनको विषय मात्र नभई कैद वर्ष निर्धारणसँग पनि जोडिएको नै देखियो ।

७. अब, दोस्रो प्रश्न, ***फौजदारी कसुरमा फैसला भइसकेपछि निर्धारण भएको कैदबापत कैदमा राख्दा कसुर गर्दाको समयको कानून लागु हुने हो वा सजाय कार्यान्वयन हुँदाको समयको कानून लागु हुने हो ?*** भन्नेबारेमा हेर्दा, कसुर हुँदा प्रचलित कानूनले तोकेकोभन्दा बढी सजाय नगरिने भन्ने फौजदारी कानूनको सर्वमान्य सिद्धान्त रहेको छ । सजाय कार्यान्वयन गर्दा थुनुवा / कैदीको मानव अधिकारको विषयलाई समेत गहन रूपमा विचार गर्नुपर्ने हुन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १२(२) मा ***"कुनै कार्य गर्दाका वा नगर्दाको बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनअन्तर्गत दण्डनीय कसुर नमानिने त्यस्ता कार्यका लागि कुनै पनि व्यक्तिलाई दण्डनीय कसुरको दोषी ठहराइने छैन । न त सो दण्डनीय कसुर गर्दाका बखत लागु रहेको सजायभन्दा बढी सजाय नै गरिने छ"***[1] भन्ने व्यवस्था रहेको देखिन्छ । त्यसैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १५(१) मा ***"कुनै कार्य वा त्रुटि गर्दाका बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनअन्तर्गत त्यस्तो कार्य वा त्रुटि फौजदारी कसुर नहुने भएमा कुनै पनि व्यक्तिलाई त्यस्तो कार्य वा त्रुटिका लागि कुनै पनि फौजदारी कसुरको दोषी बनाइने छैन, न त फौजदारी कसुर गर्दाका बखत प्रचलित सजायभन्दा बढी सजाय नै गरिने छ । कसुर गरेको समयपछि कानूनद्वारा कम***

1 Universal Declaration of Human Rights, 1948 (UDHR) Article-12.2 – No one Shall be held guilty of any penal offence on account of any act or omission which did not constitute a penal offence, under national or international law, at the time when it was committed. Nor shall a heavier penalty be imposed than the one that was applicable at the time the penal offence was committed.

सजायको व्यवस्था गरिएकोमा कसुरदारलाई सोको फाइदा प्राप्त हुने छ"[2] भन्ने व्यवस्था गरेको देखिन्छ।

८. त्यसैगरी नेपालको संविधानको भाग ३ अन्तर्गत धारा २० मा ***न्यायसम्बन्धी हक*** को व्यवस्था गरेको पाइन्छ। उक्त धारा २० को उपधारा (४) मा ***"तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन"*** भनी कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय गर्न नपाइने गरी मौलिक हकको रूपमा प्रत्याभूत गरेको पाइन्छ। यसरी नेपालको संविधानले नै कसुर गर्दाको समयमा विद्यमान कानूनमा तोकिएभन्दा बढी सजाय हुने गरी सजाय नगरिने भनी व्यक्तिको मौलिक हक प्रत्याभूत गरेको र सोही व्यवस्थालाई प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा ***"कुनै कसुरका सम्बन्धमा कसुर गर्दाको बखतभन्दा सजाय निर्धारण गर्दाको बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी सजाय निर्धारण गर्नुपर्ने छ"*** भन्ने कानूनी व्यवस्थासमेत गरेको अवस्था छ।

९. यसका अतिरिक्त केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (१) ले मुलुकी ऐनलगायतका विभिन्न कानूनहरूलाई खारेज गरेकोमा ऐ. उपदफा (२) मा ***"उपदफा (१) बमोजिम खारेज भएका कानूनबमोजिम यो ऐन प्रारम्भ हुँदाका बखत प्रारम्भ भएको वा भइसकेको देहायका काम कारबाहीको सम्बन्धमा देहायबमोजिम हुने छ"*** भनी सोही देहाय (ख) मा ***"कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरको मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ"*** भन्ने व्यवस्था रहेको छ भने त्यसैको प्रतिबन्धात्मक वाक्यांशमा ***"तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ"*** भन्ने व्यवस्थासमेत गरेको देखिन्छ।

१०. कुनै व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएकोभन्दा बढी सजाय नदिइने फौजदारी कानूनको सिद्धान्त तथा माथि उल्लिखित अन्तर्राष्ट्रिय महासन्धिका प्रावधानहरूका साथै नेपालको संविधान एवं कानूनी व्यवस्थाहरूको अवलोकनबाट कुनै पनि फौजदारी कसुरमा कसुरदारलाई सजाय निर्धारण गर्दाका बखतभन्दा कसुर गर्दाका बखत कम सजाय हुने कानूनी व्यवस्था रहेको भए सोही कानूनबमोजिम कम सजाय गर्नुपर्ने र यदि कसुर गरिसकेपछि सजाय निर्धारण गर्दाका बखत बनेको कानूनले त्यस्तो कसुरमा कम सजाय हुने व्यवस्था गरेको भए सोही विद्यमान कानूनबमोजिम नै कम सजाय निर्धारण गरी कार्यान्वयन गर्नुपर्छ भन्ने व्यवस्थालाई अङ्गीकार गरेको कुरामा विवाद देखिँदैन। त्यसकारण फौजदारी कसुरमा सजाय निर्धारण गर्दा कसुरदारलाई पहिलेको कानूनबमोजिम बढी सजाय हुने भएमा पश्चात्दर्शी असर (Ex-post facto effect) हुने गरी प्रचलित कानूनबमोजिम कम सजाय निर्धारण गर्नबाट रोक लगाएको पाइँदैन। उल्लिखित कानूनी प्रावधानहरूमा कुनै पनि कसुरदारलाई कसुर गर्दाको अवस्थाको कानूनले तोकेकोभन्दा बढी सजाय गर्न नहुने विधिशास्त्रीय मान्यतालाई नै आत्मसात गर्न

2 International Covenant on Civil and Political Rights, 1966 (ICCPR) Article 15.1 No one shall be held guilty of any criminal offence on account of any act or omission which did not constitute a criminal offence, under national or international law, at the time when it was committed nor shall a heavier penalty be imposed than the one that was applicable at the time when the criminal offence was committed if, subsequent to the commission of the offence, provision is made by law for the imposition of the lighter penalty, the offender shall benefit thereby.

खोजिएको पाइन्छ ।

११. कसुर जतिसुकै अमानवीय र जघन्य किन नहोस् न्यायकर्ताले कसुरदारलाई कानूनले तोकेभन्दा बढी सजाय गर्न मिल्दैन । विविध कारणवश कसुरजन्य कार्यमा संलग्न भएका व्यक्तिउपर उसको समाज तथा राज्यसमेतले ऊप्रति कठोर दृष्टिकोण राखी व्यवहार गर्न न्यायसङ्गत हुँदैन । कुनै पनि असल व्यक्तिको विगतको व्यवहार खराब पनि हुनसक्छ भने खराब व्यक्तिको भविष्यको व्यवहार असल र अनुकरणीय पनि हुनसक्छ भन्ने तथ्यलाई मनन गरेर त्यसप्रति गरिने व्यवहार निर्धारण हुनु तथा निर्णय गर्नु विवेकसङ्गत हुन्छ । कसुरदारप्रति सधैँ कठोर र खराब दृष्टिकोण राखी सुधारको अवसर दिनबाट वञ्चित गर्नु मानवोचितसमेत हुँदैन । कठोरतम सजाय गर्ने परम्परागत धारणामा परिवर्तन आई सुधारात्मक पक्षलाई जोड दिनुपर्ने विधिशास्त्रीय मान्यता विकसित हुँदै आएको परिप्रेक्ष्यमा कुनै पनि कसुरदारलाई सजाय कार्यान्वयन गर्दा कठोर सजाय गर्नेभन्दा पनि कसुरदार वा कैदीलाई गल्तीको बोध गराई पीडितलाई परेको क्षतिबापत परिपूरण गराई पीडकलाई गल्तीबापत सजाय साथै उपचारात्मक बाटोतर्फ लैजाने प्रणालीको स्थापना अर्थात् पुनर्स्थापकीय न्याय (Restorative Justice) तर्फ राज्य उन्मुख भएको देखिन्छ ।

१२. प्रस्तुत रिट निवेदनमा उठाइएको विषय निवेदकलाई ठहर भएको सजाय कार्यान्वयनसँग सम्बन्धित देखिएको हुँदा यी रिट निवेदकको हकमा सजाय कार्यान्वयनको समयमा प्रचलित कानूनको सन्दर्भलाई समेत हेर्नुपर्ने हुन्छ । यस सन्दर्भमा हेर्दा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय ***(ग)*** मा ***"कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुने छ"*** भन्ने व्यवस्था रहेको छ भने सोही देहाय ***(ग)*** को प्रतिबन्धात्मक वाक्यांशमा ***"तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ"*** भनी स्पष्ट रूपमा पहिले भएको कुनै कानूनअन्तर्गत निर्धारण भइसकेको सजायको कार्यान्वयन गर्दासमेत पछिल्लो कानूनी व्यवस्थाअन्तर्गत त्यस्तो कसुरमा घटी सजाय हुने व्यवस्था रहेको भए घटी सजाय कार्यान्वयन हुने कुराको प्रत्याभूति गरेको देखिन्छ । यसरी उल्लिखित दफा ३९ को उपदफा (२) को देहाय (ग) को प्रतिबन्धात्मक वाक्यांशले समेत मुलुकी अपराध संहिता लागु हुनुपूर्व प्रचलित कुनै कानूनबमोजिम सजाय भएको भए पनि मुलुकी अपराध संहिता, २०७४ लागु भएपछि त्यस्तो सजाय कार्यान्वयन गर्दा सो अपराध संहितामा लेखिएको हदसम्म मात्र कार्यान्वयन गर्नुपर्छ भनी सजाय कार्यान्वयन गर्दासमेत कम सजाय हुने कानूनकै प्रयोग गर्नुपर्छ भनी सजायलाई न्यूनीकरण गर्नुपर्ने पक्षलाई जोड दिएको देखिन्छ । त्यसकारण कुनै पनि फौजदारी कसुरमा कसुरदारलाई सजाय कार्यान्वयन गर्दा कसुर गर्दाको समयमा प्रचलित कानूनभन्दा सजाय कार्यान्वयनको समयमा घटी सजाय हुने गरी कानूनी व्यवस्था भएको अवस्थामा घटी सजाय नै कार्यान्वयन गर्नुपर्ने कुरामा द्विविधा देखिएन ।

१३. यी निवेदक प्रतिवादी भई चलेका मुद्दाहरूमध्ये ०६८-CR-१६८६ को ज्यान मार्ने उद्योग मुद्दाको मिति २०६३।३।१९ मा अभियोगपत्र दायर भई काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१।१४ मा फैसला हुँदा ५ वर्ष कैद भएको, ०६७ फौ.नं. ४/२५३ को हातहतियार खरखजाना मुद्दाको वारदात मिति २०६३।१०।२९ रहेको र उक्त मुद्दामा जिल्ला प्रशासन कार्यालयबाट मिति २०६८।३।१९ मा ५ वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने ठहरी फैसला भएको, मि.नं. १०४५(ख) को हातहतियार खरखजाना मुद्दाको वारदात मिति

२०६३।१२।१७ रहेको र उक्त मुद्दामा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट मिति २०६६।८।२१ मा २ वर्ष कैद र रू.४,०००।- (चार हजार रूपैयाँ) जरिवाना हुने ठहरी फैसला भएको, मुद्दा नं. ०६७-CR-००५२ को लागु औषध मुद्दाको वारदात मिति २०६७।८।२४ भएको र उक्त मुद्दामा कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६८।२।४ मा १० वर्ष कैद र रू.२५,०००।- (पच्चिस हजार रूपैयाँ) जरिवाना हुने ठहर भएको फैसला तत्कालीन पुनरावेदन अदालत महेन्द्रनगरबाट समेत मिति २०६९।१२।४ मा सदर भएको देखिँदा उल्लिखित मुद्दाहरूको वारदात हुँदा र अभियोगपत्र दायर हुँदा तथा निज पक्राउ भएको मिति २०६७।८।२४ मा तत्कालीन मुलुकी ऐन, २०२० नै लागु रहेको र कैद पुर्जीसमेत मिति २०६८।०२।२२ मा जारी भएको तथा कैद सजाय कार्यान्वयन गर्ने व्यवस्थासमेत तत्कालीन मुलुकी ऐनमा भएको दण्ड सजायको महलको कार्यविधिबमोजिम निवेदकलाई कैदमा पठाइएको भन्ने देखिन्छ। यसरी तत्काल कार्यान्वयनमा रहेको मुलुकी ऐनबमोजिमको कार्यविधि अपनाई कैदमा पठाइएको अवस्था हुँदा निजको हकमा हाल प्रचलित कानूनभन्दा पनि तत्काल सजाय निर्धारण भई कार्यान्वयन हुँदाको समयको प्रचलित मुलुकी ऐनको व्यवस्था र हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ मा भएको व्यवस्थामध्ये जुन व्यवस्थाअन्तर्गत घटी सजाय कार्यान्वयन हुने हो, सोही व्यवस्थाबमोजिमको कैदी पुर्जी जारी गरिनुपर्ने अवस्था देखियो।

१४. अब, तेस्रो प्रश्न ***अर्थात् एकभन्दा बढी मुद्दामा भएको सजाय कार्यान्वयन गर्दा सबै मुद्दामा तोकिएको सजाय एकै पटक / समवर्ती (Concurrently) सजाय खाप्नुपर्ने हो वा एउटा सजाय भुक्तान भइसकेपछि अर्को / लगातार (Consecutively) सजायबापत कैदमा बस्नुपर्ने हो ?*** भन्ने सन्दर्भमा विचार गर्नुपर्ने हुन आयो। फौजदारी कसुरमा मूलतः कैद सजाय हुने भएकोले कुनै प्रतिवादी कसुरदार ठहर भएमा निजलाई हुनुपर्ने कैद सजाय निर्धारण गर्ने र निर्धारित सजाय कार्यान्वयन गर्ने विषय कार्यविधिको विषय मात्र नभई फौजदारी कानूनको सारवान् विषय पनि हो। कुनै प्रतिवादीलाई कुनै एक फौजदारी कसुरमा मुद्दा चलेको र निज सो कसुरमा कसुरदार ठहरेकोमा कैद तोक्ने र तोकिएको कैद भुक्तान गर्ने गराउने विषय कानूनले नै स्पष्ट गरेको छ। फौजदारी कानूनमा निर्धारित कैद सजायलाई अपराधको मात्रा र कसुर हुँदाका परिस्थिति एवं कसुरको गम्भीरता घटाउने र बढाउने अवस्थालाई विचार गरी अदालतले कानूनले दिएको सीमाभित्र रही उपयुक्त कैद सजाय तोक्ने गर्छ र कार्यान्वयन पनि हुन्छ। फौजदारी कसुरमा कैद निर्धारण र कार्यान्वयन त्यति बेला जटिल हुन्छ जब कुनै प्रतिवादीले एकै वारदातमा वा एकभन्दा बढी वारदातमा एकभन्दा बढी कसुर गरेको प्रमाणित हुन्छ। यस अवस्थामा निजलाई एकभन्दा बढी कसुरमा समग्रतामा कति कैद निर्धारण गर्ने र निर्धारित कैद सजाय खापिने वा नखापिने भन्ने प्रश्न पेचिलो हुन्छ। कसुरदारलाई एकभन्दा बढी कसुरमा कैद सजाय तोक्दा र अदालतबाट भएको कैद सजायको कार्यान्वयन गर्दा छुट्टाछुट्टै रूपमा अलग-अलग कसुरको अलग कैद सजाय तोक्ने वा सबैभन्दा ठुलो कसुरमा मात्र कैद सजाय तोक्ने वा तोकिएको सजाय कार्यान्वयन गर्दा हरेक कसुरको अलग-अलग कैद सजाय कार्यान्वयन गर्ने वा एकैपटक कार्यान्वयन गर्ने वा एक अदालतको कैद सजाय भुक्तान भएपछि मात्र अर्को अदालतको कैद सजायको गणना गरिनुपर्ने हो वा जुन मुद्दाको कलमको कैद सबैभन्दा ठुलो हो सोही मुद्दामा ठेकिएको कैदको सजाय मात्र कार्यान्वयन हुनुपर्ने हो भन्ने मूलभूत प्रश्न वा विवाद प्रस्तुत मुद्दामा रहेको छ।

१५. एकै व्यक्तिलाई एकै मुद्दाबाट वा एकभन्दा बढी मुद्दाहरूको रोहबाट विभिन्न कसुरहरूमा सजाय गर्नुपर्ने र निर्धारित कैद सजाय एकैसाथ वा अलग-

अलग गरी कार्यान्वयन गर्नुपर्ने प्रश्न खास गरी देहायको अवस्थामा उठ्छ।

(क) एकै व्यक्तिले एकै वारदातमा एकै वा एकभन्दा बढी व्यक्तिउपर एक वा एकभन्दा बढी कसुरहरू गरेकोमा।

(ख) कसैले कुनै व्यक्ति विरूद्ध कुनै एक कार्य गरेकोमा (single transaction) त्यस्तो कार्यका सम्बन्धमा एकभन्दा बढी कानूनहरू आकर्षित (Application of multiple laws) हुने भई विभिन्न कसुरहरूमा मुद्दा चली सजाय गर्नुपर्ने र सोको कार्यान्वयन गर्नुपर्ने स्थितिमा।

(ग) कसैले एकैदिन वा विभिन्न मितिमा कुनै एकै पीडित वा एकभन्दा बढी पीडितउपर एकै किसिमको वा फरक-फरक कसुर गरेकोमा।

(घ) कुनै व्यक्तिले एकै वा फरक वारदातमा एकभन्दा बढी कसुर गरेमा।

(ङ) कुनै कसुर गरेको आरोपमा पक्राउ परेको वा कुनै कसुरमा कैद सजाय भई कैदमा बसेको व्यक्ति थुना वा कारागारबाट फरार भई निजले एकै वा फरक वारदातमा एकभन्दा बढी कसुरहरू गरेकोमा।

यी अवस्थाहरू साङ्केतिक उदाहरणहरू हुन्। यस्तै प्रकृतिको विभिन्न अवस्थाहरू फौजदारी न्याय प्रशासनमा आउन सक्छन्। यस प्रसङ्गमा अवस्थाअनुसार त्यस्तो व्यक्ति विरूद्ध विभिन्न कसुरको सम्बन्धमा एउटै अभियोगपत्रबाट वा एकभन्दा बढी अभियोगपत्रबाट एकै अदालतमा वा फरक-फरक अदालत वा न्यायिक निकायमा मुद्दा चलेको स्थिति रहन सक्छ। यसरी एकै प्रतिवादी विरूद्ध बहु-कसुरमा मुद्दा चलेको यी अवस्थाहरूमा निरपेक्ष रूपले एकै पद्धतिबाट कैद सजायको कार्यान्वयन पनि हुँदैन।

१६. एकै व्यक्तिउपर विभिन्न कसुरहरूमा मुद्दा चलेकोमा ती कसुरहरूमा कैद सजाय निर्धारण र कार्यान्वयन गर्ने सम्बन्धमा मूलतः दुईवटा पद्धतिहरू हुन्छन्। पहिलो- हरेक कसुरमा अलग-अलग कैद सजाय निर्धारण गर्ने र निर्धारित कैद एकैसाथ कार्यान्वयन हुने पद्धति (Concurrent Model)। दोस्रो- अलग-अलग कसुरमा तोकिएको कैद सजाय अलग-अलग अर्थात् एक कसुरमा निर्धारित कैद सजाय भुक्तान भएपछि मात्र अर्को कसुरको कैद सजाय कार्यान्वयन हुने (Consecutive or cumulative Model)। यी दुई पद्धतिहरू एक अर्काको विपरीत वा एकको विकल्प अर्को होइनन्। यी दुवै पद्धतिको प्रयोग खास अवस्थामा हुन्छ। फौजदारी न्याय सम्पादनमा यी दुवै पद्धतिहरू प्रयोगमा आउँछन्। कुनै कसुरदारले गरेको एकभन्दा बढी कसुरहरूको सम्बन्धमा प्रत्येक कसुरबापतको अलग-अलग सजाय निर्धारण गरिने र त्यसरी तोकिएको कैद सजायको कार्यान्वयन गर्दा भने सबैभन्दा ठुलो कैदको सजाय मात्र भुक्तान गरे पुग्ने र अरू कैद सजायको भने छुट्टै भुक्तान गर्नु नपर्ने अर्थात् सबै कैद सजाय एकसाथ भुक्तान भएको मानिने पद्धतिको अवधारणालाई Single Sentence for Multiple Offences पनि भनिन्छ।

१७. नेपालमा भने समवर्ती (Concurrent) मोडल आजीवन काराबासका अतिरिक्त जन्मकैद हुने कसुरको हकमा पनि लागु गरिएको छ। मुलुकी ऐनको दण्ड सजायको ८, १० र ४१ तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ११ र दफा ३६ को उपदफा (१), (३) र (४) ले यो मोडललाई अवलम्बन गर्न खोजेको देखिन्छ।

१८. यसैगरी हरेक कैद सजाय एकसाथ भुक्तान नहुने गरी अर्थात् प्रत्येक कसुरमा अलग-अलग कैद सजाय तोक्ने (Consecutive or cumulative Model)) र तोकिएको कैद सजाय पनि अलग-

अलग भुक्तान गर्ने पद्धतिको पनि आफ्नै प्रयोजन र मान्यता छ। कुनै कसुरदारलाई एकै वा एकभन्दा बढी मुद्दाहरूको रोहबाट विभिन्न कसुरहरूको सन्दर्भमा विभिन्न कलमहरूको कैद सजाय तोकिएकोमा तोकिएको कैद सजायको कार्यान्वयन गर्ने विषयका केही खास सैद्धान्तिक आयामहरू पनि छन् । यो विषय प्रत्येक मुलुकको फौजदारी न्याय प्रशासन र न्याय सम्पादनमा आउने विषय पनि हो । त्यसैगरी cumulative sentencing को मान्यतालाई आजीवन काराबासको कैद सजाय र जन्मकैद भएको कसुरदारको हकमा बाहेक सामान्यतः देहायका १२ (बाह्र) वटा अवस्थाहरूमा अवलम्बन गरिन्छ।

(क) कुनै व्यक्तिले एकै वारदातमा एकै पीडितउपर एकीकृत कसुर गरेकोमा।

(ख) कसैले एकै वारदातमा एकभन्दा बढी पीडितउपर विभिन्न कसुरहरू गरेकोमा।

(ग) कसैले कुनै एक कसुर गरेकोमा सो कसुरको प्रमाण नष्ट गर्न वा कसुरलाई छुपाउन वा दबाउनको लागि निजले अर्को कसुर गरेकोमा।

(घ) अलग-अलग वारदातमा एकै वा एकभन्दा बढी पीडितउपर विभिन्न कसुरहरू गरेकोमा र ती कसुरहरू एक-आपसमा अन्तरसम्बन्धित नभएको अवस्थामा (Multiple unrelated offences)।

(ङ) कैद सजाय भोग्नुपर्ने कसुरदारले कैदमा नबस्दै अर्को कसुर गरेकोमा।

(च) कैद सजाय भुक्तान गरिरहेको कसुरदारले कैदमा रहँदाको अवस्थामा नै अर्को कसुर गरेकोमा।

(छ) कैद सजाय भुक्तान गरिरहेको व्यक्तिले कैदबाट भागेर अर्को कसुर गरेकोमा।

(ज) कसुरदार ठहर भई कानूनबमोजिम कैद सजायका विकल्पहरू जस्तै; सामुदायिक सेवा, कैद सजायको निलम्बनको सुविधा, सुधार गृह, प्यारोल, पुनर्स्थापना केन्द्र, खुल्ला कारागार आदिको सुविधा उपभोग गरिरहेको कसुरदारले सो अवधिमा अर्को कसुर गरेकोमा।

(झ) अपराधको अनुसन्धान वा कसुरसम्बन्धी मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा रहेको व्यक्तिले थुनामा रहँदाको अवस्थामा अर्को कसुर गरेकोमा।

(ञ) अपराधको अनुसन्धान वा कसुरसम्बन्धी मुद्दाको पुर्पक्षको क्रममा थुनामा रहेको व्यक्ति भागेर निजले अर्को कसुर गरेकोमा।

(ट) अपराधको अनुसन्धान वा कसुरसम्बन्धी मुद्दाको पुर्पक्षमा रहेको व्यक्ति कानूनबमोजिम थुनाबाट छुटेको अवस्थामा निजले अर्को कसुर गरेकोमा।

(ठ) अपराधको अनुसन्धानको क्रममा नियन्त्रणमा लिइएको वा पक्राउ परेको संदिग्ध व्यक्ति (Suspected person) नियन्त्रणबाट भागेर निजले अर्को कसुर गरेकोमा।

प्रत्येक कसुरको गम्भीरता (seriousness of each crime), पीडितको अलग अस्तित्व र पीडा (self-existence of each victim and pain suffered by victim/ survivals), सजायको समानुपातिक हद (proportionality of sentence) र पीडकको आपराधिक दायित्व (Criminal liability of perpetrator) कसुरमा सजाय निर्धारण गरी (punishment in each crime) निर्धारित कैद सजाय अलग-अलग भोग्नुपर्दछ भन्ने यस मान्यताको सार हो। यो मोडेललाई साबिकको मुलुकी ऐनको दण्ड सजायको महलको ८, १० र ४१ नं. को कानूनी प्रावधान, मुलुकी अपराध संहिता,

२०७४ को दफा ४३ तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) र (५) ले अवलम्बन गरेको छ।

१९. एकभन्दा बढी कसुरमा कसुरदार ठहर हुँदा कायम हुने कैद हदको विषयमा फौजदारी कसुरमा कैद सजायको कार्यान्वयनसम्बन्धी अन्तर्राष्ट्रिय परम्परा तथा कानूनी व्यवस्था के कस्तो छ भनी हेर्न वाञ्छनीय देखिन्छ । अमेरिकाको ***US Code को Section §3584 मा Multiple Sentences of Imprisonment***[3] शीर्षकअन्तर्गत कसुरदारले एकैसाथ (Concurrently) वा एकपछि अर्को (Consecutively) सजाय भुक्तान गर्नुपर्ने भनी अदालतको आदेशबमोजिम नै हुने गरी सङ्घीय कानूनले व्यवस्था गरेको पाइन्छ । अमेरिकाको विभिन्न राज्यहरूमा सजाय कार्यान्वयनका आ-आफ्नै राज्यका कानूनले तोकेका प्रक्रियाहरू अपनाउने गरेको पाइन्छ । जस्तै, अमेरिकाको ***Oregon v. Ice***[4] को मुद्दामा ***"The controlling statute in Oregon provides that sentences shall run concurrently unless the judge finds statutorily described facts."***[5] भनी व्याख्या भएको पाइन्छ। यसबाट उल्लिखित मुलुकको कानून प्रणालीमा कानूनबमोजिम न्यायाधीशले तोकेको निश्चित अवस्थामा बाहेक विभिन्न कसुरमा तोकिएको सजाय एकैसाथ (Concurrently) कैदमा बसी कटाउनुपर्ने व्यवस्था रहेको देखिँदा एकैसाथ भोगिने सजाय (Concurrent Sentencing) र एकपछि अर्को सजाय भोग्ने (Consecutive Sentencing) सम्बन्धमा न्यायकर्तालाई नै मुद्दाको प्रकृति हेरी सजाय निर्धारण गर्न पाउने गरी स्वविवेकीय अधिकार प्रदान गरिएको भन्ने देखिन्छ।

२०. US Code को दफा ३५८४(अ)[6] ले एकै मितिमा एकभन्दा बढी कसुरमा कैद सजाय गर्दा

3 (a) Imposition of Concurrent or Consecutive Terms. - If multiple terms of imprisonment are imposed on a defendant at the same time, or if a term of imprisonment is imposed on a defendant who is already subject to an undischarged term of imprisonment, the terms may run concurrently or consecutively, except that the terms may not run consecutively for an attempt and for another offense that was the sole objective of the attempt. Multiple terms of imprisonment imposed at the same time run concurrently unless the court orders or the statute mandates that the terms are to run consecutively. Multiple terms of imprisonment imposed at different times run consecutively unless the court orders that the terms are to run concurrently.

(b) Factors To Be Considered in Imposing Concurrent or Consecutive Terms.-The court, in determining whether the terms imposed are to be ordered to run concurrently or consecutively, shall consider, as to each offense for which a term of imprisonment is being imposed, the factors set forth in section 3553(a).

(c) Treatment of Multiple Sentence as an Aggregate.- Multiple terms of imprisonment ordered to run consecutively or concurrently shall be treated for administrative purposes as a single, aggregate term of imprisonment. (Added Pub. L. 98–473, title II, §212(a)(2), Oct. 12, 1984, 98 Stat. 2000.)- uscode.house.gov/view.xhtml?req

4 555 U.S. 160 (2009) Ore. Rev. stat. §137.123(1) (2007)

5 Supreme Justia.Com/cases/federal/us/555/160

6 US Code §3584. Multiple sentences of imprisonment (a) Imposition of Concurrent or Consecutive Terms.- If multiple terms of imprisonment are imposed on a defendant at the same time, or if a term of imprisonment is imposed on a defendant who is already subject to an undischarged term of imprisonment, the terms may run concurrently or consecutively, except that the terms may not run consecutively for an attempt and for another offense that was the sole objective of the attempt. Multiple terms of imprisonment imposed at the same time run concurrently unless the court orders or the statute mandates that the terms are to run consecutively. Multiple terms of imprisonment imposed at different times run consecutively unless the court orders that the terms are to run concurrently.

अदालतले अन्यथा आदेश दिएमा वा कानूनद्वारा निर्धारित अवस्थामा बाहेक सबै कसुरबापतको कैद एकैसाथ (Concurrently) भुक्तान हुन्छ, तर फरक-फरक समयमा कैद गर्नुपर्ने अवस्थामा भने अदालतले अन्यथा आदेश दिएमा बाहेक एउटा कसुरबापतको कैद भुक्तान भएपछि अर्को कसुरको कैद अथवा एकपछि अर्को (Consecutively) कैद भुक्तान हुने भनी व्यवस्था गरेको देखिन्छ । भारतीय फौजदारी कार्यविधि संहिता, १९७३ को दफा ३१[7] र ४२७[8] ले पनि कैद हद गर्ने वा पहिले भएको सजाय सँगसँगै पछि भएको सजायसमेत साथसाथै भोग्ने भन्ने विषयमा न्यायाधीशलाई नै स्वविवेकीय अधिकार दिएको पाइन्छ । यसै सन्दर्भमा भारतको अदालतबाट व्याख्या गरिएको केही प्रतिनिधिमूलक उदाहरणलाई हेरौं:

Ravi Ashok Ghumare v State of Maharashtra[9] को मुद्दामा, सजायसम्बन्धी नीतिले हतोत्साहको प्रभाव र अपराधीको सुधार तथा समाजमा पुनर्स्थापनाबिच सन्तुलन कायम गर्न आवश्यक छ भनेर विवेचना गरिएको छ । पीडित र राज्यका अधिकारहरूबिचको सन्तुलन कायम गर्न एकातिर पीडितको गुनासोको समाधान खोज्ने र अर्कोतर्फ दोषीप्रति केही हदसम्म मानवीय र दयाभावको दृष्टिकोण अपनाउनुपर्ने, अर्थात् "the sentencing policy, therefore, needs to strike a balance between the two sides and count upon the twin test of (i) deterrent effect, or (ii) complete reformation for integration of the offender in civil society. A balance between the rights of

7 **The Code of Criminal Procedure, 1973, section 31. Sentence in cases of conviction of several offences at one trial. (1) When a person is convicted at one trial of two or more offences, the Court may, subject to the provisions of section 71 of the Indian Penal Code (45 of 1860), sentence him for such offences, to the several punishments prescribed therefor which such Court is competent to inflict; such punishments when consisting of imprisonment to commence the one after the expiration of the other in such order as the Court may direct, unless the Court directs that such punishments shall run concurrently.**

(2) In the case of consecutive sentences, it shall not be necessary for the Court by reason only of the aggregate punishment for the several offences being in excess of the punishment which it is competent to inflict on conviction of a single offence, to send the offender for trial before a higher Court:

Provided that—

(a) in no case shall such person be sentenced to imprisonment for a longer period than fourteen years;

(b) The aggregate punishment shall not exceed twice the amount of punishment which the Court is competent to inflict for a single offence.

8 The Code of Criminal Procedure, 1973, section 427. Sentence on offender already sentenced for another offence. - (1) When a person already undergoing a sentence of imprisonment is sentenced on a subsequent conviction to imprisonment or imprisonment for life, such imprisonment or imprisonment for life shall commence at the expiration of the imprisonment to which he has been previously sentenced, unless the Court directs that the subsequent sentence shall run concurrently with such previous sentence: Provided that where a person who has been sentenced to imprisonment by an order under section 122 in default of furnishing security is, whilst undergoing such sentence, sentenced to imprisonment for an offence committed prior to the making of such order, the latter sentence shall commence immediately. (2) When a person already undergoing a sentence of imprisonment for life is sentenced on a subsequent conviction to imprisonment for a term or imprisonment for life, the subsequent sentence shall run concurrently with such previous sentence.

9 **(2019) 10 SCC 17**

victim and State to seek redressal of their grievances, on one hand, and adopting a certain degree of humanitarian and compassionate approach towards the convict, on the other" भनेर व्याख्या भएको पाइन्छ ।

त्यसैगरी, **O.M. Cherian v. State of Kerala**[10] को मुद्दामा, भारतीय सर्वोच्च अदालतले Criminal Procedure Code को दफा ३१ लाई उद्धृत गर्दै दुई वा दुईभन्दा बढी अपराधमा दोषी ठहर भएको अवस्थामा समवर्ती सजाय हुने गरी सजाय निर्धारण गर्ने अधिकार अदालतको स्वविवेकको विषय हुने भनी व्याख्या भएको पाइन्छ । भारतमा रहेका विभिन्न अदालतहरूले न्यायिक विवेकको प्रयोग गरी कसुरदारलाई फाइदा हुने गरी गरेको देखिए तापनि लगातार सजाय निर्धारण गर्ने वा नगर्ने भन्ने निर्णय घटाइएको कसुरको प्रकृति तथा मुद्दाको तथ्य तथा परिस्थितिमा निर्भर हुन्छ । अर्थात् "Under Section 31 Cr.P.C. it is left to the full discretion of the Court to order the sentences to run concurrently in case of conviction for two or more offences. It is difficult to lay down any straitjacket approach in the matter of exercise of such discretion by the courts. [b]y and large, trial courts and appellate courts have invoked and exercised their discretion to issue directions for concurrent running of sentences, favouring the benefit to be given to the accused however, Whether a direction for concurrent running of sentences ought to be issued in a given case would depend upon the nature of the offence or offences committed and the facts and circumstances of the case." भनी निर्णय भएको देखियो ।

Ranjit Singh vs State Of Punjab[11] को मुद्दामा फरक-फरक सुनुवाइ गरी फरक-फरक सजाय ठेकिएको अवस्थामा, अदालतले स्पष्ट रूपमा यस्ता फरक-फरक सजायहरू समवर्ती भोग्नुपर्ने भनेर निर्णय नगरेसम्म सजाय लगातार रूपमै कार्यान्वयन हुने अर्थात् "When multiple sentences are given in separate trials it is only when the court specifically orders that multiple sentences are to run concurrently that the multiple sentences would run concurrently and not consecutively. In the absence of any such specific order, the general rule is that the sentences have to run consecutively." भनी व्याख्या भएको छ ।

त्यसैगरी, **Mohd. Akhtar Hussain v Ast. Collector of Customs**[12] को मुद्दामा सामान्यतया दुई कानूनअन्तर्गत दुई अपराधहरूको व्यवस्था गर्दछ भने लगातार सजाय हुनुभन्दा समवर्ती सजाय हुनु उचित र वैध मानिन्छ तर कसुरको प्रकृति एउटै नभएमा वा दुई कसुरको तथ्य फरक भएमा यो नियम लागु हुँदैन अर्थात्, 'If a given transaction

10 (2014) 11 SCC 7

11 CRWP-1779-2019 (O&M)

12 (1988) 8 SCC 2

constitutes two offences under two enactments generally, it is wrong to have consecutive sentences. It is proper and legitimate to have concurrent sentences. But this rule has no application if the transaction relating to offences is not the same or the facts constituting the two offences are quite different." भनी व्याख्या भएको पाइन्छ।

२१. त्यसैगरी अष्ट्रेलियाको ***Crimes (Sentencing) Act, 2005 - Sect 71*** मा ***Concurrent and Consecutive Sentences-General Rule अन्तर्गत*** निम्न व्यवस्था रहेको देखिन्छः

1. *In the absence of a direction under Subsection (2), the primary sentence must be served concurrently with the existing sentence.*
2. *The Court may direct that the primary sentence be served consecutively (or partly concurrently and partly consecutively) with the existing Sentence.*

अष्ट्रेलियामा, विशेष निर्देशन भएसम्म प्रारम्भिक सजाय एकैपटक भोग्नुपर्ने व्यवस्था रहेको देखियो । तर, अदालतले निर्देशन दिएमा प्रारम्भिक सजायपछिको थप सजाय पूर्ण अथवा आंशिक रूपमा एकैसाथ वा एकपछि अर्को गरी भुक्तान गर्नुपर्ने देखिन्छ।

२२. उल्लिखित अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरूको तुलनात्मक अवलोकनबाट अदालतले आफ्नो स्वविवेक प्रयोग गरी लगातार अथवा समवर्ती सजाय निर्धारण गर्न मिल्ने अभ्यास रहेको देखिन्छ। अमेरिकामा एकैचोटि कैद ठेक्ने गरिन्छ भने भारतमा आदेश दिएको अवस्थामा बाहेक सामान्यतः विभिन्न कसुरमा भएको सजायलाई लगातार सजाय कट्टा हुने गरी कार्यान्वयन गर्नुपर्ने भन्ने देखिन्छ। यसरी विभिन्न कसुरबापत निर्धारण भएको सजायको कार्यान्वयनको सम्बन्धमा कसुरदारले सामान्यतः एकपछि अर्को सजाय निर्धारण गर्ने र आदेश दिएको अवस्थामा मात्र समवर्ती हुने गरी भुक्तान गर्नुपर्ने कुरा अन्य मुलुकहरूको कानूनमा नै व्यवस्था गरी सामान्य नियमको रूपमा विभिन्न कसुरबापत निर्धारण भएको सजाय एकैसाथ कार्यान्वयन हुने कुरालाई स्वीकार गरिएको देखिन्छ भने कहीँ यो अधिकार न्यायाधीशको विवेकमा नै छोडिएको देखियो र अष्ट्रेलियासम्म विशेष निर्णय नभएसम्म एकैपटक / समवर्ती सजायको व्यवस्था गरिएको देखियो । तसर्थ सजाय निर्धारण अर्थात् कैद ठेक्ने विषयमा विभिन्न राष्ट्रहरूको फरक फरक अभ्यास रहेको देखिन्छ।

२३. नेपालमा मुलुकी अपराध संहिता, २०७४ लागु हुनुपूर्व तत्काल प्रचलित मुलुकी ऐनले फैसला कार्यान्वयनसँग सम्बन्धित कानूनी व्यवस्था गरेको पाइन्छ । माथि उल्लेख भएबमोजिम यी रिट निवेदक प्रतिवादी भएको विभिन्न कसुरको वारदात हुँदाको अवस्थामा तत्कालीन मुलुकी ऐन, २०२० प्रचलनमा रहेको अवस्था भएकोले निजलाई लागेको कैद सजायको हद निर्धारण गरी कार्यान्वयन गर्ने सन्दर्भमा सो मुलुकी ऐनमा भएको व्यवस्थाको पनि अवलोकन हुनु वाञ्छनीय देखिन्छ।

२४. फौजदारी मुद्दामा एकभन्दा बढी कसुरमा सजाय भएको कसुरदारलाई हुने सजायको कार्यान्वयन गर्दा कैद हद गर्ने सन्दर्भमा साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. मा व्यवस्था रहेको पाइन्छ। उक्त ४१ नं. मा ***"एकै मानिसलाई एकै वा धेरै मुद्दाको***

धेरै कलमको कैद ठेक्नुपरेमा जुन कलममा कैदको सबभन्दा ठुलो हद छ सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नुपर्छ । त्यसरी कैद ठेकिएकोमा कैद भुक्तान हुन नपाउँदै अर्को कलममा कैद ठेक्नुपर्ने भयो र अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नुपर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नुपर्छ । अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु पर्दैन । फैसला, कैदी पुर्जी, कैद ठेक्ने किताबमा सम्म खुलाइदिनुपर्छ र पछि ठेकिने कलमको हद घटी भए पनि अघि कैद गर्दा ठुलो कलमको हद नपुगेको रहेछ भने सो नपुग दिनसम्म पछिल्लो कलममा कैद गर्नुपर्छ । धेरै कलमको कैदको हद बराबर हुन आयो भने सोमध्ये एक कलमको कैद ठेक्नुपर्छ । अरू कलमका हकमा फैसला, कैदी पुर्जी, कैद ठेक्ने किताबमा सम्म खुलाउनुपर्छ । तर फैसला भइसकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्थामा अर्को कसुर गरेकोमा सो कसुरबापत कानूनबमोजिम थप कैद ठेक्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाका सम्बन्धमा यस अदालतको संयुक्त / पूर्ण / बृहत् पूर्ण इजलासबाट यसपूर्व विभिन्न मितिमा भएको व्याख्याहरूको सरसर्ती अवलोकन हुनुसमेत मनासिब देखिन्छः

(क) ठूला कान्छा भन्ने रामबहादुर तामाङ विरूद्ध भक्तपुर जिल्ला अदालतसमेत[13] भएको बन्दीप्रत्यक्षीकरण निवेदनमा ***भक्तपुर जिल्ला अदालतले तोकेको ६ वर्ष कैद र रू.१,४०७/३७ जरिवाना र बागमती विशेष अदालतले तोकेको रू.४००।- जरिवाना गरी जम्मा रू.१,८०७/३७ बापत मुलुकी ऐन चोरीको महलको २८ नं.बमोजिम हुने कैद वर्ष ४ समेत गरी १० वर्षको लगत कसी सो भुक्तान नहुँदै काठमाडौंतर्फको तीन वटा चोरी मुद्दाको सजाय ६ वर्ष ६ महिना थपी १६ वर्ष ६ महिना कैदको लगत कसेको मिलेन, अघि ठेकिएको १० वर्षमा पछिको कैद गाभिन्छ भनी मिति २०३०।७।२८ बाट मिति २०४०।७।२६ सम्म १० वर्ष कैद भुक्तान भएको*** भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको देखिन्छ ।

(ख) राधाकृष्ण मैनाली विरूद्ध झापा जिल्ला अदालतसमेत[14] भएको बन्दीप्रत्यक्षीकरण निवेदनमा ***निवेदक राधाकृष्ण मैनालीलाई खुन डाँका मुद्दामा ठेक्ने कैद म्यादका सम्बन्धमा कैदको सबभन्दा ठुलो हद छ सो हद ननाघ्ने गरी ठेक्नुपर्ने, अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी रहेछ भने थप कैद ठेक्नु नपर्ने भन्ने दण्ड सजायको ४१ नं. मा व्यवस्था भएको हुँदा धर्मकुमारीको जाहेरी हदसम्मको कैद वर्ष १० भोगिसकेको हुँदा निवेदक राधाकृष्ण मैनालीलाई दण्ड सजायको ४१ नं.समेतबाट कैद वर्ष ६ थप ठेक्नुपर्ने अवस्था देखिँदैन*** भनी व्याख्या भएको छ ।

(ग) राधाकृष्ण थापामगर विरूद्ध काठमाडौं जिल्ला अदालतसमेत[15] भएको बन्दीप्रत्यक्षीकरण निवेदनमा ***"प्रस्तुत रिट निवेदकलाई विभिन्न ५ पटक चोरी गरेको कायम गरी ५ वर्ष ९ महिना कैद ठेकिएको देखिन आयो । रिट निवेदकले विभिन्न पाँचपटक चोरी गरेको कायम गरेकोमा***

13 ने.का.प. २०४१, अङ्क ३, नि.नं. १९४२

14 ने.का.प. २०४१, अङ्क ९, नि.नं. २१०८

15 ने.का.प. २०४३, अङ्क ८, नि.नं. २८३१

पाँचौं पटक चोरी गरेबापतको कैद वर्ष ३ सबैभन्दा ठुलो देखिन आएको छ । उक्त दण्ड सजायको महलको ४१ नं.को व्यवस्थाअनुरूप यसमा ठुलो हदको म्यादी कैद वर्ष ३ हुनुपर्ने देखिन आयो" भनी व्याख्या भई बन्दीप्रत्यक्षीकरणको रिट जारी भएको छ।

(घ) माधव श्रेष्ठ विरूद्ध का.मु.मुख्य न्यायाधीश मध्यमाञ्चल क्षेत्रीय अदालतसमेत[16] भएको बन्दीप्रत्यक्षीकरण निवेदनमा रिट निवेदकलाई चार पटक चोरी गरेको कसुरमा जम्मा कैद २ वर्ष ८ महिना र १५ दिन कैद ठेकिएकोमा निजको चौथो पटकको कसुरबापत सबैभन्दा ठुलो हद १ वर्ष ६ महिना भएको हुँदा सोबमोजिम र जरिवानाबापत ४ वर्षसमेत गरी जम्मा ५ वर्ष ६ महिना कैद ठेक्नुपर्नेमा सोभन्दा बढी कैदको हद ठेकिएको भनी परेको रिट निवेदनमा ***" एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नुपरेमा जुन कलममा कैदको सबभन्दा ठुलो हद छ सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नुपर्ने"*** भन्ने व्याख्या भई बन्दीप्रत्यक्षीकरणको रिट जारी भएको छ।

(ङ) नुनुलाल विरूद्ध सुनसरी जिल्ला अदालतसमेत[17] भएको बन्दीप्रत्यक्षीकरण निवेदनमा ***"पराउलाल चौधरीको जाहेरी परेको डाँका मुद्दामा म्यादी कैद वर्ष ६ र जरिवाना रू.३,३९६।- को कैद वर्ष ४ गरी जम्मा कैद वर्ष १० र गणेश साहु र नारायण साहुको जाहेरी परेको चोरी मुद्दामा म्यादी कैद ४ महिना १५ दिन र जरिवाना रू.७,०८७/५ को कैद वर्ष ४ समेत जम्मा १४।४।१५ कैद ठेक्ने गरेको मिलेको नदेखिएकोले ठुलो हद डाँका मुद्दामा भएको म्यादी कैद ६ वर्ष र जरिवानाबापत हुने कैद वर्ष ४ समेत जम्मा १० वर्ष मात्र कायम गरी लगत राख्नुपर्ने, एकै मानिसलाई एकै वा धेरै कलमको कैद ठेक्नुपरेमा जुन कलमको कैदको सबभन्दा ठुलो हद छ सो हद ननाघ्ने गरी कैद ठेक्नुपर्ने"*** भनी व्याख्या भई कैदी पुर्जी संशोधन गर्न परमादेशको आदेश जारी भएको छ।

२५. यसैगरी **दुखितलाल हाँडी विरूद्ध झापा जिल्ला अदालतसमेत**[18] भएको बन्दीप्रत्यक्षीकरणको निवेदनमा निवेदक दुखितलाल हाँडी विरूद्धको पहिलो डाँका मुद्दामा झापा जिल्ला अदालतबाट मिति २०२८।७।१७ मा फैसला हुँदा कैद वर्ष ६ र जरिवाना रू.१२६६/७५ ठहर भएको, दोस्रो डाँका मुद्दामा सोही अदालतबाट मिति २०२८।७।२४ मा फैसला हुँदा कैद वर्ष ९ र जरिवाना रू.१७११/५० भएको र उक्त मुद्दामा पुनरावेदन परी सुरू सदर भएकोले तत्कालीन मुलुकी ऐन, अ.बं. २०३ नं.बमोजिम थप कैदबापत १० महिना २४ दिन र जरिवाना रू.१७१/१५ हुने ठहरी फैसला भएकोमा दण्ड सजायको ३८(१) नं. र चोरीको २८ नं.बमोजिम जरिवाना नतिरेबापत कैद ठेक्दा कैद वर्ष ४ भन्दा बढीको ठेक्न नहुनेमा निजको हकमा कैद वर्ष ९ र जरिवानाबापत जम्मै कलमको गरी ४ वर्ष र पुनरावेदन गरेबापत १० महिना २४ दिनसमेत जम्मा कैद १३ वर्ष १० महिना र २४ दिन मात्र हुने भएकोले पुर्पक्षका लागि थुनामा परेको मिति २०२७।१।७ ले मिति २०४०।११।१ मा कैद भुक्तान भई छुट्कारा पाउनुपर्नेमा मिति २०४५।८।२४ मा कैद भुक्तान हुने गरी १८ वर्ष ७ महिना २४ दिनको

16 ने.का.प. २०४३ अङ्क ११ नि.नं. २९०६

17 ने.का.प. २०४४ अङ्क ८ नि.नं. ३१८१

18 ने.का.प. २०४५ अङ्क ४ नि.नं. ३४१३

लगत कसी थुनामा राखेको भनी रिट निवेदकले मुलुकी ऐन दण्ड सजायको महलको ४१ नं.बमोजिम १३ वर्ष १० महिना २४ दिन मात्र कैद हुनुपर्ने र उक्त कैद आफूले भुक्तान गरिसकेको हुँदा गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भनी बन्दीप्रत्यक्षीकरणको रिट दिएकोमा यस अदालतका ५ जना माननीय न्यायाधीशको पूर्ण इजलासबाट मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को कानूनी व्यवस्थाको सम्बन्धमा बृहत् व्याख्या गरिएको देखिन्छ। उक्त रिट निवेदनमा पूर्ण इजलासबाट भएको फैसलामा मूलतः कैद खाप्ने तथा एकभन्दा बढी कसुर (Multiple Transaction Offence) मा एकै पटक सँगसँगै कैद सजाय (Concurrent Sentencing) भोग्ने सम्बन्धमा व्याख्या भएको पाइन्छ। उक्त मुद्दामा भएको व्याख्याबाट स्थापित नजिर निम्नानुसार रहेको पाइन्छः

(क) एकै मितिमा एकभन्दा बढी मुद्दामा कैदको सजाय ठेक्नुपर्ने भयो भने सबैभन्दा ठुलो हदको कैदमा अरू कैदको सजाय गाभिन जाने र धेरै कलमको कैद बराबर हुन आएकोमा कुनै एक कलमको कैद गर्नुपर्ने।

(ख) अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नुपर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नुपर्ने।

(ग) अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको कैदको हद घटी भएमा थप कैद ठेक्नु नपर्ने।

(घ) पछि ठेकिने कलमको हद घटी भए पनि अघि कैद ठेक्दा ठुलो कलमको हद नपुगेको रहेछ भने सो हद नपुगेसम्म पछिल्लो कलमको कैद जोडी कैद ठेक्नुपर्ने।

(ङ) विभिन्न मितिमा फैसला भए पनि धेरै मुद्दामा कैदको हद बराबर भएमा कुनै एक कलमको कैद भइसकेपछि थप कैद ठेक्नु नपर्ने।

(च) फैसला भइसकेपछि कैद नबस्दै वा थुनामा बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्थामा अर्को कसुर गरेकोमा सोबापत थप कैद ठेक्नुपर्ने।

२६. कैद हद निर्धारणको सम्बन्धमा साबिक मुलुकी ऐन, दण्ड सजायको ४१ नं.समेतको व्यवस्था र हाल प्रचलित कानूनी व्यवस्थालाई मध्यनजर गर्दा कैद हद गर्ने विषय न्यायिक स्वविवेकको विषय नभई विशुद्ध विधायिकी कानूनले निर्धारण हुने विषय देखिन्छ। त्यसैकारण हामीकहाँ विधायिकी कानूनले तोकिदिएको आधारमा नै कैद हद गरी एकै पटक/समवर्ती कैद भुक्तानी गर्ने (Concurrent Sentencing) वा एउटा कसुरमा भएको कैद भुक्तान भएपछि अर्को लगातार कसुरको कैद भुक्तान गर्ने (Consecutive Sentencing) भन्ने विषयमा न्यायिक निष्कर्षमा पुग्नुपर्ने हुन्छ। यी रिट निवेदकले गरेका कसुरहरू हुँदाको अवस्थामा कैद हद गर्ने विषयमा तत्काल प्रचलित मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. को प्रतिबन्धात्मक वाक्यांशमा ***"...तर फैसला भइसकेपछि कैद नबस्दै वा थुनामा बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्थामा अर्को कसुर गरेकोमा सो कसुरबापत कानूनबमोजिम थप कैद ठेक्नुपर्छ"*** भन्ने व्यवस्था रहेको देखिन्छ। सो प्रतिबन्धात्मक कानूनी व्यवस्थाले निम्न अवस्थाहरूमा कसुरदारलाई थप कैद ठेक्नुपर्ने कुरालाई इङ्गित गरेको देखिन्छ :

(क) कुनै कसुरदार एउटा मुद्दाको कसुरमा ठहर भएको कैदबापत कैदमा नबस्दै निजले गरेको अर्को कसुरबापतसमेत कैद सजाय भएमा,

(ख) थुना वा कैद बसेकै अवस्थामा निजले पुनः अर्को कसुर गरी कैद सजाय भएमा,

(ग) कुनै कसुरमा कैद सजाय भुक्तान गरी कैदबाट

छुटेको अवस्थामा पुनः अर्को कसुर गरी सजाय भएमा,

(घ) कुनै कसुर गरी कैद सजायसमेत तोकिसकेपछि कैदबाट भागेको वा फरार रहेको अवस्थामा पुनः अर्को कसुर गरेबापत कैद सजाय भएमा ।

२७. यसप्रकार, साबिक मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित अवस्थाहरूमा भएको कसुरको हकमा सम्म एकपछि अर्को अर्थात् लगातार सजायको भुक्तान गर्नुपर्ने (Consecutive Sentencing) देखिन्छ। सोबाहेकको अन्य अवस्थामा विभिन्न कसुरबापत भएको कैदको सजाय असुल गर्दा सबैभन्दा ठुलो कैदको सजायसम्म असुल गर्नुपर्ने, बराबर सजाय भएकोमा एउटा सजाय तथा पछिल्लो सजाय बढी भएकोमा नपुग जतिमा थप तथा अन्य अवस्थामा सानो कैदको सजाय सोही ठुलो कैदमा नै खापिने कुरामा द्विविधा रहने देखिँदैन ।

२८. यी निवेदक प्रतिवादीलाई मिति २०६३।०१।२१ को ज्यान मार्ने उद्योगमा मिति २०७१।०१।१४ मा काठमाडौं जिल्ला अदालतबाट ५ वर्ष कैद सजाय हुने फैसला भएको देखिन्छ । मिति २०६३।१२।१७ को लागु औषध हेरोइन मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।६।७ मा फैसला भएको देखिन्छ । कञ्चनपुर जिल्ला अदालतमा चलेको ०६७-CR-००५२ को लागु औषध मुद्दामा अनुसन्धान तथा अदालतमा भएको बयानको क्रममा आफू भारत दिल्लीको तिहाड जेलमा ३४ महिना २३ दिन कैदमा बसेको तथ्य लेखाएको देखिन्छ र तिहाड जेलबाट फर्कने क्रममा निजलाई मिति २०६७।८।२४ मा भारत वनवासाबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा गड्डाचौकी भन्सार कार्यालयनजिक नाकाबाट पक्राउ गरेको देखिन्छ । यस अवस्थामा निजउपर लागेको अभियोगहरूमध्ये पहिलो फैसला हुँदा निज भारतस्थित तिहाड जेलमा कैदमा रहेको अवस्था देखियो । निज लागु औषध मुद्दामा कञ्चनपुर जिल्लाबाट मिति २०६७।८।२४ मा पक्राउ परेपछि निरन्तर कैदमा रहेको अवस्था देखिन्छ । कैदमा नै रहेको अवस्थामा अन्य मुद्दामा फैसला भई सजाय कार्यान्वयनको निमित्त मिति २०६८।०२।२२ मा दिएको कैद पुर्जीलाई संशोधन गरी मिति २०७८।०९।०६ मा मात्र नयाँ कैद पुर्जी दिइएको देखियो । यस अवस्थामा मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित व्यवस्थाअन्तर्गत रही यी निवेदकको अवस्था देखिँदैन । त्यसकारण निजउपर ऐ. ४१ नं. को व्यवस्थाबमोजिम विभिन्न मुद्दाहरूमा ठहर भएको कैदको हद गर्न मिल्ने नै देखियो ।

२९. यसैगरी निरूपण गर्नुपर्ने चौथो प्रश्न अर्थात् ***फैसलाबमोजिम कैद भुक्तान गरिरहेको अवस्थामा एकभन्दा बढी मुद्दामा भएको फैसलाबमोजिमको कैद सजाय कार्यान्वयन गर्ने विषयमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) वा उपदफा (२) मध्ये कस्तो अवस्थामा कुन कानूनी व्यवस्था लागु हुने हो ?*** भन्नेतर्फ हेर्दा प्रथमतः सो विषयमा हाल कायम रहेको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को विभिन्न कसुरबापत भएको कैद सजाय कार्यान्वयनसम्बन्धी दफा ३६ लाई हेर्दा निम्न व्यवस्था रहेको देखिन्छः

<u>दफा ३६. विभिन्न कसुरबापत भएको कैद सजायको कार्यान्वयनः</u>

(१) कैदको सजाय पाई कैद सजाय भोगिरहेको व्यक्तिलाई एकभन्दा बढी कसुरबापत कैद सजाय गर्नुपर्दा देहायबमोजिम कैद सजाय गरी फैसला कार्यान्वयन गर्नुपर्ने छः-

(क) पहिले भएको फैसलाबमोजिमको कैदको सजायको अवधि पछिल्लो

फैसलाबमोजिमको कैदको सजायको अवधिभन्दा बढी वा बराबर भएमा पहिले भएको फैसलाको कैदको सजाय कार्यान्वयन गर्नुपर्ने छ।

(ख) पछि भएको कैदको सजायको अवधि पहिलेको कैदको सजायको अवधिभन्दा बढी भएमा पछिल्लो कैदको सजायको अवधि जति बढी हुन्छ सोही अवधिसम्म कैद थप गर्नुपर्ने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसुरमा कैदको सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान नहुँदै निजलाई अर्को कसुरबापत कैदको सजाय भएमा पहिले भएको कैदको अवधि भुक्तान भएपछि गणना हुने गरी पछि भएको कैदको सजाय कार्यान्वयन गर्नुपर्ने छ।

(३) एउटै मुद्दामा एउटै व्यक्तिलाई प्रचलित कानूनबमोजिम विभिन्न कसुरबापत विभिन्न कैदको सजाय भएकोमा त्यस्तो सजायमध्ये सबैभन्दा बढी कसुरको कैदको सजाय मात्र कार्यान्वयन गर्नुपर्ने छ।

(४) उपदफा (३) बमोजिम तोकिएको कैदको सजाय बराबर भएमा त्यस्तो सजायमध्ये कुनै एउटा मात्र सजाय कार्यान्वयन गर्नुपर्ने छ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पटके कसुरदारका सम्बन्धमा वा एकीकृत कसुरका सम्बन्धमा कानूनमा छुट्टै सजाय तोकिएको रहेछ भने सोही सजाय कार्यान्वयन हुने छ।

३०. उल्लिखित कानूनी व्यवस्थाको अवलोकनपश्चात् **अब विभिन्न कसुरबापत भएको कैद सजाय कार्यान्वयनको सन्दर्भमा रहेको दफा ३६ को उपदफा (१) वा उपदफा (२) कुन कानूनी व्यवस्था लागु हुने** भन्ने सन्दर्भमा विचार गर्दा, माथि उल्लेख भएझैं फौजदारी कसुरमा कैद सजाय कार्यान्वयनसम्बन्धी मोडेलहरूलाई हाम्रो कानून प्रणालीले कसरी आत्मसात् गरेको छ भन्ने सम्बन्धमा हेर्नुपर्ने देखिन आयो। कसैलाई एकभन्दा बढी कसुरहरूमा (Multiple offences) कैद सजाय तोक्ने र सजाय कार्यान्वयन गर्नेसम्बन्धी हाम्रो कानूनी अवस्थाको साबिकको स्रोत मूलतः मुलुकी ऐन र अहिलेको स्रोत भनेको मुलुकी अपराध संहिता, २०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ हो। कैद सजायको निर्धारण र कार्यान्वयनको क्रममा रहेका माथि उल्लिखित दुई मोडलहरूको आन्तरिकीकरणको विषयमा हाम्रो कानूनी व्यवस्था अलि अस्पष्ट र अधुरो छ। मुलुकी ऐनको दण्ड सजायको महलको ८, १० र ४१ नं. हरूका कानूनी प्रावधान र हाल प्रचलनमा रहेका मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ र ४४ तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ११ र ३६ समेतलाई समष्टिगत रूपमा दृष्टिगत गर्दा कुनै कसुरदारलाई एकै वारदात वा एकभन्दा बढी वारदातमा एकभन्दा बढी कसुरहरूमा एकै वा फरक-फरक अदालतबाट कसुरदार ठहराई कैद सजाय तोकिएकोमा त्यसरी तोकिएका एकभन्दा बढी कैदका कलमहरूको कार्यान्वयन कसरी हुने हो ? भन्ने सम्बन्धमा कानूनमा स्पष्ट रूपले विस्तृत उल्लेख भएको देखिन्न।

३१. निश्चय नै मुलुकी ऐनको तुलनामा अहिले प्रचलित अपराध संहितालगायतका कानूनी व्यवस्थाहरूले केही विषयहरूलाई प्रस्ट पारेको र सम्बोधन गरेको भए तापनि केही विषयमा भने मुलुकी ऐनमा रहेको स्पष्टतालाई पनि निरन्तरता दिन सकेको देखिएन। मुलुकी ऐनको दण्ड सजायको महलको ८, १० र ४१ नं. ले अङ्गीकार गरेको सामान्य मान्यताअनुसार केही खास अवस्थामा बाहेक कुनै व्यक्तिले गरेका

विभिन्न कसुरहरूमध्ये सबैभन्दा ठुलो कैदको सजाय हुने कसुरमा कसुरदार ठहराई सबैभन्दा ठुलो कैद सजाय गरिएकोमा निजलाई अन्य कसुरमा भएको कैद सजाय निजले छुट्टै भोग्नु पर्दैन। सबैभन्दा ठुलो कैदको कलमको मात्र सजाय भोगे पुग्छ। उदाहरणका लागि हालको प्रचलित कानूनले तोकेको सबैभन्दा माथिल्लो कैद सजाय भनेको आजीवन काराबास वा जन्मकैद भएकोले त्यस्तो सजाय हुने कसुर गरेको व्यक्तिले एकै वारदात वा फरक-फरक वारदातमा सोभन्दा कम कैद सजाय हुने कसुर पनि गरेकोमा निजले गरेको अलग-अलग कसुरमा अलग-अलग रूपमा सजाय निर्धारण गरिए पनि त्यसरी निर्धारण गरिएको कैद सजाय कार्यान्वयन गर्दा भने सबैभन्दा ठुलो कैद सजाय अर्थात् आजीवन काराबास वा जन्मकैदको सजायमा अरू कैद सजाय थप नगरी ठुलो कैद सजायको मात्र कार्यान्वयन गरिन्छ। यस मान्यतालाई तत्काल प्रचलित मुलुकी ऐनका अतिरिक्त अहिले प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश एवं फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ११ एवं दफा ३६ को उपदफा (१) ले समेत आत्मसात् गरेको अवस्था छ।

३२. वास्तवमा कुनै कसुरदारलाई एकभन्दा बढी कसुरमा कैद सजाय तोक्ने र सो सजायको कार्यान्वयन कुन मोडलबाट गर्ने भन्ने भन्ने सम्बन्धमा समग्रताको मान्यतालाई (Totality principle) कैद सजाय निर्धारण र कार्यान्वयनको मूल आधार मानिन्छ। यो सिद्धान्तको कार्यान्वयनमा कानूनले न्यायकर्तालाई महत्त्वपूर्ण भूमिका प्रदान गर्छ। "The effect of the totality principle is to require a sentence who has passed a series of sentences, each properly calculated in relation to the offence for which it is imposed and each properly made consecutive in accordance with the principles governing consecutive sentences, to review the aggregate sentence and consider whether the aggregate is 'just and appropriate'. The principle has been stated many times in various forms: 'when a number of offences are being dealt with and specific punishments in respect of them are being totted up to make a total, it is always necessary for the court to take a last look at the total just to see whether it looks wrong']; 'when … cases of multiplicity of offences come before the court, the court must not content itself by doing the arithmetic and passing the sentence which the arithmetic produces. It must look at the totality of the criminal behavior and ask itself what is the appropriate sentence for all the offences'." The principle of totality is a convenient phrase, descriptive of the significant practical consideration confronting a sentencing judge when sentencing for two or more offences. Not infrequently a straightforward arithmetical addition of sentences appropriate for each individual offence considered separately will arrive at an ultimate aggregate that exceeds what is called for in the whole of the circumstances. In such a situation the sentencing judge will evaluate, in a broad sense, the overall criminality involved in all of the offences and, having done so, will determine what, if any, downward adjustment is necessary, whether by telescoping or otherwise, in the aggregate sentences in order to achieve an

appropriate relativity between the totality of the criminality and the totality of the sentences.[19]

३३. कसुरदारले अन्तरसम्बन्धित नरहेका एकभन्दा बढी कसुरहरू (Multiple unrelated offence) गरेको अवस्थामा कसुरको प्रकृति सजायको उद्देश्यसमेतका विषयहरूलाई विचार गरी प्रत्येक कसुरको लागि निर्धारित कैद सजाय कार्यान्वयन गर्दा अवलम्बन गर्नुपर्ने मोडलसम्बन्धी मान्यतालाई क्यानाडाको सर्वोच्च अदालतले **Paul V. R.** को मुद्दामा Indeed, if a judge, when imposing sentences of imprisonment for many offences, is of the view that a person should in the interest of society be incarcerated for a given period of time, he will, within the limits permitted by the law, arrange the sentences to achieve what he considers that just and fair result. This he will do through consecutive sentencing, if permitted by the law. If consecutive sentencing is not available for what he justifiably might consider shortcomings of the law for technical reasons, he will achieve the imposition of that no less just and desirable period of incarceration through other means, all equally legal. Considering the high level at which sentences are set out in the Code, all he then need do is to impose for the latter conviction a sentence the length of which will correspond to the time he thinks the accused should serve for his offences. Not being able to fulfill what he rightly considers to be his duty through the imposition of consecutive sentences, for reasons he considers purely technical (and justifiably so, in my view), he will do so in that way. At the same time, however, the judge will be imposing for the latter offence, in order to achieve the desirable and just aggregate result, a sentence the severity of which is, even in his own view, much more than that required for that offence when considering that offence in isolation. This is undesirable, as each offence should at the outset be punished individually and in proportion to its seriousness. If each offence is deserving of its own period of imprisonment, the proper method for achieving this when sentencing the accused is not by sentencing one of the offences out of proportion to its gravity, but through the imposition of consecutive sentences.[20]

३४. यसैगरी कुनै कसुरदारले एकै वारदातमा एकभन्दा बढी कसुरहरू गरेकोमा सबैभन्दा ठुलो कैद सजाय हुने कसुरमा कैद सजाय गरी त्यसपछिको सबैभन्दा ठुलो कैद सजायको कसुरको आधा वा निश्चित प्रतिशतको कैद सजाय जोडी कैद सजाय कार्यान्वयन गरिने मान्यता (partial cumulative approach) पनि छ। यो मान्यतालाई हाम्रो अपराध संहिताको दफा ४३ ले आत्मसात् गर्न खोजेको छ। वास्तवमा कैद सजाय निर्धारण र कार्यान्वयनको मोडललाई निरपेक्ष वा यान्त्रिक रूपमा प्रयोग गरिन्न। यस विषयसम्बन्धी मान्यताहरूलाई अन्य मुलुकहरूले सजाय निर्धारण र कार्यान्वयनसम्बन्धी कानूनमार्फत आन्तरिकीकरण गरेका छन्। उदाहरणको लागि अष्ट्रेलियाको Crime

19 The Principle of sentencing at 56-57, DA Thomas, 2nd edition, 1979, Heinemann London

20 1982, Carswell Que 8 (SCC)

sentencing and procedure Act, 1999, Crimes Act, 1914, बेलायतको Criminal Justice Act, 2003 मा यी मान्यताहरूलाई आत्मसात् गरिएको पाइन्छ। यी मान्यताहरूको आधारमा प्रत्येक कसुरको प्रकृति र गम्भीरतालाई समग्रतामा अध्ययन गरी अदालतले अवस्थाअनुसार उपयुक्त मोडेलको छनोट गर्नसक्ने कानूनमा व्यवस्था गरिएको पनि पाइन्छ।

३५. फौजदारी कसुरमा कैद सजाय निर्धारण र कार्यान्वयनसम्बन्धी विषयअन्तर्गत कस्तो अवस्थामा consecutive sentence model र कस्तो अवस्थामा Concurrent sentence approach अवलम्बन गर्नुपर्ने हो भन्ने सम्बन्धमा कानूनमा स्पष्ट र पर्याप्त व्यवस्था गरिएको देखिन्न। केवल कसुरदार कैद नबस्दै वा कैदबाट भागेको अवस्थामा निजले अर्को कसुर गरेकोमा वा कसुरमा आरोपित व्यक्ति थुनाबाट फरार रहेको वा छुटेको अवस्थामा निजले अर्को कसुर गरेको स्थितिमा निजलाई पछिल्लो कसुरको हकमा समेत कानूनबमोजिमको सजाय गरिने वा निजको कैद खापिनेसम्मको व्यवस्था मुलुकी ऐन, दण्ड सजायको महलको ८ नं. र ४१ नं.मा छ। सो ८ नं. को प्रावधान जन्मकैद हुने वा भएको कसुरको हकमा लागु हुन्छ भने उक्त ४१ नं. को व्यवस्था एकभन्दा बढी कलमको कैदको कार्यान्वयनको सम्बन्धमा आकृष्ट हुने देखिन्छ। त्यस्तै दण्ड सजायको १० नं. को व्यवस्था एकै कागजको मुद्दामा एकभन्दा बढी कसुरको दाबी लिइएकोमा एकभन्दा बढी कसुरमा कैद सजाय तोक्दा लागु हुने देखिन्छ भने सो ४१ नं. को व्यवस्था भने एकै वा धेरै मुद्दामा एकभन्दा बढी कलमको कैद ठेक्नुपर्दाको हकमा प्रयोग हुने देखिन्छ। कुनै कसुरदारले एकभन्दा बढी कसुरहरू गरेको अवस्थामा कैद सजाय निर्धारण र कार्यान्वयनको सन्दर्भमा अवलम्बन गर्नुपर्ने मोडलको विषयमा हाम्रो कानूनले दण्ड सजायका उल्लिखित मान्यताहरूलाई स्पष्ट ढङ्गले अभिव्यक्त गर्न नसक्दा हामीकहाँ एक व्यक्तिले एकभन्दा बढी कसुरहरू गरेकोमा निजलाई हुने कैद सजायको कार्यान्वयनको सम्बन्धमा स्पष्टताको सट्टा विरोधाभास र अन्यौल देखिएको अवस्था छ। कैद सजायको कार्यान्वयनको विषय सजाय नीतिको अभिन्न हिस्सा रहेको र हामीले सजाय निर्धारण र कार्यान्वयनसम्बन्धी विशेष कानूनसमेत बनाइसकेको अवस्थामा विधायिकी कानूनी व्यवस्थाअनुसार नै स्पष्टता कायम हुनु सबैभन्दा उत्तम विकल्प हो। किनकि दण्ड नीतिमा विधायिकी विवेक र सम्प्रभुता प्रतिबिम्बित (Legislative Wisdom and Sovereignty) रहनुपर्छ भन्ने मान्यता राखिन्छ। यसको आधारमा सजाय निर्धारणसम्बन्धी निर्देशिकामा थप व्यवस्था र मानकहरू उल्लेख गर्न भने सकिन्छ। तथापि संविधान र कानूनको अन्तिम व्याख्यताको हैसियतमा रहेको यस अदालतले पनि यस विषयमा स्पष्टता आउने गरी न्यायिक व्याख्या गर्नु आवश्यक देखियो।

३६. कानूनले नै पटके वा खत खप्ने भनी लेखिएकोबाहेक कुनै व्यक्तिलाई एकै मुद्दाबाट विभिन्न कसुरहरूअन्तर्गतको मुद्दा चलाई कैद तोकिएकोमा जुन कसुरमा सबैभन्दा ठुलो कैद भएको छ, त्यही कसुरमा ठेकिएको कैदको कलम मात्र कार्यान्वयन गर्नुपर्ने र अरू कसुरको कैदको कलम नखापिने गरी दण्ड सजायको १० नं. ले व्यवस्था गरेको छ। दण्ड सजायको ८ नं. ले कुनै कसुरदारलाई जन्मकैद हुने एकभन्दा बढी कसुरको हकमा सजाय गर्नुपर्दा कुनै एक कसुरको जन्मकैदको मात्र र जन्मकैद र सोभन्दा सानो कलमको कैद हुने कसुरमा सजाय गर्नुपर्दा जन्मकैदको मात्र सजाय हुने सिद्धान्त ग्रहण गरेको छ।

तथापि देहायका पाँच अवस्थाहरूमा भने यो सिद्धान्त आकर्षित नहुने व्यवस्थासमेत सो ८ नं. ले गरेको छ।

(क) जन्मकैदको सजाय ठहर भएको कसुरदार कैदमा नबसी निजले अर्को कसुर गरेकोमा।

(ख) जन्म कैदको सजाय ठहर भएको कसुरदार

कैदबाट भागेर वा कैदमा रहेको अवस्थामा निजले अर्को कसुर गरेकोमा।

(ग) जन्मकैदको सजाय हुने व्यक्ति म्याद गुजारी फरार रहेकोमा निजले अर्को कसुर गरेकोमा।

(घ) जन्मकैदको कसुरको अनुसन्धान वा पुर्पक्षको सिलसिलामा थुनामा रहेको व्यक्ति थुनाबाट भागेर वा थुनामा रहेको अवस्थामा निजले अर्को कसुर गरेकोमा।

(ङ) जन्मकैदको कसुरसम्बन्धी मुद्दाको अनुसन्धान वा पुर्पक्षको सिलसिलामा धरौटी वा जमानी तारेखमा छुटेको व्यक्तिले अर्को कसुर गरेकोमा।

उल्लिखित अवस्थाहरूमा निजले अर्को कुनै ठुलो कसुर गरेकोमा सो कसुरको समेत सजाय हुने र जम्मकैद हुने कसुर गरेकोमा पहिलेको जम्मकैदको सजाय भुक्तान भएपछि थप ४(चार) वर्षको कैद भोग्नुपर्ने र जन्मकैदभन्दा घटी सजाय हुने कसुर गरेकोमा बढीमा ४(चार) वर्षसम्म कैद थप हुने व्यवस्था सो ८ नं. मा रहेको देखिन्छ। यसदेखि बाहेक सबै अवस्थामा जन्मकैदको मात्र कैद सजाय हुने व्यवस्था गरी सो प्रावधानले Consecutive र councurrent sentence model को मान्यताहरूलाई अवस्थाअनुसार स्थान दिएको देखिन्छ।

३७. यस्तै किसिमको व्यवस्था मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ ले पनि गरेको छ। जसमा ऐ. दफा ४४(१) मा जघन्य कसुरमा सजाय पाएको व्यक्तिले अर्को कसुर गरेमा दोब्बर सजाय हुने र ऐ. दफा ४४(२) मा सजाय भुक्तान गरेको ५ वर्षभित्र अर्को कसुर गरेमा पछिल्लो पटकको सजायको दोब्बर हुने भनी व्यवस्था रहेको छ। जहाँ कानूनले नै जघन्य र पटके कसुरदारको हकमा दोब्बर सजाय हुने भनी व्यवस्था गरेको अवस्थामा सोहीबमोजिम नै हुने देखिन्छ। यसैगरी कुनै व्यक्तिलाई एक वा एकभन्दा बढी मुद्दामा विभिन्न दफा वा ऐनअन्तर्गतको कसुरमा कसुरदार ठहरी सजाय भएकोमा वा कैद सजाय पाई कैद सजाय भोगिरहेको व्यक्तिलाई एकभन्दा बढी कसुरहरूमा कैद सजाय गरी कैद सजाय कार्यान्वयन गर्नुपर्दाको अवस्थामा तत्काल प्रचलित मुलुकी ऐन दण्ड सजायको ४१ नं. र हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को कानूनी व्यवस्थाले केही खास मान्यताहरू अवलम्बन गरेको छ।

३८. उल्लिखित कानूनी व्यवस्थाहरू हेर्दा दफा ३६ को उपदफा (१) र (३) ले Concurrent model र उपदफा (२) (५) ले consecutive Model को सिद्धान्त अवलम्बन गरेको छ। कुनै व्यक्तिले गरेको कुनै फौजदारी कार्यको सम्बन्धमा एकभन्दा बढी कानूनहरू आकर्षित हुने भई भिन्न भिन्न कसुरहरू भएको अवस्थामा निजलाई सजाय गर्दा सबै कसुरहरूको सजाय निर्धारण भए पनि कैद सजाय कार्यान्वयन गर्दा भने सबै कैद कलमका सजाय नजोडी सबैभन्दा ठुलो कैद सजाय हुने कसुरको कैद सजाय मात्र कार्यान्वयन गरिनुपर्ने हुन्छ। तर कुनै व्यक्तिले एकै वारदातमा एकभन्दा बढी कसुरहरू अर्थात् एकीकृत कसुर गरेको अवस्थामा त्यस्तो कसुरदारलाई हुने कैद सजायको कार्यान्वयनको सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ११ बिच सामञ्जस्यता देखिँदैन। सो दफा ४३ मा कुनै व्यक्तिले एउटै वारदातमा एकभन्दा बढी कसुर गरेमा त्यस्तो कसुरदारलाई सबैभन्दा बढी सजाय हुने कसुरबापतको सजाय र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसुरबापतको सजायको आधा सजाय गरी सजाय गर्नुपर्ने व्यवस्था गरेको छ। जन्मकैदको हकमा भने यो दफा लागु नहुने व्यवस्था पनि छ। तर दफा

११ ले भने कुनै वारदातमा एकभन्दा बढी कसुरहरू गर्ने कसुरदारलाई सजाय निर्धारण गर्दा प्रत्येक कसुर अलग अलग भएको मानी त्यसबापत छुट्टाछुट्टै सजाय निर्धारण गर्नुपर्ने, सजाय कार्यान्वयनको हकमा भने सबैभन्दा ठुलो कैदको सजाय कार्यान्वयन गर्ने र single Transaction Rule का विषयहरू समावेश गरेको छ। तर दफा ३६ सँग एकैसाथ राखेर सो दफा ११ लाई हेर्ने हो भने एक कसुरदारले गरेका बहु-कसुरहरूमा निर्धारित कैद सजायको कार्यान्वयनको विधिका सम्बन्धमा माथि उल्लिखित Concurrent र Consecutive Model सम्बन्धी मान्यताहरूको आलोकमा विषयलाई बुझ्न सकिन्छ । अझ यथेष्ट रूपमा कानूनमा सम्बोधन नभएको विषयलाई न्यायिक व्याख्याबाट नै सम्बोधन गर्नुपर्ने हुन्छ । तत्काल प्रचलित मुलुकी ऐन दण्ड सजाय महलको महलको ८, १० र ४१ नं. का व्यवस्थाहरू हेर्दा जन्मकैदको सजाय हुने अवस्थामा जन्मकैद नै सबैभन्दा ठुलो सजाय भएकोले सोही सजाय मात्र कार्यान्वयन गर्ने अवधारणालाई मान्यता दिएको छ । यसको अर्थ कुनै व्यक्तिले जन्मकैदभन्दा तल्लो हदको सजाय हुने एकभन्दा बढी कसुरहरू गरेकोमा र पीडितहरू पनि अलग अलग भएकोमा पनि सबैभन्दा ठुलो कैद सजाय हुने कसुरको मात्र सजाय गर्दा निजले गरेको अन्य फौजदारी कसुरबापतको आपराधिक दायित्व स्वतः लोप हुने होइन। यो स्थितिलाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) ले केही हदसम्म सम्बोधन गरी त्यस्तो अवस्थामा छुट्टाछुट्टै सजाय भुक्तान गर्ने व्यवस्था गरेको छ । सो ऐनको सो दफाको उपदफा (१) को खण्ड (क) र (ख) तथा सोही दफाको उपदफा (२) ले लिएको सिद्धान्तलाई दण्ड सजायको कार्यान्वयनको मोडेलको रोहबाट प्रयोग गरिनुपर्ने देखिन्छ। सो दफाले पनि मूलतः साबिक मुलुकी ऐन, दण्ड सजाय महलको दफा ८, १० र ४१ को नीतिलाई निरन्तरता दिएको अवस्था छ। साबिकको मुलुकी ऐन दण्ड सजाय महलको ४१ नं. को व्यवस्थाले कैद भुक्तान हुन नपाउँदै अर्को कलममा कैद ठेक्नुपर्दा अघि ठेकिएको जम्मा कैदभन्दा पछि ठेक्नुपर्ने कलमको हद बढी छ भने अघि कैद ठेक्दा थुनामा परेको मितिदेखि पछि ठेकिएको कलमको हद ननाघ्ने गरी कैद ठेक्नुपर्ने र अघि ठेकिएको कैदभन्दा पछि ठेक्ने कलमको हद घटी हुन्छ भने थप कैद ठेक्न नपर्ने र धेरै कलमको कैदको हद बराबर हुन आयो भने सोमध्ये एक कलमको कैद ठेक्नुपर्ने व्यवस्था गरेको छ । सो ४१ नं. को अवस्थाहरूमा मात्र छुट्टाछुट्टै रूपमा कैद सजायको कार्यान्वयन हुने वा एक कसुरमा निर्धारित कैद सजाय भुक्तान गरिसकेपछि मात्र अर्को कसुरको कैद सजायको प्रारम्भ हुने व्यवस्था गरेको छ।

३९. मुलुकी ऐनको दण्ड सजायको महलको ८ नं. मा रहेको जन्मकैद हुने कसुरको आरोपित व्यक्ति वा प्रतिवादीले अदालतबाट जारी भएको म्याद गुजारी फरार रहेकोमा निजले अर्को जन्मकैद हुने कसुर वा सोभन्दा घटी सजाय हुने कसुर गरेकोमा थप सजाय गर्ने जस्तो व्यवस्था सो ४१ नं. मा भने देखिँदैन। सो ४१ नं. को अन्तिम वाक्यांश र उक्त ८ नं. को दोस्रो तथा तेस्रो वाक्यांशमा प्रयुक्त शब्दहरूलाई सूक्ष्म र तुलनात्मक अध्ययन गर्दा यो प्रस्ट पनि हुन्छ। विधायिकाले जब यी दुई प्रावधानमा भिन्नभिन्न व्यवस्था गरेको छ भने यी दुई प्रावधानका अवस्थाहरूलाई एकआपसमा मिसमास गर्न नहुनेमा कुनै द्विविधा रहन्न । विधायिकाले जन्म कैद हुने वा भएको स्थिति र जन्मकैद नहुने वा सोभन्दा सानो कलमको कैद हुने कसुरका सम्बन्धमा खत खाप्ने वा सजाय गर्ने सम्बन्धमा सो ८ नं. र ४१ नं.ले समान नीति नलिई केही हदसम्म फरक-फरक नीति लिएको भन्ने देखिन्छ । विधायिकाले कानून बनाउँदा के कस्तो अवस्थामा के कस्तो शब्द वा वाक्य प्रयोग गर्नुपर्छ भनेर जानेको हुन्छ र बिना प्रयोजन वा उद्देश्य विधायिकाले कुनै शब्द, अक्षर वा अल्पविराम पनि

प्रयोग गर्दैन । कानूनी अस्पष्टता वा अपर्याप्ततामा कुनै शब्द झिकेर वा थपेर पनि कानूनको उद्देश्य पूर्ति गर्नुपर्ने अवस्था परेकोमा बाहेक कानूनी प्रस्टताको स्थितिमा अदालतले भइरहेको कानूनी प्रावधानलाई अन्यथा अर्थ लगाउनु हुँदैन भन्ने मान्यतालाई पनि यहाँ स्मरण गर्न वाञ्छनीय देखिन्छ । मुलुकी ऐनलाई प्रतिस्थापन गरी बनेको संहिताको अभिन्न भागको रूपमा रहेको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) र (२) लाई पनि यसै मान्यताबाट हेर्नु उपयुक्त देखिन्छ ।

४०. यस प्रसङ्गमा एकीकृत कसुर (Integrated Offence) र बहु-व्यवहार कसुर (Multiple-Transaction Offence) के हो भन्ने सन्दर्भमा समेत हेर्नुपर्ने देखिन्छ । **एकीकृत कसुर (Integrated Offence)** के हो ? भन्ने सन्दर्भमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ को उपदफा (१) ले गरेको व्यवस्थालाई हेर्नुपर्ने हुन्छ । उक्त दफा ४३(१) मा "कुनै व्यक्तिले एउटै वारदातमा एकभन्दा बढी कसुर गरेमा त्यस्तो व्यक्तिले एकीकृत कसुर गरेको मानिने छ" भनी एकीकृत कसुर (Integrated Offence) लाई परिभाषित गरेको पाइन्छ । सो कानूनी व्यवस्थाबमोजिम कुनै व्यक्तिले कुनै एउटा वारदातमा आपराधिक कार्य गर्दा एकै पटक दुई वा सोभन्दा बढी कसुरको परिणाम देखिने अवस्था भएमा त्यसरी एकै वारदातमा गरिएको फरक-फरक कसुरलाई एकीकृत कसुर मान्नुपर्ने देखिन्छ । एकीकृत कसुर हुन वारदात एउटै हुनुपर्ने, कसुरदार एउटै हुनुपर्ने र त्यस्तो कसुरदारले गरेको कार्यहरू कानूनद्वारा फरक-फरक कसुर मानेको हुनुपर्ने हुन्छ । अब **बहु-व्यवहार कसुर (Multi-Transaction Offence)** के हो ? भन्ने सन्दर्भमा हेर्दा, कसुरदारले फरक-फरक समयमा, फरक-फरक स्थानमा, एकै वा फरक-फरक प्रकृतिका कसुर गरेको अवस्थालाई बहु-व्यवहार कसुर (Multi-Transaction Offence) मानिन्छ । यस्तो कसुरमा कसुरदार एकै व्यक्ति भए पनि वारदात भने एउटै हुँदैन । साथै वारदात फरक-फरक स्थानमा वा एकै स्थानमा भए पनि फरक-फरक मिति समयमा गरिएको हुन्छ । यस्ता प्रकृतिको कसुरमा सजाय निर्धारण गर्दा प्रत्येक कसुरअनुसार फरक-फरक सजाय त गर्नुपर्छ नै तर त्यस्तो सजाय कार्यान्वयन गर्दा सबै कसुरमा एकै पटक साथसाथै (Concurrently) कैद भुक्तान गर्ने वा एक कसुरको कैद भुक्तान भएपछि अर्को कसुरको (Consecutively) कैद भुक्तान गर्ने भन्ने कुराको निर्धारण गर्दा कसुर गर्दाको समय, सजाय अवधि तथा सजाय कार्यान्वयन गर्दा सजाय भुक्तान गरिरहेको वा नरहेको आदिसमेतलाई विचार गर्नुपर्ने देखियो ।

४१. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४ को देहाय (घ) मा ***"एकभन्दा बढी कसुरको लागि सजाय गर्दा वा कुनै कसुरमा सजाय भोगिरहेको कसुरदारलाई अर्को कसुरबापत सजाय गर्दा समग्र सजाय उचित र समानुपातिकभन्दा बढी हुन नहुने"*** भनी एकै व्यक्तिलाई धेरै कसुरमा सजाय गर्दा समग्रतामा मात्र नहेरी कसुरदारलाई हुने सजाय कठोर मात्र नभई उचित तथा पहिले तोकिएको सजायको अनुपातिक हुनुपर्ने तथा बढी सजाय हुन नहुने भन्ने कानूनी सिद्धान्तलाई अवलम्बन गरेको देखिन्छ । यस्तै सन्दर्भमा ***कृष्णबहादुर गोले विरुद्ध उच्च अदालत पाटन हेटौंडा इजलाससमेत*** भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा[21] ***"समग्रताको सिद्धान्तलाई एकभन्दा बढी मुद्दामा सजाय गर्ने क्रममा अदालतहरूले सदा मनन गर्नुपर्छ । अदालतको काम बढी सजाय गर्ने पनि होइन, न त यसको काम कम सजाय गर्ने नै हो । यसले त उपयुक्त सजाय गर्ने हो । अदालतले कानूनमा उल्लिखित सजायको व्यवस्थालाई कसुरदारको विशेष परिस्थितिमा ढाली उपयुक्त सजाय तोकी सदा कसुरदारको सुधारका सम्भावनाहरू खोज्नुपर्छ ।***

21 ने.का.प. २०७४, अङ्क ७, नि.नं. ९८४६

सुधारका सम्भावनाहरू बन्द हुने गरी ढाडै खुस्कने सजाय (Crushing Sentence) गर्ने भन्ने कुराको प्रयोग अङ्क गणितको हिसाब जस्तो होइन । यसले विवेक र सावधानी खोज्छ, जसलाई सजाय तोक्ने र पुनरावलोकन गर्ने सबै न्यायाधीशले मनन गर्नु आवश्यक हुन्छ" भनी व्याख्या भएको अवस्था छ । उल्लिखित व्याख्याअनुसार सजाय तोक्दा विवेक नपुऱ्याई सजाय गर्न नहुने र कसुरदारप्रतिको दृष्टिकोणलाई कठोरतापूर्वक नहेरी समग्रतालाई विचार गर्दा विवेकपूर्वक र सावधानीपूर्वक सजाय गर्नुपर्ने कुरा ख्याल गर्नुपर्ने भन्ने नै स्पष्ट हुन आउँछ । उक्त व्याख्यासँग यस इजलासले असहमत हुनुपर्ने वा अन्यथा दृष्टिकोण कायम गर्नुपर्ने देखिँदैन ।

४२. मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ (१) ले "जघन्य वा गम्भीर कसुरमा सजाय पाएको व्यक्तिले अर्को कसुर गरेमा निजले पछिल्लो पटक गरेको कसुरमा हुने सजायको दोब्बरसम्म सजाय हुने" ऐ.दफा ४४ (२) ले "अन्य कसुरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्को कसुर गरेमा निजलाई पछिल्लो पटक गरेको सजायको दोब्बरसम्म सजाय हुने" भनी थप सजायको व्यवस्था गरेको देखियो । प्रस्तुत दफालाई अध्ययन गर्दा उक्त कसुर जघन्य र पटकेको सम्बन्धमा हो । अब जघन्य / पटके कसुर र बहु-व्यवहार कसुर एउटै हो वा फरक तरिकाबाट हेर्नुपर्दछ भन्ने विषयमा विचार गर्दा, विभिन्न कसुरबापत भएको कैद सजायको कार्यान्वयनको दफालाई समेत विचार गर्नुपर्ने देखियो । सो सम्बन्धमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६(५) मा **"पटके कसुरदारका सम्बन्धमा वा एकीकृत कसुरका सम्बन्धमा कानूनमा छुट्टै सजाय तोकिएको रहेछ भने सोही सजाय कार्यान्वयन हुने"** भनी भएको व्यवस्थालाई पटके कसुरको हकमा कानूनमा भएको व्यवस्थाबमोजिम नै विचार गर्नुपर्ने देखियो ।

४३. सजायको समग्रताको सिद्धान्त (Totality Criminality Principle) ले सदैव अत्यधिक (excessive) सजाय गर्ने अवधारणाबाट मात्र प्रेरित नभई सुधारात्मक दण्ड प्रणालीअन्तर्गत उचित, समानुपातिकता (Propotionality) र न्यायमा आधारित रहेको हुन्छ । न्यायपालिकाले कसैलाई पनि आवश्यकभन्दा चर्को सजाय (crushing sentence) नथोपरियोस् भन्ने नै यसको मूल उद्देश्य रहेको हुन्छ । अब यी रिट निवेदक / प्रतिवादी मिति २०६७।०८।२४ देखि थुनामा रहेको र ०६७-CR-००५२ को लागु औषध मुद्दामा १० वर्ष कैद र जरिवाना रू.२५,०००।- (पच्चिस हजार रूपैयाँ), ०६७/६८ स.फौ. ४/२५३ को हातहतियार मुद्दामा ५ वर्ष कैद र रू.१,००,०००।– (एक लाख रूपैयाँ) जरिवाना, ०६८-CR-१६८६ को ज्यान मार्ने उद्योग मुद्दामा ५ वर्ष कैद तथा २०६४ मि.नं. १०४५(ख) को हातहतियार मुद्दामा २ वर्ष कैद र रू.४०००।– (चार हजार रूपैयाँ) जरिवाना भएकोमा ०७४-CR-१८७७ को मुद्दामा १० वर्ष कैद र रू.७५,०००।– (पचहत्तर हजार रूपैयाँ) जरिवाना गरेको देखिन्छ । उपर्युक्त मुद्दाहरूको फैसलाबाट प्रतिवादीलाई हुने कैद सम्बन्धमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।९।६ मा कैदी पुर्जी ठेक्दा ०७४-CR-१८७७ को लागु औषध मुद्दामा भएको फैसलाबमोजिम निज प्रतिवादी प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा मिति २०७५।६।१७ देखि हालसम्म थुनामा रहेको देखिँदा निजलाई लागेको कैद सोही मितिबाट कट्टा हुने गरी मिति २०८५।६।१६ सम्म थुनामा राख्ने र निजलाई लागेको जरिवाना रू.७५,०००।- दाखिल गरे निजलाई मिति २०८५।६।१७ बाट कैद मुक्त गरिदिनु, जरिवाना दाखिल नगरे जरिवानासमेतको कैदबापतमा मिति २०८६।२।२६ सम्म थुनामा राख्नु भनी संशोधित कैद म्याद ठेकी पठाइएको देखिन्छ ।

४४. यसरी निवेदक प्रतिवादीलाई विभिन्न

कसुरमा ठहर भइसकेको सजायको कार्यान्वयनको क्रममा निजलाई ठेकिएको कैद हद नमिलेको भनी दाबी लिएको र निज निवेदकको कसुर एकभन्दा बढी भई सजाय निर्धारण भइसकेको अवस्था भएकोले निजको हकमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) वा दफा ३६ को उपदफा (२) लागु हुने सो सम्बन्धमा निरूपण हुनुपर्ने देखिन्छ। सो दफा ३६ को उपदफा (१) मा भएको कानूनी व्यवस्थालाई हेर्दा:

(१) ***कैदको सजाय पाई कैद सजाय भोगिरहेको व्यक्तिलाई एकभन्दा बढी कसुरबापत कैद सजाय गर्नुपर्दा देहायबमोजिम कैद सजाय गरी फैसला कार्यान्वयन गर्नुपर्ने छः***

(क) पहिले भएको फैसलाबमोजिमको कैदको सजायको अवधि पछिल्लो फैसलाबमोजिमको कैदको सजायको अवधिभन्दा बढी वा बराबर भएमा पहिले भएको फैसलाको कैदको सजाय कार्यान्वयन गर्नुपर्ने छ।

(ख) पछि भएको कैदको सजायको अवधि पहिलेको कैदको सजायको अवधिभन्दा बढी भएमा पछिल्लो कैदको सजायको अवधि जति बढी हुन्छ सोही अवधिसम्म कैद थप गर्नुपर्ने छ।

४५. उपर्युक्त कानूनी व्यवस्थाले कैदको सजाय पाएको र उक्त सजायबापत कैद सजायसमेत भोगिरहेको व्यक्तिको हकमा बहु-व्यवहार कसुर (Multiple Transaction Offence) अर्थात् एकभन्दा बढी कसुरबापत कैद सजाय गर्नुपर्दा कैद हदको फैसला कार्यान्वयन गर्ने विषयलाई समेटेको देखियो। उक्त उपदफा (१) को देहाय (क) ले एकभन्दा बढी कसुरमा पहिले भएको फैसलाबमोजिम तोकिएको कैद अवधि पछिल्लो फैसलाले तोकेभन्दा बढी वा बराबर भएमा पहिलो फैसलाले तोकेको कैद अवधिको सजाय मात्र कार्यान्वयन गर्नुपर्छ भनी स्पष्ट गरेको देखिन्छ। ***उदाहरणको लागिः*** "क" ले कसैलाई जबरजस्ती करणी गरेको कसुरमा ८ वर्ष कैद सजाय भएको छ र निज कैदमा रहनुअघि अर्को मितिमा लागु औषधको कसुर गरेकोमा निज जबरजस्ती करणी मुद्दामा कैदमा रहेकै अवस्थामा फैसला भई लागु औषध मुद्दामा ५ वर्ष वा ८ वर्ष नै कैद सजाय भएको अवस्थामा निज "क" लाई कैदमा राखी फैसला कार्यान्वयन गर्नुपर्दा पहिलो जबरजस्ती करणीको कसुरमा भएको कैद वर्ष ८ कै सजाय कार्यान्वयन गर्नुपर्ने र लागु औषध मुद्दाको ५ वर्ष वा ८ वर्षको सजायसमेत पहिलो जबरजस्ती करणी मुद्दामा भएको फैसलामा भएको कैद सजायको साथ सँगसँगै (Concurrently) कार्यान्वयन हुने भन्ने नै हो। ऐ. उपदफा (१) को देहाय (ख) मा ***"पछि भएको कैदको सजायको अवधि पहिलेको कैदको सजायको अवधिभन्दा बढी भएमा पछिल्लो कैदको सजायको अवधि जति बढी हुन्छ सोही अवधिसम्म कैद थप गर्नुपर्ने छ"*** भन्ने व्यवस्थाअनुसार एकभन्दा बढी कसुरमा कैद सजाय भएको अवस्थामा पहिले भएको कैदको सजायको अवधिभन्दा पछि भएको कैद सजायको अवधि बढी भएमा पहिले भएको कैद सजायको अवधिमा पछि भएको कैद सजायको अवधि जति बढी हुन्छ त्यो बढी भएको अवधि पूरा हुने गरी मात्र कैद थप गरी कैद सजायको कार्यान्वयन गर्नुपर्छ भन्ने देखिन्छ। ***उदाहरणको लागिः*** "क" ले जबरजस्ती करणी गरेको कसुरमा निजलाई ८ वर्ष कैद सजाय भएको छ र निजले कैदमा रहनुअघि नै लागु औषधको कसुरसमेत गरेकोमा निज "क" जबरजस्ती करणी मुद्दामा कैदमा रहेकै अवस्थामा फैसला हुँदा लागु औषध मुद्दामा निजलाई १० वर्ष कैद सजाय भएको अवस्थामा निजको कैदको सजाय कार्यान्वयन गर्नुपर्दा बढी कैद भएको हद १० वर्षसम्म नै कैदमा राख्ने गरी

कैद सजाय कार्यान्वयन गर्नुपर्छ र उक्त जबरजस्ती करणी मुद्दामा भएको कैद ८ वर्षको सजायसमेत लागु औषध मुद्दाको १० वर्षको कैद सजायसँग खापिन जाने र सँगसँगै (Concurrently) सजाय कार्यान्वयन हुने हुन्छ।

४६. उल्लिखित दफा ३६ को उपदफा (१) को देहाय (क) र (ख) को व्यवस्थाअनुसार कुनै व्यक्तिलाई जतिसुकै कसुरमा कैद सजाय भए पनि सबैभन्दा ठुलो कसुरको कैद सजायमा सानो कसुरबापत भएको कैद खापी ठुलो कसुरको कैद सजायको हदसम्म मात्र कैद सजाय कार्यान्वयन गर्नुपर्छ भन्ने देखिन्छ । यसरी हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) को देहाय (क) र (ख) मा रहेको कानूनी व्यवस्था साबिक मुलुकी ऐन दण्ड सजायको १० नं.बमोजिम खत पटक खापी सजाय गर्नुपर्दा ठुलो सजाय गर्नुपर्ने खत खाप्न नहुने भन्ने र ऐ. ४१ नं. मा भएको कैद हदको व्यवस्थाकै मनसायबमोजिमको कानूनी निरन्तरता रहेको कुरामा कुनै द्विविधा देखिँदैन।

४७. अब, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) मा भएको व्यवस्था हेर्दा:

> उक्त उपदफा (२) मा ***"उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसुरमा कैदको सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान नहुँदै अर्को कसुरबापत कैदको सजाय भएमा पहिले भएको कैदको अवधि भुक्तान भएपछि गणना हुने गरी पछि भएको कैदको सजाय कार्यान्वयन गर्नुपर्ने छ"*** भन्ने उल्लेख भएको देखिन्छ । यस व्यवस्थाअनुसार कुनै कसुरमा कुनै व्यक्तिलाई कसुरदार ठहर भई कैदको सजाय भइसकेपछि सो कैदको सजाय भुक्तान गर्नुअगावै अर्थात् फैसलाबमोजिमको कैद असुल नहुँदै त्यस्तो कसुरदारले पुनः अर्को कसुर गरी कैदको सजाय भएमा त्यस्तो कसुरदारको हकमा अघिल्लो कसुरबापत भएको कैदको अवधि भुक्तान गरिसकेपछि मात्र पछिल्लो कैद गणना हुने गरी कैद सजाय कार्यान्वयन गर्नुपर्ने भन्ने देखिन्छ । यसरी कैदको अवधि थप गर्दा अघिल्लो कसुरबापत कैदको सजाय भुक्तान नगर्दै पछाडिको मितिमा सोही कसुरदारले अर्को कसुर गरी कैदको सजाय भएको हुनुपर्ने हुन्छ।

४८. साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. को प्रतिबन्धात्मक वाक्यांश हेर्दा ***"...तर फैसला भइसकेपछि कैद नबस्दै वा थुना कैद बसेको अवस्थामा वा थुना कैदबाट छुटेको वा भागेको अवस्थामा अर्को कसुर गरेकोमा सो कसुरबापत कानूनबमोजिम थप कैद ठेक्नुपर्छ"*** भन्ने व्यवस्था रहेको देखिन्छ। यस व्यवस्थाअनुसार निम्न अवस्थामा अघिल्लो कसुरबापतको कैद भुक्तान भएपछि गणना हुने गरी पछिल्लो कसुरबापतको कैद सजाय थप गरी कार्यान्वयन हुने देखिन्छः

(क) कुनै व्यक्तिले अघि भएको कसुरबापत ठहरेको कैद भुक्तान नगरिकन अर्को कसुर गरी सोमासमेत कैद ठहर भएमा,

(ख) कुनै कसुरबापत ठहर भएको कैदबापत वा कुनै मुद्दाको पुर्पक्षको लागि थुनामा रहेको अवस्थामा सोही थुना वा कैद रहेको स्थानमा अर्को कसुर गरी कैदको सजाय भएमा,

(ग) कैद वा थुनामा रहेको व्यक्तिले सो कैद भुक्तान नहुँदै वा थुनाबाट भागेर बाहिर गई अर्को कसुर गरी कैद भएमा,

(घ) अघिल्लो कसुरमा ठहर भएको कैद भुक्तान गरिसकेपछिको मितिमा अर्को कसुर गरी कैदको सजाय भएमा।

४९. यसरी हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) को कानूनी व्यवस्थासमेत साबिकको मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. को प्रतिबन्धात्मक व्यवस्थालाई भाषागत रूपमा प्रतिस्थापन गर्दै सोही मान्यतालाई निरन्तरता दिएको देखिन्छ। तसर्थ हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) र साबिक मुलुकी ऐन दण्ड सजायको ४१ नं. को उक्त प्रतिबन्धात्मक वाक्यांशको कानूनी व्यवस्थाअनुसार **कसुर गर्दा समय र अवस्थाबमोजिम तोकिएका खासखास अवस्थाहरूमा मात्र एकपछि अर्को (Consecutively) कैद भुक्तान गर्नुपर्ने भन्ने देखिन्छ।**

५०. नेपालको संविधानको धारा २० ले प्रत्याभूत गरेको न्यायसम्बन्धी हक, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को परिच्छेद-५ मा भएको कैदसम्बन्धी सुधारात्मक व्यवस्था तथा नेपालले मानव अधिकारप्रति जनाएको प्रतिबद्धतालगायतको समसामयिक परिवर्तनका परिप्रेक्ष्यमा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) को व्यवस्थालाई हेरिनु वाञ्छनीय हुने देखिन्छ। त्यसैकारण **उक्त दफा ३६ को उपदफा (२) को कानूनी व्यवस्थाले सोही दफा ३६ को उपदफा (१) लाई अपवाद गरेको वा सङ्कुचित गरेको वा प्रतिबन्ध गरेको भनी अर्थ गर्न मिल्ने देखिँदैन। दफा ३६ को उपदफा (१) मा भएको व्यवस्थालाई सोही उपदफा (२) ले प्रतिबन्ध लगाएको भनी अर्थ गर्ने हो भने उपदफा (१) को व्यवस्था विधायिकाले यस दफामा राख्नुपर्ने औचित्य नै रहँदैन । कानूनको व्याख्या गर्दा सामान्यतः ऐनमा प्रयुक्त भएको शब्दको जे जस्तो अर्थ लाग्दछ सोही अर्थलाई नै ग्रहण गर्ने गरी शाब्दिक व्याख्या (Literal Interpretation) लाई नै पहिलो प्राथमिकता दिइनुपर्दछ । तर शाब्दिक व्याख्या गर्दा ऐनको दफामा भएको विधिकर्ताको उद्देश्य वा मनसाय स्पष्ट नहुने भएमा स्वर्णिम व्याख्याको नियम (Golden Rule of Interpretation) अनुसार उक्त दफाको सम्पूर्ण व्यवस्थालाई हेरी अर्थ लगाउनुपर्ने हुन्छ।** उल्लिखित दफा ३६ मा भएको कानूनी व्यवस्थाको पूर्व स्रोत मुलुकी ऐनको दण्ड सजायको ४१ नं. मा रहेको व्यवस्था नै हो भन्नेमा माथिका प्रकरणहरूमा विवेचना भइसकेको छ। यस अवस्थामा दफा ३६ को अर्थ गर्दा साबिक मुलुकी ऐन दण्ड सजायको ४१ नं. को मर्मलाई अनदेखा गर्न मिल्दैन। यसर्थ दफा ३६ को उपदफा (१) मा भएको व्यवस्थालाई उपदफा (२) मा भएको व्यवस्थाले पूर्ण रूपमा बन्देज वा प्रतिबन्ध लगाएको भन्ने अर्थ गर्नु कानून व्याख्याको सिद्धान्तले समेत मान्य हुने देखिँदैन। दफा ३६ को उपदफा (१) र (२) लाई समष्टिमा व्याख्या गर्नुपर्दछ किनभने कुनै पनि ऐनको पछिल्लो दफा तथा उपदफामा भएको व्यवस्था वा प्रतिबन्धात्मक वाक्यांशले अघिल्लो दफामा गरिएको मूल व्यवस्थालाई शून्यमा पुग्ने गरी प्रतिबन्ध लगाउने उद्देश्यबाट विधायिकाले विधिको तर्जुमा गरेको हो भनी अर्थ गर्न मिल्दैन। अघिल्लो दफाको प्रयोजन नै समाप्त गर्ने उद्देश्यबाट पछिल्लो दफाको कानूनी व्यवस्था रहेको मान्ने हो भने अघिल्लो दफाको औचित्य नै समाप्त हुन पुग्छ। त्यसरी पछिल्लो दफाले अघिल्लो दफामा भएको व्यवस्थालाई पूर्ण रूपमा नियन्त्रण गर्ने हो भने अघिल्लो दफामा रहेको व्यवस्था विधिकर्ताले तर्जुमा गर्नुपर्ने आवश्यकता नै रहने थिएन। त्यसो हुँदा दफा ३६ को उपदफा (२) ले सोही उपदफा (१) लाई नियन्त्रण गरेको नभई उक्त कानूनी प्रावधानले फरक कसुर गर्दाको फरक अवस्थाहरूको सम्बोधन गर्न खोजेको कुरा स्पष्ट हुन आउँछ। तसर्थ, दफा ३६ को उपदफा (१) र (२) को कानूनी व्यवस्था

एक अर्काको परिपूरकको रूपमा छुट्टाछुट्टै अस्तित्वयुक्त रहेको कुरामा द्विविधा मान्नुपर्ने देखिँदैन ।

५१. फौजदारी दण्डको सुधारात्मक सिद्धान्तले कुनै पनि कसुरदारलाई धेरै लामो समयसम्म कैदमा नै राख्नुपर्छ भन्ने मान्यता राख्दैन सजाय निर्धारणको अवधारणा परम्परागत नभई आधुनिक तरिकाबाट सुधारात्मक भई दण्ड प्रणाली सञ्चालित हुन आवश्यक छ । **दण्डसम्बन्धी व्यवस्था मानवीय दृष्टिकोणबाट पनि हेर्न र सजाय निर्धारण गर्दा उचित र न्यायोचित हुन आवश्यक छ ।** धेरै लामो समयसम्म कसुरदारलाई कैदमा राख्नुपर्छ भन्ने अवधारणालाई नियन्त्रण गर्ने उद्देश्यबाट एकैपटक वा साथसाथै भुक्तान गर्न मिल्ने सजाय (Concurrently Sentencing) लाई साबिक मुलुकी ऐन, दण्ड सजायको ४१ नं. र हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) ले समेत अङ्गीकार गरेको देखिन्छ । ठुलो सजाय हुने कसुरमा अन्य कैद थप गरी सजाय गर्ने हो भने कसुरदारले आफ्नो जीवनकालभन्दा पनि बढी कैदमा बस्नुपर्ने हुन जाने र त्यसबाट दण्डको सुधारात्मक सिद्धान्तका साथै मुलुकी फौजदारी संहिता, २०७४ तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेको सुधारात्मक दण्ड प्रणालीसम्बन्धी कानूनी व्यवस्थाको विपरीत हुन जाने देखिन्छ । त्यसकारण कुनै कसुरदारलाई विभिन्न कसुरमा भएको कैद सजाय कार्यान्वयन गर्दा ठुलो कैदमा सानो कैद समाहित गरी कार्यान्वयन गर्नुपर्ने वा एकपछि अर्को कैद सजाय थप गरी कार्यान्वयन गर्ने भन्ने विषयलाई हाम्रो संविधान र कानूनी व्यवस्थाको सन्दर्भमा कसुरदारले कस्तो अवस्था, परिस्थिति र कुन समयमा कसुर गरेबापत कैद सजाय भएको हो भन्ने कुराको सापेक्षतामा हेर्नुपर्ने हुन्छ ।

५२. सजायको उद्देश्य कसुरदारलाई कसुर गरेबापत निजसँग बदला लिनु होइन । तसर्थ सजाय निर्धारण गर्दा बदलाभाव नभई निजको आपराधिक व्यवहारको कारक तत्त्वलाई सम्बोधन गर्ने, गल्तीको अनुभूत गराई पश्चातापबोध गराउने, समाजमा पुनर्स्थापना गराउने अवसरको रूपमा पनि हेर्नुपर्दछ । यो नै आधुनिक सजायको अवधारणा हो । सुधारात्मक दण्ड प्रणाली नै सामाजिक प्रतिरक्षाको माध्यमको रूपमा हेर्नुपर्दछ । सुधारात्मक दण्ड प्रणालीबाट नै भविष्यमा पुनः अपराध गर्नबाट बचाई समाजको सुरक्षा हुन सक्दछ । समाजको बृहत् हितको संरक्षण पनि हुन्छ । सिर्फ एकपछि अर्को सजाय (Consecutive Punishment) ले मात्रै भविष्यको आपराधिक व्यवहारलाई रोक्न सक्दैन । न्यायपालिकाले सजाय निर्धारण र कार्यान्वयनको विषयलाई यान्त्रिक रूपमा मात्र नहेरी विवेकपूर्ण / न्यायसङ्गत तरिकाले सोच्नुपर्दछ । त्यसमाथि पनि कानूनले नै जब कसुर कुन अवस्थामा कुन समयमा गरेको हो सोको आधारमा कैद हद कायम हुने नहुने निर्धारित हुन्छ भन्ने स्पष्ट व्यवस्था मुलुकी ऐन, दण्ड सजायको ४१ नं. तथा हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ ले गरेको छ । त्यसैले सजाय गर्दा मानवीय अवधारणालाई बढावा दिने र कैदी बन्दीलाई फाइदा हुने गरी दण्ड प्रणालीको सामना गर्नु महत्त्वपूर्ण हुन्छ । दण्ड प्रणालीले डर पनि देखाउनुपर्दछ तर कसुरदारलाई सजायमा पुनर्स्थापित हुन सक्ने गरी सन्तुलित वातावरण तयार गर्न पनि सक्नुपर्दछ । तसर्थ, एकपछि अर्को सजायलाई नियमको रूपमा (Consecutive Sentence as a Rule) र समवर्तीय सजायलाई अपवादको रूपमा (Concurrent Sentence as an exception) न्यायपालिकाले सोच्न सक्दैन । सजाय जहिले पनि कानूनसङ्गत, उचित र न्यायसङ्गत नै हुनुपर्दछ ।

५३. प्रस्तुत रिट निवेदक पासाङ तामाङ उर्फ सन्दिप पाठक भन्ने मिलन लामालाई निम्नलिखित कसुरमा निम्नलिखित अदालतबाट निम्नलिखित

कसुर कायम गरी सजाय गरेको देखियो।

सि.नं.	फैसला गर्ने निकाय	कसुर	सजाय	फैसला मिति
१	काठमाडौं जिल्ला अदालत	लागु औषध	११ वर्ष कैद रू.८२,५००।- जरिवाना	२०७६।६।७
उच्च अदालत पाटनबाट मिति २०७८।४।१५ मा फैसला हुँदा केही उल्टी भई १० वर्ष कैद र रू.७५,०००।- जरिवाना भएको				
२	जिल्ला प्रशासन कार्यालय काठमाडौं	हातहतियार खरखजाना	२ वर्ष कैद र रू.४,०००।- जरिवाना	२०६६।८।२१
३	काठमाडौं जिल्ला अदालत	ज्यान मार्ने उद्योग	५ वर्ष कैद	२०७१।१।१४
४	जिल्ला प्रशासन कार्यालय काठमाडौं	हातहतियार खरखजाना	५ वर्ष कैद र रू.१,००,०००।- जरिवाना	२०६८।३।१९
५	कञ्चनपुर जिल्ला अदालत	लागु औषध (खैरो हेरोइन)	१० वर्ष कैद र रू.२५,०००।- जरिवाना	२०६८।२।४
पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०६९।१२।४ मा कञ्चनपुर जिल्ला अदालतको फैसला सदर				

यसप्रकार निज प्रतिवादी मिति २०६७।०८।२४ देखि नेपालमा थुनामा रहेकै अवस्थामा यी निवेदक च.नं. २६६९, २०६८।०२।२२ को कैदीपुर्जीबमोजिम निरन्तर कैदमा बसी आएको देखियो। तसर्थ, तत्कालीन मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं.बमोजिमको कैद हद गर्ने व्यवस्था र प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) मा भएको व्यवस्था समान रहेको तथा निजले गरेको कसुरको अवस्था हेर्दा निवेदकलाई विभिन्न कसुरबापत ठहर भएको कैदमध्ये सबैभन्दा ठुलो कैदमा सानो कैद समाहित हुने गरी कैद हद गर्न नमिल्ने देखिएन।

५४. यी निवेदक प्रतिवादीलाई एकै मुद्दाबाट एकभन्दा बढी कलमको कैद सजाय ठेकिएको नभई विभिन्न कसुरका छुट्टाछुट्टै मुद्दा भिन्न अदालतमा चली कैद ठेकिएको हुँदा निजको हकमा सो ४१ नं. आकर्षित हुनेमा विवाद रहेन। उक्त ४१ नं. का सम्बन्धमा रहेका अपवादका अवस्थाहरूसमेत यी प्रतिवादीको हकमा लागु हुने स्थिति मिसिलबाट नेदेखिएकोले उक्त कानूनी व्यवस्थाले प्रदान गरेको छुट वा सुबिधाको बारेमा विभिन्न कोणहरूबाट प्रश्न उठाउन सकिने भए पनि अदालतले कानूनमा भएको स्पष्ट प्रावधान कार्यान्वयन गर्नुपर्ने हुन्छ। यी निवेदक प्रतिवादीले कैद वा थुना वा प्रहरीको नियन्त्रणबाट भागेर कसुर गरेको अवस्था पनि नभएको हुँदा मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को सो कानूनी व्यवस्थाले प्रदान गरेको सुविधाबाट यी प्रतिवादीलाई वञ्चित गर्नुपर्ने वा उक्त ४१ नं. को कानूनी व्यवस्था यी प्रतिवादीको हकमा आकर्षित नहुने कुनै कारण र आधार देखिन आएन। कसुरमा निर्धारित कैद सजाय कार्यान्वयन गर्दाका बखत भने कानूनले प्रतिवादीको अवस्था र हकमा फरक कानूनी व्यवस्था गरेको छ भने त्यस्तो व्यवस्थाको सम्बन्धमा अदालतले कठोर नीति अवलम्बन गर्नु उपयुक्त हुँदैन।

५५. तसर्थ माथि विभिन्न प्रकरणहरूमा विवेचना भएको आधारका साथै साबिक मुलुकी ऐन, २०२० को दण्ड सजायको महलको ४१ नं. तथा हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) मा भएको कानूनी व्यवस्थाबमोजिम निज निवेदकको हकमा लागु औषध मुद्दामा भएको १० वर्षको कैद सजाय सबैभन्दा बढी देखिएकोले १० वर्षमा कैद हद गर्नुपर्ने देखियो।

५६. अब, संयुक्त इजलासले मिति २०७९।१०।१५ मा बृहत् पूर्ण इजलाससमक्ष प्रस्तुत मुद्दालाई पेस गर्नुपर्ने भनी उल्लेख भएका मुद्दाहरूबाट फरक-फरक सिद्धान्त कायम भएको भन्ने कुरालाई समेत यस

इजलासबाट व्याख्या भई एउटा निश्चित सिद्धान्त कायम गर्नु वाञ्छनीय हुन आएको छ। सो सम्बन्धमा यस अदालतबाट फरक-फरक सिद्धान्त कायम भएको भनी उल्लेख गरिएका मुद्दाहरूको यहाँ उल्लेखन हुनु मनासिब हुने देखिन्छः

क. ***सूर्यबहादुर के.सी. विरुद्ध पुनरावेदन अदालत पाटनसमेत*** भएको ०६९-WH-००३१ को बन्दीप्रत्यक्षीकरण मुद्दामा ***"निवेदकउपर चलेका मुद्दाहरूमा भएका फैसलाहरूमध्ये ललितपुर जिल्ला अदालतमा चलेको लागु औषध मुद्दामा भएको कैदको हद सबैभन्दा ठुलो हद देखिएको र निज निवेदक मिति २०६४।२।२४ देखि हालसम्म निरन्तर थुनामा नै बसेको देखिँदा सोही मितिबाट गणना हुने गरी निजलाई लागेको सबैभन्दा ठुलो हदको कैदबापत कैदमा बस्नुपर्ने देखिँदा सो कैद भुक्तानसमेत भइसकेको अवस्था हुँदा जरिवानाबापत बुझाउनुपर्ने रकम कानूनबमोजिम कट्टा गरी बाँकी जरिवानासमेत दाखिल गरे प्रस्तुत मुद्दामा बाहेक अन्य मुद्दामा थुना राख्नु नपर्ने भए थुनामुक्त गर्नु"*** भन्ने आदेश भएको देखिन्छ।

ख. त्यसैगरी ***दिनेश लामा भन्ने सोमोलाल थिङको हकमा प्रतिक्षा सुवेदी विरुद्ध काठमाडौं जिल्ला अदालतसमेत*** भएको ०७७-WH-०३८६ को बन्दीप्रत्यक्षीकरणको मुद्दामा ***"साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. मा भएको कानूनी व्यवस्थाबमोजिम एउटै वारदातमा संलग्न रहेको कसुरदारउपर भिन्नभिन्न अभियोग दायर भई भिन्नभिन्न कैद सजाय भएमा त्यस्ता कसुरदारलाई भिन्नभिन्न कसुरमा भएको कैद सजायमध्ये सबैभन्दा ठुलो कैदको सजाय मात्र गर्नुपर्ने हुन आउँछ... प्रतिवादी दिनेश लामा भन्ने सोमोलाल थिङलाई काठमाडौं जिल्ला अदातल, मकवानपुर जिल्ला अदालत र भक्तपुर जिल्ला अदालतबाट ठहर भएको कैद सजायमध्ये काठमाडौं जिल्ला अदालतको डाँका मुद्दामा (मु. नं. २०७३-CR-११३८) ठहर भएको कैद ६ वर्ष नै उपल्लो हद देखिन आएकोले सोही ६(छ) वर्ष कैद कायम हुने"*** भनी आदेश भएको देखिन्छ।

ग. ***अमरकुमार खवासको हकमा रेखा लामा विरुद्ध काठमाडौं जिल्ला अदालतसमेत*** भएको बन्दीप्रत्यक्षीकरणको (ने.का.प. २०७६ अङ्क ९ नि.नं.१०३६०) आदेशमा ***निवेदक प्रतिवादी अमन भन्ने अमरकुमार खवास वैदेशिक रोजगार मुद्दामा मिति २०६६।१२।३ मा पक्राउ परी मिति २०६७।१।२८ मा धरौटीमा छुटेको र वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।२।४ मा ३ वर्ष कैद र रू.३,००,०००।- जरिवाना भएकोमा उक्त मुद्दामा पुनरावेदन परी सर्वोच्च अदालतबाट मिति २०७४।३।५ मा सुरु फैसला नै सदर भएको, निज प्रतिवादी मानव बेचबिखन तथा ओसारपसार र सरकारी छाप दस्तखत किर्ते मुद्दामा मिति २०७२।२।१९ मा पक्राउ परेको र उक्त मुद्दामा काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी भई पुनरावेदन अदालत पाटनबाट निजलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दामा २ वर्ष कैद र सरकारी छाप दस्तखत किर्ते मुद्दामा १ वर्ष कैद र रू.५०।- (पचास रूपैयाँ) जरिवाना गरी जम्मा ३ वर्ष कैद र रू.५०।- जरिवाना हुने***

गरी फैसला भएको देखिँदा निज निवेदक / प्रतिवादी अनुसन्धानको लागि पक्राउ परी मुद्दा चलेपछि थुनाबाट छुटेको अवस्थामा अर्को कसुर गरेको देखिँदा निजलाई थप कैद हुने भनी आदेश भएको देखिन्छ ।

घ. *विनोदकुमार यादव विरुद्ध उच्च अदालत जनकपुरसमेत* भएको (०७८-WF-००२९) को बन्दीप्रत्यक्षीकरण मुद्दामा *"साबिक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं.बमोजिम भएको सजायमा ऐ. महलको ९ नं.बमोजिम थप भएको २ वर्ष कैद सजाय मुलुकी अपराध संहिता, २०७४ को अपहरण वा शरीर बन्धकसम्बन्धी कसुरमा रहे भएको नदेखिएको र केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग) बमोजिम उक्त ९ नं.बमोजिम थप २ वर्ष कैदको सजाय कार्यान्वयन गर्न मिल्ने नदेखिँदा यी निवेदकलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ३ नं.बमोजिम १० वर्ष कैद, ऐ. ७ नं.बमोजिम थप २ वर्ष कैद र ऐ. ९ नं.बमोजिम थप २ वर्ष कैदसमेत जम्मा १४ वर्ष कैद ठेकिएकोमा ऐ.महलको ९ नं.बमोजिम थप २ वर्ष कैद सजाय कायम नभई जम्मा १२ वर्ष मात्र कैद सजाय कायम हुने हुँदा सोबमोजिम १२ वर्ष कैद कायम गरी मिति २०७०।२।२० को कैदी पुर्जी संशोधन गरी फैसला कार्यान्वयन गर्नु"* भनी आदेश भएको देखियो ।

ङ. *आङ्जेन लामा विरुद्ध बर्दिया जिल्ला अदालतसमेत* भएको ०७८-NF-०००७ को बन्दीप्रत्यक्षीकरण मुद्दामा *"बर्दिया जिल्ला अदालतले मिति २०७६।६।१० मा दिएको आदेशमा चितवन र बर्दियाको वारदात समय र स्थान फरक-फरक देखिँदा प्रस्तुत मुद्दाको हकमा प्रतिवादी आङ्जेन लामा यस अदालतमा हाजिर भई थुनुवा पुर्जी पाएको मिति २०७४।१।२४ देखि थुनामा बसेको अवधि कायम हुने हुँदा निवेदकको मागबमोजिम कैदको हद कायम गर्न मिलेन। एउटा वारदातमा एउटा मात्र कसुर गर्नेलाई सोही कसुरमा सजाय र अवस्थाअनुसार थप सजायसमेत हुने, एकीकृत कसुर भएको अर्थात् एउटै वारदातमा एकभन्दा बढी कसुर गरेको अवस्थामा "सबैभन्दा बढी सजाय हुने कसुरबापतको सजाय र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसुरबापतको सजायको आधा सजाय" हुने व्यवस्था मुलुकी अपराध संहिताको दफा ४३(२) मा गरिएको छ भने विभिन्न ठाउँमा विभिन्न समयमा फरक-फरक कसुर गर्ने व्यक्तिको हकमा अर्थात् बहु-व्यवहार कसुर गर्ने कसुरदारको हकमा फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) बमोजिम "पहिले भएको कैदको अवधि भुक्तान भएपछि गणना हुने गरी पछि भएको कैदको सजाय कार्यान्वयन" गर्ने... प्रस्तुत विवादलाई पुनरावेदनको रोहमा हेरेको नभई बन्दीप्रत्यक्षीकरणको रोहबाट हेरिएको अवस्था हो । त्यसैले फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ वा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) को व्यवस्था*

यहाँ आकर्षित हुने देखिँदैन । यहाँ चुनौती दिएको विषय बर्दिया जिल्ला अदालतले मिति २०७६।६।१० मा दिएको आदेश हो । बर्दिया जिल्ला अदालतले मिति २०७५।१२।०३ मा फैसला गर्दा र मिति २०७६।६।१० मा आदेश दिँदा नयाँ कानूनहरू लागु भइसकेको अवस्था हुँदा साबिक मुलुकी ऐन दण्ड सजायको ४१ को व्यवस्था आकर्षित नहुने ...साथै पूर्ण इजलासले पुनरावलोकन गर्ने आदेशमा उल्लेख गरेको ०७६-WH-००६२ मा भएको निर्णय वर्तमान संहिता लागु हुनुभन्दा पहिले भएकाबाट कायम भएको देखिँदा नयाँ व्यवस्थाको सन्दर्भमा आकर्षित हुने देखिएन ।" भनी व्याख्या भएको देखियो ।

च. माथि उल्लिखित मुद्दाहरूमध्ये ***दिनेश लामा भन्ने सोमोलाल थिङको हकमा प्रतिक्षा सुवेदी विरूद्ध काठमाडौं जिल्ला अदालतसमेत*** भएको ०७७-WH-०३८६ को बन्दीप्रत्यक्षीकरणको मुद्दामा ***एउटै वारदातमा संलग्न रहेको कसुरदारउपर भिन्नभिन्न अभियोग दायर भई भिन्नभिन्न कैद सजाय भएकोमा उपल्लो हद ६(छ) वर्ष कैद कायम भएको विषय रहेको हुँदा अन्यथा भन्नुपर्ने देखिएन ।***

५७. सूर्यबहादुर ***के.सी. विरूद्ध पुनरावेदन अदालत पाटनसमेत*** भएको ०६९-WH-००३१ को बन्दीप्रत्यक्षीकरण मुद्दामा सबैभन्दा ठुलो कैदमा अन्य सानो कैद खापेर कैद हद गर्नुपर्ने कुरा उल्लेख भएको र ***विनोदकुमार यादव विरूद्ध उच्च अदालत जनकपुरसमेत*** भएको (०७८-WF-००२९) को बन्दीप्रत्यक्षीकरण मुद्दामा ***"केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग) बमोजिम साबिक मुलुकी ऐनको अपहरण गर्ने र शरीर बन्धक लिनेको महलको ३ नं.बमोजिम भएको सजायमा ऐ. महलको ९ नं.बमोजिम भएको २ वर्ष कैद सजाय मुलुकी अपराध संहिता, २०७४ को अपहरण तथा शरीर बन्धकसम्बन्धी कसुरमा रहे भएको नदेखिएकोले ७ नं.बमोजिम सङ्गठित अपराधमा थप सजाय २ वर्ष हुने भनिए तापनि ९ नं.बमोजिम थप २ वर्ष कैदको सजाय कार्यान्वयन गर्न नमिल्ने*** भनी भएको व्याख्याबाट साबिक **मुलुकी ऐन दण्ड सजायको ४१ नं.** को व्यवस्था र परिवर्तित सन्दर्भमा लागु भएको **केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग)** को व्यवस्थाको रोहमा सिद्धान्त प्रतिपादित भएको देखिँदा उल्लिखित सिद्धान्तहरू आपसमा विरोधाभाषपूर्ण भन्ने नदेखिई एक अर्काको परिपूरक सिद्धान्तको रूपमा स्थापित भएको देखियो ।

५८. जहाँसम्म ***अमरकुमार खवासको हकमा रेखा लामा विरूद्ध काठमाडौं जिल्ला अदालतसमेत*** भएको बन्दीप्रत्यक्षीकरणको मुद्दा **(ने.का.प. २०७६, अङ्क ९, नि.नं.१०३६०)** मा भएको व्याख्याको प्रश्न हो सोबारेमा हेर्दा, निवेदक प्रतिवादी अमन भन्ने अमरकुमार खवास वैदेशिक रोजगार मुद्दामा मिति २०६६।१२।३ मा पक्राउ परी मिति २०६७।१।२८ मा धरौटीमा छुटेको र वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।२।४ मा ३ वर्ष कैद र रू.३,००,०००।- जरिवाना भएकोमा उक्त मुद्दामा पुनरावेदन परी सर्वोच्च अदालतबाट मिति २०७४।३।५ मा सुरू फैसला नै सदर भएको, निज प्रतिवादी मानव बेचबिखन तथा ओसारपसार र सरकारी छाप दस्तखत किर्ते मुद्दामा मिति २०७२।२।१९ मा पक्राउ परेको र उक्त मुद्दामा काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी भई तत्कालीन पुनरावेदन अदालत पाटनबाट निजलाई

मानव बेचबिखन तथा ओसारपसार मुद्दामा २ वर्ष कैद र सरकारी छाप दस्तखत किर्ते मुद्दामा १ वर्ष कैद र रू.५०।- (पचास रूपैयाँ) जरिवाना गरी जम्मा ३ वर्ष कैद र रू.५०।- जरिवाना हुने गरी फैसला भएको हुँदा निज निवेदक / प्रतिवादी वैदेशिक रोजगार मुद्दामा अनुसन्धानको लागि पक्राउ परी मुद्दा चलेपछि सो मुद्दामा धरौटी राखी थुनाबाट छुटेको अवस्थामा अर्को कसुर गरेको अवस्था भई निजलाई थप कैद हुने भनी व्याख्या भएको देखिन्छ । यसरी कुनै कसुरदारउपर एउटा मुद्दा चली सो मुद्दामा धरौटीमा छुटेको अवस्थामा सोही प्रतिवादीले सोपछि पनि अर्को कसुर गरी कैदको सजाय ठहर भएको अवस्थामा साबिक मुलुकी ऐन, दण्ड सजायको ४१ नं.को प्रतिबन्धात्मक वाक्यांश तथा हाल प्रचलित फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) को कानूनी व्यवस्था आकर्षित हुनु नपर्ने भन्ने देखिएन । त्यसकारण ०७८-WF-००२९ तथा नि.नं. १०३६० मा भएको व्याख्यासमेत सम्बन्धित नदेखिई मुद्दाको तथ्य र अवस्थाको आधारमा कानूनसम्मत रहेको देखिँदा यस इजलासबाट उल्लिखित मुद्दाहरूमा भएको व्याख्यासँग असहमत भई अन्यथा रूलिङ गर्नुपर्ने देखिएन ।

५९. अब, ***आङ्जेन लामा विरूद्ध बर्दिया जिल्ला अदालतसमेत*** भएको ०७८-NF-०००७ को बन्दीप्रत्यक्षीकरण मुद्दामा *"दफा ३६ को उपदफा (१) को अवस्थामा सबै कैदका सजायहरू साथसाथै भुक्तान हुने (Concurrently running) गरी कार्यान्वयन गरिन्छ भने उपदफा (२) अनुसार एकपछि अर्को कैदको सजाय भुक्तान हुने (Consecutively running) गरी फैसला कार्यान्वयन हुन्छ । उपदफा (१) ले कैदको सजाय पाई कैद सजाय भोगिरहेका व्यक्तिलाई एकभन्दा बढी कसुरबापत सजाय गर्नुपर्दा कैद सजाय कार्यान्वयन गर्ने कुरा गर्छ भने उपदफा (२) ले "कैदको सजाय भुक्तान नहुँदै निजलाई अर्को कसुरबापत कैदको सजाय भएमा" त्यसको कार्यान्वयन कसरी गर्ने भन्नेबारे व्यवस्था गर्छ । मस्यौदाको हिसाबबाट हेर्दा उपदफा (२) "उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने उल्लेख भएबाट उपदफा (१) लाई उपदफा (२) ले नियन्त्रण गरेको स्पष्ट देखिन्छ । जब एउटा उपदफालाई अर्को उपदफाले नियन्त्रण गर्छ भने नियन्त्रण गर्ने उपदफा नै कायम रहने र कार्यान्वयन हुने गरी नियन्त्रित उपदफाको व्याख्या गरिनुपर्ने कुरालाई कानून व्याख्यासम्बन्धी सिद्धान्तले निर्देशित गर्छ[22] । यसरी उपदफा (१) को व्यवस्थालाई उपदफा (२) ले नियन्त्रण गरेको देखिन्छ । तसर्थ दुवै उपदफाहरूको व्याख्या गर्दा उक्त ऐनको दफा १३ र दफा १४ को व्यवस्थासमेतलाई मध्यनजर गर्नुपर्ने अवस्था रहेको छ । विशेष गरी दफा १४ को देहाय खण्ड (घ) मा उल्लिखित* ***"एकभन्दा बढी कसुरको लागि सजाय गर्दा वा कुनै कसुरमा सजाय भोगिरहेको कसुरदारलाई अर्को कसुरबापत सजाय गर्दा समग्र सजाय उचित र समानुपातिकभन्दा बढी हुन नहुने"*** *गरी गर्नुपर्ने दायित्व सजाय तोक्ने न्यायाधीशमा रहने कुरा उक्त कानूनी व्यवस्थाहरूको अध्ययनबाट देखिन्छ । दफा १३ र १४ का व्यवस्थाहरूले समग्रताको सिद्धान्त (Principle of totality) एवं उचित र समानुपातिक सजाय (Just and proportionate punishment) को सिद्धान्तलाई आत्मसात गरेको हुँदासमेत दफा ३६ को व्याख्या गर्दा यी व्यवस्थाहरूलाई बिर्सन मिल्ने देखिँदैन । यसरी हेर्दा जघन्य र गम्भीर कसुर*

22 Aswini Kumar Ghosh & Anr. v. Arabinda Bose & Anr., AIR 1952 S.C. 369, "A section sometimes begins with the phrase 'notwithstanding anything contained etc.'. Such a clause is called a non-obstante clause and its general purpose is to give the provision contained in the non- obstante clause an overriding effect in the event of a conflict between it and the rest of the Section." See also Swami Kamu, General Clauses Act 10-11 (2nd edition); GP Singh, Principles of Statutory Interpretation 270 (14th Edition).

पटकपटक गर्ने, अपराधको श्रृङ्खला लामो समयसम्म सञ्चालन गर्ने निवेदक जस्ता व्यक्तिहरूलाई सजाय गर्दा अदालतले एउटा सजाय भुक्तान भएपछि अर्को सजाय भुक्तान गर्ने गरी सजाय तोक्न र कार्यान्वयन हुने व्यवस्था गर्न सक्ने देखिन्छ र सो कुरालाई दण्डको सिद्धान्तले स्वीकार गरेको कारण नै दफा ३६ को उपदफा (२) को व्यवस्था राखिएको रहेछ भनी बुझ्नुपर्ने हुन्छ । उपदफा (२) को यस्तो व्याख्या सोही दफाको उपदफा (५) मा गरिएको पटके र एकीकृत कसुरमा गरिने सजायसम्बन्धी व्यवस्थासँग पनि मिल्न आउँछ । पटकपटक कसुर गर्दा सजाय थप हुँदै जाने व्यवस्था कानूनमा नै स्पष्ट रहेको छ ।" "त्यसैगरी जघन्य र गम्भीर कसुरमा सजाय पाएको व्यक्तिले अर्को कसुर गरेमा पछिल्लो पटक गरेको कसुरमा हुने सजायमा "दोब्बरसम्म सजाय हुन सक्ने" व्यवस्था मुलुकी अपराध संहिता, २०७४ को दफा ४४(१) मा पनि छ । कुरा कतिसम्म हो भने यसरी कैद थप्दै गर्दा जन्मकैदको सजाय पाएको कसुरदारको हकमा भने सो सजाय गरेपछि अरू सजाय थप्न मिल्दैन । यसलाई सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशले रोक्छ । मुलुकी अपराध संहिता, २०७४ मा थप विभिन्न दायित्व भएका व्यक्तिले विभिन्न परिस्थितिमा गरेका कसुरमा थप सजाय हुने प्रशस्त दृष्टान्तहरू छन्[23] । यसरी हेर्दा, एउटा वारदातमा एउटा मात्र कसुर गर्नेलाई सोही कसुरमा सजाय र अवस्थाअनुसार थप सजायसमेत हुने, एकीकृत कसुर भएको अर्थात् एउटै वारदातमा एकभन्दा बढी कसुर गरेको अवस्थामा "सबैभन्दा बढी सजाय हुने कसुरबापतको सजाय र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसुरबापतको सजायको आधा सजाय" हुने व्यवस्था मुलुकी अपराध संहिताको दफा ४३ (२) मा गरिएको छ भने विभिन्न ठाउँमा विभिन्न समयमा फरक-फरक कसुर गर्ने व्यक्तिको हकमा अर्थात् बहु-व्यवहार कसुर गर्ने कसुरदारको हकमा फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) बमोजिम "पहिले भएको कैदको अवधि भुक्तान भएपछि गणना हुने गरी पछि भएको कैदको सजाय कार्यान्वयन" गर्ने कुरा नै सो ऐनका समग्र व्यवस्था तथा दण्डको सिद्धान्तसँगसमेत मेल खान सक्ने देखिन्छ । यस्तो कैदको हिसाब गर्दा अदालतले आफूसमक्ष रहेको मुद्दामा पक्राउ गरेको वा उपस्थित गराइएकोमा थुनछेकको आदेश गरेको मितिबाट ऐनको दफा ४० बमोजिम गणना गर्न सक्ने नै हुन्छ[24] । यसो गरेमा मात्र कसुरको गम्भीरताअनुसार उचित र समानुपातिक सजाय हुन सक्छ । अदालतको कर्तव्य बढी सजाय वा कम सजाय गर्ने नभई उचित एवं उपयुक्त सजाय गर्ने हो । यस्तो सजायमार्फत नै अभियुक्त र पीडितलाई न्याय दिने र सम्पूर्ण समाजलाई न्यायको अनुभूति गराउने हो । तसर्थ बर्दिया जिल्ला अदालतबाट "चितवन र बर्दियाको वारदात समय र स्थान फरक-फरक देखिँदा अदालतमा हाजिर भई थुनुवा पुर्जी पाएको मिति २०७४।०१।२४ देखि थुनामा बसेको कायम हुने हुँदा निवेदकको मागबमोजिम कैदको हद कायम गर्न मिलेन । फैसलाबमोजिम गर्नु भनी गरेको आदेश फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा १३, १४ तथा दफा ३६ को उपदफा (२) व्यवस्थासमेत अनुकूल देखिँदा सो आदेशलाई कानूनको नजरमा त्रुटिपूर्ण भन्न मिल्ने देखिएन" "... साथै पूर्ण इजलासले पुनरावलोकन गर्ने आदेशमा उल्लेख गरेको ०७६-WH-००६२ मा

23 विभिन्न परिस्थितिमा विभिन्न दायित्व भएको व्यक्तिले गर्ने कसुरमा थप सजाय हुने व्यवस्थाबारे उदाहरणको लागि हेर्नुहोस्: मुलुकी अपराध संहिता, २०७४ को दफा ३३(३)(ग), ४४(२), ६५(३), ७५(३), १००(३), १०२(३), १४१(३), १६७(३), १६८(३), १७२(३), १८८(५)(८), १९७(३), २०६(८)(९)(१०), २१४(२), २२१(२), २२२(२), २२३(२), २४६(क), २४९(४), २७६(४), २७९, ३०७(१)

24 फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को सो व्यवस्था भारतीय फौजदारी कार्यविधि संहिताको माथि उल्लिखित दफा ४२८ सँग मिल्दो जुल्दो छ।

भएको निर्णय वर्तमान संहिता लागु हुनुभन्दा पहिले भएकाबाट कायम भएको देखिँदा नयाँ व्यवस्थाको सन्दर्भमा आकर्षित हुने देखिएन" भनी व्याख्या भएको देखियो । "... **साथै सो मुद्दामा कैद सजायको कार्यान्वयनमा केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ख) आकर्षित नहुने भनी बहुमतीय राय रहेको देखिन्छ**" भने अर्कोतिर उक्त मुद्दामा **माननीय न्यायाधीश श्री कुमार रेग्मीले वारदात हुँदाका बखतको कानूनलाई छाडी नयाँ कानूनबमोजिम अदालतले सजाय निर्धारण गर्न मिल्दैन । दण्ड सजायको ४१ नं.बमोजिम कैद हदको कानूनी सुविधा पाउने व्याख्या निराकर थापाको ने.का.प. २०५१, नि.नं. ५०१५ मुद्दामा भइसकेको अवस्थामा प्रतिवादी सोबाट वञ्चित हुनुपर्ने निष्कर्षमा पुग्न मिल्ने देखिएन । जुन कानूनमा कम सजाय हुन्छ सोही आकर्षित हुन्छ भनी असहमतिय राय (dissenting opinion) दिनुभएको देखियो ।**

६०. कैद हदको विषय सजाय कार्यान्वयनसँग मात्र नभई सजाय वर्ष निर्धारणसँग पनि जोडिएको हुँदा भूतप्रभावी (ex-post effect) हुने गरी कानूनको प्रयोग गर्ने अनुमति नेपालको संविधानले समेत दिइएको छैन । पहिलेको कानूनबमोजिम कैद हद कायम गर्नुपर्नेमा आङ्जेन लामाको मुद्दामा एकीकृत कसुर मानी सजाय गरिएको आधारसँग यो इजलास सहमत हुन सकेन । मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ को उपदफा १ ले एउटै वारदातमा एकभन्दा बढी कसुर गरेमा एकीकृत कसुर गरेको मानिने व्यवस्था गरेको छ र उपदफा २ ले एकीकृत कसुर गरेकोमा कसुरदारलाई सजाय गर्दा सबैभन्दा बढी सजाय हुने कसुरबापतको सजाय र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसुरबापतको सजायको आधा सजाय थप गर्ने व्यवस्था गरेको छ । उक्त दफामा "भिन्न भिन्न वारदातमा भिन्नभिन्न कसुर ठहर गरेकोलाई एकीकृत कसुर मान्ने" प्रावधान, २०७५ को मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐनले संशोधन गरिसकेको छ ।[25] फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा ५ ले पटके कसुरदारका सम्बन्धमा वा एकीकृत कसुरका सम्बन्धमा कानूनमा छुट्टै सजाय तोकिएको रहेछ भने सोही सजाय कार्यान्वयन हुने व्यवस्था गरेको छ । सोलाई अन्यथा भन्नुपर्ने देखिएन । साथै जुन कसुरमा थप सजायको व्यवस्था रहन्छ जस्तै सङ्गठित अपराध (निवारण) ऐन, २०७० को दफा ९(क) अन्तर्गत थप कैद गर्नुपर्नेलाई पनि अन्यथा भन्नुपर्ने देखिएन । तसर्थ फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा १ र २ लाई समष्टिमा व्याख्या गर्नुपर्दछ किनभने कुनै पनि ऐनको पछिल्लो दफा तथा उपदफामा भएको व्यवस्था वा प्रतिबन्धात्मक वाक्यांशले अघिल्लो दफामा भनिएको मूल व्यवस्थालाई शून्यमा पुग्ने गरी प्रतिबन्ध लगाउने उद्देश्यबाट विधायिकाले विधिको तर्जुमा गरेको हो भनी अर्थ गर्न मिल्दैन । एकपछि अर्को सजायको हकमा विचार गर्दा, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा २ को अवस्था विद्यमान भएमा पहिले भएको कैद अवधि भुक्तान भएपछि गणना हुने गरी पछि कैदको सजाय हुन सक्ने नै देखिन्छ । तर सोबाहेकको अवस्थामा एकपछि अर्को सजाय हुने आङ्जेन लामाको फैसलाको आधारसँग यो इजलास सहमत हुन सकिएन ।

६१. माथिका विभिन्न प्रकरणहरूमा कैद सजायको कार्यान्वयन गर्दा साबिक मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को प्रतिबन्धात्मक व्यवस्था र हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ को कानूनी

25 मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ (२०७६।०१।०२ को संशोधन)

व्यवस्थाको रोहमा समेत ऐ. ऐनको दफा ३६ को उपदफा (२) को व्यवस्थालाई सोही व्यवस्थाको विधायिकी मनसायअनुरूप व्याख्या गर्नुपर्ने र प्रयोग हुनुपर्दछ । दफा ३६ को उपदफा (१) मा एकभन्दा बढी कसुरबापतको सजाय गर्दाको व्यवस्था रहेको देखियो । सो दफा ३६ को उपदफा (१) को (क) र (ख) र ३६ को उपदफा (२) लाई एक ठाउँमा राखी समग्रतामा व्याख्या गर्नुपर्ने हुन्छ । कुनै कसुरमा कैद सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान नहुँदै निजलाई अर्को कसुरबापतको कैदको सजाय भएको बाहेकको अवस्थामा कुनै कसुरदारले गरेको एकभन्दा बढी अर्थात् बहु-व्यवहार कसुर (Multi Transaction Offence) मा ठहर भएको छुट्टाछुट्टै कैद सजायको हकमा सोही ऐनको दफा ३६ को उपदफा (१) तथा केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ग) आकर्षित हुने देखियो । तसर्थ "*केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) को व्यवस्था आकर्षित नहुने*" भनी उल्लिखित ०७८-NF-०००७ को बन्दीप्रत्यक्षीकरण मुद्दामा प्रतिपादित भएका सिद्धान्त एवं नजिर उपर्युक्त व्याख्या एवं सिद्धान्तसँग सामञ्जस्यता रहेको देखिएन। फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को उद्देश्य कसुरदारलाई उचित सजाय निर्धारण र कार्यान्वयन गर्ने भन्ने रहेको र ऐ. ऐनको दफा ३६ स्पष्ट गरी विभिन्न कसुरबापत भएको कैद सजायको कार्यान्वयनको सम्बन्धमा नै रहेको विशेष दफा देखिन्छ । फेरि कैद हद गर्ने विषयले सजाय कार्यान्वयनको सिलसिलामा कैद वर्षको निर्धारणसमेत गर्दछ । तसर्थ, केही नेपाल कानूनलाई संशोधन एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ख) आकर्षित नहुने भन्ने फैसलाको आधारसँग यो इजलास सहमत हुन सकेन। सो हदसम्म आजैका मितिबाट ०७८-NF-०००७ को बन्दीप्रत्यक्षीकरण मुद्दामा प्रतिपादित नजिर एवं सिद्धान्त कायम नरहने गरी अमान्य र निष्प्रभावी (overrule) गरिदिएको छ।

६२. साथै माथि विवेचना गरिएअनुरूप फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) मा "**कैद सजाय भोगिरहेको व्यक्तिलाई एकभन्दा बढी कसुरबापत कैद सजाय गर्दा**" भन्नाले **कुनै व्यक्ति कसुरदार ठहर भई कैद सजाय भोगिरहेको अवस्थामा अर्को कसुरमा समेत सजाय भई सजाय कार्यान्वयनको रोहमा विचार गर्नुपर्ने अवस्था बुझ्नुपर्दछ । यस्तो अवस्थामा कैद सजाय पाएको व्यक्तिले मुलुकी ऐनको दण्ड सजाय महलको ४१ तथा हाल कायम रहेको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ (१) ले नै आकर्षित हुने देखिन्छ ।** साथै ऐ. ऐनको दफा ३६ को उपदफा (२) मा "**पहिले कुनै कसुरमा पाएको कैद सजाय भोगिरहेको व्यक्तिले कैद भुक्तान नहुँदै निजलाई अर्को कसुरबापत कैदको सजाय भएमा**" भन्नाले

(क) पहिले एउटा कसुरमा कैदको सजाय ठहर भई सजाय कार्यान्वयनमा जानुअघि अर्को कसुर गरी अर्को कसुरबापतको कैद सजायसमेत भएमा वा

(ख) धरौटीमा छुटेको अवस्थामा वा कैद सजाय ठहर भई फरार रहेको अवस्थामा अर्को कसुर गरेमा वा

(ग) थुना वा कैदमा रहेको अवस्थामा अर्को कसुर गरेमा वा

(घ) कसुरमा सजाय ठहर भई थुनामा रहेको अवस्थामा थुनाबाट भागेर अर्को कसुर गरेमा

वा

(ङ) कैद निलम्बन रहेको अवस्थामा वा सामुदायिक सेवाको सजाय पाएकोमा वा सुधार गृह वा पुनर्स्थापना केन्द्रमा सजाय भोगी रहेको अवस्थामा वा प्यारोल प्रावेशनमा छोडिएको अवस्थामा अर्को कसुर गरेमा

(च) कैदको सजाय भुक्तान भइसकेको मितिभन्दा पछाडि पुनः अर्को कसुर गरी सो पछिल्लो कसुरमा समेत कैदको सजाय भएमा

उपर्युक्त माथि उल्लिखित अवस्थाहरूमा मात्र पहिलो कैदको अवधि भुक्तान भएपछि अर्को सजाय गणना हुने गरी (Consecutive) सजाय कार्यान्वयन हुने देखियो।

६३. कैद खाप्ने विषयमा साबिक मुलुकी ऐन दण्ड सजायको १० नं.बमोजिम ***खत पटक खापी सजाय गर्नुपर्दा ठुलो सजाय गर्नुपर्ने खत खाप्न नहुने*** भन्ने व्यवस्थाले एकै व्यक्तिलाई लामो सजाय नहोस् भन्ने नै उद्देश्य राखेको पाइन्छ । उक्त १० नं. को व्यवस्थाकै सापेक्षतामा हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को विभिन्न कसुरबापत भएको कैद सजायको कार्यान्वयनको दफा ३६ को उपदफा (१) ले कैदको सजाय पाई कैद सजाय भोगिरहेको व्यक्तिलाई एकभन्दा बढी कसुरबापत कैद सजाय गर्नुपर्दा ऐ.ऐ. को दफा ३६ को उपदफा (१) को देहाय (क) ले ***"पहिले भएको फैसलाबमोजिमको कैदको सजायको अवधि पछिल्लो फैसलाबमोजिमको कैदको सजायको अवधिभन्दा बढी वा बराबर भएमा पहिले भएको फैसलाको कैदको सजाय कार्यान्वयन गर्नुपर्ने"*** भनी व्यवस्था गरेको छ । ऐ. दफाको देहाय (ख) मा ***"पछि भएको कैदको सजायको अवधि पहिलेको कैदको सजायको अवधिभन्दा बढी भएमा पछिल्लो कैदको सजायको अवधि जति बढी हुन्छ सोही अवधिसम्म कैद थप गर्नुपर्ने छ"*** भन्ने व्यवस्था गरेको छ । त्यसैगरी उपदफा (३) मा ***"एउटै मुद्दामा एउटै व्यक्तिलाई प्रचलित कानूनबमोजिम विभिन्न कसुरबापत विभिन्न कैदको सजाय भएकोमा त्यस्तो सजायमध्ये सबैभन्दा बढी कसुरको कैदको सजाय मात्र कार्यान्वयन गर्नुपर्ने छ"*** भन्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दा कैद हद कायम गर्नेसँग सम्बन्धित हो । जसमा तत्काल प्रचलित मुलुकी ऐनको दफा ४१ र हाल कायम रहेको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ (१) नै आकर्षित हुने देखिन्छ । उपर्युक्त व्यवस्थासमेतको आधारमा कैद खापी सजाय गर्ने विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने र स्पष्ट तोकिएको अवस्थामा बाहेक कैद खाप्न नहुने कुरालाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को समग्र कानूनी व्यवस्थामा आत्मसात् गरिएको पाइन्छ। ऐ. ऐनको दफा ३६ को उपदफा (१) मा **कसुर कायम भई कैद सजाय भोगिरहेको हकमा दफा ३६ (२) को केही विशेष अवस्थामा बाहेक अर्को कसुर कायम भई सोबापत सजाय गर्दा साथ साथै/एकैपटक (Concurently) भुक्तान हुने भन्ने र कुनै कसुरमा कैदको सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान नहुँदै अर्को सजाय भएमा एकपछि अर्को सजाय हुने व्यवस्था रहेबाट ऐ. ऐनको दफा ३६ को उपदफा (२) लाई पहिलो कसुरमा सजाय भोग्नुअघि अर्को कसुरबापत सजाय भएको अवस्था भनी बुझ्नुपर्ने हुन्छ । अन्यथा विधायिकाले ऐ.ऐनको दफा ३६(१) र (२) को व्यवस्था नै गर्ने थिएन । तसर्थ ऐ. ऐनको दफा ३६ को समग्रतालाई विचार नगरी केवल सो दफा ३६ को उपदफा (२) लाई मात्र टिपेर अलग राखी त्यसैको मात्र अर्थ लगाउँदा दफा ३६ को समग्र कानूनी व्यवस्था तथा सजायको**

उद्देश्यको अन्तरनिहित उद्देश्य पराजित हुन जान्छ।

६४. आङ्जेन लामाको मुद्दामा उठाइएको मागदाबीसँग सम्बन्धित तथ्यगत अवस्थालाई हेर्दा निवेदक आङ्जेन लामा मिति २०६८।०७।०२ देखि निरन्तर थुनामा रहेको अवस्थामा मिति २०७४।१०।०४ मा बर्दिया जिल्ला अदालतमा उपस्थित भएको भनी सो मितिबाट ७ वर्ष कैद ठेकिएको देखियो। फरक मितिमा, फरक वारदात र फरक-फरक अदालतबाट निर्णय भएकोमा यी निवेदक / प्रतिवादी निरन्तर थुनामा रही सजाय भोगिरहेको अवस्थामा सो मितिबाट नै निजउपर चलेको सबै मुद्दामध्ये जुनमा ठुलो कैद सजाय भएको छ त्यसमा घटी सजाय गाभिएर भुक्तान हुने गरी कैद हुनुपर्नेमा सो नहुने भनी भएको आदेश बदर गरी तत्कालीन मुलुकी ऐन, दण्ड सजायको ४१ नं. र हाल बहाल रहेको फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ बमोजिम कैद हद गरी बन्दीप्रत्यक्षीकरणको आदेश माग गरेको देखिन्छ । त्यसैगरी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनको तथ्यगत बेहोरा हेर्दा, निवेदक मिति २०६७।०८।२४ देखि पक्राउ भई २०६८।०२।२२ को कैदी पुर्जीबाट सजाय भोगी रहेको अवस्थामा आफूलाई विभिन्न मितिमा फरक-फरक स्थानमा भएको कसुरको हकमा विभिन्न अदालतबाट भएको फैसलाले सजाय निर्धारण गरिसकेको र फैसलाबमोजिम गर्नुपर्ने सजायको कैद हद गर्न इन्कार गरिएको निर्णय कानूनसम्मत नभएकोले २०७८।०९।०६ को संशोधित कैदी पुर्जी बदर गरी कैद मुक्त गर्ने आदेश माग भएको देखिन्छ। यसबाट प्रस्तुत निवेदनको तथ्य र कानूनी आधार तथा आङ्जेन लामाको मुद्दाको तथ्य र कानूनी आधारमा समानता रहेको भन्ने देखिन आएको छ।

६५. वस्तुतः एकै प्रकृतिको तथ्य र कानूनी प्रश्न समावेश भएको मुद्दाहरूको निर्णयमा एकरूपता कायम हुनु न्याय प्रणालीको मूलभूत विशेषता हो। यसले समान परिस्थितिमा रहेका व्यक्तिहरूलाई समान न्याय प्राप्त हुने सुनिश्चितता प्रदान गर्दछ, जसले सामाजिक समानता र न्यायको सिद्धान्तलाई थप सुदृढ बनाउँछ। निर्णयमा एकरूपता कायम हुनु न्याय प्रणालीप्रतिको विश्वसनीयताको महत्त्वपूर्ण आधार हो । जब सर्वोच्च अदालतले कुनै कानूनी सिद्धान्त प्रतिपादन गर्छ, त्यो सम्पूर्ण कानूनी प्रणालीमा लागु हुने सिद्धान्त मानिन्छ। यसले अन्य अदालतहरूलाई मार्गनिर्देशन गर्छ र समान कानूनी दृष्टिकोणको विकासमा मद्दत गर्छ।

६६. पूर्व निर्णय भएको मुद्दामा प्रतिपादित नजिरहरूलाई मान्यता दिनुपर्ने सिद्धान्त हाम्रो संविधानले स्पष्टरूपमा स्वीकार गरेको छ। अदालतले गरेका पूर्व निर्णयहरूबाट निश्चितरूपमा स्थापित भइसकेका कानूनी सिद्धान्त आफैँ पनि कानूनसरह हुन्छ। कुनै विशेष मुद्दामा भएको निर्णयलाई भविष्यका समान प्रकारका मुद्दाहरूमा मार्गनिर्देशनका रूपमा प्रयोग गर्न सकिने कानूनी सिद्धान्त नै नजिर हुन् । सर्वोच्च न्यायालयले कुनै विशेष कानूनी प्रश्नमा निर्णय गर्दछ भने त्यो निर्णयले भविष्यका मुद्दामा समान कानूनी प्रश्नको व्याख्यामा एकरूपता ल्याउँछ । नजिरको सिद्धान्तले न्यायिक स्थिरता सुनिश्चित गर्दछ। समान कानूनी प्रश्नमा एकै तरिकाले निर्णय गर्दा, न्याय प्रणालीमा विश्वसनीयता र स्थिरता कायम हुन्छ । यसले कानूनको सुसङ्गतता र स्पष्टता पनि सुनिश्चित गर्दछ । एकै प्रकारका मुद्दामा भिन्न निर्णयले कानूनी प्रणालीमा जटिलता र भ्रम सिर्जना गर्न सक्छ। त्यसैले एकै किसिमको कानूनी प्रश्न समावेश भएको अलग-अलग मुद्दाहरूमा कानूनको अलग-अलग व्याख्या भएर वा अलग-अलग सिद्धान्तहरू प्रतिपादन भएर न्यायिक अराजकताको स्थिति उत्पन्न नहोस् भन्ने उद्देश्यले एकरूपता कायम गर्न नजिरको सिद्धान्त अपनाइएको हुन्छ।

६७. यद्यपि यदि कुनै नजिरको सिद्धान्त वा निर्णय आधार विवेकपूर्ण तर्कमा आधारित छैन, सर्वसाधारणमा कठिनाई वा असुविधा उत्पन्न हुने खालको छ र तथ्यमा नै फरक छ भने अदालतले त्यस्तो नजिर सिद्धान्त वा निर्णयाधारलाई ग्रहण गर्न मनासिब हुँदैन । अदालतले देहायको आधारहरू विद्यमान रहेको स्थितिमा पूर्व-निर्णय भएको मुद्दामा प्रतिपादित सिद्धान्तहरूलाई अनदेखा गर्न सक्दछः

(क) यदि कुनै पूर्व-निर्णय वा प्रतिपादित नजिर सिद्धान्त कानूनको स्पष्ट व्याख्यामा चुकेको अवस्था भएमा,

(ख) यदि कुनै पूर्व-प्रतिपादित नजिर सिद्धान्तले सर्वसाधारणमा असुविधा वा अन्याय उत्पन्न गर्ने खालको अवस्था सिर्जना गरेको स्थिति देखिएमा,

(ग) यदि नयाँ मुद्दामा तथ्य र परिस्थिति भिन्न भएमा,

(घ) यदि कुनै नजिर सिद्धान्त पुरानो वा अप्रासङ्गिक भएको स्थितिमा अदालतले यसलाई परिवर्तित परिवेशको आधारमा नयाँ दृष्टिकोणका साथ विचार गर्नुपर्ने भएमा ।

६८. अब अन्तिम प्रश्न, निवेदन ***मागबमोजिम बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने हो, होइन*** भन्ने सन्दर्भमा हेर्दा बन्दीप्रत्यक्षीकरणको आदेश कुनै व्यक्तिलाई गैरकानूनी रूपमा थुना वा कैदमा राखिएको अवस्थामा त्यस्तो गैरकानूनी थुना वा कैदबाट मुक्त गर्ने हेतुले थुना वा कैदमा राख्ने निकाय वा अधिकारीका विरूद्ध जारी हुने आदेश हो । रिट निवेदक प्रतिवादी पासाङ तामाङ उर्फ सन्दिप पाठक भन्ने मिलन लामाउपरका उल्लिखित मुद्दाहरू चलिरहेको र कतिपय मुद्दा मुलतबी रहेको तथा फैसलासमेत भइसकेको अवस्थामा यी प्रतिवादी मिति २०६७।८।२४ मा कञ्चनपुरको गड्डाचौकीबाट पक्राउ परी हालसम्म निरन्तर थुनामा रहेको अवस्था देखिन्छ । यी निवेदक प्रतिवादीलाई काठमाडौं जिल्ला अदालतमा चलेको ०७४-CR-१८७७ को लागु औषध मुद्दामा उच्च अदालत पाटनबाट १० वर्ष कैद र रू.७५,०००।- जरिवाना हुने ठहरी मिति २०७८।४।१५ मा अन्तिम फैसला भएकोमा निज निवेदक / प्रतिवादी हालसम्म निरन्तर थुनामा रहेको देखिँदा निजलाई लागेको कैद सोही मितिबाट कट्टा हुने गरी मिति २०८५।६।१६ सम्म थुनामा राखी निजलाई लागेको जरिवाना रू.७५,०००।- दाखिल गरे प्रस्तुत लागु औषध मुद्दाको हकमा मात्र निजलाई मिति २०८५।६।१७ बाट थुनामुक्त गरिदिनू । जरिवाना दाखिल नगरे जरिवानाबापतसमेत मिति २०८६।२।२६ सम्म थुनामा राख्नु भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।९।६ मा संशोधित कैद म्याद ठेकी निज थुनामा रहेको कारागार कार्यालय जगन्नाथदेवललाई पत्र पठाएको देखिन्छ । उक्त संशोधित कैद म्याद ठेकी पठाएउपर चित्त नबुझाई बेरितको भएकोले सो बदर गर्न यी निवेदकले कानूनबमोजिम काठमाडौं जिल्ला अदालतको इजलाससमक्ष दिएको निवेदनमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।१०।२१ मा आदेश हुँदा निवेदन मागबमोजिम गर्न मिलेन भनी उक्त संशोधित कैदीपुर्जी सदर गरेको देखिन्छ ।

६९. माथि उल्लिखित विभिन्न मुद्दाहरूमध्ये काठमाडौं जिल्ला अदालतमा चलेको ०७४-CR-१८७७ को लागु औषध मुद्दामा मिति २०७६।०६।०७ मा काठमाडौं जिल्ला अदालतबाट भएको फैसला र सो फैसला केही उल्टी गरी उच्च अदालत पाटनबाट मिति २०७८।४।१५ मा भएको अन्तिम फैसला तथा कञ्चनपुर जिल्ला अदालतमा चलेको लागु औषध मुद्दामा मिति २०६८।२।४ मा भएको फैसलालाई सदर गर्ने पुनरावेदन अदालत महेन्द्रनगरको मिति

२०६९।१२।४ को फैसलाले यी निवेदकलाई सबैभन्दा ठुलो कैद १० वर्षको कैद सजाय ठहर भएको देखिएकोले सो १० वर्षको कैद नै बढी कैद हदको देखिएकोले माथि उल्लिखित कानूनी व्याख्याअनुसार बढी हुने कैद हद गरी कैद ठेक्नुपर्ने हुँदा र निज निवेदक प्रतिवादी पासाङ तामाङ उर्फ सन्दीप पाठक भन्ने मिलन लामा मिति २०६७।०८।२४ देखि हालसम्म कैद र जरिवानाबापत निरन्तर रूपमा कैदमा नै बसेको देखिँदा सोभन्दा पहिलेको मुद्दामा कसुर कायम गर्दा सजाय ठहर भई कैद भुक्तान गरिरहेको अवस्थामा निजउपरको अन्तिम मुद्दामा मिति २०७६।०६।०७ मा ११ (एघार) वर्ष कैद ठहर भए तापनि मिति २०७८।०४।१५ मा सो फैसला उल्टी भई १० (दश) वर्ष कैद सजाय ठहर भई काठमाडौं जिल्ला अदालतको तहसिल शाखाबाट कैद हद नगरी जारी गरिएको मिति २०७८।०९।०६ को संशोधित कैदी पुर्जी कानूनसम्मत नदेखिएको हुँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदक कैदमा बसेको मिति २०६७।०८।२४ बाट गणना गरी निजलाई लागेको सबैभन्दा ठुलो कैदबापत निवेदकले १० वर्ष कैदमा बस्नुपर्ने अवधि मिति २०७७।८।२३ मा नै भुक्तान भइसकेको अवस्था हुँदा मिति २०७७।०८।२४ देखि हालसम्म कैदमा बसेको अवधिलाई निजले उल्लिखित मुद्दामा ठहर भएको जरिवानाबापत बुझाउनुपर्ने जम्मा रकम रू.२,०४,०००।- (दुई लाख चार हजार) बाट निज बढी कैद बसेको अवधिको प्रतिदिन रू. ३००।- (तीन सय रूपैयाँ) का दरले कानूनबमोजिम कट्टा गर्नु र बाँकी जरिवाना रहने भए सोसमेत दाखिल गरेमा माथि उल्लिखित मुद्दाहरूमा ठहर भएको कैदबाहेक अन्य कारण र मुद्दाबाट निजलाई थुना वा कैदमा राख्नु नपर्ने भए निवेदकलाई आजै थुनाबाट छाडिदिनु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । संक्षिप्त आदेश मिति २०८०।०७।२३ मा नै दिएकोले अन्यथा थप केही गर्नुपर्ने देखिएन । प्रस्तुत आदेशको प्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गर्नु र मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा हामी सहमत छौं ।
न्या.प्रकाशकुमार ढुङ्गाना
न्या.हरिप्रसाद फुयाल
न्या.डा.मनोजकुमार शर्मा
न्या.विनोद शर्मा

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी / सबिनकुमार थिङ तामाङ / मतिना शाक्य
इति संवत् २०८० साल कात्तिक २३ गते रोज ५ शुभम् ।

निर्णय नं. ११३६४

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री नहकुल सुवेदी
फैसला मिति : २०७९।१०।१९
०७८-NF-००१७

मुद्दा:- बकसपत्र लिखत बदर गरी अंश नामसारी

पुनरावेदक / वादी : जिल्ला रूपन्देही, बुटवल नगरपालिका वडा नं.१० हाल परिवर्तित बुटवल उपमहानगरपालिका वडा नं.१० बस्ने भैरवबहादुर श्रेष्ठ (मल्ल) को छोरा प्रभातकुमार मल्लको श्रीमती नन्दा मल्लको वारेस भई आफ्नो हकमा समेत ऐ.ऐ. बस्ने प्रभातकुमार मल्लको छोरा पवनकुमार मल्ल

विरूद्ध

विपक्षी / प्रतिवादी : जिल्ला रूपन्देही, बुटवल नगरपालिका वडा नं.१० हाल परिवर्तित बुटवल उपमहानगरपालिका वडा नं.१० बस्ने भैरवबहादुर श्रेष्ठ मल्लको मु.स. गरी आफ्नो हकमा समेत ऐ.ऐ. को श्रीमती निर्मला श्रेष्ठ

- **२०४६ सालको बन्डापत्रबाट प्राप्त सम्पत्ति शेषपछिको बकसपत्र तथा दाखेल खारेजलगायतका प्रक्रियाबाट आफ्नो नाउँमा ल्याई उपभोग गर्ने तर बन्डापत्रलाई स्वीकार नगर्ने भन्न नमिल्ने । बन्डापत्रको परिणामलाई स्वीकार गरेपछि बन्डापत्रको बेहोरालाई पनि स्वीकार गरेको मान्नुपर्ने ।**

(प्रकरण नं.५)

- **अंश मुद्दामा मूलतः सबै अंशियारहरूले बन्डापत्रमा सगोलको पैतृक सम्पत्ति नरमगरम मिलाई समानुपातिक रूपमा पाए नपाएको तर्फ न्यायोचित दृष्टिकोणले हेर्नुपर्ने । वादीले पाएको सम्पत्ति र अन्य अंशियारहरूले पाएको सम्पत्तिको प्रकृति र परिणामसमेत सालाखाला नरमगरम मिलेको देखिएको स्थितिमा बन्डापत्रमा उल्लेख गरिएको बेहोरा नै खम्बिर हुने ।**

(प्रकरण नं.६)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री हर्कबहादुर भट्टराई र श्री बाबुराम गिरी तथा विद्वान् अधिवक्ता श्री आशिकराम कार्की

विपक्षी / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री गोकर्ण सिंह थापा

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः-

मा. जिल्ला न्यायाधीश श्री कमलराज विष्ट
रूपन्देही जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री विष्णुदेव पौडेल
माननीय न्यायाधीश श्री नीलम पौडेल
पुनरावेदन अदालत बुटवल

यस अदालतमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी

फैसला

न्या.नहकुल सुवेदी : यस अदालतको मिति २०७६।०९।१५ गतेको फैसलाउपर वादीको तर्फबाट मुद्दा पुनरावलोकन गरी हेरिपाउँ भनी परेको निवेदनमा यस अदालतबाट न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२) को (क) र (ख) बमोजिम पुनरावलोकनको अनुमति प्राप्त भई यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः–

<u>तथ्य खण्ड</u>

भैरवबहादुरका दुई श्रीमतीमध्ये जेठी स्व. कमला श्रेष्ठ (मल्ल) र कान्छी विपक्षी निर्मला श्रेष्ठ (मल्ल) हुनुहुन्छ । भैरवबहादुर र कमला मल्लको सहवासबाट जन्मेको छोरा म प्रभातकुमार मल्ल हुँ । विपक्षी कान्छी आमा निर्मला श्रेष्ठबाट कुनै जायजन्म भएको छैन । आमा कमला श्रेष्ठको परलोक भइसकेकोले हाल म फिरादीसमेत ३ जना अंशियार छौं । विपक्षीहरूले म फिरादीलाई खान लाउनमा पक्षपात गर्ने, सम्पत्ति हिनामिना गर्नुभएकाले मिति २०६७।७।२७ मा विपक्षी प्रतिवादीलाई मेरा छोराछोरीलाई इज्जत आमदअनुसार खान लाउन दिनुहोस् नदिए अंश दिनुहोस् भन्दा खान लगाउनसमेत दिँदैनौं जहाँ जे गर्ने हो गर भन्ने जवाफ दिएकोले के कसो गरी अंश

दिन नपर्ने व्यवहार मिलाएका रहेछन् भनी मालपोत कार्यालय चाबहिल, काठमाडौंमा मिति २०६७।७।२८ र मालपोत कार्यालय, रूपन्देहीमा मिति २०६७।७।३० मा गई नक्कल प्राप्त गरी हेर्दा मसमेतको अंश हक निहित रहेको प्रतिवादी भैरवबहादुरका नाममा दर्ता रहेको जिल्ला रूपन्देही, बुटवल नगरपालिका वडा नं.८(क) कि.नं.९४७ बिगाहा ०-०-८ जग्गा तथा त्यसमा घरसमेत रहेकोमा घरसमेत नदेखाई श्रीमती निर्मला श्रेष्ठ मल्लको माइतीले दिएको पेवा मासिदिएबापत दिएको भन्ने बेहोरा पारी मिति २०५०।८।२९ मा र जिल्ला काठमाडौं, धापासी गाउँ विकास समिति वडा नं.७(क) कि.नं. ४८२ रोपनी ०-३-०-० जग्गामा घर रहेकोमा सो घर नदेखाई मिति २०६७।२।२६ मा निर्मलालाई हालैको बकसपत्र गरिदिएकाले मसमेतको अंश हक निहित रहेको उपर्युक्त जग्गा मेरो मन्जुरीबेगर प्रतिवादीले लिनु दिनु गरेको बकसपत्र बदर गरी साक्षी प्रमाण बुझी मुलुकी ऐन, अंशबन्डाको महलको २०, २१, २२, २३ नं.बमोजिम सम्पत्तिको तायदाती फाँटवारी दाखिल गराई विपक्षीहरूले लिनु दिनु गरेको दुवै बकसपत्र लिखत बदर गरी अंशबन्डाको महलको १९(५) अनुसार मिसाई ३ भागको १ भाग अंश दिलाई मैले दाखिल गरेको कोर्ट फी दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको फिरादपत्र।

प्रतिवादीमध्ये म भैरवबहादुर मल्लले २ जना श्रीमती विवाह गरेकोमा जेठी कमलातर्फ वादी प्रभातकुमार र अरूण गरी दुई छोरा जन्मेका हुन्। कमलाले मसँग दोस्रो विवाह गरेकी र कमलाको पहिलो श्रीमान्बाट दुई छोरा नविन र दिलिप भई निजहरू मसँगै आएकोमा निजहरूसमेतलाई मैले पालताल गरी शिक्षादीक्षासमेत प्रदान गरेको अवस्थामा कमलाले मिति २०४६।८।२३ मा अंश लिई निज कमला श्रेष्ठ मल्लले मिति २०४८।८।१ मा आफ्नो अंश हकका बुटवल नगरपालिका वडा नं.८ (क) कि.नं.२२७९, २२७७ र २२७८ गरी ३ कित्ता जग्गाहरू आफ्ना छोराहरू नविन, दिलिप एवं मतर्फको छोराहरू अरूणकुमार र विपक्षी प्रभातकुमारसमेत गरी चार छोराहरूलाई शेषपछिको बकसपत्र गरिदिएकोमा कमलाको मिति २०४८।१२।६ मा मृत्युपछि उक्त जग्गाहरू निजका ४ जना छोराहरूले संयुक्त नाममा नामसारी दाखिल खारेज गराएका हुन्। कान्छी श्रीमती निर्मलालाई २०४६ सालमा विवाह गरी निजले मेरो स्याहार सम्भार गरी आएको हुँदा हामी २ जना मात्र एकासगोलमा रही आएका छौँ। यसरी हामी अंशियारबिच मिति २०४६।८।२३ मा बन्डापत्र भएको छ। विपक्षीको फिराद दाबी झुठ्ठा हो। विपक्षीकी आमा कमलाले अंश पाएको बुटवल नगरपालिका वडा नं.१० नक्सा नं.८(क) कि.नं.२२७९, २२७७ र २२७८ को जग्गा बिगाहा ०-१-४ र सोमा बनेको घर वादी प्रभातकुमार मल्लसमेतले आमाबाट शेषपछिको बकसपत्र लिँदा उक्त बकसपत्रको लिखतमा सबै अंशियारा छुट्टी भिन्न भएको भन्ने बेहोरा उल्लेख छ। विपक्षीका आमा कमलालाई मैले बुटवलको मुटु मानिने हस्पिटल लाइनबाट सुख्खानगर जाने भित्री बाटोमा कित्ता नं.२२७९, २२७७ र २२७८ जग्गा अंशबापत बकसपत्र दिएको थिएँ। साथै वादीको आमाले अंश पाएको कि.नं.१९०६ को घर जग्गासमेत निजले छोराहरूलाई बकस गरिदिएको सो घर जग्गा कमलाको मृत्युपछि यी वादीसमेतले नामसारी गराई युवराज पाठकलाई मिति २०५८।४।२२ मा राजीनामा पास गरिदिएका छन्। बुटवल नगरपालिका वडा नं.१०(क) कि.नं.९४७ को जग्गा वादीले अंश बुझी लिएपछि गोविन्द न्यौपानेसँग मैले लिएको र सो जग्गामा घरको तला थप गर्दा निर्मला श्रेष्ठका माइती मावलीले दिएको दाइजो पेवासमेतको रूपैयाँ मासी दिएबापत उक्त जग्गा हालैको बकसपत्र पारित गरिदिएको हुँ। काठमाडौं धापासी वडा नं.७(क) कि.नं.४८२ बिगाहा ०-३-०-० जग्गा र सोमा बनेको घरसमेतमा विपक्षी वादीको हक दाबी लाग्ने होइन। वादीले नगद रूपैयाँ र गाडीहरूसमेत अंश बुझी लिई आमाले अंश पाएको घर जग्गा बकसपत्र

पारित गरी बिक्रीसमेत गरेका हुँदा अंश पाउँ भन्ने वादीले दाबी गर्न पाउने होइन भन्नेसमेत बेहोराको प्रत्तिउत्तरपत्र।

वादी र प्रतिवादी एकासगोलका अंशियारा हुँदा शेषपछिको बकसपत्र बदर गरी वादीले अंश पाउनुपर्छ भन्ने वादीका साक्षी शंकरध्वज मल्लले रूपन्देही जिल्ला अदालतमा गरेको बकपत्र।

वादी प्रतिवादी भैरवबहादुर श्रेष्ठ मल्लबाट २०४३ सालमा छुट्टी भिन्न भएर २ वटा गाडी र नगद रू.७५,०००।- लिएको हो। भैरवनाथको एक्लै स्याहार सम्भार, औषधी खर्चसमेत निर्मला मल्लले गरेको हुँदा शेषपछिको बकसपत्र बदर हुने होइन भन्ने प्रतिवादीका साक्षी विद्याधर खनालले गरेको बकपत्र।

प्रभातकुमार मल्लको मिति २०६८।८।१३ मा मृत्यु भएकाले निजको पत्नी तथा छोरा नन्दा र पवन मल्लले सकार गरिपाउँ भनी निवेदन गरी मुद्दा सकार भएको।

वादी प्रभातकुमारले मिति २०४६।८।२३ को पारित बन्डापत्रअनुसार आफ्नो अंश भागको जग्गाबापत नगदै रकम बुझी लिई छुट्टी भिन्न भएको भनी प्रतिवाद गरे पनि उक्त बन्डापत्रको लिखत मूलत: भैरवबहादुर, कमला श्रेष्ठ मल्ल र अरूणकुमार मल्लले अंश बाँडफाँट गर्ने गरी भएको र उक्त लिखतको पेटबोलीमा भैरवबहादुर, कमला श्रेष्ठतर्फका २ छोराहरूमा प्रभातकुमार श्रेष्ठले आफूले पाउने बन्डाबापत नगद रकम लिई छुट्टी भिन्न भएको भन्ने बेहोरा उल्लेख गरे पनि उक्त लिखत हुँदा प्रभातकुमार सम्मिलित भएको नदेखिएको र निजको अनुपस्थिति अंशियारहरूले त्यस्तो बेहोरा लेखाउँदैमा वादीले अंश पाएको मान्ने अवस्था हुँदैन । वादीले आफ्नो बाबु भैरवबहादुरबाट अंश पाएको देखिने कानूनबमोजिमको प्रत्यक्ष लिखत रहेको नपाइएको, भैरवबहादुरबाट प्रत्यक्ष रूपमा वादीको नाममा कुनै सम्पत्ति पनि कुनै पनि माध्यमबाट आएको भन्ने कुराको लिखतसमेत रहेको नपाइएको, वादीले आफ्नो आमाले अंश पाएको सम्पत्ति शेषपछिको बकस पाएकोमा आमा कमलाको निधन भएपछि सो बकसपत्रको जग्गा निजसमेतले नामसारी गराई लिएको कुराले वादीले आफ्नो अंश हक प्राप्त गरेको भन्न नमिल्ने देखिएको, वादीले अंश पाएको बुझेको भनी प्रतिवादीबाट कुनै लिखत हुन नसकेको अवस्थामा वादीको अनुपस्थितिमा अन्य अंशियारले वादी प्रभातसमेतले अंश पाइसकेको भनी लिखत गरिदिँदैमा वादीले अंश पाइसकेको भन्न नमिल्ने अवस्थाबाट वादीले कानूनबमोजिमको अंश पाइसकेको भन्न मिल्ने नदेखिँदा निजले अंश पाउने अवस्था देखियो तसर्थ वादी प्रतिवादीबाट पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट वादीले ४ भागको १ भाग अंश पाउने ठहर्छ भन्ने सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७१।३।१७ मा भएको फैसला।

वादीको आमा कमलाले मिति २०४६।८।२३ मा पारित बन्डापत्रबाट अंश बुझी लिँदा वादीको उपस्थिति नभएको भए तापनि कमलाले अंश प्राप्त गर्दा अंशियार गणना गरी एकमुष्ट अंश गरेको र तिनै आमाले प्राप्त गरेको सम्पत्ति शेषपछिको बकसपत्र प्राप्त गरी सो सम्पत्तिसमेत बिक्री गरिसकेको र उक्त बन्डापत्रलाई बदरतर्फ कुनै कारबाही नगरी बाबु र सौतिनी आमाको सम्पत्ति प्राप्त गर्ने दूषित मनसाय लिई दायर गरिएको प्रस्तुत फिरादको कुनै मूल्याङ्कन नगरी भएको फैसलाले हामीलाई अन्याय पर्न गएको छ। यी वादीले अंशबापत नगद बुझी नलिएको भए बन्डापत्रमा नगद अंश लिएको भन्ने बेहोरा उल्लेख हुने थिएन। विपक्षीले अंशबापत नगद नबुझेको भए उक्त बन्डापत्रलाई बदर गर्नेतर्फ कारबाही चलाउनुपर्ने थियो। विपक्षीले एकातिर आमाले प्राप्त गरेको सम्पत्ति खाने अर्कोतर्फ बन्डापत्रमा मेरो उपस्थिति थिएन भनी झुठ्ठा बेहोरा उल्लेख गर्दैमा वादीलाई हामीले अंश दिनुपर्ने होइन। विपक्षीको घर अलग्गै भएको, विद्युत् खानेपानी विपक्षीकै नाममा

जडान भएकोबाट समेत विपक्षी / प्रतिवादी २०४६ सालदेखि नै हामीबाट अलग भएको पुष्टि हुँदा वादीले हामीबाट अंश पाउने ठहऱ्याई भएको सुरू फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर गरी इन्साफ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीको पुनरावेदनपत्र।

नविनकुमार मल्लसमेत वादी प्रतिवादीहरूका अंशियार नाता पर्ने हुँदा वादी प्रतिवादीहरू ४ अंशियार देखिएबाट वादीले ४ भागको १ भाग अंश पाउने देखियो। वादीले भैरवबहादुरबाट निर्मलादेवीले प्राप्त गरेको बकसपत्र लिखत बदरतर्फसमेत मागदाबी लिएकोमा निज निर्मलादेवीसमेत यी वादीका अंशियार नाताको व्यक्ति भएको र वादीले निज निर्मलादेवीका नाममा रहेको सम्पत्तिबाट समेत अंश पाउने हुँदा सगोलको अंशियारले सगोलको अंशियारलाई गरिदिएको बकसपत्र बदर गरिरहनुपर्ने देखिएन। अतः ऋणको हकमा साहुको उजुरी परेका बखत कानूनबमोजिम हुने गरी तायदाती फाँटावारीमा उल्लिखित सम्पत्तिबाट वादीले ४ भागको १ भाग अंश लिन पाउने ठहऱ्याई सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।४।१९ मा भएको फैसला।

भैरवबहादुरले जेठी श्रीमती र निजतर्फका छोराहरूसमेतलाई २०४६ सालमै अंश भाग दिई म निर्मला श्रेष्ठलाई विवाह गरी मिति २०४६।०८।२३ मा पारित बन्डापत्र लिखतलाई स्वयं वादीले स्वीकार गरी कमला मल्लले मिति २०४८।२।३१ मा यी वादीसमेतलाई शेषपछिको बकसपत्र लिखत पारित गरिदिएको लिखतमा "मेरो पति, म एवं सबै छोराहरू छुट्टि भिन्न भएको" भन्ने बेहोरा उल्लेख रहेको छ। मिति २०४८।१२।६ मा कमला मल्लको मृत्युपछि निजका छोराहरू नविनकुमार, दिलिप, प्रभातकुमार, अरूणले मिति २०४८।१२।२३ मा नामसारी निर्णय गराएका थिए। वादी प्रभातकुमार मल्ल, दिलिपकुमार मल्ल, अरूणकुमार मल्ल प्रतिवादी नविनकुमार मल्लको हकमा विमला मल्ल भएको दे.नं.१७७९ को अंश नामसारी मुद्दामा "बाबु भैरवबहादुर मल्ल आफ्नो अंश लिई अलग भइसक्नुभएको छ, बाँकी हामी चार भाइ सगोलमा बसी आएका छौं, अंश पाउँ" भनी दाबी गरेको मुद्दामा अंश लिने दिने गरी मिति २०५६।१।२२ मा रूपन्देही जिल्ला अदालतबाटै मिलापत्र गरी आएका छन् र सो मिलापत्रबमोजिम मिति २०५६।२।९ मा नामसारी दाखिल खारेजसमेत गराई सो सम्पत्ति बिक्रीसमेत गरिदिएको छ। सो तथ्य लुकाई अदालतलाई झुक्याई दोहोरो अंश लिने खाने उद्देश्य राखेको हो। एकपटक छुट्टी भिन्न भई आफ्नो अंश हकको सम्पत्ति कानूनले आफूखुसी गर्न पाउने बकसपत्र गरिदिएको लिखतको सम्पत्तिबाट अंश भाग लगाउने गरी भएको सुरू तथा पुनरावेदन अदालत बुटवलको फैसला त्रुटिपूर्ण रहेकोमा सो फैसला बदर गरी न्याय पाउँ भन्नेसमेत बेहोराको मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदक प्रतिवादी निर्मला श्रेष्ठ (मल्ल) को यस अदालतमा दायर हुन आएको निवेदनपत्र।

यसमा प्रभातकुमार मल्ल, अरूणकुमार मल्ल प्रतिवादी नविनकुमार मल्लसमेत भएको अंश मुद्दामा मिति २०५६।१।२२ मा मिलापत्र हुँदा बाबु भैरवबहादुर मल्लले आफ्नो अंश लिई भिन्न भई बसेको भनी प्रस्तुत मुद्दामा प्रत्यर्थी वादीले स्वीकार गरेको देखिएको अवस्थामा पुनः अंश दिलाउने गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०७२।४।१९ को फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३४ को व्याख्यात्मक त्रुटि एवं ने.का.प.२०६२, श्रावण, निर्णय नं.७५२९, पृष्ठ ४७९ मा प्रतिपादित सिद्धान्तको प्रतिकूल रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) र (ख) अनुसार मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरी दिइएको छ। विपक्षी झिकाई नियमानुसार गर्नु भन्नेसमेत बेहोराको मिति २०७६।१।१२ मा यस अदालतबाट भएको आदेश।

स्वर्गीय भैरवबहादुर मल्ल, निजको जेठी

श्रीमती स्वर्गीय कमला मल्ल कान्छी श्रीमती निर्मला मल्ल, प्रभात मल्ल र अरूणकुमार मल्लबिच मिति २०४६।८।२३ मा र.नं.२३९९ बाट भएको बन्डापत्रमा वादी प्रभातकुमारले नगद लिई र अरू अंशियारहरू कमला, अरूण तथा प्रतिवादी भैरवबहादुरले अचल सम्पत्ति लिई बन्डा छुट्टाएको देखिन्छ। सो बेहोरालाई थप पुष्टि हुने गरी मिति २०४८।२।३१ मा कमला मल्लले आफ्ना छोराहरू नविनकुमार, दिलिप, प्रभातकुमार र अरूणलाई शेषपछिको बकसपत्र लिखतमा **"मेरो पति, म एवं सबै छोराहरू छुट्टी भिन्न भएको"** भन्ने बेहोरा उल्लेख रहेको देखिन्छ। कमला मल्लको मृत्यु मिति २०४८।१२।६ मा भएपछि निजका छोराहरूले मिति २०४८।१२।२३ मा नामसारी गरिपाउँ भनी दिएको निवेदनको कैफियतमा **आमा कमला मल्लले मिति २०४८।२।३१ मा यसै कार्यालयको र.नं.९५४७ हामी छोराहरूलाई शेषपछिको बकसपत्र पास गरी दिएकोले पारित शेषपछिको बकसपत्रअनुरूप दाखिल खारेज नामसारी गरिपाउँ** भनी निवेदन दिएकोमा मालपोत कार्यालय, रूपन्देहीबाट मिति २०४८।१२।२३ मा नविनकुमार, दिलिपकुमार, प्रभातकुमार र अरूणकुमारका नाउँमा संयुक्त नामसारी भएको देखिन्छ। मिति २०४६।०८।२३ को बन्डापत्रमा यी वादीको मन्जुरी नभएको भए तत्काल बदर गर्नेतर्फ कारबाही चलाउनुपर्नेमा सो बन्डापत्रलाई स्वीकार गरी बसेको देखिन्छ। साथै वादी प्रभातकुमार मल्ल, दिलिपकुमार मल्ल, अरूणकुमार मल्ल प्रतिवादी नविनकुमार मल्लको हकमा बिमला मल्ल भएको २०५५ सालको दे.नं.१७७९ को अर्को अंश नामसारी मुद्दामा **"बाबु भैरवबहादुर मल्ल आफ्नो अंश लिई अलग भइसक्नुभएको छ बाँकी हामी चार भाइ सगोल बसी आएका छौं अंश पाउँ"** भनी दाबी गरेको मुद्दामा अंश लिने दिने गरी मिति २०५६।१।२२ मा रूपन्देही जिल्ला अदालतबाटै मिलापत्र गरी आएको देखिन्छ। वादी प्रतिवादीका बिच २०४६ सालदेखि मानो चुलो अलग गरी बसेको कुरामा मिति २०४६।०८।२३ को बन्डापत्रबाट देखिएको हुँदा प्रतिवादी भैरवबहादुर र यी वादीहरू विधिवत् कानूनी रूपमा नै छुट्टी भिन्न भइसकेपछि प्रतिवादी भैरवबहादुरले कानूनबमोजिम आफूखुसी गर्न पाउने आफ्नो अंश हक लाग्ने सम्पत्ति प्रतिवादी निर्मला श्रेष्ठलाई बकसपत्र गरिदिएको लिखतको सम्पत्तिबाट अंश भाग लगाउने गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत बुटवलको फैसला मिलेको नदेखिँदा उल्टी भई बकसपत्र बदर गरी अंश पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्छ भन्नेसमेत बेहोराको यस अदालतको संयुक्त इजलासको मिति २०७६।०९।१५ गतेको फैसला।

हामी ४ अंशियारहरूमध्ये भैरवबहादुर, कमला मल्ल र अरूणकुमार मल्लसमेत ३ जना अंशियारहरूबिच मात्र मिति २०४६।०८।२३ मा अंशबन्डा भएको हो। उक्त बन्डापत्रमा हामीहरूको पति पिता निज प्रभातकुमार मल्लले अंशियारका रूपमा वा साक्षीको रूपमा समेत सहभागी भई हस्ताक्षर नगरेको अवस्थामा उक्त बन्डापत्रमा निज प्रभातकुमार मल्लले "आफ्नो भागमा पाउने बन्डाबापत नगदै बुझी छुट्टिई भिन्न भई बसेको भन्ने बेहोरा निरर्थक रहेको प्रस्ट छ। प्रस्तुत मुद्दाको प्रतिउत्तर पत्रमा यो यति रकम निज प्रतिवादी प्रभातकुमार मल्लले लिए पाएको भन्ने यकिनसाथ प्रमाण पेस गर्न नसकेको अवस्थामा अंश जस्तो नैसर्गिक कानूनी हकबाट वञ्चित गर्नु उचित हुँदैन।

हामी निवेदकहरूको सासू तथा हजुरआमा निज कमला मल्लले उक्त मिति २०४६।०८।२३ को बन्डापत्रबाट प्राप्त अचल सम्पत्ति निजका छोराहरू नविन कुमार, दिलीप कुमार र अरूणलाई मिति २०४८।०२।३१ मा दिएको शेषपछिको बकसपत्र को लिखतमा "मेरो पति, म एवम् सबै छोराहरू छुट्टी भिन्न भएको" भन्ने बेहोरा तथा उक्त शेषपछिको बकसपत्रको

आधारमा भएको नामसारीको विषयलाई समेत हामी निवेदकहरूको विरूद्ध प्रमाणमा लगाएको पाइन्छ । वस्तुतः निज सासू तथा हजुरआमा कमला मल्लले हामीहरूको पति तथा पिताबाहेकका अंशियारहरूबिच भएको उक्त बन्डापत्रको आधारमा प्राप्त गरेको आफ्नो अंश भागको जग्गा आफूखुस गर्न पाउनेमा निज प्रभातकुमारसमेतले लिए पाएको कार्यबाट अंश नै लिइसकेको भनी स्थापित गर्न मिल्दैन । त्यसैगरी फैसलामा २०५५ सालको दे.नं. १७७९ को अंश नामसारी मुद्दामा उक्त मुद्दाका वादीहरूले "बाबु भैरवबहादुर मल्लले आफ्नो अंश लिई अलग भइसक्नुभएकोमा बाँकी हामी ४ भाइ सगोलमा बसी आएका छौं, अंश पाउँ भन्ने दाबी भएको उक्त मुद्दामा अंश लिने दिने गरी मिति २०५६।०१।२२ मा भएको मिलापत्रको बेहोरालाई हामी विरूद्ध प्रमाण लगाइएकोमा सो सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको ठाडै प्रतिकूल भएकाले यस अदालतको संयुक्त इजलासको मिति २०७६।०९।१५ को फैसला पुनरावलोकन गरी हेर्न न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को देहाय (ख) बमोजिम अनुमति पाउँ भन्नेसमेत बेहोराको वादी प्रभातकुमार मल्लको मु.स. गर्ने पवनकुमार मल्लसमेतको यस अदालतमा दायर भएको पुनरावलोकनको निवेदन ।

यसमा मिति २०४६।०८।२३ को र.नं. २३९९ को बन्डापत्रमा प्रभातकुमार मल्ल सम्मिलित नरहेको र सो बन्डापत्र भैरवबहादुर मल्ल, कमला मल्ल, निर्मला श्रेष्ठ र अरूणकुमारबिच भएको देखिन्छ । उक्त बन्डापत्रपश्चात् आमा कमला मल्लले मिति २०४८।०२।३१ मा प्रभात कुमारसमेतका छोराहरूलाई शेषपछिको बकसपत्र दिँदा प्रतिवादी भैरवबहादुरसँग बन्डापत्र भएको कुरा उल्लेख गरे पनि निजले उल्लेख गरेको कुराले अंशबन्डाको लिखतमा संलग्न नभएका वादी प्रभातकुमारलाई विबन्धित बनाउँछ भन्न मिल्ने देखिँदैन । अंश गर्दा जियजियैको गर्नुपर्ने भन्ने साबिक मुलुकी ऐन, अंशबन्डाको महलको १ नं. मा उल्लेख भएको र अंश पाइसकेको भन्ने स्थिति स्पष्ट रूपमा नदेखिएको अवस्थामा अरू कसैले लेखाएको बेहोराबाट अंश पाइसकेको अर्थ गरी वादी दाबी नपुग्ने ठहऱ्याई यस अदालतको संयुक्त इजलासबाट मिति २०७६।०९।१५ मा भएको फैसलामा ने.का.प.२०३०, नि.नं. ७७५, पृष्ठ २९३, ने.का.प.२०४२, नि.नं.२५५३, पृष्ठ १०४४, ने.का.प. २०४६, नि.नं. ३९८४, पृष्ठ ११०९ र ने.का.प. २०६८, नि.नं. ८५९७, पृष्ठ ६४६ मा प्रतिपादित सिद्धान्तहरूको प्रतिकूल भई न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(क) र (ख) को अवस्था विद्यमान रहेको देखिँदा पुनरावलोकनको अनुमति प्रदान गरिएको छ भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७८।११।२६ को आदेश ।

<u>ठहर खण्ड</u>

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावलोकनको निवदेनसहितको मिसिल कागजातहरू अध्ययन गरी हेरियो ।

पुनरावेदक वादी पवनकुमार मल्लसमेतको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री हर्कबहादुर भट्टराई र श्री बाबुराम गिरी तथा विद्वान् अधिवक्ता श्री आशिकराम कार्कीले वादीका पिता / पति प्रभातकुमार मल्ल र विपक्षी प्रतिवादीका बिच अंशबन्डा भएको छैन । भैरवबहादुर, कमला मल्ल र अरूणकुमार मल्लसमेत ३ जना अंशियारहरूबिच मात्र मिति २०४६।०८।२३ मा अंशबन्डा भएको हो । उक्त बन्डापत्रमा निज प्रभातकुमार मल्ल सम्मिलित रहेको अवस्था छैन । निजको अनुपस्थितिमा अंशबन्डाको कागजमा अन्य अंशियारले यी वादीले समेत अंश लिई बुझेको भनी लेखाएको आधारमा प्रभातकुमारले अंश बुझी बेग्लै बसेको भनी मान्न मिल्दैन । प्रतिउत्तर पत्रमा निज प्रभातकुमार मल्लले अंशबापत के कती

रकम लिए पाएका हुन् भन्ने यकिनसाथ प्रमाण पेस गर्न सकेको देखिँदैन । यसैगरी २०५५ सालको दे.नं. १७७९ को अंश नामसारी मुद्दामा यी वादीका पिता / पति प्रभातकुमार मल्लसमेतले अंश लिने दिने गरी गरेको मिलापत्रको बेहोरालाई वादी पक्षका विरूद्ध प्रमाण लगाउन मिल्दैन । निज प्रभातकुमार मल्लले ४ भागको १ भाग अंश लिन पाउनुपर्छ । तदनुरूप अंश पाउने ठहर गरेको सुरू र पुनरावदेन अदालत बुटवलको फैसला उल्टी गरेको यस अदालतको संयुक्त इजलासबाट भएको फैसला उल्टी गरी पुनरावेदन अदालत बुटवलको फैसला कायम गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

प्रतिवादी निर्मला श्रेष्ठका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री गोकर्ण सिंह थापाले प्रतिवादी र वादीका बिच मिति २०४६।०८।२३ मा नै अंशबन्डा भइसकेको हो । यी वादीका पिता / पति प्रभातकुमारले आफ्नी स्व.आमा कमला मल्लबाट कानूनी रूपमा प्राप्त भएको अंश भागको सम्पत्ति निजको मृत्युपश्चात् आफ्नो नाममा नामसारी गराई अन्य व्यक्तिलाई बिक्रीसमेत गरिसकेको देखिन्छ । यदि वादीको कथनबमोजिम प्रभातकुमार मल्लले अंश नबुझेको भए निजले सुरू फिराद गर्दा अन्य दाजुभाइलाई समेत विपक्षी बनाई फिराद दायर गर्नुपर्ने हुन्थ्यो तर यस मुद्दामा निज वादी प्रभातकुमार मल्लले फिराद दायर गर्दा पिता भैरवबहादुर श्रेष्ठ र सौतेनी आमा निर्मला श्रेष्ठ मल्ललाई मात्र प्रतिवादी बनाएको देखिन्छ । मुलुकी ऐन, अंशबन्डाको महलको २ नं. मा पटक पटक अंश लिन पाउने व्यवस्था नभएको हुँदा स्व.भैरवबहादुर मल्लले आफूखुस गर्न पाउने आफ्नो अंश हकको सम्पत्ति आफ्नी श्रीमती निर्मला श्रेष्ठलाई पारित गरिदिएको बकसपत्रको लिखत बदर गरी वादीका पिता / पति प्रभातकुमारले ४ भागको १ भाग अंश लिन पाउने ठहऱ्याएको सुरू तथा पुनरावेदन अदालत बुटवलबाट भएको फैसला उल्टी हुने ठहऱ्याई वादी र प्रतिवादीहरू कानून र व्यवहार प्रमाणबाट समेत छुट्टी भिन्न भइसकेको स्पष्ट देखिँदा बकसपत्र बदर गरी अंश पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने भनी यस अदालतको संयुक्त इजलासबाट भएको फैसला कानूनसम्मत हुँदा सदर कायम हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

यसमा, स्व.भैरवबहादुरका दुई श्रीमतीमध्ये जेठी स्व. कमला मल्ल र कान्छी विपक्षी निर्मला श्रेष्ठ (मल्ल) हुन् । विपक्षी कान्छी आमा निर्मला श्रेष्ठबाट कुनै जायजन्म भएको छैन । आमा कमला श्रेष्ठ परलोक भइसकेकोले हाल म फिरादीसमेत ३ जना अंशियार छौं । प्रतिवादी निर्मला श्रेष्ठ मल्ललाई पति भैरवबहादुर श्रेष्ठ मल्लले मिति २०५०।८।२९ मा रूपन्देही, बुटवलको कि.नं.९४७ को जग्गा हालैको बकसपत्र गरिदिएकाले मसमेतको अंश हक रहेको उपर्युक्त जग्गा मेरो मन्जुरीबेगर प्रतिवादीले लिनुदिनु गरेको बकसपत्र बदर गरी मुलुकी ऐन, अंशबन्डाको महलको २०, २१, २२, २३ नं.बमोजिम सम्पत्तिको तायदाती फाँटवारी दाखिल गरी गराई विपक्षीहरूले लिनुदिनु गरेको दुवै बकसपत्र लिखत बदर गरी अंशबन्डाको महलको १९(५) नं.अनुसार ३ भागको १ भाग अंश दिलाइपाउँ भन्नेसमेत बेहोराको फिराद दाबी रहेकोमा वादी प्रतिवादी अंशियारबिच मिति २०४६।८।२३ मा बन्डापत्र भएको र वादीकी आमा कमलाले अंशबापत पाएको बुटवल नगरपालिका, वडा नं.१०, कि.नं.२२७९, २२७७ र २२७८ को जग्गा र सोमा बनेको घर वादी प्रभातकुमार मल्लसमेतले आमाबाट शेषपछिको बकसपत्र लिँदा उक्त बकसपत्रको लिखतमा सबै अंशियार छुट्टीभिन्न भएको भन्ने बेहोरा उल्लेख छ । एकपटक छुट्टीभिन्न भई आफ्नो अंश हकको सम्पत्ति कानूनले आफूखुसी गर्न पाउने हुँदा बकसपत्र गरी दिएको लिखत बदर हुनुपर्ने होइन । फिराद खारेज गरिपाउँ भन्ने प्रतिउत्तर जिकिर रहेको देखिन्छ । बकसपत्र लिखत बदर गरी वादी प्रभातकुमारले ४ भागको १ भाग अंश लिन पाउने ठहर गरेको सुरू रूपन्देही जिल्ला अदालतबाट

भएको फैसला पुनरावेदन अदालत बुटवलबाट सदर भएको देखिन्छ । उक्त फैसलाउपर दोहोऱ्याई हेरिपाउँ भनी प्रतिवादीको यस अदालतमा निवेदन परी निस्सा प्रदान भई यस अदालतको संयुक्त इजलासबाट वादी दाबी नपुग्ने गरी पुनरावेदन अदालतको फैसला उल्टी गरेकोमा सोउपर वादी पवनकुमार मल्लसमेतको पुनरावलोकन गरी हेरिपाउँ भन्ने निवेदन परेकोमा यस अदालतको पूर्ण इजलासबाट पुनरावलोकन गर्ने अनुमति प्रदान भई निर्णयार्थ पेस हुन आएको देखियो ।

उल्लिखित तथ्य तथा पुनरावेदन जिकिर भएको प्रस्तुत मुद्दामा वादी प्रतिवादी दुवैतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले गर्नुभएको तर्कपूर्ण बहस जिकिरसमेत सुनी यस अदालतको संयुक्त इजलासबाट भएको फैसला मिलेको छ वा छैन ? सो विषयमा निर्णय हुनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, स्व. भैरवबहादुर मल्लका दुई श्रीमतीहरूमा जेठी स्व. कमला श्रेष्ठतर्फका छोरा पुनरावेदक वादीका पिता / पति प्रभातकुमार मल्ल र मु.स गर्ने प्रतिवादी निर्मला श्रेष्ठ प्रतिवादीकी कान्छी श्रीमती देखिँदा वादी प्रतिवादीहरूबिच नातामा विवाद रहेको देखिएन । निज प्रभातकुमार मल्लकी आमा स्व.कमला श्रेष्ठले पति भैरवबहादुरसँग मिति २०४६।८।२३ मा र.नं.२३९९ बाट अंश बुझिलिएको तथ्यमा पनि मुख मिलेकै देखिन्छ । वादीका पिता / पति प्रभातकुमार मल्लले उक्त अंशबन्डाको कागजबाट आफूले अंश बुझेको नभई आमा स्व. कमला मल्लले बुझेको र जियजियैको अंशबन्डा गर्नुपर्ने हुँदा आमाले अंश बुझेबाट आफ्नो अंश हक समाप्त नहुने भन्ने मुख्य जिकिर लिएको देखिन्छ । मिसिल संलग्न उल्लिखित मितिको बन्डापत्रको बेहोरा हेर्दा स्वर्गीय भैरवबहादुर मल्ल, निजकी जेठी श्रीमती कमला मल्ल र निजका छोराहरू प्रभातकुमार मल्ल र अरूणकुमार मल्लबिच अंशबन्डा भएको भन्ने बेहोरा उल्लेख भई वादीका पिता / पति प्रभातकुमार मल्लले आफ्नो अंश भागबापत नगदै रकम लिएको र अरू अंशियारहरू कमला, अरूण तथा प्रतिवादी भैरवबहादुरले अचल सम्पत्ति लिई छुट्टिएको भन्ने देखिन्छ । उक्त बन्डापत्रमा वादीका पिता / पति प्रभातकुमार मल्लको उपस्थिति नदेखिए तापनि निजले अंशबापत नगद नबुझेको भए आफ्नै बुबा आमा तथा दाजुभाइसमेतले सो बेहोरा लेखाउनुपर्ने कुनै कारण देखिँदैन । २०४६ सालमा बन्डापत्र हुँदा कालान्तरमा मुद्दा पर्ला भनी प्रमाण सिर्जना गर्ने हेतुले नभए नगरेको कुरा लेखेको भनी अनुमान गर्न मिल्दैन । आफू भिन्न भएको होइन भनी तत्कालै यी वादीका पिता / पतिले उक्त बन्डापत्र बदरतर्फ उजुरी गरेको अवस्था पनि देखिँदैन । अपितु आमा कमला श्रेष्ठले सोही बन्डापत्रबाट प्राप्त गरेको कि.नं. २२७७, २२७८ र २२७९ समेतका जग्गा मिति २०४८।२।३१ मा निजले आफ्ना छोराहरू नविनकुमार, दिलिप, अरूण र वादीका पिता / पति प्रभातकुमारसमेतलाई शेषपछिको बकसपत्र गरिदिएको र सो लिखतमा **"मेरो पति, म एवं सबै छोराहरू छुट्टी भिन्न भएको"** भन्ने बेहोरा उल्लेख भएको देखिन्छ ।

३. यी वादीका पिता / पतिसमेतका स्व. कमला श्रेष्ठका छोराहरूले उक्त शेषपछिको बकसपत्रको लिखतबाट प्राप्त बुटवल नगरपालिका वडा नं.१० नक्सा नं.८(क) कि.नं.२२७७ समेतका तीन कित्ता जग्गा तथा स्व. कमला श्रेष्ठले अंशबाट पाएको कि.नं.१९०६ को घर जग्गासमेत मिति २०४८।१२।६ मा निजको मृत्युपश्चात् पुनरावदेक वादीका पिता / पति प्रभातकुमार मल्लसमेतका छोराहरूले मालपोत कार्यालय, रूपन्देहीबाट मिति २०४८।१२।२३ मा आफ्नो नाउँमा नामसारी गराई लिएको देखिन्छ । यसबाट वादीका पिता / पति प्रभातकुमार श्रेष्ठले स्वयम् बन्डापत्रको पक्ष भई प्रत्यक्ष रूपमा पिताबाट अंश बुझी बन्डापत्रमा दस्तखत गरेको नदेखिए तापनि बन्डापत्रमा निजले नगद बुझी भिन्न भएको भन्ने बेहोरा पारी व्यवहारतः छोराहरू यी प्रभातकुमार मल्ल र अरूणसेमतको भाग आमा

कमला श्रेष्ठले बुझी निजमार्फत यी वादीहरूका भागमा आएको र यी वादीहरू अद्यापि पैतृक स्रोतको सोही घरजग्गामा बसोबास गरिरहेको देखिएको अवस्थामा केवल बन्डापत्रमा हस्ताक्षर नगरेको भनी बन्डापत्रको बेहोरालाई इन्कार गर्न मिल्ने देखिएन।

४. यस अतिरिक्त, स्व. कमला श्रेष्ठका छोराहरूमध्ये यी वादीका पिता / पति प्रभातकुमार मल्ललगायत दिलिपकुमार मल्ल र अरूणकुमार मल्लसमेतले दाजु नविनकुमार मल्लका उपर दायर गरेको २०५५ सालको दे.नं.१७७९ को अंश नामसारी मुद्दामा यी वादीका पिता / पतिसमेतले फिरादपत्रमा **"बाबु भैरवबहादुर मल्लले आफ्नो अंश लिई अलग भइसक्नु भएको छ, बाँकी हामी चार भाइ सगोलमा बसी आएका छौं, अंश पाउँ"** भनी दाबी गरेको देखिएबाट समेत वादी प्रतिवादीबिच उल्लिखित बन्डापत्रबाट अंश लिनुदिनु भएको र प्रतिवादी / पिता भैरवबहादुर मल्ल अंश लिई बेग्लै बसेको भन्ने तथ्य स्वयम् वादीका पिता / पतिले स्वीकार गरेको अवस्था देखिन आयो। यसरी दायर भएको उक्त अंश मुद्दामा निजहरूले पिता भैरवबहादुरलाई प्रतिवादी नबनाई फिराद गरेबाट पनि पिता भैरवबहादुरले पहिले नै अंश लिई बेग्लै बसेको भन्ने तथ्य स्थापित हुन आउँछ। सोही मुद्दामा मिति २०५६।१।२२ मा रूपन्देही जिल्ला अदालतमा भएको मिलापत्रको बेहोरामा समेत **"स्व. पिता भैरवबहादुर मल्लले आफ्नो अंश लिई छुट्टी भिन्न भएको"** भन्ने उल्लेख भएको देखिँदा वादीका पिता/पतिले बाबु भैरवबहादुर मल्लसँग सगोलमा बसी अंश लिन बाँकी रहेको भन्ने देखिन आउँदैन।

५. यसैगरी, वादी प्रतिवादीको परिवारमा एकआपसमा अंश नामसारी, बकसपत्र बदरलगायतका विभिन्न मुद्दाहरू चलेको देखिन्छ। यिनै वादीका पिता / पति प्रभातकुमार मल्लकी श्रीमती नन्दा मल्लले २०६७ सालको दे.पु.नं.१७१० को बकसपत्र बदर अंश नामसारी मुद्दा दायर गरेको देखिन्छ तर निज वादीले मिति २०४६।०८।२३ को बन्डापत्रलाई बदर गरिपाउँ भन्नेतर्फ कुनै किसिमको दाबी लिएको अवस्था छैन। स्वयम् प्रभातकुमार मल्लले समेत आफ्नो जीवनकालमा उक्त बन्डापत्रको बेहोरामा प्रश्न उठाई त्यसलाई बदर गर्नेतर्फ उजुर बाजुर गरेको अवस्था मिसिल संलग्न कागजातबाट देखिँदैन। २०४६ सालको बन्डापत्रमा यी वादी पक्षको मन्जुरी नभएको भए सो बन्डापत्रलाई बदर गर्नेतर्फ कारबाही चलाउनुपर्नेमा त्यसतर्फ कारबाही नचलाई सोही बन्डापत्रबाट बन्डा भएको पैतृक स्रोतको सम्पत्ति आफ्नो नाममा नामसारी गरी ल्याई उपभोग गरी बन्डापत्रको परिणामलाई स्वीकार गरेको अवस्था छ। २०४६ सालको बन्डापत्रबाट प्राप्त सम्पत्ति शेषपछिको बकसपत्र तथा दाखेल खारेजलगायतका प्रक्रियाबाट आफ्नो नाउँमा ल्याई उपभोग गर्ने तर बन्डापत्रलाई स्वीकार नगर्ने भन्न मिल्दैन। बन्डापत्रको परिणामलाई स्वीकार गरेपछि बन्डापत्रको बेहोरालाई पनि स्वीकार गरेको मान्नुपर्ने देखिन्छ।

६. वस्तुतः अंशियारहरूबिच बन्डा भए नभएको यकिन गर्ने मुख्य आधार, प्रमाण पारित बन्डापत्र नै हो। २०४६ सालको पारित बन्डापत्रमा वादीका पिता / पति प्रभातकुमार मल्लले अंशबापत नगद बुझी अलग भएको भन्ने बेहोरा उल्लेख भएको र माथि उल्लिखित विभिन्न मुद्दामा अदालतमा वादी स्वयम्ले पेस गरेको एवम् अदालतबाट प्रमाणित लिखतहरूमा वादीका पिता / पति प्रभातकुमार मल्ल तथा प्रतिवादी भैरवबहादुरसमेतले अंश बुझी भिन्न भएको तथ्य उल्लेख भएको एवम् निज प्रभातकुमारको नाउँमा पिता भैरवबहादुरका नाउँको महत्त्वपूर्ण पैतृक सम्पत्तिसमेत नामसारी दाखिल खारेज भई आएको देखिन्छ। अंश मुद्दामा मूलतः सबै अंशियारहरूले बन्डापत्रमा सगोलको पैतृक सम्पत्ति नरमगरम मिलाई समानुपातिक रूपमा पाए नपाएको तर्फ न्यायोचित दृष्टिकोणले हेर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा वादीले पाएको

सम्पत्ति र अन्य अंशियारहरूले पाएको सम्पत्तिको प्रकृति र परिणामसमेत सालाखाला नरमगरम मिलेको देखिएको स्थितिमा बन्डापत्रमा उल्लेख गरिएको बेहोरा नै खम्बिर हुन आयो।

७. यसप्रकार, प्रतिवादी र वादीका पिता / पति तथा हजुरआमा / सासूआमासमेतका व्यक्तिबिच अंशबन्डा भइसकेपछि प्रतिवादी भैरवबहादुर मल्लले खरिद गरी लिएको आफूखुसी गर्न पाउने कि.नं. ९४७ र ८४२ को घरजग्गा वृद्धावस्थामा आफ्नो स्याहार सुसार गरी बसेकी कान्छी श्रीमती निर्मला श्रेष्ठलाई मिति २०५०।०८।२५ र २०६७।०२।२६ मा बकस गरिदिएकोमा वादीले सोही सम्पत्तिमा दाबी लिई प्रस्तुत फिराद दायर गरेको देखियो । वादी प्रतिवादीबिच विधिवत् अंशबन्डा भइसकेपछि छुट्टी भिन्न भइसकेका प्रतिवादी भैरवबहादुरले कानूनबमोजिम आफूखुसी गर्न पाउने आफ्नो हकको सम्पत्ति प्रतिवादी निर्मला श्रेष्ठलाई बकसपत्र गरिदिएको देखिएकाले सो बकसपत्र बदर गरी अंश पाउँ भन्ने वादी दाबी पुग्न सक्ने देखिएन । उक्त बकसपत्रको सम्पत्तिबाट समेत वादीलाई अंश भाग लगाउने गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको यस अदालतको संयुक्त इजलासबाट भएको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने देखिएन।

८. वादीले विभिन्न मुद्दामा अदालतमा पेस भएका लिखतहरूमा आफूले अंश लिई भिन्न भएको तथ्य उल्लेख गरेका र पिता तथा प्रतिवादी भैरवबहादुरको नाउँबाट पैतृक स्रोतको सम्पत्ति समानुपातिक रूपमा यी वादीका पिता / पतिको नाउँमा दाखेल खारेज भई आएको देखिँदा जियजियैको अंश नभएको र अरू कसैले लेखाएको बेहोराबाट अंश पाइसकेको भनी अर्थ गर्न नमिल्ने भनी यस अदालतबाट पुनरावलोकनको अनुमति प्रदान गर्दा लिएको आधारसँग सहमत हुन सकिएन।

९. तसर्थ, माथि विवेचित आधार, कारणबाट सुरू रूपन्देही जिल्ला अदालतबाट वादीले ४ भागको १ भाग अंश पाउने ठहर गरी भएको फैसला सदर गरेको पुनरावेदन अदालत बुटवलको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको यस अदालतको संयुक्त इजलासबाट मिति २०७६।०९।१५ मा भएको फैसला मनासिब हुँदा सदर हुने ठहर्छ । वादी पवनकुमार मल्लसमेतको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा हामी सहमत छौं।
न्या.विश्वम्भरप्रसाद श्रेष्ठ
न्या.ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृतः राजकुमार दाहाल, सदिक्षा नेपाल (शा.अ.)
इति संवत् २०७९ साल माघ १९ गते रोज ५ शुभम्।

निर्णय नं. ११३६५

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ
आदेश मिति : २०८०।८।२१
०८०-WF-००२७

विषय: बन्दीप्रत्यक्षीकरण

निवेदक : मोरङ जिल्ला, कटहरी गाउँपालिका, वडा नं. २, आदर्श टोल घर भई हाल कारागार कार्यालय, झापा, भद्रपुरमा थुनामा रहेका अङ्कुस भगत भन्ने अङ्गकुस भगत

विरूद्ध

विपक्षी : जिल्ला सरकारी वकिल कार्यालय, मोरङ, विराटनगरसमेत

- **दोहोरो खतराको सिद्धान्तसम्बन्धी व्यवस्था स्पष्ट नै देखिने तर यसमा केही प्रश्नहरू नउठ्ने होइनन्। मुद्दाको विषयवस्तु मूल रूपमा एउटै छ, तर नामकरण भने अर्कै गरिएको छ भने के गर्ने, मुद्दाको विषयवस्तु फरक छ तर नामकरण भने एउटै गरिएको छ; मुद्दा त चलाइयो तर विवादको स्वच्छ सुनुवाइ गरी न्याय निरूपण गर्न नभई अभियुक्तलाई भविष्यमा देशभित्र वा बाहिर चल्न सक्ने वास्तविक मुद्दाहरूबाट ढाक्ने वा छोप्ने (shielding the offeder) को लागि चलाइएको रहेछ; कसुर गम्भीर छ तर पहिला सामान्य कसुर मानी मुद्दा चलाइयो, स्वतन्त्र र निष्पक्ष अदालतबाट मुद्दा चलाइएको पनि रहेनछ भने के गर्ने भन्ने आदि प्रश्नहरू पनि उठ्ने। युरोपेली मानव अधिकार महासन्धिअन्तर्गतको प्रोटोकलमा नयाँ तथ्य फेला परेमा वा पहिले गरिएको कारबाहीमा सारभूत रूपमा त्रुटि भई मुद्दाको परिणाममा नै असर पर्ने स्थितिमा पुनः मुद्दा चलाउन रोक लगाइएको छैन। त्यसैगरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गर्ने रोम सन्धिको धारा २० ले दोहोरो खतराको सिद्धान्त (Ne bis in idem) बारे व्यवस्था गर्दै यदि अदालतको क्षेत्राधिकारबाट ढाक्ने वा छोप्ने उद्देश्यले पहिले मुद्दा चलाइएको वा पहिले कानूनको उचित प्रक्रियाअन्तर्गत स्वतन्त्र र निष्पक्ष रूपमा मुद्दा नचलाइएको अवस्था रहेछ भने पछि मुद्दा चलाउन बाधा नपर्ने।**

(प्रकरण नं.२)

- **वारदातको श्रृङ्खला एउटै भए पनि त्यस्तो श्रृङ्खलाअन्तर्गत भएका कार्यहरू फरकफरक फौजदारी कानून सम्बन्धित विषय बन्न सक्ने। यस्तो अवस्थामा कुनै एक प्रकारको अभियोगमा मुद्दा चलाएको छ भन्ने आधारमा अर्को कसुरमा मुद्दा चलाउन बाधा नपर्ने। त्यसो गर्न दोहोरो खतराको सिद्धान्तले नरोक्ने। तर यस्तो लगातार कसुर भइरहेको अवस्थामा अलगअलग कानूनअन्तर्गत एउटै निकायमा मुद्दा चलाउने वा अलगअलग निकायमा मुद्दा चलाउने भन्ने विषयमा भने सम्बन्धित कानूनी व्यवस्थाको रोहमा हेरिनुपर्ने।**

(प्रकरण नं.३)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री यदुनाथ खनाल एवं विद्वान् अधिवक्ताहरू श्री देवेन्द्र कोइराला र श्री मनिषा बस्नेत

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री गोविन्द खनाल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको संविधान
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- नेपाल सन्धि ऐन, २०४७
- बालबालिकासम्बन्धी ऐन, २०७५

आदेश

न्या.डा.आनन्दमोहन भट्टराई : प्रस्तुत रिट निवेदनमा उत्पन्न कानूनी प्रश्नको निरूपण पूर्ण इजलासबाट हुन आवश्यक र उपयुक्त देखिएकोले पूर्ण इजलाससमक्ष पेस गर्ने भन्ने यस अदालतको संयुक्त इजलासबाट मिति २०८०।०६।१७ मा भएको आदेशानुसार सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ग) बमोजिम यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छः-

तथ्य खण्ड

रिट निवेदनको बेहोरा: साङ्केतिक नाम विराटनगर १२० को जाहेरीले नेपाल सरकार वादी भई म निवेदक अङ्गकुस भगतलाई प्रतिवादी बनाई मानव अपहरण तथा शरीर बन्धक मुद्दा (०७९-C१-०९५७) मा जिल्ला प्रहरी कार्यालय मोरङले अनुसन्धान गरी जिल्ला सरकारी वकिल कार्यालय मोरङले मिति २०८०।०१।३१ मा मोरङ जिल्ला अदालतमा अभियोगपत्र दर्ता गरेको, यस मुद्दामा मिति २०८०।०२।०१ मा बयान भई थुनछेक आदेश हुँदा धरौटी रू.२,००,०००।- माग गर्ने आदेश भएबमोजिम धरौटीबापत रू.२,००,०००।- (दुई लाख) दाखिला गरी मिति २०८०।०३।०३ को तारेख लिई मोरङ जिल्ला अदालतको मुद्दा फाँटबाट बाहिर निस्किँदा अदालतकै परिसरबाट जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिआएका प्रहरीले जबरजस्ती बल प्रयोग गरी नियन्त्रणमा लिई अपहरण तथा शरीर बन्धक मुद्दाको जरियालाई टेकी **"जबरजस्ती करणी मुद्दामा अनुसन्धानका लागि म्याद थप गरी अभियोगपत्र दायर गर्न झापा लान्छौं"** भनी पक्राउ पुर्जीसमेत केही नदिई नियन्त्रणमा लिए। विपक्षी जिल्ला प्रहरी कार्यालय मोरङले मलाई आफ्नो हिरासतमा गैरकानूनी थुनामा राखी (बन्दी बनाई) जिल्ला प्रहरी कार्यालय झापामा लगी झापा जिल्ला अदालतबाट मानव अपहरण तथा शरीर बन्धक मुद्दाको जरियालाई टेकी त्यही कसुरसँग सम्बन्धित गराई जबरजस्ती करणी मुद्दामा समेत गैरकानूनी तवरबाट म्याद थप, अभियोगपत्र दर्ता एवं थुनछेक आदेशसमेत गरी थुनामा राखिएको छ। मोरङ जिल्ला अदालतमा चलेको मानव अपहरण तथा शरीर बन्धक मुद्दाको अनुसन्धान तहकिकात गर्दा मिति २०८०।१०।०६ देखि मिति २०८०।०२।०१ सम्म मलाई थुनामा राखी अनुसन्धान तहकिकात गरी अभियोगपत्र दाखिल गरेको अवस्थामा नै जबरजस्ती करणी मुद्दामा पनि अनुसन्धान तहकिकात गरी एकैदिन, एकै अवस्थामा, एउटै अभियोगपत्र दाखेल गर्न सक्ने कानूनी व्यवस्था मुलुकी अपराध संहिता, २०७४ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४समेतमा रहेको अवस्था हुँदाहुँदै पनि विपक्षीहरूले एउटा मुद्दाबाट छुटी जाने भएमा मलाई अर्को मुद्दाबाट पुनः गैरकानूनी रूपमा थुनामा राख्ने प्रवृत्त धारणा राखी बदनियतका साथ एउटै कसुरमा अर्को अदालतमा अर्कै मुद्दा उठान गरी गैरकानूनी थुनालाई निरन्तरता दिएको अवस्था छ। मोरङ जिल्ला अदालतबाट नै एउटै मुद्दामा अनुसन्धान तहकिकात, अभियोजन गरी फैसला हुन सक्ने अवस्था हुँदाहुँदै पुनः झापा

जिल्ला अदालतमा लगी मुद्दा अनुसन्धान तहकिकात, अभियोजन गर्नका लागि म्याद थप गर्नेलगायतका काम कारबाहीहरू बदनियतपूर्ण रहेको छ।

विपक्षीहरूको काम कारबाही र आदेशले मलाई नेपालको संविधानको धारा १६, १७, १८, २०, ४६ समेतद्वारा प्रदत्त मौलिक हक कुण्ठित हुनुका साथै मुलुकी अपराध संहिता, २०७४ को दफा ९ एवं मुलुकी फौजदारी कार्यवधि संहिता, २०७४ को दफा ४६ समेतको विपरीत छ। यसप्रकारले म निवेदकउपर गैरकानूनी रूपमा झापा जिल्ला अदालतमा थप मुद्दा चलाई थुनामा राखी बन्दी बनाएको र निरन्तर बन्दी बनाइरहने अवस्था आएको छ । मोरङ जिल्ला अदालतमा दायर भएको मानव अपहरण तथा शरीर बन्धक मुद्दा (०७९-C१-०९५७) मा धरौटी तारेखमा छुटेको अवस्थामा त्यही जरियालाई छुट्टै कसुर कायम गरी झापा जिल्ला अदालतबाट थुनछेक आदेश गरी थुनामा राख्नेलगायतका सम्पूर्ण काम कारबाहीहरू गैरकानूनी रहेका छन्। फौजदारी न्यायको सिद्धान्तबमोजिम ठुलो खत कसुरमा सानो खत कसुर समाहित भई ठुलो सजाय मात्र हुने अवस्थामा विपक्षीहरूको सम्पूर्ण काम कारबाहीहरू गैरकानूनी, फौजदारी न्यायको सिद्धान्त एवं दोहोरो खतराको सिद्धान्तविपरीत छ। यसरी, विपक्षीहरूले मलाई प्रवृत्त धारणा बनाई एकैपटक एकै अदालतमा एकै अभियोगपत्रबाट मुद्दा चल्न / चलाउन सकिनेमा सो नगरी बदनियतका साथ पृथक्पृथक् मुद्दा चलाई लामो समयसम्म थुनामा राख्ने अभिप्रायले फरकफरक तवरले झापा जिल्ला अदालतमा समेत मुद्दा चलाई झापा जिल्ला अदालतबाट थुनामा राख्ने गरी भए गरिएका सम्पूर्ण काम कारबाही एवं आदेशहरूसमेत नेपालको संविधान, फौजदारी न्यायको मान्य सिद्धान्त, दोहोरो खतराको सिद्धान्तसमेतको विपरीत भएकोले उत्प्रेषणको आदेशले बदर गरी गैरकानूनी थुनाबाट मुक्त हुनका लागि बन्दीप्रत्यत्क्षीकरणलगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन।

<u>यस अदालतको प्रारम्भिक आदेश:</u> यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक ७ (सात) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई मोरङ जिल्ला अदालतमा दायर भएको ०७९-C१-०९५७ नं. को मानव अपहरण तथा शरीर बन्धक मुद्दा र झापा जिल्ला अदालतमा दायर भएको ०७९-C१-०७२० नं. को मानव अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणी मुद्दाको सक्कल मिसिल सम्बन्धित जिल्ला अदालतबाट झिकाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्नेसमेत यस अदालतबाट मिति २०८०।०५।०७ मा भएको आदेश।

<u>विपक्षी जिल्ला प्रहरी कार्यालय, झापाको लिखित जवाफ:</u> विपक्षी रिट निवेदक अङ्कुस भगत भन्ने अङ्गकुस भगतउपर जिल्ला प्रहरी कार्यालय मोरङबाट मिति २०८०।०१।०६ मा पक्राउ परी मानव अपहरण तथा शरीर बन्धक मुद्दा दायर भई अनुसन्धानपश्चात् सक्कल मिसिल जिल्ला सरकारी वकिल कार्यालय मोरङमा पेस गर्दा रिट निवेदकले पीडित साङ्केतिक नाम विराटनगर १२० लाई झापा जिल्ला बिर्तामोड न.पा. वडा नं. १ मा रहेको होटलमा राखी जबरजस्ती करणी गरेको भनी उल्लेख गरेको हुँदा जबरजस्ती करणीतर्फको घटनास्थल झापा जिल्लाअन्तर्गत रहेकोले जबरजस्ती करणी मुद्दामा निजउपर छुट्टै अनुसन्धान गरी झापा जिल्ला अदालतमा अभियोगपत्र दायर गर्नुपर्ने भएको हुँदा मोरङ जिल्ला अदालतबाट मिति २०८०।०२।०१ मा भएको थुनछेक

आदेशमा निज रिट निवेदक रू.२,००,०००।- धरौटीमा छुटेकोले निज विरूद्ध दायर भएको जबरजस्ती करणी मुद्दामा तत्कालै पक्राउ गरेर झापा जिल्ला अदालतमा पेस गरेकोमा निज रिट निवेदकलाई सम्मानित झापा जिल्ला अदालतको आदेशले पुर्पक्षको लागि थुनामा पठाएको हो। निज रिट निवेदकले पीडितलाई छुट्टाछुट्टै स्थानमा लगी फरकफरक कसुर गरेको हुँदा निजउपर जिल्ला प्रहरी कार्यालय मोरङबाट मानव अपहरण तथा शरीर बन्धक मुद्दामा अनुसन्धान तहकिकात भएको र यस जिल्ला प्रहरी कार्यालय झापाको मातहत इलाका प्रहरी कार्यालय अनारमनी झापामा जबरजस्ती करणी मुद्दामा अनुसन्धान तहकिकात भएको हो, निजलाई एउटै कसुरमा दोहोऱ्याई मुद्दा दायर गरी अनुसन्धान गरिएको होइन । निवेदकलाई गैरकानूनी थुनामा राखिएको होइन / छैन भन्नेसमेत बेहोराको विपक्षी जिल्ला प्रहरी कार्यालय, झापाको लिखित जवाफ।

<u>विपक्षी जिल्ला सरकारी वकिलको कार्यालय झापाको लिखित जवाफः</u> रिट निवेदकलाई इलाका प्रहरी कार्यालय अनारमनी, बिर्तामोडबाट भएको अनुसन्धानको निष्कर्षको आधारमा पीडित वर्ष १४ की सांकेतिक नाम विराटनगर १२०(क) लाई अपहरण गरी झापाको बिर्तामोड स्थित होटलमा शरीर बन्धक बनाई जबरजस्ती करणी गरेको अभियोगमा कानूनबमोजिम यस कार्यालयबाट अभियोजन गरिएको हो। झापा जिल्ला अदालतमा मानव अपहरण, शरीर बन्धक र जबरजस्ती करणी मुद्दाको अभियोग दर्ता भएपश्चात् उक्त अदालतको मिति २०८०।०२।०५ को थुनछेक आदेशबाट निवेदक कारागारमा रही मुद्दाको पुर्पक्ष हुने गरी आदेश भएको अवस्था छ। यसरी, झापा जिल्लाभित्र भएको फौजदारी कसुरको सम्बन्धमा अनुसन्धान गर्ने निकायले कानूनबमोजिम अनुसन्धान गरी उक्त अनुसन्धानको निष्कर्षको आधारमा यस कार्यालयबाट कानूनबमोजिम अभियोजन गरेको कार्य र सक्षम अदालतबाट थुनामा रहेको निज निवेदकलाई गैरकानूनी थुना भनी मान्न मिल्ने अवस्था होइन । प्रस्तुत मुद्दामा दुई कसुर दुई फरकफरक ठाउँमा भएको हुँदा यसमा दोहोरो खतराको सिद्धान्तविपरीत निवेदकलाई थुनामा राखिएको पनि देखिँदैन । साथै, निवेदकले झापा जिल्ला अदालतबाट पुर्पक्षको लागि थुनामा राखिएको अन्तरकालीन आदेश विरूद्धमा रिट क्षेत्राधिकारबाट सम्मानित अदालतमा प्रवेश गर्नुभएको देखिन्छ। झापा जिल्ला अदालतबाट भएको अन्तरकालीन आदेशउपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ एवं न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम सम्बन्धित प्रादेशिक क्षेत्राधिकार पर्ने उच्च अदालतमा निवेदन गर्न सक्ने अवस्था भई वैकल्पिक उपचारको व्यवस्था रहँदारहँदै सो उपचारको अवलम्बन नगरी निवेदक रिट क्षेत्राधिकारमा प्रवेश गर्नुभएको अवस्था छ। अतः प्रस्तुत रिट निवेदन खारेजभागी रहेको हुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी जिल्ला सरकारी वकिल कार्यालय, झापाको लिखित जवाफ।

<u>विपक्षी जिल्ला प्रहरी कार्यालय, मोरङको लिखित जवाफः</u> प्रतिवादी यी रिट निवेदक विरूद्ध मिति २०८०।०१।०३ मा परेको अपहरण तथा शरीर बन्धकसम्बन्धी कसुरमा यस कार्यालयमा दिएको जाहेरी दरखास्त दर्ता गरी अनुसन्धान कार्य सम्पन्न गरी मिति २०७१।०१।२८ मा मानव अपहरण शरीर बन्धक र जबरजस्ती करणी मुद्दामा अनुसन्धान प्रतिवेदनसहित फायल जिल्ला सरकारी वकिल कार्यालय मोरङमा पेस हुँदा जबरजस्ती करणीतर्फ छुट्टै अनुसन्धान गरी झापा जिल्ला अदालतमा अभियोगपत्र दायर गर्नुपर्ने भएको हुँदा मिसिल संलग्न कागजातहरूको प्रमाणित प्रतिलिपिसहित सम्बन्धित कार्यालयमा लेखी पठाउने भनी यस कार्यालयबाट निर्णय गरिएको तथा पीडितले मिति २०८०।०२।०२ मा जबरजस्ती करणी शीर्षकमा जाहेरी दरखास्त पेस गरेकोमा प्रतिवादी मोरङ जिल्ला अदालतमा दायर

भएको मानव अपहरण तथा शरीर बन्धक मुद्दाबाट मिति २०८०।०२।०१ मा रू.२,००,०००।- धरौटीमा छुटी गएपश्चात् निजको विरूद्ध जबरजस्ती करणीतर्फ हुने अनुसन्धानबाट भागी फरार हुन सक्ने प्रबल सम्भावना देखिएको हुँदा सोही दिन निजलाई जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरी यस कार्यालयको च.नं.१६९६१ मिति २०८०।०२।०१ को पत्रसाथ निजको विरूद्ध परेको जबरजस्ती करणी मुद्दाको अनुसन्धानको लागि आवश्यक कागजातसहित इलाका प्रहरी कार्यालय अनारमनी बिर्तामोड झापा पठाइएको हो। निवेदकलाई यस कार्यालयबाट गैरकानूनी थुनामा राखिएको छैन भन्नेसमेत बेहोराको विपक्षी जिल्ला प्रहरी कार्यालय, मोरङको लिखित जवाफ।

<u>विपक्षी झापा जिल्ला अदालतको लिखित जवाफः</u> इलाका प्रहरी कार्यालय अनारमनी झापाको च.नं. ८४९१ मिति २०८०।०२।०२ को पत्रद्वारा अङ्कुस भन्ने अङ्गकुस भगतलाई जबरजस्ती करणी मुद्दाको अनुसन्धानका सिलसिलामा मोरङ जिल्ला अदालतको गेटमा फेला पारी निजलाई तत्काल जरूरी पुर्जी दिई मिति २०८०।०२।०२ मा पक्राउ गरेकाले निजको जरूरी पक्राउ पुर्जी स्वीकृत गरिपाउँ भन्नेसमेत पत्र मागबमोजिम निजका नाममा मिति २०८०।०२।०१ मा जारी भएको जरूरी पक्राउ पुर्जी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(६) बमोजिम मिति २०८०।०२।०२ मा स्वीकृत गरिदिएको हो। साथै, निजको बयानलगायत अन्य अनुसन्धानको कार्य गर्ने प्रयोजनका लागि मिति २०८०।०२।०१ देखि मिति २०८०।०२।०३ सम्म पहिलोपटक ३ (तीन) दिनसम्म हिरासतमा राख्न मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) बमोजिम अनुमति प्रदान गरिएको हो। निज प्रतिवादीलाई जिल्ला सरकारी वकिल कार्यालय झापाबाट मिति २०८०।०२।०३ मा मानव अपरहरण शरीर बन्धक र जबरजस्ती करणी मुद्दा पेस भई यस झापा जिल्ला अदलतमा मु.नं. ०७९-८१-०७२० मा उक्त मुद्दा दर्ता भई अभियोग पत्रसाथ पेस गरेका प्रतिवादीलाई अदालतमा बयान लिई मिति २०८०।०२।०५ मा भएको थुनछेक आदेशानुसार निज प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि कारागार कार्यालय झापामा थुनामा पठाइएको हो। तत्पश्चात् उक्त मुद्दा कारबाहीको क्रममा साक्षी बकपत्रको कार्य सम्पन्न भई मिति २०८०।०५।१९ को पेसी सूचीमा चढेको अवस्था छ। अतः नियमानुसार पेस भएको मुद्दामा पेस भएका प्रतिवादीलाई थुनछेक आदेशद्वारा मुद्दा पुर्पक्षको लागि थुनामा पठाइएको र कानूनबमोजिम मुद्दाको कारबाही भइरहेको अवस्थामा प्रतिवादीको कानूनबमोजिमको थुनालाई गैरकानूनी घोषणा गर्नुपर्ने होइन, रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत विपक्षी झापा जिल्ला अदालतको लिखित जवाफ।

<u>विपक्षी कारागार कार्यालय, भद्रपुरको लिखित जवाफः</u> मुद्दा मामिलाहरूमा ठेकिएको कैद र मुद्दा पुर्पक्षका सिलसिलामा थुनामा राख्न दिएको थुनुवा तथा कैदी पुर्जी मुताबिक थुनामा र कैदमा राख्नुपर्ने यस कार्यालयको दायित्व रहेकोमा सोही दायित्व निर्वाह गर्ने क्रममा निवेदकलाई झापा जिल्ला अदालतको च.नं. १०७५५, मिति २०८०।०२।०५ को थुनुवा पुर्जीको आधारमा थुनामा राखिएको हो। यस कार्यालयले विपक्षी रिट निवेदकको नागरिक तथा संवैधानिक अधिकार हनन हुने गरी कुनै कार्य नगरेको तथा गैरकानूनी रूपमा थुनामा नराखिएको हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी कारागार कार्यालय, भद्रपुरको लिखित जवाफ।

<u>विपक्षी इलाका प्रहरी कार्यालय, अनारमनीको लिखित जवाफः</u> निवेदक अङ्कुस भगत भन्ने अङ्गका भगतउपर जबरजस्ती करणी मुद्दामा आवश्यक कारबाहीको लागि निज निवेदक प्रतिवादी र मिसिल तालुक जिल्ला प्रहरी कार्यालय, मोरङ, विराटनगरको च.नं. १६९६१ मिति २०८०।०२।०१ को पत्रसाथ यस कार्यालयमा प्राप्त

भएकोमा यस कार्यालयको कसुर दर्ता किताबमा आ.व. २०७९/०८० को मुद्दा नं. ५२८ दर्ता मिति २०८०।०२।०२ मा जबरजस्ती करणी मुद्दा दर्ता भई निज प्रतिवादीलाई पक्राउ गरी म्याद थप प्रदान भई म्याद अवधिभित्र अनुसन्धान कार्य सम्पन्न गरी मिति २०८०।०२।०३ मा यस कार्यालयको अनुसन्धान प्रतिवेदनसहित श्री जिल्ला सरकारी वकिल कार्यालय भद्रपुर झापामा सक्कल, नक्कल मिसिल पेस भई श्री जिल्ला सरकारी वकिल कार्यालय भद्रपुर झापाबाट मिति २०८०।०२।०३ मा नै अभियोग पत्रसहित सक्कल मिसिल झापा जिल्ला अदालतमा पेस भई झापा जिल्ला अदालतको मिति २०८०।०२।०५ को आदेशले निज प्रतिवादी अङ्कुस भगत भन्ने अङ्गकुस भगतलाई पुर्पक्षको लागि श्री कारागार कार्यालय, भद्रपुर, झापामा थुनामा पठाएको हो। यसरी निवेदकको थुना गैरकानूनी नभई निजलाई अदालतको आदेशबाट कानूनबमोजिम थुनामा राख्न पठाइएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी इलाका प्रहरी कार्यालय, अनारमनीको लिखित जवाफ।

<u>यस अदालतको संयुक्त इजलासको आदेश:</u> यसमा निवेदकका विरूद्ध परेको अपहरण तथा शरीर बन्धकको जाहेरीको अनुसन्धानको क्रममा जबरजस्ती करणीको वारदातको सन्दर्भसमेत उजागर भइसकेको स्थितिमा अपहरण तथा शरीर बन्धकको वारदात सुरू भएको र निवेदक / प्रतिवादी र पीडितको बसोबास भएको क्षेत्रको जिल्ला अदालतमा नै अपहरण तथा शरीर बन्धकका साथ जबरजस्ती करणी मुद्दाको समेत अभियोजन हुन सक्ने हो वा जबरजस्ती करणीको आरोपित कसुरको वारदातस्थल झापा जिल्ला अदालतको क्षेत्राधिकारभित्रको हुँदा सोही अदालतमा अभियोग पत्र दर्ता गर्नुपर्ने हो ? भन्ने जस्ता नेपालको संविधानको धारा २०(६) तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ९ एवं मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५, ४६, ५०, ५१ र ५४ को कानूनको व्याख्याको अवस्था देखिएको र उल्लिखित प्रश्नको निरूपण पूर्ण इजलासबाट हुन आवश्यक र उपयुक्त देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(ग) बमोजिम प्रस्तुत रिट निवेदन संयुक्त इजलासको दायरीको लगत कट्टा गरी पूर्ण इजलासमा पेस गर्नु भन्नेसमेत यस अदालतको संयुक्त इजलासबाट मिति २०८०।०६।१७ मा भएको आदेश।

<u>आदेश खण्ड</u>

नियमबमोजिम पेसी सूचीमा चढी यस इजलाससमक्ष निर्णयार्थ पेस हुनआएको प्रस्तुत रिट निवेदनसहितको मिसिलसमेत अध्ययन गरी हेरियो।

निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री यदुनाथ खनाल एवं विद्वान् अधिवक्ताहरू श्री देवेन्द्र कोइराला र श्री मनिषा बस्नेतले, मेरो पक्षउपर मोरङ जिल्ला अदालतमा चलेको अपहरण तथा शरीर बन्धक मुद्दाको अनुसन्धान तहकिकात भई अभियोगपत्र दाखिल गरेको अवस्थामा मोरङ जिल्ला अदालतबाट मुद्दा पुर्पक्षको क्रममा माग भएको धरौटी रकम बुझाइसकेपछि मेरो पक्षलाई सोही वारदातमा जबरजस्ती करणीको कसुरसमेत भएको भनी पुनः पक्राउ गरिएको छ। मोरङ जिल्लाबाट जबरजस्ती करणी मुद्दामा पनि अनुसन्धान तहकिकात गरी एकै दिन, एकै अवस्थामा, एउटै मुद्दामा अनुसन्धान तहकिकात, अभियोजन गरी मोरङ जिल्ला अदालतबाट फैसला गर्न सक्ने अवस्था मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४६(ग) बमोजिम हुँदाहुँदै सो नगरी विपक्षीहरूले झापा जिल्ला अदालतमा थप मुद्दा चलाई थुनामा राखी बन्दी बनाइएको अवस्था छ। यसप्रकार विपक्षीहरूबाट मेरो पक्षलाई थुनामा राख्ने गरी भएका काम कारबाहीहरू नेपालको संविधानको धारा २० को उपधारा ६ प्रतिकूल गैरकानूनी, फौजदारी न्यायको सिद्धान्त एवं दोहोरो खतराको सिद्धान्तविपरीत रहेको

छ । तसर्थ, विपक्षीहरूका ती कार्यहरू उत्प्रेषणको आदेशले बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेशले मेरो पक्षलाई थुनामुक्त गरिनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी सरकारी निकायको तर्फबाट उपस्थित हुनुभएका विद्वान् सहन्यायाधिवक्ता श्री गोविन्द खनालले, प्रतिवादी यी रिट निवेदक अपहरण तथा शरीर बन्धक मुद्दामा मोरङ जिल्ला अदालतबाट धरौटीमा छुटेपछि जबरजस्ती करणी मुद्दामा पक्राउ परेका हुन् । अपरहरण र जबरजस्ती करणी मुद्दाको पीडित एउटै व्यक्ति भए पनि घटना फरकफरक र फरकफरक स्थानमा भएको हो । अपहरण तथा शरीर बन्धकको वारदात मोरङ जिल्लामा र जबरजस्ती करणीको वारदात झापा जिल्लामा भएको देखिन्छ । यस अवस्थामा दुई अदालतमा मुद्दा चल्ने नै हुन्छ। दुवै कसुर एउटै तथा दुवै घटना एउटै होइन, फरकफरक नै हो । यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४६(ग) को कानूनी प्रावधान आकर्षित हुने अवस्था नै छैन। तसर्थ, अधिकारप्राप्त अदालतको आदेशबाट निवेदक मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा रहेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था छैन, रिट निवेदन खारेज गरिनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

यसमा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४६(ग) बमोजिम एकै घटनाको कसुरहरूको सम्बन्धमा एउटै अदालतमा अभियोग पेस गर्नुपर्नेमा मउपर मोरङ जिल्ला अदालत र झापा जिल्ला अदालतमा मुद्दा चलाइएको कानूनविपरीत रही मेरो थुना गैरकानूनी भएकोले बन्दीप्रत्यक्षीकरणको आदेशलगायतका उपयुक्त आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन दाबी तथा निवेदककलाई विधि र प्रक्रियाअनुरूप थुनामा राखेकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको प्रस्तुत रिट निवेदनमा नेपालको संविधानको धारा २०(६) तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ९ एवं मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५, ४६, ५०, ५१ र ५४ को व्याख्याको अवस्था देखिएको हुँदा उत्पन्न संवैधानिक तथा कानूनी प्रश्नको निरूपण पूर्ण इजलासबाट हुन आवश्यक र उपयुक्त देखिएको भन्ने यस अदालतको संयुक्त इजलासबाट भएको आदेशानुसार प्रस्तुत रिट निवेदन आज निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको देखिन्छ।

उपस्थित विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको उपर्युक्तानुसारको तर्कपूर्ण बहस जिकिर सुनी मिसिल संलग्न रिट निवेदन, लिखित जवाफ तथा सम्बद्ध संवैधानिक एवं कानूनी व्यवस्थालगायत यस अदालतका पूर्व निर्णयहरूसमेतको अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नहरूको सम्बन्धमा न्याय निरूपण गर्नुपर्ने देखिन आयोः

(क) प्रस्तुत विवादमा नेपालको संविधानको धारा २० को उपधारा ६ मा उल्लिखित दोहोरो खतराको सिद्धान्तको विपरीत कार्य भएको अवस्था छ वा छैन।

(ख) प्रस्तुत विवादको वारदात मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४६(ग) बमोजिमको अवस्थाको हो वा होइन, अर्थात् यी निवेदकउपर चलेको अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणीसम्बन्धी मुद्दा एउटै अदालतमा कारबाही हुनुपर्ने हो वा होइन।

(ग) यी निवेदकउपरको उल्लिखित दुवै मुद्दा एउटै अदालतमा कारबाही हुनुपर्ने हो भने कुन अदालतबाट कारबाही हुनुपर्ने हो र एका जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दा अर्को जिल्ला अदालतमा सार्न मिल्ने हो वा होइन।

(घ) प्रस्तुत रिट निवेदनमा निवेदकको

मागबमोजिम उत्प्रेषणको आदेश, बन्दीप्रत्यक्षीकरणको आदेश वा अन्य कुनै आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता छ वा छैन।

२. सर्वप्रथम, **प्रस्तुत विवादमा नेपालको संविधानको धारा २० को उपधारा ६ मा उल्लिखित दोहोरो खतराको सिद्धान्तविपरीत कार्य भएको अवस्था छ वा छैन** भन्ने प्रश्नका सम्बन्धमा विचार गर्दा, नेपालको संविधानको धारा २० को उपधारा (६) मा, ***"कुनै पनि व्यक्ति विरूद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन"*** भन्ने मौलिक हकको व्यवस्था रहेको छ। त्यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा ९ मा, ***"कुनै व्यक्ति विरूद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन"*** भन्ने कानूनी व्यवस्था रहेको छ। संविधानले गरेको मौलिक हकको व्यवस्था तथा फौजदारी न्यायको सिद्धान्तअनुसार कसैलाई पनि एउटै वा उही कसुरमा पटकपटक मुद्दा चलाउन र सजाय गर्न हुँदैन। कुनै पनि व्यक्तिलाई एउटै कसुरमा दुई पटक खतरामा राख्नु हुँदैन भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त पनि हो। नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम नेपाल कानूनसरह मान्यता प्राप्त नेपाल पक्ष रहेको International Covenant on Civil and Political Rights, 1966 (ICCPR) को धारा १४.७ मा उल्लिखित, ***"No one shall be liable to be tried or punished again for an offence for which he has already been finally convicted or acquitted in accordance with the law and penal procedure of each country."*** भन्ने व्यवस्थालाई समेत यहाँ उल्लेखन गर्नु सान्दर्भिक देखिन आउँछ। यो व्यवस्थाले हाम्रो संविधानले जस्तै वा भनौं हाम्रो संविधान र कानूनले जस्तै एकपटक अदालतमा एकै कसुरमा मुद्दा चली सजाय पाएको वा सफाइ पाएको दुवै अवस्थामा पुनः सोही कसुरमा मुद्दा चलाउनबाट रोक्छ। **यद्यपि सरसर्ती हेर्दा दोहोरो खतराको सिद्धान्तसम्बन्धी व्यवस्था स्पष्ट नै देखिन्छ तर यसमा केही प्रश्नहरू नउठ्ने होइनन्। उदाहरणको लागि मुद्दाको विषयवस्तु मूल रूपमा एउटै छ, तर नामकरण भने अर्कै गरिएको छ भने के गर्ने, त्यसैगरी मुद्दाको विषयवस्तु फरक छ तर नामकरण भने एउटै गरिएको छ; त्यसैगरी मुद्दा त चलाइयो तर विवादको स्वच्छ सुनुवाइ गरी न्याय निरूपण गर्न नभई अभियुक्तलाई भविष्यमा देशभित्र वा बाहिर चल्न सक्ने वास्तविक मुद्दाहरूबाट ढाक्ने वा छोप्ने (Shielding the Offender) को लागि चलाइएको रहेछ; त्यसैगरी कसुर गम्भीर छ तर पहिला सामान्य कसुर मानी मुद्दा चलाइयो, स्वतन्त्र र निष्पक्ष अदालतबाट मुद्दा चलाइएको पनि रहेनछ भने के गर्ने भन्ने आदि प्रश्नहरू पनि उठ्छन्। अन्तर्राष्ट्रिय कानूनमा यी कुराहरूबारे पनि व्यवस्थाहरू गरिएका छन्। उदाहरणको लागि युरोपेली मानव अधिकार महासन्धिअन्तर्गतको प्रोटोकलमा नयाँ तथ्य फेला परेमा वा पहिले गरिएको कारबाहीमा सारभूत रूपमा त्रुटि भई मुद्दाको परिणाममा नै असर पर्ने स्थितिमा पुनः मुद्दा चलाउन रोक लगाइएको छैन[26]। त्यसैगरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गर्ने रोम सन्धिको धारा २० ले दोहोरो खतराको सिद्धान्त (Ne bis in idem) बारे व्यवस्था गर्दै यदि अदालतको क्षेत्राधिकारबाट ढाक्ने वा छोप्ने उद्देश्यले पहिले मुद्दा चलाइएको वा पहिले कानूनको**

26 According to Protocol No 7 of the EHCR article 4(2), these provisions "shall not prevent the re-opening of the case... if there is evidence of new or newly discovered facts, or if there has been a fundamental defect in the previous proceedings, which would affect the outcome of the case."

उचित प्रक्रियाअन्तर्गत स्वतन्त्र र निष्पक्ष रूपमा मुद्दा नचलाइएको अवस्था रहेछ भने पछि मुद्दा चलाउन बाधा नपर्ने कुरा उल्लेख छ[27] । दोहोरो खतराको सिद्धान्तबारे चर्चा गर्दा यी पक्षहरूबारे पनि दृष्टि दिनुपर्ने हुन्छ तर प्रस्तुत विवादमा त्यस्तो अवस्था रहेको नदेखिँदा दोहोरो खताराको सिद्धान्तका यी अपवादात्मक व्यवस्थाहरूबारे थप बोल्नु आवश्यक देखिँदैन ।

३. एउटा कसुर गरेको आरोपमा एकपटक सजाय पाएपछि वा सफाइ पाएपछि सोही कसुरमा पुनः मुद्दा चलाउने वा सजाय गर्न नहुने दोहोरो खतराको सिद्धान्तबारे चर्चा गर्दा **कसुर श्रृङ्खलाबद्ध रूपमा एउटै निरन्तरतामा भएको (In Continuum) र निरन्तरतामा कसुर हुँदा विभिन्न ठाउँमा कसुर भएको अवस्थामा फरकफरक कानून लाग्ने अवस्था आयो भने के गर्ने भन्ने प्रश्न पनि उठ्न सक्छ । प्रस्तुत विवादमा अभियोजन पक्षलाई भएको द्विविधा पनि यही नै देखिन्छ । यसबारेमा स्पष्ट हुनुपर्ने कुरा के छ भने वारदातको श्रृङ्खला एउटै भए पनि त्यस्तो श्रृङ्खलाअन्तर्गत भएका कार्यहरू फरकफरक फौजदारी कानून सम्बन्धित विषय बन्न सक्दछन् । यस्तो अवस्थामा कुनै एक प्रकारको अभियोगमा मुद्दा चलाएको छ भन्ने आधारमा अर्को कसुरमा मुद्दा चलाउन बाधा पर्दैन । त्यसो गर्न दोहोरो खतराको सिद्धान्तले रोक्दैन । तर यस्तो लगातार कसुर भइरहेको अवस्थामा अलगअलग कानूनअन्तर्गत एउटै निकायमा मुद्दा चलाउने वा अलगअलग निकायमा मुद्दा चलाउने भन्ने विषयमा भने सम्बन्धित कानूनी व्यवस्थाको रोहमा हेरिनुपर्ने हुन्छ ।**

४. यही सन्दर्भमा यी निवेदक अङ्कुस भगत भन्ने अङ्गकुस भगतउपर भएको अनुसन्धान र लागेको अभियोग हेर्दा सर्वप्रथम सन्जय कुमार मण्डलले मिति २०८०।०१।०५ मा आफ्नो १४ वर्षीय नाबालिग परिवर्तित नाम विराटनगर १२०(क) लाई **"बल प्रयोग गरी धरकपट गरी झुक्यानमा पारी नियन्त्रणमा लिई कसुर गरेको र मेरो मन्जुरीबिना झुक्यानमा पारी जबरजस्ती अज्ञात ठाउँमा शरीर बन्धक पारी राखेको कारण मुलुकी अपराध संहिता, २०७४ को दफा २११ र २१२ अन्तर्गत कसुरजन्य कार्य भएको हुँदा निज शंकास्पद व्यक्तिलाई झिकी बुझी पक्राउ गरी"** सजाय गरिपाउँ भनी जाहेरी दिएको र सोही सन्दर्भमा पीडित परिवर्तित नाम विराटनगर १२०(क) को मिति २०८०।०१।०६ मा कागज हुँदा निज प्रतिवादीले आफूलाई मिति २०७९।१२।२७ मा विराटनगरबाट अशोक चोकको बाटो हुँदै महेन्द्र चोकमा पुऱ्याएर बसमा चढाई इटहरी, त्यसपछि राजविराज पुऱ्याएको र त्यहाँबाट १०।१५ मिनेटपछि पुनः विराटचोकमा लिएर आएको, त्यसको केहीबेरपछि पुनः बस चढाएर बिर्तामोड पुऱ्याई साँझमा बिर्तामोड बसपार्कमा नाम थाहा नभएको होटलमा कोठा लिई राखी राति अन्दाजी १० बजे सेक्स गरेको र सो राति पटकपटक सेक्स गरेको, भोलिपल्ट पुनः विराटचोक, त्यसपछि विराटनगर र जोगबनी लिएर गएको, भारत नर्पतगन्जमा भएको निजको मामाको घर पुऱ्याएको, सो घरमा २ दिनसम्म राखी आफूले लगाएको कानको गहनासमेत खोल्न लगाई लगेर बेचेको, त्यसपछि भारतकै फार्विसगन्जमा रहेको विवाह भवनमा पुऱ्याएर

27 Article 20(3) No person who has been tried by another court for conduct … shall be tried by the Court with respect to the same conduct unless the proceedings in the other court:
(a) Were for the purpose of shielding the person concerned from criminal responsibility for crimes within the jurisdiction of the Court; or
(b) Otherwise were not conducted independently or impartially in accordance with the norms of due process recognized by international law and were conducted in a manner which, in the circumstances, was inconsistent with an intent to bring the person concerned to justice.

५ दिनसम्म राखेर पटकपटक जबरजस्ती करणी गरेको र मिति २०८०।०१।०६ मा नेपाल फर्केर आउने क्रममा भारतको जोगबनीनजिकै नेपाल भारत बोर्डरमा आफ्नो बुबाको साथमा रहेका प्रहरीहरूले भेटी उद्धार गरेको भनी सविस्तार अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणीको विषयमा कागज गरेको पाइन्छ। यही कसुरको विषयलाई लिएर यी निवेदकउपर मुलुकी अपराध संहिता, २०७४ को दफा २११ र २१२ अन्तर्गतको कसुरमा दफा २१४(१) बमोजिम सजाय र दफा २१७ बमोजिम क्षतिपूर्तिसमेतको माग दाबी लिई मिति २०८०।०१।३१ मा मोरङ जिल्ला अदालतमा अभियोगपत्र दर्ता भएको देखिन्छ। सोही अभियोगपत्रमा **"झापा जिल्ला, बिर्तामोड न.पा., वडा नं. १ स्थित होटल भेटघाटको कोठा नं. १०२ मा राखी जबरजस्ती करणी गरेकोतर्फ घटनास्थल झापा जिल्लाअन्तर्गत रहेको हुँदा जबरजस्ती करणी मुद्दामा छुट्टै अनुसन्धान गरी झापा जिल्ला अदालतमा अभियोगपत्र दायर गर्नुपर्ने भएको हुँदा मिसिल संलग्न कागजातहरूको प्रमाणित प्रतिलिपिसहित सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउने भनी यस कार्यालयबाट निर्णय गरिएको हुँदा प्रतिवादी अङ्कुस भगत प्रस्तुत मुद्दाबाट कुनै बेहोराले छुटीजाने भएमा जबरजस्ती करणी मुद्दामा पेस गर्नका लागि खटिआएको प्रहरी कर्मचारीको जिम्मा लगाइपाउँ"** भनी उल्लेख भएबमोजिम यी निवेदकलाई मोरङ जिल्ला अदालतबाट थुनछेक भएपछि पनि नछाडी झापा जिल्लामा लगिएको र पीडित विरूद्ध लगातार कसुर भएको विषयलाई लिएर जबरजस्ती करणी गरेको भन्नेसमेत आरोपमा ऐ. संहिताको दफा २१९ को उपदफा (१), (२) र (३)(ग) तथा अपहरण र शरीर बन्धक कसुरमा ऐ. संहिताको दफा २११, २१२ र २१४ तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६७ को उपदफा (२) बमोजिम कसुर ठहर हुनुपर्ने भन्ने मागदाबी लिई मिति २०८०।०३।०३ मा झापा जिल्ला अदालतमा अभियोगपत्र पेस भई उक्त अदालतबाट मिति २०८०।०२।०५ मा निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश गरेको देखियो।

५. यसरी यी निवेदकउपर दुवै अदालतमा चलेका मुद्दाहरू हेर्दा पीडित विराटनगर १२०(क) लाई मिति २०७९।१२।२७ मा विराटनगरबाट अपहरण गरी तत्पश्चात् सप्तरीको राजविराज, झापाको बिर्तामोड त्यसपछि मोरङ हुँदै भारत लगी केही दिन विभिन्न ठाउँमा राखी पुनः मोरङ विराटनगर फर्केपछि रानीबाट निवेदक मिति २०८०।०१।०६ मा पक्राउ परेको देखिँदा **निवेदकले जे जुन कसुरहरू गऱ्यो भनिएको छ सो घटना एउटा लगातारको स्थिति (In Continuum) मा भएको देखिन आउँछ। अर्थात् दुवै जिल्लाहरूमा चलेको अपहरण र शरीर बन्धक मुद्दा एउटै कसुरको विषयलाई लिएर परेको देखिन्छ भने प्रतिवादी र पीडित एउटै रहेको अवस्था छ। अपहरणपश्चात् सोही क्रममा झापा जिल्लामा र भारतमा समेत जबरजस्ती करणी भएको भन्ने देखिन्छ। सो वारदातको विषयमा यी निवेदकउपर मोरङ जिल्लामा सक्षम निकायबाट अनुसन्धान भएको र सक्षम न्यायिक निकायसमक्ष अपहरण र शरीर बन्धकको कसुरमा मुद्दा चली विचाराधीन रहेको देखिन्छ। यस्तो स्थितिमा अपहरण र शरीर बन्धकको कसुरमा फरक स्थानको कारणले दुई पटक मुद्दा चलाइनु एउटै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन भन्ने संविधान एवं प्रचलित कानून तथा न्यायिक सिद्धान्तविपरीत देखिँदा अपहरण र शरीर बन्धकको कसुरको हकमा नेपालको संविधानको धारा २० को उपधारा ६ मा उल्लिखित दोहोरो खतराको सिद्धान्तको प्रतिकूल कार्य हुन गएको देखिन आयो।**

६. अब, जहाँसम्म जबरजस्ती करणीको प्रश्न छ, **प्रस्तुत विवादको वारदात मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४६(ग)**

बमोजिमको अवस्थाको हो वा होइन, अर्थात् यी निवेदकउपर चलेको अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणीसम्बन्धी मुद्दा एउटै अदालतमा कारबाही हुनुपर्ने हो वा होइन भन्ने दोस्रो प्रश्न छ, सोतर्फ हेर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ ले **कुनै कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार त्यस्तो कसुर भएको क्षेत्रको अदालतलाई हुने** कानूनी व्यवस्था गरेको पाइन्छ । सोही संहिताको दफा ४६(ग) ले **एकै घटनाको सिलसिलामा विभिन्न कसुरहरू विभिन्न क्षेत्रमा भएकोमा त्यस्तो कसुरहरूमध्ये कुनै कसुर भएको क्षेत्रको अदालतले मुद्दाको कारबाही र किनारा गर्न सक्ने** कानूनी व्यवस्था गरेको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाबाट एकै घटनाको सिलसिलामा विभिन्न कसुरहरू विभिन्न क्षेत्रमा भएकोमा त्यस्ता कसुरहरूमध्ये कुनै कसुर भएको क्षेत्रको अदालतले मुद्दा हेर्न सक्ने नै देखिन्छ । प्रस्तुत मुद्दामा मोरङ जिल्लामा आरोपित कसुरबारे अनुसन्धान हुँदा नै पीडित नाबालिगले आफूलाई झापा र भारतमा समेत जबरजस्ती करणी गरिएको भनी लेखाएको पाइन्छ । मोरङबाट पीडितलाई लिई गएपछि जे जस्ता कार्यहरू भएको आरोप लागेको छ ती कार्यहरू निरन्तरतामा भएको भन्ने भएबाट अपहरण र शरीर बन्धकको विषयमा अनुसन्धान गरिँदा जबरजस्ती करणीबारे अनुसन्धान भई दुवै कसुरमा एउटै अदालत अर्थात् मोरङ जिल्ला अदालतमा मुद्दा चल्न सक्ने नै देखिन्छ ।

७. वस्तुतः अदालतको क्षेत्राधिकारको सिर्जना वा त्यसको समाप्ति कानूनद्वारा मात्र हुन्छ, यो पक्षको सहजता र छनोटको विषय हुँदैन । कुनै कारण क्षेत्राधिकार नभएको अदालतसमक्ष मुद्दा पर्न आएमा त्यसको निकासा पनि कानूनद्वारा नै गरिनुपर्दछ । यस सम्बन्धमा कानूनी प्रावधानतर्फ दृष्टिगत गर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५० मा यसप्रकारको कानूनी प्रावधान रहेको पाइन्छः-

"अधिकार क्षेत्र नभएको वा बेरितको भएमा दरपिठ गर्नुपर्नेः (१) कुनै अभियोगपत्र वा उजुरीको बेहोराबाट त्यस्तो उजुरीसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने आफ्नो अधिकारक्षेत्र नभएको वा रीत नपुऱ्याई दर्ता गर्न ल्याएको देखिएमा अदालतले सोही कुरा उल्लेख गरी त्यस्तो अभियोगपत्र वा उजुरी दरपिठ गरिदिनुपर्ने छ ।

(२) अधिकारक्षेत्र नभएको कारणले उपदफा (१) बमोजिम दरपिठ भएको उजुरीको विषयमा मुद्दा गर्नुपर्ने अन्तिम हदम्याद दरपिठ भएको दिनसम्म रहेछ भने प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो उजुरी गर्ने व्यक्तिले सो दिनबाट बाटोको म्यादबाहेक पन्ध्र दिनभित्र दर्ता गर्न ल्याएमा अधिकारक्षेत्र भएको अदालतले कानूनबमोजिम दर्ता गरिदिनुपर्ने छ"

त्यसैगरी, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५१ मा यसप्रकारको कानूनी व्यवस्था रहेको पाइन्छः-

"अधिकार क्षेत्र र हदम्याद सम्बन्धमा निर्णय गर्नुपर्नेः (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दाका सम्बन्धमा अभियुक्तले बयान गर्दा वा प्रतिवादीले प्रतिउत्तरपत्र पेस गर्दा अदालतको अधिकार क्षेत्र नभएको, वादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको वा हदम्याद नभएको भन्ने प्रश्न उठाएमा अदालतले पहिले त्यस्तो प्रश्नका सम्बन्धमा निर्णय गरेर मात्र त्यस्तो मुद्दाको अन्य कारबाही अगाडि बढाउनुपर्ने छ र आफ्नो अधिकार क्षेत्रभित्र नपर्ने देखिएमा

अधिकारक्षेत्र भएको अदालतमा पठाउन आदेश दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम भएको निर्णयउपर त्यस्तो निर्णय भएको मितिले तिस दिनभित्र पुनरावेदन सुन्ने अदालतमा उजुर गर्न सकिने छ ।

(३) उपदफा (१) वा (२) बमोजिम निरूपण भएको प्रश्न पुनरावेदन सुन्ने अदालतमा पुनः उठाउन सकिने छैन ।

तर मुद्दाको रोहमा हुने अन्तरकालीन आदेशका हकमा यो व्यवस्था लागु हुने छैन ।"

८. उल्लिखित कानूनी व्यवस्थाको रोहमा हेर्दा, क्षेत्राधिकारै नभएको अदालत मुद्दाको काम कारबाही गर्न सक्षम रहँदैन भन्ने विधिशास्त्रीय मान्यतालाई हाम्रो कानूनले पनि मान्यता दिएको देखिन्छ । वस्तुतः मुद्दाको कारबाही गर्ने अख्तियारी नै नपाएको अदालतबाट मुद्दाको कारबाही र किनारा हुनु स्वच्छ सुनुवाइसम्बन्धी हककै प्रतिकूल हुन जान्छ । International Covenant on Civil and Political Rights, 1966 (ICCPR) को धारा १४.१ ले समेत सक्षम अदालतबाट सुनुवाइ हुनुपर्ने कुरालाई स्वच्छ सुनुवाइको रूपमा व्यवस्था गरेको छ । उक्त धारा १४.१ मा, ***"…In the determination of any criminal charge against him, or of his rights and obligations in a suit at law, everyone shall be entitled to a fair and public hearing by a competent, independent and impartial tribunal established by law…."*** भनी उल्लेख भएको देखिन्छ । उक्त व्यवस्थामा उल्लिखित सक्षम न्यायाधिकरण **(Competent Tribunal)** भन्ने शब्दावलीले क्षेत्राधिकारयुक्त न्यायाधिकरण भन्ने कुरालाई समेत इङ्गित गरेको हो भनी बुझ्नुपर्ने हुन्छ । यहाँ पीडितउपर गरिएको भनी प्रतिवादीउपर लगाइएको आरोप एउटा लगातारको स्थिति (In Continuum) मा भएको देखिएको अवस्था हुँदा यी निवेदकउपर चलेको अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणीसम्बन्धी मुद्दा ऐ. संहिताको दफा ४६(ग) बमोजिम सक्षम अदालतबाट गरिनुपर्ने स्वच्छ सुनुवाइको प्रचलनको लागि पनि एउटै जिल्ला अदालतबाट कारबाही हुनुपर्ने देखिन आयो । यसो गरिएमा पक्षले एउटै अदालतमा आफ्नो कुरा राख्न पाउने, पीडित र साक्षीहरूको बकपत्र जिरह गर्न सहज हुने र मुद्दाको सुनुवाइ पनि एउटै न्यायाधीशबाट हुन सक्ने भई स्वच्छ सुनुवाइको प्रवर्द्धन हुने हुन्छ ।

९. यसै सन्दर्भमा अब, **यी निवेदकउपरको उल्लिखित दुवै मुद्दा एउटै अदालतमा कारबाही हुनुपर्ने हो भने कुन अदालतबाट कारबाही हुनुपर्ने हो र एका जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दा अर्को जिल्ला अदालतमा सार्न मिल्ने हो वा होइन** भन्ने तेस्रो प्रश्नतर्फ विचार गर्दा, नेपालको संविधानको धारा १३३ को उपधारा (२) मा, ***"यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सर्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधाराण अधिकार सर्वोच्च अदालतलाई हुने छ"*** भन्ने संवैधानिक प्रावधान रहेको छ । यस संवैधानिक प्रावधानले मुद्दा मामिलाको रोहमा उत्पन्न कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका

लागि आवश्यक र उपयुक्त आदेश जारी गर्न सक्ने अधिकार यस अदालतलाई प्रदान गरेको अवस्था हुँदा यहाँ उठेको जटिलतामा उचित निकासा दिन यस अदालतले सक्ने नै देखिन्छ ।

१०. सो सन्दर्भमा प्रस्तुत विवादमा हेर्दा, यी निवेदकउपर चलेको जबरजस्ती करणी मुद्दा लगातार गरिएको वारदातको क्रममा घटेका घटनासँग सम्बन्धित हुँदा सो कसुरमा मोरङ जिल्ला अदालतमा मुद्दा चल्न सक्ने नै देखिन्छ । झापा जिल्ला अदालतमा पेस भएको मुद्दामा गरिएको अपहरण तथा शरीर बन्धकतर्फको अभियोगको हकमा सो अभियोग नेपालको संविधानको धारा २० को उपधारा (६) विपरीत रहेको देखिएको छ । उक्त अभियोग पत्रमा उल्लिखित जबरजस्ती करणीतर्फको आरोपको हकमा सो विषयको अभियोगसहितको मुद्दा मोरङ जिल्ला अदालतमा सरेमा अपहरण, शरीर बन्धक तथा जबरजस्ती करणीतर्फ एकै अदालतले मुद्दा हेरी पूर्ण न्याय गर्न सक्ने अवस्था देखिन्छ । एउटै अदालतबाट कारबाही हुँदा सबुद प्रमाणको मूल्याङ्कन र न्याय निरूपणमा समेत सहजता हुने भई व्यावहारिक रूपले समेत उचित देखिन्छ । यस अवस्थामा उल्लिखित धारा १३३ को उपधारा (२) ले यस अदालतलाई प्रदान गरेको असाधारण अधिकारअन्तर्गत झापा जिल्ला अदालतमा दायर भएको जबरजस्ती करणीसम्बन्धी अभियोग पत्रसहितको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४८(१) बमोजिम पहिले अभियोगपत्र दर्ता भएको मोरङ जिल्ला अदालतमा पठाउन मिल्ने देखिन आयो ।

११. प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश, बन्दीप्रत्यक्षीकरणको आदेश वा अन्य कुनै आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता छ वा छैन भन्ने अन्तिम प्रश्नको सम्बन्धमा विचार गर्दा, नेपालको संविधानको धारा १३३ को उपधारा (२) ले यस अदालतलाई प्रदान गरेको असाधारण अधिकारबमोजिम, यी रिट निवेदक अङ्कुस भगत भन्ने अङ्गकुस भगतउपर झापा जिल्ला अदालतमा पेस भएको मुद्दामा गरिएको अपहरण तथा शरीर बन्धकतर्फको अभियोगको हकमा सो अभियोग धारा २० को उपधारा (६) विपरीत देखिँदा खारेज गर्नुपर्ने देखिन्छ । सो मुद्दा मोरङ जिल्ला अदालतमा पठाउन मिल्ने देखिँदा सो मुद्दामा झापा जिल्ला अदालतबाट मिति २०८०।०३।०५ मा भएको थुनछेक आदेश उत्प्रेषणको आदेशले बदर गरी झापा जिल्ला अदालतमा दायर भएको जबरजस्ती करणीसम्बन्धी अभियोगपत्रसहितको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४८(१) बमोजिम मोरङ जिल्ला अदालतमा सारी दिनुपर्ने अवस्था देखिन आउँछ । यस अवस्थामा अब, सो जबरजस्ती करणी मुद्दा दर्ता गरी मोरङ जिल्ला अदालतमा दायर अपहरण र शरीर बन्धक मुद्दासँग एकैसाथ राखी यी निवेदक हाल कारागार कार्यालय, झापा, भद्रपुरमा थुनामा रहेको देखिँदा निजलाई झिकाई जबरजस्ती करणीको अभियोगमा पुनः थुनछेकतर्फ आदेश गरी बाँकी कारबाही कानूनबमोजिम सम्पन्न गर्नु भनी विपक्षीहरूका नाममा परमादेश आदेशसमेत जारी हुने अवस्था देखिन्छ । यी रिट निवेदकउपर जबरजस्ती करणीतर्फ लागेको अभियोग कायम रही मुद्दा मात्र मोरङ जिल्ला अदालतमा सारिएको हुँदा उक्त अभियोगमा मोरङ जिल्ला अदालतबाट कानूनबमोजिम कारबाही हुने नै हुँदा निवेदन मागबमोजिम हाल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आएन ।

१२. अतः माथि विभिन्न प्रकरणमा उल्लिखित आधार कारणबाट, यी रिट निवेदक अङ्कुस भगत भन्ने अङ्गकुस भगतउपर झापा जिल्ला अदालतमा पेस भएको मुद्दामा गरिएको अपहरण तथा शरीर बन्धकतर्फको अभियोगको हकमा सो अभियोग

नेपालको संविधानको धारा २० को उपधारा (६) विपरीत देखिँदा धारा १३३ को उपधारा (२) बमोजिम खारेज हुने ठहर्छ । सोही अभियोग पत्रमा उल्लिखित जबरजस्ती करणीतर्फको अभियोगको हकमा उक्त कसुरमा समेत मुद्दा हेर्न मोरङ जिल्ला अदालत सक्षम रहेको र जबरजस्ती करणी अभियोगसहितको मुद्दा मोरङ जिल्ला अदालतमा सरेमा अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणीतर्फ एकै अदालतले मुद्दा हेर्न सक्ने र त्यसो गरिँदा स्वच्छ सुनुवाइको प्रवर्द्धन हुने भई पूर्ण न्याय हुन सक्ने हुँदा झापा जिल्ला अदालतबाट मिति २०८०।०३।०५ मा भएको थुनछेक आदेश उत्प्रेषणको आदेशले बदर गरी झापा जिल्ला अदालतमा दायर भएको जबरजस्ती करणीसम्बन्धी अभियोग पत्रसहितको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४८(१) बमोजिम मोरङ जिल्ला अदालतमा सारिदिएको छ । अब, सो जबरजस्ती करणी मुद्दा दर्ता गरी मोरङ जिल्ला अदालतमा दायर अपहरण र शरीर बन्धक मुद्दासँग एकैसाथ राखी यी निवेदक हाल कारागार कार्यालय, झापा, भद्रपुरमा थुनामा रहेको देखिँदा निजलाई झिकाई जबरजस्ती करणीको अभियोगमा पुनः थुनछेकतर्फ आदेश गरी बाँकी कारबाही कानूनबमोजिम सम्पन्न गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ । यी रिट निवेदकउपर जबरजस्ती करणीतर्फ लागेको अभियोग कायम रही मुद्दा मात्र मोरङ जिल्ला अदालतमा सारिएको हुँदा उक्त अभियोगमा मोरङ जिल्ला अदालतबाट कानूनबमोजिम कारबाही हुने नै हुँदा हाल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन । प्रस्तुत आदेशको संक्षिप्त आदेश तयार गरी दिइसकेको देखिँदा यो आदेशको प्रतिलिपिसहित यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई तथा फैसला कार्यान्वयन निर्देशनालयसमेतलाई दिई प्रस्तुत आदेशको प्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु र दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा हामी सहमत छौं ।
न्या.हरिप्रसाद फुयाल
न्या.तिलप्रसाद श्रेष्ठ

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली
इति संवत् २०८० साल मार्ग २१ गते रोज ५ शुभम् ।

निर्णय नं. ११३६६

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश डा. श्री कुमार चुडाल
माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल
आदेश मिति : २०८१।४।१७
०७८-NF-०००९

मुद्दा : उत्प्रेषणसमेत

निवेदक / प्रत्यर्थी : राष्ट्रिय बिमा संस्थान, रामशाहपथ, काठमाडौंसमेत

विरूद्ध

प्रत्यर्थी / रिट निवेदक : सर्लाही जिल्ला हरिवन नगरपालिका वडा नं. ९ घर भई राष्ट्रिय बिमा संस्थान रामशाहपथ, काठमाडौंमा आठौं तहमा कार्यरत शान्ता पोखरेल भट्टराईसमेत

- **कुनै पनि कानून अवैध घोषित नभएसम्म वैध हुने । सो कानूनबमोजिम भए गरेका निर्णय एवं काम कारबाहीहरू पनि संवैधानिक एवं**

कानूनी प्रश्न उठी बदर नहुँदासम्म स्वतः वैध मानिने । प्रश्न उठी बदर गर्नुपरेमा पनि जुन विषयमा प्रश्न उठी बदर गर्नुपरेको हो सो हदसम्म मात्र बदर गर्नु मनासिब हुने । नियुक्ति पाई परीक्षणकालसमेत समाप्त भई संस्थानमा कार्यरत अन्य कर्मचारीहरूको हकमा कुनै विवाद नै नभएको अवस्थामा संस्थानबाट भए गरेका सम्पूर्ण निर्णय एवं काम कारबाहीहरू बदर गर्नु न्यायसङ्गत नहुने । तत्काल प्रचलित कानूनसम्मत निर्णय एवं काम कारबाहीलाई मान्यता प्रदान गर्नु न्यायोचित हुने ।

(प्रकरण नं.१७)

- **राष्ट्रिय बिमा संस्थानद्वारा तत्काल प्रचलित कानूनबमोजिम विज्ञापन भई उक्त विज्ञापनबमोजिम लोक सेवा आयोगबाट सञ्चालित खुला प्रतिस्पर्धात्मक परीक्षा उत्तीर्ण गरी नियुक्ति पाई संस्थानमा सेवारत कर्मचारीहरूले परीक्षणकालसमेत पूरा गरिसकेको अवस्थामा निजहरूको नियुक्तिलगायतका सम्पूर्ण काम कारबाहीसमेत बदर गर्नु अन्यायपूर्ण हुन जाने ।**

(प्रकरण नं.१९)

- **तत्काल कायम रहेको कानून वैध छ भन्ने अपेक्षाको आधारमा सम्पन्न भइसकेको प्रक्रियालाई पछि उक्त कानूनलाई बदर गर्दा सोले दिनसक्ने पश्चात्दर्शी असरको सम्बन्धमा विचारै नगरी संस्थानबाट भइसकेका सम्पूर्ण निर्णय एवं काम कारबाहीहरूसमेत बदर गर्ने गरी भएको संयुक्त इजलासको आदेश न्यायिक सिद्धान्तसमेतको प्रतिकूल रहेको देखिने ।**

(प्रकरण नं.२१)

निवेदक / प्रत्यर्थीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री ईश्वरीप्रसाद भट्टराई एवं विद्वान् अधिवक्ताहरू श्री कृपा पोखरेल र अशोक चापागाई

प्रत्यर्थी / रिट निवेदकका तर्फबाट :

अवलम्बित नजिर :

- ने.का.प.२०७८, अङ्क १, नि.नं.१०६३८
- ने.का.प.२०७३, अङ्क ७, नि.नं.९६२६
- ने.का.प.२०७१, अङ्क २, नि.नं.९११८
- ने.का.प.२०६२, अङ्क ९, नि.नं.७५९७
- ने.का.प.२०६८, अङ्क ७, नि.नं.८६४४
- ने.का.प.२०६८, अङ्क १, नि.नं.८५३३
- ने.का.प.२०५९, अङ्क ११, नि.नं.७१४८

सम्बद्ध कानून :

- नेपालको संविधान
- केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५
- न्याय प्रशासन ऐन, २०७३
- राष्ट्रिय बिमा संस्थान ऐन, २०२५
- नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१०

संयुक्त इजलासबाट फैसला गर्नेः-

मा.न्या.श्री दीपककुमार कार्की

मा.न्या.श्री हरिप्रसाद फुयाल

आदेश

न्या.सुनिलकुमार पोखरेल : न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिम यस अदालतको संयुक्त इजलासबाट मिति २०७७।११।१० मा भएको फैसला पुनरावलोकन गरिपाउँ भनी राष्ट्रिय बिमा संस्थानसमेतको तर्फबाट पर्न आएको निवेदनमा यस अदालतबाट पुनरावलोकनको अनुमति प्रदान भई पेस

हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः-

तथ्य खण्ड

हामी निवेदकहरू राष्ट्रिय बिमा संस्थानमा स्थायी नियुक्ति पाई कार्यरत रहेका छौं । बिमा संस्थानको कर्मचारी नियमावली, २०७५ लाई लोक सेवा आयोगसमेतको परामर्श लिई अर्थ मन्त्रालयको माननीय मन्त्रीस्तरको मिति २०७५।०७।१४ को निर्णयानुसार स्वीकृत भई सोही मितिदेखि संशोधित नियमावली, २०७५ लागु गरी कर्मचारी नियमावली, २०५४ खारेज भएको छ । बिमा संस्थानद्वारा मिति २०७६।०६।२५ मा प्रकाशित तह ९ को महिला समूहको पदपूर्तिमा उमेर हद उल्लेख गरेकोबाट बहालवाला कर्मचारीलाई समेत उमेर हद लाग्ने अवस्था भयो । संशोधनपूर्व रहेको कर्मचारी नियमावली, २०५४ को नियम १३(२) बमोजिम बहालवाला कर्मचारीहरूलाई उमेरको माथिल्लो हद नलाग्ने व्यवस्था नभई निवेदकहरू प्रतिस्पर्धाबाट वञ्चित भएकोले सञ्चालक समितिका अध्यक्षसमक्ष मिति २०७६।०६।१३ मा आवेदन स्वीकृतिका लागि निवेदन दिँदा कुनै प्रतिक्रिया आएन । पुनः मिति २०७६।०६।३० मा प्रशासकज्यूलाई सम्बोधन गरी निवेदन दिँदा पनि कुनै जवाफ प्राप्त भएन । कुनै पनि संस्थामा स्थायी रूपमा कार्यरत कर्मचारीहरूलाई त्यही संस्थाको खुला प्रतियोगितात्मक परीक्षामा सहभागी हुन उमेरको हद लाग्नु हुँदैन । उमेर हदको सम्बन्धमा अन्य सेवाहरूलाई हेर्दा निजामती सेवा ऐन, २०४९ मा पनि बहालवाला कर्मचारीहरूलाई उमेर हद नलाग्ने व्यवस्था गरेको छ । राष्ट्रिय बिमा संस्थानबाट छुट्टिएको राष्ट्रिय बिमा कम्पनी लिमिटेडको कर्मचारी सेवा सर्तसम्बन्धी नियमावली, २०७४ को नियम १४ को उपनियम २ मा कम्पनीको स्थायी बहालवाला कर्मचारीको लागि उमेरको हद लाग्ने छैन भन्ने व्यवस्था रहेको छ । यसरी प्रचलित कानूनविपरीत बहालवाला कर्मचारीलाई उमेरको हद लाग्ने व्यवस्थाबाट हामी निवेदकहरूको नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक हनन तथा वृत्ति विकासमा अवरोध हुन गएको भनी संविधानको धारा ४६ तथा १३३(२) बमोजिम राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ ,सोसँग सम्बन्धित पत्र, निर्णयहरूका आधारमा प्रकाशित विज्ञापन सूचनासमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी नियमावलीमा गरिएको हामीलाई नकारात्मक असर पर्ने व्यवस्था लागु नगर्नु, नगराउनु भनी परमादेश तथा प्रतिषेधको आदेश तथा अन्य उपयुक्त आदेश जारी गरिपाऊँ । साथै, सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ समेत बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदक शान्ता पोखरेल (भट्टराई) समेतको यस अदालतमा परेको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए आधार र कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं.३, ४ र ५ को हकमा आफैँ वा आफ्नो प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । अन्तरिम आदेश माग भए सम्बन्धमा विचार गर्दा निवेदकहरू नियुक्ति हुँदा साबिकको नियमावलीको नियम १३(२) मा बहालवाला कर्मचारीलाई उमेरको हद नलाग्ने व्यवस्था रहेकोमा हालको नियमावलीले सो व्यवस्थालाई हटाएको देखिँदा निवेदकहरूको वृत्ति विकासमा अपूरणीय क्षति हुने देखिएकोले हालको नियमावलीको व्यवस्था निवेदकहरूको हकमा लागु नगर्नू । निजहरूलाई सामेल नगराई परीक्षा सञ्चालन

नगर्नु, नगराउनु भनी प्रस्तुत रिट निवेदन अन्तिम किनारा नलागेसम्म सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ । सोको सूचना विपक्षीहरूलाई दिई नियमानुसार पेस गर्नुहोला भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७६।०७।०५ मा भएको आदेश ।

रिट निवेदकहरूले २०७५ साल कात्तिक १४ गतेदेखि लागु भएको राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ को व्यवस्था तथा प्रत्यर्थी अर्थ मन्त्रालयको सोही मितिको पत्र बदर माग गरी करिब एक वर्षपछि दायर गरेको रिट निवेदनमा अनुचित विलम्बको सिद्धान्त लाग्दछ । कर्मचारी नियमावली, २०७५ को नियम ३ को उपिनयम (१) ले नियमावलीको व्याख्या गर्ने अधिकार सञ्चालक समितिलाई दिएको छ भने ऐ. उपिनयम (२) मा नियमावलीको व्याख्या गर्दा कुनै कर्मचारीलाई मर्का परेमा निजले सञ्चालक समितिसमक्ष निवेदन दिनसक्ने व्यवस्था छ । यस कानूनी व्यवस्थाअनुसार परेको निवेदनउपर कारबाही हुन नपाउँदै प्रस्तुत रिट दायर गरेकोले साधारण अधिकारक्षेत्र अन्तर्गतको उपचारको टुङ्गो नलाग्दै असाधारण अधिकारक्षेत्र आकर्षित हुन नसक्ने हुँदा रिटमा अधिकारक्षेत्रको अभाव रहेको अवस्था विद्यमान छ । राष्ट्रिय बिमा संस्थान ऐन, २०२५ को दफा २९ मा भएको कानूनी व्यवस्थाका अधीनमा रही राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ तर्जुमा गरिएको र साधिकार निकायले बनाएको नियमावलीमा कर्मचारीका सेवा सर्त फेरबदल गर्न नमिल्ने हुँदैन । प्रस्तुत रिट निवेदनमा त्यस सम्मानित अदालतको अन्तरिम आदेशबमोजिम यस संस्थानमा मिति २०७६।०७।०८ मा दिएको निवेदनउपर भएको कारबाहीको परिणाम स्वरूप निवेदकहरूको परीक्षा दरखास्त फाराम दर्ता गरिएकोले निजहरू परीक्षामा सहभागी हुन कुनै बाधा छैन । रिटको प्रयोजन पूरा भइसकेको हुँदा प्रस्तुत रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रत्यर्थी राष्ट्रिय बिमा संस्थानको लिखित जवाफ ।

नेपालको संविधानको धारा २४३ को उपधारा (४) को संवैधानिक प्रावधानबमोजिम राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०५४ लाई खारेज गर्न र राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ को मस्यौदा तयार गरी लागु गर्ने सम्बन्धमा उक्त संस्थानबाट परामर्श माग भई आएको र आयोगबाट संविधानबमोजिम सङ्गठित संस्थाका कर्मचारीको सेवाका सर्तसम्बन्धी कानून, बढुवा र विभागीय कारबाहीसम्बन्धी सामान्य सिद्धान्त, २०७४ समेतका आधारमा परामर्श प्रदान गरिएको हो । राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ मा आयोगको परामर्श माग गरेको र आयोगले संविधान र सङ्गठित संस्थाका कर्मचारीको सेवाका सर्तसम्बन्धी कानून, बढुवा र विभागीय कारबाहीसम्बन्धी सामान्य सिद्धान्त, २०७४ बमोजिम परामर्श दिएको विषयलाई निवेदकहरूले आफूअनुकूल परामर्श दिनुपर्थ्यो वा कानून बन्नुपर्थ्यो भनी मागदाबी गर्न मिल्ने होइन । कानून सङ्गठनको आवश्यकता र औचित्यको आधारमा समयसापेक्ष रूपमा संशोधन तथा खारेज हुनसक्छ र संशोधित तथा खारेजी व्यवस्था सबैलाई समान रूपले लागु हुने गरी न्यायोचित पनि हुनुपर्छ । यसै तथ्यलाई मनन गरी सम्बन्धित सङ्गठित संस्थाको स्थायी रूपमा कार्यरत योग्य कर्मचारीहरूले फायल बढुवा र आन्तरिक प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुन पाइने नै हुँदा आयोगले परामर्श दिँदा समान व्यक्तिहरूका बिचमा समान हुने गरी खुला प्रतियोगितामा उम्मेदवार हुन उमेर हद लाग्ने व्यवस्था राखी परामर्श दिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रत्यर्थी लोक सेवा आयोगको लिखित जवाफ ।

राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली,

२०७५ को नियम ३ को उपनियम (२) मा यस नियमावलीको प्रयोग हुँदा कुनै कर्मचारीलाई मर्का परेमा निजले सञ्चालक समितिसमक्ष निवेदन दिनसक्ने व्यवस्थाबमोजिम निवेदकले सञ्चालक समितिसमक्ष दिएको निवेदनउपर कारबाही हुन नपाउँदै प्रस्तुत रिट दायर गरेको देखिन्छ। यसरी साधारण अधिकार क्षेत्रअन्तर्गतको कानूनी उपचारको टुङ्गो नलाग्दै असाधारण अधिकार क्षेत्र आकर्षित हुन सक्दैन। नेपालको संविधानको धारा २४३ को उपधारा (४) बमोजिम कुनै सङ्गठित संस्थाको सेवाका कर्मचारीको सेवाका सर्तसम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ। लोक सेवा आयोग ऐन, २०६६ को दफा १७ को उपदफा (३) मा आयोगबाट प्राप्त परामर्शका आधारमा सम्बन्धित निकाय वा सार्वजनिक संस्थाले आफ्नो कर्मचारीको सेवा सर्तसम्बन्धी कानून बनाउनुपर्ने छ भन्ने कानूनी व्यवस्था रहेको छ। राष्ट्रिय बिमा संस्थान सङ्गठित संस्था भएकोले उपर्युक्त संवैधानिक र कानूनी व्यवस्थाबमोजिम राष्ट्रिय बिमा संस्थान कर्मचारी विनियमावली, २०७५ मा लोक सेवा आयोगको परामर्श लिई स्वीकृत गरिएको हो। नेपालको संविधानको धारा ८२ को उपधारा (१) मा नेपाल सरकारबाट स्वीकृत नियमावलीबमोजिम नेपाल सरकारको कार्यसम्पादन हुने व्यवस्था रहेको छ। नेपाल सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा यस मन्त्रालयको कार्य विभाजनभित्र राष्ट्रिय बिमा संस्थान रहेकाले राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ मा लोक सेवा आयोगको परामर्श लिई नेपाल सरकार (मा. अर्थ मन्त्रीस्तर) को मिति २०७५।०७।१४ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको कार्य कानूनसम्मत रहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रत्यर्थी अर्थ मन्त्रालयको लिखित जवाफ।

राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ लाई नेपाल सरकारबाट स्वीकृत गर्नुपर्नेमा नगरी अर्थ मन्त्रीस्तरसम्मबाट स्वीकृत भएकोले सो कार्य संविधान तथा प्रचलित कानूनको प्रतिकूल रहेको देखिँदा उक्त कर्मचारी नियमावली र सोबमोजिम कर्मचारीको पदपूर्ति गर्ने सम्बन्धमा भए गरिएका सम्पूर्ण कामकारबाहीहरूसमेत उत्प्रेषणको आदेशले अमान्य र बदर घोषित गरिदिएको छ। अब, प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही नियमावलीको संशोधन गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत हुनका लागि केही समय लाग्ने भई प्रत्यर्थीमध्येको राष्ट्रिय बिमा संस्थानको कार्य सञ्चालनमा समेत कठिनाई आउन सक्ने देखिँदा राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ जारी हुनुपूर्व बहाल रहेको नियमावलीसमेतका कानूनी व्यवस्थाबमोजिम कर्मचारीको पदपूर्तिसम्बन्धी काम कारबाही अगाडि बढाउनु भनी प्रत्यर्थीहरूका नाममा परमादेशसमेत जारी हुने ठहर्छ भन्नेसमेत बेहोराको यस अदालतको संयुक्त इजलासबाट मिति २०७७।११।१० मा भएको अन्तिम आदेश।

रामकुमार महतो विरूद्ध नेपाल सरकार (ने. का.प. २०७१, अङ्क, २ नि.नं. ९११८) भएको मुद्दामा "कुनै कानूनको संवैधानिकताको प्रश्न उठी बदर नहुँदासम्म त्यस्तो कानूनअनुरूप भएका कार्यहरू स्वतः वैध मानिने" भनी सिद्धान्त प्रतिपादन भएको अवस्था छ। संस्थानले कर्मचारी नियमावली, २०७५ परिमार्जन गर्दा प्रचलित कानून र लोक सेवा आयोगको सामान्य सिद्धान्तबमोजिम लोक सेवा आयोगबाट परामर्श लिई उक्त नियमावली तर्जुमा गरेको कुरामा कुनै विवाद छैन। उक्त नियमावली नेपाल सरकारको स्वीकृतिको लागि पठाएको र स्वीकृत भई आएको तथ्यमा समेत विवाद छैन। निवेदक संस्थानले नेपाल सरकारसमक्ष सम्पर्क गर्ने मन्त्रालयमार्फत नै

नियमावली स्वीकृतिको लागि पठाएको र स्वीकृत भई आएपछि संस्थानमा आवश्यक पदहरूमा विज्ञापन गरी लोक सेवा आयोगको संलग्नतामा नै परीक्षा सञ्चालन भई योग्य उम्मेदवारको छनोट भएको आधारमा संस्थानमा कर्मचारीहरूको नियुक्ति भई सेवा सुचारू भएको हो । उक्त अवस्थामा प्रकाशित विज्ञापन र परीक्षा नियमानुसार नै भए गरेको छ भन्ने विश्वासको आधारमा संस्थानको सेवा छनोट गरी प्रवेश गर्ने कर्मचारीहरूको वैध अपेक्षा (Legitimate expectation) हो भन्ने कुरामा विवाद छैन । तत्काल कायम रहेको कानून वैध छ भन्ने अपेक्षाको आधारमा सम्पन्न भइसकेको प्रक्रियालाई पछि उक्त कानूनलाई बदर गर्दा दिन सक्ने पश्चात्दर्शी असरको सम्बन्धमा विचारै नगरी भइसकेको काम कारबाहीसमेत बदर गर्ने गरी भएको आदेश उल्लिखित नजिर सिद्धान्तको प्रतिकूल भई बदरभागी रहेको छ ।

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् सञ्चालक परिषद् विरूद्ध रामप्रसाद नायक (ने. का.प. २०६८ अङ्क, १ नि.नं. ८५३३) भएको मुद्दामा "नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको २०६०।०६।१२ को निर्णय कानूनविपरीत भएकोले बदर गर्ने गरी यस अदालतबाट २०६३।०६।०३ मा निर्णय हुन्छ भने सो मितिभन्दा अगावै सम्पन्न भइसकेका काम कारबाहीहरू स्वतः बदर हुने भनी अर्थ गर्न मिल्दैन । साथै काम गरेबापत सरकारी निर्णयले खाइपाइ सकेको तलब सुविधासम्बन्धी प्रश्नमा यस अदालतको उक्त फैसलाको पश्चात्दर्शी प्रभाव (Retrospective effect) हुने गरी सोही फैसलामा बोल्न मिल्ने कुरा पनि भएन । यस्तो अवस्थामा नेपाल सरकारको मिति २०६०।०६।१२ को निर्णयअनुसार खाएको तलब तथा अन्य सुविधा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्ष भोजराज घिमिरेबाट नेपाल सरकारले असुलउपर गरी लिन पाउने गरी २०६३।०६।०३ मा यस अदालतको संयुक्त इजलासबाट आदेश भएको देखिन्छ । यसरी रिट निवेदकले दाबी नै नलिएको र विवाद नभएको विषयमा अदालत आफैँ अग्रसर भई आदेश जारी गरेको देखिँदा सो हदसम्म उक्त निर्णय यस अदालतले अँगाली आएको सर्वमान्य नियमविपरीत देखिन्छ" भनी सिद्धान्त प्रतिपादन गरेको छ । उल्लिखित मुद्दामा नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको निर्णय कानूनविपरीत भई अदालतबाट बदर हुनुपूर्व सो निर्णयको आधारमा अगावै सम्पन्न भएको काम कारबाही स्वतः बदर हुने अर्थ गर्दा नियमानुसार नियुक्ति पाई सेवारत रहेका कर्मचारीहरूले खाइपाइ आएको सुविधामा प्रतिकूल असर पर्न जाने हुनाले उक्त फैसलामा पश्चात्दर्शी असर हुने गरी निर्णय गर्न नमिल्ने भनी निर्णय भएको अवस्था छ । प्रस्तुत मुद्दामा पनि संस्थानको कर्मचारी नियमावली, २०७५ बमोजिम विज्ञापन भएका पदहरूमा सम्मानित अदालतबाट भएको अन्तरिम आदेशसमेतको आधारमा रिट निवेदकहरूलाई समेत परीक्षामा सहभागी गराइएको र निजहरूको हकमा उमेर हद नलाग्ने व्याख्या हुँदा निजहरूले दिएको परीक्षाको नतिजा प्रकाशित गरी सो अवसरबाट वञ्चित नगरी आदेशको कार्यान्वयन हुनसक्ने अवस्थामा नियमानुसार लोक सेवा आयोग जस्तो संवैधानिक निकायको प्रत्यक्ष नियन्त्रणमा सञ्चालन भएको परीक्षा उत्तीर्ण गरी संस्थानमा सेवारत कर्मचारीहरूको हक हितमा निजहरूलाई सुनुवाइको मौकासमेत प्रदान नगरी सम्पूर्ण प्रक्रिया बदर गर्न कदापि न्यायसङ्गत नरही उल्लिखित नजिर सिद्धान्तको समेत प्रतिकूल हुन गएकोले फैसला पुनरावलोकनयोग्य रहेको छ । अतः उपर्युक्तबमोजिम यस अदालतको संयुक्त इजलासबाट भएको फैसला सर्वोच्च अदालतद्वारा प्रतिपादित सिद्धान्तसँग बाझिई न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा)२(खण्ड (ख) को अवस्था विद्यमान भएकोले प्रस्तुत मुद्दा पुनरावलोकन गरी प्रस्तुत निवेदनबमोजिम न्याय पाउँ भन्नेसमेत

बेहोराको राष्ट्रिय बिमा संस्थानसमेतको यस अदालतमा पर्न आएको निवेदनपत्र।

यसमा रिट निवेदकहरूले राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ ले बहालवाला कर्मचारीलाई समेत उमेर हद लाग्ने व्यवस्था गरेको र निवेदकहरूलाई राष्ट्रिय बिमा संस्थानद्वारा मिति २०७६।०६।२५ मा प्रकाशित तह ९ महिला समूहको पदपूर्तिमा प्रतिस्पर्धाबाट वञ्चित गरेकोले नियमावलीको उक्त उमेर हद लाग्ने प्रावधान र सोसँग सम्बन्धित निर्णयहरूका आधारमा प्रकाशित विज्ञापन सूचना बदर गर्न माग गरेकोमा यस अदालतबाट मिति २०७७।११।१० मा आदेश हुँदा नियमावलीबमोजिम पदपूर्ति गर्ने सम्बन्धमा भए गरिएको सम्पूर्ण काम कारबाहीहरू बदर घोषित भएको देखिँदा निवेदकले प्रश्न नै नउठाएका, प्रभावित पक्ष यस अदालतमा प्रवेश नै नगरेका र निवेदकहरूसँग सरोकार नै नभएका सम्पूर्ण विज्ञापनलगायतका पदपूर्ति प्रक्रिया बदर गर्ने गरी भएको उक्त आदेश वादीले दाबी नलिएको वा माग नगरेको विषयमा अदालत आफैँले अग्रसरता देखाई थप कुरा दिने गरी निर्णय गर्न नमिल्ने, दाबीमा सीमित रही फैसला गर्नुपर्ने दाबीको सीमा नाघेर आफैँ विवादको सिर्जना गरी वा औचित्यको तर्क दिएर दाबीभन्दा बाहिर गई निर्णय गर्न नमिल्ने भनी बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् विरूद्ध रामप्रसाद नायक (ने.का.प. २०६८, अङ्क १ नि.नं. ८५३३) र कुनै कानूनको संवैधानिकताको प्रश्न उठी बदर नहुँदासम्म त्यस्तो कानूनअनुरूप भएका कार्यहरू स्वतः वैध मानिने भनी रामकुमार महतो वि. नेपाल सरकार (ने.का.प. २०७१, अङ्क २, नि.नं. ९११८) मा यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको प्रतिकूल देखिँदा न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२) को खण्ड)ख) को आधारमा प्रस्तुत पुनरावलोकन पत्रको निवेदनलाई अनुमति प्रदान गरिदिएको छ भन्ने यस अदालतबाट मिति २०७८।०५।०३ मा भएको आदेश।

<u>आदेश खण्ड</u>

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत पुनरावलोकनको निवेदनसहित रिट निवेदनको मिसिल कागजात अध्ययन गरी निवेदक/प्रत्यर्थी बिमा संस्थानसमेतको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री ईश्वरीप्रसाद भट्टराई एवं विद्वान् अधिवक्ताहरू श्री कृपा पोखरेल र अशोक चापागाईले रिट निवेदकहरू शान्ता पोखरेल भट्टराईसमेतले राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०५४ को नियम १३(२) मा बहालवाला कर्मचारीहरूलाई खुला प्रतियोगितात्मक परीक्षामा सहभागी हुन उमेरको माथिल्लो हद नलाग्ने व्यवस्था थियो। सो व्यवस्था खारेज भई लागु भएको राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ बमोजिम खुला प्रतियोगितात्मक परीक्षामा तह ९ महिला समूहको १ पदमा पदपूर्तिको लागि मिति २०७६।०६।२५ मा विज्ञापन प्रकाशित भयो। उक्त विज्ञापनमा उम्मेदवारको माथिल्लो उमेर हद ४० वर्ष ननाघेको हुनुपर्ने भनी उल्लेख गरियो। सोही कारणबाट निवेदकहरू उक्त विज्ञापनअनुसारको परीक्षामा सहभागी हुन नपाउने अवस्था भएकाले उक्त संशोधित नियमावली र सोबमोजिम भएका निर्णय एवं काम कारबाहीसम्म उत्प्रेषणको आदेशले बदर गरी आफूहरूलाई उक्त विज्ञापनमा सहभागी गराउनुपर्ने भनी रिट निवेदनमा दाबी लिइएको छ। सोबाहेक अन्य विज्ञापनबाट छनोट भई नियुक्ति प्राप्त गरी संस्थानमा कार्यरत कर्मचारीहरूको हकमा कुनै दाबी लिइएको छैन। अतः रिट निवेदन दाबीभन्दा बाहिर गई उक्त नियमावली र सोबमोजिम बिमा संस्थानबाट भए गरिएका सम्पूर्ण निर्णय एवं काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर हुने ठहर गरेको संयुक्त इजलासको मिति २०७७।११।१० को आदेश त्रुटिपूर्ण छ। रिट निवेदकहरूलाई सोही मिति २०७६।०६।२५ को विज्ञापनअनुसारको परीक्षामा सहभागी गराई सकिएको स्थितिमा लोक सेवा आयोगको परामर्शमा निर्माण

भएको राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ र सोबमोजिम भए गरेका संस्थानका काम कारबाहीहरू कानूनसम्मत छन् । कानूनबमोजिम भए गरेका निर्णय एवं कार्यबाट रिट निवेदकहरूको संविधान तथा कानूनप्रदत्त हक अधिकार हनन नभएकोले रिट निवेदन खारेज गर्नुपर्नेमा नगरी रिट जारी गरेको संयुक्त इजलासको उक्त आदेश यस अदालतबाट प्रतिपादित विभिन्न सिद्धान्तप्रतिकूल हुँदा बदर गरी रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

प्रत्यर्थी / रिट निवेदकहरू शान्ता पोखरेलसमेतका नाउँमा यस अदालतबाट जारी भएको सूचना म्याद मिति २०७८।०७।२९ मा राष्ट्रिय बिमा संस्थानमा रीतपूर्वक तामेल भएकोमा म्यादभित्र रिट निवेदकहरू यस अदालतमा हाजिर हुन आएको देखिएन । पेसीका बखत इजलासबाट नाम पुकार गर्दासमेत रिट निवेदकहरू वा निजहरूको कुनै प्रतिनिधि इजलासमा उपस्थित भएको पाइएन । तथापि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७७ ले प्रस्तुत मुद्दाको सुनुवाइ रोकिरहनु परेन ।

उपर्युक्तबमोजिमको बहस जिकिर सुनी राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ तथा सो नियमावलीबमोजिम कर्मचारीको पदपूर्ति गर्ने सम्बन्धमा राष्ट्रिय बिमा संस्थानबाट भए गरिएका सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले अमान्य र बदर घोषित गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७७।११।१० मा भएको निर्णय आदेश मिलेको छ वा छैन ? निवेदकको निवेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा ,राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०५४ को नियम १३(२) मा बहालवाला कर्मचारीहरूलाई उमेरको माथिल्लो हद लाग्ने व्यवस्था थिएन । अर्थ मन्त्रालयको माननीय मन्त्रीस्तरको मिति २०७५।०७।१४ को निर्णयले बिमा संस्थानको कर्मचारी नियमावली, २०७५ स्वीकृत गरी लागु भएपश्चात् बिमा संस्थानद्वारा मिति २०७६।०६।२५ मा तह ९ को महिला समूहको पदपूर्तिमा उमेर हद उल्लेख गरी विज्ञापन प्रकाशित भयो । बहालवाला कर्मचारीलाई उमेर हद लाग्ने नियमावलीको उक्त प्रावधानबाट हामी निवेदकहरूको वृत्ति विकासमा अवरोध सिर्जना हुन गयो । उक्त विज्ञापनमा हामी निवेदकहरू सहभागी हुन पाएनौँ भनी राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ को बहालवाला कर्मचारीलाई उमेर हद लाग्ने प्रावधानसम्ममा प्रश्न उठाई राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ तथा सोसँग सम्बन्धित निर्णय एवं काम कारबाहीहरू र संस्थानद्वारा मिति २०७६।०६।२५ मा प्रकाशित विज्ञापनसमेत उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने रिट निवेदकहरूको मुख्य दाबी रहेछ ।

३. उक्त रिट निवेदनमा सुनुवाइ हुँदा राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ नेपाल सरकारबाट स्वीकृत गर्नुपर्नेमा नगरी अर्थ मन्त्रीस्तरबाट स्वीकृत भएकोले सो कार्य संविधान तथा प्रचलित कानूनको प्रतिकूल रहेको देखिँदा उक्त नियमावली र सोबमोजिम कर्मचारीको पदपूर्ति सम्बन्धमा भए गरिएका सम्पूर्ण काम कारबाहीसमेत उत्प्रेषणको आदेशले अमान्य र बदर घोषित गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७७।११।१० मा निर्णय भएको पाइयो ।

४. संयुक्त इजलासबाट भएको उक्त निर्णय / आदेशउपर राष्ट्रिय बिमा संस्थानको कर्मचारी नियमावली, २०७५ बमोजिम विज्ञापन भएका पदहरूमा अदालतबाट भएको अन्तरिम आदेशअनुसार रिट निवेदकहरूलाई उमेर हद नलाग्ने गरी परीक्षामा सहभागी गराइएको र निजहरूले दिएको परीक्षाको नतिजा प्रकाशित गरी परीक्षा उत्तीर्ण गरी संस्थानमा सेवारत कर्मचारीहरूको हकहितमा असर पर्ने गरी

सुनुवाइको मौकासमेत नदिई सम्पूर्ण प्रक्रिया बदर हुने गरी यस अदालतको संयुक्त इजलासबाट भएको मिति २०७७।११।१० को फैसला न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिम पुनरावलोकन गरिपाउँ भनी राष्ट्रिय बिमा संस्थानसमेतले यस अदालतमा दिएको निवेदनमा यस अदालतबाट न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२) को खण्ड (ख) को आधारमा पुनरावलोकनको अनुमति प्रदान भई निर्णयार्थ प्रस्तुत निवेदन पेस हुन आएको देखियो।

५. राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०५४ को नियम १३ को उपनियम (२) हेर्दा संस्थानको बहालवाला कर्मचारीको लागि उमेरको माथिल्लो हद लाग्ने छैन भन्ने व्यवस्था रहेको पाइन्छ । तर राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ मा सोसम्बन्धी प्रावधान राखिएको पाइँदैन । राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ लागु भएपश्चात् संस्थानद्वारा नवौँ तहको महिला समूहको व्यवस्थापक पद संख्या १ मा दरखास्त आह्वान गरी मिति २०७६।०६।२५ मा प्रकाशित खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नेसम्बन्धी संशोधित सूचनामा दरखास्त दिने अन्तिम मितिसम्म उम्मेदवारको उमेरको हद २१ वर्ष पूरा गरी ४० वर्ष ननाघेको हुनुपर्ने भनी तोकिएको देखिन्छ । सोही उमेरको माथिल्लो हद तोकिएको कारणबाट उक्त प्रतियोगितामा सहभागी हुन नपाएको भनी रिट निवेदकहरूले यस अदालतमा रिट निवेदन दिएको देखिन्छ।

६. रिट निवेदकहरू राष्ट्रिय बिमा संस्थानको विभिन्न पदमा कार्यरत स्थायी कर्मचारी रहेकोमा विवाद छैन । राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ लागु भएपश्चात् बहालवाला स्थायी कर्मचारीलाई समेत खुला प्रतिस्पर्धा गर्न उमेर हद लाग्ने भई निजहरूको वृत्ति विकासमा अवरोध सिर्जना हुन गएको देखियो । बिमा संस्थानद्वारा मिति २०७६।०६।२५ मा प्रकाशित खुला प्रतियोगिताबाट पदपूर्ति हुने विज्ञापनमा रिट निवेदकहरू सहभागी हुन पाउँ भनी दरखास्त फाराम पेस गर्दा दर्ता नभएकोमा रिट निवेदकहरूलाई सामेल नगराई परीक्षा सञ्चालन नगर्नु नगराउनु भनी यस अदालतबाट मिति २०७६।०७।०७ मा अन्तरिम आदेशसमेत जारी भएको पाइन्छ । उक्त अन्तरिम आदेशका आधारमा निवेदकहरू शान्ता पोखरेल (भट्टराई), शारदा पाण्डे लोहनी र आशाकुमारी बस्नेतको समेत परीक्षा फारम दर्ता गरी निजहरूलाई उक्त प्रतियोगितामा सहभागी गराइएको भन्ने राष्ट्रिय बिमा संस्थानसमेतको लिखित जवाफबाट देखिन्छ।

७ .राष्ट्रिय बिमा संस्थान ऐन, २०२५ ले दिएको अधिकार प्रयोग गरी बिमा संस्थान कर्मचारी नियमावली, २०५४ लाई खारेज गरी राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ बनाई लागु गरिएकोले सोको कुनै पनि प्रावधान रिट निवेदकहरूको निवेदन मागबमोजिम बदर हुनुपर्ने होइन भन्नेसमेत बिमा संस्थानसमेतको लिखित जवाफमा उल्लेख भएको पाइन्छ । निवेदकहरूको वृत्ति विकासमा असर पर्ने गरी ल्याइएको उक्त राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ नेपाल सरकारबाट स्वीकृत गर्नुपर्नेमा नगरी अर्थ मन्त्रीस्तरसम्मबाट स्वीकृत भएकोले सो कार्य संविधान तथा प्रचलित कानूनको प्रतिकूल रहेको देखिँदा उक्त कर्मचारी नियमावली र सोबमोजिम कर्मचारीको पदपूर्ति गर्ने सम्बन्धमा भए गरिएका सम्पूर्ण कामकारबाहीहरूसमेत उत्प्रेषणको आदेशले अमान्य र बदर घोषित गरिदिएको छ भनी यस अदालतको संयुक्त इजलासबाट मिति २०७७।११।१० मा रिट जारी गरेको देखियो।

८. राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०५४ लाई खारेज गरी ल्याइएको राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५

अर्थ मन्त्रीस्तरबाट स्वीकृत भएकोमा विवाद छैन। उक्त नियमावली नेपाल सरकार मन्त्रिपरिषद्बाट मात्र स्वीकृत गर्नुपर्ने हो वा नेपाल सरकार अर्थ मन्त्रीस्तरबाट पनि स्वीकृत गर्न मिल्ने हो भन्ने सम्बन्धमा अर्थ मन्त्रालयले पेस गरेको लिखित जवाफ हेर्दा" *नेपाल सरकार (कार्यविभाजन) नियमावलीबमोजिमको कार्यक्षेत्रभित्र परेका सङ्गठित संस्थाको नियमावली सम्बन्धित मन्त्रालयबाट स्वीकृत गर्नसक्ने व्यवस्थाबमोजिम राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ मा लोक सेवा आयोगको परामर्श लिई नेपाल सरकार (माननीय मन्त्रीस्तर (को मिति २०७५।०७।१४ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको"* हो भन्ने उल्लेख भएको पाइन्छ।

९. राष्ट्रिय बिमा संस्थान ऐन, २०२५ को दफा २९ को उपदफा (१) मा *"ऐनको उद्देश्य पूरा गर्न समितिले नियमहरू बनाउन सक्ने तर नेपाल सरकारबाट स्वीकृत नभई ती नियमहरू लागु नहुने"* भन्ने प्रावधान रहेको पाइन्छ । उक्त दफा २९(१) बमोजिम ऐनको उद्देश्य पूरा गर्न समितिले बनाएको नियम स्वीकृत गर्ने अधिकार नेपाल सरकार मन्त्रिपरिषद्मा निहित रहेको छ वा माननीय मन्त्रीस्तरबाट स्वीकृत गर्न मिल्ने हो भन्ने प्रश्नको सन्दर्भमा नेपालको संविधानले गरेको व्यवस्थासमेतलाई विचार गरी निष्कर्षमा पुग्नु मनासिब हुन्छ।

१०. नेपालको संविधानको धारा ७५ को उपधारा (१) मा *"नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानूनबमोजिम मन्त्रिपरिषद्मा निहित हुने"* भन्ने र ऐ. को उपधारा (३) मा *"नेपालको सङ्घीय कार्यकारिणीसम्बन्धी सम्पूर्ण काम नेपाल सरकारको नाममा हुने"* भन्ने संवैधानिक व्यवस्था भएबाट *"नेपाल सरकार"* शब्दले कार्यकारिणी अधिकार भएको मन्त्रिपरिषद्लाई जनाएको पाइन्छ। यसैगरी संविधानको धारा ७६ को उपधारा (१) मा *प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने* भन्ने तथा ऐ. को उपधारा (९) मा *प्रधानमन्त्रीसहित बढीमा पच्चिस जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्नसक्ने* भन्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ। संविधानको उक्त व्यवस्थाअनुसार मन्त्रिपरिषद् भन्नाले प्रधानमन्त्रीको अध्यक्षतामा गठित मन्त्रीहरूको समूहलाई जनाएको भनी बुझ्न सकिन्छ । यस सम्बन्धमा नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (झ) को देहाय (छ) मा *"नेपाल सरकार भन्नाले २०७२ साल असोज ३ गतेदेखि गरिएको वा गरिनुपर्ने कुनै कामका सम्बन्धमा नेपालको संविधान र अन्य कानूनबमोजिम नेपालको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषद्लाई सम्झनुपर्ने"* भन्ने व्यवस्था रहेको पाइन्छ । यसबाट नेपाल सरकार शब्दले मन्त्रिपरिषद्लाई जनाएको स्पष्ट हुन्छ।

११. केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० मा दफा १४क. थप गरेको व्यवस्था हेर्दा, *"प्रचलित कानूनमा नेपाल सरकारबाट सम्पादन हुने भनिएका विषयमध्ये देहायका विषय नेपाल सरकार, मन्त्रिपरिषद्बाट र सोबाहेकका अन्य विषय नेपाल सरकारको कार्यसम्पादन नियमावली वा नेपाल सरकारबाट अधिकार प्रत्यायोजन भएबमोजिम सम्बन्धित मन्त्री वा मन्त्रीले अधिकार प्रत्यायोजन गरेबमोजिम नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतबाट सम्पादन भएकोमा त्यस्तो कार्य नेपाल सरकारबाट सम्पादन भएको मानिने छः- (क) प्रचलित कानूनमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट सम्पादन हुने भनी उल्लेख भएका विषय, (ख) नेपाल सरकारको कार्यसम्पादन नियमावलीबमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने विषय, (ग) प्रचलित कानूनमा नेपाल सरकारमा पुनरावेदन लाग्ने भनी उल्लेख भएका विषय"* भन्ने व्यवस्था रहेको पाइन्छ। प्रस्तुत विवादमा राष्ट्रिय बिमा संस्थान ऐन, २०२५ को दफा २९(१) अनुसार समितिले बनाएका

नियमहरू नेपाल सरकारबाट स्वीकृत नभई लागु नहुने भनी प्रत्यायोजित अधिकार पुन: प्रत्यायोजन गर्न नमिल्ने भई उक्त संशोधित दफा १४क. को देहाय (क) मा उल्लिखित कानूनी व्यवस्थाअनुसार राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ नेपाल सरकार मन्त्रिपरिषद्बाट नै स्वीकृत हुनुपर्ने भई प्रत्यायोजन गर्न नसकिने देखिन्छ।

१२. यस सन्दर्भमा यस अदालतबाट प्रतिपादित सिद्धान्तहरू हेर्दा, ओजस्वी गौतमसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको उत्प्रेषण / परमादेश मुद्दा (ने. का.प.२०७८, अङ्क १, नि.नं.१०६३८) मा *"कुनै पनि कानूनमा स्पष्टसँग नेपाल सरकारबाट स्वीकृत हुने गरी विधायिकाले प्रत्यायोजित गरेको अधिकारलाई कुनै निकाय वा पदाधिकारीले निकायपिच्छे फरक फरक कार्यविधिगत प्रक्रिया अपनाउन कानूनी शासन (Rule of Law) को मान्यताबमोजिम नमिल्ने । कर्मचारी सञ्चय कोष ऐन, २०१९ बाट कोषको समितिले कानून बनाई नेपाल सरकारबाट स्वीकृत हुने गरी प्रत्यायोजित अधिकारबमोजिम कर्मचारी सेवा सर्त (एघारौँ संशोधन) नियमावली, २०७५ रीत नपुऱ्याई मन्त्रीस्तरबाट मात्र स्वीकृत गराइएको नियमावलीले वैधता प्राप्त गर्न नसक्ने* "भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । यसैगरी नेपाल सरकार विरूद्ध मन्साराम भुर्जीसमेतको नागरिकता मुद्दा (ने.का.प. २०७३, अङ्क ७, नि.नं. ९६२६) मा *"...कुनै एकजना मन्त्री नेपाल सरकारको अङ्ग भए पनि त्यसले नेपाल सरकारको पूर्ण अस्तित्वलाई जनाउन सक्ने देखिएन । यस अवस्थामा अधिकार प्रत्यायोजन गरिएकोमा बाहेक कुनै एक मन्त्रीको निर्णयलाई नेपाल सरकारको निर्णय मान्न नमिल्ने"* भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । त्यस्तै घनेन्द्रराज श्रेष्ठ विरूद्ध मन्त्री, श्रम तथा यातायात व्यवस्था मन्त्रालयसमेत भएको उत्प्रेषण मुद्दा (ने.का.प. २०६८, अङ्क ७, नि.नं. ८६४४) मा *सरकारलाई भएको कुनै अधिकार मन्त्रिपरिषद् स्वयंले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै पदाधिकारीलाई प्रत्यायोजन नगरेसम्म सरकारलाई भएको अधिकारको प्रयोग मन्त्रिपरिषद्बाहेकको अन्य निकाय वा पदाधिकारीबाट हुन नसक्ने* भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ । यसरी नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गर्नुपर्ने विवादित नियमावली अर्थ मन्त्रीस्तरबाट स्वीकृत गरेको कार्य उपर्युक्त सिद्धान्तसमेतको प्रतिकूल रहेको देखियो।

१३. अब, विवादित राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ लोक सेवा आयोगसँग परामर्श लिई निर्माण गरिएको सन्दर्भमा नेपालको संविधानको धारा २४३(४) हेर्दा *"कुनै सङ्गठित संस्थाको सेवाका कर्मचारीको सेवाका सर्तसम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने"* भन्ने व्यवस्था रहेको पाइन्छ । यस सम्बन्धमा लोक सेवा आयोगको लिखित जवाफ हेर्दा, आन्तरिक प्रतिस्पर्धात्मक परीक्षा र फाइल बढुवातर्फ उम्मेदवार बन्न नियमावलीले उमेरको बन्देज नलगाएको तर खुला प्रतियोगितात्मक परीक्षामा उमेरको हद नलगाउँदा समानताको सिद्धान्तविपरीत भई प्रतियोगितात्मक परीक्षामा भाग लिने उम्मेदवारहरूका बिच असमान व्यवहार हुन जाने भएकोले खुला प्रतियोगितात्मक परीक्षामा उमेरको हद लगाउने व्यवस्था उचित रहेको भनी उल्लेख भएको पाइन्छ । उपर्युक्त संवैधानिक व्यवस्थाका आधारमा लोक सेवा आयोगबाट परामर्श लिई निर्माण गरिएको विवादित नियमावली नेपाल सरकारबाट स्वीकृत गर्नुपर्नेमा माननीय मन्त्रीस्तरबाट मात्र स्वीकृत गरी लागु गरेको देखिँदा उक्त नियमावली स्वीकृत गर्ने प्रक्रिया कानूनसम्मत भन्ने देखिएन।

१४. राष्ट्रिय बिमा संस्थान ऐन, २०२५ बमोजिम राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली,

२०७५ लाई स्वीकृत गर्ने विषय नेपाल सरकारलाई प्रत्यायोजन गरेको हुँदा नेपाल सरकार (कार्यविभाजन) नियमावली वा अन्य स्रोतबाट मन्त्रीले स्वीकृत गर्ने अधिकार पाएको देखिँदैन । **तसर्थ, राष्ट्रिय बिमा संस्थान ऐन, २०२५ को प्रत्यायोजित व्यवस्थापनमार्फत विधायिकाले राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ लाई नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गर्ने गरी दिइएको अधिकारको विषय मन्त्रीले प्रयोग गर्नसक्ने देखिन आएन । यस स्थितिमा उक्त नियमावली माननीय मन्त्रीस्तरबाट स्वीकृत गरी लागु गरेको कार्य आफैँमा गैरसंवैधानिक र गैरकानूनी देखिएको हुँदा राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ लाई यस अदालतको संयुक्त इजलासबाट उत्प्रेषणको आदेशले अमान्य तथा बदर घोषित गरिदिएको हदसम्म उक्त निर्णय मिलेकै देखिन आयो ।**

१५. अब ,उक्त नियमावलीबमोजिम राष्ट्रिय बिमा संस्थानबाट प्रकाशित विज्ञापनलगायत सोसम्बन्धी सम्पूर्ण निर्णय एवं काम कारबाहीहरूसमेत उत्प्रेषणको आदेशले अमान्य र बदर घोषित गरेको संयुक्त इजलासको आदेश / निर्णयका सम्बन्धमा विचार गर्दा ,रिट निवेदकहरूले २०७५ सालको संशोधित नियमावलीले बहालवाला कर्मचारीलाई उमेर हद नलाग्ने भन्ने २०५४ सालको नियमावलीको व्यवस्था खारेज गरेकोले खुला प्रतियोगितामा सहभागी हुन नपाउँदा वृत्ति विकासमा अवरोध भयो भनी उमेर हदको पछिल्लो प्रावधानमा मात्र प्रश्न उठाई उक्त नियमावली उत्प्रेषणको आदेशले बदर गर्न माग गरेको देखिन्छ । तर संयुक्त इजलासको उक्त फैसलाबाट राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ तथा सोबमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरू बदर गरी सो नियमावली जारी भएपश्चात् अन्य तह र समूहका विभिन्न पदहरूमा प्रकाशित विज्ञापनहरूबाट राष्ट्रिय बिमा संस्थानमा ६८ जना स्थायी कर्मचारीहरूको नियुक्ति भएको, निजहरूको कानूनबमोजिमको परीक्षणकालसमेत समाप्त भइसकेको र केही पदहरूमा बढुवा नियुक्तिसमेत भई कार्यरत रहेको भन्ने बिमा संस्थानको निवेदन जिकिर रहेको पाइन्छ ।

१६. यसरी २०७५ सालमा जारी भएको संशोधित नियमावलीबमोजिम प्रकाशित विज्ञापनअनुसार अन्य तह र पदहरूमा भएको पदपूर्तिबाट स्थायी नियुक्ति एवं बढुवा नियुक्ति सम्बन्धमा बिमा संस्थानबाट भएका निर्णय एवं काम कारबाहीउपर रिट निवेदनमा प्रश्न उठाई दाबी लिइएको भन्ने देखिँदैन । केबल राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०५४ को नियम १३(२) मा रहेको बहालवाला कर्मचारीलाई उमेरको माथिल्लो हद नलाग्ने व्यवस्था खारेज गरी लागु गरिएको संशोधित राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ बमोजिम माथिल्लो उमेर हद वर्ष ४० राखी प्रकाशित विज्ञापनका कारण आफूहरू प्रतियोगितामा सहभागी हुनबाट वञ्चित हुनुपरेकोले सो नियमावली र सोबमोजिम भए गरिएका निर्णयहरूसमेत उत्प्रेषणको आदेशले बदर गरी आफूहरूलाई उक्त प्रतियोगितामा सहभागी गराइपाउँ भन्ने दाबी लिएको देखिन्छ ।

१७. यस स्थितिमा निवेदकहरूले रिट निवेदनमा दाबी नै नलिइएको बिमा संस्थान कर्मचारी नियमावली, २०७५ बमोजिम बिमा संस्थानद्वारा लिइएका विभिन्न प्रतियोगितात्मक परीक्षामा प्रतिस्पर्धा गरी उत्तीर्ण भएका उम्मेदवारहरू र बढुवा नियुक्ति पाएका कर्मचारीहरूसमेतलाई दिइएको नियुक्तिलगायतका सम्पूर्ण निर्णय एवं काम कारबाहीहरू बदर गर्दा रिट निवेदकहरूबाहेकका बिमा संस्थानमा कार्यरत अन्य कर्मचारीहरूमाथि घोर अन्याय (gross injustice(पर्न जाने देखिन्छ । **वस्तुतः कुनै पनि कानून अवैध घोषित नभएसम्म वैध हुन्छ । सो कानूनबमोजिम**

भए गरेका निर्णय एवं काम कारबाहीहरू पनि संवैधानिक एवं कानूनी प्रश्न उठी बदर नहुँदासम्म स्वतः वैध मानिने हुन्छ । प्रश्न उठी बदर गर्नु परेमा पनि जुन विषयमा प्रश्न उठी बदर गर्नुपरेको हो सो हदसम्म मात्र बदर गर्नु मनासिब हुन्छ । नियुक्ति पाई परीक्षणकालसमेत समाप्त भई संस्थानमा कार्यरत अन्य कर्मचारीहरूको हकमा कुनै विवाद नै नभएको अवस्था छ । यस्तोमा संस्थानबाट भए गरेका सम्पूर्ण निर्णय एवं काम कारबाहीहरू बदर गर्नु न्यायसङ्गत हुँदैन । तत्काल प्रचलित कानूनसम्मत निर्णय एवं काम कारबाहीलाई मान्यता प्रदान गर्नु न्यायोचित हुन्छ ।

१८. यस सन्दर्भमा हरिचन्द्र साह विरूद्ध जनकपुर अञ्चल कार्यालय जलेश्वर भएको उत्प्रेषण मुद्दा (ने.का.प. २०५९ अङ्क ११ नि.नं. ७१४८) मा *"निजामती सेवा नियमावली, २०५० को नियम २५(२) बमोजिम निर्धारित प्रक्रिया र सर्तको पालना नगरी नियुक्ति गरेको अवस्थामा त्यसरी नियुक्त भएका कर्मचारीलाई हटाउन सकिने व्यवस्था गरेको देखिए पनि सो नियमावलीमा प्रयुक्त ..."त्यसरी नियुक्त भएको कर्मचारीको परीक्षणकालभित्र लेखी आएमा निजलाई अवधिभित्र हटाउनुपर्ने छ" भनी नियुक्ति अनियमित ठहर भएको खण्डमा परीक्षणकालभित्र मात्र हटाउन सकिने अन्यथा नियुक्ति सदर हुन जाने अवस्था देखिन आउने"* भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ । यसैगरी सोही मुद्दामा *"प्रत्यायोजित अधिकार प्रयोग गरी पदपूर्ति गरिएको प्रक्रिया अनियमित भएको अवस्था देखिन आएमा त्यस्तो पदमा नियुक्त व्यक्तिलाई परीक्षणकालभित्र नै हटाउनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहे भएकोमा निवेदकलाई परीक्षणकाल पूरा भएपछि सेवाबाट अवकाश दिएको देखिँदा सो अवकाश दिने गरी दिएको विपक्षी आयुर्वेद स्वास्थ्य केन्द्रको मिति २०५६।११।२४ को पत्र र तत्सम्बन्धी भए गरेको निर्णय र काम कार्यबाही कानूनअनुरूप भएको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने"* भन्नेसमेत सिद्धान्त प्रतिपादन भएको पाइन्छ । रिट निवेदकहरूबाहेक संस्थानमा नियुक्त अन्य कर्मचारीहरूको परीक्षणकालसमेत समाप्त भइसकेको अवस्थामा निजहरूलाई पदबाट हटाउन कानून र न्यायको दृष्टिकोणबाट मनासिब हुने देखिएन।

१९. तिलकप्रसाद लामिछानेसमेत विरूद्ध तत्कालीन श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको उत्प्रेषण मुद्दा)ने.का.प. २०६२ अङ्क ९ नि.नं. ७५९७) मा *"प्रत्यायोजित अधिकार प्रयोग गरी पदपूर्ति गरिएको प्रक्रिया अनियमित भएको अवस्था देखिन आएमा त्यस्तो पदमा नियुक्त व्यक्तिलाई परीक्षणकालभित्र नै हटाउनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहे भएकोमा निवेदकहरूलाई परीक्षणकाल पूरा भएपछि सेवाबाट अवकाश दिएको देखिँदा सो अवकाश दिने गरी दिएको विपक्षीहरूको पत्र र तत्सम्बन्धी भए गरेको निर्णय र कामकारबाही कानूनअनुरूप भएको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने"* भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । प्रस्तुत विवादमा **राष्ट्रिय बिमा संस्थानद्वारा तत्काल प्रचलित कानूनबमोजिम विज्ञापन भई उक्त विज्ञापनबमोजिम लोक सेवा आयोगबाट सञ्चालित खुला प्रतिस्पर्धात्मक परीक्षा उत्तीर्ण गरी नियुक्ति पाई संस्थानमा सेवारत कर्मचारीहरूले परीक्षणकालसमेत पूरा गरिसकेको अवस्थामा निजहरूको नियुक्तिलगायतका सम्पूर्ण काम कारबाहीसमेत बदर गर्नु अन्यायपूर्ण हुन जान्छ ।**

२०. यसैगरी बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् विरूद्ध रामप्रसाद नायक भएको उत्प्रेषण परमादेशसमेत मुद्दा (ने.का.प. २०६८, अङ्क १ नि.नं. ८५३३) मा *"दाबीमा सीमित रही फैसला गर्नुपर्छ । न्याय सम्पादन पद्धतिको यो एउटा महत्त्वपूर्ण पक्ष हो । साथै यो न्यायिक आत्मसंयमको सिद्धान्तको*

एक प्रमुख आधार पनि हो । यसलाई न्यायको एउटा मान्य सिद्धान्तको रूपमा यस अदालतले मानी आएको छ र यसबाट विमुख (Deviate (हुनुपर्ने कुनै कारण र औचित्य नभएकाले ***दाबीको सीमा नाघेर आफैँ विवादको सिर्जना गरी वा औचित्यको तर्क दिएर अदालतले दाबी नगरिएको कुरामा वा दाबीभन्दा बाहिर गएर निर्णय गर्न नमिल्ने*** "भन्ने सिद्धान्त र रामकुमार महतो विरूद्ध नेपाल सरकार भएको उत्प्रेषण मुद्दा (ने.का.प. २०७१ अङ्क, २ नि.नं. ९११८) मा "*...कुनै कानूनको संवैधानिकताको प्रश्न उठी बदर नहुँदासम्म त्यस्तो कानूनअनुरूप भएका कार्यहरू स्वतः वैध मानिने*" भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । उपर्युक्त सिद्धान्तसमेतबाट यस अदालतको संयुक्त इजलासले मिति २०७७।११।१० मा निर्णय गर्दा रिट निवेदकहरूले प्रश्न नै नउठाएको विषय अर्थात् संस्थानमा कार्यरत अन्य स्थायी कर्मचारीहरूले प्रचलित कानूनबमोजिम प्रतिस्पर्धात्मक परीक्षा उत्तीर्ण गरी प्राप्त गरेको नियुक्तिलगायतका संस्थानबाट भए गरिएका सम्पूर्ण कार्यहरूसमेत उत्प्रेषणको आदेशले बदर गर्ने गरेको हदसम्म संयुक्त इजलासबाट भएको फैसला यस अदालतबाट प्रतिपादित उपर्युक्त सिद्धान्तप्रतिकूल रहेको देखियो ।

२१. उपर्युक्त विश्लेषणबाट बिमा संस्थानबाट पदपूर्तिको लागि प्रकाशित विज्ञापन र परीक्षाहरू नियमानुसार नै भए गरेको छ भन्ने विश्वासको आधारमा संस्थानको सेवा छनोट गरी प्रवेश गर्ने कर्मचारीहरूको वैध अपेक्षा (Legitimate expectation) हो भन्ने कुरामा विवाद छैन । साथै रिट निवेदकहरूलाई बिमा संस्थानद्वारा मिति २०७६।०६।२५ मा प्रकाशित तह ९ को महिला समूहको खुला प्रतियोगितात्मक परीक्षामा सहभागी गराइसकेको देखिएको छ । **तत्काल कायम रहेको कानून वैध छ भन्ने अपेक्षाको आधारमा सम्पन्न भइसकेको प्रक्रियालाई पछि उक्त कानूनलाई बदर गर्दा दिनसक्ने पश्चात्दर्शी असरको सम्बन्धमा विचारै नगरी संस्थानबाट भइसकेका सम्पूर्ण निर्णय एवं काम कारबाहीहरूसमेत बदर गर्ने गरी भएको संयुक्त इजलासको आदेश माथि विवेचित यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल रहेको पाइयो** ।

२२. नेपालको संविधान र प्रचलित कानूनबमोजिम नेपाल सरकारबाट स्वीकृत गर्नुपर्ने प्रकृतिको राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५, नेपाल सरकारबाट नभई माननीय अर्थ मन्त्रीस्तरबाट मात्र स्वीकृत गरी लागु गरेको स्थिति हुँदा यस अदालतको संयुक्त इजलासबाट भएको फैसला मितिदेखि लागु हुने गरी उक्त नियमावली उत्प्रेषणको आदेशले अमान्य र बदर घोषित गरी ,सो फैसला मितिपश्चात् भए गरेका निर्णय एवं काम कारबाहीहरू मात्र उत्प्रेषणको आदेशले बदर गरी उक्त नियमावली नेपाल सरकारबाट स्वीकृत गराई लागु गर्नु, सो बनाउन समय लाग्ने भए राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०५४ अनुसार नै पदपूर्तिको काम गर्नु भनी परमादेश जारी गर्नुपर्नेमा विवादित नियमावली र सोबमोजिम भए गरिएका सम्पूर्ण निर्णय एवं काम कारबाही बदर घोषित गरेको संयुक्त इजलासको मिति २०७७।११।१० को फैसला सो हदसम्म मिलेको देखिएन ।

२३. तसर्थ, माथि विवेचित तथ्य ,संवैधानिक र कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधार एवं कारणबाट राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ ,नेपालको संविधान तथा प्रचलित कानूनको प्रतिकूल रहेको देखिँदा यस अदालतको संयुक्त इजलासबाट अन्तिम आदेश भएको मिति २०७७।११।१० देखि लागु हुने गरी उत्प्रेषणको आदेशले अमान्य र बदर घोषित गरी सो मितिपश्चात् उक्त नियमावली तथा सोको आधारमा राष्ट्रिय बिमा संस्थानबाट भए गरेका रिट निवेदकले दाबी गरेका पदपूर्तिसम्बन्धी निर्णय एवं काम

कारबाहीहरू मात्र रिट निवेदकहरूको मागबमोजिम उत्प्रेषणको आदेशले बदर गर्नुपर्नेमा सो आदेश मिति २०७७।११।१० पूर्व राष्ट्रिय बिमा संस्थानबाट भए गरेकासमेत सम्पूर्ण विषयका निर्णय एवं काम कारबाहीहरू बदर हुने ठहऱ्याई संयुक्त इजलासबाट भएको अन्तिम आदेश सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई सो आदेश मितिपूर्व राष्ट्रिय बिमा संस्थानबाट रिट निवेदकहरूलाई असर नपर्ने गरी भए गरेका पदपूर्ति तथा अन्य विषयका निर्णय एवं काम कारबाहीहरू कानूनसम्मत रहेको देखिँदा सदर कायम हुने ठहर्छ। संयुक्त इजलासबाट भएको आदेश मितिदेखि लागु हुने गरी राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०७५ तथा सोबमोजिम राष्ट्रिय बिमा संस्थानबाट भए गरेका निर्णय एवं काम कारबाहीहरू उत्प्रेषणको आदेशले अमान्य र बदर घोषित गरी सो नियमावली जारी हुनुपूर्व बहाल रहेको राष्ट्रिय बिमा संस्थान कर्मचारी नियमावली, २०५४ बमोजिम कर्मचारीको पदपूर्तिसम्बन्धी काम कारबाही अगाडि बढाउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेशसमेत जारी हुने ठहऱ्याई भएको हदसम्म उक्त फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी आदेशको विद्युतीय प्रति विद्युतीय प्रणालीमा प्रविष्ट गराई मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा हाम्रो सहमति छ।
न्या.डा.कुमार चुडाल
न्या.तिलप्रसाद श्रेष्ठ

इजलास अधिकृत:- कृतिबहादुर बस्नेत
इति संवत् २०८१ साल साउन १७ गते रोज ५ शुभम्।

निर्णय नं. ११३६७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश तिलप्रसाद श्रेष्ठ
फैसला मिति : २०७९।११।१५

मुद्दाः- कर्तव्य ज्यान र अपहरण तथा शरीर बन्धक

०७४-CR-००८६

पुनरावेदक / प्रतिवादी : जिल्ला धनुषा देउरी परवाह गा.वि.स. वडा नं. २ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ बाफल बस्ने सन्तोषकुमार पण्डित

विरूद्ध

प्रत्यर्थी / वादी : रामभगत साहको जाहेरीले नेपाल सरकार

०७४-CR-००८७

पुनरावेदक / प्रतिवादी : जिल्ला महोत्तरी लक्ष्मीनिया गा.वि.स. वडा नं. ८ भरतपुर घर भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १६ नयाँबजार बस्ने जगदिश ठाकुरको छोरा रामजी ठाकुर

विरूद्ध

प्रत्यर्थी / वादी : रामभगत साहको जाहेरीले नेपाल सरकार

०७४-CR-०४०८

पुनरावेदक / प्रतिवादी : जिल्ला सर्लाही गा.वि.स. हरिपुर्वा वडा नं. ८ घर भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९

सामाखुशी बस्ने गनेसी ठाकुरको छोरा धर्वेन्द्र ठाकुर

विरूद्ध

प्रत्यर्थी / वादी : रामभगत साहको जाहेरीले नेपाल सरकार

०७४-CR-०५२१

पुनरावेदक / प्रतिवादी : जिल्ला तनहुँ स्याम्घा गा.वि.स. वडा नं. ३ घर भई काठमाडौं जिल्ला इचङ्गुनारायण गा.वि.स. वडा नं.६ तिनघरे बस्ने लालबहादुर दुराको छोरा आशिष दुरा

विरूद्ध

प्रत्यर्थी / वादी : रामभगत साहको जाहेरीले नेपाल सरकार

०७४-CR-०९३६

पुनरावेदक / प्रतिवादी : जिल्ला महोत्तरी निगौल गा.वि.स. वडा नं. ७ घर भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ बाफल बस्ने नारायण ठाकुरको छोरा भोला भन्ने देवेन्द्र ठाकुर

विरूद्ध

प्रत्यर्थी / वादी : रामभगत साहको जाहेरीले नेपाल सरकार

०७४-CR-१५३६

पुनरावेदक / वादी : रामभगत साहको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला महोत्तरी निगौल गा.वि.स. वडा नं. ७ घर भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ बाफल बस्ने भोला भन्ने देवेन्द्र ठाकुरसमेत

- **कसुरको अवस्थालाई जरियाको सिद्धान्त (Doctrine of Causation) को सन्दर्भमा हेर्दा प्रतिवादीहरूले अपहरण गरी लगेको कार्यकै परिणामस्वरूप मृतकको मृत्यु हुन पुगेको अवस्था भए जरियाको सिद्धान्त (Doctrine of causation) आकर्षित हुनेतर्फ विचार गर्न सकिने । किनभने Doctrine of Causation को सिद्धान्त "a man can only be held liable for the consequences of his actions" भन्ने मान्यतामा आधारित हुन्छ । जरियाको सिद्धान्त (Doctrine of Causation) स्थापित हुन मुख्य गरी Factual Causation र Legal Causation बिचको सम्बन्ध स्थापित हुनुपर्ने । अभियुक्तले गरेको कसुरजन्य कार्यको chain of causation भङ्ग भएको देखिन्छ भने पछिल्लो कसुरबापतको दायित्व अभियुक्तले बेहोर्नु नपर्ने ।**

(प्रकरण नं.१६)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री सुवर्णमान बनेपाली

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री यदुनाथ खनाल, श्री रामप्रसाद भट्टराई तथा विद्वान् अधिवक्ताहरू श्री रामप्रसाद ढुङ्गेल, श्री विरेन्द्रप्रसाद साह, श्री रामप्रसाद ढुङ्गेल, श्री भिमप्रसाद धिमाल, श्री दिपेन्द्र अधिकारी, श्री वीरेन्द्र कुमार ठाकुर र श्री सहदेव झा

अवलम्बित नजिर :

- ने.का.प.२०७५, अङ्क ७, नि.नं.१००५९

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१
- मुलुकी अपराध संहिता, २०७४

- केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४
- फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४

सुरू तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री राजेशकुमार काफ्ले
काठमाडौं जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री उमेशराज पौड्याल
माननीय न्यायाधीश श्री रमेशकुमार खत्री
उच्च अदालत पाटन

फैसला

न्या.तिलप्रसाद श्रेष्ठ : न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने भनी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ :

मुद्दाको संक्षिप्त तथ्य

मिति २०६८।०८।०२ गते दिउँसो ९८०८७९९५६७ नं. बाट मेरो मोबाइल नं.९८४४०५१५१२ मा फोन सम्पर्क गरेर तिम्रो छोरा शुभमकुमार साह मेरो साथमा छ ५० लाख रूपैयाँ फिरौती लिएर आउनु भनी फोन काटेको हुँदा म जनकपुरदेखि काठमाडौं आई बाफलमा मेरो भतिजोसँगै कोठामा बसी कक्षा ३ मा अध्ययनरत ११ वर्षको मेरो छोरा शुभमकुमार साहको खोजतलास गर्दा फेला नपरेकोले मेरो छोराको खोजतलास गरी अपहरणकारी पत्ता लगाई कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०६८।८।३ गतेको रामभगत साहको निवेदन।

मिति २०६८।०८।०७ गते काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ९ सिनामंगल चोकमा पछि नाम, थर, वतन खुलेको रामजी ठाकुरलाई फेला पारी निजको शरीर तलासी लिँदा ९८०८२३१६१७ नम्बरको सिमकार्ड र सामसुङ मोबाइल थान-१ फेला परेको हुँदा बरामद गरी निजलाई पक्राउसमेत गरिएको भन्नेसमेत बेहोराको मिति २०६८।८।७ गतेको खानतलासी तथा बरामदी मुचुल्का।

मिति २०६८।०८।०७ गते काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ कपुरधारास्थित धर्वेन्द्र ठाकुरको कोठा तलासी लिँदा कालो छालाको जुत्ता, जुराफ, PACIFIC लेखिएको क्याप, फ्रुटीको खाली बट्टा, औषधीसहितको सिरिन्ज, सलाइन पानी चढाउने सिरिन्ज थान-१ समेत बरामद गरी निज धर्वेन्द्र ठाकुरलाई पक्राउसमेत गरिएको भन्नेसमेत बेहोराको मिति २०६८।८।७ गतेको खानतलासी तथा बरामदी मुचुल्का।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ कपुरधारास्थित धर्वेन्द्र ठाकुरको कोठामा जाहेरवाला रामभगत साहको वर्ष ११ को छोरा शुभमकुमार साहलाई अपहरण गरी बन्धक बनाई राखी फिरौती मागी निज शुभमकुमार साहलाई कर्तव्य गरी मारेका हौं भनी प्रतिवादी धर्वेन्द्र ठाकुर, भोला ठाकुर, रामजी ठाकुर, लालबाबु ठाकुरले बताएको हुँदा तत्काल खटिएको प्रहरीको डोरले घटनास्थल मुचुल्का तयार परेको हो भन्नेसमेत बेहोराको मिति २०६८।८।७ गतेको घटनास्थल मुचुल्का।

गौशाला चोकमा प्रतिवादी सन्तोष पण्डितलाई पक्राउ गरी निजको शरीर तलासी लिँदा निजको साथमा रहेको पर्सबाट जाहेरवालालाई धम्क्याउन प्रयोग भएको ९८१३५०९८०३ नं.को सिमकार्ड तथा नोकिया मोबाइल बरामद भएको भन्नेसमेत बेहोराको मिति २०६८।८।७ गतेको खानतलासी तथा बरामदी मुचुल्का।

जाहेरवाला राम भगत साहको छोरा वर्ष ११ को शुभमकुमार साहलाई अपहरण गरेर बन्धक

बनाई ५० लाख फिरौती रकम माग गर्ने कार्यमा संलग्न व्यक्तिहरूको खोजतलास गर्ने क्रममा बालक शुभमकुमार साहलाई स्कुल जान लागेको अवस्थामा कालो रंगको आपाचे मोटरसाइकल चलाई बालकलाई अपहरण गरी लैजाने भोला भन्ने देवेन्द्र ठाकुरको साथी रहेको भन्ने खुलेको हुँदा मिति २०६८।०८।०७ गते निज भोला भन्ने देवेन्द्र ठाकुरलाई खोजतलास गर्ने क्रममा काठमाडौं जिल्ला बाफलस्थित कपाल काट्ने सैलुनमा फेला पारी सोधपुछ गर्दा अपहरित बालक शुभमकुमार साहलाई मलगायत सन्तोषकुमार पण्डित, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, लालबाबु ठाकुर र मोटरसाइकल चलाउने भोलाको साथीसमेतले अपहरण गरी सामाखुशीस्थित धर्वेन्द्र ठाकुरको कोठामा सन्तोष पण्डित र धर्वेन्द्र ठाकुरले बन्धक बनाई राखेको भन्ने बताएपछि निज प्रतिवादीलाई साथमा राखी अपहरित बालकलाई छुटाउन सामाखुशीतर्फ जाने क्रममा रामजी ठाकुरलाई काठमाडौं जिल्ला सिनामंगलमा पक्राउ गरी खानतलासी गर्दा फिरौती माग गर्न प्रयोग भएको सिमकार्डसहितको मोबाइल फेला परी बरामदी मुचुल्कासमेत तयार गरी निज रामजी ठाकुरसमेतलाई लिई धर्वेन्द्र ठाकुरको कोठामा जाँदा बालक फेला नपरेको तर बच्चाले लगाएको जुत्तासहितका दसीका प्रमाण फेला परेको हुँदा बरामदी मुचुल्का तयार गरी बालक कहाँ छन् भनी धर्वेन्द्रलाई सोधपुछ गर्दा सन्तोष पण्डितले बालकलाई कर्तव्य गरी मारी लगेका छन्, लास कहाँ छ मलाई थाहा भएन बच्चालाई मेरो डेरा कोठामा पहिला सिरिन्ज दिई बेहोस बनाएपछि मुख थुनी मारेको हो, अपहरणकारीमध्ये लालबाबु ठाकुर नयाँबजारमा छन् भनी बताएकोले निजसमेतलाई साथमा लिई काठमाडौं महानगरपालिका नयाँबजारबाट लालबाबु ठाकुरलाई पक्राउ गरिएको र निजले सन्तोष पण्डित गौशालातिर लुकीछिपी बसेको हुनसक्छ भनी बताएकोले निजलाई समेत साथ लिई काठमाडौं जिल्ला गौशाला गई सो स्थानबाट सन्तोष पण्डितलाई फिरौती रकम माग गर्न प्रयोग भएको ९८१३५०९८०३ नं. को सिमकार्ड र मोबाइलसहित फेला पारी बरामदी मुचुल्कासमेत तयार पारी बालक शुभमकुमार साह र अपहरणमा प्रयोग भएको अपाचे मोटरसाइकल कहाँ छ भनी सोधपुछ गर्दा अपहरित बालकलाई मारेको स्वीकार गरेको र अपहरणमा प्रयोग भएको मोटरसाइकल दिपक बलामीले खोजिदिएका हुन्, दिपक बलामी अहिले सितापाइलामा छन् भनी बताएकोले निजलाई समेत साथै राखी सो स्थानमा जाँदा दिपक बलामीलाई फेला पारी पक्राउ गरिएको र निजलाई ऐन मौकामा सोधपुछ गर्दा बालकलाई अपहरण गरी मोटरसाइकल चलाई लैजाने आशिष दुरा हुन्, निजलाई तिनकुने बानेश्वरतिर फेला पार्न सकिन्छ भनी बताएकोले बानेश्वर तिनकुनेमा पुगी आशिष दुरालाई पक्राउ गरी अपहरित बाल शुभमकुमार साह र अपहरण गर्दा प्रयोग भएको मोटरसाइकलसमेतको खोजतलास कार्य जारी रहेको छ। हाल पक्राउ परेका प्रतिवादीहरू भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, सन्तोष पण्डित, लालबाबु ठाकुर, दिपक बलामी र आशिष दुरालाई आवश्यक कारबाहीका लागि दाखिला गरिएको छ भन्नेसमेत बेहोराको मिति २०६८।८।७ गतेको प्रहरी प्रतिवेदन।

म जाहेरवालाको छोरा वर्ष ११ को शुभमकुमार साहलाई चर्म रोग भएको र तराईमा उपचार राम्रो नहुने भएकोले उपचार गर्न र शिक्षासमेत दिलाउन भनी भतिजा विजय साहसँग डेरामा राखी हारती माध्यमिक विद्यालयमा पढाउँदै आएको थिएँ। मिति २०६८।०८।०२ गते अपरिचित नम्बर ९८०८७९९५६७ बाट अपरिचित मान्छेले मेरो ९८४४०५१५१२ मा फोन सम्पर्क गरी तिम्रो छोरा मेरो कब्जामा छ, रू.५०,००,०००।– (पचास लाख रूपैयाँ) फिरौती लिएर आउनु भनी पटकपटक फोन गरेकोले मिति २०६८।०८।०३ मा बालक खोजतलास गरिपाउँ भन्ने निवेदन दिई खोजतलास भइरहेकोमा

९८१३५०९८०३ नम्बरबाट मेरो मोबाइल नम्बर ९८४४०५१५१२ मा पटकपटक फोन सम्पर्क गरेर रू.४०,००,०००।– (चालिस लाख) फिरौती रकम देउ, हैन भने बालकलाई मारिदिन्छु भनी धम्की दिएकोले अनुसन्धानको क्रममा खुल्न आएका प्रतिवादीहरू भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, सन्तोष पण्डित, लालबाबु ठाकुर, दिपक बलामी र आशिष दुराले फिरौतीको लागि मेरो छोरालाई अपहरण गरेको यकिन भएकोले निजहरू विरूद्ध जाहेरी दिन आएको छु। निजहरू पक्राउ परे पनि मेरो छोरा कहाँ छ, फेला नपरेकोले निज प्रतिवादीहरू भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, सन्तोष पण्डित, लालबाबु ठाकुर, दिपक बलामी र आशिष दुरालाई अपहरण तथा शरीर बन्धकको कसुरमा हदैसम्मको कारबाही गरी मेरो छोराको उद्धार गरिपाऊँ । प्रतिवादीले फिरौतीको धम्की दिएको भ्वाइस रेकर्डको सि.डी.समेत पेस गरेको छु, प्रमाणमा लगाइपाउँ भन्नेसमेत बेहोराको रामभगत साहले मिति २०६८।८।७ गते दिएको जाहेरी दरखास्त।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कलंकी स्थितमा सिता यातायातको काउन्टरमा Pierre Cardin लेखिएको सानो ताल्चा लगाइएको कालो रंगको सुटकेस फेला परेको, सो सुटकेस खोली हेर्दा सुटकेसभित्र पहेँलो रंगको बोरामा सामान पोको पारी राखेको जस्तोमा कपडाको डोरीले मुख बाँधेको, उक्त बोराबाट दुर्गन्ध आइरहेको, डोरी काटी बोराभित्र हेर्दा टाउको डल्लो भइरहेको मृतक बालकको लास रहेको, बालकको हात, गोडा, टाउको, शरीर एउटै ठाउँमा पोको पारी राखेको, सो बोराबाट बाहिर निकाली हेर्दा मृतक लासको कपडामा रगत जस्तो पदार्थ लागेको, कपडा खोलेर हेर्दा टाउको सामान्य, अनुहारको पूरै भाग निलो कालो भएको, दुवै आँखा बन्द, नाक मुखबाट रगत जस्तो तरल पदार्थ निस्केको, कान, चिउँडो, घाँटी सामान्य, हात औंला पाखुरासमेत सामान्य, पेटको भागमा पुरानो दाग अन्य शरीरको भाग सामान्य अवस्थामा रहेको, कुनै चोटपटक नरहेको, मलद्वारबाट दिसा निस्केको मृतकको लाससहित मृतक लास प्याक गरिएको कालो रंगको सुटकेस र पहेँलो रंगको बोरासमेत बरामद गरिएको भन्नेसमेत बेहोराको मिति २०६८।८।७ गतेको घटनास्थल एवं लास जाँच मुचुल्का।

मृतक बालकको सुटकेससहितको बरामदी लास प्रकृतिको फोटाहरू मिसिल सामेल रहेको।

मिति २०६८।०८।०२ गते काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ बाफलबाट भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, लालबाबु ठाकुर, सन्तोष पण्डित, दिपक बलामी र आशिष दुरासमेतले मेरो छोरा वर्ष ११ को शुभमकुमार साहलाई अपहरण गरेर बन्धक बनाई ९८०८७९९५६७ र ९८१३५०९८०३ नम्बरबाट मेरो मोबाइल नम्बर ९८४४०५१५१२ मा फोन सम्पर्क गरेर ५० लाख रूपैयाँ फिरौती रकम माग गर्नुको साथै कपुरधारा स्थित तुलसीनारायण महर्जनको घरमा डेरा गरी बस्ने धर्वेन्द्र ठाकुरको कोठामा मिति २०६८।०८।०४ गते निर्मतापूर्वक कर्तव्य गरी हत्या गरी मिति २०६८।०८।०७ गते कलंकीमा लास फ्याँकेको थाहा हुन आएको र मृतक लास काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१४ कलंकीस्थित बस काउन्टरमा रहेको सुटकेसमा प्याक गरिएको अवस्थामा लास फेला परी सो लास चिनी सनाखत गर्दा मेरो छोरा शुभमकुमार साहको भएको यकिन भएकोले सनाखत गरिदिएको छु। निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलबमोजिम कार्यबाही चलाई हदैसम्मको सजाय गरिपाऊँ । साथै, मृतक छोराको सद्गत गर्ने अनुमतिसमेत पाउँ भनी रामभगत साहले कर्तव्य ज्यानसमेत मुद्दामा मिति २०६८।८।८ गते दिएको जाहेरी दरखास्त।

पक्राउमा परेका प्रतिवादीलाई मुलुकी

ऐन, अ.बं. १७३ नम्बरबमोजिम सनाखत परेडमा राखी सनाखत गराइँदा मिति २०६८।०८।०४ गते कलंकीस्थित सुपर सिता यातायातको काउन्टरमा आई टिकट काटेर ना ३ ख २६०४ नम्बरको बसमा कालो सुटकेस राख्ने व्यक्ति यिनै हुन्, पेट्रोल पम्पसम्म पुग्दा पनि सुटकेससँग सम्बन्धित व्यक्ति नआएकोले कलंकीस्थित काउन्टरमा फिर्ता ल्याइएको र सोही सुटकेस प्रहरी कर्मचारीले ऐ.७ गते खोल्दा मृतक बालकको लास फेला परेको हो भनी प्रतिवादी सन्तोषकुमार पण्डितलाई चिनी मिति २०६८।८।८ गतेको चुडामणी चौधरीले गरिदिएको सनाखत कागज।

पक्राउमा परेका प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १७३ नम्बरबमोजिम सनाखत परेडमा राखी सनाखत गराइँदा मिति २०६८।०८।०४ गते कलंकीस्थित काउन्टरमा आई टिकट काटेर ना. ३ ख २६०४ नम्बरको बसमा कालो सुटकेस राख्ने व्यक्ति यिनै हुन्, पेट्रोल पम्पसम्म पुग्दा पनि सुटकेससँग सम्बन्धित व्यक्ति नआएकोले कलंकीस्थित काउन्टरमा फिर्ता ल्याइएको र सोही सुटकेस प्रहरी कर्मचारीले ऐ. ७ गते खोल्दा मृतक बालकको लास फेला परेको हो भनी प्रतिवादी सन्तोषकुमार पण्डितलाई चिनी मिति २०६८।८।८ गतेको सन्तोष मल्लले गरिदिएको सनाखत कागज।

म ३ वर्षदेखि सिता यातायातमा बुकिङको काम गर्दै आएको छु । मिति २०६८।०८।०७ गते सोही काउन्टरमा काम गर्ने चुडामणी चौधरीले फोन गरी काउन्टरमा रहेको सुटकेसभित्र मृतक बालकको लास रहेको भनी बताएपछि म काउन्टरमा पुगी हेर्दा उक्त सुटकेस खोली हेर्दा भित्र बालक शुभमकुमार साहको लास फेला परेको थाहा पाएको हुँ । उक्त सुटकेस पक्राउमा परेका हाल नाम थर वतन खुलेका प्रतिवादी सन्तोषकुमार पण्डितले लिएर आएका थिए। इटहरी जाने बताई मिति २०६८।०८।०४ गते ना ३ ख २६०४ नम्बरको बसको A९ नम्बरको टिकट काटी साथमा ल्याएको (मृतकको लास राखिएको) सुटकेस सो बसको पछाडिको सिटमा राखेका थिए । निजले इटहरी जाने बताएकोले टिकट काटिदिएको हुँ । सो गाडी अन्दाजी १८:०० बजेको समयमा धरानको लागि छुटेको तर कलंकी ओरालोस्थित पेट्रोल पम्पअगाडि पुग्दा टिकट चेक गर्दै सिट नं.अनुसारको यात्रु भए नभएको चेक गर्दै जाने क्रममा सो सुटकेसको सम्बन्धित धनी फेला नपरेकोले सुटकेसको धनी छुटेको हुन सक्ने अनुमान गरी चुडामणी चौधरी र रविन कार्कीले उक्त सुटकेस सुरक्षित राखिदिने उद्देश्यले कलंकीस्थित काउन्टरमा ल्याई राखेका हुन् । सो सुटकेसमा बालकको मृत लास प्याक गरिएको कुरा ऐ. ७ गते प्रहरी कर्मचारी आएर खोलेपश्चात् मात्र थाहा पाएको हुँ । निज बालकलाई सन्तोष पण्डितसमेतका पक्राउ परेका प्रतिवादीहरू मिली बाफलबाट अपहरण गरी मारेका हुन् भन्ने सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको मिति २०६८।८।८ गतेको सन्तोष मल्लले गरिदिएको घटना विवरण कागज।

म ३ वर्षदेखि सिता सुपर यातायातमा स्टाफको रूपमा काम गर्दै आइरहेको छु । मिति २०६८।०८।०७ गते म काउन्टमा भएको बेला प्रहरी कर्मचारी आएर ना. २ ख २६०४ नं. को बसमा रहेको कालो रंगको सुटकेसको बारेमा सोधेकोले सुटकेस काउन्टरमा नै रहेको बताएपछि प्रहरीले कलंकीस्थितमा सिता तथा सुपर सिताको काउन्टरमा रहेको कालो रंगको सुटकेस खोली हेर्दा मृतक शुभमकुमार साहको लास प्याक गरिएको अवस्थामा देखेको हुँ । उक्त सुटकेस पक्राउ परेका हाल नाम, थर, वतन खुलेका प्रतिवादी सन्तोषकुमार पण्डितले इटहरी जाने बताई मिति २०६८।०८।०४ गते ना. ३ ख २६०४ नम्बरको बसको टिकट काटी उक्त बसको पछाडिको A९ र १० नम्बरको सिटमा मृतक लास राखिएको सुटकेस राखेका हुन् । मसमेत सोही गाडीमा चढी टिकट चेक गर्दै जाँदा कलंकी ओरालोस्थित पेट्रोल पम्पसम्म

जाँदा सो सुटकेसको सम्बन्धित धनी फेला नपरेकोले सुटकेसको धनी छुटेको हुन सक्ने अनुमान गरी म र रविन कार्कीले उक्त सुटकेस सुरक्षित राखिदिने विचार गरेर कलंकीस्थित काउन्टरमा ल्याई राखेका हौं। सो सुटकेसमा बालकको मृत लास प्याक गरिएको कुरा ऐ. ७ गते प्रहरी कर्मचारी आएर खोलेपश्चात् मात्र थाहा पाएको हुँ। निज बालकलाई सन्तोष पण्डितसमेतका पक्राउ परेका प्रतिवादीहरू मिली बाफलबाट अपहरण गरी मारेका हुन् भन्ने सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको मिति २०६८।८।८ गतेको चुडामणी चौधरीले गरिदिएको घटना विवरण कागज।

मिति २०६८।०८।०७ गते प्रहरी कर्मचारीसमेतले काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कलंकी स्थितमा सिता तथा सुपर सिताको काउन्टरमा रहेको कालो रंगको सुटकेस खोली हेर्दा मृतक शुभमकुमार साहको लास प्याक गरिएको अवस्थामा फेला परेको कुरा सोही काउन्टरमा काम गर्ने चुडामणी चौधरीले फोन गरी बताएकाले म काउन्टरमा पुग्दा मृतक बालक र खोलिएको सुटकेस देखेको हुँ। मिति २०६८।०८।०४ गते अन्दाजी २०:०० बजेको समयमा सो काउन्टरबाट मेरो एउटा बस रौतहट जाने भएको हुँदा म सो काउन्टरमा गएको समयमा एक जना यात्री छुटेको भनी चुडामणी चौधरी र रविन कार्कीले कालो सँगको सुटकेस ल्याएर काउन्टरमा राखेको देखेको हुँ। ताल्चा लगाएको सो सुटकेस मिति २०६८।०८।०७ मा प्रहरी कर्मचारीले खोलेपछि मात्र सुटकेसभित्र मृतक शुभमकुमार साह लास प्याक गरिएको रहेछ। निज बालकलाई सन्तोष पण्डितसमेतका पक्राउ परेका प्रतिवादीहरू मिली बाफलबाट अपहरण गरी मारेका हुन् भन्ने सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको मिति २०६८।८।८ गतेको दिपक ढकालले गरिदिएको घटना विवरण कागज।

हाजिर गराइएका सन्तोष मल्ल, चुडामणी चौधरी र दिपक ढकाललाई बसन्त आचार्यको जिम्मा जमानीमा छाडिएको कागज मिसिल सामेल रहेको।

शुभमकुमार साहको अपहरण, हत्या र शव भेटिएको सम्बन्धी पत्रिकामा प्रकाशित समाचारका कट प्रति मिसिल सामेल रहेको।

मिति २०६८।०८।०७ गते प्रहरी कर्मचारीसमेतले काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कलंकीस्थित सिता तथा सुपर सिताको काउन्टरमा रहेको कालो रंगको सुटकेस खोली हेर्दा मृतक शुभमकुमार साहको लास प्याक गरिएको अवस्थामा फेला परेको हो, हाल नाम, थर, वतन खुलेका पक्राउ प्रतिवादी सन्तोषकुमार पण्डितले इटहरी जाने बताई मिति २०६८।०८।०४ गते ना. ३ ख २६०४ नम्बरको बसको टिकट काटी मृत लास राखिएको सुटकेस सो बसमा राखेका हुन्। मसमेत सोही गाडीमा चढी टिकट चेक गर्दै जाँदा कलंकी ओरालोस्थित पेट्रोल पम्मसम्म जाँदा सो सुटकेसको सम्बन्धित धनी फेला नपरेकोले सुटकेसको धनी छुटेको हुन सक्ने अनुमान गरी म र चुडामणी चौधरीले उक्त सुटकेस सुरक्षित राखिदिने उद्देश्यले कलंकीस्थित काउन्टरमा ल्याई राखेका हौं। सो दिन गाडीमा कन्डक्टर नभएको हुँदा म कन्डक्टरको रूपमा सो गाडीमा चढी धरान गएको हुँ। पछि प्रहरी कर्मचारी आएर खोलेपश्चात् सो सुटकेसमा बालकको मृत लास प्याक गरिएको फेला पऱ्यो भनी मैले ऐ. को ८ गते मात्र थाहा पाएको हुँ। सो सुटकेस लिएर आउने मानिस मैले देखेको छैन। निज बालकलाई सन्तोष पण्डितसमेतका पक्राउ परेका प्रतिवादीहरू मिली बाफलबाट अपहरण गरी मारेका हुन् भन्ने सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको मिति २०६८।८।९ गतेको रविन कार्कीले गरिदिएको घटना विवरण कागज।

राघवप्रसाद चौधरीसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सन्तोषकुमार पण्डितसमेत भएको अपहरण तथा शरीर बन्धक मुद्दा सम्मानित

जिल्ला अदालत धनुषामा विचाराधीन रहेको हुँदा पक्राउमा परेका प्रतिवादी सन्तोषकुमार पण्डितलाई उपस्थित गराइदिनु हुन भन्नेसमेत बेहोराको जिल्ला प्रहरी कार्यालय, धनुषाको मिति २०६८।८।९ गतेको प्रहरी सञ्चार पत्र।

The autopsy findings and the conditions of the body are consistent with the alleged time of death of Subham Kumar Shah. The hyperpigmented area around the mouth over the face are suggestive for some chemical substance contact area through the alleged piece of cloth. There are signs of asphyxia1 mode of death which is possibly by chloroform inhalation through piece of cloth in respiratory artifices which looks forceful because of the presence of fingertip like constitutions in upper arm and contusion in upper lip. The alleged history of the case for time of taken meal and time of passing urine are consistent with findings in stomach and urinary bladder. The collected blood analysis cannot give any presence of chloroform molecule because of its very quick oxidizing property, highly volatile state of the compound and long time span after death. The cause of Death is SUFFOCATION possibly During forceful CHLOROFORM INHALATION. भन्नेसमेत बेहोराको Kathmandu Autopsy Centre, Department of Forensic Medicine, शिक्षण अस्पताल महाराजगन्जको Autopsy report प्रतिवेदन।

काठमाडौं जिल्ला सितापाइला गा.वि.स. वडा नं.१ स्थित अरूणासिंह डंगोलको घरको माथिल्लो तलाको दक्षिणपट्टिको कोठामा काम नलाग्ने अवस्थामा रहेका चिजवस्तुहरू पाइएको र सोही कोठामा DIESEL लेखिएको पछाडि भिर्ने कालो ब्याग खोली हेर्दा हारती शिक्षा मन्दिर लेखेको शुभमकुमार साहको डायरी, जुनियर स्कुल निबन्ध र चिठी नामको पुस्तकसमेतका किताब थान ६, ज्यामिति बक्स, कपी थान १४ र सेतो प्लाष्टिकमा पेन्सिलहरूसमेत फेला परेको हुँदा बरामद गरिएको भन्नेसमेत बेहोराको मिति २०६८।८।१२ गतेको खानतलासी तथा बरामदी मुचुल्का।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ स्थित सिता पौडेलको खाली जग्गामा शुभमकुमार साहको हारती शिक्षा मन्दिरको आई.डी. कार्ड, हारती शिक्षा मन्दिरको लोगो भएको पेटी, टाई र खाली सिसी थान १ फेला पारी बरामद गरिएको भन्नेसमेत बेहोराको मिति २०६८।८।१२ गतेको खानतलासी तथा बरामदी मुचुल्का।

भोला भन्ने देवेन्द्र ठाकुर र सन्तोषकुमार पण्डितलाई साथमा लिई निजहरूले देखाएबमोजिम काठमाडौं जिल्ला सितापाइला गा.वि.स. वडा नं.१ स्थित अरूणासिंह डंगोलको घरको दक्षिणपट्टिको कोठाबाट DIESEL लेखिएको कालो ब्याग, हारती शिक्षा मन्दिर लेखेको शुभमकुमार साहको डायरी, जुनियर स्कुल निबन्ध र चिठी नामको पुस्तकसमेतका किताब थान ६, ज्यामिती बक्स, कपी थान १४ र सेतो प्लाष्टिकमा पेन्सिलहरू तथा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा २९ स्थित सिता पौडेलको खाली जग्गामा शुभमकुमार साहको हारती शिक्षा मन्दिरको आई.डी. कार्ड, हारती शिक्षा मन्दिरको लोगो भएको पेटी, टाई र खाली सिसी थान १ स्थानीय मानिसहरूको रोहबरमा रीतपूर्वकको खानतलासी एवम् बरामद गरिएकोले उल्लेख भएको सामान दसी प्रमाणको लागि प्रतिवादीहरू भोला भन्ने देवेन्द्र ठाकुर र सन्तोषकुमार पण्डितसमेत दाखिला गरेका छौं

भन्नेसमेत बेहोराको मिति २०६८।८।१२ गतेको प्रहरी प्रतिवेदन।

प्रतिवादीहरूको कल डिटेल मिसिल सामेल रहेको।

९८०८२३१६१७, ९८१३५०९८०३ र ९८०८७९९५६७ नम्बरको कल डिटेल पठाइएको भन्नेसमेत बेहोराको महानगररीय प्रहरी अपराध महाशाखा, काठमाडौंको मिति २०६८।८।१४ गतेको पत्र।

प्रतिवादीहरूको स्वास्थ्य परीक्षण प्रतिवेदन मिसिल सामेल रहेको।

जाहेरवाला रामभगत साहलाई फिरौती रकम माग गर्दाको फोन संवाद रेकर्ड भएको सि.डी. थान १ र प्रतिवादी सन्तोषकुमार साहको बयानको भिडियो पठाइएको भन्नेसमेत बेहोराको महानगरीय प्रहरी अपराध महाशाखा काठमाडौंको पत्र।

म सामाखुशीमा कपाल काट्ने सैलुन पसल खोली काम गरिआएको छु। मेरो डेरामा श्रीमतीसमेत बसी आएकी थिइन्। पक्राउ परेका रामजी ठाकुर मेरा जेठान नाताका हुन्। भोला भन्ने देवेन्द्र ठाकुर, सन्तोष पण्डित, लालबाबु ठाकुर मेरा चिनजानका मानिस हुन्। भोला भन्ने देवेन्द्र ठाकुरले रामजी र मलाई निजको सैलुनमा बोलाई एक जना धनाढ्यको छोरा शुभमकुमार साहलाई अपहरण गरी बन्धक बनाई फिरौती लिने कुरा गरेकोले उक्त योजनाका लागि आँटिला राजिव महर्जन, बिनेश महर्जन, आशिष दुरा, विनय शिवहरी साहलाई भोला भन्ने देवेन्द्रमार्फत सामेल गराइएको हो । मसमेतको योजनामा सन्तोषकुमार पण्डित, भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी, आशिष दुरा, बिनेश महर्जन, राजिव महर्जन, विनय शिवहरी साहसमेत भई बालक अपहरणको योजना बनायौं । देवेन्द्रले शुभमकुमार साह हिँड्ने बाटो पहिचान गर्ने, सन्तोष र विनयले क्लोरोफर्मको व्यवस्था गर्ने, मोटरसाइकलको व्यवस्था दिपक बलामी र राजिव महर्जनले गर्ने, मोटरसाइकल आशिष दुराले चलाउने, म र सन्तोषले बालकलाई मेरो कपुरधारास्थित कोठामा राखी रेखदेख गर्ने, रामजी ठाकुरले फिरौतीका लागि फोन गर्ने, विनयले पनि समयसमयमा रेखदेख र फोन गर्ने सल्लाह भएको हो। सोही योजनाबमोजिम मिति २०६८।०८।०२ गते ९ बजे शुभमकुमार साह पैदल हिँडी स्कुलतर्फ जाँदै गर्दा रामजी ठाकुरले निज बालकलाई भान्जा भनी बोलाए। बोलाएर स्कुलसम्म मोटरसाइकलमा पुऱ्याइदिने भनी दिपक र राजिवले तयार गरी राखेको मोटरसाइकलमा राखी, विनय शिवहरीले व्यवस्थापन गरेको क्लोरोफर्म कपडामा लगाई रामजी ठाकुरले शुभमकुमार साहलाई सुँघाई सामाखुशीस्थित मेरो कोठामा बन्धक बनाइ म, रामजी ठाकुर र सन्तोष पण्डित कुरूवा बसेका हौँ। विनय शिवहरी साह बेलाबखत आएका तर बच्चाको अगाडि परेनन्। मेरो कोठामा मेरो श्रीमतीसमेत भएको हुँदा निज बालक रामजी ठाकुरको भान्जा नाता पर्ने र उपचारको लागि ल्याएको बताई श्रीमतीलाई बाहिर पठाउने गरेका थियौँ। बालकका बाबुसँग रू.५० लाख फिरौती रकम माग गर्ने काम सन्तोषकुमार पण्डित र रामजी ठाकुरले गरेका हुन्। पहिलो नम्बरमा प्रहरीले अनुसन्धान थालेको जानकारी भोला भन्ने देवेन्द्र ठाकुरले दिएकोले अर्को नम्बरबाट फोन गरेको हो । निज बालकले मसमेतलाई चिन्ने भएको हुँदा फिरौती रकम प्राप्त भए पनि निजलाई मार्ने योजना मसमेतले पहिले नै बनाइसकेका थियौँ। मेरो श्रीमतीले शंका गर्न थालेको र निज बालक रूने कराउने गर्नाले निज बालक शुभमकुमार साहलाई तत्कालै मार्ने मनसायले विनय शिवहरी साहसमेत कोठामा आएको बखत मिति २०६८।०८।०४ गते रामजी ठाकुरले निज बालकको दुवै खुट्टा र मैले दुवै हात समाएर बिस्तारामा सुतायौँ भने सन्तोषकुमार पण्डितले धेरै मात्रामा क्लोरोफर्म सुँघाएको केही क्षणमा निज बालकको मृत्यु भएको हो । उक्त समयमा मेरी श्रीमतीलाई बाहिर उनको

दाजुकोमा बस्न पठाएका थियौँ । मारेपछि त्यसको जानकारी भोला भन्ने देवेन्द्र ठाकुरलाई र त्यसपछि लालबाबु ठाकुरलाई दियौँ। निज बालकको लासलाई फाल्नको लागि पहिले चामलको खाली बोरामा दुवै हात खुट्टा खुम्च्याएर राखी सो बोरालाई रामजी ठाकुर र सन्तोषकुमार पण्डितले सुन्धाराबाट किनेर ल्याएको सुटकेसमा प्याक गरेपश्चात् सो लास भएको सुटकेस सन्तोषकुमार पण्डित र रामजी ठाकुरले ट्याक्सीमा लिई कलंकीमा पुगी निजहरूले टिकट काटी पूर्वतर्फ जाने बसमा राखी फर्केको बताएका हुन्। मेरो कोठाबाट बरामद भएको छालाको जुत्ता, मोजा, क्याप अपहरित एवं मृतक बालक शुभमकुमार साहका हुन्। लठ्याउने औषधी सन्तोषले ल्याएका हुन् । बरामद भएको टाई, पेटी, ब्यागसमेत सन्तोष पण्डितले कता फाले मलाई थाहा भएन । अपहरणमा प्रयोग भएको मोटरसाइकल कसको हो कहाँ छ, मलाई थाहा छैन । बालकलाई मारेपछि पनि फिरौती लिन २५ लाख माग गरी रामजी ठाकुरले फोन गरेका हुन् । मिसिल संलग्न सि.डी.मा भएको फोन संवाद रेकर्डमा भएको फिरौती माग गर्ने व्यक्तिको आवाज रामजी ठाकुरको हो । प्राप्त भएको फिरौती रकम कामअनुसार बाँडफाँट गर्ने योजना थियो भन्नेसमेत बेहोराको मिति २०६८।८।१६ गतेको प्रतिवादी धर्वेन्द्र ठाकुरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

जाहेरवाला रामभगत साहको छोरा शुभमकुमार साह धनी बाबुको छोरा भएको कुरा थाहा पाएपछि भोलाले बनाएको निजलाई अपहरण गर्ने योजनाबमोजिम मिति २०६८।०८।०२ गते भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी, आशिष दुरा, बिनेश महर्जन, राजिव महर्जन, विनय शिवहरी साह र मसमेत काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ बाफलमा जम्मा भयौँ। बालक शुभमकुमार साह अध्ययनको लागि बिनेश महर्जनको घरनजिकको बाटो हुँदै हारती शिक्षा मन्दिर जाने हुँदा हामी सोही ठाउँनजिक बस्यौँ। अन्दाजी ०९:०० बजेको समयमा बालक शुभमकुमार साह एक्लै हिँडेर जान लागेको देखी रामजी ठाकुरले भान्जा भनेर बोलाई स्कुलसम्म मोटरसाइकलमा छाडिदिने बताएर मोटरसाइकलमा राखेर सोही मोटरसाइकलको पछाडि बसी क्लोरोफर्म सुँघाएर बेहोस बनायो। मोटरसाइकल विनेश महर्जनले मिलाएको हो । क्लोरोफर्मको व्यवस्था विनय शिवहरी साहले गरेका हुन् । मोटरसाइकल आशिष दुराले चलाएको र रामजी ठाकुर बालक शुभमलाई समाएर मोटरसाइकलमा पछाडि बसे। त्यस ठाउँबाट अपहरण गरेर पूर्वयोजनाबमोजिम निजहरूले निज बालकलाई लिएर काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ कपुरधारास्थित धर्वेन्द्र ठाकुरको कोठामा लिएर गयौँ । त्यसपश्चात् म पनि सोही कोठामा गएँ । धर्वेन्द्रको कोठामा निजको श्रीमती पनि भएको हुँदा निज बालक रामजी ठाकुरको भान्जा नाता पर्ने र उपचारको लागि ल्याएको भनी बतायौँ। बालकको झोला राजिव महर्जनले भोला भन्ने देवेन्द्र ठाकुरलाई दिए । धर्वेन्द्रको श्रीमतीलाई निजको जेठानकोमा बस्न पठाएका रहेछन् । कोठामा पुगेपश्चात् रामजी ठाकुरले ९८०८७९९५६७ मोबाइल नम्बरबाट जाहेरवालाको मोबाइल नं. ९८४४०५१५१२ मा फोन सम्पर्क गरेर तिम्रो छोरा हामीहरूको नियन्त्रणमा रहेको बताउनुको साथै फिरौती रकम पचास लाख माग गरेका हुन् । सो नम्बरमा प्रहरीले अनुसन्धान गर्न थालेको थाहा पाएकाले सो सिम बिगारी फालेको र नयाँ नम्बर ९८१३५०९८०३ फोन गरेर फिरौती रकम माग गर्न थाल्यौँ। रामजी ठाकुर, धर्वेन्द्र ठाकुर र मैले निज बालकको रेखदेख गर्ने गर्दथ्यौँ। निज बालकले मसमेतलाई चिन्ने भएको हुँदा फिरौती रकम प्राप्त भए पनि निजलाई मार्ने योजना मसमेतले पहिले नै बनाइसकेका थियौँ। मसमेतले निज बालकलाई अपहरण गरेर बन्धक बनाइराखेको कुरामा धर्वेन्द्र

ठाकुरको श्रीमतीले शंका गरेको साथै निज बालक रूने कराउने गर्नाले राख्न असजिलो भई निज बालक शुभमकुमार साहलाई तत्कालै मार्ने मनसायले मिति २०६८।०८।०४ गते दिउँसो १४:३० बजेतिर रामजी ठाकुरले निज बालकको दुवै खुट्टा र धर्वेन्द्र ठाकुरले दुवै हात समाएर बिस्तारामा सुताए भने मैले धेरै मात्रामा क्लोरोफर्म सुँघाई कर्तव्य गरी मारेका हौँ। त्यसबेलामा विनय शिवहरी साह पनि थिए । त्यसपश्चात् निज बालकको लास टाढा फाल्ने उद्देश्यले म र रामजी ठाकुरले काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका सुन्धाराबाट रू.२५०० मा सुटकेस किनेर ल्याई उक्त लासलाई पहिले चामलको खाली बोरामा दुवै हात खुट्टा खुम्च्याएर राखी सो बोरालाई सुटकेसमा प्याक गरेर ट्याक्सीमा राखेर कलंकीसम्म लगेर पूर्व जाने गाडीको काउन्टरबाट इटहरीसम्मको लागि टिकट काटेर म र रामजी ठाकुरले सो सुटकेस ना. ३ ख २६०४ नं.को बस खाली नै भएकोले बसको पछाडिको सिटमा राखेर फर्केका हौँ टिकट काट्दा आफूसँग एउटा सुटकेस लगेज भएको भनी काउन्टरमा बताएँ । टिकट काट्दा मैले आफ्नो नाम रन्जित झा भनी लेखाएको थिएँ । सो रात म दाइ नाता पर्ने उमेश ठाकुरकोमा गएर बसेँ। सायद सुटकेसको धनी गाडीमा नभेटेर स्टाफले काउन्टरमा ल्याई राखेको हुनुपर्दछ । बरामदित सामान शुभमकुमार साहको हो । सिरिन्जमा भएको औषधी डाइजेपाम हो । त्यो प्रयोग गरेको छैन । मृतक बालकसहितको सुटकेस गाडीमा राखीसकेपछि मसमेतले जाहेरवालालाई फोन सम्पर्क गरेर पच्चिस लाख फिरौती रकम माग गरेका थियौँ। सो सिम मसँग बरामद भएको हो । जाहेरवालासँग फिरौती रकम माग गर्दा रामजी ठाकुरले कुरा गरेका हुन् । मिसिल संलग्न सि.डी.मा भएको फोन संवाद रेकर्डमा भएको फिरौती माग गर्ने व्यक्तिको आवाज रामजी ठाकुरको हो । बालक शुभमकुमार साहलाई कर्तव्य गरी मारेको कुरा विनय शिवहरी साह, भोला भन्ने देवेन्द्र ठाकुर र लालबाबु ठाकुरलाई समेत जानकारी थियो । अरूले थाहा पाए, पाएनन् मलाई थाहा छैन । निज अपहरित एवं मृतक बालकको झोला राजिव महर्जनले भोला भन्ने देवेन्द्र ठाकुरलाई राख्न दिएका हुन् । निज बालकसँग सम्बन्धित निजको आई.डी. कार्ड, टाई बेल्ट, क्लोरोफर्मको सिसी धर्वेन्द्र ठाकुरको कोठाभन्दा पर खाली जग्गामा फालेकोमा बरामद भइसकेको छ । बरामद सुटकेस मसमेतले बालक शुभमकुमार साहको मृत लास प्याक गरेको सुटकेस हो । अपहरण गर्न प्रयोग गरेको मोटरसाइकल दिपक, विनेश, राजिव, आशिष कसले मिलाएका हुन् मलाई थाहा छैन । आशिषले बालकलाई कोठामा छोडेपछि मोटरसाइकल कता लगे थाहा छैन । निज बालकलाई अपहरण गर्ने सुरू योजना म र भोला भन्ने देवेन्द्र ठाकुरबिच भएको हो । भोलाले योजनामा रामजी ठाकुरलाई संलग्न गराएपछि रामजी ठाकुरले लालबाबु ठाकुर र धर्वेन्द्र ठाकुरलाई पनि संलग्न गराए । दिपक बलामी र बिनेश महर्जनलाई भोला भन्ने देवेन्द्र ठाकुरले योजनामा संलग्न गराएका र निजहरूले राजिव महर्जन र आशिष दुरालाई पनि योजनामा संलग्न गराए । विनय शिवहरी साहलाई मैले संलग्न गरेको हुँ भन्नेसमेत बेहोराको मिति २०६८।८।१६ गतेको प्रतिवादी सन्तोषकुमार पण्डितले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

मेरो चिनजानका भोला भन्ने देवेन्द्र ठाकुरले मलाई फोन गरी बोलाएकोले जाँदा निज देवेन्द्र र सन्तोष पण्डितले जाहेरवाला रामभगत साहको छोरा शुभमकुमार साहलाई अपहरण गर्ने र फिरौती माग गर्ने योजना सुनाएकोले उक्त योजनामा म पनि भोला भन्ने देवेन्द्र ठाकुर र सन्तोष पण्डितको योजनामा सहमत भएँ । अपहरण गर्न मोटरसाइकल आवश्यकता पर्ने भएकोले भोला भन्ने देवेन्द्र ठाकुरले दिपक बलामी, आशिष दुरा, बिनेश महर्जन र राजिव महर्जनलाई सामेल गराए । अपहरण गरी बालकलाई

धर्वेन्द्र ठाकुरको कोठामा राख्ने योजनाबमोजिम मिति २०६८।०८।०२ गते अन्दाजी ९:०० बजेको समयमा सन्तोषकुमार पण्डित, भोला भन्ने देवेन्द्र ठाकुर, धर्वेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी, आशिष दुरा, बिनेश महर्जन, राजिव महर्जन, विनय शिवहरी साह र मसमेत काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ बाफलमा जम्मा भई बालक शुभमकुमार साह एक्लै हिँडेर स्कुलतर्फ जान लागेको अवस्थामा मैले भान्जा भनेर बोलाई स्कुलसम्म मोटरसाइकलमा छाडिदिने बताएर मोटरसाइकलमा राखेर सोही मोटरसाइकलको पछाडि बसी क्लोरोफर्म सुँघाएर बेहोस बनाएँ । क्लोरोफर्म विनय शिवहरी साहले व्यवस्था गरेका हुन् । मोटरसाइकल आशिष दुराले चलाएको र म बालक शुभमकुमार साहलाई समाएर मोटरसाइकलमा पछाडि बसी त्यस ठाउँबाट अपहरण गरेर पूर्वयोजनाबमोजिम काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ कपुरधारास्थित धर्वेन्द्र ठाकुरको कोठामा लिई बन्धक बनाई राखेका हौँ । धर्वेन्द्र ठाकुरको कोठामा निजको श्रीमती पनि भएको हुँदा निज बालक मेरो भान्जा नाता पर्ने र उपचारको लागि ल्याएको बतायौँ । मैले मोबाइल नं. ९८०८७९९५६७ नम्बरबाट जाहेरवालाको मोबाइल नं. ९८४४०५१५१२ मा सम्पर्क गरेर निजको छोरा नियन्त्रणमा रहेकोले फिरौती रकम पचास लाख माग गरेको हो । उक्त ९८०८७९९५६७ नम्बरको सिमकार्ड सम्बन्धमा प्रहरी कर्मचारीहरूले सोधपुछ गर्न लागेको कुरा भोला भन्ने देवेन्द्र ठाकुरले बताएको हुँदा सन्तोषले सो सिमकार्ड टोकेर फालेको हो । त्यसपश्चात् ९८१३५०९८०३ नम्बरबाट फोन गरेर फिरौती रकम माग गर्न थाल्यौँ। सन्तोष पण्डित, धर्वेन्द्र ठाकुर र मैले निज बालकको रेखदेख गर्ने गर्दथ्यौँ। निज बालकले मसमेतलाई चिन्ने भएको हुँदा फिरौती रकम प्राप्त भए पनि निजलाई मार्ने योजना मसमेतले पहिले नै बनाइसकेका थियौँ । मसमेतले निज बालकलाई अपहरण गरेर बन्धक बनाई राखेको कुरामा धर्वेन्द्र ठाकुरको श्रीमतीले शंका गरेको साथै निज बालक रूने कराउने गर्नाले निज बालक शुभमकुमार साहलाई तत्कालै मार्ने मनसायले मिति २०६८।०८।०४ गते मैले निज बालकको दुवै खुट्टा र धर्वेन्द्र ठाकुरले दुवै हात समाएर बिस्तारामा सुताई सन्तोष पण्डितले धेरै मात्रामा क्लोरोफर्म सुँघाई कर्तव्य गरी मारेका हौँ । त्यसपश्चात् म र सन्तोषले काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका सुन्धाराबाट सुटकेस किनेर ल्याई उक्त लासलाई पहिले चामलको खाली बोरामा दुवै हात खुट्टा खुम्च्याएर राखी सो बोरालाई सुटकेसमा प्याक गर्‍यौं । त्यसपश्चात् म र सन्तोषकुमार ठाकुरले ट्याक्सीमा राखेर कलंकीसम्म लगी पूर्व जाने गाडीको काउन्टरबाट इटहरीसम्मको लागि टिकट काटेर सो सुटकेस ना. ३ ख २६०४ नं.को बसको पछाडिको सिटमा राखेर फर्किएर लालबाबु ठाकुरको कोठामा सुतेको हुँ । बसको टिकट सन्तोष पण्डितले काटेका हुन् त्यसपश्चात् पनि मसमेतले जाहेरवालालाई फोन सम्पर्क गरेर पच्चिस लाख फिरौती रकम माग गरेका थियौँ । बरामदित सामान शुभमकुमार साहका हुन् । बालक शुभमकुमार साहलाई कर्तव्य गरी मारेको कुरा विनय शिवहरी साह, भोला भन्ने देवेन्द्र ठाकुर र लालबाबु ठाकुरलाई समेत जानकारी थियो । जाहेरवालासँग फिरौती रकम माग गर्दा सन्तोषले भनेबमोजिम मैले कुरा गरेको हुँ। मिसिल संलग्न सि.डी.मा भएको फोन संवाद रेकर्डमा भएको आवाज मेरै हो भन्नेसमेत बेहोराको मिति २०६८।८।१९ गतेको प्रतिवादी रामजी ठाकुरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

मेरो चिनजानका भोला भन्ने देवेन्द्र ठाकुरसँग पुरानो र सन्तोष पण्डितसँग नयाँ चिनजान छ । भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर र सन्तोष पण्डितले जाहेरवाला रामभगत साहको छोरा शुभमकुमार साहलाई अपहरण गर्ने र फिरौती माग गर्ने योजना बनाएको भनी मलाई रामजी ठाकुरले सुनाएका उक्त योजनामा

अपहरण गरेका बालकलाई मेरो कोठामा बन्धक बनाइराख्ने योजना सुनाएकोले अपहरण योजनामा सहमत भए पनि मेरो कोठा निजलाई राख्ने कुरा इन्कार गरेको हुँ। त्यसपछि धर्वेन्द्र ठाकुरको कोठामा अपहरित बालकलाई राख्ने कुरा निश्चित भएको हो। मिति २०६८।०८।०२ गते अन्दाजी ०९:०० बजेको समयमा सन्तोषकुमार पण्डित, रामजी ठाकुर, भोला भन्ने देवेन्द्र ठाकुर, धर्वेन्द्र ठाकुर, दिपक बलामी, आशिष दुरा, बिनेश महर्जन, राजिव महर्जन, विनय शिवहरी साह र मसमेत काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ बाफलबाट बालक शुभमकुमार साह स्कुल जान लागेको समयमा निजलाई स्कुलसम्म मोटरसाइकलमा छाडिदिने बताइ आशिष दुराले चलाएको मोटरसाइकलमा रामजी ठाकुरले क्लोरोफर्म सुँघाएर बेहोस बनाई अपहरण गरेको हो। पूर्वयोजनाबमोजिम निज बालकलाई अपहरण गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ कपुरधारास्थित धर्वेन्द्र ठाकुरको कोठामा बन्धक बनाएर राखेको भनी रामजी ठाकुरले बताएका हुन्। म सो ठाउँमा गएको छैन। बालक के कुन अवस्थामा थिए मलाई थाहा छैन। जाहेरवालालाई फोन गरी पचास लाख रूपैयाँ फिरौती रकम माग गरेको कुरा जानकारी थियो। धर्वेन्द्र ठाकुर, सन्तोषकुमार पण्डित र रामजी ठाकुरले क्लोरोफर्म सुँघाइ मारेको र लासलाई सुटकेसमा राखी पूर्व जाने बसमा राखी छाडेको कुरा पछि थाहा पाएको हुँ। के कसरी काउन्टरमा फेला पऱ्यो, मलाई थाहा भएन। निज बालकलाई मार्नुपूर्व मलाई जानकारी गराएका थिएनन्। बरामदित सामान शुभमकुमार साहका हुन्। क्लोरोफर्म सन्तोषकुमार पण्डितले व्यवस्था गरेका हुन्। फिरौती माग गर्न प्रयोग भएका सिमकार्ड को, कसका हुन् ? मलाई थाहा छैन। फिरौती माग गर्दा रेकर्ड भएको आवाज रामजी ठाकुरको हो। निजलाई अपहरण गरेबापत मैले केही धनमाल लिए खाएको छैन। फिरौती रकम प्राप्त भएपछि मिलाएर बाँड्ने कुरा सन्तोष पण्डितले बताएका हुन्। फरार रहेका प्रतिवादीहरू अपहरण गर्दाको समयमा मात्र देखेको हुँदा मलाई निजहरूको नाम, थर, वतन जानकारी छैन भन्नेसमेत बेहोराको मिति २०६८।८।१९ गतेको प्रतिवादी लालबाबु ठाकुरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

प्रतिवादीहरू सन्तोष पण्डित, भोला भन्ने देवेन्द्र ठाकुर र दिपक बलामी चिनजानका मानिस हुन्। अरूलाई चिन्दिनँ। प्रतिवादी दिपक बलामीले विनेश महर्जनको घरमा बोलाई मसँग अपहरणको योजनाको बारेमा कुरा गरी मोटरसाइकल चलाउने प्रस्ताव गरेकोमा म सहमत भएको हुँ। मिति २०६८।०८।०२ गते अन्दाजी ०९:०० बजेको समयमा योजनाबमोजिम शुभमकुमार साहलाई आउने बाटोमा सन्तोषकुमार पण्डित, रामजी ठाकुर, भोला भन्ने देवेन्द्र ठाकुर, धर्वेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी, बिनेश महर्जन, राजिव महर्जन, विनय शिवहरी साह र मसमेत भई बालक शुभमकुमार साह स्कुल जान लागेको समयमा बाफलबाट पूर्वयोजनाबमोजिम अपहरण गरी निज बालकलाई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका २९ कपुरधारास्थित रामजी ठाकुरले देखाएको बाटो जाँदा एउटा घरबाट धर्वेन्द्र ठाकुर बाहिर निस्किए। निजको कोठामा बालकलाई छाडेँ। त्यसपछि म भोला भन्ने देवेन्द्र ठाकुरको पसलमा विनेश महर्जन, राजिव महर्जन, दिपक बलामी, देवेन्द्र ठाकुर त्यहाँ थिए। राजिव महर्जनले मोटरसाइकल कसलाई दिए थाहा भएन। को कसले के कति फिरौती मागे ? सो सम्बन्धमा मलाई थाहा छैन। निज बालकलाई मार्ने कार्यमा मेरो संलग्नता छैन। सन्तोषकुमार पण्डितसमेतले बालक शुभमकुमार साहको हत्या गरेको कुरा म पक्राउ परेपश्चात् मात्र थाहा पाएको हुँ। बालकलाई मारेको कुरा मलाई कसैले पनि बताएका थिएनन्। फिरौती माग गरेको सि.डी.मा

भएको आवाज कसको हो म चिन्दिनँ अपहरणबापत मैले केही लिए खाएको छैन भन्नेसमेत बेहोराको मिति २०६८।८।१९ गतेको प्रतिवादी आशिष दुराले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

पक्राउ परेकामध्ये सन्तोषकुमार पण्डित, रामजी ठाकुर, भोला भन्ने देवेन्द्र ठाकुर, धर्वेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी मेरो पूर्वचिनजानका मानिस हुन् । सन्तोषकुमार पण्डित मेरो पूर्व रूम पार्टनर हुन्। शुभमकुमार साह निजका दाजु नाता पर्ने विजयकुमार साहसँग मेरोमा कपाल काट्न आएका बखत निज बालक धनाढ्य बाबुको छोरा भएको, हाल आफूसँगै बसेर हारती शिक्षा मन्दिरमा अध्ययन गर्ने गरेको कुरा बताएका थिए। सो कुरा थाहा पाएपछि म र सन्तोष पण्डितले निज बालक शुभमकुमार साहलाई अपहरण गरी बन्धक बनाई बालकको बुबासँग फिरौती माग गर्ने योजना बनाइसकेका थियौँ। सो कार्यको लागि अन्य मानिस मोटरसाइकलको आवश्यकता पर्ने भएकोले रामजी ठाकुर र धर्वेन्द्र ठाकुरलाई पनि सामेल गराइयो । मोटरसाइकलको लागि दिपक बलामीसँग कुरा भई निजलाई पनि सामेल गराइयो । तत्पश्चात् योजनामा आशिष दुरा, विनेश महर्जन, लालबाबु ठाकुर, राजिव महर्जन र विनय शिवहरी साहलाई पनि सामेल गराइयो । योजनाबमोजिम मिति २०६८।०८।०२ गते हामी सबै भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ बाफलबाट बालक शुभमकुमार साह स्कुल जान लागेको समयमा अन्दाजी ९:०० बजेको समयमा एक्लै हिँडिरहेको बेलामा रामजी ठाकुरले भान्जा भनी बोलाई निजलाई स्कुलसम्म मोटरसाइकलमा छाडिदिने बताई आशिष दुराले चलाएको मोटरसाइकलमा राखी रामजी ठाकुर पछाडि बसी क्लोरोफर्म सुँघाएर बेहोस बनाई अपहरण गरी कपुरधारास्थित धर्वेन्द्र ठाकुरको कोठामा बन्धक बनाई राखेका हौँ। सो समयमा धर्वेन्द्रलाई श्रीमती बाहिर बस्न पठाउनु भनेकाले योजनाबमोजिम निजकी श्रीमतीलाई बाहिर पठाएको हो। बच्चाको रेखदेख धर्वेन्द्र ठाकुर, सन्तोष पण्डित र रामजी ठाकुरले गर्ने गर्दथे। बालक शुभमकुमार साहका बुबालाई फोन गरी बालक अपहरण गरी बन्धक बनाएको कुरा जानकारी गराएको र रामजी ठाकुरले फोन गरी पचास लाख रूपैयाँ फिरौती रकम माग गरेको कुरा बताएका हुन्। सो सम्बन्धमा हामीबिच के कसो भइरहेको थियो भन्ने खबर आदान प्रदान भइरहन्थ्यो । पहिलेको सिमकार्डको बारेमा सोधपुछ हुन थालेको कुरा मलाई थाहा भएकोले सो सिम प्रयोग नगर्न भनेको थिएँ। सोपश्चात् पुरानो सिम फाली नयाँ सिमकार्डबाट पचास लाख रूपैयाँ दिन नसके चालिस लाख रूपैयाँ दिनु भनी फिरौती माग गरेको कुरा सन्तोष पण्डितले मलाई बताएका हुन्। फिरौती रकम माग गर्ने काम सन्तोषकुमार पण्डित र रामजी ठाकुरले गरेका हुन्। निज बालकले मसमेतलाई चिन्ने र अपहरण गरेर बन्धक बनाई राखेको कुरामा धर्वेन्द्र ठाकुरको श्रीमतीले शंका गरेको साथै निज बालक रूने कराउने गर्नाले निज बालक शुभमकुमार साहलाई तत्कालै मार्ने मनसायले मिति २०६८।०८।०४ गते रामजी ठाकुर, धर्वेन्द्र ठाकुर र सन्तोषकुमार पण्डितले अत्यधिक मात्रामा क्लोरोफर्म सुँघाई मारेको कुरा निजहरूले मलाई जानकारी गराएका थिए । त्यसपश्चात् मसमेतको सल्लाहमा निजहरूले मृतक बालकको लास सुटकेसमा प्याक गरेर पूर्व जाने गाडीमा राखी फर्केको समेत बताएका थिए। बरामदित सामानहरू शुभमकुमार साहको हो। अपहरित एवं मृतक बालकको झोला राजिव महर्जनले मलाई राख्न दिएको हुँदा मैले सैलुन सञ्चालन गरेको अरूणा सिंह डंगोलको घरको पछाडिपट्टिको काम नलाग्ने सामान फाल्ने गरेको कोठामा राखेकोमा प्रहरी कर्मचारीहरूले बरामद गरिसकेका छन् । मिसिल संलग्न सि.डी.मा भएको फोन संवाद रेकर्डमा भएको फिरौती माग गर्ने व्यक्तिको आवाज रामजी ठाकुरको हो । प्राप्त भएको फिरौती रकमबमोजिम रकम बाँडफाँट गर्ने योजना थियो । बिनेश महर्जन, दिपक बलामी, आशिष दुरा र राजिव

महर्जन मेरो सम्पर्कमार्फत योजनामा संलग्न भएका हुन् भन्नेसमेत बेहोराको मिति २०६८।८।१९ गतेको प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

पूर्वचिनजानका भोला भन्ने देवेन्द्र ठाकुरले एकजना बालकलाई अपहरण गरी ठुलो मात्रामा फिरौती रकम माग गर्ने योजना बनाएको र सो कार्यको लागि एउटा मोटरसाइकल चाहिएको बताएपछि मसमेत उक्त योजनामा संलग्न भएँ। भोलाले उक्त योजनाको बारेमा विनेश महर्जनलाई समेत भनेका रहेछन्। हामीले आशिष दुरा र राजिव महर्जनलाई समेत सो योजनामा सामेल गरायौँ। अपहरण गर्दा मोटरसाइकल चलाउनको लागि एकजना व्यक्तिको आवश्यकता परेको भनी भोला भन्ने देवेन्द्र ठाकुरले मलाई भनेको हुँदा अपहरण गर्ने कार्यमा म पनि सहमत भई आशिष दुरालाई अपहरण गर्ने योजनामा संलग्न गराएको हुँ। राजिव महर्जनले मोटरसाइकलको व्यवस्था गरे भने मोटरसाइकल चलाउन आशिष दुरा सहमत भए। मिति २०६८।०८।०२ गते सन्तोषकुमार पण्डित, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, भोला भन्ने देवेन्द्र ठाकुर, लालबाबु ठाकुर, आशिष दुरा, बिनेश महर्जन, राजिव महर्जन, विनय शिवहरी साह र मसमेतले काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ बाफलबाट बालक शुभमकुमार साह स्कुल जान लागेको समयमा क्लोरोफर्म सुँघाएर बेहोस बनाई अपहरण गर्ने पूर्व योजनाबमोजिम निज बालकलाई अपहरण गरी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ कपुरधारास्थित धर्वेन्द्र ठाकुरको कोठामा बन्धक बनाई राखेको हो। निज बालकको बाबुलाई फोन गरी फिरौती रकम माग गरेको कुरा मलाई बताएका थिए। तर कुन नम्बरबाट फोन गरेका हुन् थाहा भएन। सन्तोषकुमार पण्डितसमेतले बालक शुभमकुमार साहको हत्या गरेको कुरा म पक्राउ परेपश्चात् मात्र थाहा पाएको हुँ। प्राप्त भएको फिरौती रकम बाँडफाँट गर्ने कुरा भोला भन्ने देवेन्द्र ठाकुर र सन्तोषकुमार पण्डितले बताएका थिए भन्नेसमेत बेहोराको मिति २०६८।८।२१ गतेको प्रतिवादी दिपक बलामीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

मोबाइल नं.८०८९८२७५८, ९८४३०६६१९२, ९८१३४७५३८१ र ९८०३२६६८२४ को कल डिटेल पठाइएको भन्नेसमेत बेहोराको महानगरीय प्रहरी अपराध महाशाखा काठमाडौंको पत्र र पत्रसाथ प्राप्त कल डिटेल विवरण।

पक्राउमा परेका प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुरले काठमाडौं जिल्ला सितापाइला गा.वि.स. वडा नं.१ चक्रपथ बाफलस्थित हाम्रो घरमा कोठा भाडामा लिई राजु हेयर ड्रेसर नामको सैलुन सञ्चालन गरेका छन्। निजसमेतले जाहेरवाला रामभगत साहको छोरालाई अपहरण गरेर बन्धक बनाई फिरौती रकम माग गर्नुको साथै हत्या गरेको कुरा पत्रपत्रिका एवं सञ्चार माध्यमहरूबाट थाहा पाएको हुँ। मेरो घरको पछाडिपट्टि रहेको काम नलाग्ने सामान फाल्ने गरिएको कोठाबाट अपहरित एवं मृतक बालकको किताबसहितको झोला प्रहरी कर्मचारीले बरामद गरेका हुन्। सो झोला निज भोला भन्ने देवेन्द्र ठाकुरले राखेको हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०६८।८।२६ गतेको अरूणा सिंह डंगोलले गरिदिएको घटना विवरण कागज।

पक्राउमा परेका प्रतिवादी सन्तोषकुमार पण्डितसमेतले जाहेरवाला रामभगत साहको छोरालाई अपहरण गरेर बन्धक बनाई फिरौती रकम माग गर्नुको साथै हत्या गरेको कुरा पत्र पत्रिका एवं सञ्चार माध्यमहरूबाट थाहा पाएको हुँ। निज प्रतिवादीहरूले ९८०८७९९५६७ नम्बरको मेरो नामबाट निकालेको सिमकार्ड प्रयोग गरेर जाहेरवालालाई फोन सम्पर्क गरी फिरौती माग गरेको कुरा प्रहरी कर्मचारीहरू आएर मेरो नामको सो सिमकार्ड माग गर्दा मात्र थाहा पाएको हुँ।

उक्त सिमकार्ड मेरो छोरीले प्रयोग गर्ने गरेको र निजका दुईवटा सिमकार्ड भएको हुँदा निजले फेरि फेरि चलाउने र निजले टोकरीमा राखेको समयमा मैले फोहोर सामानहरू फाल्दा सो सिमकार्डसमेत बाहिर फालेको हुनुपर्दछ। निज प्रतिवादीहरूले सो सिमकार्ड के कसरी फेला पारी फिरौती माग गर्न प्रयोग गरेका हुन्, मलाई थाहा छैन भन्नेसमेत बेहोराको मिति २०६८।८।२६ गतेको गमसरा खड्गीले गरिदिएको घटना विवरण कागज।

पक्राउमा परेका प्रतिवादी सन्तोषकुमार पण्डितसमेतले जाहेरवाला रामभगत साहको छोरालाई अपहरण गरेर बन्धक बनाई फिरौती रकम माग गर्नुको साथै हत्या गरेको कुरा पत्रपत्रिका एवं सञ्चार माध्यमहरूबाट थाहा पाएको हुँ। निज प्रतिवादीहरूले ९८०८७९९५६७ नम्बरको मेरो आमाको नामबाट निकालेको सिमकार्ड प्रयोग गरेर जाहेरवालालाई फोन सम्पर्क गरी फिरौती माग गरेको कुरा प्रहरी कर्मचारीहरू आएर मसमेतलाई सोधपुछ गर्दा मात्र थाहा पाएको हुँ। उक्त सिमकार्ड मैले प्रयोग गर्ने गर्दथें। सो सिमकार्डमा ब्यालेन्स सकिएको र मसँग अर्को सिमकार्ड पनि भएको हुँदा सो सिमकार्ड मैले कोठाको टोकरीमा राखेको थिएँ, सो सिमकार्डमा ब्यालेन्स नभएको हुँदा मैले त्यसपश्चात् याद गरिनँ। मेरो आमाले फोहोर सामानहरू फाल्दा सो सिमकार्डसमेत फालेको हुनुपर्दछ। मैले उक्त नं.को सिमकार्ड कोही कसैलाई दिएको होइन। निज प्रतिवादीहरूले सो सिमकार्ड के कसरी फेला पारी फिरौती माग गर्न प्रयोग गरेका हुन्, मलाई थाहा छैन भन्नेसमेत बेहोराको मिति २०६८।८।२६ गतेको रिता शाही (खड्गी) ले गरिदिएको घटना विवरण कागज।

पक्राउमा परेका प्रतिवादी धर्वेन्द्र ठाकुर काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ स्थित मेरो घरमा एउटा कोठा भाडामा लिई बस्ने गर्दछन्। निज प्रतिवादीसमेतले जाहेरवाला रामभगत साहको छोरालाई अपहरण गरेर निज बस्ने कोठामा बन्धक बनाई फिरौती रकम माग गर्नुको साथै हत्या गरेको कुरा पत्रपत्रिका एवं सञ्चार माध्यमहरूबाट थाहा पाएको हुँ भन्नेसमेत बेहोराको मिति २०६८।८।२७ गतेको तुलसीनारायण महर्जनले गरिदिएको घटना विवरण कागज।

मिसिल संलग्न सि.डी.मा भएको फोन संवाद रेकर्डमा भएको आवाजमध्ये फिरौती माग गर्नेको आवाज पक्राउ प्रतिवादीहरूमध्येको हुनुपर्दछ भने Record 47 मा भएको आवाजबाहेक अन्य रेकर्डमा भएको अर्को व्यक्तिको आवाज मेरो हो। फोन संवाद रेकर्ड सुनी आवाज सनाखत गरिदिएँ भन्नेसमेत बेहोराको मिति २०६८।८।२८ गतेको जाहेरवाला रामभगत साहको सनाखत कागज।

मिसिल संलग्न सि.डी.मा भएको फोन संवाद रेकर्डमा भएको आवाजमध्ये फिरौती माग गर्नेको आवाज पक्राउ प्रतिवादीहरूमध्येको हुनुपर्दछ भने Record 47 मा भएको अर्को व्यक्तिको आवाज मेरो र अन्य रेकर्डहरूमा भएको आवाज जाहेरवाला रामभगत साहको आवाज हो। फोन संवाद रेकर्ड सुनी आवाज सनाखत गरिदिएँ भन्नेसमेत बेहोराको मिति २०६८।८।२८ गतेको विजयकुमार साहको सनाखत कागज।

जाहेरवालाको छोरा शुभमकुमार साह र म काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ बाफलस्थित एउटै कोठामा बस्ने गर्दथ्यौँ। निज शुभमकुमार साह मेरो काकाका छोरा हुन्। निज र म काठमाडौं जिल्ला सितापाइलास्थित भोला भन्ने देवेन्द्र ठाकुरको सैलुनमा जाँदा निज भोला र सन्तोषकुमार पण्डित शुभमकुमार साहको बारेमा सामाजिक तथा आर्थिक अवस्थाको बारेमा जानकारी लिने गर्दथे। निज शुभम बिहान अन्दाजी ९ बजेको समयमा हारती शिक्षा मन्दिरमा पढ्न जाने र म भने एक्मी इन्जिनियरिङ कलेजमा पढ्ने भएको हुँदा मिति २०६८।०८।०२ गते बिहान म पढ्न गएँ। कलेजबाट फर्कँदा निज शुभमकुमार

साह कोठामा थिएनन्। निज स्कुलबाट बेलुका ३/४ बजे मात्र फर्कने हुँदा निजलाई कुरेर कोठामा बसेको समयमा निजको बुबाले मलाई फोन गरेर एउटा अपरिचित व्यक्तिले फोन गरेर निज शुभम आफ्नो कब्जामा रहेको बताएको भनी मलाई फोन गरेर भनेको हुँदा म तत्काल निज पढ्ने गरेको हारती शिक्षा मन्दिरमा गएर सोधपुछ गर्दा निज सो दिन पढ्न नआएको बताएका थिए । त्यसपश्चात् भोला भन्ने देवेन्द्र ठाकुरलाई जानकारी छ कि भनेर म निजको पसलमा गई सोधपुछ गर्दा निजले आफूलाई जानकारी नभएको बताएका थिए । मिति २०६८।०८।०७ गते काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कलंकी स्थितमा सिता तथा सुपर सिता यातायातको काउन्टरमा रहेको सुटकेस खोली हेर्दा मृतक शुभमकुमार साहको लास प्याक गरिएको अवस्थामा फेला परेको र बुझ्ने क्रममा भोला भन्ने देवेन्द्र ठाकुर, सन्तोषकुमार पण्डितसमेतले शुभमकुमार साहलाई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ बाफलबाट अपहरण गरेर बन्धक बनाई फिरौती रकम माग गर्नुको साथै कर्तव्य गरी मारेको थाहा पाएको हुँ भन्नेसमेत बेहोराको मिति २०६८।८।२८ गतेको विजयकुमार साहले गरिदिएको घटना विवरण कागज।

कल डिटेल विश्लेषणबाट पक्राउ प्रतिवादीहरूबिचमा फोन सम्पर्क देखिएको भन्नेसमेत बेहोराको प्रतिवेदन।

जाहेरवाला राम भगत साहका छोरा वर्ष ११ का बालक शुभमकुमार साहलाई अपहरण गरी बन्धक बनाई फिरौती माग गर्ने योजनाबमोजिम प्रतिवादीहरू सन्तोष पण्डित, धर्वेन्द्र ठाकुर, भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर, लालबाबु ठाकुर, विनय शिवहरी साह, राजिव महर्जन, आशिष दुरा, विनेश महर्जनसमेतले मिति २०६८।०८।०२ गते अन्दाजी ०९:०० बजेको समयमा शुभमकुमार साहलाई आउने बाटोमा फरक फरक भूमिका निर्वाह गर्दै बाटो ढुकी स्कुल जान लागेको समयमा बाफलबाट अपहरण गरी क्लोरोफर्म सुँघाई बेहोस बनाएर निज बालकलाई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ कपुरधारास्थित रामजी ठाकुर र आशिष दुराले धर्वेन्द्र ठाकुरको कोठामा लगी शरीर बन्धक बनाई शुभमकुमार साह आफ्नो कब्जामा रहेको भनी जाहेरवाला रामभगत साहसँग रू.५०,००,०००।- (पचास लाख रूपैयाँ) र बालक शुभमकुमार साहलाई मारिसकेपछि पनि ४० लाख, २५ लाखसम्म भन्दै पटकपटक फिरौती माग गरी अपहरणमुक्त गराउन रामजी ठाकुरले फोन गरेको देखिन्छ। बालकको रेखदेख गर्ने जिम्मा पाएका प्रतिवादीहरू सन्तोषकुमार पण्डित, धर्वेन्द्र ठाकुर र रामजी ठाकुरसमेत भई अपहरित बालकको कर्तव्य गरी हत्या गरी बोरामा पोको पारी सुटकेसमा हाली उक्त लाससहितको सुटकेस कलंकीमा गई सुपर सीता यातायातको टिकट काटी बसको सिटमा छाडी हिँडेको सप्रमाण पुष्टि हुन आएकोले प्रतिवादीहरू भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी र आशिष दुरालाई पीडित बालकलाई अपहरण गरी बन्धक बनाएतर्फ मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. को कसुर अपराधमा ऐ.महलको ३ नं.बमोजिम ७ वर्षदेखि १५ वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना सजाय गरी ऐ. महलको ७ र ९ नं.बमोजिम थप सजाय हुन तथा ऐ. महलको १२ नं.अनुसार पीडितको नजिकको हकदारलाई प्रतिवादीहरूबाट क्षतिपूर्तिसमेत दिलाइदिन तथा पीडित बालक शुभमकुमार साहलाई कर्तव्य गरी मारेतर्फ प्रतिवादीहरू सन्तोषकुमार पण्डित, भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी र आशिष दुरालाई ऐ.ऐनको ज्यानसम्बन्धीको महलको १ र १३ नं.को देहाय ३ नं. को कसुर अपराधमा ऐ.महलको १३ नं.को देहाय ३ बमोजिम सजाय गरिपाऊँ। फरार प्रतिवादीहरू

राजिव महर्जन, बिनेश महर्जन, विनय शिवहरी साह तथा अन्य नाम थर नखुलेका प्रतिवादीहरूका हकमा कानूनबमोजिम गरिपाऊँ । प्रस्तुत मुद्दाको घटना वारदातमा संलग्न फरार रहेका अभियुक्तहरू राजिब महर्जन, विनेश महर्जन, विनय शिवहरी शाह तथा अन्य नाम, थर, वतन नखुलेका व्यक्तिहरूको यकिन नाम, थर, वतन नखुलेकोले निजहरूको यकिन नाम, थर, वतन खुलिआएका बखत वा पक्राउमा परी आएका बखत कानूनबमोजिम गरिने छ भन्नेसमेत बेहोराको अभियोग पत्र ।

जाहेरवाला तथा निजको छोरालाई म चिन्दिनँ । मैले जाहेरवालाको छोरालाई अपहरण गरी बन्धक बनाई राखी जाहेरवालासँग फिरौती रकम माग गरेको होइन । कसैलाई कर्तव्य गरी मारेको पनि छैन । जाहेरवालाको छोरालाई विनय शिवहरी साह भन्नेले धर्वेन्द्र ठाकुरको कोठामा ल्याई राखेको र निजलाई ओभरडोज औषधी खुवाई दिई मारेका भन्ने कुरा मैले पक्राउ परेपछि मात्र थाहा पाएको हुँ । रामभगत साहको निवेदन र सिनामंगलमा भएको बरामदी मुचुल्का सम्बन्धमा मलाई थाहा छैन । मबाट ९८१३५०९८०३ को सिमकार्ड बरामद भएको होइन । सो सिमकार्ड रामजी ठाकुरबाट बरामद भएको हो । मबाट बरामद भएको हो भनी किन लेखाए मलाई थाहा छैन । मलाई एयरपोर्टबाट एक्लै पक्राउ गरेका हुन् । अन्य प्रतिवादीहरूले के के गरे मलाई थाहा भएन । सन्तोष मल्ल र चुडामणी चौधरीलाई चिन्दिन । उनीहरूको सनाखत कागजबारे मलाई थाहा छैन । प्रस्तुत वारदातमा संलग्न नहुँदा मलाई अभियोग मागदाबीअनुसार सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी सन्तोषकुमार पण्डितले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बयान ।

प्रतिवादीमध्येका रामजी ठाकुर, सन्तोष पण्डित र दिपक बलामीलाई चिन्दछु अन्य प्रतिवादीहरूलाई म चिन्दिनँ । म जाहेरवालाको छोरा शुभभकुमार साहलाई अपहरण गरी फिरौती माग गर्ने कार्यमा र जाहेरवालाको छोरालाई हत्या गरी सुटकेसमा प्याक गरी कलंकीस्थित बसको काउन्टरमा लगी फाल्ने कार्यमा संलग्न छैन । प्रतिवादी सन्तोषकुमार पण्डितले अनुसन्धानमा गरेको बयान बेहोरा झुट्टा हो । जाहेरवालासँग फिरौती रकम माग गर्न प्रयोग भएको मोबाइल नम्बर कस्को हो, मलाई थाहा छैन । मैले विजयकुमारसँग निजको आर्थिक अवस्थाको बारेमा जानकारी लिने गरेको थिएन । मसमेत भई जाहेरवालाको छोरालाई कर्तव्य गरी मारेको हो भन्ने बेहोरा झुट्टा हो । मैले मृतकको झोला राजिव महर्जनलाई राख्न दिएको छैन । मैले अभियोग मागदाबीअनुसारको कसुर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन । अनुसन्धान अधिकारीसमक्षको बयान मेरो स्वेच्छाविपरीत गराइको हो भन्नेसमेत बेहोराको प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुरले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बयान ।

जाहेरवालाको छोरा शुभभकुमार साहलाई अपहरण गरी निजसँग फिरौती माग गर्ने जाहेरवालाको छोरालाई कर्तव्य गरी मार्ने कार्यमा म संलग्न छैन । जाहेरी बेहोरा झुट्टा हो । फरार प्रतिवादी विनय शिवहरी साह मेरो भान्जा हुन् । निज विनय शिवहरी साहले मेरा कोठामा शुभमकुमार साहलाई लिएर आए । त्यसपछि फ्रुटी किन्न लगाई खाए । आइतबार ३/४ बजेतिर मेरो कोठाबाट निज शुभमकुमार साहलाई विनय शिवहरी साहले एक्लै र जिउँदै लगेका हुन् । मलाई निजले अपहरण गरेर ल्याएका हुन् भन्ने थाहा थिएन । विनयले को हो भनी सोध्दा मेरो भान्जा हुन् भनी भनेका थिए । मेरो कोठामा बरामद भएका सामान विनय शिवहरी साहले लिएर आएका हुन् । बच्चालाई अपहरण गरेर ल्याउने र निजलाई क्लोरोफर्म सुँघाउने पनि विनय शिवहरी नै हुन् । उनीबाहेक अरू कसैको पनि संलग्नता छैन । निज बालकलाई मेरो कोठामा प्याक गरेपछि सन्तोष पण्डितले बसको टिकट काट्ने काम गरे । विनय शिवहरी साह र मैले लास प्याक गरेको

सुटकेस ट्याक्सीमा लिएर गई सो सुटकेस बसको सिटमा राख्ने काम गरेका हौं । बसको टिकट काट्ने काम सन्तोष पण्डितले गरेका हुन् । निज शुभमकुमार साहलाई अपहरण गर्न म गएको हैन । मेरो कोठामा ल्याई बच्चाको हत्या गरेपछि लास सुरक्षित किसिमले गायब गर्ने काममा मेरो संलग्नता रहेको हो । मैले गल्ती गरेअनुसारको सजाय भोग्न तयार छु भन्नेसमेत बेहोराको प्रतिवादी धर्वेन्द्र ठाकुरले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बयान ।

जाहेरवालाको छोरा शुभमकुमार साहको अपहरण तथा निजलाई कर्तव्य गरी हत्या गर्ने कार्य तथा जाहेरवालासँग फिरौती माग गर्ने कार्यमा मेरो संलग्नता छैन । मिति २०६८।८।२ गते म आफ्नो घर महोत्तरी भरतपुर गा.वि.स.मा गएको थिएँ । म काठमाडौंमा थिइनँ। मैले अभियोग मागदाबीअनुसारको कार्य नगरेको हुँदा मलाई अभियोग मागदाबीअनुसार सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी लालबाबु ठाकुरले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बयान ।

फरार प्रतिवादी विनय शिवहरी साहले मिति २०६८।८।२ गते साँझ मलाई रक्सी खान दिई एकजना मानिससँग ५० लाख रूपैयाँ मागी तिम्रो छोरालाई हामीले अपहरण गरी कब्जामा राखेका छौँ, ५० लाख दिएमा तिम्रो छोरालाई छाडिदिन्छौँ भनी फोन गर भनी भनेको हुँदा मैले जाहेरवालालाई तिम्रो छोरा हाम्रो कब्जामा छ, ५० लाख रूपैयाँ दिएमा छाडिदिन्छौँ भनी विनय शिवहरी साहले फोन सम्पर्क गरी मलाई दिएको जाहेरवालासँग मोबाइलमा कुरा गरेको हुँ। मैले फिरौती माग गर्दा प्रयोग भएका मोबाइल नं.९८०८७९९५६७ र ९८१३५०९८०३ नं.का मोबाइलहरू हुन् । ती मोबाइलहरू विनय शिवहरी साहले ल्याएका थिए । मैले अभियोग मागदाबीअनुसारको अपहरण गर्ने तथा कर्तव्य गरी हत्या गर्ने कार्य नगरेको र विनय शिवहरी साहले भनेअनुसार फिरौती माग गर्नेसम्मको काम गरेको हुँ । कानूनबमोजिम होस् भन्नेसमेत बेहोराको प्रतिवादी रामजी ठाकुरले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बयान ।

अपहरण गर्ने कार्यमा मेरो संलग्नता रहेको छैन । देवेन्द्र ठाकुर मसँग झगडा भएको मानिस हो । निजले मलाई समेत फसाउनको लागि मेरो नाम उल्लेख गरी बयान गरेको हुनुपर्छ । मैले शुभमकुमार साहको अपहरण कार्यको लागि मोटरसाइकलको व्यवस्था मिलाएको होइन । आशिष दुरालाई मोटरसाइकल चलाउन भनी भनेको पनि होइन । मैले अभियोग मागदाबीअनुसारको कसुर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी दिपक बलामीले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बयान ।

प्रतिवादीमध्येका दिपक बलामी मेरो स्कुल पढ्दादेखिकै साथी हुन् । नाम अहिले आएर मात्र थाहा भएको देवेन्द्र ठाकुरको सैलुनमा जाँदा दिपक बलामीको मितबुबाको मृत्यु भएको खबर आउँदा निज भोला भन्ने देवेन्द्र ठाकुरले खुसी भएका शब्दहरू प्रकट गरेका रहेछन् र निज दिपक बलामी र निजको बिचमा झगडा भएको रहेछ । म दिपक बलामीसँगै हिँड्ने हुँदा निज देवेन्द्र ठाकुरले आफू पक्राउ परेको कारण मसमेतलाई कर्तव्य ज्यान र अपहरण तथा शरीर बन्धक मुद्दामा नाम दिएको हुनुपर्छ । म अपहरण तथा शरीर बन्धक र कर्तव्य गरी हत्या गरेको मुद्दामा संलग्न भएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी आशिष दुराले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बयान ।

प्रतिवादीहरू उपरको किटानी जाहरी दरखास्त, घटनास्थल मुचुल्का, बरामदी मुचुल्का, जाहेरवालाको सनाखत कागज मिसिल, संलग्न फिरौती माग गर्दाको अवस्थामा रेकर्ड भएको सि.डी., बुझिएका मानिसहरूको भनाइ, शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बयानसमेतका तत्काल प्राप्त प्रमाणबाट यी

प्रतिवादीहरूले आरोपित कसुर गरेको कुरामा विश्वास गर्नुपर्ने हुँदा र कसुरको गाम्भीर्यसमेतलाई विचार गरी अ.बं.११८ को देहाय २ बमोजिम यी प्रतिवादीहरू सन्तोषकुमार पण्डित, रामजी ठाकुर, लालबाबु ठाकुर, आशिष दुरा, दिपक बलामी, धर्वेन्द्र ठाकुर र भोला भन्ने देवेन्द्र ठाकुरलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्नु भनी अ.बं. १२१ बमोजिमको थुनुवा पुर्जी दिई कारागार कार्यालयमा लेखी पठाइदिनू। प्रतिवादी चुक्ता भएको हुँदा जाहेरवाला तथा बुझिएका मानिसहरूलाई जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमार्फत र प्रतिवादीका साक्षी निजहरूमार्फत उपस्थित गराई बकपत्रको लागि पेस गर्नु र दसीको रूपमा प्राप्त सामान जिन्सीमा आम्दानी बाँध्नु भनी अ.बं. १२१ नं.बमोजिम यो आदेश गरिदिएको छ भन्नेसमेत बेहोराको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।०९।१२ को थुनछेक आदेश।

प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुरलाई मैले बच्चैदेखि चिनेको छु। मलाई साक्षी राखेको हिजो मात्र थाहा भएको हो। निजले सैलुन गरेर खाई आएका थिए। निजले यस्तो कसुर गरेको मलाई थाहा छैन। निजलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुरको साक्षी अमिरी ठाकुर हजामले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादी आशिष दुरालाई सानैदेखि चिन्दथेँ। निज असल चालचलन भएका मेहनती केटा हुन्। निजको मोटरसाइकलको लाइसेन्स नभएकोले निजले मोटरसाइकल चलाएको भन्ने कुरा मलाई विश्वास लाग्दैन। उनी ब्रिटिस गोर्खा कलेजमा कक्षा १२ मा अध्ययनरत विद्यार्थी भएकोले वारदात भएको दिन कलेजमा हाजिर भई अध्ययन गरेका छन्। निजउपर लगाएको अभियोग झुट्टा हुँदा सफाइ पाउनुपर्दछ भन्नेसमेत बेहोराको प्रतिवादी आशिष दुराको साक्षी गोकुलप्रसाद दुराले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादी लालबाबु ठाकुरलाई चिन्दछु। निजसँग मेरो छोरीको विवाह गर्ने कुरा चलेकोले वारदात भएको दिन निजलाई हेर्न भनी म उसको घर गएको थिएँ। काठमाडौंमा पसल गरेका छन्, चालचलन कमाइ राम्रो छ भन्ने सुनेर गएको हुँ। अरू मलाई थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी लालबाबु ठाकुरको साक्षी देवनारायण ठाकुरले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादी दिपक बलामीको बुबा मेरो साथी थिए। साथी भएको नाताले निजको छोरा दिपक बलामीलाई सानैदेखि चिनेको हुँ। निजको चालचलन राम्रो भएकोले कसुर गरे जस्तो लाग्दैन भन्नेसमेत बेहोराको प्रतिवादी दिपक बलामीको साक्षी रूपेस शाहीले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादी सन्तोषकुमार पण्डित स्कुलमा पढ्दा पहिलो हुने अध्ययनशील विद्यार्थी हुन्। निजको चालचलन राम्रो थियो। निजले जनकपुरको भानुचोक रेल्वे स्टेसनमा पाण्डे टुर एण्ड ट्राभल खोलेर बसी बसको टिकट, प्लेनको टिकट र पासपोर्ट बनाउने कार्यसमेत गर्दै आएका थिए। जनतान्त्रिक तराईमुक्ति मोर्चा ज्वाला सिंहका पार्टीमा जिल्ला कमान्डर अभय त्यागी भन्ने व्यक्ति निज सन्तोषकुमार पण्डित थिए। मिति २०६८।०८।०१ गते जनकपुरबाट निजले काठमाडौं आउँदै छु भनी फोन गरेपछि मैले तिमीलाई पुलिसले खोजेको छ, काठमाडौं नआउभन्दा पुलिसले मलाई नामले चिन्दछ, फेसले चिन्दैन भनी निज काठमाडौं आई मेरो कोठा जडीबुटीमा गई त्यसपछि कुरियर अफिस तिनकुनेमा डकुमेन्ट लिई परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीमा समेत गएका थियौँ। काम नभएपछि मैले डकुमेन्ट पठाइदिन्छु भनेकोले निज रात्रिबसबाट जनकपुर फर्केका हुन्। जनकपुरका राजनीतिक व्यक्तिहरूले निजलाई प्रस्तुत

मुद्दामा फसाएका हुन् भन्नेसमेत बेहोराको प्रतिवादी सन्तोषकुमार पण्डितको साक्षी राकेश पंजियारले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र ।

जाहेरवाला तथा प्रतिवादीहरूलाई चिन्दिनँ । प्रतिवादीमध्येका धर्वेन्द्र ठाकुर मेरो घरमा भाडामा बसेकोले घरबेटीको नाताले चिन्दछु । मिति २०६८।०८।२७ गते भएको कागज बेहोरा तथा सहीछापसमेत मेरै हो । सो कागजको विवरणमा मैले अपहरण गरी कर्तव्य गरी मारेको भन्ने कुरा टि.भी. मा सुनी थाहा पाएको बेहोरा उल्लेख गरेको हुँ । अरू कुरा थाहा भएन भन्नेसमेत बेहोराको बुझिएका मानिस तुल्सीनारायण महर्जनले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र ।

लास जाँचको क्रममा पाइएका लक्षणहरू सफोकेसनसँग मिल्ने भएको र क्लोरोफर्म सुँघाउँदा भएको सफोकेसन नै मृत्युको कारण हो भनी विशेषज्ञ डा.हरिहर वस्तीले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र ।

मेरो छोराको अपहरण, शरीर बन्धक र कर्तव्य गर्नेहरू सन्तोष पण्डित, भोला ठाकुर, लालबाबु ठाकुर, रामजी ठाकुर आशिष दुरा, दिपक बलामी, धर्वेन्द्र ठाकुर हुन् । सातै जनाको संलग्नतामा अपहरण गरी ५० लाख रूपैयाँ फिरौती मोबाइल नं. ९८०८७९९५६७ बाट फोन गरी मागेका हुन् । मैले नदिएपछि मेरो छोरालाई मारेछन् भन्नेसमेत बेहोराको जाहेरवाला रामभगत साहले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र ।

मृतक मेरो भाइ हो । अपहरण तथा हत्या गर्ने प्रतिवादीसँग चिनाजानी छ । भाइ शुभमकुमार साह अध्ययनको सिलसिलामा मसँगै बसेको थियो । वारदातमा देखाइएको मिति र समयमा शुभमको अपहरण भएको हो । कर्तव्य गरी मारेको हो । सन्तोष पण्डित, भोला भन्ने देवेन्द्र ठकुर, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, लालबाबु ठाकुर, आशिष दुरा, दिपक बलामीले अपहरण गरी कर्तव्य गरेका हुन् । यो अपराधमा मेरो संलग्नता छैन । हनुमानढोकामा मैले जे सहीछाप गरेको छु त्यो कुरा ठिक छ, प्रमाणित भएको छ । मैले कुनै पनि साथीको मोबाइल नम्बर लिने गरेको छैन । शुभमबाट फोन लगेको रहेछ । म बकपत्र गर्न आउँदासमेत सन्तोष र भोलाले धम्की दिने गरेका छन् । जेलबाट छुटेमा मार्छु भनेका छन् भन्नेसमेत बेहोराको सनाखत कागज गर्ने विजयकुमार साहले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र ।

प्रतिवादी आशिष दुरा, दिपक बलामीलाई चिन्दिन । ९८०८७९९५६७ नं.को सिमकार्ड मेरो नामबाट मेरो भतिजाले बनेपाबाट निकाली मलाई दिएका हुन् । मैले प्रयोग गरेको थिइनँ । मेरो छोरी रिता शाहीले कहिलेकाहीँ प्रयोग गर्ने गरेकी थिइन् । घटना बारेमा सञ्चार माध्यमबाट थाहा पाएको हुँ भन्नेसमेत बेहोराको बुझिएका मानिस गमसरा खड्गीले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र ।

प्रतिवादी दिपक बलामी र आशिष दुरालाई चिन्दिन । निजहरूको भूमिकाको बारेमा थाहा छैन । घटनाको बारेमा सञ्चार माध्यमबाट थाहा पाएको हुँ । उक्त मोबाइलको सिमकार्ड राखेको ठाउँबाट हराएको थियो भन्नेसमेत बेहोराको रिता शाहीले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र ।

भोलाले मेरो घरमा पसल गरी बसेकाले चिनाजानी छ । अनुसन्धानको क्रममा मिति २०६८।०८।२६ गते गरेको घटना विवरण कागज मेरो हो । प्रतिवादी आशिष दुरा, दिपक बलामीलाई चिन्दिनँ । अरू बारेमा थाहा भएन भन्नेसमेत बेहोराको अरूणा सिंह डंगोलले सुरू काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र ।

मिति २०६८।०८।०२ गते काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ बाफलबाट भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, लालबाबु ठाकुर, सन्तोष पण्डित, दिपक

बलामी र आशिष दुरासमेतले मेरो छोरा वर्ष ११ को शुभमकुमार साहलाई अपहरण गरेर बन्धक बनाई ९८०८७९९५६७ र ९८१३५०९८०३ मोबाइल नम्बरबाट मेरो मोबाइल नम्बर ९८४४०५११५१२ मा फोन सम्पर्क गरेर फिरौती रकम माग गर्नुको साथै मेरो निज छोरालाई हत्या गरेको र मृतक लास काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कलंकीस्थित बस काउन्टरमा रहेको सुटकेसमा प्याक गरिएको अवस्थामा फेला परी खुल्न आएको हुँदा निजहरूउपर कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको रामभगत साहले प्रतिवादीहरूउपर किटानी जाहेरी दिएको पाइयो । मिति २०६८।०८।०७ गते प्रहरी कर्मचारीसमेतले काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कलंकी स्थित सिता तथा सुपर सिताको काउन्टरमा रहेको कालो रंगको सुटकेस खोली हेर्दा मृतक शुभमकुमार साहको लास प्याक गरिएको अवस्थामा फेला परेको हो, हाल नाम, थर, वतन खुलेका पक्राउ प्रतिवादी सन्तोषकुमार पण्डितले इटहरी जाने बताई मिति २०६८।०८।०४ गते ना. ३ ख २६०४ नम्बरको बसको टिकट काटी मृतकको लास राखिएको सुटकेस सो बसमा राखेका थिए भनी टिकट काउन्टरका सन्तोष मल्लसमेतले कागज गरिदिएको पाइन्छ । काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कलंकी स्थित सिता यातायातको काउन्टरमा Pierre Cardin लेखिएको ताल्चा लगाइएको कालो रंगको सुटकेस फेला परेको, सो सुटकेस खोली हेर्दा पहेँलो रंगको बोरामा मृतक बालकको लास रहेको, मृतक लासको कपडामा रगतजस्तो पदार्थ लागेको, अनुहारको पूरै भाग निलो कालो भएको साथै मृतक लास प्याक गरिएको कालो रंगको सुटकेस र पहेँलो रंगको बोरासमेत बरामद गरिएको लास जाँच मुचुल्काबाट देखिएको छ। प्रतिवादीहरू आशिष दुरा, दिपक बलामी, लालबाबु ठाकुरसमेतले जाहेरवालासँग फिरौती माग गरेको र बालकको हत्या गरेको कुरामा इन्कारी बयान गरे तापनि अपहरण गर्ने कार्यमा आ-आफ्नोतर्फबाट संलग्न रहेको कुरालाई स्वीकार गरी बयान गरेको पाइन्छ भने प्रतिवादीहरू देवेन्द्र ठाकुर रामजी ठाकुर र धर्वेन्द्र ठाकुरले बालकको अपहरण गरी फिरौती माग गरी पछि बालकको हत्यासमेत गरेको हो भनी साबित रही अनुसन्धान अधिकारीसमक्ष बयानसमेत गरेको पाइन्छ । जाहेरवालाले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादीहरू सातै जनाको संलग्नतामा अपहरण गरी ५० लाख रूपैयाँ मागे मैले नदिएपछि मेरो छोरालाई मारेका हुन् भनी प्रतिवादीहरूउपर किटान गरी मौकाको कागजलाई समर्थन हुने गरी बकपत्रसमेत गरिदिएको पाइयो। मृतक शुभमकुमार साहलाई अपहरण गरी हत्या भएकोमा विवाद नदेखिएको र अपहरण गर्ने कार्यमा प्रतिवादीहरू सन्तोषकुमार पण्डित, भोला भन्ने देवेन्द्र ठाकुर, धर्वेन्द्र ठाकुर, रामजी ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी र आशिष दुराको संलग्नता रहेको निजहरूको अधिकारप्राप्त अधिकारीसमक्ष भएको कागज र मौकामा संलग्न भएका प्रमाण कागजबाट पुष्टि भइरहेको र प्रतिवादीहरूले अदालतसमक्ष आई गरेको केवल इन्कारी बयानलाई मात्र प्रतिवादीहरूको निर्दोषिताको आधार मानी प्रमाणको रूपमा लिन सकिएन अपहरण भइसकेपछि अपहरणको कार्यमा कस्को के कति संलग्नता थियो र हत्या गरिँदा को कस्को कुन किसिमको सहभागिता थियो भन्ने कुराको सम्बन्धमा हेर्दा प्रतिवादीमध्येका रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, सन्तोषकुमार पण्डित, विनय शिवहरी साहले अपहरणपछि बालक शुभमकुमार साहलाई हत्या गर्ने कार्यमा प्रमुख भूमिका रहेको र हत्या भइसकेपछि पनि लास दबाउन प्रमुख भूमिका रहेको देखिँदा प्रतिवादी रामजी ठाकुर, धर्वेन्द्र ठाकुर र सन्तोषकुमार पण्डितलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्छ । प्रतिवादीमध्येका भोला भन्ने देवेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक

बलामी, आशिष दुरा अपहरणको कार्यमा सहभागी रहे पनि मृतक बालक शुभमकुमार साहलाई ज्यानै लिनेसम्मको कार्यमा प्रत्यक्ष सहभागी नरहेको मृतक बालक शुभमकुमार साहलाई हत्या भएको विषयमा अनभिज्ञतासमेत देखिँदा र बालक शुभमको अपहरण गर्ने कार्यमा मात्र संलग्न देखिँदा प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी, आशिष दुरालाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको दफा ३ नं.अनुसार जनही ४(चार) वर्ष कैद र जनही रू.२५०००।- (पच्चिस हजार रूपैयाँ) जरिवाना हुने ठहर्छ भन्नेसमेत बेहोराको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।१२।०९ को फैसला।

सुरू जिल्ला अदालतले मलाई शंकाको भरमा सजायभागी गराएको छ । शंकाको भरमा कसैलाई पनि सजाय गर्न मिल्ने होइन । शंकाको फाइदा सुविधा प्रतिवादीले पाउने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हो। सो सुविधाबाट मलाई वञ्चित गराई सजाय गरिँदा म घोर अन्यायमा परेको छु। यी कुरालाई ध्यानमा राखी काठमाडौं जिल्ला अदालतले मलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सजाय गर्ने गरी मलाई हराई गरेको फैसला अन्यायपूर्ण भएकाले उक्त फैसला उल्टी गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी सन्तोषकुमार पण्डितको पुनरावेदन जिकिर।

मलाई अधिकारप्राप्त अधिकारीसमक्ष जबरजस्ती रूपमा साबिती गराइएको, उक्त साबिती बयानलाई खण्डन गरी आफूले जे जति कसुर जानी नजानी अर्काको दबाबमा परी गरेको हो सो मात्रलाई स्वीकार गरी सम्मानित अदालतसमक्ष उपस्थित भई प्रस्ट रूपमा बयान गरेको, मुद्दाको कुनै तथ्य स्वीकार गर्दैमा कसुर नै स्वीकार गरेको मानी सजाय गर्नु अन्यायपूर्ण हुन्छ। यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट थुप्रै नजिर सिद्धान्तहरूसमेत प्रतिपादित भइरहेको अवस्थामा म पुनरावेदकलाई हचुवा तथा अनुमान र आशंकाको भरमा गोश्वारा रूपमा सजाय गरेको त्रुटिपूर्ण एवं कानून प्रतिकूलको हुँदा उक्त फैसला उल्टी गरी न्याय इन्साफ दिलाइपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी रामजी ठाकुरको पुनरावेदन जिकिर।

सम्मानित सुरू जिल्ला अदालतबाट म पुनरावेदकलाई ४ वर्ष कैद र रू.२५,०००।- जरिवाना गर्ने गरी भएको त्रुटिपूर्ण फैसला प्रमाण ऐन, २०३१ को दफा ९(२)(क), २५, २८ र ५४ को प्रतिबन्धात्मक वाक्यांशको आशय, मनसाय र कानूनी प्रावधानको प्रत्यक्षतः गम्भीर कानूनी त्रुटिपूर्ण हुँदा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल एवं त्रुटिपूर्णसमेत भई बदरभागी छ। उक्त सुरू फैसला उल्टी गरी म पुनरावेदकलाई सफाइ दिने गरी इन्साफ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी लालबाबु ठाकुरको पुनरावेदन जिकिर।

अभियोग दाबीअनुसारको कसुरमा मेरो संलग्नता रहेको पुष्टि गर्ने कुनै पनि आधार, प्रमाण छैन। सुरू काठमाडौं जिल्ला अदालतले फैसला गर्दा अन्यायपूर्ण तवरले फैसला गरेको आभाष हुन्छ। जब अभियोगकर्ताले लगाएको दाबी नै पुष्टि भएको छैन भने हचुवाको भरमा अभियोग दाबी पुग्ने गरी मुद्दाको फैसला गर्नु कानूनी सिद्धान्तविपरीत हुन्छ । दाबी प्रमाणित नभए पनि प्रतिवादीलाई सजायको भागीदार बनाउनुपर्छ भनी प्रवृत्त भई फैसला गरेको पुष्टि हुन्छ। उक्त त्रुटिपूर्ण फैसला बदर गरी मलाई सफाइ दिलाइपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी दिपक बलामीको पुनरावेदन जिकिर।

मृतक शुभम साहको अपहरण गरी हत्या गर्ने कार्यमा मेरो बिल्कुलै संलग्नता नभएको भन्ने मेरो सुरू काठमाडौं जिल्ला अदालतसमक्ष भएको बयान, सो बयान बेहोरालाई अदालतमा उपस्थित भई वारदातमा संलग्न रहेको भनी साबिती बयान गर्ने प्रतिवादीमध्येका

धर्वेन्द्र ठाकुर र रामजी ठाकुरको बयान बेहोराबाट पुष्टि भएको साथै अन्य प्रतिवादीहरूले समेत उक्त कार्यमा मेरो संलग्नता रहेको भनी कहींकैतै पोल उजुर गर्न नसकेको अवस्थामा केवल जाहेरवालाको झुट्टा जाहेरीको आधारमा मलाई निज बालकको अपहरण गर्ने कार्यमा संलग्न रहेको ठहऱ्याई गरेको फैसला सो हदसम्म त्रुटिपूर्ण एवं गैरकानूनी हुँदा उक्त फैसला बदर गरी आरोपित कसुरबाट सफाइ दिलाई इन्साफ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी आशिष दुराको पुनरावेदन जिकिर।

प्रतिवादीहरूले जाहेरवालाको छोरालाई अपहरण गरी बन्धक बनाई फिरौती माग गर्दा नदिएकोले बालकको हत्या गरेको भनी प्रतिवादीहरूउपर किटानी जाहेरी परेको र उक्त जाहेरी बेहोरालाई समर्थन गर्दै मौकामा कागज गर्ने दिपक ढकाल, चुडामणी चौधरीसमेतका मानिसहरूले गरिदिएको कागज एवं प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बालकको अपहरण गरी बन्धक बनाई हत्यासमेत गरेको कसुरमा पूर्ण रूपमा साबित रही बयान गरिदिएको अवस्था विद्यमान रहेको अवस्थामा प्रतिवादीहरू रामजी ठाकुर, धर्वेन्द्र ठाकुर र सन्तोषकुमार डंगोललाई कर्तव्य ज्यानतर्फ मात्र सजाय गरी अपहरण तथा शरीर बन्धकतर्फ फिरौती लिने उद्देश्यगत आधारमा सजाय नगरी र प्रतिवादीहरू भोला भन्ने देवेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी र आशिष दुरालाई अपहरण तथा शरीर बन्धकतर्फ घटी सजाय गरी कर्तव्य ज्यानतर्फ सफाइ दिई विद्यमान कानूनी व्यवस्था र तथ्यको त्रुटिपूर्ण विश्लेषण गरी भएको उक्त सुरू जिल्ला अदालतको फैसला सो हदसम्म बदरभागी छ, उक्त फैसला सो हदसम्म बदर गरी प्रतिवादीहरूलाई सुरू अभियोग मागदाबीबमोजिम सजाय गरी इन्साफ दिलाइपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर।

मृतक बालकको अपहरण गरी हत्या गर्ने कार्यमा मेरो विल्कुलै संलग्नता नभएको भन्ने मेरो सुरू काठमाडौं जिल्ला अदालतसमक्ष भएको बयान, सो बयान बेहोरालाई अदालतमा उपस्थित भई वारदातमा संलग्न रहेको भनी साबिती बयान गर्ने प्रतिवादीमध्येका धर्वेन्द्र ठाकुर र रामजी ठाकुरको बयान बेहोराबाट पुष्टि भएको साथै अन्य प्रतिवादीहरूले समेत उक्त कार्यमा मेरो संलग्नता रहेको भनी कहींकैतै पोल उजुर गर्न नसकेको अवस्थामा केवल जाहेरवालाको झुट्टा जाहेरीको आधारमा मलाई निज बालकको अपहरण गर्ने कार्यमा संलग्न रहेको ठहऱ्याई गरेको फैसला सो हदसम्म त्रुटिपूर्ण एवं गैरकानूनी हुँदा उक्त फैसला बदर गरी आरोपित कसुरबाट सफाइ दिलाई इन्साफ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुरको पुनरावेदन जिकिर।

यसमा प्रतिवादीमध्येका रामजी ठाकुर, सन्तोषकुमार पण्डित र धर्वेन्द्र ठाकुरसहितका ३ जना प्रतिवादीहरूलाई मानव अपहरण तथा शरीर बन्धकसमेतमा र देवेन्द्र ठाकुरसहितका जना ४ प्रतिवादीहरूलाई मानव अपहरण तथा शरीर बन्धक महलको ७ र ९ नं.बमोजिम थप सजाय नगरेउपर वादी नेपाल सरकारको र आफूहरूलाई सजाय गरिएउपर धर्वेन्द्र ठाकुरबाहेकका अन्य प्रतिवादीहरूको पुनरावेदन परेको देखिँदा दुवै पक्षको पुनरावेदन अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम परस्परमा सुनाइ पुनरावेदन नगर्ने प्रतिवादी धर्वेन्द्र ठाकुरलाई समेत प्रत्यर्थी झिकाउने आदेशको सूचना दिई प्रतिवादीमध्येका दिपक बलामी, आशिष ठाकुर र देवेन्द्र ठाकुरले कानून व्यवसायी राखेको नदेखिँदा वैतनिक वकिलबाट प्रतिनिधित्व गराई नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।१ को आदेश।

यसमा प्रतिवादीमध्येका धर्वेन्द्र ठाकुरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३)

नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरी सुरू जिल्ला अदालतबाट फैसला भएको देखिएकोमा निज प्रतिवादी धर्वेन्द्र ठाकुरको तर्फबाट पुनरावेदन दायर भएको नदेखिएको भन्ने पुनरावेदन दर्ता शाखाको पत्रबाट देखिँदा निज प्रतिवादी धर्वेन्द्र ठाकुरका हकमा अ.बं. १८६ नं.बमोजिम साधकमा दर्ता गरी नियमानुसार गर्नु भन्नेसमेत बेहोराको उच्च अदालत पाटनको मिति २०७३।०९।२६ को आदेश।

यसमा पुनरावेदन नगर्ने प्रतिवादी धर्वेन्द्र ठाकुरको हकमा अ.बं. १८६ नं.बमोजिम साधकमा दर्ता गर्नु भन्ने यस अदालतको संयुक्त इजलासबाट मिति २०७३।९।२६ मा भएको आदेशानुसार निज धर्वेन्द्र ठाकुरको हकमा साधकमा दर्ता गरी कानूनबमोजिम गर्नु भन्नेसमेत बेहोराको उच्च अदालत पाटनको मिति २०७३।१०।११ को आदेश।

नाबालक शुभमकुमार साहलाई दुईभन्दा बढी प्रतिवादीहरूले अपहरण गरी शरीर बन्धक बनाएको ठहर गरेपछि अपहरण गर्ने र शरीर बन्धक लिनेको महलको ७ र ९ नं.बमोजिम थप सजाय हुने व्यवस्था स्वत: आकर्षित हुने देखिन्छ । प्रतिवादी रामजी ठाकुर, धर्वेन्द्र ठाकुर र सन्तोषकुमार पण्डितउपर वादी नेपाल सरकारका तर्फबाट लिएको मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको अभियोग दाबीका हकमा नबोलेको सुरू फैसला त्रुटिपूर्ण देखिएकोले उल्लिखित प्रतिवादीहरूले अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं., ७ नं., र ९ नं.समेतको कसुर गरेको ठहर्छ। निज प्रतिवादीहरूलाई ३ नं.बमोजिम जनही ७ वर्ष कैद र रू. पचास हजार जरिवाना, ७ नं.बमोजिम २ वर्ष थप कैद र ९ नं.बमोजिम थप २ वर्ष कैद सजायसमेत हुन्छ । प्रस्तुत मुद्दामा सुरू फैसला केही उल्टी भई प्रतिवादी रामजी ठाकुर, सन्तोषकुमार पण्डित र धर्वेन्द्र ठाकुरलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३, ७ र ९ नं.बमोजिम जनही ११ वर्ष कैद र रू. पचास हजार जरिवाना हुने ठहरी फैसला भएकोमा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी भएको सुरू फैसला सदर हुने ठहर्छ। प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी र आशिष दुराको हकमा कम सजाय गरी अभियोग दाबीबारे बोल्दै नबोलेको देखिएकाले प्रतिवादीहरूलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं.बमोजिम जनही ७ वर्ष कैद र रू. पचास हजार जरिवाना ७ नं.बमोजिम थप २ वर्ष कैद र ९ नं.बमोजिम थप २ वर्ष कैद गरी जम्मा ११ वर्ष कैद सजायसमेत हुने ठहर्छ। प्रतिवादीहरूबाट १२ नं.बमोजिम मृतकको हकवालालाई दामासाहीले रू.चार लाख पचास हजार क्षतिपूर्ति भराइदिने ठहर्छ । उपर्युक्त हदसम्म सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।१२।०९ को फैसला केही उल्टी हुन्छ । प्रतिवादी धर्वेन्द्र ठाकुरका हकमा साधक सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत बेहोराको मिति २०७३।११।२४ मा उच्च अदालत पाटनबाट भएको फैसला।

म पुनरावेदक प्रतिवादीसमेतउपर लगाइएको अभियोग दाबीअनुसारको कसुर अपराध आफूबाट भएको छैन। आफूले जानी जानी कुनै पनि अपराध गरेको छैन। सहप्रतिवादीहरूले पोल गरी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरे तापनि अदालतसमक्ष उपस्थित भई बयान गर्दा निजहरूले आफूले कसुरमा इन्कार रही बयान गरेका र म पुनरावेदक प्रतिवादी सन्तोषकुमार पण्डितसमेतलाई पोल गरी बयान गर्न सकेको अवस्था छैन। विनय शिवहरी साहले भनेअनुसार निजको दबाबमा परी निजको फोनबाट फिरौती रकम माग गर्नेसम्मको काम गरेको हुँ भनी प्रतिवादी रामजी ठाकुरले प्रस्ट रूपमा बयान गरेको अवस्थामा उक्त कसुर म पुनरावेदक प्रतिवादीले गरेको मानी शंका एवम् हचुवाकै भरमा सर्वस्वसहित जन्मकैद गर्ने गरी

भएको फैसलामा केही उल्टी गरी थप अपहरण तथा शरीरबन्धकतर्फको दाबीबमोजिम कैद वर्ष ११समेत गरी चर्को एवम् त्रुटिपूर्ण फैसला भएको छ। प्रस्तुत मुद्दामा म पुनरावेदक प्रतिवादी सन्तोषकुमार पण्डितले कसुरमा इन्कार रही अदालतमा भएको बयानको विभिन्न सवाल जवाफहरूमा कुराहरू खुलाई बयान गरेको अवस्था एकातिर छ भने अर्कोतिर म पुनरावेदकले नै अभियोग दाबीअनुसारको कार्य गरेको हो भनी देख्ने प्रत्यक्षदर्शी कोही छैन। त्यसैगरी अदालतसमक्ष भएको बयानमा धर्वेन्द्र ठाकुरको नामबाट सीता बसको काउन्टरमा टिकट काटिदिएकोसम्म स्वीकार गरेको, कसुरमा पूर्ण इन्कार रही बयान गरेको, प्रहरीले बरामद भएको भनिएको सिमकार्ड आफूबाट बरामद भएको छैन भनी बयान गरेको, वारदात भएको भनिएको दिन दिउँसो २:३० बजे एयरपोर्टबाट पक्राउ गरेको कुरा खुलाएको अवस्था छ। यी समग्र बयान बेहोरालाई बेवास्ता भएको छ। प्रस्तुत मुद्दाको जाहेरवाला प्रत्यक्षदर्शी होइनन्। म पुनरावेदक प्रतिवादीले नै उक्त वारदातमा मुख्य भूमिका खेली उक्त वारदात घटाएको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको अवस्था पनि छैन। म पुनरावेदकलाई अधिकारप्राप्त अधिकारीसमक्ष जबरजस्ती रूपमा साबिती गराइएको, उक्त साबिती बयानलाई खण्डन गरी म पुनरावेदक प्रतिवादीले जे जति कसुर जानी नजानी अर्काको दबाबमा परी र लहैलहैमा लागी गरेको हो, सो मात्रलाई स्वीकार गरी सम्मानित अदालतसमक्ष उपस्थित भई प्रस्ट यथार्थ रूपमा बयान गरेको, मुद्दाको कुनै तथ्य स्वीकार गर्नु र कसुर नै स्वीकार गर्नु फरक फरक कुराहरू हुन्। तथ्य स्वीकार गर्दैमा कसुर नै स्वीकार गरेको मानी सजाय गर्नु अन्यायपूर्ण हुन्छ। यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट थुप्रै नजिरहरू प्रतिपादन भएको अवस्था छ। म पुनरावेदक प्रतिवादीलाई गोश्वारा रूपमा सजाय गरेको सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई अझ अभियोग दाबीबमोजिम अपहरण तथा शरीरबन्धक लिनेतर्फसमेत सजाय थपी उच्च अदालत पाटनबाट मिति २०७३।११।२४ मा भएको फैसला त्रुटिपूर्ण कानूनप्रतिकूलको हुँदा उक्त फैसला उल्टी गरी उचित न्याय इन्साफ दिलाइपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी सन्तोषकुमार पण्डितको तर्फबाट यस अदालतमा परेको पुनरावेदन।

म पुनरावेदक प्रतिवादी रामजी ठाकुरले सम्मानित सुरू काठमाडौं जिल्ला अदालतसमक्ष उपस्थित भई बयान गर्दा प्रस्ट रूपमा आफ्नो भएको सत्य साँचो कुराहरू खुलाएको छु। त्यसैगरी अदालतसमक्ष भएको बयानमा मैले अभियोग मागदाबीअनुसारको अपहरण गर्ने तथा कर्तव्य गरी हत्या गर्ने कार्य नगरेको हुँदा र विनय शिवहरी साहले भनेअनुसार निजको दबाबमा परी निजको फोनबाट फिरौती रकम माग गर्नेसम्मको काम गरेको हुँ भनी प्रस्ट रूपमा बयान गरेकोलाई सम्पूर्ण अभियोग दाबीबमोजिमकै कसुर म पुनरावेदक प्रतिवादीले गरेको मानी गोश्वारा रूपमा सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको फैसलामा केही उल्टी गरी अझ अपहरण तथा शरीरबन्धकतर्फको दाबीबमोजिम कैद वर्ष ११ समेत थपी फैसला भएको छ। प्रस्तुत मुद्दामा म पुनरावेदक प्रतिवादी रामजी ठाकुरले कसुरमा इन्कार रही बयान गरेको अवस्था एकातिर छ भने अर्कोतिर म पुनरावेदकले नै अभियोग दाबीअनुसारको कार्य गरेको हो भनी देख्ने प्रत्यक्षदर्शी कोही छैन। प्रस्तुत मुद्दाको जाहेरवाला प्रत्यक्षदर्शी होइनन्। म पुनरावेदक प्रतिवादीले नै उक्त वारदातमा मुख्य भूमिका खेली उक्त वारदात घटाएको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको अवस्था पनि छैन। म पुनरावेदकलाई अधिकारप्राप्त अधिकारीसमक्ष जबरजस्ती रूपमा साबिती गराइएको, उक्त साबिती बयानलाई खण्डन गरी म पुनरावेदक प्रतिवादीले जे जति कसुर जानी नजानी अर्काको दबाबमा परी र लहैलहैमा लागी गरेको हो सो मात्रलाई स्वीकार गरी सम्मानित अदालतसमक्ष

उपस्थित भई प्रस्ट यर्थाथ रूपमा बयान गरेको, मुद्दाको कुनै तथ्य स्वीकार गर्नु र कसुर नै स्वीकार गर्नु फरक फरक कुराहरू हुन् । तथ्य स्वीकार गर्दैमा कसुर नै स्वीकार गरेको मानी सजाय गर्नु अन्यायपूर्ण हुन्छ । यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट थुप्रै नजिरहरू प्रतिपादन भएको अवस्था छ । म पुनरावेदक प्रतिवादीलाई गोश्वारा रूपमा सजाय गरेको सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई अझ अभियोग दाबीबमोजिम अपहरण तथा शरीर बन्धक लिनेतर्फसमेत सजाय थपी उच्च अदालत पाटनबाट मिति २०७३।११।२४ मा भएको फैसला त्रुटिपूर्ण कानूनप्रतिकूलको हुँदा उक्त फैसला उल्टी गरी उचित न्याय इन्साफ दिलाइपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी रामजी ठाकुरको तर्फबाट यस अदालतमा परेको पुनरावेदन ।

घटनास्थल मुचुल्का, वारदात घटनामा प्रयोग बरामदी सामाग्रीहरू, जाहेरी दरखास्त, साक्षी बकपत्र, वादी नेपाल सरकारबाट मागदाबी, पुनरावेदक प्रतिवादीहरूको साबिती बयान यी सबै प्रमाणहरूलाई सहज र सरल बनाउन म पुनरावेदकले सक्दो सहयोग दिएको हो । कानूनलाई सर्वमान्य ठानी घटनाको सम्पूर्ण बेहोरा ठिक, साँचो र सत्य तवरबाट प्रहरी प्रतिवेदनमा र अदालतमा अधिकारप्राप्त अधिकारीसँग बयान दिई न्यायालयलाई समेत सरल र सहज बनाई कानून र न्यायालयको मर्मलाई ध्यानमा राखी सत्य साँचो बोली सहज बनाएको हुँदा उक्त कुरा सुरू जिल्ला अदालत र उच्च अदालतले कुनै वास्ता गरेको देखिँदैन । म पुनरावेदकले साँचो बोलेकै भरमा कसुरदार ठहर गरिएको छ । कसुरदार ठहर हुनुअगावै कसुरदारले कसुर अपराध घटाएको स्वीकार्नु कसुरदारको सबल र सुधारात्मक पक्ष हो । सो कुराको कुनै वास्ता नगरी सिधै सर्वस्वसहित जन्मकैद सजाय गर्न म पुनरावेदकलाई कानूनसम्मत न्यायोचित लाग्दैन । यसैले यो बदरभागी छ । उल्लिखित घटना घट्ने क्रममा म पुनरावेदक भर्खरै १८(अठार) वर्षको भएको हुँदा उक्त बालक अवस्थाको कुनै मध्यनजर नगरी सुरू जिल्ला अदालत र उच्च अदालतको फैसला मिलेको देखिँदैन । म पुनरावेदक जे जति कसुर जानी नजानी अर्काको दबाबमा गरेको हो, सो म पुनरावेदकले स्वीकार गरिसकेको हुनाले कानूनसम्मत म पुनरावेदकले सजाय पाउनुपर्छ । तर माथि उल्लिखित कुराहरू र म घटना घट्दा म पुनरावेदक भर्खरै १८ वर्षको भएको हुँदा उक्त बालक अवस्थामा घटेको घटना अ.बं. १८८ नं.बमोजिम १० वर्ष कैद सजाय हुनुपर्दछ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी धर्वेन्द्र ठाकुरको तर्फबाट यस अदालतमा परेको पुनरावेदन ।

म पुनरावेदक प्रतिवादी आशिष दुरा अभियोग पत्रमा दाबी गरेबमोजिम शुभमकुमार साहलाई अपहरण गरी हत्या गर्ने कार्यमा संलग्न नहुँदा झुट्टा अभियोग दाबीबाट पूर्ण रूपमा सफाइ पाउनुपर्दछ भन्ने सादर जिकिर गर्दछु । म अपहरण गर्ने बन्धक बनाउने कार्यमा संलग्न छैन । यद्यपि अपहरण गरी शरीर बन्धक बनाएको भन्ने वादी पक्षले स्वतन्त्र आधार प्रमाणहरूबाट पुष्टि गर्न सकेको अवस्था छैन । शुभमकुमार साहलाई अपहरण गर्ने सम्बन्धमा कोही कसैसँग सल्लाहमा फसेको वा संलग्नतामा रहेको छैन । जहाँसम्म मैले मोटरसाइकल चलाएर अपहरणमा संलग्न भएको भनी उल्लेख गरिएको छ, जुन बिलकुल झुट्टा हो । मैले मोटरसाइकलको पछाडि राखेर कसैलाई कहीँ पुऱ्याएको छैन । मैले मोटरसाइकल चलाउन जानेको र मोटरसाइकल चलाउने अनुमति पत्र (लाइसेन्स) पनि छैन । म मोटरसाइकल चलाउनसम्म नजान्ने मानिसले काठमाडौं जस्तो भिडभाड भएको ठाउँमा बाफलदेखि बालाजु हुँदै कपुरधारा जस्तो व्यस्त ठाउँमा (अफिस समयमा) चलाएको भन्नु कल्पनासम्म गर्न सकिँदैन । प्रहरी अनुसन्धानमा गराइएको बयानमा घटनापूर्वको तथ्य स्वीकार गर्नु र अपराध स्वीकार गर्नु एउटै कुरा होइन । शंकारहित तवरबाट

मउपरको अभियोग प्रमाणबाट पुष्टि हुन नआएको स्थितिमा केवल शंका र अनुमानका आधारमा दोषी कायम गर्नु न्यायोचित एवं फौजदारी न्यायको मान्य सिद्धान्तबमोजिम भएको मान्न मिल्दैन भनी सर्वोच्च अदालतबाट कानूनी सिद्धान्तसमेत प्रतिपादन भएको छ। (ने.का.प. २०६०, अङ्क ९, १० नि.नं. ७२८५, पृष्ठ ८३९)। स्वेच्छाविपरीत अनुसन्धानमा गराइएको बयानलाई मेरो विरूद्धमा प्रमाणमा लिन नमिल्नेमा प्रमाणका रूपमा ग्रहण गरी भएको फैसला कानूनी त्रुटिपूर्ण भएकाले बदरभागी छ । वारदातमा संलग्न रहेको भनी साबिती बयान गर्ने प्रतिवादीमध्येका धर्वेन्द्र ठाकुर र रामजी ठाकुरले गरेको बयानसमेतले उक्त कार्यमा मेरो संलग्नता रहेको भनी कहीँकतै पोल उजुर गर्न नसकेको अवस्थामा अभियोगलाई आधार मानी बालकलाई ज्यान मार्ने कार्यमा संलग्न नभएको भनी कर्तव्य ज्यान मुद्दाको अभियोगबाट म पुनरावेदकलाई सफाइ पाउने ठहर फैसला भए तापनि निज बालकलाई अपहरण गर्ने कार्यमा मेरो संलग्नता रहेको भनी म निर्दोष व्यक्तिलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३, ७ र ९ नं.अनुसार ११ वर्ष कैद र ५०,०००।- जरिवाना हुने ठहर गरी उच्च अदालत पाटनबाट भएको फैसला सो हदसम्म गैरकानूनी, त्रुटिपूर्ण एवं अन्यायपूर्ण हुँदा सो हदसम्मको उक्त फैसला उल्टी गरी आरोपित कसुरबाट सफाइ दिलाइपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी आशिष दुराको तर्फबाट यस अदालतमा परेको पुनरावेदन।

म प्रतिवादी देवेन्द्र ठाकुरले वारदातको सम्बन्धमा केही थाहा नभएको म निर्दोष व्यक्ति पुनरावेदक / प्रतिवादीसमेतले मेरोमा आउँदा जाँदा चिनेको र त्यहाँ सबैजना आउने जाने गरेकोले निजले यसको पनि संलग्नता छ कि भन्ने आशंकामा मेरा नाम लिएको कारण मलाई पक्राउ गरिएको हो। म पुनरावेदक प्रस्तुत शरीर बन्धक गरी कर्तव्य गरी हत्या गरेको मुद्दामा संलग्न भएको व्यक्ति नभएकोमा यस्तो अवस्थामा अनुसन्धान तहकिकातको सिलसिलामा मसमेतलाई वारदातमा संलग्न रहेको भनी विनेश महर्जन, विकास महर्जन, राजिव महर्जन, विनय शिवहरी साहसमेतको मानिसहरू कहीँकतै मैले अह्राएको वा केही सल्लाह गरेकोसम्म भन्न सकेको अवस्था छैन। म पुनरावेदक देवेन्द्र ठाकुरलाई प्रहरी हिरासतमा राखिएको समयमा प्रहरी आफैँले तयार गरेर ल्याएको कागजपत्रमा पढ्ने अवसरसम्म नदिई सहीछाप गराएका हुन्। नाबालक शुभमकुमार साहलाई दुईभन्दा बढी प्रतिवादीहरूले अपहरण गरी शरीर बन्धक बनाएको ठहर गरेपछि अपहरण गर्ने र शरीर बन्धक लिनेको महलका ७ नं. ९ नं.बमोजिम थप सजाय हुने सन्दर्भमा मैले उक्त अपहरण गर्नुपर्ने कारण नै नभएको र म दैनिक कामकाज गरी आएको मानिस भएको मसँग प्रतिवादीलाई ज्यानै मार्नेसम्मको कुनै रिसइवी नभएको अवस्था छ । म पुनरावेदक / प्रतिवादी कसुरदार देखिने वस्तुनिष्ठ आधार र प्रमाण केही नभएको, अपहरण तथा शरीर बन्धक जस्तो जघन्य अपराधमा मेरो संलग्नता कहीँकतैबाट पुष्टि नभएको अवस्थामा विनाआधार र कारण, शंका र अनुमानको भरमा मउपर लगाइएको अभियोग दाबीबाट पूर्ण रूपमा सफाइ पाउनुपर्दछ । शुभमकुमार साहलाई अपहरण गर्ने सम्बन्धमा कोही कसैसँग सल्लाहमा फसेको वा संलग्नतामा रहेको छैन । अन्य प्रतिवादीहरूले समेत मेरो उक्त कार्यमा संलग्नता रहेको भनी घटना विवरणको कागज गर्ने मानिसहरूले अदालतमा उपस्थित भई गरेको बकपत्र, मेरो साक्षीले अदालतमा गरेको बकपत्रको बेहोरालाई ग्रहण नगरी अधिकारप्राप्त अधिकारीसमक्ष अनुसन्धानमा मलाई जबरजस्ती गराइएको बयानलाई प्रमाणको रूपमा ग्रहण गरी सजाय गर्न कुनै हालतमा मिल्दैन । प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा प्रतिवादीउपरको कसुर विवादरहित तवरले प्रमाणित गर्ने भार वादीमा रहनेमा सोको पुष्टि भएको छैन । काठमाडौं जिल्ला अदालतसमक्ष

गरेको बयान, सो बयान बेहोरालाई अदालतमा उपस्थित भई वारदातमा संलग्न रहेको भनी साबिती बयान गर्ने प्रतिवादीमध्येका धर्वेन्द्र ठाकुर र रामजी ठाकुरले गरेको बयानसमेतले पुष्टि गर्नुका साथै अन्य प्रतिवादीहरूले समेत मेरो उक्त कार्यमा संलग्नता रहेको भनी कहीँकतै पोल उजुर गर्न नसकेको अवस्थामा केवल जाहेरवालाको गोलमटोल भाषाको अभियोगलाई आधार मानी शुभमकुमार साहको अपहरण गरी हत्या गर्ने कार्यमा म निर्दोष व्यक्तिलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३,७ र ९ नं.अनुसार ११ वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने ठहर गरी उच्च अदालत पाटनबाट भएको फैसला सो हदसम्म गैरकानूनी, त्रुटिपूर्ण एवं अन्यायपूर्ण हुँदा सो हदसम्मको उक्त फैसला उल्टी आरोपित कसुरबाट सफाइ दिलाइपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुरको तर्फबाट यस अदालतमा परेको पुनरावेदन।

जाहेरवाला रामभगत साहको छोरा ११ वर्षको सुभमकुमार साहलाई मिति २०६८।८।२ गते काठमाडौंको बाफलबाट भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, लालबाबु ठाकुर, सन्तोष पण्डित, दिपक बलामी, आशिष दुरासमेतका व्यक्तिले फिरौतीका लागि अपहरण गरी बन्धक बनाई यी प्रतिवादीहरूको बालक आफ्नो कब्जामा रहेको भनी ९८०८७९९५६७ नं. को मोबाइलबाट आफ्नो मोबाइल नं. ९८४४०५११५१२ मा सम्पर्क गरी निज व्यक्तिहरूले ५० लाख चाहिन्छ होइन भने मारेर फालिदिन्छौँ भनी पटकपटक फोनबाट धम्की दिई निज अपहरणकारीहरूले मिति २०६८।८।४ गते कर्तव्य गरी मारी निर्ममतापूर्वक हत्या गरी मिति २०६८।८।७ गते कलंकीमा लास फ्याँकेको यकिन भएको छ। घटना विवरण सम्बन्धमा बुझिएका दिपक ढकाल, चुडामणी चौधरी र सन्तोष मल्लसमेतले प्रतिवादी सन्तोष पण्डितलाई लास राख्ने व्यक्ति भनी सनाखतसमेत गरिदिएको, रामजी ठाकुर, भोला भन्ने देवेन्द्र ठाकुर, धर्वेन्द्र ठाकुर, लालबाबु ठाकुर, आशिष दुरा, दिपक बलामीसमेतले निज बालक सुभमकुमार साहलाई अपहरण गरी कर्तव्य गरी मारेको भन्ने बेहोरा खुलाई लेखाइदिएको र फिरौती रकम लिई मार्ने उद्देश्यले अपहरण गरी काठमाडौं सामाखुशीस्थित कोठामा लगी बन्धक बनाई निज बालकलाई धेरै मात्रामा क्लोरोफर्म सुँघाएर कर्तव्य गरी मारेको र लासलाई बोरामा राखी सुटकेसमा प्याक गरी राखेको भनी सबै प्रतिवादीले एकै मिलानको बयान बेहोरा उल्लेख गरिदिएको एवं घटना विवरण कागज गर्ने मौकामा बुझिएका व्यक्ति अरूण सिंह डंगोल, गमसरा खड्गी, रिता शाही खड्गी, विजयकुमार साहसमेतले यी प्रतिवादीहरूको संलग्नतामा जाहेरवालाको छोरालाई अपहरण गरी हत्या भएको तथ्यलाई पुष्टि गरी मौका तथा अदालतमा समेत बकपत्र गरिदिएको अवस्था छ। उक्त प्रमाणहरूबाट जाहेरवालासँग योजनाबद्ध रूपले यी प्रतिवादीहरूले समेत मिलेर अपहरित बालकको हत्या गरेको तथ्य मालाकार रूपमा पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरू भोला भन्ने देवेन्द्र ठाकुर, आशिष दुरा, दिपक बलामी र लालबाबु ठाकुरलाई कर्तव्य ज्यानमा सफाइ दिने गरी भएको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ९, १८ को गम्भीर कानूनी त्रुटि भएको हुँदा उक्त फैसला बदरभागी छ। अपहरण गरी शरीर बन्धक बनाएको अवस्थाको निरन्तरतामा नै कर्तव्य ज्यानसम्बन्धी वारदात घटिसकेपछि दुवै कार्य अलग अलग अपराध भएको मान्नुपर्दछ। एउटा प्रकृतिको आपराधिक कार्यको निरन्तरतामा नै अर्को आपराधिक कार्यसमेत भएको अवस्थाले दुई अलगअलग कसुर स्थापित भई कानूनद्वारा तोकिएका दुवै अपराधका लागि सजाय तोकिने तर दण्ड एवं सजायको सिद्धान्तबमोजिम सो सजाय खापेर सजाय कार्यान्वयन गरिने विषयसम्म प्रस्तुत मुद्दामा आकर्षित हुनेमा बालक सुभमकुमार साहलाई मारेको

कुरा फोनबाट लालबाबु ठाकुर र देवेन्द्र ठाकुरलाई जानकारी गराएको भनी मौकामा नै पोल गरेको अवस्थासमेत देखिएकोमा ज्यान मारिसकेको विषयमा कानूनबमोजिम प्रकाश नगरी गोप्य राख्नुले उनीहरूको समेत ज्यान मार्ने कार्यको मतलबमा रहेको स्पष्ट देखिन्छ । जाहेरवालाका नाबालक छोरा शुभमकुमार साहलाई अपहरण गरी बन्धक बनाई राखी निर्मम तरिकाले हत्या गरी लास दबाउने छिपाउने कार्य यी सबै प्रतिवादीहरूले योजनाबद्ध ढंगमा गरेको भन्ने तथ्य स्वयं प्रतिवादीहरूको अनुसन्धानको बयानबाट खुलेको छ । प्रतिवादीहरूले योजनाबद्ध ढंगले गरेको कार्यको परिणाम प्रस्तुत गम्भीर अपराध घटेको अवस्थामा अपहरणतर्फ सजाय गर्ने तर अपहरणको जरियाबाट हत्या भएकोमा हत्यातर्फ पूर्ण रूपमा उन्मुक्ति दिने गरी भएको फैसला न्यायोचित देखिँदैन । तसर्थ, प्रतिवादीहरू भोला भन्ने देवेन्द्र ठाकुर, आशिष दुरा, दिपक बलामी र लालबाबु ठाकुरलाई सुरू अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्नेमा कम सजाय हुने गरी भएको उच्च अदालत पाटनको फैसला कानूनतः सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी यी प्रतिवादीहरूलाई सुरू अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदन ।

यसमा धेरै प्रतिवादीहरू रहेको र ज्यानसम्बन्धी कसुरमा समेत हरेक प्रतिवादीको फरकफरक भूमिका हुनसक्ने अवस्थालाई इन्कार गर्न नसकिने हुँदा उच्च अदालत पाटनको मिति २०७३।११।२४ को फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिएको र सो फैसलाउपर दोहोरो पुनरावेदन परेको देखिँदा साबिक मुलुकी ऐन, अ.बं. २०२ नं. तथा हालको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) नं.को प्रयोजनार्थ वादी नेपाल सरकारको पुनरावेदन र यो आदेशको प्रतिलिपिसहित निज पुनरावेदक प्रतिवादीहरूमध्ये आशिष दुरा र भोला भन्ने देवेन्द्र ठाकुरलाई तथा निज पुनरावेदक प्रतिवादीहरू सन्तोषकुमार पण्डित, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, आशिष दुरा र भोला भन्ने देवेन्द्र ठाकुरको पुनरावेदन र यो आदेशको प्रतिलिपिसहित महान्यायाधिवक्ताको कार्यालयलाई जानकारी दिनू र उच्च अदालत पाटनको उक्त फैसलाउपर पुनरावेदन नगर्ने प्रतिवादीहरू लालबाबु ठाकुर र दिपक बलामीलाई वादी नेपाल सरकारको पुनरावेदन र यो आदेशको प्रतिलिपिसहित म्याद सूचना जारी गरी नियमानुसार पेस गर्नुहोला भन्नेसमेत बेहोराको मिति २०७६।१।१७ मा यस अदालतबाट भएको आदेश ।

<u>यस अदालतको ठहर</u>

नियमबमोजिम पेसी सूचीमा चढी सुनुवाइका लागि आज यस इजलासमा पेस हुन आएको प्रस्तुत मुद्दामा विवादको मूल विषयलाई हेर्दा मिति २०६८।०८।०२ गते प्रतिवादीहरू सन्तोषकुमार पण्डित, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, भोला भन्ने देवन्द्र ठाकुर, दिपक बलामी, आशिष दुरा, लालबाबु ठाकुरसमेतले जाहेरवाला राम भगत साहका नाबालक छोरा शुभमकुमार साहलाई बाफलबाट अपहरण गरी शरीर बन्धक बनाई ५० लाख फिरौतीसमेत मागी कर्तव्य गरी मारेको र लासलाई सुटकेसमा हालेर बसमा राखी छाडिदिएको भनी निजहरूलाई उपर अपहरण गरी बन्धक बनाएतर्फ मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं.को कसुरमा ऐ.महलको ३ नं., ७ नं. र ९ नं.बमोजिम सजाय भई १२ नं.अनुसार पीडितको नजिकको हकदारलाई प्रतिवादीहरूबाट क्षतिपूर्ति भराइपाउन र कर्तव्य गरी मारेतर्फ प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३ (३) नं. को कसुरमा ऐ.महलको १३ नं.को देहाय (३) नं.बमोजिम सजाय गरिपाउन मागदाबी लिई वादी नेपाल सरकारको तर्फबाट अभियोग पत्र दायर भएको रहेछ । सुरू काठमाडौं जिल्ला अदालतबाट

फैसला हुँदा पक्राउ परेका प्रतिवादीहरू सन्तोषकुमार पण्डित, रामजी ठाकुर र धर्वेन्द्र ठाकुरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने तथा अन्य प्रतिवादीहरू भोला भन्ने देवेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी र आशिष दुरालाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ३ नं.अनुसार जनही ४ वर्ष कैद र जनही रू.२५,०००।- (पच्चिस हजार) जरिवाना हुने ठहरी फैसला भएको रहेछ। उक्त फैसलाउपर वादी नेपाल सरकार तथा प्रतिवादीहरू धर्वेन्द्र ठाकुरबाहेकका अन्यका तर्फबाट उच्च अदालत पाटनमा पुनरावेदन परेकोमा उच्च अदालतबाट फैसला हुँदा सुरू जिल्ला अदालको फैसला केही उल्टी भई प्रतिवादीहरू सन्तोषकुमार पण्डित, रामजी ठाकुर र धर्वेन्द्र ठाकुरका हकमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३, ७ र ९ नं.बमोजिम जनही ११ वर्ष कैद र रू.पचास हजार जरिवाना हुने तथा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी भएको फैसला सदर हुने एवं प्रतिवादीहरू भोला भन्ने देवेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी र आशिष दुराका हकमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं.बमोजिम जनही ७ वर्ष कैद र रू. पचास हजार जरिवानाका साथै ७ नं.बमोजिम थप २ वर्ष कैद र ९ नं.बमोजिम थप २ वर्ष कैद गरी जम्मा ११ वर्ष कैद सजाय हुने तथा सबै प्रतिवादीहरूबाट ऐ. को १२ नं.बमोजिम मृतकको हकवालालाई दामासाहीले चार लाख पचास हजार रूपैयाँ क्षतिपूर्ति भराइदिने ठहरी फैसला भएको रहेछ। उच्च अदालत पाटनबाट भएको सो फैसलाउपर प्रतिवादीहरू भोला भन्ने देवेन्द्र ठाकुर, आशिष दुरा, लालबाबु ठाकुर र दिपक बलामीको हकमा कर्तव्य ज्यानतर्फ सजाय नगरी फैसला भएको हदसम्ममा चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट र आफूहरूलाई कसुरदार ठहऱ्याई भएको फैसलाउपर चित्त नबुझाई प्रतिवादीहरूमध्ये सन्तोषकुमार पण्डित, आशिष दुरा, भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर र धर्वेन्द्र ठाकुरको तर्फबाट प्रस्तुत पुनरावेदनहरू यस अदालतमा पर्न आएको देखियो।

प्रस्तुत मुद्दामा आज सुनुवाइको क्रममा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका महान्यायाधिवक्ता कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री सुवर्णमान बनेपालीले अपहरण गरी शरीर बन्धक बनाएको अवस्थाको निरन्तरतामा नै कर्तव्य ज्यानसम्बन्धी वारदात घटेकोमा दुवै कार्य अलगअलग अपराध भएको मान्नुपर्दछ। एउटा प्रकृतिको आपराधिक कार्यको निरन्तरतामा नै अर्को आपराधिक कार्य भएको अवस्था छ । एउटा कसुर स्थापित भइसकेपछि बालक शुभमकुमार साहलाई मारेको कुरा फोनबाट लालबाबु ठाकुर र देवेन्द्र ठाकुरलाई जानकारी गराएको भनी मौकामा नै पोल गरेको अवस्थासमेत देखिएको र उक्त विषय गोप्य राखेकोले उनीहरूको समेत ज्यान मार्ने कार्यमा संलग्नता रहेको स्पष्ट देखिइरहेकोमा बालक शुभमकुमार साहलाई अपहरण गरी बन्धक बनाई राखी निर्मम तरिकाले हत्या गरी लास दबाउने छिपाउने कार्य यी सबै प्रतिवादीहरूले योजनाबद्ध ढंगमा गरेको अवस्थामा अपहरणतर्फ सजाय गर्ने तर अपहरणको जरियाबाट हत्या भएकोमा हत्यातर्फ पूर्ण रूपमा उन्मुक्ति दिएको मिलेन । निज प्रतिवादीहरू आशिष दुरा, दिपक बलामी, लालबाबु ठाकुर र भोला भन्ने देवेन्द्र ठाकुरसमेतलाई अभियोग दाबीबमोजिम ज्यान मारेको तर्फसमेत सजाय हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी प्रतिवादी सन्तोषकुमार पण्डितका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री रामप्रसाद ढुङ्गेल र श्री विरेन्द्रप्रसाद साहले यी पुनरावेदक प्रतिवादीले आरोपित कसुर अपराध नघटाएको र अदालतमा प्रतिवादीको पूर्ण इन्कारी बयानसमेतका प्रमाणलाई विवेचना नै नगरी अनुसन्धान

अधिकारीसमक्षको बयानलाई आधार मानी अपहरण तथा शरीर बन्धक र कर्तव्य ज्यान जस्तो जघन्य अपराधमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद र ऐ. ऐनको अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३, ७ र ९ नं.बमोजिम ११ वर्ष कैद र रू.पचास हजार जरिवाना हुने ठहरी फैसला भएको त्रुटिपूर्ण हुँदा बदर गरी पुनरावेदक प्रतिवादी सन्तोषकुमार पण्डितलाई आरोपित कसुरबाट सफाइ दिलाइपाउँ भनी बहस गर्नुभयो।

यसैगरी पुनरावेदक प्रतिवादी रामजी ठाकुरका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री रामप्रसाद ढुङ्गेलले यी पुनरावेदक प्रतिवादीलाई फरार प्रतिवादी विनय शिवहरी साहले रक्सी खुवाई फोनमार्फत फिरौतीको रकम माग गर्न लगाएको भन्ने कुरा स्वीकार गरेकोमा सोही हदसम्म मात्र सजाय हुनुपर्नेमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३, ७ र ९ नं.बमोजिम ११ वर्ष कैद र रू.पचास हजार जरिवाना तथा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी उच्च अदालत पाटनबाट बएको फैसला अन्यायपूर्ण हुँदा निजका हकमा उक्त फैसला बदर गरी कसुरको मात्रा र संलग्नताको हदसम्म मात्र सजाय गरिपाउँ भनी बहस गर्नुभयो।

पुनरावेदक प्रतिवादी धर्वेन्द्र ठाकुरको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री भिमप्रसाद धिमालले प्रतिवादी धर्वेन्द्र ठाकुर कसुरमा साबित भई अनुसन्धानमा समेत सहयोग गरेको र वारदातको समयमा निजको उमेर १८ वर्ष मात्र पूरा भएकोतर्फ विचारै नगरी सर्वस्वसहित जन्मकैद गरेको सुरू अदालतको फैसलालाई सदर गरी अपहरणतर्फसमेत थप सजाय गरेको उच्च अदालतको फैसला न्यायोचित नहुँदा सोहदसम्मको उक्त फैसला बदर गरी निज प्रतिवादीलाई कसुरको हद र उमेरको अवस्थासमेतलाई विचार गरी कम सजाय गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

यसैगरी, पुनरावेदक प्रतिवादी आशिष दुराको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री यदुनाथ खनाल र विद्वान् अधिवक्ता श्री दिपेन्द्र अधिकारीले प्रतिवादी आशिष दुरा बालक अपहरणमा संलग्न नभएको, यी प्रतिवादीले बालक अपहरण गरी लैजान मोटरसाइकल चलाएको भनी आरोप लगाएकोमा कोही कसैले पनि बालक अपहरण गर्ने कार्यमा संलग्न हुन यी प्रतिवादीलाई नभनेको, मोटरसाइकल चलाउन नअह्राएको, मोटरसाइकल चलाउने लाइसेन्स नभएको र मोटरसाइकल चलाउन पनि नआउने हुँदा आशिष दुरालाई लगाएको आरोप कपोलकल्पित हुँदा जिल्ला अदालतबाट अपहरणतर्फ ४ वर्ष कैद हुने ठहरी भएको फैसलालाई केही उल्टी गरी ११ वर्ष कैद र ५० हजार जरिवाना हुने ठहरी उच्च अदालतबाट भएको फैसला अन्यायपूर्ण हुँदा सोहदसम्म उक्त फैसला बदर गरी निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिलाइपाउँ भनी बहस गर्नुभयो।

यसैगरी, प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुरका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री रामप्रसाद भट्टराई तथा विद्वान् अधिवक्ताहरू श्री वीरेन्द्रकुमार ठाकुर र श्री सहदेव झाले यी प्रतिवादीले बालक शुभमकुमार साहको अपहरण गर्ने, फिरौती माग्ने योजना नबनाएको र वारदातमा संलग्नसमेत नभएकोमा अदालतसमक्षको इन्कारी बयानलाई अनदेखा गरी सहप्रतिवादीहरूले समेत अदालतमा पोल नगरेकोमा जबरजस्ती गराएको अनुसन्धान अधिकारीसमक्षको बयानकै आधारमा अपहरणतर्फ ११ वर्ष कैद र रू.५० हजार जरिवाना हुने ठहरी उच्च अदालतबाट भएको फैसला अन्यायपूर्ण हुँदा सो हदसम्म उक्त फैसला बदर गरी निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिलाइपाउँ भनी बहस गर्नुभयो।

प्रस्तुत मुद्दामा वादी नेपाल सरकार र

प्रतिवादीहरू सन्तोषकुमार पण्डित, धर्वेन्द्र ठाकुर, रामजी ठाकुर, देवेन्द्र ठाकुर र आशिष दुराका तर्फबाट पर्न आएको पुनरावेदनमा लिइएका जिकिरहरू, दुवै पक्षका विद्वान् उपन्यायाधिवक्ता र अधिवक्ताहरूबाट प्रस्तुत हुन आएका बहस बुँदाहरू तथा मिसिल संलग्न कागजातहरू अध्ययन गरी इन्साफतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा मूलत: देहायका प्रश्नहरूमा निरूपण हुनुपर्ने देखिन आयो:-

१. पुनरावेदक प्रतिवादी सन्तोषकुमार पण्डित, आशिष दुरा र भोला भन्ने देवेन्द्र ठाकुरको पुनरावेदन जिकिरबमोजिम निजहरूले अभियोग माग दाबीबमोजिमको कसुरबाट सफाइ पाउनुपर्ने देखिन्छ वा देखिँदैन ?

२. पुनरावेदक प्रतिवादीहरू रामजी ठाकुर र धर्वेन्द्र ठाकुरको पुनरावेदनको जिकिरबमोजिम निजहरूलाई कम सजाय हुनुपर्ने हो, वा होइन ?

३. पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरबमोजिम प्रतिवादीहरू देवेन्द्र ठाकुर, आशिष दुरा, दिपक वलामी र लालबाबु ठाकुरलाई अभियोग मागदाबी कर्तव्य ज्यानतर्फको कसुरमा समेत सजाय हुनुपर्ने देखिन्छ वा देखिँदैन ?

२. निरूपण हुनुपर्ने उपर्युक्त प्रश्नहरूका सन्दर्भमा मिसिल संलग्न कागजातहरू अध्ययन गर्दा प्रस्तुत मुद्दामा प्रतिवादीहरू दिपक बलामी र लालबाबु ठाकुरमा हकमा उच्च अदालतबाट मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं.बमोजिम ७ वर्ष कैद र सोही महलको ७ नं. र ९ नं.बमोजिमको थप कैदसमेत गरी जम्मा जनही ११ वर्ष कैद र रू ५० हजार जरिवाना हुने ठहराई फैसला भएकोमा सो फैसलाउपर निजहरूको तर्फबाट पुनरावेदन पर्न आएको नदेखिँदा सो हदसम्मको विषयमा विचार गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरू अध्ययन गर्दा जाहेरवालाको जाहेरी, बालक शुभमकुमार साहलाई बाफलबाट स्कुल जाने क्रममा अपहरण गरी सामाखुशी कपुरधारास्थित धर्वेन्द्र ठाकुरको कोठामा शरीर बन्धक बनाएको तथ्य, फिरौती माग गर्दा प्रयोग भएका मोबाइल नम्बरहरू, एकै दिन एउटै लहरमा एकपछि अर्को गर्दै पहिलो पक्राउ परेको प्रतिवादीको भनाइ र देखाएको आधारबाट अरू प्रतिवादीहरू पक्राउ परेको अवस्था, शरीर बन्धक रहेकै अवस्थामा नै धेरै मात्रामा क्लोरोफर्म सुँघाएको कारणबाट मृतकको मृत्यु भएको तथ्य पोष्टमार्टम रिपोर्टबाट देखिइरहेको र अदालतमा भएको विशेषज्ञको बकपत्रबाट समेत सो तथ्य समर्थित भएको, निज प्रतिवादीहरूले नै देखाएबमोजिमको स्थानबाट कलंकीस्थित सुपर सीता यातायातको काउन्टरबाट सुटकेसभित्र बोरामा प्याक गरिएको अवस्थामा मृतकको लास फेला परेको र अन्य दशीका सामानहरूसमेत बरामद भएको भनी उल्लेख भएको देखिँदा निज मृतकलाई अपहरण गरी कर्तव्य गरी मारिएको भन्ने तथ्य स्थापित भएको देखिन्छ । मृतकको लास जाँच प्रकृति मुचुल्काबाट लास सुटकेशभित्र बोरामा टाउको डल्लो पारिएको अवस्थामा भेटिएको, बालकको हात, गोडा, टाउको, शरीर एउटै ठाउँमा पोको पारी राखेको, सो बोराबाट बाहिर निकाली हेर्दा मृतक लासको कपडामा रगत जस्तो पदार्थ लागेको, कपडा खोलेर हेर्दा टाउको सामान्य, अनुहारको पूरै भाग निलो कालो भएको, दुवै आँखा बन्द, नाक मुखबाट रगत जस्तो तरल पदार्थ निस्केको, कान, चिउँडो, घाँटी सामान्य, हात औंला पाखुरासमेत सामान्य, पेटको भागमा पुरानो दाग अन्य शरीरको भाग सामान्य अवस्थामा रहेको, कुनै चोटपटक नरहेको, मलद्वारबाट दिसा निस्केको भनी उल्लेख भएको, प्रतिवादी धर्वेन्द्र ठाकुरको कोठाबाट क्लोरोफर्मसमेत बरामद भएको र शव परीक्षण

प्रतिवेदनमा मृत्युको कारणमा The cause of Death is SUFFOCATION possibly During forceful CHLOROFORM INHALATION भनी उल्लेख भएकोबाट निज बालकको मृत्यु अत्यधिक मात्रामा क्लोरोफर्म सुँघाएको कारणबाट भएको थप तथ्य पनि पुष्टि हुन आएको देखिएको छ।

३. अब, प्रतिवादीहरूमध्येका सन्तोषकुमार पण्डित, भोला भन्ने देवेन्द्र ठाकुर र आशिष दुराको पुनरावेदन जिकिरबमोजिम निजहरूले अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ पाउनुपर्ने अवस्था देखिन्छ वा देखिँदैन भन्ने प्रश्नमा विचार गरौं । यी पुनरावेदक प्रतिवादीहरूले अदालतमा बयान गर्दा मृतकलाई अपहरण गर्ने योजना बनाउने, अपहरण गर्ने, मोटरसाइकल चलाउने, अपहरण गरी शरीर बन्धक राखेको र निजलाई कर्तव्य गरी मारेकोमा इन्कार रही बयान गरेको देखिएको छ । पुनरावेदक सन्तोषकुमार पण्डितले अदालतमा जाहेरवालाको छोरालाई विनय शिवहरी साह भन्नेले धर्वेन्द्र ठाकुरको कोठामा ल्याई राखेको र निजलाई ओभरडोज औषधी खुवाइदिई मारेको भन्ने कुरा मैले पक्राउ परेपछि मात्र थाहा पाएको, राम भगत साहको निवेदन र सिनामंगलमा भएको बरामदी मुचुल्काबमोजिमको ९८१३५०९८०३ को सिमकार्ड बरामद बारेमा आफूलाई थाहा नभएको, सो सिमकार्ड रामजी ठाकुरबाट बरामद भएको, सन्तोष मल्ल र चुडामणी चौधरीको सनाखत कागजबारे मलाई थाहा छैन भनी बयान गरेको देखिन्छ। अर्का प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुरले सुरू अदालतसमक्ष गरेको बयान बेहोरा हेर्दा प्रतिवादीमध्येका रामजी ठाकुर, सन्तोष पण्डित र दिपक बलामीलाई चिन्दछु । शुभमकुमार साहलाई अपहरण गर्ने, फिरौती माग गर्ने, निजलाई हत्या गरी सुटकेसमा प्याक गरी फाल्ने कार्यमा संलग्न भन्ने बेहोरा झुट्टा हो भनी अदालतमा बयान गरेको पाइन्छ । प्रतिवादी आशिष दुराले अदालतमा बयान गर्दा आफू कुनै पनि अपहरणको कार्यमा संलग्न नभएको, मोटरसाइकल नभएको, मोटरसाइकल चलाउन पनि नआउने र लाइसेन्स पनि नभएको भनी बयान गरेको देखिन्छ।

४. माथि उल्लेख भएबमोजिम यी प्रतिवादीहरूले अदालतमा बयान गर्द कसुरमा इन्कार रही बयान गरेको देखिएको भए पनि कुनै कसुरका सम्बन्धमा कुनै व्यक्तिले कसुर गरेको देखिन्छ वा देखिँदैन भन्ने न्यायिक निष्कर्षमा पुग्नुपर्दा प्रतिवादीहरूले अदालतमा गरेको इन्कारी बयान मात्र निर्णायक आधार बन्न सक्दैन। किनभने कुनै कसुरको अभियोग लागेको व्यक्ति आफूलाई लागेको अभियोगका सम्बन्धमा इन्कार रहनु सामान्य मानवीय स्वभावभित्रै पर्ने कुरा हो । कुनै पनि व्यक्तिले हत्तपत्त आफूलाई लागेको आरोप स्वीकार गरी हाल्दैन। त्यसैले प्रमाणका दृष्टिले कसैले आफू विरूद्ध लागेको आरोप स्वीकार नगरेको तथ्य होइन, स्वीकार गऱ्यो भने स्वीकार गरेको अवस्था महत्त्वपूर्ण हुने हो।कतिपय अवस्थामा प्रतिवादीले आफू विरूद्ध लागेको अभियोग स्वीकार गरेकै अवस्थामा पनि कुनै दबाब वा प्रभावमा परेर स्वीकार गरेको अवस्था रहेछ भने अदालतले त्यस्तो स्वीकारोक्तिप्रति प्रमाणमा ग्रहण गर्नुपूर्व थप सतर्कता अपनाउनुपर्ने मान्यताहरू विकास भएका छन्। यस्तो अवस्था परी कसुर स्वीकार गरेको अवस्था देखिन्छ भने कसुर स्वीकार गरेको भन्ने तथ्यलाई मात्र आधार बनाएर कसुरदार ठहर गर्न नहुने मान्यता स्थापित रहेको देखिन्छ । तर कुनै कसुरका सम्बन्धमा प्रतिवादीले स्वेच्छाले कसुर स्वीकार गर्छ भने सामान्यतया साँचो नभई कसैले पनि आफू विरूद्ध लागेको अभियोग स्वीकार गर्दैन भन्ने मान्यतालाई आधार मानी त्यस्तो स्वीकारोक्तिले कसुरदार ठहर गर्ने प्रयोजनका लागि प्राथमिक प्रमाणको स्थान ग्रहण गर्न सक्दछ । यदि कसैले आफू विरूद्ध लागेको अभियोग स्वीकार गर्छ भने अन्यथा प्रमाणित नभएसम्म साँचो भएरै यसरी अभियोग स्वीकार गरेको मानिन्छ र यस्तो स्वीकारोक्तिलाई प्रमाणमा ग्रहण गरिने मान्यता

स्थापित भएको छ । हाम्रो प्रमाण ऐन, २०३१ को दफा ९ मा पक्षले व्यक्त गरेको कुरालाई प्रमाणमा लिने सम्बन्धमा गरिएको व्यवस्थालाई हेर्दा पनि यही मान्यतालाई आत्मसात् गरिएको पाइन्छ । उक्त ऐनको दफा ९(२) मा अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुरालाई प्रमाणमा लिँदा थप सतर्कता अपनाउनुपर्ने अपवादात्मक व्यवस्था गरिनुका अतिरिक्त दफा ९(१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको देखिन्छ । दफा ९(१) को यो व्यवस्थाले स्पष्टत: पक्षले व्यक्त गरेको कुरा निजको पक्षमा होइन, विरूद्धमा प्रमाणमा लिन हुने व्यवस्था गरेको देखिन्छ । त्यसैले प्रस्तुत मुद्दाका प्रतिवादीहरू सन्तोषकुमार पण्डित, भोला भन्ने देवेन्द्र ठाकुर र आशिष दुराले अदालतमा गरेको इन्कारी बयानलाई मात्र आधार बनाएर निजको अभियोग दाबीबमोजिमको कसुरमा संलग्नता रहेनछ भनी मान्न सकिएन ।

५. प्रतिवादीमध्येका सन्तोषकुमार पण्डित, भोला भन्ने देवेन्द्र ठाकुर र आशिष दुराको अभियोग दाबीबमोजिमको कसुरमा संलग्नताको विषयलाई हेर्दा प्रमाण ऐन, २०३१ को दफा २५ मा गरिएको कानूनी व्यवस्थातर्फ पनि ध्यान दिनुपर्ने हुन्छ । उक्त दफा २५ मा फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भनी व्यवस्था भएको पाइन्छ । फौजदारी न्याय प्रणालीमा कुनै कसुरको अभियोग लागेको व्यक्ति स्वयंले आफूउपर लागेको अभियोगका सम्बन्धमा सफाइ लिनुपर्नेभन्दा पनि अभियोग लगाउने पक्षले निजको अभियोग प्रमाणित गर्नुपर्ने मान्यतालाई आत्मसात् गरिएको छ ।

६. माथिका प्रकरणहरूमा उल्लिखित कानूनी व्यवस्था र मान्यताहरूका सन्दर्भमा प्रस्तुत मुद्दाको स्थितिलाई हेर्दा, जाहेरवाला रामभगत साहले आफ्नो वर्ष ११ को छोरा शुभमकुमार साहलाई अपरिचित मानिसले अपहरण गरी शरीर बन्धक बनाएको र अपहरण मुक्त गराउन रू ५०,००,०००।– (पचास लाख रूपैयाँ) फिरौती रकम माग गरेको भन्ने निवेदनबमोजिम निज बालकको खोजतलास गर्ने क्रममा सन्तोषकुमार पण्डित, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर र लालबाबु ठाकुरसमेतले बालकलाई फिरौती लिने उद्देश्यले अपहरण गरी बन्धक बनाई राखेको खुल्न आएको, रामजी ठाकुरबाट बालकलाई अपहरण गरी ल्याई धर्वेन्द्र ठाकुरको कोठामा बन्धक बनाई राखेको खुलेको, धर्वेन्द्र ठाकुरलाई पक्राउ गरी सोधपुछ गर्दा सन्तोष पण्डितसमेत भई अपहरित बालकलाई कर्तव्य गरी मारी फालेको बताएको, अपहरण गर्नका लागि मोटरसाइकल दिपक बलामीले बन्दोबस्त गरेको र अपहरण गर्दा मोटरसाइकल चलाउने आशिष दुरा हुन् भन्ने खुल्न आएको, छोराको लास फेला परेपछि छोराको अपहरण गरी हत्या गरेको भनी कर्तव्य ज्यानतर्फसमेत कारबाहीका लागि पुनः थप जाहेरी दरखास्त दिएको र जाहेरवालाले अदालतमा उपस्थित भई प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, लालबाबु ठाकुर, सन्तोष पण्डित, दिपक बलामी र आशिष दुराउपर मौकाको बेहोरालाई समर्थन गरी बकपत्रसमेत गरेको पाइन्छ ।

७. पुनरावेदक प्रतिवादी सन्तोषकुमार पण्डितको हकमा विचार गर्दा, निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा भोला भन्ने देवेन्द्र ठाकुर, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी, आशिष दुरासमेत भई फिरौती लिनका लागि जाहेरवाला रामभगत साहको छोरा शुभमकुमार साहलाई अपहरण गर्ने योजना बनाई निज बालक स्कुल जाने बाटोमा निगरानी राखी सोही ठाउँमा निजलाई एक्लै हिँडेर जान लागेको देखी रामजी ठाकुरले भान्जा भनेर बोलाई स्कुलसम्म दिपक बलामीको मोटरसाइकलमा छाडिदिने भनी आशिष दुराले चलाएको मोटरसाइकलको पछाडि राखी क्लोरोफर्म सुँघाई बेहोस बनाई रामजी ठाकुरसमेतले

धर्वेन्द्र ठाकुरको कोठामा लगी शरीर बन्धक बनाई जाहेरवालासँग फिरौती रकम पचास लाख माग गरेको हो, रामजी ठाकुर, धर्वेन्द्र ठाकुर र मैले निज बालकको रेखदेख गर्ने गर्दथ्यौं, फिरौती रकम प्राप्त भए पनि निजलाई मार्ने थियौं, बालक रूने कराउने गर्नाले राख्न असजिलो भएको हुँदा मिति २०६८।०८।०४ गते रामजी ठाकुरले दुवै खुट्टा र धर्वेन्द्र ठाकुरले दुवै हात समाएर बालकलाई बिस्तारामा सुताई मैले धेरै मात्रामा क्लोरोफर्म सुँघाई कर्तव्य गरी मारेको हो, म र रामजी ठाकुर भई सुन्धाराबाट सुटकेस किनेर ल्याई लासलाई बोरामा हाली बोरालाई सुटकेसमा प्याक गरेर ट्याक्सीमा राखेर कलंकी गई इटहरीसम्म जानको लागि टिकट काटी मैले र रामजी ठाकुरले सो सुटकेस ना. ३ ख २६०४ नं.को बसको पछाडिको सिटमा राखेर फर्केका हौं, त्यसपछि पनि मसमेतले जाहेरवालालाई फोन सम्पर्क गरेर पच्चिस लाख फिरौती रकम माग गरेका थियौं, जाहेरवालासँग फिरौती रकम माग गर्दा रामजी ठाकुरले कुरा गरेका हुन्, सिडीमा भएको फोन संवादमा फिरौती माग गर्ने व्यक्तिको आवाज रामजी ठाकुरको हो भनी लेखाएको पाइन्छ । निज प्रतिवादी सन्तोष पण्डितलाई गौशाला चोकमा पक्राउ गरी तत्काल सोधपुछ गर्दा पनि अपहरित बालकलाई मारेको स्वीकार गरेको र निजको शरीर तलासी लिँदा निजको साथमा रहेको पर्सबाट जाहेरवालालाई धम्क्याउन प्रयोग भएको ९८१३५०९८०३ नं. को सिमकार्डसमेतबरामद भएको खानतलासी तथा बरामदी मुचुल्काबाट देखिन्छ। साथै, प्रतिवादी आशिष दुरालाई समेत निजले देखाएको ठाउँबाट पक्राउ गरेको मिसिल संलग्न कागजातबाट देखिन्छ।

८. यसैगरी, अनुसन्धानको क्रममा प्रतिवादी रामजी ठाकुरलाई पक्राउ गरी खानतलासी गर्दा फिरौती माग गर्न प्रयोग भएको सिमकार्डसहितको मोबाइल फेला परी निजको भनाइअनुसार कपुरधारास्थित धर्वेन्द्र ठाकुरको कोठामा जाँदा अपहरित बालक फेला नपरेको तर बच्चाले लगाएको जुत्तासहितका दसीका प्रमाण फेला परेको र प्रतिवादी धर्वेन्द्रलाई सोधपुछ गर्दा सन्तोष पण्डितले बालकलाई कर्तव्य गरी मारी लगेका छन्, लास कहाँ छ ? मलाई थाहा भएन, बच्चालाई मेरो डेरा कोठामा पहिला सिरिन्ज दिई बेहोस बनाएपछि मुख थुनी मारेको हो भनी सन्तोष पण्डितलाई पोल गरेको देखिन्छ । अनुसन्धानको क्रममा लिइएको प्रतिवादीहरूको बयान हेर्दा बालकको अपहरण गर्दा प्रयोग भएको क्लोरोफर्म प्रतिवादी सन्तोषकुमार पण्डितले नै व्यवस्था गरेको देखिन्छ । बालकलाई बेहोस बनाउन प्रयोग भएको क्लोरोफर्म र बालक शुभमकुमार साहले लगाउने गरेको जुत्ता धर्वेन्द्र ठाकुरको डेरा कोठाबाट फेला परेको प्रहरी प्रतिवेदन बेहोरामा उल्लेख भएको देखिन्छ । प्रतिवादी सन्तोषकुमार पण्डितसमेतले देखाएबमोजिम काठमाडौं जिल्ला सितापाइला गा.वि.स. वडा नं.१ स्थित अरूणासिंह डंगोलको घरको दक्षिणपट्टिको कोठामा DIESEL लेखिएको कालो ब्याग, शुभमकुमार साहको हारती शिक्षा मन्दिर लेखेको शुभमकुमार साहको डायरी, आई.डी. कार्ड, किताब, कापी पेन्सिल, पेटी, टाई र खाली सिसी काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ स्थित सिता पौडेलको खाली जग्गामा फेला परेको भन्ने मौकाको बरामदी मुचुल्काबाट देखिएकोमा उक्त सामानहरू मृतक बालकसँग सम्बन्धित सामानहरू हुन् भन्ने जाहेरवालाको सनाखत बेहोराबाट पुष्टि हुन्छ।

९. प्रतिवादी सन्तोषकुमार पण्डितले अनुसन्धानका क्रममा बताएबमोजिम काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१४ कलंकीस्थित सिता यातायातको काउन्टरमा Pierre Cardin लेखिएको ताल्चा लगाइएको कालो रंगको सुटकेसमा बोराभित्र जाहेरवालाको छोरा शुभमकुमार साहको लास प्याक गरिएको अवस्थामा फेला परेको अवस्था छ । सो Pierre Cardin सुटकेस सन्तोषकुमार पण्डितले इटहरी जाने बताई ना. ३ ख

२६०४ नं.को बसको टिकट लिई सो बसमा राखेकोमा कलंकी ओरालो पेट्रोल पम्प पुग्दासम्म सुटकेसको सम्बन्धित धनी फेला नपरेको कारण सुटकेस कलंकी स्थित काउन्टरमा ल्याई राखेको भन्ने सन्तोष मल्ल, चुडामणी चौधरी, दिपक ढकाल र रविन कार्कीले मौकामा गरेको कागजबाट खुल्न आएको छ। ना. ३ ख २६०४नं. को बसमा उक्त सुटकेस राख्ने व्यक्ति यिनै सन्तोषकुमार पण्डित हुन्, भनी चुडामणी चौधरी र सन्तोष मल्लले सनाखत गरेको देखिँदा यी पुनरावेदक प्रतिवादी सन्तोषकुमार पण्डितले अभियोग माग दाबीबमोजिमको कसुर अपराध गरेको तथ्य पुष्टि हुन आएको देखिन्छ।

१०. अर्का पुनरावेदक प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुरको हकमा हेर्दा निज प्रतिवादीले अदालतमा आई बयान गर्दा कसुर अपराध घटाएकोमा पूर्ण इन्कार रही जाहेरवालाको छोरा शुमभकुमार साहलाई अपहरण गरी फिरौती माग गर्ने कार्यमा र जाहेरवालाको छोरालाई हत्या गरी सुटकेसमा प्याक गरी फाल्ने कार्यमा संलग्न छैन, मैले मृतकको झोला राजिव महर्जनलाई राख्न दिएको छैन, मैले अभियोग मागदाबीअनुसारको कसुर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भनी बयान गरे तापनि प्रस्तुत मुद्दाको अनुसन्धानको पहिलो कडीका रूपमा नै निजसमेतले बालक शुभमकुमार साहलाई अपहरण गरी अपाचे मोटरसाइकलमा हाली लगेको खुल्न आएको र निजलाई नै पक्राउ गरी सोधपुछ गर्दा सिलसिलेवार रूपमा सबै प्रतिवादीहरू पक्राउ परेको र निजहरूकै बयान बेहोराअनुसार अपहरण गरी शरीर बन्धक बनाई राखेको स्थान र मृतकको लास र दशीका सामानसमेत बरामद भएको अवस्था तथा सबै अनुसन्धान अधिकारीसमक्षको प्रतिवादीहरूको बयान बेहोरा मिलेको देखिन्छ। प्रस्तुत मुद्दाको मिसिल हेर्दा बालक अपहरण गरी फिरौती माग गर्ने मुख्य योजना निज प्रतिवादीले नै बनाई अन्य प्रतिवादीहरूलाई योजनामा सामेल गराएको तथ्य खुल्न आउँछ। निज प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष गरेको बयान बेहोरा हेर्दा, सन्तोषकुमार पण्डित मेरो पूर्व-रूम पार्टनर हुन्, शुभमकुमार साह धनाढ्य बाबुको छोरा भएको थाहा पाएपछि म र सन्तोष पण्डितले निज बालक शुभमकुमार साहलाई अपहरण गरी बन्धक बनाई बालकको बुबासँग फिरौती माग गर्ने योजना बनाई योजनामा मैले रामजी ठाकुर र धर्वेन्द्र ठाकुर, मोटरसाइकलको लागि दिपक बलामी, आशिष दुरा, विनेश महर्जन, लालाबाबु ठाकुर, राजिव महर्जन र विनय शिवहरी साहलाई पनि सामेल गराएको र योजनाबमोजिम मिति २०६८।०८।०२ गते हामी सबै भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ बाफलबाट बालक शुभमकुमार साहलाई अपहरण गरी कपुरधारास्थित धर्वेन्द्र ठाकुरको कोठामा बन्धक बनाइराखेको, बच्चाको रेखदेख धर्वेन्द्र ठाकुर, सन्तोष पण्डित र रामजी ठाकुरले गर्ने, रामजी ठाकुरले फोन गरी पचास लाख रूपैयाँ फिरौती रकम माग गरेको, पहिलो सिमकार्डको बारेमा सोधपुछ हुन थालेको कुरा मलाई थाहा भएकोले सो सिम प्रयोग नगर्न भनेको, मिति २०६८।०८।०४ गते रामजी ठाकुर, धर्वेन्द्र ठाकुर र सन्तोषकुमार पण्डितले अत्यधिक मात्रामा क्लोरोफर्म सुँघाई मारेको कुरा निजहरूले मलाई जानकारी गराएका थिए, अपहरित एवं मृतक बालकको झोला राजिव महर्जनले मलाई राख्न दिएको हुँदा मैले सैलुन सञ्चालन गरेको अरूणा सिंह डंगोलको घरको पछाडिपट्टिको काम नलाग्ने सामान फाल्ने गरेको कोठामा राखेको हो, मिसिल संलग्न सि.डी.मा भएको फोन संवाद रेकर्डमा भएको फिरौती माग गर्ने व्यक्तिको आवाज रामजी ठाकुरको हो, प्राप्त भएको फिरौती रकमबमोजिम रकम बाँडफाँट गर्ने योजना थियो भनी लेखाएको पाइन्छ। निजले दिएको उक्त बयानकै आधारमा दशीका सामानहरूसमेत बरामद भएको पाइन्छ। यी सम्पूर्ण प्रमाणहरूबाट निज प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुर बालकको अपहरण गरी

शरीर बन्धक बनाउने कार्यमा पूर्ण रूपमा संलग्न रहेको देखिन आउँछ।

११. अर्का प्रतिवादी आशिष दुराको हकमा विचार गर्दा, निजले अदालतमा आई बयान गर्दा आरोपित कसुर अपराध गरेकोमा पूर्ण इन्कार रही आफू कुनै पनि अपहरणको योजनामा संलग्न पनि नभएको, आफ्नो मोटरसाइकल चलाउने लाइसेन्स पनि नभएको र चलाउन पनि नआउने हुँदा आफ्नो हकमा अभियोग दाबी झुट्टा हो भनी बयान लेखाएको पाइन्छ। तर निजले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा शुभमकुमार साहलाई अपहरण गर्ने पूर्वयोजनाबमोजिम अपहरण गरी धर्वेन्द्र ठाकुरको कोठामा शरीर बन्धक बनाइराखेको हो, निज बालकलाई अपहरण गर्दाका अवस्थामा मोटरसाइकल मैले चलाएको थिएँ, रामजी ठाकुर पछाडि बसेर बिचमा बालकलाई राखेको हो, निज बालकको हत्या भएको भन्ने कुरा हत्या भएपछि मात्र थाहा पाएको हो भनी बयान गरेको देखिन्छ। यसैगरी, सहप्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुरले दिपक बलामीलाई मोटरसाइकलको व्यवस्था गर्न भनेको र प्रतिवादी दिपक बलामीले यी प्रतिवादी आशिष दुरालाई मोटरसाइकल चलाउन भनी भनेकोमा सहमति जनाई योजनामा संलग्न भएको र अपहरण गर्दा निजले नै मोटरसाइकल चलाएको भनी सबै प्रतिवादीहरूले पोल गरेको अवस्था छ। उपर्युक्त बयानलाई आधार मान्दा निज प्रतिवादी आशिष दुरा बालकको अपहरण गरी शरीर बन्धक बनाउने कार्यसम्ममा संलग्न रहेको देखिन्छ।

१२. यसप्रकार, पुनरावेदक प्रतिवादीहरू सन्तोषकुमार पण्डित, आशिष दुरा र भोला भन्ने देवेन्द्र ठाकुरले अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार रहे पनि निजहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा सिलसिलाबद्ध रूपमा प्रत्येक घटनाक्रम खुलाई आरोपित कसुरमा साबित भई बेहोरा लेखाएको र उक्त साबिती बयान घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, Autopsy Report समेतका प्रमाण कागजातहरूबाट समर्थित भएको छ। यस सन्दर्भमा ने.का.प. २०७५, अङ्क ७, नि.नं. १००५९ मा **"सामान्यतया अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयानको आधारमा मात्र कसुर ठहर गर्न पर्याप्त प्रमाण होइन। तर अनुसन्धान अधिकारीसमक्षको बयान कुनै दबाब प्रभावविना आफ्नो अन्तर हृदयबाट स्वस्फूर्त रूपमा आरोपित कसुरसँग स्वाभाविक सामञ्जस्यता हुने गरी बयान गरी सो बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भइराखेको छ भने अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई प्रमाणमा ग्रहण नगर्ने हो भने सो बयान गर्नुपर्ने कानूनी व्यवस्थाको कुनै अर्थ र प्रयोजन देखिन नआउने"** भनी नजिर सिद्धान्तसमेत प्रतिपादन भएको अवस्था छ। यस अवस्थामा प्रतिवादीहरूले कसुरमा साबित भई परस्परमा पोल गरी मौकाको बयानमा उल्लिखित तथ्य अनुसन्धानका क्रममा फेला परेका बालक विद्यार्थीको जुत्ता, स्कुल ड्रेस, किताब कलमका साथै सुटकेसमा फेला परेको बालकको लासबाट समर्थित भइरहेकोमा घटनाको प्रत्यक्षदर्शीको रूपमा जाहेरवालाले नरहेको, प्रतिवादीहरूको अदालतमा इन्कारी बयान रहेको, अदालतमा अन्य प्रतिवादीहरूले पोल नगरेको भन्नेसम्मको आधारमा यी पुनरावेदक प्रतिवादीहरूलाई निर्दोष ठहर गर्नु मनासिब देखिन आएन।

१३. अर्का पुनरावेदक प्रतिवादी रामजी ठाकुरको पुरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, निजले अदालतमा आई बयान गर्दा आफूलाई फरार प्रतिवादी विनय शिवहरी साहले रक्सी खुवाई जाहेरवालासँग फोन गरी फिरौती रकम माग गर भनी फोन लगाइदिएकोले बोलेको मात्र हो, वारदातसँग सम्बन्धित अन्य कसुरमा म संलग्न छैन, मेरो संलग्नताको हदसम्म मात्र सजाय होस् भनी बयान गरे तापनि निजको अनुसन्धान अधिकारीसमक्ष भएको

बयान हेर्दा पक्राउ परेका प्रतिवादीहरू र आफूसमेत भई बालक शुभमकुमार शाहको अपहरण गरेको, निजलाई भान्जा भनी आफूले बोलाई स्कुलसम्म मोटरसाइकलमा छाडिदिने भनी निजलाई आशिष दुराले चलाएको मोटरसाइकलमा राखी आफू पछाडि बसी निजलाई क्लोरोफर्म सुँघाई बेहोस बनाई धर्वेन्द्र ठाकुरको कोठामा लगी बन्धक बनाएको, जाहेरवालालाई फोनबाट निजको छोरा आफ्नो नियन्त्रणमा रहेकोले पचास लाख रूपैयाँ फिरौती माग गरेको कुरा स्वीकार गरी बयान गरेको देखिन्छ। सन्तोष पण्डित, धर्वेन्द्र ठाकुर र आफूले बालकको रेखदेख गर्ने गरेको र निजले हामीलाई चिन्ने हुँदा फिरौती पाए पनि निजलाई मार्ने योजना थियो, बालकले बालकले रूने, कराउने गरी असहज स्थिति सिर्जना गरेको कारण बालकलाई मार्ने सल्लाह गरी म रामजी ठाकुरले दुवै खुट्टा र धर्वेन्द्र ठाकुरले दुवै हात समाई बिस्तारामा सुताई प्रतिवादी सन्तोषकुमार पण्डितले धेरै मात्रामा क्लोरोफर्म सुँघाई बालकलाई मारेको हो, मृतकको उक्त लासलाई बोरामा पोको पारी सुटकेसभित्र हाली म र सन्तोषले कलंकीबाट पूर्व जाने गाडीको टिकट काटी लास भएको सुटकेस बसको सिटमा छोडी आएका हौं भनी साबिती बयान दिएको र उक्त साबिती बयान बरामदित लासको अवस्था, स्थान, दसीका प्रमाण, बरामदित सिमकार्ड र सह-प्रतिवादीहरूको बयान बेहोरासमेतबाट पुष्टि भइरहेकोमा बालकको अपहरण गरी शरीर बन्धक बनाउने र निजलाई कर्तव्य गरी मार्ने कार्यमा निज प्रतिवादीको संलग्नता थिएन भनी मान्न मिलेन।

१४. यसैगरी पुनरावेदक प्रतिवादी धर्वेन्द्र ठाकुरका हकमा विचार गर्दा निजले सुरू अदालतमा आई बयान गर्दा आफ्नो नाताका विनय शिवहरी शाहले आफ्नो भान्जा हो भनी एउटा बालकलाई मेरो कोठामा ल्याई २ दिन राखेको हो, विनय शिवहरीले बढी क्लोरोफर्म सुँघाई बच्चालाई मारेको हो, बच्चा मरेपछि म र विनय शिवहरी साहले सुटकेस किनेर ल्याई लासलाई बोरामा हाली सुटकेसमा प्याक गरेको, बसको टिकट सन्तोषले काटेको र विनय र म भई लासलाई ट्याक्सीमा राखी लगेको तथा बसको सिटमा राखी फर्केको भन्नेसमेत बेहोरा उल्लेख गरेको देखिन्छ । यसरी अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा प्रतिवादीले कसुर अपराध स्वीकार गरेको देखिन्छ। प्रतिवादीले अदालतसमक्ष गरेको यो बयानको स्वाभाविकतातर्फ हेर्दा बालकलाई फिरौती लिनका लागि अपहरण गरी शरीर बन्धक बनाई कर्तव्य गरी मारी लास दबाउन सुटकेसमा राखी पूर्व जाने बसमा छाडेको भन्ने प्रस्तुत मुद्दाको स्थापित तथ्य हो।

१५. मुद्दाको प्रकृति, तयारी, घटेका घटनाक्रम, बरामदित सामानको अवस्था, स्थान र प्रतिवादीहरू पक्राउ परेका बखत मौकामा प्रतिवादीहरूले गरेको परस्पर पोल र बयानमा गरिएको परस्पर पोलबिच मेल खाएको देखिएको छ । वारदातको स्थिति र घटनाक्रमलाई हेर्दा एक वा दुई व्यक्तिले मात्र यो अपराध गरेको हो भन्न सकिने अवस्था छैन । धेरै मानिस संलग्न भई सुनियोजित तवरले आपराधिक कार्य घटाएको हो भन्नेमा कुनै द्विविधा देखिँदैन। प्रतिवादी धर्वेन्द्र ठाकुरले अदालतमा बयान गर्दा विनय शिवहरीलाई पोल गरेको भए तापनि निज विनय शिवहरीको प्रस्ट वतन यकिन गर्न सकेको देखिँदैन । वतन स्पष्ट नभएका व्यक्तिलाई पोल गरेकै भरमा कसुरको सम्पूर्ण जिम्मेवार व्यक्ति सोही व्यक्ति रहेछ भनी मानेर पक्राउ परेका प्रतिवादीहरूले वादी पक्षबाट पेस गरेका प्रमाणहरूको तथ्ययुक्त रूपमा खण्डन गर्न नसकेको अवस्थामा यी प्रतिवादीहरूलाई सफाइ दिन सकिने अवस्था देखिएन।

१६. अब, प्रतिवादीहरू भोला भन्ने देवेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी र आशिष दुरालाई कर्तव्य गरी मारेतर्फसमेत मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम सजाय

हुनुपर्ने र एकपछि अर्को निरन्तर घटेको वारदातमा को कसले कुन भूमिकामा रहेको भन्ने मात्र होइन जरियाको सिद्धान्तसमेतलाई हेर्दा निज बालकलाई अपहरण गरी हत्या गरेको र अपहरणकै कारण निजको मृत्यु भएकोमा सो कसुर अपराधसमेतमा सजाय गर्नुपर्नेमा अपहरणतर्फ मात्र सजाय गरी कर्तव्य ज्यानतर्फ सफाइ दिएको मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेरौं। प्रतिवादीहरूको प्रारम्भिक योजना र सल्लाह बालकलाई अपहरण गरी फिरौती लिनेसम्मको रहेको भन्ने देखिन्छ । तथापि पछि बालक रून कराउन थालेकोले सोको व्यवस्थापन गर्नुपर्ने भएको र बालकले प्रतिवादीहरूमध्येका केही प्रतिवादीलाई चिनेकोसमेतको कारणले मार्नुपरेको तथ्य पनि प्रस्तुत मुद्दामा प्रकट हुन आएको देखिन्छ। घटित आपराधिक कार्यको प्रकृति हेर्दा कुनै रिसइवी साँध्न वा बदलाको भावका कारण उक्त अपराध घटाइएको हो भन्ने देखिएको अवस्था छैन। बालक शुभमकुमारलाई अपहरण गर्नुको उद्देश्य हत्या गर्नका लागि हो भन्ने वादी पक्षले प्रस्तुत गरेका कुनै प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादीहरूउपर कर्तव्य ज्यानतर्फको कसुरमा समेत सजाय हुनुपर्ने जिकिर लिँदा अपहरणको जरियाबाट ज्यान मार्ने कार्य हुन गएको विषयलाई आधार बनाएको देखिन्छ। जरियाको सिद्धान्त (Doctrine of causation) मा कार्य र त्यसको नतिजाबिच प्रत्यक्ष सम्बन्ध स्थापित भएको देखिन्छ वा देखिँदैन भन्ने कुरालाई हेरिन्छ। प्रतिवादीहरूबाट घटाइएको प्रस्तुत कसुरको अवस्थालाई जरियाको सिद्धान्त (Doctrine of Causation) को सन्दर्भमा हेर्दा प्रतिवादीहरूले अपहरण गरी लगेको कार्यकै परिणामस्वरूप मृतकको मृत्यु हुन पुगेको अवस्था भए जरियाको सिद्धान्त (Doctrine of causation) आकर्षित हुनेतर्फ विचार गर्न नसकिने होइन । किनभने Doctrine of Causation को सिद्धान्त "a man can only be held liable for the consequences of his actions" भन्ने मान्यतामा आधारित हुन्छ। जरियाको सिद्धान्त (Doctrine of Causation) स्थापित हुन मुख्य गरी Factual Causation र Legal Causation बिचको सम्बन्ध स्थापित हुनुपर्दछ। अभियुक्तले गरेको कसुरजन्य कार्यको chain of causation भङ्ग भएको देखिन्छ भने पछिल्लो कसुरबापतको दायित्व अभियुक्तले बेहोर्नु पर्दैन। प्रस्तुत मुद्दाका सन्दर्भमा हेर्दा अपहरित बालक शुभमकुमार साहको मृत्यु अपहरण गर्ने क्रममा वा अपहरण गरेर लैजाने क्रममा वा बन्धक बनाउने क्रममा भएको नभई रेखदेखमा खटिएकाको बदनियतपूर्ण कर्तव्यबाट भएको र यसमा chain of causation टुटिसकेको देखिन्छ । अपहरित बालक शुभमकुमार साहको मृत्यु अपहरणका क्रममा भएको गल्ती र शरीर बन्धक राख्न प्रयोग भएको कोठासम्म पुऱ्याउने क्रममा भएको वा अपहरणका अवस्थामा गरिएको कार्यबाट भएको भन्ने देखिँदैन । अपहरित बालकलाई सकुशल शरीर बन्धक राखेको २ दिनपछाडि मात्र रेखदेखमा खटिएका धर्वेन्द्र ठाकुर, सन्तोष पण्डित र रामजी ठाकुरको कर्तव्यबाट मृतकको मृत्यु भएको भन्ने पुष्टि हुन आएको र त्यसरी कर्तव्य गरी मार्नुपूर्व अन्य प्रतिवादीहरूसँग सल्लाह गरेको वा अन्य प्रतिवादीहरूलाई समेत संलग्न गराएको भन्ने मिसिल संलग्न प्रमाण कागजातबाट देखिँदैन। यो स्थितिमा यी प्रतिवादीहरूलाई जरियाको सिद्धान्तबमोजिम कर्तव्य ज्यानको कसुरतर्फसमेत सजाय हुनुपर्ने भन्ने तर्कसँग सहमत हुन सकिएन।

१७. अब, प्रतिवादीहरू सन्तोषकुमार पण्डित, धर्वेन्द्र ठाकुर र रामजी ठाकुरको हकमा उच्च अदालतको फैसलाबमोजिम कायम भएको कसुरतर्फ विचार गर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) मा "लाठा, ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एकजना र धेरै जनाको

हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हात हतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरू सन्तोषकुमार पण्डित, धर्वेन्द्र ठाकुर र रामजी ठाकुरकै कर्तव्यबाट बालक शुभमकुमार साहको मृत्यु भएको देखिँदा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिमको कसुर गरेको ठहराएको उच्च अदालत पाटनको फैसला मिलेकै देखिन्छ ।

१८. अपहरणतर्फको माग दाबीसँग सम्बन्धित मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं.मा "कसैलाई ज्यान लिने, कुटपिट गरी चोट पुऱ्याउने, जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, बिक्री गर्ने, दास बनाउने, निजको इच्छा विरूद्ध काममा लगाउने, यातना दिने, वेश्यावृत्तिमा लगाउने, कुनै काम गर्न वा गराउन बाध्य गराउने, छुटकारा रकम (फिरौती) लिने, वा शरीर बन्धकमा लिइएको व्यक्ति वा निजको हकवालाको धन सम्पत्ति प्राप्त गर्ने, व्यवसाय समर्पण गराउने वा प्रचलित कानूनबमोजिम कसुर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले अपहरण वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजारदेखि दुई लाख रूपैयाँसम्म जरिवाना र लेखिएदेखिबाहेक अन्य उद्देश्यले अपहरण वा शरीर बन्धक लिएमा चारदेखि आठ वर्षसम्म कैद र पच्चिस हजारदेखि एक लाखसम्म जरिवाना हुने" उल्लेख भएको पाइन्छ । यसैगरी ऐ. महलको ७ नं.बमोजिम "दुई वा दुईभन्दा बढी व्यक्ति मिली वा सङ्गठित रूपमा कुनै व्यक्तिलाई अपहरण गरेको वा शरीर बन्धक लिएको भए सो काममा संलग्न सबै व्यक्तिलाई यस महलबमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नुपर्छ" भनी उल्लेख भएको पाइन्छ । यो व्यवस्थाबाट कसुरजन्य कार्यमा कसुरदारको सहभागिताको संख्याले सजायमा थप हुने व्यवस्था भएको देखिन्छ । यी व्यवस्थाको रोहमा प्रस्तुत मुद्दाको स्थितिलाई हेर्दा नाबालक शुभमकुमार साहलाई दुईभन्दा बढी प्रतिवादीहरूले अपहरण गरी शरीर बन्धक बनाएको ठहर गरेपछि अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं.बमोजिम थप सजाय हुने व्यवस्था स्वत: आकर्षित हुने नै देखिन्छ । प्रतिवादीहरूले अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं., र ७ नं. समेतको कसुर गरेको ठहरेकोले प्रतिवादीहरू सन्तोषकुमार पण्डित, धर्वेन्द्र ठाकुर, रामजी ठाकुर, आशिष दुरा, भोला भन्ने देवेन्द्र ठाकुर, दिपक बलामी र लालबाबु ठाकुरलाई ऐ. महलको ३ नं.बमोजिम जनही ७ वर्ष कैद र रू.पचास हजार जरिवाना तथा ७ नं.बमोजिम २ वर्ष थप कैद सजाय हुने तथा प्रतिवादीहरूबाट १२ नं.बमोजिम मृतकको हकवालालाई दामासाहीले चार लाख पचास हजार रूपैयाँ क्षतिपूर्ति भराइदिने ठहराएको उच्च अदालतको फैसलालाई नमिलेको भनी मान्न मिलेन ।

१९. अब, अपहरणतर्फ मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं.बमोजिमको कसुर ठहराई सोही ९ नं.बमोजिम थप २ वर्ष कैद हुने ठहराएको तर्फ भने विचार गर्नुपर्ने भएको छ । उक्त ९ नं. मा *"यस महलको १, २ वा ३ नं.बमोजिमको कसुर महिला वा नाबालक विरूद्ध गरिएको भए यस महलबमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नुपर्छ"* भन्ने व्यवस्था रहेको पाइन्छ । यो सजायको हकमा विचार गर्दा तत्काल प्रचलित मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. मा नाबालक विरूद्धको कसुर गरेमा दुई वर्ष थप कैद हुने व्यवस्था भए पनि हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ मा उक्त ९ नं. मा व्यवस्था भए जस्तो नाबालकलाई अपहरण

गरे वा शरीर बन्धक लिएमा थप सजाय हुने व्यवस्था गरिएको पाइँदैन । केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) र (ग) को प्रतिबन्धात्मक वाक्यांशमा ***"कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्ममा सजाय हुने छ"*** भन्ने व्यवस्था भएको तथा सोही संहिताको दफा ३९(२)(घ) मा ***"कुनै कानूनअन्तर्गत कसुर मानिने काम मुलुकी अपराध संहिताबमोजिम कसुर नमानिने भएमा त्यस्तो कसुरसँग सम्बन्धित मुद्दा जुनसुकै तहको अदालतमा भए पनि स्वत: खारेज हुने छ"*** भन्ने व्यवस्था रहेको देखिँदा तत्काल प्रचलित मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं.बमोजिम हुने थप सजाय यी प्रतिवादीहरूका हकमा हुने देखिएन । यसरी तत्काल प्रचलित मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं.बमोजिम हुने थप २ वर्ष कैद सजाय घटाउँदा प्रतिवादीहरू सन्तोषकुमार पण्डित, धर्वेन्द्र ठाकुर, रामजी ठाकुर, आशिष दुरा, भोला भन्ने देवेन्द्र ठाकुरका हकमा जनही ९ वर्ष कैद सजाय मात्र हुन आउने देखियो । प्रतिवादीहरू दिपक बलामी र लालबाबु ठाकुरले यस अदालतमा पुनरावेदन नगरी बसेको देखिए पनि प्रस्तुत विषय कानूनी कुरा भएको र तत्काल प्रचलित मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०५ मा कसैको पुनरावेदन परेकोबाट जाँचिदा सजाय उल्टिने भई सजाय उल्टाई फैसला गर्दा पुनरावेदन नगर्ने प्रतिवादीका हकमा समेत सजाय उल्टिने भएमा पुनरावेदन परेको छैन भनी सदर गरिदिनु हुँदैन, पुनरावेदन नगर्नेको हकमा समेत पुनरावेदन गर्नेसरह उल्टाई फैसला गर्नुपर्छ भन्ने व्यवस्था भएको देखिँदा यी प्रतिवादीहरूका हकमा पनि जनही ९ वर्ष कैद मात्र कायम हुन आउने देखियो ।

२०. अब, पुनरावेदक प्रतिवादी आशिष दुरा वारदातको समयमा नाबालक रहे नरहेको भन्ने प्रश्नका सन्दर्भमा हेर्दा निज प्रतिवादीको जन्ममिति जिल्ला प्रशासन कार्यालय, तनहुँबाट मिति २०६७।१२।१५ मा लिएको नागरिकताबाट मिति २०५०।१२।१२ देखिई वारदात मिति २०६८।०८।०२ गते यी प्रतिवादीको उमेर १७ वर्ष ७ महिना २० दिन रहेको खुल्न आएको देखिन्छ । केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख२) मा ***"मुलुकी अपराध संहिता तथा मुलुकी फौजदारी कार्यविधि संहिता प्रारम्भ हुनुअगावै १६ वर्ष उमेर पूरा भएको र १८ वर्ष उमेर पूरा नभएको व्यक्तिले गरेको कसुरका सम्बन्धमा मुद्दा दायर गर्दा वा फैसला गर्दा मुलुकी अपराध संहिता तथा मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्थाबमोजिम हुने छ"*** भन्ने व्यवस्था भएको सन्दर्भमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) को व्यवस्था हेर्दा सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरका व्यक्तिले कुनै कसुर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाइ सजाय हुने छ भनी व्यवस्था भएको देखिँदा निजलाई हुने ठहरेको जम्मा ९ वर्षको दुई तिहाइ गर्दा जम्मा ६ वर्ष मात्र कैद तथा रू ५० हजारको जम्मा रू.३३,३३५।- (तेत्तिस हजार तीन सय पैंतिस रूपैयाँ) जरिवानाको सजाय निज प्रतिवादीलाई हुने देखिन आउँछ ।

२१. यसैगरी प्रतिवादीहरू सन्तोषकुमार पण्डित, धर्वेन्द्र ठाकुर र रामजी ठाकुरका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरेको तर्फ पनि हाल प्रचलनमा आएको मुलुकी अपराध संहितामा गरिएको व्यवस्थाका सन्दर्भमा विचार गर्नुपर्ने भएको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने

व्यवस्था भएको पाइन्छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ भनी उल्लेख भएको देखिन्छ । केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) र (ग) को प्रतिबन्धात्मक वाक्यांशमा **"कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ"** भनी उल्लेख भएको पाइन्छ । यी व्यवस्थाहरूको रोहमा विचार गर्दा यी प्रतिवादीहरूका हकमा तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहराएको उच्च अदालतको फैसला सो कानूनका सन्दर्भमा मिलेकै देखिएको भए पनि हाल प्रचलित माथि उल्लिखित कानूनी व्यवस्थाहरूको रोहमा विचार गर्दा मिलेको नदेखिई जन्मकैदको सजायसम्म हुने देखिन आयो ।

२२. तसर्थ, माथिका विभिन्न प्रकरणहरूमा विवेचना गरिएका तथ्य, प्रमाण र कानूनको आधारमा प्रतिवादीहरू सन्तोषकुमार पण्डित, धर्वेन्द्र ठाकुर र रामजी ठाकुरको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।१२।०९ मा भएको फैसला सदर हुने ठहराएकोमा सजायको हकमा जन्मकैदको सजाय मात्र हुने ठहर्छ र अपहरण तथा शरीर बन्धक बनाएतर्फ पनि प्रतिवादीहरू सन्तोषकुमार पण्डित, धर्वेन्द्र ठाकुर र रामजी ठाकुरको हकमा सुरू काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गरी सबै प्रतिवादीहरूलाई ऐ. महलको ३ नं.बमोजिम ७ वर्ष कैद र रू. ५० हजार जरिवाना तथा ७ नं. र ९ नं.बमोजिम थप २/२ वर्ष गरी जनही ११ वर्ष कैद हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७३।११।२४ मा फैसला भएकोमा ९ नं.बमोजिमको सजाय नहुने भएकोले जनही ९ वर्ष कैद र रू. ५० हजार जरिवाना हुने ठहर्छ। सोही महलको १२ नं.बमोजिम मृतकका हकवालालाई दामासाहीले रू.४,५०,०००।– क्षतिपूर्ति भराइदिने ठहराएको उच्च अदालतको फैसला सदर हुने ठहर्छ। प्रतिवादीहरू आशिष दुरा, भोला भन्ने देवेन्द्र ठाकुर, दिपक बलामी र लालबाबु ठाकुरलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं.बमोजिमको जनही थप २ वर्ष कैद नहुने भएकोले जनही ९ वर्षका दरले कैद र रू. ५० हजार जरिवाना हुने ठहर्छ। निजहरूबाट समेत दामासाहीले मृतकका हकवालाले क्षतिपूर्ति भराइपाउने ठहराएको उच्च अदालतको फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरू सन्तोषकुमार पण्डित, भोला भन्ने देवेन्द्र ठाकुर, आशिष दुरा, रामजी ठाकुर र धर्वेन्द्र ठाकुर तथा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसिलबमोजिम गर्नू।

<u>तपसिल</u>

माथि ठहर खण्डमा लेखिएबमोजिम उच्च अदालत पाटनबाट मिति २०७३।११।२४ मा प्रतिवादीहरू रामजी ठाकुर, सन्तोषकुमार पण्डित र धर्वेन्द्र ठाकुरलाई जन्मकैदको सजायसम्म हुने र सर्वस्था नहुने ठहरेकोले निजहरूका हकमा रहेको सर्वस्वको लगत कट्टा गरी रोक्का सम्पत्ति फुकुवा गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाइदिनू १

पुनरावेदक प्रतिवादीहरू सन्तोषकुमार पण्डित, रामजी ठाकुर र धर्वेन्द्र ठाकुरलाई अपहरण तथा शरीर बन्धकतर्फको कसुरमा जनही ९ वर्ष कैद सजाय र रू.५०,०००।– (पचास हजार) जरिवाना हुने ठहरेकोले सोहीबमोजिमको लगत कायम गर्ने गरी संशोधित लगतअनुसारको कैदी पुर्जी दिनु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू २

प्रतिवादी आशिष दुरालाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३, ७ र ९ नं.बमोजिम जनही ११ वर्ष कैद हुने भनी लगत राखेकोमा निज प्रतिवादीलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलबमोजिमको कसुरमा ९ वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना हुनेमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) बमोजिम दुई तिहाइ मात्र सजाय हुने ठहरेकोले जम्मा ६ वर्ष कैद र रू. ३३,३३५।- (तेत्तिस हजार तीन सय पैंतिस रूपैयाँ) जरिवाना हुने ठहरेकोले सोहीबमोजिमको लगत कायम गर्नु भनी लेखी पठाइदिनू.....३

प्रतिवादी भोला भन्ने देवेन्द्र ठाकुरलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलबमोजिमको कसुरमा जम्मा ९ वर्ष कैद र रू. ५०,०००।– (पचास हजार रूपैयाँ) जरिवाना हुने ठहरेकोले सोहीबमोजिमको लगत संशोधन गर्नु भनी काठमाडौं जिल्ला अदालतमा लेखी पठाइदिनू ४

प्रतिवादी लालबाबु ठाकुर र दिपक बलामीका हकमा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलबमोजिमको कसुरमा जनही ९(नौ) वर्ष कैद र रू.५०,०००।– (पचास हजार रूपैयाँ) जरिवाना हुने ठहरेकाले निज प्रतिवादीहरू मिति २०६८।०८।०७ देखि थुनामा बसी मिति २०७२।०८।०७ मा छुटी गएकाले बाँकी कैद बेरूजु रहेको देखिँदा सोहीबमोजिमको लगत कसी असुलउपर गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू ५

मृतकको हकवालालाई सबै प्रतिवादीहरूबाट दामासाहीले रू.४,५०,०००।– (चार लाख पचास हजार) क्षतिपूर्ति भराइदिने ठहरेकोले सम्बन्धित सरकारी वकिल कार्यालयमार्फत पीडितको हकवाला / जाहेरवाला रामभगत साहलाई जानकारी गराई प्रतिवादीहरू रामजी ठाकुर, सन्तोषकुमार पण्डित, धर्वेन्द्र ठाकुर, भोला भन्ने देवेन्द्र ठाकुर, लालबाबु ठाकुर, दिपक बलामी र आशिष दुराको जायजेथाबाट उक्त क्षतिपूर्ति नियमानुसार दामासाहीले भराइदिनू भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाइदिनू...६

कारागारमा रहेका पुनरावेदक प्रतिवादीहरूलाई नियमानुसार फैसलाको प्रतिलिपि पठाइदिनू ७

प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी महान्यायाधिवक्ताको कार्यालयलाई जानकारी दिनू...८

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको विद्युतीय प्रति यस अदालतको विद्युतीय प्रणालीमा अपलोड गर्नु र झिकाइएका मिसिल सम्बन्धित अदालतमा पठाई प्रस्तुत मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ९

उक्त रायमा सहमत छु।
न्या.प्रकाशमान सिंह राउत

इजलास अधिकृत : इन्दिरा कार्की
इति संवत् २०७९ साल फागुन १५ गते रोज २ शुभम्।

निर्णय नं. ११३६८

सर्वोच्च अदालत,संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ
फैसला मिति : २०८१।१।२४
०७६-CR-०७७९

मुद्दा:- जबरजस्ती करणी र मानव बेचबिखन

पुनरावेदक / वादी : परिवर्तित नाम, थर, सङ्केत नं. ६६ शक्तिनगर **L** को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला बर्दिया मगरागाडी गाउँ विकास समिति वडा नं. ८ रम्भापुर बस्ने कालिप्रसाद थारूको छोरा बस्ने सुसिसकुमार थारूसमेत

- **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीमा सारेको भए पनि वादी पक्षले अभियुक्तले गरेको कसुरको गहन अनुसन्धान गर्ने, कुन कानूनको उल्लङ्घन के कसरी भयो, कानूनविपरीत कार्य गरेको के कुन प्रमाणद्वारा पुष्टि गर्न सकिन्छ भनी अनुसन्धान र प्रमाण सङ्कलन गर्नेतर्फ अभियोजन पक्ष आफ्नो दायित्वबाट पन्छिन नमिल्ने ।**
- **ओसारपसार कुन उदेश्यले गरिएको छ सो पनि हेर्नुपर्ने । कसुरमा बेचबिखनको वा शोषणको वा वेश्यावृत्तिको उद्देश्य भएमा मात्र मानव बेचबिखन तथा ओसारपसारमा कारबाही हुने। तर विवाहको निमित्त गरिएको ओसारपसारलाई मानव बेचबिखनको निमित्त गरिएको ओसारपसारअन्तर्गतको कसुर मान्न नसकिने ।**

(प्रकरण नं.५)

वादीका तर्फबाट : विद्वान् सहायक न्यायाधिवक्ता श्री श्याम उप्रेती
प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- प्रमाण ऐन, २०३१

सुरू तहमा फैसला गर्ने:-
माननीय न्यायाधीश श्री किरणकुमार पोखरेल
बर्दिया जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्ने:-
माननीय न्यायाधीश श्री प्रेमराज कार्की
माननीय न्यायाधीश श्री खुशीप्रसाद थारू
उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलास

फैसला

न्या.सपना प्रधान मल्ल : न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) को खण्ड (क) बमोजिम मुद्दा दोहोऱ्याई पाउने अनुमति प्राप्त गरी यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

संक्षिप्त तथ्य

मिति २०७३।०५।२० गते मेरी छोरी वर्ष १४ की सङ्केत नं.६६ शक्तिनगर (क) लाई प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले प्रतिवादी फुलवसनी थारूको घरमा बोलाई ललाइफकाइ गरी, डर, त्रास देखाई, करकापमा

पारी प्रतिवादी सुसिसकुमार थारूसँग विवाह गराई निज प्रतिवादी सुसिसकुमार थारूले आफ्नो घरमा लगी मिति २०७३।०५।२० गतेदेखि मिति २०७३।०५।२५ गतेसम्म लगातार जबरजस्ती करणी गरी मिति २०७२।०५।२६ गते राति ०२:०० बजेको समयमा निज छोरीलाई घरमा नल्याई नाला पुलनजिक छोडेको हुँदा निज प्रतिवादीहरूलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरी मेरी नाबालिका छोरीलाई सो घटनाबाट पर्ने गएको शारीरिक मानसिक क्षतिको समेत मूल्याङ्कन गरी उचित क्षतिपूर्तिसमेत भराइपाउँ भन्नेसमेत बेहोराको सङ्केत नं. ६६ शक्तिनगर L को जाहेरी दरखास्त।

मिति २०७३।०५।२० गते बिहान अन्दाजी १०:०० बजेको समयमा घाँस काट्ने भनी खेततिर जाने क्रममा प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले मलाई प्रतिवादी फुलवसनी थारूको घरमा बोलाई खाना खान्न भन्दाभन्दै जबरजस्ती खाना खुवाई तिमीलाई राम्रो हुन्छ। काम पनि गर्नु पर्दैन भनी डर, त्रास, धाक, धम्कीसमेत देखाई प्रतिवादी सुसिसकुमार थारूलाई बोलाई निजसँग विवाह गर्नुपर्छ भनी जबरजस्ती प्रतिवादीको साइकलमा बसाली प्रतिवादी सुसिसकुमार थारूले आफ्नो घरमा ल्याई मिति २०७३।०५।२१ गतेदेखि मिति २०७३।०५।२५ गतेसम्म लगातार मलाई जबरजस्ती करणी गरी मिति २०७३।०५।२६ गते राति २:०० बजेको समयमा मेरो घरदेखि अन्दाजी २ किलोमिटर टाढा छोडी आएको हुँदा निज प्रतिवादी फुलवसनी थारू, साबित्री, रूपा थारू र सुसिसकुमार थारूले यस्तो गल्ती कार्य गरेको हुँदा निजहरूलाई कारबाही हुनुपर्छ भन्ने पीडित सङ्केत नं.६६ शक्तिनगर (क) ले गरेको कागज।

Whitish Discharge, Old Tear In 3 O'clock, 6 O'clock, 7 O'clock Position भन्ने पीडित सङ्केत नं.६६ शक्तीनगर क को स्वास्थ्य परीक्षण रिपोर्ट।

पूर्वमा रम्मापुरबाट जयनगरतर्फ जाने बाटो, पश्चिममा प्रतिवादी सुसिसकुमार थारूको जग्गा, दक्षिणमा धनिराम थारूको जग्गा, उत्तरमा रामबहादुरको जग्गा यति चार किल्लाभित्रमा प्रतिवादीको २ वटा घरमध्ये पुरानो १ तले माथि टायल र इँट्टाले बनेको दक्षिण मोहडा भएको घरभित्र प्रवेश गरी हेर्दा २ वटा कोठा भएको, पश्चिम साइडको कोठामा प्रतिवादी सुसिसकुमार थारूले पीडित सङ्केत नं.६६ शक्तिनगर क लाई काठको चारपाई (खटिया) माथि उतानो बनाई कपडा खोल्न लगाई जबरजस्ती करणी गरेको र सोही चारपाईदेखि २ मिटर उत्तर देवालमा किलामा झुन्डाएको जेब्रा झोलामा प्रतिवादी सुसिसकुमार थारूले पीडित सङ्केत नं.६६ शक्तिनगर (क) लाई किनिदिएको रातो हरियो बुट्टा भएको कुर्ता र हरियो पहेलो सेतो रंगको बुट्टा भएको सुरूवाल प्रहरीले घटनास्थलबाट बरामद गरी लगेको हो भन्ने घटनास्थल मुचुल्का।

मिति २०७३।०५।२० गते म आफ्नै घरमा नै थिएँ। सोही दिन बेलुका अन्दाजी ०७:०० बजेको समयमा मसँगै पक्राउ परेकी जिल्ला बर्दिया कालिका गा.वि.स. वडा नं. ४ शक्तिनगर क, फुलवसनी थारू, प्रतिवादी साबित्री थारू र बहिनी प्रतिवादी रूपा थारूले मेरो मोबाइलमा फोन गरी आउनु भनेपछि म तत्काल निज प्रतिवादी फुलवसनी थारूको घरमा आई पीडित सङ्केत नं. ६६ शक्तिनगर (क) लाई मेरो साइकलमा बसाली आफ्नो घरमा सोही दिनको अन्दाजी साँझ २१:३० बजे लगी हामी दुवै जना श्रीमान् श्रीमती भए पनि अलग अलग सुतेका हौं। मिति २०७३।०५।२१ गतेदेखि हामी दुवै जना सँगै सुती पीडितको कपडा खोली २ पटक यौन सम्पर्क गरेको हुँ। अन्य दिनहरूमा पीडितले रून कराउन थालेपछि योनिको वरिपरि लिङ्ग रगडी यौन प्यास मार्थेँ। मिति २०७३।०५।२६ गते ऐ.कालिका गा.वि.स. वडा नं.४ बस्ने पल्टु थारूले मेरो मोबाइल फोन गरेपछि मैले पीडितलाई साथमा लगी जाहेरवालीको घरनजिक छोडेको हुँ भन्नेसमेत

बेहोराको प्रतिवादी सुसिसकुमार थारूको बयान कागज।

प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले पीडित सङ्केत नं.६६ शक्तिनगर (क) आफ्नो घरबाट खेतमा घाँस काट्न जाने क्रममा निजहरूले पीडित नाबालिकालाई प्रतिवादीमध्येका फुलवसनी थारूको घरमा बोलाई ललाइफकाइ गरी जिल्ला बर्दिया मगरागाडी गा.वि.स. वडा नं. ८ रम्मापुर बस्ने वर्ष २७ को सुसिसकुमार थारूको जिम्मा लगाएकोमा निज प्रतिवादी सुसिसकुमार थारूले पीडितलाई आफ्नो घरमा ल्याई मिति २०७३।०५।२० गतेदेखि मिति २०७३।०५।२५ गतेसम्म राखी लगातार जबरजस्ती करणी गरी मिति २०७३।०५।२६ गते निज पीडितलाई आफ्नो घरमा फिर्ता पठाइएकोमा निज प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले अभिभावकलाई जानकारी नदिई पीडित नाबालिकालाई आफ्नो घरमा बोलाई ललाइफकाइ डर, त्रास, धाक, धम्की दिई प्रतिवादी सुसिसकुमार थारूको जिम्मा लगाएको देखिएको हुँदा प्रतिवादी सुसिसकुमार थारू, फुलवसनी थारू, साबित्री थारू र रूपा थारूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिम कारबाही गरिपाउँ भन्ने प्रहरी प्रतिवेदन।

मिति २०७३।०५।२० गते बिहान अन्दाजी १०:०० बजेको समयमा घाँस काट्न भनी खेततिर जाने क्रममा प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले मलाई प्रतिवादी फुलवसनी थारूको घरमा बोलाई खान खान्न भन्दाभन्दै जबरजस्ती खाना खुवाई तिमीलाई राम्रो हुन्छ। काम पनि गर्नुपर्दैन भनी ललाइफकाइ डर, त्रास, धाक, धम्कीसमेत देखाई प्रतिवादी सुसिसकुमार थारूलाई बोलाई निजसँग विवाह गर्नुपर्छ भनी जबरजस्ती प्रतिवादीको साइकलमा बसाली प्रतिवादी सुसिसकुमार थारूले आफ्नो घरमा ल्याई मिति २०७३।०५।२१ गतेदेखि मिति २०७३।०५।२५ गतेसम्म लगातार मलाई जबरजस्ती करणी गरी मिति २०७३।०५।२६ गते राति २:०० बजेको समयमा मेरो घरदेखि अन्दाजी २ किलोमिटर टाढा छोडी आएको हुँदा निज प्रतिवादीहरूलाई कारबाही हुनुपर्छ भन्ने पीडित सङ्केत नं. ६६ शक्तिनगर (क) को बयान कागज।

वारदात मिति र समयमा म पनि घाँस काटी आमा प्रतिवादी फुलवसनी थारूको घरमा आएकी थिएँ। सोही समयमा पीडित सङ्केत नं. ६६ शक्तिनगर (क) पनि घाँस काट्ने भनी जाँदै गरेको अवस्थामा हामीहरू प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र मलगायतले निज पीडितलाई प्रतिवादी फुलवसनी थारूको घरमा बोलाई सम्झाइबुझाइ गरी नमाने तापनि हामीले पीडितलाई तिमीलाई राम्रो हुन्छ। तिम्रो कान्छी आमा छ तिमीलाई राम्रो हुँदैन। केटा धनी पनि छ भनी लोभ लालचमा पारी प्रतिवादी सुसिसकुमार थारूलाई मैले फोन गरी मेरो आमाको घरमा आउनु दाजु भनी बोलाई पछि दाजु प्रतिवादी सुसिसकुमार थारू आउनु भएपछि हामीहरूले निज पीडितलाई विवाह गर्ने भनी प्रतिवादी सुसिसकुमार थारूको साइकलमा बसाली पठाएका हौं। मिति २०७३।०५।२० गतेदेखि मिति २०७३।०५।२५ गतेसम्म प्रतिवादी सुसिसकुमार थारूले आफ्नो घरमा राखी श्रीमान् श्रीमतीको नातामा यौन सम्पर्क गरेका हुन् होइनन् मलाई थाहा भएन। मिति २०७३।०५।२६ गते राति ०२:०० बजेको समयमा के कुन कारणले पीडितलाई घरमा पठाए सोबारेमा थाहा नै छैन भन्नेसमेत बेहोराको प्रतिवादी रूपा थारूको बयान कागज।

वारदात समयमा प्रतिवादी फुलवसनी थारूको घरमा नै थिए। सोही समयमा हामी तीनै जना एकै ठाउँमा नै थियौं। मेरो जेठानी दिदि प्रतिवादी फुलवसनी थारूको जेठी दिदीको छोराले विवाह गरेको छैन भनेकोमा निज पीडित सङ्केत नं.६६ शक्तिनगर (क) लाई राम्रो होला भनी हामी पीडित घाँस काट्न

आएको मौका छोपी निजलाई प्रतिवादी फुलवसनी थारूको घरमा बोलाई मलगायत प्रतिवादी फुलवसनी थारू र रूपा थारूले ललाइफकाई गरी प्रतिवादी रूपा थारूले मोबाइलबाट फोन गरी प्रतिवादी सुसिसकुमार थारूलाई आउनु भनी जानकारी गराइसकेकोमा म मेरो घरको काम विशेषले गइसकेकी थिएँ । प्रतिवादी सुसिसकुमार थारू आई पीडित सङ्केत नं.६६ शक्तिनगर (क) लाई आफ्नो घरमा लगेछ भनी प्रतिवादी फुलवसनी थारू र रूपा थारूले भनेपछि मैले थाहा पाएको हुँ । मिति २०७३।०५।२० गतेदेखि मिति २०७३।०५।२५ गतेसम्म प्रतिवादी सुसिसकुमार थारूले आफ्नो घरमा राखी श्रीमान् श्रीमतीको नातामा यौन सम्पर्क गरेका हुन् होइनन् मलाई थाहा भएन। मिति २०७३।०५।२६ गते राति ०२:०० बजेको समयमा के कुन कारणले पीडितलाई घरमा पठाए । सोबारेमा पनि केही थाहा छैन । मैले त निज पीडितलाई राम्रो होला भनी यस्तो काम गरेकी हुँ भन्नेसमेत बेहोराको प्रतिवादी साबित्री थारूको बयान कागज ।

म वारदात मिति र समयमा घरमा नै थिएँ । पहिलेदेखि नै पीडित सङ्केत नं.६६ शक्तिनगर (क) लाई जाहेरवाली निजको कान्छी आमा हो त्यसैले पीडितलाई कहिलेकाहीँ जाहेरवालीले गाली गलौज गर्नेलगायत कुटपिटसमेत गरेको देखेको थिएँ । मेरी जेठी दिदी प्रतिवादी सुसिसकुमार थारूको आमाले पटकपटक त्यहाँ राम्रो केटीहरू छन् कि मेरो छोराको विवाह गर्नु छ भन्नु भएकोले मैले हुन्छ म हेर्छु भनी दिदीलाई वचन दिएकोमा निज पीडितलाई राम्रो होला भनी सोही दिन निज पीडित सङ्केत नं.६६ शक्तिनगर (क) घाँस काट्न आएको अवस्थामा मसमेतले बोलाई सम्झाइबुझाइ गरी ललाइफकाइ गरी हामीले विवाह गर्ने भनी प्रतिवादी सुसिसकुमार थारूको जिम्मा लगाई पठाएका हौं। निज प्रतिवादी सुसिसकुमार थारूले मिति २०७३।०५।२० गतेदेखि मिति २०७३।०५।२५ गतेसम्म आफ्नो घरमा राखी श्रीमान् श्रीमतीको नातामा यौन सम्पर्क गरेका हुन् होइनन् मलाई थाहा भएन। मिति २०७३।०५।२६ गते राति ०२:०० बजेको समयमा के कुन कारणले पीडितलाई घरमा पठाए सोबारेमा पनि केही थाहा छैन । मैले त निज पीडितलाई राम्रो होला भनी यस्तो काम गरेकी हुँ भन्नेसमेत बेहोराको प्रतिवादी फुलवसनी थारूको बयान कागज ।

जिल्ला बर्दिया कालिका गा.वि.स. वडा नं.४ शक्तिनगर स्थितमा पूर्वमा लठवा दुनै जाने बाटो, पश्चिममा खुशीराम थारूको घर, उत्तरमा बर्मप्रसाद थारूको घर, दक्षिणमा भैसाईतर्फ जाने बाटो यति चार किल्लाभित्रमा प्रतिवादी फुलवसनी थारूको दक्षिण मोहडा भएको १ तले २ कोठा, माथि टिन र इँट्टाले बनेको घर, सो घरभित्र प्रवेश गरी एक एक ठाउँमा हेर्दा जाहेरवाली सङ्केत नं. ६६ शक्तिनगर L को छोरी पीडित सङ्केत नं. ६६ शक्तिनगर (क) ले वारदात समयमा घाँस काट्न भनी लगेको औजार सामग्री निज प्रतिवादी फुलवसनी थारूको घरमा फेला नपरेको हुँदा सोही बेहोराको तपसिल मानिसहरूको रोहबरमा खडा भएको खानतलासी र बरामदी मुचुल्का ठिक दुरूस्त छ भन्ने बेहोराको खान तलासी र बरामदी मुचुल्का ।

मिति २०७३।०५।२० गते बिहान ०६:०० बजेदेखि नै खेतमा पानी चाहाने (लगाउने पालो भएकोले) म खेतमा पानीको लागि बबई नहरमा गएको थिएँ। सोही दिन दिउँसोको समय यकिन भएन म खाना खान घरमा आएको अवस्थामा मेरो घरको टि.भि.कोठामा धेरै मानिसहरू फिल्म हेर्दै थिए। निज पीडित कहाँ थिइन् वास्ता पनि गरिनँ । मैले को को छन् भनी कोठामा हेरिनँ। म खाना खाई पुनः खेततिर गएँ । बेलुका समयमा घरमा आउँदा मेरो श्रीमती प्रतिवादी फुलवसनी थारूले हामी तीनै आमा छोरी साबित्री र रूपाले जाहेरवालीको छोरी सङ्केत नं.६६ शक्तिनगर (क) लाई मेरो जेठी दिदीको छोरा जिल्ला बर्दिया मगरागाडी गा.वि.स. वडा नं.८ रम्मापुर बस्ने वर्ष २७ को सुसिसकुमार थारूसँग विवाह गर्ने भनी

पठाएका छौं भनेपछि मैले थाहा पाएपश्चात् मैले निज श्रीमतीलाई त्यस्तो किन गरेको हो भनी रिसाएँ तर के गर्ने भइसकेपछि म चुप लागी बसेको थिएँ। केहि दिनपछाडि जाहेरवाली छोरी सङ्केत नं.६६ शक्तिनगर (क) घरमा आएपछि सबै घटनाबारेमा जाहेरवालीले भनेको थिइन्। जाहेरवाली सङ्केत नं. ६६ शक्तिनगर L रिस उठेर छोरीको न्याय पाउन गाउँमा गुहारिरहेकी थिइन् । तर कसैले वास्ता नगरेपछि यी प्रतिवादी सुसिसकुमार थारू, फुलवसनी थारू, साबित्री थारू र रूपा थारूको नाउँमा किटानी जाहेरी दरखास्त दिएकी होलिन् । पीडितलाई प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले पठाएपछि प्रतिवादी सुसिसकुमार थारूसँग विवाह गर्ने भनी जिम्मा लगाई पठाइदिएकोमा प्रतिवादी सुसिसकुमार थारू र सङ्केत नं. ६६ शक्तिनगर (क) श्रीमान् श्रीमतीको नातामा यौन सम्पर्क गरेका होलान्। सोबारेमा मलाई केही थाहा छैन भन्नेसमेत बेहोराको बुझिएका तुलिराम थारूले गरेको घटना विवरण कागज।

मिति २०७३।०५।२१ गते मेरो घरनजिक रहेको पसलमा आउँदा जाहेरवाली सङ्केत नं.६६ शक्तिनगर L को छोरी सङ्केत नं.६६ शक्तिनगर (क) लाई ऐ.मगरागाडी गा.वि.स. वडा नं.८ रम्मापुरको केटाले विवाह गरी लगेको छ भन्ने पसल नजिकका मानिसहरूले हो हल्ला गरेको सुनेपश्चात् म सोही ठाउँबाट निज जाहेरवालीको घरमा गई के भएको हो भनी सोध्दा वारदात मिति र समयमा मेरो नाबालिका छोरी वर्ष १४ को सङ्केत नं. ६६ शक्तिनगर (क) लाई कस्ले लगेछ भनेपछि मैले थाहा पाएको हुँ। हिँड् जाउँ भनेर मसहित जाहेरवाली सङ्केत नं. ६६ शक्तिनगर L निज प्रतिवादी सुसिसकुमार थारूको घरमा आई हेर्दा पीडित नाबालिका सङ्केत नं. ६६ शक्तिनगर (क) निज प्रतिवादी सुसिसकुमार थारूकै घरमा थिइन् । निज पीडितले जाहेरवालीलगायत हामीहरूसँग प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले म घाँस काट्ने भनी जाने क्रममा मलाई प्रतिवादी फुलवसनी थारूले आफ्नो घरमा बोलाई तिमीलाई राम्रो हुन्छ, तिमीले काम गर्नु पर्दैन भनी करकापमा पारी ललाइफकाइ गरी पठाएका हुन् भनी रूँदै पीडितले घटनाको बारेमा भनेपछि मैले थाहा पाएको हो। मिति २०७३।०५।२६ गते राति ०२:०० बजेको समयमा निज पीडितलाई के कारणले हो प्रतिवादी सुसिसकुमार थारूले हाम्रै गाउँनजिक नाला पुल भन्ने ठाउँमा छोडेर गएका रहेछन्। पीडित सङ्केत नं.६६ शक्तिनगर (क) घरमा आउँदा जाहेरवालीलाई रिस उठेर हामी सबै गाउँका मानिसहरूलाई बोलाई मेरो छोरी नाबालिकाको लागि न्याय दिनुहोस् भन्दा गाउँका मानिसहरू भेला जम्मा भई दुवै पक्षका मानिसहरू राखी छलफल गराइदिनुहोस् भन्दा मानिसहरू जम्मा भई सो ठाउँमा गाउँले मानिसहरू केही नबोली बसिरहेकोमा उल्टै प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले निज जाहेरवालीसँग झगडा गर्न खोज्दा हामीलगायत गाउँका मानिसहरू सो ठाउँमा नबसी घरतिर गएपछि जाहेरवालीले न्याय पाउनका लागि प्रहरी कार्यालयमा गएकी हुनुपर्छ। निज पीडितलाई प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले ललाइफकाइ करकापमा पारी प्रतिवादी सुसिसकुमार थारूसँग विवाह गर्ने भनी जिम्मा लगाइदिएकोमा निज प्रतिवादी सुसिसकुमार थारू र सङ्केत नं. ६६ शक्तिनगर (क) श्रीमान् श्रीमतीको नातामा यौन सम्पर्क गरेका होलान् सोबारेमा मलाई केही थाहा छैन भन्नेसमेत बेहोराको बुझिएका दयाराम थारूले गरेको घटना विवरण कागज।

मिति २०७३।०५।२० गते म आफ्नै घरमा नै थिएँ। मिति २०७३।०५।२१ गते मेरो घरनजिक रहेको पसलमा जाँदा जाहेरवाली सङ्केत नं. ६६ शक्तिनगर L को छोरी सङ्केत नं. ६६ शक्तिनगर (क) लाई ऐ. मगरागाडी गा.वि.स. वडा नं.८ रम्मापुरको केटाले लगेको छ भनी सोही स्थित हल्ला चलेको सुनेपश्चात् म सोही ठाउँबाट निज जाहेरवालीको घरमा

गई के भएको हो भनी सोध्दा वारदात मिति र समयमा मेरो नाबालिका छोरी वर्ष १४ की सङ्केत नं. ६६ शक्तिनगर (क) लाई कस्ले लगेछ भनेपछि मैले थाहा पाएको हुँ। हिँड जाउँ भनेर मसहित जाहेरवाली निज प्रतिवादी सुसिसकुमार थारूको घरमा गई हेर्दा पीडित नाबालिका सङ्केत नं. ६६ शक्तिनगर (क) निज प्रतिवादी सुसिसकुमार थारूकै घरमा थिइन्। पीडितले जाहेरवालीलगायत हामीहरूसँग प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले म घाँस काट्ने भनी गएको अवस्थामा मलाई प्रतिवादी फुलवसनी थारूले आफ्नो घरमा बोलाई तिमीलाई राम्रो हुन्छ, तिमीले काम गर्नु पर्दैन भनी करकापमा पारी ललाइफकाइ गरी पठाएका हुन भनी रूँदै पीडितले घटनाको बारेमा भनेपछि मैले थाहा पाएको हो। सोही समयमा निज प्रतिवादी सुसिसकुमार थारूको घरमा हामी केही नबोली पीडितलाई प्रतिवादीको घरमा छोडी हामीहरू आफ्नो घरमा आएपछि मिति २०७३।०५।२६ गते राति ०२:०० बजेको समयमा निज पीडितलाई के कारणले हो प्रतिवादी सुसिसकुमार थारूले हाम्रै गाउँनजिक नाला पुल भन्ने ठाउँमा छोडेर गएका रहेछन्। निज पीडित घरमा जाँदा जाहेरवालीलाई रिस उठेर हामी सबै गाउँका मानिसहरूलाई बोलाई मेरो छोरी नाबालिकाको लागि न्याय दिनुहोस् भन्दा गाउँका मानिसहरू केही नबोली बसिरहेकोमा उल्टै प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले निज जाहेरवालीसँग झगडा गर्न खोज्दा हामीलगायत गाउँका मानिसहरू सो ठाउँमा नबसी घरतिर गएपछि जाहेरवाली न्याय पाउनका लागि प्रहरी कार्यालयमा गएको हुनुपर्छ। पीडितलाई प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले ललाइफकाइ करकापमा पारी प्रतिवादी सुसिसकुमार थारूसँग विवाह गर्ने भनी जिम्मा लगाइदिएकोमा निज पीडित र प्रतिवादी सुसिसकुमार थारू श्रीमान् श्रीमतीको नातामा यौन सम्पर्क गरेका होलान् सोबारेमा मलाई केही थाहा छैन भन्नेसमेत बेहोरा बुझिएका राम गुलाब थारूले गरेको घटना विवरण कागज।

मिति २०७३।०५।२० गते म आफ्नै घरमा नै थिएँ। म विगत १ वर्षदेखि शक्तिनगर गाउँघरको जाने मान्ने व्यक्ति भएको कारणले टोल चलाउने वडघर हुँ। जाहेरवाली सङ्केत नं.६६ शक्तिनगर L को छोरी सङ्केत नं. ६६ शक्तिनगर (क) लाई ऐ.मगरागाडी गा.वि.स. वडा नं. ८ रम्मापुरको केटाले विवाह गरी लगेको छ भनी जाहेरवाली सङ्केत नं. ६६ शक्तिनगर L निज प्रतिवादी सुसिसकुमार थारूको घरमा गई हेर्दा पीडित नाबालिका सङ्केत नं. ६६ शक्तिनगर (क) निज प्रतिवादी सुसिसकुमार थारूकै घरमा थिइन्। पीडितले जाहेरवालीसँग प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले म घाँस काट्ने भनी गएको अवस्थामा मलाई प्रतिवादी फुलवसनी थारूले आफ्नो घरमा बोलाई तिमीलाई राम्रो हुन्छ, तिमीले काम गर्नु पर्दैन भनी करकापमा पारी ललाइफकाइ गरी प्रतिवादी सुसिसकुमार थारूको घरमा पठाएका हुन् भनी रूँदै भनेपश्चात् जाहेरवाली आफ्नो घरमा आई घटनाको बारेमा भनेपछि मैले थाहा पाएको हो। मिति २०७३।०५।२६ गते राति ०२:०० बजेको समयमा निज पीडितलाई के कारणले हो प्रतिवादी सुसिसकुमार थारूले हाम्रै गाउँनजिक नाला पुल भन्ने ठाउँ छोडेर गएका रहेछन्। पीडित सङ्केत नं. ६६ शक्तिनगर (क) घरमा आउँदा जाहेरवालीलाई रिस उठेर पछि जाहेरवालीले मलगायत गाउँघरका मानिसहरूलाई बोलाई मेरो छोरी नाबालिकाको लागि न्याय दिनुहोस् भन्दा गाउँका मानिसहरू भेला जम्मा भई दुवै पक्षका मानिसहरू राखी छलफल गराइदिनुहोस् भन्दा मानिसहरू जम्मा भई सो ठाउँमा आई उल्टै प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले निज जाहेरवालीसँग झगडा गर्न खोज्दा हामीहरू आ-आफ्नो घरतिर गएपछि न्याय खोज्नको लागि प्रहरी कार्यालयमा गएकी हुनुपर्छ। पीडितलाई प्रतिवादी फुलवसनी थारू,

साबित्री थारू र रूपा थारूले ललाइफकाइ करकापमा पारी प्रतिवादी सुसिसकुमार थारूसँग विवाह गर्ने भनी जिम्मा लगाई पठाइदिएकोमा प्रतिवादी सुसिसकुमार थारू र सङ्केत नं. ६६ शक्तिनगर (क) श्रीमान् श्रीमतीको नातामा यौन सम्पर्क गरेका होलान् सोबारेमा मलाई केही थाहा छैन भन्नेसमेत बेहोराको हाउ थारूको बुझिएका हाउ थारूले गरेको घटना विवरण कागज।

मिति २०७३।०५।२० गते म आफ्नै घरमा नै थिएँ। मिति २०७३।०५।२१ गते बिहानदेखि नै गाउँघरमा कालीप्रसाद थारूको जेठा छोरा प्रतिवादी सुसिसकुमार थारूले विवाह गरेर ल्याएको छ भनी हल्ला सुनेपछि कस्तो विवाह गरेका छन् भनी हेर्न गएको हो। निज प्रतिवादीले यतिका वर्ष विवाह गरेको थिएन। निजलाई कसैले फसाएको हुनुपर्छ भनी हामीहरू सोचिरहेका थियौं। तर केही दिनपछि गाउँघरमा निज पीडितको कान्छी आमा कालीका गा.वि.स. भैसाहीका प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले ललाइफकाइ निज प्रतिवादी सुसिसकुमार थारूको जिम्मा लगाई पठाइएको हो भन्दै हल्ला भएको मैले सुनी थाहा पाएको हुँ। निज प्रतिवादी प्राय: जस्तो बाहिर विदेशतिर जाने र घरमा आएको समयमा पनि गाउँघरतिर घुम्ने गर्दथे। निज प्रतिवादीले यस्ता किसिमका गल्ती काम गर्ने व्यक्ति नै होइन। मिति २०७३।०५।२६ गते प्रतिवादी सुसिसकुमार थारूको मोबाइलमा के कस्ले फोन गरी जाहेरवालीको छोरी सङ्केत नं. ६६ शक्तिनगर (क) तुरून्तै जाहेरवालीको घरमा पठाइदेउ नत्र तिमीलाई के हुन्छ भनी पटक-पटक फोन गरेकोमा प्रतिवादी सुसिसकुमार थारू डराएर के गर्ने होला भन्दै थिए। म पनि कुनै केही जानकारी नभएकोले मसहित प्रतिवादी सुसिसकुमार थारू र पीडित सङ्केत नं.६६ शक्तिनगर (क) भएर निज पीडितको घरमा गएपछि कुटपिट गर्छन कि भनेर हामीले सोही गाउँनजिक छोडेर आएका हौं। पीडितलाई प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले ललाइफकाइ करकापमा पारी प्रतिवादी सुसिसकुमार थारूसँग विवाह गर्ने भनी जिम्मा लगाई पठाइदिएकोमा प्रतिवादी सुसिसकुमार थारू र सङ्केत नं.६६ शक्तिनगर (क) श्रीमान् श्रीमतीको नातामा यौन सम्पर्क गरेका होलान् मलाई थाहा छैन। प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले फोन गरी प्रतिवादी सुसिसकुमार थारूलाई बोलाई यस किसिमको गल्ती गराइदिएको हुँदा निज फुलवसनी थारू, साबित्री थारू र रूपा थारूलाई कारबाही हुनुपर्छ भन्नेसमेत बेहोरा बुझिएका गोविन्द बुढाले गरेको घटना विवरण कागज।

मिति २०७३।०५।२० गते म आफ्नै घरमा नै थिएँ। सोही राति मेरो जेठा प्रतिवादी सुसिसकुमार थारूले विवाह गरी सङ्केत नं. ६६ शक्तिनगर (क) लाई घरमा ल्याएको थियो। राति भएको हुँदा मैले कसैलाई जानकारी दिइनँ। ठिकै छ भनी छोरा बुहारीलाई आफ्नै घरमा नै राखेँ। मिति २०७३।०५।२१ गते बिहानदेखि नै गाउँघरमा मानिसहरू जम्मा भएपछि मैले मेरो छोराले बुहारी ल्याएको छ के गर्ने होला भनी सोचिरहेको थिएँ। म र मेरो छोरा नै केही जानकार नभएको र हामीहरूलाई केही थाहा नै नभएकोले मैले बुहारी मात्र आएको छ भनी भोज गर्नुपर्ला भनेको थिएँ। पीडित नाबालिका सङ्केत नं. ६६ शक्तिनगर (क) लाई छोराले विवाह गरी ल्याएको २/३ दिनपछि जाहेरवाली सङ्केत नं. ६६ शक्तिनगर L लगायतका घर परिवार मेरो घरमा आई निज पीडितलाई सम्झाइ गएका हुन्। मिति २०७३।०५।२५ गते मेरो छोरा प्रतिवादी सुसिसकुमार थारूको मोबाइलमा के कस्ले फोन गरी जाहेरवाली छोरी सङ्केत नं. ६६ शक्तिनगर (क) तुरून्तै जाहेरवालीको घरमा पठाइदेउ नत्र तिमीलाई के हुन्छ भनी पटकपटक फोन गरेकोमा प्रतिवादी सुसिसकुमार थारू डराएर के गर्ने होला भन्दै थिए। म पनि कुनै केही जानकार र अनपढ भएकोले डर, त्रासले

पीडितलाई आफ्नो साथमा लिई निज पीडितको घरमा गएपछि कुटपिट गर्छन् कि भनेर सोही गाउँ नजिक छोडेर आएको हुँ भनी प्रतिवादी मेरो छोराले भनेपछि थाहा पाएको हो । पीडितलाई प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले ललाइफकाइ करकापमा पारी मेरो छोरा प्रतिवादी सुसिसकुमार थारूसँग विवाह गर्ने भनी जिम्मा लगाई पठाइदिएकोमा मेरो छोरा प्रतिवादी सुसिसकुमार थारू र सङ्केत नं. ६६ शक्तिनगर क श्रीमान् श्रीमतीको नातामा यौन सम्पर्क गरेका होलान् मलाई थाहा छैन । मेरो छोराले यतिका वर्षसम्म विवाह नै गरेको थिएन । तर अर्कोको लोभ लालचमा परी यस्तो काम गरेको हो । प्रतिवादी फुलवसनी थारू, साबित्री थारू र रूपा थारूले फोन गरी मेरो छोरा बोलाई यस किसिमको गल्ती गराएमा निजहरूलाई कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको बुझिएका कालीप्रसाद थारूले गरेको कागज ।

मिति २०७३।०५।२० गते बिहान अन्दाजी १०:०० बजेको समयमा घाँस काट्न भनी खेततर्फ गएकी पीडित नाबालिका सङ्केत नं. ६६ शक्तिनगर (क) लाई प्रतिवादीहरू फुलबसनी थारू, सावित्री थारू र रूपा थारूसमेतले मिली ललाइफकाइ डरत्रास धम्की दिई प्रतिवादीमध्येका सुसिसकुमार थारूसँग विवाह गर भनी प्रतिवादी सुसिसकुमार थारूको जिम्मा लगाई पठाएको र प्रतिवादी सुसिसकुमार थारूले पनि पीडित सङ्केत नं ६६ शक्तिनगर क लाई आफ्नो घरमा लगी मिति २०७३।०५।२१ देखि मिति २०७३।०५।२५ गतेसम्म पटकपटक जबरजस्ती करणी गरी मिति २०७३।०५।२६ गते राति २:०० बजेको समयमा पीडितलाई निजको घरनजिक नाला पुल भन्ने ठाउँमा छोडी गएकाले प्रतिवादी सुसिसकुमार थारूलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. विपरीत ३ नं. को देहाय ३ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) अनुसारको कसुरमा मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(३) नं. र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) नं. बमोजिम सजाय गरी पीडितलाई निज प्रतिवादीबाट मुलुकी ऐन जबरजस्ती करणीको महलको १० नं. र १०ग नं.बमोजिम क्षतिपूर्तिसमेत दिलाई भराई प्रतिवादीहरू फुलबसनी थारू, रूपा थारू र सावित्री थारूलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ४ नं. र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) नं.अनुसारको कसुरमा जबरजस्ती करणीको महलको ४ नं. र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) नं.बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग माग दाबी ।

प्रतिवादी सुसिसकुमार थारू मेरो ठुली आमाको छोरा दाइ नाताका हुन् भने प्रतिवादी फुल बसनी थारू मेरो आमा र सावित्री थारू मेरो काकी हुन् । जाहेरवाली र पीडित मेरो माइतीघर तिरका छिमेकी हुन् । पीडितलाई करकापमा पारी भगाई विवाह गराएको बेहोरा झुठ्ठा हो । पीडितसँग मेरो कहिले पनि बोलचाल भएको छैन । मेरो दाइ नाताका सुसिसकुमार थारूसँग पीडितको बिहे भएको कुरा मैले मेरो माइतीमा गएको बेला साथीहरूबाट सुनी थाहा पाएकी हुँ । निजहरूको सम्बन्ध के कस्तो थियो भन्ने कुमार मलाई केही थाहा छैन । मैले अभियोग दाबीअनुसारको कसुर गरेको नहुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी रूपा थारूले सुरू अदालतमा गरेको बयान ।

प्रतिवादी सुसिसकुमार थारू मेरो दिदीको छोरा हुन् । रूपा थारू मेरो छोरी र सावित्री थारू मेरो देउरानी नाताकी हुन् । वारदात मितिमा मेरो र पीडितको भेटघाट भएको होइन । पीडित र सुसिसकुमार थारूको विवाह कसले गराइदिएको हो । मलाई थाहा छैन । गाउँ छिमेकीले पीडित विवाह गरी गएको भनी गाउँघरमा हल्ला गरेपछि मात्र मैले थाहा पाएकी हुँ । निज पीडितको विवाह गराउने कार्यमा मेरो कुनै संलग्नता

छैन। ममाथि लगाइएको आरोप झुठ्ठा हो। मैले अभियोग दाबीअनुसारको कसुर गरेको नहुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी फुलबसनी थारूले सुरू अदालतमा गरेको बयान।

पीडित सङ्केत नं ६६ शक्तिनगर (क) पहिला पनि ३ पटक आफैँ फरक फरक केटाहरूसँग भागी विवाह गर्ने फेरि केही दिनपछि आफैँ घरमा आउने गरेको थाहा पाएको हुँ। यस पटक पनि निज प्रतिवादी सुसिसकुमार थारूसँग पीडित शक्तिनगर (क) आफैँ विवाह गरी भागेको र पुन: आफ्नो घरमा फर्की आएको भनी गाउँमा हल्ला चलेपछि मैले थाहा पाएकी हुँ। पीडितलाई कोही कसैले ललाइफकाइ गरी सुसिसकुमार थारूसँग विवाह गराएको होइन। जाहेरी दरखास्तको बेहोरा झुठ्ठा हो। मलाई फसाउन भनी झुठ्ठा जाहेरी दिएका हुन्। मैले अभियोग दाबीअनुसारको कसुर गरेको छैन। मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी सावित्री थारूले सुरू अदालतमा गरेको बयान।

म भारतको बलैगाउँ बजारमा किनमेल गर्न भनी घरबाट गएकोमा सोही क्रममा पहिलो पटक निज सङ्केत नं. ६६ शक्तिनगर (क) सँग भेटघाट भई चिनजान भएको हो। त्यसपछि पुन: सोही बलैगाउँमा किनमेल गर्न जाँदा पुन: निज शक्तिनगर (क)सँग भेटघाट भई हामीबिच दु:ख सुखका कुराकानीसमेत भएको थियो। सोही क्रममा निज शक्तिनगर क ले आफू दु:ख पाएको मान्छे हुँ। म तपाइँसँग विवाह गर्न इच्छुक छु भनी प्रस्ताव गरेकीले मैले पनि निजको प्रस्तावलाई सहर्ष स्वीकार गरी सोही दिनमा नै निजको घरमा कोही कसैलाई थाहा जानकारी नदिई निज शक्तिनगर क लाई विवाह गरी भगाई आफ्नो घरमा लगी ५ दिनसम्म राखेको हुँ। त्यसपछि माइती घरतर्फ कुराकानी मिलाउने र विवाहको कार्यक्रम मिलाउने भनी निज शक्तिनगर क लाई मैले निजको माइतीघरमा पठाएको हो। सो क्रममा निजलाई छोड्न भनी म निजको माइती घरनजिकसम्म गएको र निजलाई छाडी म आफ्नो घरमा फर्किएको हुँ। मैले निज शक्तिनगर क लाई विवाह गरी घरमा राखेको तर निजसँग मैले यौन सम्बन्ध राखेको होइन। निज नयाँ मानिस भएको हुँदा पछि यौन सम्पर्क गरौंला भनी मैले तत्काल यौन सम्पर्क नगरेको हो। जाहेरी दरखास्तको बेहोरा झुठ्ठा हो। अभियोग पत्रमा उल्लिखित कसुर अपराध मैले गरेको नहुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी सुसिसकुमार थारूले सुरू अदालतमा गरेको बयान।

प्रतिवादी सुसिसकुमार थारू कसुरदार रहेको भन्ने विश्वास गर्ने प्रमाणको विद्यमानता रहेको देखिएकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने हुँदा हाल निज प्रतिवादीलाई मुलुकी ऐन अ.बं. ११८(२) नं.बमोजिम मुद्दा पुर्पक्षका निमित्त थुनुवा पुर्जी दिई थुनामा राख्नु र प्रतिवादीहरू फुलबसनी थारू, रूपा थारू र सावित्री थारूको सम्बन्धमा मिसिल संलग्न तत्काल प्राप्त प्रमाण कागजातबाट यी प्रतिवादीहरू अहिले नै निर्दोष हुन् भनी मान्न सकिने अवस्था नरहेकोले पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने हुँदा हाल निज प्रतिवादीहरूबाट मुलुकी ऐन अ.बं. ११८(५) र (१०) नं.बमोजिम जनही रू.४०,०००।- (चालिस हजार) नगद धरौट वा सो बराबरको जेथा जमानत दिए लिई तारेखमा राख्नु सो नदिएमा कानूनबमोजिम थुनामा राख्नु साथै प्रतिवादीहरू चुक्ता भएको देखिएकोले मिति २०७३।०७।१० गतेका दिन वादी प्रतिवादीका साक्षी झिकाई बुझी पीडितको भेजिनल स्वाब परीक्षण प्रतिवेदन प्राप्त भएको नदेखिँदा सो प्रतिवेदन झिकाई प्रतिवादी सुसिसकुमार थारूको अंश भाग रोक्का राखी प्रस्तुत मुद्दा नियमित सुनुवाइका लागि पेस गर्नु भन्ने सुरू अदालतको मिति २०७३।०७।०२ को थुनछेक आदेश।

मिति २०७३।०७।०२ को थुनछेक आदेशानुसार प्रतिवादी सुसिसकुमार थारू मुद्दा पुर्पक्षका निमित्त कारागार कार्यालय बर्दियामा थुनामा

रहेका र प्रतिवादीहरू फुलबसनी थारू, रूपा थारू र सावित्री थारूले आदेशानुसार माग भएको धरौट जनही रू.४००००।- (चालिस हजार) नगदै दाखिला गरी निजहरू धरौट तारेखमा रहेका।

प्रतिवादी सुसिसकुमार थारूले पीडित सङ्केत नं.६६ शक्तिनगर क लाई मन पराई दुवै जनाको इच्छा सहमति मन्जुरी भई एकआपसमा मन चित्त बुझी विवाह गरी आफ्नो घरमा लिएर गएका हुन् र विवाह गरिसकेपछि पीडित पनि निज प्रतिवादीसँग ६ दिन सँगै घरमा बसेकी हुन्। पछि फोनबाट केटीलाई फिर्ता पठाउने भए पठाइदे नत्र के हुन्छ भनी धम्की दिन थालेपछि यी प्रतिवादी सोझो सिधा व्यक्ति भएकाले आफूले विवाह गरी ल्याएकी श्रीमती सङ्केत नं.६६ शक्तिनगर क लाई माइतीघर पुऱ्याइदिएका हुन्। यी प्रतिवादीले पीडितलाई मानव बेचबिखन ओसारपसार गर्ने उद्देश्यले नभई विवाह गरी लिएका हुन्। विवाह गरी श्रीमती बनाई लिएकाले करणी गरे गरेनन्। सो कुरा मलाई थाहा भएन तर जबरजस्ती करणी गरेका होइनन्। यी प्रतिवादीउपरको जाहेरी तथा अभियोग दाबी झुठ्ठा हो भन्नेसमेत बेहोराको प्रतिवादी सुसिसकुमार थारूका साक्षी भिमबहादुर वलीले सुरू अदालतमा गरेको बकपत्र।

जाहेरवाली पीडितको सौतेनी आमा हुन्। जाहेरवालीले सधैँजसो पहिलेदेखि नै पीडितलाई खान लाउन नदिने कुटपिट गर्ने जस्ता क्रियाकलाप गरेकीले पीडित भागेर कहिले कहीँ कहिले कहीँ जान्थिन्। यस पटक प्रतिवादीमध्येका सुसिसकुमार थारूसँग मन चित्त बुझी आफूखुसी विवाह गरी पीडित गएकी हुन्। निज पीडितलाई प्रतिवादीमध्येका फुलबसनी थारू, रूपा थारू र सावित्री थारूले ललाइफकाइ डरत्रास धाक धम्की देखाई करकापमा पारी प्रतिवादी सुसिसकुमार थारूसँग विवाह गरी पठाएका होइनन्। निजहरूउपरको उजुरी झुठ्ठा हो भन्नेसमेत बेहोराको प्रतिवादीहरू फुलबसनी थारू, रूपा थारू र सावित्री थारूका साक्षी डोली थारूले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीमध्येका सुसिसकुमार थारू प्रतिवादी रूपा थारूको दाजु नाता पर्ने हुँदा निजको घरमा आउँदा जाँदा मेरो पनि निजसँग चिनजान थियो। निज सुसिसकुमार थारू अविवाहित रहेका हुँदा निजसँग विवाह गर्न पाए राम्रो हुने थियो भन्ने लागेको थियो। मिति २०७३।०५।२० गतेका दिन दिउँसो १:०० बजे प्रतिवादी सुसिसकुमार थारू साइकल लिएर मेरो गाउँ ठाउँमा आएका थिए। म प्रतिवादी फुलबसनी थरूनीको घरमै थिएँ। त्यहीँ निज सुसिसकुमार थारू राम्रो हुने खाने घरका हुन्। बिहे गरेर जाने भए जाउ पछि हामीलाई दोष दिन पाइन्न भन्ने कुरा प्रतिवादीमध्येकी फुलबसनी थारू, रूपा थारू र सावित्री थारूसमेतले भनेकाले निज प्रतिवादी सुसिसकुमार थारूको साइकलको पछाडिको क्यारियरमा बसी म निज प्रतिवादीको घरमा गएकी हुँ। घरमा पुग्दा त्यहाँ प्रतिवादी सुसिसकुमार थारूका बाबु आमा र एकजना दिदी थिए। निजहरूलाई मैले म सुसिसकुमार थारूसँग विवाह गरी आएकी हुँ भनेकी र प्रतिवादी सुसिसले पनि मैले विवाह गरी भगाई ल्याएकोले तिमीहरूको बुहारी हो भनी भनेका थिए। त्यसपछि निज सुसिसकुमार थारू र मसमेत डोरीले बनेको खटियामा साथ साथै सुतेको हो। रातको कति बजेको थियो थाहा भएन। निज सुसिसकुमार थारूले मैले लगाएको कम्मरमुनिको सुरूवाल पेन्टीसमेत खोली मलाई उत्तानो बनाई मेरो योनिमा निजले आफ्नो लिङ्ग पसाउन खोज्दा मलाई पीडा जस्तो भएकाले दुख्यो नगर भनेकीमा निजले मेरो योनिको बाहिर बाहिर मात्र घर्षण गरेका हुन्। पछि म सुसिसकुमार थारूसँग भागी गएको भन्ने थाहा पाई जाहेरवाली सौतेनी आमा, बाबु र काका म गएको घर हेर्न भनी गएका र निजहरूसँग मेरो कुराकानी भई अब बस भनी त्यहीँ छोडी आएका हुन्। प्रतिवादी सुसिसकुमार थारूले मलाई बेचबिखन गर्न भनी लगेको नभई मलाई

श्रीमती तुल्याई भगाई लगेका र सोही आधारमा मलाई करणी गर्न खोजेका हुन् । अन्य प्रतिवादीहरूले मलाई बेचबिखन गर्न भनी सहयोग गरेका होइनन् भन्नेसमेत बेहोराको पीडित सङ्केत नं. ६६ शक्तिनगर क ले सुरू अदालतमा गरेको बकपत्र ।

पीडित मेरो सौताको छोरी हुन् । निज पीडित छोरीलाई प्रतिवादीहरू सावित्री थारू, रूपा थारू र फुलबसनी थारूले घाँस काट्न गएको समयमा केटा राम्रो छ । घर खानदानी छ, धनी छ, तिमीले यो केटासँग विवाह गऱ्यो भने तिमीलाई धेरै सुख हुन्छ भनी ललाइफकाइ प्रतिवादी सुसिसकुमार थारूसँग विवाह गराइदिने भनी पीडित छोरीलाई निज प्रतिवादीसँगै पठाएका हुन् तर यी प्रतिवादीहरूले पीडित छोरीलाई बेचबिखन तथा ओसारपसार गर्ने काम गरेका होइनन् । प्रतिवादी सुसिसकुमार थारूले पनि पीडित छोरीलाई आफ्नो घरमा लगी सँगै सुताई जबरजस्ती करणी गरेको भनी सबै कुराहरू पीडित छोरीले बताएपछि मैले जाहेरी दिएको हुँ भन्नेसमेत बेहोराको जाहेरवाली सङ्केत नं. ६६ शक्तिनगर L ले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादीहरू फुलबसनी थारू, रूपा थारू र सावित्री थारूले पीडितलाई जबरजस्ती लगेको नदेखिएकोले अभियोग माग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर स्थापित हुने देखिएन । तसर्थ सो कसुरको हकमा प्रतिवादीहरूले सफाइ पाउने ठहर्छ । प्रतिवादी सुसिसकुमार थारूले पीडितउपर जबरजस्ती करणीको उद्योगको कसुर गरेकोले निजलाई के कति सजाय हुने भन्ने सम्बन्धमा पीडितको उमेर १६ वर्षभन्दा कम रहेकोले जबरजस्ती करणीको ३(३) नं. ले हुन सक्ने सजायको आधी सजाय हुने देखिन्छ । तसर्थ प्रतिवादी सुसिसकुमार थारूलाई जबरजस्ती करणीको महलको ५ नं. ले ४ (चार वर्ष) कैदको सजाय हुने ठहर्छ । अन्य प्रतिवादीहरू रूपा थारू, फुलबसनी थारू र सावित्री थारूको सो कार्यमा कुनै संलग्नता रहेको नदेखिँदा निज प्रतिवादीहरूले सफाइ पाउने ठहर्छ । वादी नेपाल सरकारको प्रतिवादीहरूउपरको मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणीको कसुर गरेको भन्ने अभियोग माग दाबी पुग्न सक्दैन भन्ने सुरू बर्दिया जिल्ला अदालतको मिति २०७४।९।२४ को फैसला ।

प्रतिवादीहरूउपरको किटानी जाहेरी, पीडितको मौकाको कागज, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, घटनास्थल मुचुल्का, घटना विवरणका मानिसको कागज बेहोरा, प्रतिवादी सुसिसकुमार थारूको मौकाको बयान, जाहेरवाली र पीडितको अदालतको बकपत्रसमेतका आधार प्रमाणबाट प्रतिवादीहरूउपरको आरोपित कसुर पुष्टि भइरहेको अवस्थामा सुरू बर्दिया जिल्ला अदालतबाट प्रतिवादीमध्येका सुसिसकुमार थारूलाई अभियोग दाबीभन्दा कम उद्योगतर्फको कसुरमा सजाय गरेको र अन्य प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरू फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी नेपाल सरकारको उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासमा दायर गरेको पुनरावेदन पत्र ।

कथित वारदात बाल विवाहको कसुर हुन सक्ला तर मेरो अदालतको बयान, मेरा साक्षीको बकपत्रबाट म आरोपित कसुरमा निर्दोष रहेको तथ्य स्वयं पीडितको बकपत्रबाट पुष्टि हुन्छ । पीडित भनिएकी मेरो घरमा ५ दिन रहनु र निजसँग एउटै कोठामा सुत्नु एउटा तथ्य हो र आरोपित कसुर गर्नु फरक तथ्य हो । पीडितलाई मैले जबरजस्ती करणीअन्तर्गतको कुनै कसुर गरेको भए पीडितले बचावटको कुनै प्रयास गरेको, हार गुहार गरेको भन्ने कहीँकतै देखिँदैन साथै जबरजस्ती करणीको मनसाय र प्रयाससम्म पनि भएको प्रमाणित हुँदैन । यी तथ्यहरूको कुनै विचार

नगरी केवल शंकाको आधारमा सुरू बर्दिया जिल्ला अदालतबाट मलाई जबरजस्ती करणीको उद्योग गरेको कसुरमा ४ वर्ष सजाय हुने ठहऱ्याई सुरू बर्दिया जिल्ला अदालतबाट भएको फैसला गम्भीर कानूनी त्रुटिपूर्ण भएको साथै सर्वोच्च अदालतबाट प्रतिपादित नजिरको समेत प्रतिकूल भएकोले सो फैसला उल्टी गरी हक इन्साफ न्याय निरूपण गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी सुसिसकुमार थारूको उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासमा दायर पुनरावेदन पत्र।

प्रतिवादीहरूले पीडितलाई जबरजस्ती लगेको नदेखिएकोले अभियोग माग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर स्थापित हुने देखिएन । तसर्थ सो कसुरको हकमा प्रतिवादीहरूले सफाइ पाउने ठहर्छ । प्रतिवादी सुसिसकुमार थारूले पीडितउपर जबरजस्ती करणीको उद्योगको कसुर गरेकोले पीडितको उमेर १६ वर्षभन्दा कम रहेकोले जबरजस्ती करणीको ३(३) नं. ले हुन सक्ने सजायको आधी सजाय हुने देखिन्छ । तसर्थ प्रतिवादी सुसिसकुमार थारूलाई जबरजस्ती करणीको महलको ५ नं. ले ४ (चार वर्ष) कैदको सजाय हुने ठहर्छ । अन्य प्रतिवादीहरू रूपा थारू, फुलबसनी थारू र सावित्री थारूको सो कार्यमा कुनै संलग्नता रहेको नदेखिँदा निज प्रतिवादीहरूले सफाइ पाउने ठहर्छ । वादी नेपाल सरकारको प्रतिवादीहरूउपरको मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणीको कसुर गरेको भन्ने अभियोग माग दाबी पुग्न सक्दैन भन्ने सुरू बर्दिया जिल्ला अदालतको मिति २०७४।९।२४को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार र पुनराबेदक प्रतिवादी सुसिसकुमार थारूको पुनरावेदन जिकिर पुग्न सक्दैन भनी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७५।६।२१ मा भएको फैसला।

घाँस काट्न गएकी पीडित छोरीलाई प्रतिवादीहरू फुलवसनी थारू, रूपा थारू र सावित्री थारूले ललाइफकाइ गरी पीडित छोरी परिवर्तित नाम थर सङ्केत नं. ६६ शक्तिनगर क लाई फुलवसनी थारूको घरमा लगी प्रतिवादीमध्येका सुसिसकुमार थारूसँग विवाह गरे राम्रो हुन्छ भनी निज सुसिसकुमार थारूलाई फोन गरी बोलाई पीडित छोरीलाई निजसँग घरमा पठाई निजले पीडित छोरीलाई आफ्नो घरमा लगी मिति २०७३।०५।२० गतेदेखि २५ गतेसम्म लगातार जबरजस्ती करणी गरी मिति २०७३।०५।२६ गते राति २ बजे पीडित छोरीलाई घरनजिक नाला पुलनजिक छोडी गएको भन्नेसमेत बेहोराको यी प्रतिवादीहरूउपर किटानी जाहेरी पर्न आएको देखिन्छ । मौकाको किटानी जाहेरी समर्थित हुने गरी घटनास्थल मुचुल्का र प्रतिवादीले मलाई मिति २०७३।०५।२१ गतेदेखि ऐ. २५ गतेसम्म जबरजस्ती करणी गरेको भन्ने बेहोरा खुलाई पीडितले मौकामा कागज गरेकी छिन् । पीडितको योनिद्वारको झिल्ली च्यातिएको (3 o'clock, 6 o'clock, 7 o'clock position) भन्नेसमेत बेहोराको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादी सुसिसकुमार थारूले मौकामा गरेको साबिती बयान र मौकामा बुझिएका मानिसहरूले जाहेरी दरखास्त र मौकाको पीडितलाई थप पुष्टि हुने गरी गरेको कागज, जाहेरवालाले अदालतमा गरेको बकपत्र तथा प्रतिवादी सुसिसकुमार थारूले मेरो योनिमा आफ्नो लिङ्ग पसाउन खोजेको, तर पूरै लिङ्ग नपसाएको भन्नेसमेतको बेहोरा खुलाई पीडितले गरेको बकपत्र मिसिल सामेल रहेको छ । यसबाट यी प्रतिवादीले पीडितको योनिमा पूरै नपसाए पनि योनिमा लिङ्ग केही मात्रामा प्रवेश गराएको र त्यसरी लिङ्ग पूरै पसाउन लाग्दा पीडितलाई पीडा भएको तथ्य सोही पीडितको बकपत्रमा उल्लेख भएको देखिन्छ । मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. (ग) मा "योनिमा लिङ्ग केही मात्र प्रवेश भएको

रहेछ भने पनि जबरजस्ती करणी गरेको मानिने छ" भने तत्कालीन कानूनी व्यवस्थाबाट पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको तथ्य पुष्टि भएको छ । प्रतिवादीहरू रूपा थारू, फुलवसनी थारू र सावित्री थारूले पीडितलाई प्रतिवादी सुसिसकुमार थारूसँग साथै पठाएको, निजहरूले त्यसरी पठाएकै कारण पीडितलाई प्रतिवादी सुसिसकुमारले आफ्नो घरमा लगी जबरजस्ती करणी कुरा जाहेरी दरखास्त, पीडितका मौकाको कागज, स्वयम् प्रतिवादीहरूको मौकाको बयान, प्रतिवादी सुसिसकुमार थारूको अदालती बयान र पीडित एवं जाहेरवालीको अदालतको बकपत्रबाट श्रृङ्खलाबद्ध एवं मालाकार रूपमा मानव बेचबिखन र ओसारपसार गरेको तथ्यसमेत पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरू फलबसनी थारू रूपा थारू र सावित्री थारूलाई सफाइ दिई प्रतिवादी सुसिसकुमार थारूलाई मानव बेचबिखन तथा ओसारपसारतर्फ सफाइ दिई जबरजस्ती करणीतर्फ उद्योग मात्र ठहर गर्ने गरी गरेको उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासको फैसला बदर गरी सुरू अभियोग मागदाबीबमोजिमको सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको मुद्दा दोहोऱ्याइपाउँको निवेदनपत्र ।

यसमा पीडितलाई प्रतिवादीले ललाइफकाइ विवाह गर्छु भनी आफ्नो घरमा लगी ५ दिनसम्म राखेको, पीडितलाई करणी गरेको भनी प्रतिवादीले स्वीकार गरेको, आफूलाई प्रतिवादीले करणी गरेको भनी मौकामा पीडितले कागज गरेको, पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट योनिद्वारको झिल्ली च्यातिएको भन्नेसमेत देखिएको र पीडितको उमेर १४ वर्ष भन्ने देखिएको स्थितिमा जबरजस्ती करणीको उद्योग गरेको ठहऱ्याएको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको मिति २०७५।६।२१ को फैसलामा मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. तथा प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ को व्याख्यात्मक त्रुटि भई न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) को खण्ड (क) को अवस्था विद्यमान देखिएकाले प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरिदिएको छ । नियमानुसार पेस गर्नु भनी यस अदालतबाट मिति २०७६।४।१३ मा भएको आदेश ।

<u>यस अदालतको ठहर</u>

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो ।

वादी नेपाल सरकारको तर्फबाट उपस्थित सहायक न्यायाधिवक्ता श्री श्याम उप्रेतीले पीडितलाई ललाइफकाइ गरी घरपरिवारका सदस्यहरूलाई थाहा जानकारी नदिई भगाई लगेको अवस्था छ । भगाई लगी ५ दिनसम्म प्रतिवादी सुसिसकुमार थारूले आफ्नो घरमा राखी जबरजस्ती करणी गरेको भनी प्रतिवादीले स्वीकार गरेको, पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट योनिद्वारको झिल्ली च्यातिएको भन्नेसमेत देखिएकोबाट जबरजस्ती करणीको उद्योग ठहर गरेको र मानव बेचबिखन तथा ओसारपसारतर्फ प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको उच्च अदालतको फैसला बदर गरी सुरू अभियोग माग दाबीबमोजिमको कसुर ठहर गरी सजाय दिलाइपाउँ भनी बहस गर्नुभयो । प्रतिवादीको तर्फबाट इजलाससमक्ष कुनै कानून व्यवसायीको प्रतिनिधित्व भएको देखिएन ।

मिसिल अध्ययन गर्दा, घाँस काट्न गएकी पीडित छोरीलाई प्रतिवादीहरू फुलवसनी थारू, रूपा थारू र सावित्री थारूले ललाइफकाइ गरी पीडित छोरी परिवर्तित नामथर सङ्केत नं. ६६ शक्तिनगर क लाई फुलवसनी थारूको घरमा लगी प्रतिवादीमध्येका सुसिसकुमार थारूसँग विवाह गरे राम्रो हुन्छ भनी निज सुसिसकुमार थारूलाई फोन गरी बोलाई पीडित छोरीलाई निजसँग घरमा पठाई निजले पीडित छोरीलाई आफ्नो घरमा लगी मिति २०७३।०५।२० गतेदेखि

२५ गतेसम्म लगातार जबरजस्ती करणी गरी मिति २०७३।०५।२६ गते राति २ बजे पीडित छोरीलाई घरनजिकैको नाला पुलनजिक छोडी गएको भन्नेसमेत बेहोराको यी प्रतिवादीहरूउपर किटानी जाहेरी पर्न आएको प्रस्तुत मुद्दामा सुरू बर्दिया जिल्ला अदालतबाट फैसला हुँदा प्रतिवादीहरूले पीडितलाई जबरजस्ती लगेको नदेखिएकोले अभियोग माग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर स्थापित हुने देखिएन । तसर्थ सो कसुरको हकमा प्रतिवादीहरूले सफाइ पाउने ठहर्छ । प्रतिवादी सुसिसकुमार थारूले पीडितउपर जबरजस्ती करणीको उद्योगको कसुर गरेकोले पीडितको उमेर १६ वर्षभन्दा कम रहेकोले जबरजस्ती करणीको ३(३) नं. ले हुन सक्ने सजायको आधी सजाय हुने भई प्रतिवादी सुसिसकुमार थारूलाई जबरजस्ती करणीको महलको ५ नं. ले ४ (चार वर्ष) कैदको सजाय हुने ठहर्छ । अन्य प्रतिवादीहरू रूपा थारू, फुलबसनी थारू र सावित्री थारूको सो कार्यमा कुनै संलग्नता रहेको नदेखिँदा निज प्रतिवादीहरूले सफाइ पाउने ठहर्छ भनी भएको फैसलाउपर उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासमा पुनरावेदन परी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट सुरू बर्दिया जिल्ला अदालतको फैसलालाई सदर हुने गरी गरेको फैसलामा चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट मुद्दा दोहोऱ्याइपाउँ भनी निवेदन परेकोमा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्नका लागि अनुमति प्रदान भई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको देखियो ।

उपर्युक्त तथ्य, पुनरावेदन जिकिर र वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहायक न्यायाधिवक्ताको बहस जिकिर रहेको प्रस्तुत मुद्दामा उच्च अदालत तुलसीपुर नेपालगन्जबाट मिति २०७५/६/२१ मा भएको फैसला मिलेको छ वा छैन ? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा हैन ? भन्ने विषयमा नै निर्यण दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, सर्वप्रथमः नेपाल सरकारको पुनरावेदन मागदाबी मानव बेचबिखन तथा ओसारपसार सम्बन्धतर्फ हेर्दा, प्रतिवादी सुसिसकुमार थारूले आफ्नो घरमा लगी मिति २०७३।०५।२० गतेदेखि मिति २०७३।०५।२५ गतेसम्म लगातार जबरजस्ती करणी गरी मिति २०७२।०५।२६ गते राति ०२:०० बजे समयमा निज छोरीलाई घरमा नल्याई नाला पुलनजिक छोडेको भनी जाहेरी दरखास्तको बेहोरा र घरमा सौतेनी आमाले दु:ख दिने गरेकोले प्रतिवादी सुसिसकुमारसँग विवाह गरेमा सुख पाउने छौ भनी भन्दा सुसिसकुमारसँग विवाह गरी लोग्ने स्वास्नी भएर सँगै बस्ने भनी सहमतिमा प्रतिवादीको घरमा गई ५ दिनसम्म सँगै बसी त्यसपछि माइती घरतर्फ कुराकानी मिलाउने र विवाहको कार्यक्रम मिलाउने भनी निज शक्तिनगर क लाई मैले निजको माइतीघरमा पठाएको हो । सो क्रममा निजलाई छोड्न भनी म निजको माइतीघर नजिकसम्म गएको र निजलाई छाडी म आफ्नो घरमा फर्किएको हुँ । मैले निज शक्तिनगर क लाई विवाह गरी घरमा राखेको तर निजसँग मैले यौन सम्बन्ध राखेको होइन गरेको बयानबाट देखिन आएबाट यी प्रतिवादीले पीडितलाई घरमा लगी ५ दिनसम्म राखेको तथ्यमा विवाद देखिएन ।

३. जहाँसम्म प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसारको कसुर कायम नगरी जबरजस्ती करणीको उद्योगको कसुर कायम गरेको नमिलेको नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) मा "वेश्यावृत्तिमा लगाउने वा शोषण गने उद्देश्यले कुनै प्रकारले ललाइफकाइ, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक अवस्थाको

फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपाल भरको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने" गरेमा मानव ओसारपसार गरेको मानिने भनी कसुरको परिभाषा गरेको पाइन्छ।

४. प्रस्तुत मुद्दामा स्वयम् पीडितले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादीहरूले आफूलाई प्रतिवादी सुसिसकुमार थारूसँग विवाह गराइदिनको लागि संयोग मिलाइदिएको र प्रतिवादी सुसिसकुमारले जबरजस्ती लगेको नभई पीडित निज प्रतिवादीको साइकलमा आफैँ चढी सुसिसकुमार थारूको घरमा गएको भन्ने देखिन्छ। जाहेरी दरखास्त पनि पीडित स्वयंले दिएको देखिँदैन। सुसिसकुमार थारूसँग भागी गएको भन्ने थाहा पाई जाहेरवाली सौतेनी आमा, बाबु र काका म गएको घर हेर्न भनी गएका र निजहरूसँग मेरो कुराकानी भई अब बस भनी त्यहीँ छोडी आएका हुन्। प्रतिवादी सुसिसकुमार थारूले मलाई बेचबिखन गर्न भनी लगेको नभई मलाई श्रीमती तुल्याई भगाई लगेका र सोही आधारमा मलाई करणी गर्न खोजेका हुन्। अन्य प्रतिवादीहरूले मलाई बेचबिखन गर्न भनी सहयोग गरेका होइनन् भन्नेसमेत बेहोराको पीडित सङ्केत नं. ६६ शक्तिनगर क ले सुरू अदालतमा गरेको बकपत्रलाई खण्डन गर्ने गरी वादी पक्षबाट विश्वसनीय ठोस आधार प्रमाण पेस गर्न सकेको मिसिल संलग्न कागजबाट देखिँदैन।

५. सामान्यतः सरकारवादी फौजदारी मुद्दामा कसुरदारको कसुर प्रमाणित गर्ने भार वादीमा रहन्छ। अभियोग लगाएर मात्र हुँदैन सो अभियोग पुष्टि हुने प्रमाण वादी पक्षले प्रस्तुत गर्न सक्नुपर्छ। जसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले स्पष्ट गरेको छ। के कस्तो कार्यबाट के कस्तो कानूनको उल्लङ्घन भई अपराधजनित कार्य भयो र त्यस्तो कार्यमा को कसको के कसरी संलग्नता रहेको छ भन्ने कुरा पनि अभियोजन पक्षले शङ्कारहित तवर (Beyond the Reasonable Doubt) ले पुष्टि गर्नुपर्छ। विधायिकी कानूनले आफ्नो निर्दोषिता प्रमाण गर्ने भार प्रतिवादीमा सारेको कारणले अभियोजन पक्षको उक्त दायित्व सीमित हुने वा समाप्त हुने होइन। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीमा सारेको भए पनि वादी पक्षले अभियुक्तले गरेको कसुरको गहन अनुसन्धान गर्ने, कुन कानूनको उल्लङ्घन के कसरी भयो, कानूनविपरीत कार्य गरेको के कुन प्रमाणद्वारा पुष्टि गर्न सकिन्छ भनी अनुसन्धान र प्रमाण सङ्कलन गर्नेतर्फ अभियोजन पक्ष आफ्नो दायित्वबाट पन्छिन मिल्दैन। **ओसारपसार कुन उद्देश्यले गरिएको छ सो पनि हेर्नुपर्दछ। कसुरमा बेचबिखनको वा शोषणको वा वेश्यावृत्तिको उद्देश्य भएमा मात्र मानव बेचबिखन तथा ओसारपसारमा कारबाही हुन्छ। तर विवाहको निमित्त गरिएको ओसारपसारलाई मानव बेचबिखनको निमित्त गरिएको ओसारपसारअन्तर्गतको कसुर मान्न सकिएन।** प्रस्तुत मुद्दामा मिसिल संलग्न सबुद प्रमाणबाट प्रतिवादीले पीडितलाई बेचबिखनको लागि लगेको भन्ने वस्तुनिष्ठ प्रमाणको अभावमा शंकाकै भरमा मात्र प्रत्यर्थी प्रतिवादीलाई दोषी ठहर गर्नु न्यायोचित नदेखिँदा अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसारको कसुरमा समेत सजाय गर्नुपर्दछ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर स्वीकारयोग्य देखिन आएन।

६. वारदातको प्रकृति अवस्थासमेतबाट प्रतिवादीहरूको कसुर उक्त ऐनले गरेको परिभाषाभित्र पर्ने नदेखिँदा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर स्थापित हुने अवस्था देखिँदैन। अभियोजन

पक्षले पनि प्रतिवादीहरूउपरको आरोपित कसुर पुष्टि हुने ठोस सबुद प्रमाण पेस गर्न सकेको पाइँदैन। प्रतिवादीहरू रूपा थारू, फुलबसनी थारू र सावित्री थारूले जबरजस्ती करणी गर्न प्रतिवादी सुसिसकुमार थारूलाई मद्दत गरेको तथा सो कार्यमा संलग्नता रहेको भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा जब यी प्रतिवादीहरूले पीडितलाई ललाइफकाइ गरी सुसिसकुमार थारूसँग पठाएको भन्ने तथ्य स्थापित नभएकोमा प्रतिवादीहरूलाई सजाय गर्नु न्यायोचित हुने नहुँदा प्रतिवादीहरू रूपा थारू, फुलबसनी थारू र सावित्री थारूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर गर्न मद्दत गरेको भन्ने आरोपित कसुरबाट सफाइ दिने गरी उच्च अदालत तुलसीपुर नेपालगन्जको फैसलामा अन्यथा गर्नुपर्ने देखिन आएन। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन।

७. नेपाल सरकारको पुनरावेदन मागदाबी जबरजस्ती करणीको उद्योग नभई जबरजस्ती करणीको कसुरको जिकिरतर्फ हेर्दा, घाँस काट्न गएकी पीडित छोरी परिवर्तित नामथर सङ्केत नं. ६६ शक्तिनगर (क) लाई प्रतिवादीहरू फुलवसनी थारू, रूपा थारू र सावित्री थारूले ललाइफकाइ गरी पीडित छोरी परिवर्तित नामथर सङ्केत नं. ६६ शक्तिनगर (क) लाई फुलवसनी थारूको घरमा लगी प्रतिवादीमध्येका सुसिसकुमार थारूसँग विवाह गरे राम्रो हुन्छ भनी निज सुसिसकुमार थारूलाई फोन गरी बोलाई पीडित छोरीलाई निजसँग घरमा पठाई निजले पीडित छोरीलाई आफ्नो घरमा लगी मिति २०७३।०५।२० गतेदेखि २५ गतेसम्म लगातार जबरजस्ती करणी गरी मिति २०७३।०५।२६ गते राति २ बजे पीडित छोरीलाई घरनजिक नाला पुलनजिक छोडी गएको भन्नेसमेत बेहोराको यी प्रतिवादीहरूउपर किटानी जाहेरी परेको देखिएको छ। म भारतको बलैगाउँ बजारमा किनमेल गर्न भनी घरबाट गएकोमा सोही क्रममा पहिलो पटक निज सङ्केत नं. ६६ शक्तिनगर (क) सँग भेटघाट भई चिनजान भएको हो। त्यसपछि पुन: सोही बलैगाउँमा किनमेल गर्न जाँदा पुन: निज सङ्केत नं ६६ शक्तिनगर (क)सँग भेटघाट भई हामीबिच दु:ख सुखका कुराकानीसमेत भएको थियो। सोही क्रममा निज सङ्केत नं ६६ शक्तिनगर (क) ले आफू दु:ख पाएको मान्छे हुँ। म तपाइँसँग विवाह गर्न इच्छुक छु भनी प्रस्ताव गरेकीले मैले पनि निजको प्रस्तावलाई सहर्ष स्वीकार गरी सोही दिनमा नै निजको घरमा कोही कसैलाई थाहा जानकारी नदिई निज सङ्केत नं. ६६ शक्तिनगर (क) लाई विवाह गरी भगाई आफ्नो घरमा लगी श्रीमान् श्रीमतीको हैसियतले ५ दिनसम्म राखेको हुँ। त्यसपछि माइतीघरतर्फ कुराकानी मिलाउने भनी निज सङ्केत नं. ६६ शक्तिनगर (क) लाई मैले निजको माइतीघरमा पठाएको हो। सो क्रममा निजलाई छोड्न भनी म निजको माइतीघर नजिकसम्म गएको र निजलाई छाडी म आफ्नो घरमा फर्किएको हुँ। मैले निज सङ्केत नं. ६६ शक्तिनगर (क) लाई विवाह गरी घरमा राखेको तर निजसँग मैले यौन सम्बन्ध राखेको होइन।सङ्केत नं. ६६ शक्तिनगर (क) को योनिको बाहिर बाहिर मात्र घर्षण गरेको हुँ भन्नेसमेत बेहोराको प्रतिवादी सुसिसकुमार थारूले सुरू अदालतमा इन्कारी बयान गरेको देखिन्छ।

८. जबरजस्ती करणी मुद्दामा पीडितको भनाइ नै मूल र अकाट्य प्रमाण मान्नुपर्ने हुन्छ। पीडितको भनाइ अकाट्य प्रमाण हो। जबरजस्ती करणीको वारदातको पहिलो कसी भनेको स्वयं पीडित हो र यी पीडितलाई प्रत्यक्ष र जीवित प्रमाणमा मान्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा पीडितले अदालतमा बकपत्र गर्दा प्रतिवादी सुसिसकुमार थारूसँग पहिलेदेखि चिनजान थियो। निज सुसिसकुमार थारू अविवाहित रहेको हुँदा निजसँग विवाह गर्न पाए राम्रो हुने थियो भन्ने लागेको थियो। मिति २०७३।०५।२० गतेका दिन दिउँसो १:०० बजे प्रतिवादी सुसिसकुमार थारू

साइकल लिएर मेरो गाउँ ठाउँमा आएका थिए । म प्रतिवादी फुलबसनी थरूनीको घरमै थिएँ । त्यहीँ निज सुसिसकुमार थारू राम्रो हुने खाने घरका हुन् । बिहे गरेर जाने भए जाउ पछि हामीलाई दोष दिन पाइन्न भन्ने कुरा प्रतिवादीमध्येकी फुलबसनी थारू, रूपा थारू र सावित्री थारूसमेतले भनेकाले निज प्रतिवादी सुसिसकुमार थारूको साइकलको पछाडिको क्यारियरमा बसी म निज प्रतिवादीको घरमा गएकी हुँ । घरमा पुग्दा त्यहाँ प्रतिवादी सुसिसकुमार थारूका बाबु आमा र एकजना दिदी थिए । निजहरूलाई मैले म सुसिसकुमार थारूसँग विवाह गरी आएकी हुँ भनेकी र प्रतिवादी सुसिसले पनि मैले विवाह गरी भगाई ल्याएकोले तिमीहरूको बुहारी हो भनी भनेको थिए । त्यसपछि निज सुसिसकुमार थारू र मसमेत डोरीले बनेको खटियामा साथ साथै सुतेको हो । निज सुसिसकुमार थारूले मैले लगाएको कम्मरमुनिको सुरूवाल पेन्टीसमेत खोली मलाई उत्तानो बनाई मेरो योनिको बाहिर बाहिर मात्र घर्षण गरेका हुन् । जबरजस्ती करणी गरेका होइनन् भनी पीडितले सुरू अदालतमा गरेको बकपत्र देखिन्छ । तत्काल प्रचलित जबरजस्ती करणी महलको १ को देहाय (ग) मा जबरजस्ती करणी हुनको लागि "योनिमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनका लागि करणी गरेको मानिने छ" भन्ने उल्लेख भएबाट करणीको वारदात पुष्टि हुनको लागि लिङ्ग केही मात्रामा प्रवेश हुनुपर्ने अवस्थाको विद्यमानता अनिवार्य रहेको देखियो । प्रस्तुत मुद्दामा पीडितउपर करणी भएको अवस्था नदेखिएको र मौकामा कागज गर्ने व्यक्तिहरूले प्रस्तुत वारदातको सम्बन्धमा अदालतमा गरेको बकपत्रमा करणी भएको देखेको भन्न सकेको पनि देखिँदैन ।

९. पीडितले स्वयम् अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादीहरूले जबरजस्ती, करकापमा पारी डर, त्रास देखाई पीडितलाई प्रतिवादी सुसिसकुमार थारूसँग विवाह गराइदिएको र प्रतिवादी सुसिसकुमारले जबरजस्ती लगेको भन्ने देखिँदैन । पीडित आफैँ प्रतिवादीको साइकलमा आफैँ चढी निजको घरमा गएको भन्ने देखिन्छ । जाहेरी दरखास्त पनि पीडित स्वयंले दिएको देखिँदैन । पीडित मेरो सौताको छोरी हुन् । पीडित छोरीलाई प्रतिवादीहरू सावित्री थारू, रूपा थारू र फुलबसनी थारूले घाँस काट्न गएको समयमा केटा राम्रो छ । घर खानदानी छ, धनी छ तिमीले यो केटासँग विवाह गऱ्यो भने तिमीलाई धेरै सुख हुन्छ भनी प्रतिवादी सुसिसकुमार थारूसँग विवाह गराइदिने भनी निज प्रतिवादीसँगै पठाएका हुन् । प्रतिवादी सुसिसकुमार थारूले पनि पीडित छोरीलाई विवाह गर्ने भनी आफ्नो घरमा राखेका हुन् । जबरजस्ती करणी गरेको देखेको होइन भनी जाहेरवाला सङ्केत नं. ६६ शक्तिनगर **L** ले सुरू अदालतमा गरेको बकपत्रबाट पीडित तथा जाहेरवालाको बयान कागज तथा बकपत्र, घटनास्थल प्रकृति विवरणसमेतका मिसिल संलग्न कागज प्रमाणहरूको विवेचना गरी हेर्दा, प्रतिवादीले पीडितको योनिमा लिङ्ग प्रवेश गराएको भन्ने देखिँदैन । यसबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने तथ्य स्थापित हुँदैन । प्रतिवादीले आफ्नो उत्तेजित लिङ्ग निज पीडितको यौनाङ्गको बाहिर बाहिर मात्र घर्षण गरेको भन्ने देखिएकोले प्रतिवादीले पीडितउपर जबरजस्ती करणी कसुर गरेको नदेखिई जबरजस्ती करणीको अपराधको उद्योगसम्म गरेको देखिँदा उद्योगको कसुर ठहराई प्रतिवादी सुसिसकुमार थारूलाई जबरजस्ती करणीको उद्योगको कसुरमा प्रतिवादीले पीडितमाथि जबरजस्ती करणीको उद्योग गरेको वारदात स्थापित भएबाट उच्च अदालत तुलसीपुर नेपालगन्जको मिति २०७५।६।२१ को फैसला मनासिब देखिन आएको हुँदा अन्यथा गर्नुपर्ने देखिन आएन । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन ।

१०. तसर्थ उल्लिखित आधार, कारण र प्रमाणबाट प्रतिवादीहरूले पीडितलाई जबरजस्ती

लगेको नदेखिएकोले अभियोग माग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुर स्थापित हुने देखिएन । तसर्थ सो कसुरको हकमा प्रतिवादीहरूले सफाइ पाउने र प्रतिवादी सुसिसकुमार थारूले पीडितउपर जबरजस्ती करणीको उद्योगको कसुर गरेकोले पीडितको उमेर १६ वर्षभन्दा कम रहेकोले जबरजस्ती करणीको ३(३) नं. ले हुन सक्ने सजायको आधी सजाय हुने देखियो । तसर्थ प्रतिवादी सुसिसकुमार थारूलाई जबरजस्ती करणीको महलको ५ नं. ले ४ (चार वर्ष) कैदको सजाय हुने र अन्य प्रतिवादीहरू रूपा थारू, फुलबसनी थारू र सावित्री थारूको सो कार्यमा कुनै संलग्नता रहेको नदेखिँदा निज प्रतिवादीहरूले सफाइ पाउने देखियो । वादी नेपाल सरकारको प्रतिवादीहरूउपरको मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणीको कसुर गरेको भन्ने अभियोग माग दाबी पुग्न सक्दैन भन्ने सुरू बर्दिया जिल्ला अदालतको मिति २०७४।९।२४ को फैसला सदर कायम हुने भनी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७५।६।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर ठहर्छ ।

११. प्रस्तुत फैसलाको प्रतिलिपिसहित महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाइदिनू । सरोकारवालाले फैसलाको जानकारी माग्न आएमा लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनू । प्रस्तुत फैसलाको लगत कट्टा गरी झिकाइएका मिसिलहरू तत् तत् निकायमा पठाई रेकर्ड मिसिल यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.तिलप्रसाद श्रेष्ठ
इजलास अधिकृत (उपसचिव) : अमृता कुमारी शर्मा
इति संवत् २०८१ साल वैशाख २४ गते रोज २ शुभम् ।

निर्णय नं. ११३६९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कुमार रेग्मी
माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना
फैसला मिति : २०८०।१२।१४

मुद्दाः मानव बेचबिखन तथा ओसारपसार

०७५-CR-२१४७

पुनरावेदक / प्रतिवादी : रामचन्द्र पाध्याको छोरा, स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका वडा नं.२ देविस्थान घर भई हाल कारागार कार्यालय कास्कीमा थुनामा रहेको अर्जुनप्रसाद शर्मा

विरूद्ध

प्रत्यर्थी / वादी : परिवर्तित जिल्ला ६४ बस्ने परिवर्तित नाम सुनिताको जाहेरीले नेपाल सरकार

०७५-CR-२५९१

पुनरावेदक / वादी : परिवर्तित जिल्ला ६४ बस्ने परिवर्तित नाम सुनिताको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : रामचन्द्र पाध्याको छोरा, स्याङ्जा जिल्ला, पुतलीबजार नगरपालिका वडा नं.२ देविस्थान बस्ने अर्जुनप्रसाद शर्मा

- **अदालतको न्यायिक अभ्यासको रोहमा हेर्दा मानव बेचबिखनको कसुर ठहर हुन मानिसलाई बिक्री गर्ने उद्देश्य हुनुपर्ने, स्वदेशको एक स्थानबाट अर्को स्थान होस् वा विदेश नै लगेको किन नहोस् तर बिक्री**

गर्ने उद्देश्यले नै लगेको प्रमाणित हुनुपर्ने।

- **वेश्यालयमा लगी बिक्री गर्ने वा वेश्यागमन गरेको अर्थात् आर्थिक फाइदा लिनेसमेत उद्देश्यले वेश्यालयमा पुऱ्याएको अवस्थाका साथै मानव अङ्ग जस्तै किड्नी आदि बेच्ने कार्यलाई समेत मानव बेचबिखनको कसुर मान्नुपर्ने।**
- **मानव बेचबिखन र ओसारपसार दुई फरक कसुर भएको र कतिपय अवस्थामा यी दुवै कसुर सँगसँगै आउने भए पनि एकको अनुपस्थितिमा पनि अर्को कसुर हुन सक्ने।**

(प्रकरण नं.९)

वादीका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री प्रमोद रेग्मी, श्री सुमनकुमार के.सी. र श्री रोचक रेग्मी

प्रतिवादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री विना दाहाल

अवलम्बित नजिर :

- ने.का.प.२०७९, अङ्क ७, नि.नं.१०९१२
- ने.का.प.२०७९, अङ्क ६, नि.नं.१०८९२
- ने.का.प.२०७९, अङ्क ३, नि.नं.१०८३१
- ने.का.प.२०७८, अङ्क ११, नि.नं.१०७७२
- ने.का.प.२०७८, अङ्क १०, नि.नं.१०७६५
- ने.का.प.२०७८, अङ्क ७, नि.नं.१०७०२
- ने.का.प.२०७७, अङ्क १२, नि.नं.१०६१७
- ने.का.प.२०७६, अङ्क १२, नि.नं.१०४१२
- ने.का.प.२०७६, अङ्क १२, नि.नं.१०४१०
- ने.का.प.२०७६, अङ्क ५, नि.नं.१०२६६
- ने.का.प.२०७६, अङ्क २, नि.नं.१०१९३
- ने.का.प.२०७५, अङ्क २, नि.नं.९९५८
- ने.का.प.२०७२, अङ्क ११, नि.नं.९४९६

सम्बद्ध कानून :

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- वैदेशिक रोजगार ऐन, २०६४

सुरू तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री सूर्यप्रसाद पराजुली
कास्की जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री जीवनहरि अधिकारी
माननीय न्यायाधीश श्री बालचन्द्र शर्मा
उच्च अदालत पोखरा

फैसला

न्या.कुमार रेग्मी : न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर खण्ड यसप्रकार रहेको छः

तथ्य खण्ड

कास्की पोखरा-६ स्थित होटलमा काम गर्दै आएकी मेरी छोरी वर्ष १९ की परिवर्तित नाम पोखरा-७ लाई अर्जुनप्रसाद शर्मासमेतले राम्रो जागिर लगाइदिन्छु, भनी लोभ प्रलोभन देखाई तथा भर विश्वासमा पारी मिति २०७३।०५।०१ गते बेलुका काम गरेको होटलबाट लिई गई भारतसम्म पुऱ्याई छोरी सम्पर्कविहीन गराई मानव बेचबिखन गरेको हुँदा निजलाई पक्राउ गरी हदैसम्मको सजाय गरिपाउँ भन्नेसमेत बेहोराको परिवर्तित नाम सुनिताले दिएको मिति २०७३।०६।०६ को जाहेरी दरखास्त।

पीडित पोखरा-७ को खोजतलासको लागि गरिएको फोटोसहितको हुलिया पत्र, नामथर खुल्ने जाहेरीसमेतका कागजातहरू गोप्य खामबन्दी भई मिसिल संलग्न रहेको।

पोखरामा मजदुरी काम गर्ने क्रममा मलाई पोखरा-७ ले विदेश काम गर्न जान्छु, एकजना दाइले कुवेत पठाइदिन्छु भनेको छ तिमी पनि जाने हो भने कुरा गर्छु भनेकी थिइन्। यसै क्रममा यही भदौको पहिलो

हप्तामा निजले म त विदेश जाने भएँ पासपोर्ट बनाउनको लागि काठमाडौं जाँदै छु भनेकी थिइन् । काठमाडौंमा एक हप्ताजति बसेर निजले मलाई फोन गरी म यहीँबाट दिल्ली हुँदै जान्छु भनेकी थिइन् । त्यसको २ दिनपछि निजले दिल्ली पुगेरसमेत मलाई फोन गरिनँ । अर्जुन दाइले राम्रो काम छ भन्नुभएको छ भन्दै थिइन् । मलाई निजै अर्जुन शर्माले समेत फोन गरी तिम्रो दिदीहरूलाई राम्रो भिसामा कुवेत पठाइदिएँ तिमीहरू पनि जान्छौं भने पठाइदिन्छु भनेपछि हामीहरूले पहिले पोखरा-७ लाई कहाँ पठाउनुभयो पहिला घर परिवारलाई निजको सम्पर्क गराइदिनुस् भन्दा निजले सिम कार्ड पाउन १ महिना लाग्छ, पछि सम्पर्क गराइदिन्छु भने । यसले पक्कै पनि राम्रो काममा पठाएको छैन भन्ने शंका लागी निजलाई हामीहरू ४/५ जना केटीहरू पनि विदेश जान्छौं मिलाई दिनुपर्‍यो भनेपछि निजले म ३ दिनभित्र काठमाडौं आउँछु तिमीहरू दिल्ली आउने गरी तयारी गर भनेका हुन् । निज अर्जुन शर्माले परिवर्तित पोखरा-७ लाई अन्य व्यक्तिहरूसँग मिलेर बिक्री गरेका हुन् । हामी पनि विदेश जान्छौं भनी बोलाई काठमाडौं प्रहरीको सहयोगमा निजलाई पक्राउ गरेको हो । निजलाई कानूनबमोजिम हदैसम्मको सजाय होस् भन्नेसमेत बेहोराको बुझिएकी परिवर्तित नाम रन्जुले गरिदिएको मिति २०७३।०६।१० को कागज ।

यही भदौको दोस्रो हप्तातिर पोखरा-७ ले भारतीय ००९१९२०५८२६३७१ नं. बाट घरमा फोन गरी म कुवेत आइसकेँ भनेपछि पक्कै केही गडबडी छ, कसैले यसलाई भारत पुर्‍यायो भनी निजको खोजतलास सुरू गरेका हौं । सोही क्रममा परिवर्तित नाम रन्जुलाई पनि सोही नं. बाट अर्जुन शर्माले फोन गरी बैनी कुवेत गइसक्यो, तिमीहरू पनि जाने भए पठाइदिन्छु भनेका रहेछन् । निजलाई हामीहरूले ४/५ छौं, विदेश जाने भनेर काठमाडौं बोलाई पक्राउ गर्नुपर्‍यो, पोखरा-७ लाई कहाँ पुर्‍यायो सोध्नुपर्‍यो भनी सल्लाह गरी निज अर्जुन शर्मालाई प्रलोभन देखाई काठमाडौं बोलाई प्रहरीले पक्राउ गरेको हो । निजले हाम्रो बैनी पोखरा- ७ लाई झुक्याई बिक्री गरेका रहेछन् । निजले मेरा साथीहरूले निजलाई नेपाल फर्काइदिन्छन् भनी आलटाल गरी राखेका छन् । निजलाई हदैसम्मको सजाय होस् भन्नेसमेत बेहोराको बुझिएकी परिवर्तित नाम अन्जुले गरिदिएको मिति २०७३।०६।११ को कागज ।

म रोजगारीको सिलसिलामा दुवई, अफगानस्तान, रूससमेत गई ६ महिनाअघि नेपाल फर्किएको हुँ । पोखरा लेकसाइड स्वीस होममा काम गर्ने पोखरा-७ सँग मेरो चिनजान हुन पुगेपछि निजले समेत विदेश जाने इच्छा देखाएको हुँदा मैले भारतको दिल्लीमा गएको अवस्थामा कुवेतमा रहेकी सबिता पाठक र सरोज के.सी.सँग सम्पर्क सल्लाह हुँदा निजहरूले मलाई तिमीले जति सक्यो केटीहरू भारत हुँदै कुवेत पठाउ, तिमीलाई राम्रै आम्दानी हुन्छ भने । यी पोखरा-७ लाई सम्पर्क गरी कुवेत पठाइदिन्छु भनी पासपोर्ट बनाउन लगाई मेरो विश्वासमा दिल्ली आइपुगेपछि ४/५ दिन आफ्नै कोठामा राखेर निजै सबिता पाठकसमेतको योजनाबमोजिम निजलाई भारतको नयाँ दिल्ली विमानस्थलबाट जहाजमा पठाइदिएको हुँ । मैले निजको दिदी बैनीहरू परिवर्तित नाम रन्जु र अन्जुलाई सम्पर्क गरी पोखरा-७ कुवेत पुगिन्, तिमीहरू पनि जाने हो भने आउ भनेको थिएँ । पोखरा- ७ का आफन्तहरूले पटकपटक पोखरा-७ को बारेमा सोधपुछ तथा कुराकानी गर्दा आलटाल गरेको थिएँ । यसै अवस्थामा परिवर्तित नाम रन्जु र अन्जुले ४/५ जना छौं, हामीहरूलाई पनि विदेश पठाइदिनुपर्‍यो भने । काठमाडौं आएको अवस्थामा मलाई पक्राउ गरेका हुन् । मेरा चिनजानका सबिता पाठक र सरोज के.सी. को योजनामा राम्रो काममा लगाइदिन्छु भनी अनधिकृत रूपमा पोखरा-७ लाई विदेश पठाएको हुँ भन्नेसमेत बेहोराको प्रतिवादी अर्जुनप्रसाद शर्माको मिति २०७३।०६।१४ को बयान ।

यी अर्जुनप्रसाद शर्माले परिवर्तित नाम पोखरा-७ लाई ललाइफकाइ झुक्याई भारतको दिल्ली पुऱ्याई त्यहींबाट बिक्री गरेको भन्ने थाहा पायौं। निजले पोखरा-७ लाई बिक्री गरेपछि परिवर्तित नाम रन्जु र अन्जुलाई बिक्री गर्नको लागि काठमाडौं आएको अवस्थामा प्रहरीले पक्राउ गरेको हो। निजलाई हदैसम्मको सजाय होस् भन्नेसमेत बेहोराको बुझिएका हेमराज कुमाल, सरीमाया कुमाल र सिता कुमालको मिति २०७३।०६।१७ को वस्तुस्थिति मुचुल्का।

पीडितको बेचबिखनसमेत गर्ने वारदातमा समिर माइकल भन्ने उदय रानाको समेत संलग्नता छ भन्ने पीडितको बाबु नाम परिवर्तित चन्द्रबहादुरको मिति २०७३।०६।२१ को कागज र ऐ. मिलानको प्रतिवादी अर्जुनप्रसाद शर्माको मिति २०७३।०६।२८ को ततिम्बा बयान।

प्रतिवादी अर्जुनप्रसाद शर्मा, सरोज के.सी., समिर माइकल भन्ने उदय राना तथा सबिता पाठकले एकआपसमा मिलेमतो गरी योजना बनाई निजहरूकै योजना सल्लाहमा रूपैयाँ पैसा कमाउने उद्देश्यले प्रतिवादीमध्येका अर्जुनप्रसाद शर्माले कमजोर आर्थिक अवस्थाका कारण होटलमा काम गरी बसेकी यी परिवर्तित पोखरा- ७ लाई राम्रो जागिर लगाइदिन्छु भनी लोभ प्रलोभन देखाई अनधिकृत रूपमा भारतको दिल्लीसम्म पुऱ्याई त्यहाँबाट अन्य प्रतिवादीसँगको मिलेमतोमा बिक्री गरेको र पीडित परिवर्तित पोखरा-७ बेखबर रहेको पुष्टि भई निज प्रतिवादी अर्जुनप्रसाद शर्मा र उदय रानाको सो कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४ को उपदफा १(क) र उपदफा २(क) बमोजिमको कसुर अपराध भएको देखिन आएकोले निज प्रतिवादीउपर ऐ. ऐनको दफा १५ को उपदफा १(क) र १(ङ)१ बमोजिम सजाय हुन र ऐ. ऐनको दफा १७ को (१) बमोजिम निज प्रतिवादीबाटै पीडित पोखरा-७ लाई क्षतिपूर्ति दिलाई भराइदिन माग दाबी लिई मिति २०७३।०६।३० मा पेस भएको अभियोगपत्र।

परिवर्तित पोखरा-७ कुवेत जाने प्रक्रिया मिलाउन भिषासमेतको लागि सात दिन दिल्लीमा बसी डकुमेन्ट प्राप्त भइसकेपछि उनी दिल्लीबाट **Air India** को **Flight** मार्फत कुवेत गएकी हुन्। निजलाई कुवेत उडाउन समिर, मसमेत एयरपोर्ट गएका थियौं। समिरसँग अरू २ जना बहिनीहरू पनि सँगै थिए। मैले निजलाई बेचबिखन गरेको होइन । निज बहिनीले विगतदेखिको चिनजान र विदेश जाने इच्छा गरेकाले साथीमार्फत रोजगारीका लागि विदेश पठाउने काम गरेको हुँ। मैले अभियोग दाबीबमोजिम कसुर अपराध गरेको नहुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी अर्जुनप्रसाद शर्माले मिति २०७३।०७।०२ मा गरेको बयान।

मिति २०७३।०७।०२ को यस अदालतको थुनछेक आदेशानुसार प्रतिवादी अर्जुनप्रसाद शर्मा मुद्दा पुर्पक्षका लागि कारागार कार्यालय कास्कीमा थुनामा रहेको।

प्रतिवादीका साक्षी तारा श्रेष्ठले मिति २०७३।१२।१४ मा गरेको बकपत्र, वादी पक्षका साक्षी जाहेरवाला परिवर्तित नाम सुनिता, परिवर्तित नाम अञ्जुले मिति २०७३।१२।२४ मा गरेको बकपत्र, पीडित परिवर्तित नाम पोखरा-७ ले मिति २०७४।०१।१९ मा गरेको बकपत्र, वादीका साक्षी सिता कुमालले मिति २०७४।०२।१७ मा गरेको बकपत्र मिसिल सामेल रहेको।

प्रतिवादी अर्जुनप्रसाद शर्माले पीडितलाई बेच्ने उद्देश्यले विदेश भारत श्रीलङ्का हुँदै ओमान पुऱ्याएको देखिँदा निज प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) बमोजिम कसुर गरेको ठहर्छ । सो ठहर्नाले निजलाई सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम ११ (एघार) वर्ष कैद र रू.६०,०००।- (साठी हजार रूपैयाँ) जरिवाना हुन्छ। साथै प्रतिवादी

अर्जुनप्रसाद शर्माबाट पीडित पोखरा-७ लाई सोही ऐनको दफा १७(१) बमोजिम रू.१,००,०००।– (एक लाख) क्षतिपूर्ति भराइदिनेसमेत ठहर्छ । प्रतिवादीले पीडितलाई बिक्री गरी रकम पाएको भन्ने स्पष्ट प्रमाण पेस हुन आएको नदेखिँदा प्रतिवादीलाई उक्त ऐनको दफा ४(१)(क) बमोजिमको कसुरमा सजाय गरिपाउँ भन्ने अभियोग दाबी पुग्न सक्दैन भन्नेसमेत सुरू कास्की जिल्ला अदालतको मिति २०७४।०९।११ को फैसला ।

सुरू फैसलामा चित्त बुझेन । प्रतिवादी अर्जुन शर्माले अन्य व्यक्तिहरूसँग मिलेर पोखरा-७ लाई दिल्लीलगायतका ठाउँमा लगेर बिक्री गरेका हुन्, मसमेत जना ५ ले हामी पनि कुवेत जान्छौं भनी विश्वास दिलाएकोले हामीलाई लिन निज प्रतिवादी अर्जुनप्रसाद शर्मा काठमाडौं आएका हुन् कारबाही गरिपाउँ भनी मौकामा कागज गर्ने परिवर्तित नाम अन्जु र रन्जुले कागज गरेका । जाहेरवालाले अदालतमा पीडितलाई पासपोर्ट नभइकन प्रतिवादी अर्जुनप्रसाद शर्माले ओमानसम्म पुऱ्याएको हो किटानीपूर्वक बकपत्र गरेकी । पीडित परिवर्तित नाम पोखरा-७ बकपत्र गर्दा प्रतिवादी अर्जुनप्रसाद शर्मासमेतले हरेक कुराहरू ढाँटेर आफूलाई इन्डिया, श्रीलङ्का हुँदै ओमानसम्म पुऱ्याई घरायसी काममा लगाएका हुन् भनी लेखाएकी । प्रतिवादी अर्जुनप्रसाद शर्माले पीडित पोखरा-७ लाई दिल्लीसम्म बोलाई आफ्नो कोठामा ५/६ दिन राखी कुवेत पठाएको कुरा अनुसन्धानको क्रममा भएको बयान तथा अदालतसमक्षको बयानमा समेत स्वीकार गरेकालगायतका मिसिल संलग्न कागज प्रमाणहरूको आधारमा यी प्रतिवादी अर्जुनप्रसाद शर्मासमेतले पीडित पोखरा-७ लाई नेपालबाट इन्डिया हुँदै ओमानसम्म पुऱ्याई अभियोग दाबीबमोजिमको मानव ओसारपसार तथा बेचबिखनको कार्य गरेको पुष्टि हुँदाहुँदै बेचबिखनतर्फ प्रतिवादीलाई सफाइ दिई गरेको फैसला मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ र प्रमाण ऐन, २०३१ को दफा ९ समेतको गम्भीर त्रुटि हुँदा सो हदसम्म सुरू फैसला बदर गरी अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकारले उच्च अदालत पोखरामा पेस गरेको पुनरावेदन ।

सुरू फैसलामा चित्त बुझेन । सुरू अदालतबाट प्रमाण ऐन, २०३१ को दफा ३, ५४ बमोजिम मुद्दामा संलग्न जाहेरी दरखास्तदेखि अदालतमा भएका साक्षी बकपत्रसमेत सम्पूर्ण प्रमाणहरूको बुझ्नुपर्ने कुराहरू नबुझी अप्रमाणित कुराहरू बुझी मउपर एकातर्फी रूपमा दोषारोपण गरी कसुरदार ठहराई हदैसम्मको सजायसमेत गरी फैसला भएकोले प्रचलित नेपाल कानून र यससँग सम्बन्धित नजिर सिद्धान्तसमेत हेरी बुझी निर्दोष म पुनरावेदकलाई सुरू जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी सफाइ हुने गरी न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी अर्जुनप्रसाद शर्माले उच्च अदालत पोखरामा पेस गरेको पुनरावेदन ।

यसमा वादी नेपाल सरकार र प्रत्यर्थी प्रतिवादीसमेतबाट दोहोरो पुनरावेदन पर्न आएको देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०२ नं. तथा उच्च अदालत नियमावली, २०७३ को नियम ६४ प्रयोजनार्थ एक अर्काको पुनरावेदन परस्परमा जानकारी गराई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको उच्च अदालत पोखराको मिति २०७५।०२।१४ को आदेश ।

पुनरावेदक / प्रतिवादी अर्जुनप्रसाद शर्माले पीडित पोखरा-७ लाई बेचेको वा कसैले किनेको वा वेश्यावृत्तिमा लगाएको वा मानिसको अङ्ग झिक्ने वा वेश्यागमनको कार्य गरे गराएको भन्ने नभएको वा सोही ऐनको दफा ४(२)(क) बमोजिम किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेश लैजाने कार्य गरे गराएको तथ्य मिसिल प्रमाणबाट स्थापित हुन सकेको नभई निज प्रतिवादीले पीडित पोखरा-७ लाई नेपालबाट

भारत पुऱ्याई भारतबाट समेत बाहिर पठाएको तथ्यमा प्रतिवादी र पीडित दुवै पक्षबाट स्वीकार गरेको देखिँदा निज प्रतिवादीले सोही ऐनको दफा ४ को उपदफा (२) को (ख) बमोजिम शोषण गर्ने उद्देश्यले नेपाल बाहिरको भूमि प्रयोग गरी विदेश पठाएको प्रमाणबाट पुष्टि भएको अवस्थामा प्रतिवादी अर्जुनप्रसाद शर्मालाई सोही ऐनको दफा ४(२)(ख) बमोजिमको कसुरमा सोही ऐनको दफा १५(१)(च) बमोजिम सजाय गर्नुपर्नेमा सो नगरी सुरू कास्की जिल्ला अदालतबाट प्रतिवादीलाई सोही ऐनको दफा १५(१)(क)(१) बमोजिम कैद वर्ष ११ र जरिवाना रू.६०,०००।- गर्ने गरी गरेको फैसला केही उल्टी भई पुनरावेदक प्रतिवादी अर्जुनप्रसाद शर्मालाई सोही ऐनको दफा १५(१)(च) बमोजिम ५ (पाँच) वर्ष कैद हुने ठहर्छ । क्षतिपूर्तिको हकमा, सोही ऐनको दफा १७(१) बमोजिम रू.५,००,०००।- (पाँच लाख) प्रतिवादी अर्जुनप्रसाद शर्माबाट पीडित पोखरा-७ ले क्षतिपूर्तिबापत भराइपाउने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने उच्च अदालत पोखराको मिति २०७५।०७।११ को फैसला ।

फौजदारी कानूनको सर्वमान्य सिद्धान्तबमोजिम निरपराध व्यक्तिलाई शंकाको भरमा दोषी करार गरिनु हुँदैन, जाहेरवाला, बुझिएका व्यक्ति अञ्जु र रञ्जुको भनाइ काल्पनिक भनाइ हो । यी जाहेरवाला पोखरा-७ की आमा तथा मौकामा बुझिएको कागज गर्ने अञ्जु र रञ्जु जाहेरवालाको देवर जेठाजुका छोरी हुन् भने पीडित यी जाहेरवालाको सहोदर छोरी हुन् । एकाघरभित्रका उनीहरूको यस्तो अनुमानको भरमा शंका व्यक्त गरेको भनाइलाई प्रमाणमा लिनै मिल्दैन । मैले मौकामा र अदालतमा गरेको बयानमा पनि मैले पीडित भनिएकी पोखरा-७ लाई बेच्ने उद्देश्यले नलगेको बरू फ्री भिसामा रोजगारीमा जान सहयोगसम्म गरेको भनेको छु ।

मेरो साथबाट रकम बरामद नभएको र कसैबाट रकम लिए दिएको नदेखिएबाट पनि पैसा कमाउने उद्देश्य नरहेको प्रस्ट हुन्छ । मैले पीडितलाई विदेश लान ललाइफकाइ प्रलोभनमा पारेको छैन, कसैबाट आर्थिक लाभ वा फाइदा लिएको भन्ने पनि छैन, पीडितलाई मैले कसैबाट किनेको वा कसैलाई बेचेको भन्ने छैन । यसरी किनबेच नगरिएको तथ्य मिसिल संलग्न प्रमाण तथा स्वयम् पीडित पोखरा-७ ले सुरू अदालतसमक्ष गरेको बकपत्र तथा वादीको साक्षीहरूको बयानबाट प्रस्ट भइरहेको अवस्थामा अदालतले म प्रतिवादी अर्जुनप्रसाद शर्माकै कारण पीडित भएकी हुन् भन्ने अर्थ लगाई सुरू कास्की जिल्ला अदालतबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १५(१) ङ) (१) बमोजिम कैद ११ वर्ष र जरिवाना रू. ६०,०००।- हुने गरी भएको फैसला बदर गरी पूर्ण रूपमा सफाइ पाउनुपर्नेमा ऐ. ऐनको दफा ४(२) (ख) बमोजिम कसुरमा ऐ. ऐनको दफा १५(१(च) बमोजिम हदैसम्मको ५ वर्ष कैद र रू.५,००,०००।- क्षतिपूर्ति भराउने गरी भएको फैसला मिलेको छैन ।

पीडितले अदालतसमक्ष बयान गर्दा निजलाई कसैले किनेको वा बेचेको भनी भन्न सकेको अवस्था छैन । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफ ४(२)(क) बमोजिम किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेश लैजाने कार्य गरे गराएको तथ्य मिसिल प्रमाणबाट स्थापित हुन सकेको नभई म प्रतिवादीले पीडित पोखरा-७ लाई नेपालबाट भारत पुऱ्याई भारतबाट समेत बाहिर पठाएको तथ्यमा म र पीडित दुवै पक्षबाट स्वीकार गरेको अवस्थामा सोही ऐनको दफा ४ को उपदफा २ को (ख) बमोजिम शोषण गर्ने उद्देश्यले नेपालबाहिरको भूमि प्रयोग गरी विदेश पठाएको प्रमाणबाट पुष्टि भएको भनी ऐनको दफा ४(२)(ख) बमोजिमको कसुरमा सोही ऐनको दफा १५ (१)(च) बमोजिम सजाय गर्नुपर्ने भन्ने उच्च अदालत पोखराको फैसला पनि मिलेको छैन ।

ऐनको दफा ४(२)(ख) को अवस्थासमेत

प्रस्तुत मुद्दाको सन्दर्भमा मिल्दैन । पीडित तथा जाहेरवालाको अदालतको बयानले समेत निज पीडित आफ्नै स्वेच्छाले विदेश गएको भन्ने देखाउँछ । पीडित तथा बुझिएका व्यक्तिहरूसमेतले पनि यो यति मूल्यमा यति रकम आर्थिक लाभ लिएको भन्ने लेखाइदिन नसकेको अवस्थामा मलाई कसुरदार ठहर गरी सजाय गरेको फैसला ऐनको दफा ४(२)(क) तथा ४(२) (ख) समेतको विपरीत छ । वादी दाबीको कुरा स-प्रमाण शंकारहित तवरले पुष्टि गर्ने काम अभियोजन पक्षको हो । अभियोग लगाएर मात्र हुँदैन, त्यसलाई पुष्टि गर्न चाहिने प्रमाणसमेत पेस गर्न सक्नुपर्छ । केवल अभियोग लगाउनु मात्र कसुर स्थापित गर्ने आधार हुन सक्दैन । अभियोग प्रमाणित गर्ने दायित्व पनि वादी पक्षले वहन गर्नुपर्छ । फौजदारी मुद्दामा शंकाको भरमा कसैलाई कसुरदार ठहऱ्याउन नमिल्ने भन्ने ने.का.प.२०६६, अङ्क ४, नि.नं. ८११५ मा स्थापित सिद्धान्तप्रतिकूल उच्च अदालतको फैसला भएको छ । शंकास्पद एवं विरोधाभाषयुक्त बयानलाई प्रमाण मानेर कसैलाई दोषी ठहर गर्न नमिल्ने भन्ने सम्बन्धमा ने.का.प. २०६६, अङ्क ३, नि.नं. ८०९३ मा सिद्धान्त प्रतिपादित छ । प्रस्तुत मुद्दामा पीडितको बकपत्रको बेहोराले मैले कसुर गरेको प्रमाणित नगरेको बयानलाई मेरो समर्थनमा लिनुपर्नेमा मेरो विरूद्धमा प्रमाण लिई सजाय गरेको मिलेको छैन ।

पीडित पोखरा-७ को भनाइलाई हेर्ने हो भने पनि निजले विदेशमा तलब कम भएको बिहानदेखि बेलुकासम्म काम गर्दा दुःख कष्ट भयो भनी आमालाई जानकारी गराएको अवस्था छ । कसैले विदेश जान सहयोग गरेको अवस्थामा विदेशमा गई दुःखका साथ काम गर्ने कार्यले अपराधको रूप धारण गर्न सक्दैन । पीडितलाई जबरजस्ती विदेश लगेको होइन, उनकै प्रस्तावअनुसार मेरो सहयोगमा विदेश गएकी हुन् । काममा दुःख भएको भन्ने बयान पीडितले अदालतसमक्ष उपस्थित भई गरेकी छन् । घरको सरसफाइ गर्ने, कपडामा आइरन लगाउने जस्तो काम गर्दा दुःख भयो भनी भन्नुले निजमाथि कुनै अनैतिक क्रियाकलाप नभएको स्पष्ट छ । ९० रियाल तलब पाउनुपर्नेमा ४० रियाल मात्र पाएको भनी बयानमा खुलाउनुले प्रस्तुत मुद्दा वैदेशिक रोजगारअनुसारको कसुर हुनसक्ने अवस्थाको देखिन्छ । यसरी पीडितकै बयानबाट म निर्दोष देखिइरहेको अवस्थामा मलाई कसुरदार ठहर गर्नु कानूनको बर्खिलाप हो । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को ४ (२) (ख) मा नियतको प्रश्न महत्त्वपूर्ण हुन्छ । ऐनको दफा १७(१) ले गरेको क्षतिपूर्तिको व्यवस्था के कुन आधारमा गरियो, त्योसमेत नखुलेको अवस्था छ । जरिवाना ६०,०००।- भएकोमा त्यसको ५०% मा नघट्ने गरी क्षतिपूर्ति गर्नुपर्ने भन्ने विधायिकी मनसाय रहेकोमा त्योभन्दा धेरै गरी मेरो विरूद्ध फैसला भयो । झुक्याउने, प्रलोभनमा पार्ने, डर, त्रास जस्तो यावत् अन्य कुरा पीडितको बयान तथा अन्य प्रमाणबाट समर्थित भएको छैन । त्यस्तो हुँदाहुँदै पनि दफा १५ (१) (च) बमोजिमको सजाय तथा दफा १७(१) नं.बमोजिमको रू. ५ लाख क्षतिपूर्ति भराउने गरी उच्च अदालत पोखराबाट भएको मिति २०७५।०७।११ को फैसलामा कानूनको गलत व्याख्या, नजिरको पालना नभई त्रुटिपूर्ण हुँदा उल्टी गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक / प्रतिवादी अर्जुनप्रसाद शर्माले यस अदालतमा दायर गरेको पुनरावेदन ।

प्रस्तुत मुद्दामा मिति २०७३।५।१ गते बेलुका काम गरेको होटलबाट मेरी छोरी वर्ष १९ की परिवर्तित नाम पोखरा-७ लाई प्रतिवादी अर्जुनप्रसाद शर्मासमेतले राम्रो जागिर लगाइदिन्छु भनी लोभ प्रलोभन देखाई भारतसम्म पुऱ्याई सम्पर्कविहीन गराई मानव बेचबिखन गरेको हुँदा निजलाई हदैसम्मको सजाय गरिपाउँ भनी पीडितकी आमा परिवर्तित नाम सुनिताको २०७३।६।६ को किटानी जाहेरी, प्रतिवादी अर्जुनप्रसाद शर्माले पीडित पोखरा-७ लाई दिल्ली

लगी ५/६ दिन आफ्नै कोठामा राखी विदेशतर्फ पठाएको कुरा अनुसन्धान तथा अदालतसमक्षको बयानमा स्वीकार गरेका, पीडित पोखरा-७ को पासपोर्ट बनाउनेलगायतका कुनै पनि प्रक्रिया नगरी निजलाई विदेश पठाउने कार्यमा प्रतिवादीको संलग्नता रहेको कुरा मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भइरहेको, प्रतिवादीसँग विदेश पठाउने कार्य गर्न पाउने इजाजत स्वीकृति नरहेको, पीडित पोखरा-७ लाई गैरबाटो प्रयोग गरी विदेश पुऱ्याई घरेलु काममा लगाएको देखिँदा निज प्रतिवादीको मुख्य उद्देश्य बेचबिखन नै भएको पुष्टि भई सुरू कास्की जिल्ला अदालतबाट समेत यी प्रतिवादीलाई ऐ. ऐनको दफा १५(१)(ङ)(१) बमोजिम ११ वर्ष कैद सजाय हुने र रू. ६०,०००।- (अक्षरूपी साठी हजार रूपैयाँ) जरिवाना हुने, सोही ऐनको दफा १७(१) बमोजिम प्रतिवादीबाट पीडितले रू. १,००,०००।- (अक्षरूपी एक लाख रूपैयाँ) क्षतिपूर्ति भराई पाउने ठहरी फैसला भइसकेको अवस्थामा निज प्रतिवादी अर्जुनप्रसाद शर्माले पीडित पोखरा-७ लाई किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेश लैजाने कार्य गरे गराएको तथ्य प्रमाणित हुन सकेको नदेखिएको भन्ने जस्ता कपोलकल्पित आधार लिई सुरू फैसला उल्टी हुने गरी भएको उच्च अदालत पोखराको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

प्रस्तुत मुद्दामा प्रतिवादीले बेच्ने उद्देश्यले भारत, श्रीलङ्का हुँदै ओमान पुऱ्याएको तथ्य निजकै मौकाको बयान, पीडितलगायत निजका बहिनीहरू लगेको बकपत्रसमेतबाट पुष्टि हुन्छ । निज प्रतिवादीले पीडितलाई शोषण गर्ने उद्देश्यले विदेश लगेको मिसिल संलग्न कागजबाट कहीँकतै खुलेको नदेखिँदासमेत निज प्रतिवादीलाई घटी सजाय गर्ने उद्देश्यले मागदाबीभन्दा फरक दफा प्रयोग गरी भएको उक्त फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म बदर गरी यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने बेहोराको पुनरावेदक / वादी नेपाल सरकारले यस अदालतमा पेस गरेको पुनरावेदन ।

यसमा दुवै पक्षको पुनरावेदन परेको देखिँदा प्रत्यर्थी झिकाउने प्रयोजनार्थ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम वादीको पुनरावेदनको जानकारी प्रतिवादीलाई दिई र प्रतिवादीको पुनरावेदन पत्रको प्रतिलिपि र आदेशको प्रतिलिपिसहित पेसीको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७७।०८।१६ को आदेश ।

<u>यस अदालतको ठहर</u>

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी अर्जुनप्रसाद शर्माको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री प्रमोद रेग्मी, श्री सुमनकुमार के.सी. र श्री रोचक रेग्मीले प्रस्तुत मुद्दामा जाहेरवाला, मौकामा बुझिएको कागज गर्ने व्यक्तिसमेत एकाघर परिवारभित्रका भएकोले अनुमानको भरमा व्यक्त गरेको भनाइलाई प्रमाणमा लिन मिल्दैन । प्रतिवादीले मौका र अदालतमा गरेको बयानमा पनि पीडित भनिएकी पोखरा-७ लाई बेच्ने उद्देश्यले विदेश नलगेको बरू फ्री भिसामा रोजगारीमा जान सहयोगसम्म गरेको भनी बयान गरेको अवस्था छ । त्यसैगरी यी प्रतिवादीले पीडित भनिएकी पोखरा-७ लाई विदेशमा लगी बेचेको र सोबापत रकम वा अन्य कुनै प्रकारको फाइदा लिएको भनी वादी पक्षले पुष्टि गर्न सकेको छैन । पीडितले अदालतमा बकपत्र गर्दा आफू विदेशमा काम गर्न गएको र भने जस्तो काम नभई दुःख बढी र तलब कम भएर स्वदेश फर्किएको भनेकाले यो विषय वैदेशिक रोजगारसम्बन्धी रहेको प्रस्ट हुन्छ । पुनरावेदक / प्रतिवादीले पीडितलाई विदेश लगी बिक्री गरेको भन्ने मिसिल संलग्न प्रमाण कागजातहरूबाट पुष्टि हुँदैन । यसरी वैदेशिक रोजगारमा जान सहयोगसम्म गरेको अवस्थालाई मानव बेचबिखन भन्न मिल्दैन । तसर्थ, मानव बेचबिखनको

वारदात नै स्थापित नभएको स्थितिमा प्रतिवादीलाई मानव बेचबिखनको कसुर गरेको ठहर गरी सजाय गरेको सुरू तथा उच्च अदालत पोखराको फैसला नमिलेकोले उल्टी गरी निज प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ दिलाइपाउँ भनी गर्नुभएको बहस सुनियो।

त्यसैगरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री विना दाहालले प्रतिवादीउपर किटानी जाहेरी परेको, प्रतिवादी अर्जुनप्रसाद शर्माले पीडित पोखरा-७ लाई दिल्ली लगी ५/६ दिनसम्म आफ्नै कोठामा राखी विदेशतर्फ पठाएको कुरा अनुसन्धान तथा अदालतसमक्षको बयानमा समेत स्वीकार गरेको, पीडित पोखरा-७ को पासपोर्ट बनाउनेलगायतका कुनै पनि प्रक्रिया पूरा नगरी विनाइजाजत निजलाई विदेश पठाएको कुरा मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भइरहेको र पीडित पोखरा-७ लाई गैह्र बाटो प्रयोग गरी विदेश पुऱ्याई घरेलु काममा लगाएको देखिँदा निज प्रतिवादीको मुख्य उद्देश्य बेचबिखन नै भएको पुष्टि भएको अवस्था हुँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो।

यसमा, प्रतिवादीमध्येका अर्जुनप्रसाद शर्माले कमजोर आर्थिक अवस्थाका कारण होटलमा काम गरी बसेकी यी परिवर्तित पोखरा-७ लाई राम्रो जागिर लगाइदिन्छु भनी लोभ प्रलोभन देखाई अनधिकृत रूपमा भारतको दिल्लीसम्म पुऱ्याई त्यहाँबाट अन्य प्रतिवादीसँगको मिलेमतोमा बिक्री गरेको र पीडित बेखबर रहेको पुष्टि भई निज प्रतिवादी अर्जुनप्रसाद शर्मा र उदय रानाको सो कार्य मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४ को उपदफा १(क) र उपदफा २(क) बमोजिमको कसुर अपराध भएको देखिन आएकोले निज प्रतिवादीउपर ऐ. ऐनको दफा १५ को उपदफा १(क) र १(ङ)१ बमोजिम सजाय हुन र ऐ. ऐनको दफा १७ को (१) बमोजिम निज प्रतिवादीबाटै पीडित पोखरा-७ लाई क्षतिपूर्ति दिलाई भराइपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी रहेको देखिन्छ।

प्रतिवादी अर्जुनप्रसाद शर्माले पीडितलाई बेच्ने उद्देश्यले विदेश भारत, श्रीलङ्का हुँदै ओमान पुऱ्याएको देखिँदा निज प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) बमोजिम कसुर गरेको ठहर्छ। सो ठहर्नाले निजलाई सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम ११ (एघार) वर्ष कैद र रू.६०,०००।- (साठी हजार रूपैयाँ) जरिवाना हुने साथै प्रतिवादी अर्जुनप्रसाद शर्माबाट पीडित पोखरा-७ लाई सोही ऐनको दफा १७(१) बमोजिम रू.१,००,०००।- (एक लाख रूपैयाँ) क्षतिपूर्ति भराइदिनेसमेत ठहर गरी सुरू कास्की जिल्ला अदालतबाट भएको फैसलाउपर वादी नेपाल सरकार र प्रतिवादी अर्जुनप्रसाद शर्माको समेत पुनरावेदन परेकोमा सुरू फैसला केही उल्टी गरी पुनरावेदक / प्रतिवादी अर्जुनप्रसाद शर्मालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) बमोजिमको कसुरमा सोही ऐनको दफा १५(१)(च) बमोजिम ५ (पाँच) वर्ष कैद हुने साथै सोही ऐनको दफा १७(१) बमोजिम रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) प्रतिवादी अर्जुनप्रसाद शर्माबाट पीडित पोखरा-७ ले क्षतिपूर्तिबापत भराइपाउने ठहऱ्याई उच्च अदालत पोखराबाट मिति २०७५।०७।११ मा फैसला भएको देखिन्छ। पुनरावेदन तहको उक्त फैसलाउपर प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको र अभियोग दाबीबाट सफाइ पाउँ भनी प्रतिवादी अर्जुनप्रसाद शर्माको पुनरावेदन परी यस इजलाससमक्ष निर्णयार्थ पेस भएको देखियो।

उपर्युक्तानुसारको बहस जिकिरसमेत सुनी पुनरावेदनपत्रसमेतका मिसिल कागजात अध्ययन

गरी हेर्दा **(क) प्रस्तुत मुद्दामा मानव बेचबिखन तथा ओसारपसारको वारदात पुष्टि हुन सक्ने अवस्था हो होइन ? (ख) उच्च अदालत पोखराबाट मिति २०७५।०७।११ मा भएको फैसला मिले नमिलेको के रहेछ ? (ग) पुनरावेदक वादी नेपाल सरकार र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ?** भन्ने प्रश्नका सम्बन्धमा हेरी निर्णय गर्नुपर्ने देखियो।

२. निरूपण गर्नुपर्ने उल्लिखित प्रश्नहरूका सम्बन्धमा विचार गर्दा, पीडित पोखरा-७ की आमा परिवर्तित नाम सुनिताले मेरी छोरी वर्ष १९ की परिवर्तित नाम पोखरा-७ लाई अर्जुनप्रसाद शर्मासमेतले राम्रो जागिर लगाइदिन्छु भनी लोभ प्रलोभन देखाई भारतसम्म पुऱ्याई छोरी सम्पर्कविहीन गराई मानव बेचबिखन गरेकोले सजाय गरिपाउँ भनी जाहेरी दरखास्त दिएको देखिन्छ । यी पुनरावेदक प्रतिवादीउपर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४ को उपदफा १(क) र उपदफा २(क) बमोजिमको कसुरमा ऐ. ऐनको दफा १५ को उपदफा १(क) र १(ङ)१ बमोजिम सजायको माग दाबी लिई मानव बेचबिखन तथा ओसारपसार मुद्दा चलाएको देखिन्छ। यी पुनरावेदक प्रतिवादी अर्जुनप्रसाद शर्माले आफूले पीडित भनिएको व्यक्तिलाई वैदेशिक रोजगारीमा जान सहयोगसम्म गरेको तर निजलाई बेचबिखन गर्ने कार्य नगरेको भन्ने जिकिर लिई पुनरावेदन गरेको स्थितिमा यी पुनरावेदक प्रतिवादीले पीडितलाई बेचबिखन गरेको वारदात स्थापित हुनसक्ने अवस्था देखिन्छ कि देखिँदैन भनी हेर्नुपर्ने हुन आयो।

३. सर्वप्रथम मानव बेचबिखन तथा ओसारपसारको अर्थ र परिभाषा हेर्नुपर्ने देखियो। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ मा मानव बेचबिखन र ओसारपसार गरेको मानिने भनी सोको उपदफा (१) मा "**कसैले देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिने छ :- (क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, (ग) प्रचलित कानूनबमोजिमबाहेक मानिसको अङ्ग झिक्ने, (घ) वेश्यागमन गर्ने**" भन्ने व्यवस्था रहेको देखिन्छ। ऐनको यो व्यवस्थाअनुसार मानिस बिक्री गर्ने वा किन्ने, वेश्यावृत्तिमा लगाउने, गैरकानूनी ढङ्गले मानव अङ्ग झिक्ने र वेश्यागमन गर्ने कार्य गरेमा मानव बेचबिखन गरेको भनी मान्नुपर्ने देखियो।

४. यसका अतिरिक्त, मानव बेचबिखन तथा ओसारपसारलाई संयुक्त राष्ट्र सङ्घीय आलेखमा **"मानव बेचबिखन तथा ओसारपसार" भन्नाले धम्की वा बल प्रयोग वा अन्य प्रकारको करकाप, अपहरण, धोका, अख्तियारको दुरूपयोग वा नाजुक अवस्थामा रहेको स्थिति वा भुक्तानी वा लाभको लेनदेनको माध्यमबाट यौन शोषणको प्रयोजनको लागि अर्को व्यक्तिउपर नियन्त्रण राख्ने व्यक्तिको सहमति हासिल गर्न व्यक्तिहरूको भर्ती, ओसारपसार, स्थानान्तरण, आश्रय दिने वा प्राप्त गर्ने काम सम्झनुपर्ने; "शोषण" भन्नाले न्यूनतम रूपमा अरूको वेश्यावृत्तिको शोषण वा अन्य स्वरूपका यौन शोषण, जबरजस्ती श्रम वा सेवामा लगाउने काम, दासता वा दासतासरहका अभ्यास, बाँधा बनाउने वा मानव अङ्ग झिक्ने कामसमेतलाई जनाउने तथा शोषणको प्रयोजनका लागि कुनै बालबालिकाको भर्ती, ओसारपसार, स्थानान्तरण, आश्रय दिने वा प्राप्त गर्ने काम माध्यम "मानव बेचबिखन तथा ओसारपसार" मानिने छ"**[28]

28 धारा ३(क), (ख), (ग), बहुराष्ट्रिय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धिअन्तर्गत मानव बेचविखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख, २००० (https://na.parliament.gov.np/uploads/attachments/nyssitl6n1ayeo0o.pdf) ; See also, Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially

भनी परिभाषित गरेको पाइन्छ। त्यसैगरी, वेश्यावृत्तिका लागि महिला र बालबालिका बेचबिखन विरूद्धको सार्क महासन्धिमा मानव बेचबिखन तथा ओसारपसारलाई **"धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी कब्जा गरी जालसाजी गरी छलछाम पदको वा जोखिमी अवस्थाको दुरूपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिने लिने गरी व्यक्तिहरूलाई भर्ती गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, आश्रय दिने वा प्राप्त गर्ने"**[29] भनी परिभाषित गरिएको देखिन्छ।

५. मानव बेचबिखनको परिभाषा हेर्दा मानव बेचबिखन तथा ओसारपसार एक 'बल, जालसाजी वा जबरजस्तीबाट हुने' कार्य रहेको भन्ने देखिन्छ। विद्यमान कानूनी प्रावधानहरूको रोहमा हेर्दा, मानव बेचबिखनको कसुर स्थापित हुनका लागि विशेष तत्त्व, पूर्व सर्त अथवा मापदण्ड पूरा हुनु आवश्यक र महत्त्वपूर्ण देखिन्छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) को देहाय (क) मा **किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने** र (ख) मा **"वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाइ, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धम्की दिई वा करकापमा पारी, कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने"** भन्ने व्यवस्था गरी मानव ओसारपसारको सविस्तार परिभाषा गरिएको देखिन्छ। यसबाट मानव बेचबिखन तथा ओसारपसारको कसुर हुन अभियुक्तले उल्लिखित गैरकानूनी कार्य गरी कुनै न कुनै प्रकारको लाभ प्राप्त गर्नुपर्ने देखिन्छ। यसका अतिरिक्त शोषणको उद्देश्यले जबरजस्ती, छल वा जालसाज, अख्तियारको दुरूपयोगलगायतका अनुचित माध्यमबाट व्यक्तिको

Women and Children, supplementing the United Nations Convention against Transnational Organized Crime (UN General Assembly (Resolution 55/25) on 15 November 2000, entry into force on January 28, 2004); The Protocol defines the term "trafficking in persons" as follows: (a) "Trafficking in persons" shall mean the recruitment, transportation, transfer, harbouring or receipt of persons, by means of the threat or use of force or other forms of coercion, of abduction, of fraud, of deception, of the abuse of power or of a position of vulnerability or of the giving or receiving of payments or benefits to achieve the consent of a person having control over another person, for the purpose of exploitation. Exploitation shall include, at a minimum, the exploitation of the prostitution of others or other forms of sexual exploitation, forced labour or services, slavery or practices similar to slavery, servitude or the removal of organs. https://www.ohchr.org/en/instruments-mechanisms/instruments/protocol-prevent-suppress-and-punish-trafficking-persons (Accessed:12/09/2024)].

29 नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन, २०७९ (https://mowcsc.gov.np/downloadfiles/TIP-Report-for-web-1705914824.pdf); See also SAARC Convention on Preventing and Combating Trafficking in Women and Children for Prostitution 2002 (SAARC Trafficking Convention), "Trafficking" means the moving, selling or buying of women and children for prostitution within and outside a country for monetary or other considerations with or without the consent of the person subjected to trafficking; "Persons subjected to trafficking" means women and children victimised or forced into prostitution by the traffickers by deception, threat, coercion, kidnapping, sale, fraudulent marriage, child marriage, or any other unlawful means;" (https://www.saarc-sec.org/index.php/resources/agreements-conventions/50-saarc-convention-on-preventing-and-combating-trafficking-in-women-and-children-for-prostitution/file Accessed:12/09/2024).

बेचबिखन, तस्करी वा ओसारपसार भए गरेको प्रमाणित भएको अवस्थाको विद्यमानता हुनुसमेत जरूरी देखिन्छ।

६. यसबाहेक मानव बेचबिखन तथा ओसारपसारका सम्बन्धमा यस अदालतबाट भएका फैसलाहरूको समेत विवेचना गर्नुपर्ने देखिन आयो। यस अदालतबाट *"मानव बेचबिखन र मानव ओसारपसार दुई भिन्न कसुरजन्य कार्य भएकोले दुवैको कसुरजन्य अवस्था, कसुरको प्रकृति एवम् परिणामसमेत फरक फरक हुने। यी कसुरहरू प्राय: सँगसँगै हुने भएकोले कुनै वारदातमा दुवै कसुर हुने वा कुनैमा एउटा मात्र पनि हुन सक्ने। एउटाको अभावमा अर्को कसुर नहुने भनी परिपूरक मान्न भने नसकिने"*[30] भनी मानव ओसारपसार र मानव बेचबिखनलाई दुई फरक कसुर कायम गरी मानव ओसारपसार देखिएमा पनि मानव बेचबिखनको कसुर नहुने भन्नेसमेत व्याख्या भएको देखियो। त्यसैगरी *"कुनै महिलाले आफूलाई कसैले बेच्यो भनी जाहेरी दिई सोहीअनुरूप बयान प्रमाणित गराएकै भरमा निजको सो कथनलाई समर्थन गर्ने अन्य प्रमाण नहेरिने हो भने मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ को कानूनी प्रावधानको दुरूपयोग हुन सक्ने भएकाले उक्त प्रावधानलाई एकतर्फीरूपमा पीडित भनी जाहेरी दिने वा बयान प्रमाणित गराउने सन्दर्भमा मात्र नहेरी अपराध घटे नघटेको, आरोपित प्रतिवादीले अपराध गरेको प्रमाण रहे नरहेको, प्रतिवादीले आफ्नो निर्दोषिताको प्रमाण दिन सके नसकेको समग्र विषयवस्तुतर्फ हेरिनुपर्ने"*[31] भन्दै अन्य प्रमाणले समर्थित नभएको जाहेरी र अदालतमा प्रमाणित बयानलाई मात्रै आधार लिई मानव बेचबिखन तथा ओसारपसारमा कसुरदार ठहर गर्न नमिल्ने भन्नेसमेत व्याख्या यस अदालतबाट भएको देखिन आयो। *"विधायिकी कानूनले आफ्नो निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा सारेको कारणले अभियोजन पक्षको उक्त दायित्व सीमित हुने वा समाप्त नहुने। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीमा सारेको भए पनि वादी पक्षले अभियुक्तले गरेको कसुरको गहन अनुसन्धान गर्ने, कुन कानूनको उल्लङ्घन के कसरी भयो, कानूनविपरीत कार्य गरेको के कुन प्रमाणद्वारा पुष्टि गर्न सकिन्छ भनी अनुसन्धान र प्रमाण सङ्कलन गर्नेतर्फ अभियोजन पक्ष आफ्नो दायित्वबाट पन्छिन नमिल्ने"*[32] भनी व्याख्या भई अभियोजकले कसुर लगाएर मात्र पुग्दैन के कुन कार्यबाट के कुन कानून उलङ्घन भएर कसुरदार कायम भएको सोको पुष्टि हुने वस्तुनिष्ठ प्रमाणसमेत पेस गर्नुपर्ने भन्ने देखियो।

७. *"प्रतिवादीहरू Kenneth Joseph Coombs र लुच्चे गणेश भन्ने बुद्ध पुतुवारले मानव बेचबिखन वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले नभई जबरजस्ती करणीको महलअनुसार यौन दुराचार गराउने उद्देश्यले पीडित काठमाडौं २६ सि.आई. बि.१६१ लाई प्रतिवादी Kenneth Joseph Coombs बस्ने होटलमा लगेको अवस्था देखिएकोले यी प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ र ४(२)(ख) को कसुरमा सोही ऐनको दफा १५(१)(ङ)(२) अनुसार सजाय गरिपाउँ भन्ने अभियोग दाबी पुग्न नसक्ने"*[33] भनी यस अदालतबाट व्याख्या भएको देखिएबाट जबरजस्ती करणी / यौन दुराचार गर्ने उद्देश्यले पीडितलाई होटलमा लगेकोलाई मात्र मानव बेचबिखन तथा ओसारपसार कसुर कायम गरी सजाय गर्न नमिल्ने भन्ने देखियो।

30 इमान तामाङ विरूद्ध नेपाल सरकार, ने.का.प २०७९, भाग ६४, अङ्क ७, नि.नं.१०९१२

31 बमबहादुर सार्की विरूद्ध नेपाल सरकार, ने.का.प.२०७९, भाग ६४, अङ्क ६, नि.नं. १०८९२

32 नेपाल सरकार विरूद्ध भीमाकुमारी थारू (चौधरी) समेत, ने.का.प. २०७९, भाग ६४, अङ्क ३, नि.नं. १०८३१

33 Kenneth Joseph Coombs विरूद्ध नेपाल सरकार, ने.का.प. २०७८, भाग ६३, अङ्क ११, नि.नं. १०७७२

८. *"मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले नै दफा १५ (१) (ख) मा वेश्यावृत्तिमा लगाउनेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजारदेखि एक लाखसम्म जरिवानाको व्यवस्था गरेको छ भने वेश्यावृत्तिमा लगाउन ललाइफकाइ गर्ने आफूसँग राख्नेलाई ऐ. ऐनको दफा १५ (१)ङ(छ) अनुसार ७ वर्षदेखि १० वर्षसम्म कैद गर्न सक्ने र वेश्यागमन गर्नेलाई १५ (१)(घ) बमोजिम १-३ महिनासम्म कैद र दुई हजारदेखि पाँच हजारसम्म जरिवानाको व्यवस्था गरेको छ । अन्य देशमा भएको कानूनी व्यवस्थालाई हेर्दा वेश्यावृत्तिको लागि कतै अपराधीकरण (criminalization), या कतै कानूनी मान्यता (legalization), त कतै निरपराधीकरण (decriminalization) को अभ्यास रहेकोमा नेपालको कानूनले वेश्यागमन गर्ने वा वेश्यावृत्तिमा लगाउनेलाई वा वेश्यावृत्तिको लागि ललाइफकाइ प्रपञ्च गर्ने आफूसँग राख्नेलाई फरक कसुर मानी फरक सजाय गर्ने तर वेश्यावृत्तिमा संलग्न महिलाको हकमा निरपराधीकरणको अवधारणालाई मान्यता दिएको देखिन्छ । यसर्थ, प्रतिवादीले पीडितालाई ललाइफकाइ, प्रलोभनमा पारी आफ्नो डेरा कोठामा वेश्यावृत्तिमा लगाउने उद्देश्यले राखेको देखिँदा प्रतिवादीले पुनरावेदिकालाई वेश्यावृत्तिमा लगाउन ललाइफकाइ गर्ने गरेको कार्य ऐ.ऐनको दफा ४(२)(ख) को कसुर हुँदा ऐ. ऐनको दफा १५ (१)(छ) अनुसार सजाय गर्नुपर्ने देखिने"*[34] भनी यस अदालतबाट विवेचना भई नेपालको सन्दर्भमा ललाइफकाइ, प्रलोभनमा पारी आफ्नो डेरा कोठामा वेश्यावृत्तिमा लगाउने उद्देश्यले राखेको कार्यलाई मानव बेचबिखन तथा ओसारपसार मान्नुपर्ने भन्ने देखियो । त्यसैगरी *"मानिसलाई जतिसुकै दुःख पीडा वा गरिबी भए पनि कसैले कसैलाई मृगौला बेच्न उत्प्रेरणा दिने तथा सहयोग गर्ने कार्य निश्चय नै उसको नैतिकता, सामाजिक जवाफदेहिता र कानूनको समेत बर्खिलाप भई त्यस्तो कार्य कानूनी अपराधको रूपमा परिभाषित हुन जान्छ र सो कार्य गरेबापत मानिस दण्डित पनि हुनैपर्ने"*[35] भनी यस अदालतबाट विवेचना भएको देखिँदा मानव अङ्ग बिक्री गर्न प्रोत्साहन गर्ने वा सहयोग गर्ने कार्यलाई मानव बेचबिखन तथा ओसारपसारअन्तर्गतको कसुर कायम गरेको देखियो ।

९. *"मानव बेचबिखन एवं ओसारपसारको मुद्दामा पीडितलाई प्रतिवादीले वास्तवमै बेचबिखन गर्न लगेको हो ? वा विवाह गर्न वा विवाह गरेर श्रीमान् श्रीमती भई लगेको र गएको हो भन्ने तथ्य पहिल्याउन अति गाह्रो हुने । सो तथ्यको निर्क्योलमा पुग्न प्रथमतः अधिक मात्रामा पीडितको भनाइमा नै भर पर्नुपर्ने र सोही आधारमा नै निष्कर्षमा पुग्नुपर्ने"*[36] भनी यस अदालतबाट भएको व्याख्या हेर्दा पनि पीडितलाई वास्तवमै बिक्री गर्न लगेको हो वा विवाह गरेर गएको हो भन्ने पीडितको भनाइबाट निर्क्योल गर्नुपर्ने भन्ने देखियो । मानव ओसारपसारको परिभाषा सम्बन्धमा *"पीडितको प्रमाणित बयान रहेको तथा अन्य मिसिल संलग्न प्रमाणहरूलाई हेर्दा पीडितको परिवार Hostile हुँदैमा मात्र प्रतिवादी निर्दोष हुन् भन्न नसकिने । प्रतिवादीले पीडितलाई एक ठाउँबाट अर्को ठाउँ हुँदै भारतको वनबासासम्म लगी पीडितको नाजुक स्थितिको फाइदा लिई यौन शोषण Sexual exploitation को कार्य गरी गर्भधारणसम्म भएको र निजले जबरजस्ती गर्भपतनसमेत गरेको प्रमाण मिसिलबाट देखिँदा प्रतिवादीको उक्त कार्य ओसारपसारको परिभाषाभित्र नै पर्ने"*[37] भनी यस अदालतबाट व्याख्या भएबाट विदेश

34 विष्णु थापा विरूद्ध नेपाल सरकार, ने.का.प.२०७७, भाग ६२, अङ्क १२, नि.नं. १०६१७

35 नेपाल सरकार विरूद्ध विनोद ढकालसमेत, ने.का.प.२०७६, भाग ६१, अङ्क १२, नि.नं. १०४१२

36 नेपाल सरकार विरूद्ध रामप्रसाद गुरूङ, ने.का.प. २०७६, भाग ६१, अङ्क १२, नि.नं. १०४१०

37 वसन्त रावल विरूद्ध नेपाल सरकार, ने.का.प. २०७६, भाग ६१, अङ्क ५, नि.नं. १०२६६

लगी यौन शोषण गरेकोलाई मानव ओसारपसार भनी परिभाषित गरेको पाइयो । *"सुरूवातदेखि अन्तसम्म एक जना व्यक्ति मात्र संलग्न रही पीडितलाई विदेश लैजाने र बिक्री गर्ने कार्य गरेकोले प्रत्येक चरणबापत छुट्टाछुट्टै कसुर कायम गर्ने अवस्था हुँदैन । कसुरको पूर्णता विदेशमा लगी बिक्री गरेपछि हुने भएको र सो कार्य गर्ने व्यक्ति एउटै भएको अवस्थामा कसुर गर्दाको चरण चरणको आधारमा छुट्टाछुट्टै सजाय गर्ने कार्य तर्क र न्यायसङ्गत नदेखिने"*[38] भनी यस अदालतबाट व्याख्या भएकाले मानव बेचबिखनको कार्य मानिसलाई विदेशमा लगी बिक्री गरेपछि पूरा हुने भन्ने देखियो । मानव बेचबिखन तथा ओसारपसारलाई परिभाषित गर्दै *"गरिबी र बेरोजगारीमा रहेकाले आफैँले आफूलाई बेच्न शोषण गर्न तयार हुँदैमा वेश्यावृत्तिमा लगाउन पाइन्छ भन्ने कदापि होइन र यो कानूनको मनसाय पनि होइन । कानूनले स्पष्टरूपमा कुनै फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने तथा वेश्यागमन गर्नेलाई मानव बेचबिखन तथा ओसारपसारको परिभाषाभित्र राखी कसुर नै मानेको अवस्था देखिने"*[39] भनी यस अदालतबाट व्याख्या भएको देखियो । *"प्रतिवादीले पीडितलाई काठमाडौंबाट नेपालसरहदको काँकडभिट्टासम्म पुऱ्याएको देखिएको र कानूनले पनि बिक्रीसमेतको लागि नेपालसरहदभित्रको एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याएको कार्यलाई कसुर मानेको हुँदा प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (१) को खण्ड (क) र उपदफा (२) को खण्ड (क) को कसुर गरेको देखिने"*[40] भनी यस अदालतबाट व्याख्या भएबाट बिक्री गर्ने उद्देश्यले नेपाल सरहदभित्रको एक स्थानबाट अर्को स्थानमा लगे पनि मानव बेचबिखन तथा ओसारपसारको कसुर हुने देखिएको छ । **यसर्थ, यस अदालतको न्यायिक अभ्यासको रोहमा हेर्दा मानव बेचबिखनको कसुर ठहर हुन मानिसलाई बिक्री गर्ने उद्देश्य हुनैपर्ने, स्वदेशको एक स्थानबाट अर्को स्थान होस् वा विदेश नै लगेको किन नहोस् तर बिक्री गर्ने उद्देश्यले नै लगेको प्रमाणित हुनुपर्ने, त्यसैगरी वेश्यालयमा लगी बिक्री गर्ने वा वेश्यागमन गरेको अर्थात् आर्थिक फाइदा लिनेसमेत उद्देश्यले वेश्यालयमा पुऱ्याएको अवस्थाका साथै मानव अङ्ग जस्तै किड्नी आदि बेच्ने कार्यलाई समेत मानव बेचबिखनको कसुर मान्नुपर्ने देखियो । साथै मानव बेचबिखन र ओसारपसार दुई फरक कसुर भएको र कतिपय अवस्थामा यी दुवै कसुर सँगसँगै आउने भए पनि एकको अनुपस्थितिमा पनि अर्को कसुर नहुने भन्न मिल्ने देखिएन । मानव ओसारपसार भएको देखिएको अवस्थामा पनि मानिसलाई बिक्री गर्ने उद्देश्यले नै विदेश लगेको प्रमाणित नभएसम्म मानव बेचबिखनको कसुर भएको मान्न नमिल्ने देखियो ।**

१०. मानव बेचबिखन तथा ओसारपसारका सम्बन्धमा भएका असल अन्तर्राष्ट्रिय अभ्यासतर्फ मध्यनजर गर्दा मानव बेचबिखन "बल, जालसाज, वा जबरजस्ती"[41] को प्रयोगबाट हुने, "धम्की, बल प्रयोग, जबरजस्ती, अपहरण, जालसाज, धोका, शक्तिको दुरूपयोग, वा प्रलोभन"[42] द्वारा गरिने कार्य, तथा

38 राजकुमार सोनार विरूद्ध नेपाल सरकार, ने.का.प. २०७६, भाग ६१, अङ्क २, नि.नं. १०१९३

39 करवीर शाही विरूद्ध नेपाल सरकार, ने.का.प.२०७५, भाग ६०, अङ्क २, नि.नं. ९९५८

40 लाक्पा तामाङ विरूद्ध नेपाल सरकार, ने.का.प. २०७२, भाग ५७, अङ्क ११, नि.नं. ९४९६

41 Trafficking Victims Protection Act (2000) 22 USC § 7102(11) "sex trafficking induced by force, fraud, or coercion, or in which the person induced to perform such act has not attained 18 years of age. or forced labor through the use of force, fraud, or coercion for the purpose of subjection to involuntary servitude, peonage, debt bondage, or slavery".

42 Section 370(1), Indian Penal Code (1860): "Whoever, for the purpose of exploitation, (a) recruits, (b) transports, (c) harbours, (d) transfers, or (e) receives, a person or persons, by: first.—using threats, or secondly.—using force, or any other form of coercion,

"धम्की वा बलको प्रयोग वा जबरजस्ती, अपहरण, जालसाजी, छल, शक्तिको दुरूपयोग वा कमजोर स्थिति वा सहमति प्राप्त गर्न भुक्तानी वा लाभहरू दिने वा प्राप्त गर्ने माध्यमबाट"[43] हुने भनी परिभाषित गरिएको पाइन्छ । संयुक्त राष्ट्र सङ्घ मानव अधिकारसम्बन्धी उच्च आयुक्तको कार्यालयले समेत मानव बेचबिखन र आप्रवासी तस्करी (*migrant smuggling*) फरक विषय रहेको तथा बेचबिखनका लागि "सहमति" (*consent*) दिन सम्भव छैन[44] भनी यस विषयमा थप प्रकाश पारेको पाइन्छ । यी सम्पूर्ण व्यवस्थाहरूलाई मध्यनजर गर्दा, मानव बेचबिखनमा पीडितको सहमति अथवा मन्जुरी कदापि विद्यमान रहन सक्दैन भन्ने कानूनी मान्यताको विकास भएको देखिन्छ ।

११. मानव बेचबिखन तथा ओसारपसारका सम्बन्धमा हाम्रो कानूनी प्रबन्ध र हाम्रो आफ्नै न्यायिक अभ्यासका साथै अन्तर्राष्ट्रिय दस्ताबेजहरूमा मानव बेचबिखन तथा ओसारपसारका सम्बन्धमा गरिएका उल्लिखित परिभाषाको रोहबाट यी पुनरावेदक प्रतिवादीबाट मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्य भएको वा नभएको के रहेछ भन्ने हेरी निरूपण गर्नुपर्ने देखिन आयो ।

१२. प्रस्तुत मुद्दामा पीडित पोखरा-७ ले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादी अर्जुनप्रसाद शर्माले विदेशमा काम गर्न जाने हो भने राम्रो कमाइ हुन्छ भनेको हुँदा लोभिई विदेश जान मन्जुर भएकी हुँ । प्रतिवादी अर्जुनसँग भारतको नयाँ दिल्ली गई दश बाह्र दिन दिल्लीमा नै बसेर भिषा लागेपछि श्रीलङ्का पुगेकोमा ५ महिनाजति त्यहीँ बसेपछि त्यहाँबाट ओमान पुगेकी हुँ त्यहाँ पनि राम्रो काम नभई दुःख पाई नेपाल फर्किएकी हुँ । म पोखरा होटलमा काम गर्दा विदेश जाने कुरा मेरो परिवारलाई थाहा नभई **परिवारको सम्पर्कमा नरहेपछि ममीले प्रहरीमा जाहेरी दिएको हो । कसले बेचबिखन गरेका हुन् भन्ने मलाई थाहा भएन** भनी उल्लेख गरेको देखिन्छ । पीडितले यी पुनरावेदक प्रतिवादीले आफूलाई बेचेको हो भनी बकपत्र गर्न सकेको देखिएन । पीडित पोखरा-७ लाई दिल्लीबाट श्रीलङ्का हुँदै ओमान देशमा पुऱ्याई घरको भुइँ पुछ्ने, लुगा धुने, कपडामा आइरन लगाउने जस्ता काम लगाइएकोमा सो काम गर्न गाह्रो भएर नेपाल फर्काइएको हो भनी जाहेरवालाले अदालतमा बकपत्र गरिदिएको देखिन्छ । जाहेरवालाको बकपत्रबाट पीडितलाई प्रतिवादीले बेचबिखन गरी रकम प्राप्त गरेको भनी स-प्रमाण भन्न नसकेको बरू पीडित ओमान देशबाट काम गर्न गाह्रो भएर नेपाल फर्किएको भन्ने देखिन आयो । पीडितले आफूले घर परिवारमा विदेश जाने कुरा जानकारी नगराएको र केही समय परिवारसँग सम्पर्कमा नरहँदा खोजीका लागि आमाले प्रहरीमा जाहेरी दिएको हो भनी बकपत्र गरेबाट पीडित बेचबिखनमा परेको भन्ने अवस्था देखिँदैन ।

१३. प्रतिवादी अर्जुनप्रसाद शर्माले अनुसन्धानको क्रममा गरेको बयानमा पीडितले विदेश जाने फ्री भिषा र टिकट मिलाइदिए विदेश जान्थेँ भनेको हुँदा मेरा चिनजानका सबिता पाठक र सरोज के.सी. को योजनामा राम्रो काममा लगाइदिन्छु भनी पोखरा-७ लाई नयाँ दिल्लीको बाटो हुँदै कुवेत पठाएको हुँ भनी उल्लेख गरेको देखिन्छ । त्यस्तै निज

or thirdly.—by abduction, or fourthly.—by practising fraud, or deception, or fifthly.—by abuse of power, or sixthly.— by inducement, including the giving or receiving of payments or benefits, in order to achieve the consent of any person having control over the person recruited, transported, harboured, transferred or received, commits the offence of trafficking".

43 Id at १, Trafficking in Persons Protocol (The Trafficking in Persons Protocol adopted by the UN General Assembly (Resolution 55/25) on 15 November 2000, entry into force January 28, 2004).

44 United Nations Office of the High Commissioner for Human Rights, Human Rights and Human Trafficking Fact Sheet No. 36 (2014) at Pg 3. (https://www.ohchr.org/sites/default/files/Documents/Publications/FS36_en.pdf).

प्रतिवादीले अदालतमा परिवर्तित पोखरा-७ कुवेत जाने प्रक्रिया मिलाउन भिषासमेतको लागि सात दिन दिल्लीमा बसी डकुमेन्ट प्राप्त भइसकेपछि उनी दिल्लीबाट *Air India* को *Flight* मार्फत कुवेत गएकी हुन्। निजलाई कुवेत उडाउन समिर र मसमेत एयरपोर्ट गएका थियौं। समिरसँग अरू २ जना बहिनीहरू पनि सँगै थिए। मैले निजलाई बेचबिखन गरेको होइन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। प्रतिवादीको बयानबाट पनि पीडितलाई विदेशमा काम गर्न जान सहजीकरणसम्म गरेको भन्ने देखिन्छ। पुनरावेदक / प्रतिवादीको पीडितलाई विदेश पठाउन सहजीकरण गरेको भन्ने बयान बेहोरा पीडितको बकपत्रले समेत पुष्टि गरिरहेको देखिन्छ।

१४. यसप्रकार, यस वारदातका पीडितले अदालतमा बकपत्र गर्दा आफू ओमानमा काम गर्न गाह्रो भएर स्वदेश फर्किएको भन्ने बेहोरा उल्लेख गरेको देखिएबाट निज पीडितले पूर्ण जानकारी र सहमतिमा आफ्नो स्वेच्छाले (*free will*) कामको लागि विदेश गएको भन्ने देखिन आउँछ। मानव बेचबिखन जस्तो जघन्य अपराधमा यसका विशेष तत्त्व वा पूर्वसर्तहरूको अनुपस्थितिमा पीडित बेचबिखनमा परेको भनी निष्कर्षमा पुग्न कठिन हुने भन्नेमा यो इजलासको स्पष्ट दृष्टिकोण रहेको छ। यस परिदृश्यमा, पीडितले आफ्नो स्वेच्छाले जानी बुझी विदेश गएको कुरा निज स्वयम्ले अदालतमा बकपत्रमा स्वीकार गरेको अवस्थामा मानव बेचबिखनको प्राथमिक सर्त नै पूरा भएको देखिँदैन भने आफ्नो बेचबिखनका लागि पीडितले "सहमति" दिन सम्भव नहुने अवस्थामा आफ्नो स्वेच्छा र सहमतिले वैदेशिक रोजगारमा गएकी पीडितले आफू बेचिएको भनी स्पष्ट रूपमा बताउनसमेत नसकेको अवस्थामा निज पीडित बेचबिखनमा परेकी रहिछन् भनी अनुमान गर्न मिल्नेसमेत देखिएन। यसबाट प्रस्तुत वारदात 'मानव बेचबिखन तथा ओसारपसार' को भएको भनी मान्न मिल्ने अवस्था देखिन आएन।

१५. यसरी प्रतिवादीउपर जाहेरवालाले मानव बेचबिखन तथा ओसारपसारको कसुरमा जाहेरी दिए पनि अदालतमा बकपत्र गर्दा पीडित ओमानमा काम गर्न गाह्रो भएर स्वदेश फर्किएको भन्ने बेहोरा उल्लेख गरेको, पीडितले आफू विदेश जाने कुरा आमालाई जानकारी नगराएकोले खोज तलासका लागि प्रहरीमा जाहेरी दिएको र ओमानमा काम गर्न गाह्रो भएर साथै तलब कम भएर नेपाल फर्किएको भनी बकपत्र गरेबाट यी पुनरावेदक / प्रतिवादीले पीडितलाई विदेश काम गर्न जान सहजीकरण गरेको वा सहयोगसम्म गरेको तर बेचबिखन नगरेको भनी अदालतमा गरेको बयान बेहोरा पुष्टि भएको देखियो। निज प्रतिवादीले मानव बेचबिखन गर्ने कार्य गरेको अर्थात् पीडितलाई बेचबिखन गरेको वा वेश्यावृत्तिमा लगाएको वा निजको शरीरको कुनै अङ्ग झिकेको वा अन्य कुनै फाइदा लिएको जस्ता कार्य गरेको भनी पुष्टि हुन सकेको नदेखिएकोले प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (१) को देहाय (क) र उपदफा (२) को देहाय (क) बमोजिमको कसुर गरेको भनी मान्न नमिल्ने हुँदा मानव बेचबिखन तथा ओसारपसारको वारदात नै पुष्टि हुन सक्ने देखिएन।

१६. प्रस्तुत मुद्दा वैदेशिक रोजगारसम्बन्धीको कसुरसम्म हुनसक्ने अवस्था रहेकोमा मानव बेचबिखनको कसुरमा अभियोजन गरी प्रतिवादीलाई सजाय ठहर गरेको नमिलेको भनी पुनरावेदकतर्फका विद्वान् अधिवक्ताहरूले गर्नुभएको जिकिरका सन्दर्भमा वैदेशिक रोजगारसम्बन्धी कानूनी व्यवस्थाको समेत अध्ययन गरी निष्कर्षमा पुग्नु उपयुक्त हुने देखियो। वैदेशिक रोजगार ऐन, २०६४ को प्रस्तावना हेर्दा वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्दै सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक, हित र संरक्षणको लागि ऐन बनेको देखिन्छ। उक्त ऐनको परिच्छेद ९ मा कसुर

र दण्ड सजायको व्यवस्था रहेकोमा सो ऐनको दफा ४३ ले **कसैले दफा १० विपरीत इजाजत-पत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुठ्ठा आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगार लगाइदिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा...** वैदेशिक रोजगारसम्बन्धी कसुर गरेको मानी दण्ड सजायको समेत व्यवस्था गरेको देखिन्छ। वैदेशिक रोजगारसम्बन्धी ऐनको यो प्रबन्धको रोहबाट विचार गर्दा प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले पीडितलाई विदेश जान सहयोग गरेको र पीडित विदेश पुगी काम गाह्रो खालको रहेको र तलब पनि कम भएको कारण स्वदेश फिर्ता आएको भन्ने देखिएको स्थितिमा वैदेशिक रोजगारसम्बन्धी कसुरसम्म हुनसक्नेमा त्यसतर्फ विचारै नगरी मानव बेचबिखनको कसुर कायम गरेकोलाई मनासिब मान्न मिलेन। यस सन्दर्भमा *"पुनरावेदकको वैदेशिक रोजगारतर्फको सम्बन्धलाई कुनै विचार नै नगरी गरिएको प्रस्तुत मुद्दाको अनुसन्धान र अभियोजनले मुद्दाका पक्षले पाउनुपर्ने वास्तविक न्यायलाई पूर्णत: नजर अन्दाज गरेको देखिन्छ। अनुसन्धान र अभियोजन पक्षले जिम्मेवारी पूरा नगरी पेस गरेको सतही अनुसन्धान, अभियोजन तथा खण्डित र टुक्रिएका प्रमाणको कडीमा कसुर कायम गरी गरिएको सजाय न्यायको रोहमा उपयुक्त देखिन आएन"*[45] भनी यस अदालतबाट व्याख्या भएको देखिँदा वैदेशिक रोजगारसम्बन्धी विषयमा मानव बेचबिखन तथा ओसारपसारको कसुर कायम गर्न मिल्ने देखिएन।

१७. उच्च अदालत पोखराबाट भएको फैसला मिलेको वा नमिलेको के रहेछ भन्ने सम्बन्धमा हेर्दा, सुरू फैसला उल्टी गरी यी प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा २ को (ख) बमोजिम शोषण गर्ने उद्देश्यले नेपालबाहिरको भूमि प्रयोग गरी विदेश पठाएको प्रमाणबाट पुष्टि भएको भनी ऐनको दफा ४(२)(ख) बमोजिमको कसुरमा सोही ऐनको दफा १५ (१)(च) बमोजिम यी पुनरावेदक प्रतिवादीलाई सजाय ठहर गरेको देखिन्छ। प्रस्तुत मुद्दामा मानव बेचबिखन तथा ओसारपसारको वारदात नै पुष्टि नभएको साथै मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी उल्लिखित कानूनी व्यवस्थाको बर्खिलापको कार्य यी पुनरावेदक प्रतिवादीबाट भएको भन्ने कुरा वादी पक्षले स-प्रमाण पुष्टि गर्न सकेको देखिँदैन। पीडित आफ्नै स्वेच्छाले विदेश गएकोमा काम गर्न गाह्रो भएको र पारिश्रमिक कम भएर फर्किएको अवस्था रहेको साथै पीडितलाई विदेश रोजगार गर्न जान यी प्रतिवादीले सहयोगसम्म गरेको तर सोबापत कुनै रकम वा अन्य फाइदा केही पनि नलिएको भनी माथि चर्चा गरिसकिएको छ। यसरी विदेश जान पीडितलाई सहयोगसम्म गरेको कार्य वैदेशिक रोजगारसम्बन्धी विषय भएको र यसलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) बमोजिमको कसुर कायम गर्न नमिल्ने हुँदा प्रतिवादीलाई मानव बेचबिखनमा कसुरदार कायम गरी सजाय ठहर गरेको उच्च अदालत पोखराको फैसला कानूनसङ्गत देखिन आएन।

१८. अब, वादी पक्ष नेपाल सरकारको अभियोग दाबीबमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, यी पुनरावेदक प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४ को उपदफा १(क) र उपदफा २(क) बमोजिमको कसुर अपराध गरेकोले सजाय गरिपाउँ भन्ने अभियोग पत्रमा उल्लेख भएको छ। उक्त ऐनको दफा ४ को उपदफा (१) को देहाय (क) मा **कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने** र ऐ.को उपदफा २ को देहाय (क) मा **किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा**

45 चित्रबहादुर बराइली विरूद्ध नेपाल सरकार, ने.का.प. २०७८, भाग ६३, अङ्क १०, नि.नं. १०७६५

लैजाने भन्ने कसुरको व्यवस्था रहेको देखिन्छ। माथि विवेचना भएअनुसार प्रतिवादीले पीडितलाई विदेशमा काम गर्न जान सहयोग एवम् सहजीकरण गरेको, सो कार्यबापत यी पुनरावेदक प्रतिवादीले पीडितबाट कुनै रकम लिएको भनी जाहेरवाला र पीडितले जिकिर लिई स-प्रमाण पुष्टि गर्न नसकेको, मिसिल सामेल प्रमाण कागजातबाट पनि पीडितलाई विदेश काममा पठाउँदा कुनै फाइदा यी प्रतिवादीले लिएको भन्ने पनि नदेखिएको साथै स्वयं पीडितले अदालतमा बकपत्र गर्दासमेत आफू विदेशमा बेचिएको र यिनै प्रतिवादीले बिक्री गरेको हो भनी लेखाइदिन सकेको पनि नदेखिएको स्थितिमा ठोस आधार, प्रमाणविना यी पुनरावेदक प्रतिवादीले पीडितलाई बिक्री गर्ने उद्देश्यले नै विदेश लगेको भनी मान्न सकिने देखिएन। यस सन्दर्भमा *"आरोप लगाइएका व्यक्तिउपर अभियोग मागदाबी लिई अभियोजन गर्नुअगाडि अभियोजकले मिसिल संलग्न प्रमाणहरूको मिहिन रूपमा विश्लेषण गर्नुपर्ने हुन्छ। जाहेरी पर्नु र सोउपर अनुसन्धान हुनु मात्र अभियोजनको आधार हुन सक्दैन। मिसिल संलग्न प्रमाणबाट प्रतिवादीउपरको अभियोग समर्थित गराउनु फौजदारी न्यायको सन्दर्भमा अभियोजकको अनिवार्य दायित्व हो। शंकाको भरमा प्रमाणको रोहमा समर्थित हुन नसकेको अभियोगबाट अभियोग स्थापित हुन सक्दैन। यस्तो अवस्थामा स्वाभाविक रूपमा त्यसको फाइदा अभियुक्तलाई पुग्ने"*[46] भनी यस अदालतबाट व्याख्यासमेत भइसकेको स्थितिमा विनाप्रमाण शंका र अनुमानको भरमा यी पुनरावेदक / प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्ने देखिएन।

१९. पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट बहस गर्नुहुने विद्वान् उपन्यायाधिवक्ताले प्रतिवादीले पीडितलाई विदेश पठाइसकेकोले अभियोग दाबीबमोजिमको कसुर ठहर हुनुपर्छ भनी लिनुभएको जिकिरतर्फ नियाल्दा यी पुनरावेदक प्रतिवादीको सहजीकरणमा पीडित विदेश काम गर्न गएको र काम गाह्रो परी तलब कम भएर स्वदेश फिर्ता भएको तथ्यमा पीडित र प्रतिवादीको बेहोरा समान भई मुख मिलेकै देखिन्छ। दुवैले कामका लागि विदेश गएको र फिर्ता भएको कुरा स्वीकार गरेको देखिन्छ। पीडितले अदालतमा बकपत्र गर्दा प्रतिवादीले विदेशमा बिक्री गर्न लगेको भनी लेखाउन सकेको नदेखिँदा रोजगारीका लागि विदेशमा गएको र काम गर्न गाह्रो भएको भनी स्वदेश फर्किएको अवस्थालाई मानव बेचबिखनको कसुर गरेको भन्न मिल्ने देखिँदैन। यस सम्बन्धमा यस अदालतबाट *"कुनै व्यक्तिलाई भारततर्फ लगियो वा लगिँदै छ भन्ने कुराको आधारमा मात्र मानिसलाई बेच्नका लागि लगेको भनी निष्कर्ष निकाल्नु बिलकुल अनुचित, अतार्किक र अन्यायपूर्ण निष्कर्ष हुन जाने। मानव बेचबिखनको उद्देश्यले नै भारतमा लगेको वा लैजाने प्रयास गरेको तथ्य शंकारहित तवरबाट प्रमाणित हुनुपर्ने। केवल भारततर्फ जान लागेको कुरालाई मात्र हेरेर शंका वा अनुमान गरी मानव बेचबिखनको कसुर ठहर गर्नु कानूनसङ्गत नहुने"*[47] भनी व्याख्या भई मानव बेचबिखनको कसुर कायम हुन विदेश लगेको भन्ने आधारमा मात्र नभई बिक्री गर्ने उद्देश्यले नै विदेश लगेको भन्ने प्रमाणित हुनुपर्ने भन्ने देखियो।

२०. त्यसैगरी यी प्रतिवादीउपर किटानी जाहेरी परी जाहेरी बेहोरा खम्बिर हुने गरी बकपत्रसमेत गरिदिएकोले प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, जाहेरवाला (पीडितको आमा)ले यी प्रतिवादीउपर छोरीलाई निज काम गर्ने होटलबाट लगी भारतसम्म पुऱ्याई छोरीलाई सम्पर्कविहीन गराई मानव बेचबिखन गरेको भनी किटानी जाहेरी दिई बकपत्र गरिदिएको देखिए

46 Id, ने.का.प. २०७८, भाग ६३, अङ्क १०, नि.नं. १०७६५

47 कल्पना भण्डारीसमेत विरूद्ध नेपाल सरकार, ने.का.प.२०७८, भाग ६३, अङ्क ७, नि.नं. १०७०२

तापनि पीडितले अदालतमा बकपत्र गर्दा आफू यी प्रतिवादीबाट बेचिएको हो भन्न सकेको देखिँदैन। अन्य प्रमाणबाट समर्थित नभएको किटानी जाहेरी आँफैमा प्रमाण हुन पनि सक्दैन। मानव बेचबिखनको वारदात पुष्टि हुन नसकेको भनी माथि चर्चा भइसकेको छ। यसरी पीडित स्वेच्छाले यी पुनरावेदक प्रतिवादीको सहयोगमा काम गर्न वा वैदेशिक रोजगारीका लागि विदेश गएको र फर्किएकोसम्म देखिँदा यी कार्य वैदेशिक रोजगारसम्बन्धी कार्य भएको तर वादीको अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा १(क) र उपदफा २(क) को कसुर अपराधअन्तर्गत पर्ने होइन भन्ने पुनरावेदक प्रतिवादीतर्फका विद्वान्हरूको बहस जिकिरलाई अन्यथा मान्न मिल्ने देखिँदैन। यसरी यी पुनरावेदक प्रतिवादीउपरको अभियोग दाबीबमोजिमको मानव बेचबिखनको कसुर वारदात नै पुष्टि हुन नआएको स्थितिमा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन। यसबाट सुरू फैसला केही उल्टी गरी प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसारको कसुरमा सजाय ठहर गरेको उच्च अदालत पोखराको फैसला मिलेको नदेखिएकाले यथावत् कायम रहिरहन सक्ने देखिएन।

२१. तसर्थ, माथि विवेचित आधार, कारण, कानूनी व्यवस्था तथा न्यायिक सिद्धान्तसमेतबाट प्रतिवादी अर्जुनप्रसाद शर्माले अभियोग दाबीबमोजिम पीडित पोखरा-७ लाई विदेश लगी बेचबिखन गरेको भन्ने वारदात नै पुष्टि हुन सकेको नदेखिएकाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) बमोजिमको कसुरमा सोही ऐनको दफा १५(१)(च) बमोजिम प्रतिवादी अर्जुनप्रसाद शर्मालाई ५ (पाँच) वर्ष कैद र सोही ऐनको दफा १७(१) बमोजिम रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) निज प्रतिवादीबाट पीडित पोखरा-७ ले क्षतिपूर्तिबापत भराइपाउने ठहर गरी भएको उच्च अदालत पोखराको मिति २०७५।०७।११ को फैसला मिलेको नदेखिँदा उल्टी हुने भई पुनरावेदक / प्रतिवादी अर्जुनप्रसाद शर्माले अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ पाउने ठहर्छ। प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसिलबमोजिम गर्नू।

<u>तपसिल</u>

माथि ठहर खण्डमा लेखिएबमोजिम उच्च अदालत पोखराको फैसला उल्टी भई पुनरावेदक / प्रतिवादी अर्जुनप्रसाद शर्माले अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ पाउने ठहरी फैसला भएकोले प्रस्तुत मुद्दाको रोहबाट निजको नाममा कायम रहेको ५ (पाँच) वर्ष कैद र रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) क्षतिपूर्ति रकमको लगत अब कायम राख्नु नपर्ने हुँदा सो लगत कट्टा गरिदिनु भनी कास्की जिल्ला अदालतमा लेखी पठाइदिनू.....१

सरोकारवालाले फैसलाको नक्कल मागेमा कानूनबमोजिमको दस्तुर लिई नक्कल दिनू.....२

प्रस्तुत फैसलाको प्रतिलिपिसहित फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू.....३

प्रस्तुत फैसला यस अदालतको विद्युतीय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्टि गर्नू.....४

मुद्दाको पुनरावेदन दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू.....५

उक्त रायमा सहमत छु।
न्या.टेकप्रसाद ढुङ्गाना

इजलास अधिकृत: टीकाबहादुर थापा (उपसचिव) / अनिष्मा ढकाल (शा.अ)
इति संवत् २०८० चैत्र १४ गते रोज ४ शुभम्।

निर्णय नं. ११३७०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी
आदेश मिति : २०८०।१०।१४
०८०-WO-०५४८

विषय:- उत्प्रेषणयुक्त परमादेश

रिट निवेदक : भारत स्थित 1st Floor, Tower-1, Okaya Centre B-5, Sector-62, Noida Uttar Pradesh-201301 मा कार्यालय रहेको TATA Projects को अख्तियारप्राप्त प्रतिनिधि श्री निरन्जन बेहोरा

विरूद्ध

प्रत्यर्थी / विपक्षी : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १ दरबारमार्ग स्थित याक एण्ड यति कम्प्लेक्समा अवस्थित मिलेनियम च्यालेन्ज अकाउन्ट नेपाल (Millennium Challenge Account Nepal) समेत

- **द्विपक्षीय सन्धि सम्झौताको मस्यौदा र कार्यान्वयन गरी दुई चरणमा पारस्परिकताको सुनिश्चितता गरिनुपर्ने । अन्यथा, असमान सन्धि सम्बद्ध दायित्व र एकपक्षीय कार्यान्वयनको अवस्था सिर्जना हुन गएमा सन्धि सम्झौताको वैधतामा नै प्रश्न उठ्ने । सन्धि सम्बद्ध दायित्वहरू अर्को पक्ष राष्ट्रमा समान रूपमा कार्यान्वयन हुन्छन् या हुँदैनन् भन्ने विषयमा ध्यान दिनुपर्ने । सामान्यतया सन्धि सम्झौताका प्रावधानको औचित्यका सम्बन्धमा यस अदालतमा सवाल उठाउन नसकिने भए तापनि द्विपक्षीय तथा त्रिपक्षीय सन्धि सम्झौता, सन्धि सम्झौताको कार्यान्वयन र अर्को पक्ष राष्ट्रले उक्त सन्धि सम्झौतालाई प्रदान गरेको कानूनी दर्जामा पारस्परिकता (reciprocity) रहेनछ भने अदालतले त्यस्तो सन्धि सम्झौतालाई नेपाल सन्धि ऐन, २०४७ बमोजिमको उपल्लो दर्जाको हैसियत (status of supra-legality) प्रदान नगर्न पनि सकिने ।**

(प्रकरण नं.७)

- **नेपाल पक्ष राष्ट्र भई कुनै अर्को राष्ट्र वा त्यसका निकाय वा अन्तरसरकारी सङ्गठनसँग गरेका द्विपक्षीय सन्धिहरू सामान्यतया नेपाल कानूनसरह मात्र लागु हुने । करारीय प्रकृतिका सम्झौतासँग सम्बद्ध हक वा दायित्वको प्रचलनमा कुनै प्रश्न उठेमा अदालतले सो प्रश्न निरूपणको विषयमा समान हैसियत भएको वा नभएको सम्बन्धी सार्वभौमिक समानता र पारस्परिकताको सिद्धान्तको कसीमा राखेर विचार गर्नुपर्ने ।**

(प्रकरण नं.१०)

- **द्विपक्षीय तथा त्रिपक्षीय सन्धिका हकमा भने संविधानका विभिन्न प्रावधानहरूमा सार्वभौमिक समानता, पारस्परिकता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र मुलुकलाई पर्ने असरलगायतका सर्तहरूको अवलम्बन गर्नुपर्ने । तुलनात्मक क्षेत्राधिकारमा समेत मानव अधिकार सन्धि र द्विपक्षीय तथा त्रिपक्षीय सन्धिहरूको पृथक् हैसियत (bifurcation) कायम गरी संवैधानिक विधिशास्त्र निर्माण गरिएको देखिने । नेपालको संविधान, नेपाल**

सन्धि ऐन, २०४७, यस अदालतबाट समयसमयमा प्रतिपादन भएका नजिर तथा तुलनात्मक क्षेत्राधिकारमा भएको विधिशास्त्रीय विकासलाई मध्यनजर गर्दा बहुपक्षीय मानवअधिकार सन्धिले अधिकानूनको हैसियत (**status of supra-legality**) प्राप्त गर्ने भए तापनि द्विपक्षीय सन्धि सम्झौतामा यदि समानता र पारस्परिकताको अभाव भएमा त्यस्ता सन्धि सम्झौताहरूले प्रचलित कानूनको तुलनामा माथिल्लो हैसियत प्राप्त गर्न नसक्ने।

(प्रकरण नं.१४)

- द्विपक्षीय वा त्रिपक्षीय आर्थिक, व्यापारिक वा करारीय प्रकृतिका सन्धि सम्झौताअन्तर्गत कसैको हक वा दायित्वको प्रचलनको सम्बन्धमा न्याय निरूपण गर्दा न्यायिक निकायले जुन सन्धि वा सम्झौतासँग सम्बन्धित प्रश्न रहेको हो सो सन्धि वा सम्झौताले नेपालबाहेकका अन्य पक्षहरूको के कस्तो प्रकारको दायित्व निर्धारण गरेको छ भन्ने तथ्यको समेत विश्लेषण गर्नुपर्ने। नेपालसँग सन्धि वा सम्झौता गर्ने राष्ट्रमा उक्त सन्धि वा सम्झौताबमोजिमको हक वा दायित्वको न्यायिक प्रचलन हुने समानान्तर अवस्था विद्यमान भएमा मात्र सन्धि वा सम्झौताबमोजिमको हक वा दायित्वको प्रचलनको प्रश्न न्यायिक निरूपणयोग्य प्रश्नको रूपमा स्थापित हुने। त्यस्ता सन्धि सम्झौताबाट सिर्जित हक वा दायित्वको कार्यान्वयनको क्रममा कुनै प्रश्न सम्बद्ध विवाद यस अदालतमा प्रवेश गरेमा उक्त सन्धि सम्झौताका अन्य पक्षराष्ट्रमा सम्बन्धित सन्धि सम्झौताले समान किसिमको हैसियत (**reciprocal status**) राख्छ कि राख्दैन भनेरसमेत हेर्नुपर्ने।
- दुई वा दुईभन्दा बढी सार्वभौम राष्ट्रले आफ्नो सार्वभौमिकताको प्रयोग गरेर हस्ताक्षर गरिने यस्ता सन्धि सम्झौता सम्बद्ध सबै राष्ट्रमा उस्तै रूपमा कार्यान्वयनयोग्य छन् छैनन् भनेर हेर्नु आवश्यक देखिने। नेपाल पक्ष भएको सन्धि सम्झौताबाट सिर्जित हक वा दायित्व अर्को पक्षको अदालतबाट समान रूपले प्रचलन गराउने अवस्था छ वा छैन भनेरसमेत हेर्नुपर्ने। यदि त्यस्तो अवस्था नरहेको देखिएमा नेपालको अदालतले मात्र एकपक्षीय रूपमा नेपाल कानूनभन्दा माथिल्लो दर्जामा राखेर न्यायिक निरूपणयोग्य मान्ने र अर्को पक्षको अदालतले सोही हैसियत नदिने अवस्था सिर्जना भई समान सार्वभौमिकताको सिद्धान्तमा आधारित नभएर गरिने यस्ता सन्धि सम्झौताको वैधतामाथि नै प्रश्न उठ्ने।

(प्रकरण नं.१६)

- नेपाल पक्ष राष्ट्र भएको द्विपक्षीय वा त्रिपक्षीय सन्धिको सम्बन्धमा अर्को देशको कानून वा अभ्यासमा नेपाल सन्धि ऐनको दफा ९(१) सरहको प्रावधान नभएमा वा सन्धिका प्रावधानलाई राष्ट्रिय कानूनसरह मान्यता नदिएको अवस्थामा अदालतले त्यस्तो द्विपक्षीय वा त्रिपक्षीय सन्धि सम्झौताका आधारमा एकपक्षीय रूपमा नेपालको राष्ट्रिय कानूनभन्दा सन्धि सम्झौताको प्रावधानलाई माथिल्लो हैसियत नदिन

पनि सक्ने । नेपालले कुनै अर्को देश वा उक्त देशको कानूनद्वारा स्थापित संस्थासँग ऋण वा अनुदानमा आयोजना सम्पन्न गर्न सम्झौता गरेको अवस्था भएमा उक्त आयोजना सम्पन्न गर्ने सम्झौतासँग सम्बन्धित मुख्य दस्ताबेजसम्म नेपाल सन्धि ऐन, २०४७ को दफा २ र दफा ९(१) बमोजिमको हैसियत सीमित हुने भएको हुँदा, Millenium Challenge Corporation (MCC)अन्तर्गत भएको सम्झौता र दस्ताबेजहरूलाई सो हदसम्म मात्र बुझ्नुपर्ने ।

(प्रकरण नं.१९)

- **MCC सम्झौताअन्तर्गतको MCA-Nepal मा नेपालको पनि लगानी रहेको, MCC स्वयम्मा एक राज्य जस्तै प्रकृतिको निकाय रहेको र यसले गर्ने निर्णयहरूमा स्वेच्छाचारिता (arbitrariness) नहुने भन्ने नभएको हुँदा प्रभावकारी उपचार (effective remedy) को प्रयोजनको लागि निवेदक अदालतमा प्रवेश गर्न पाउने ।**

(प्रकरण नं.२१)

रिट निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री पूर्णमान शाक्य र श्री सुशिल पन्त एवं विद्वान् अधिवक्ताहरू श्री अशाङ्कनबहादुर मल्ल, श्री जयलाल भण्डारी, श्री प्रितम घिमिरे, श्री जस्मीन भण्डारी र श्री सशिष्ठा श्रेष्ठ

प्रत्यर्थी / विपक्षीका तर्फबाट : विद्वान् नायब महान्यायाधिवक्ता डा. श्री टेकबहादुर घिमिरे एवं सहन्यायाधिवक्ता श्री शम्भु कार्की तथा विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री युवराज भण्डारी तथा अधिवक्ताहरू श्री सेमन्त दाहाल, श्री राजिव दाहाल, श्री सत्यम पाठक, श्री प्रमेश खनाल र श्री अन्जन धिताल

अवलम्बित नजिर :

- ने.का.प.२०७७, अङ्क ५, नि.नं.१०५०३
- ने.का.प.२०७४, अङ्क ५, नि.नं.९८०६
- ने.का.प.२०७१, अङ्क १, नि.नं.९३०३
- ने.का.प.२०६४, अङ्क ६, नि.नं.७८६०
- ने.का.प.२०६४, अङ्क २, नि.नं.७८१७
- ने.का.प.२०६४, अङ्क १, नि.नं.७८०३
- ने.का.प.२०६३, अङ्क ९, नि.नं.७७५७
- ने.का.प.२०६२, नि.नं.७५७७
- ने.का.प.२०६०, अङ्क १, नि.नं.७२७४

सम्बद्ध कानून :

- नेपालको संविधान
- सार्वजनिक खरिद ऐन, २०६३
- आयकर ऐन, २०५८
- नेपाल सन्धि ऐन, २०४७
- विकास समिति ऐन, २०१३

आदेश

न्या.हरिप्रसाद फुयाल : नेपालको संविधान, २०७२ को धारा १३३(२) (३) बमोजिम यस अदालतको क्षेत्राधिकारअन्तर्गत दायर भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

तथ्य खण्ड

निवेदक TATA Projects Limited, TATA Group अन्तर्गतको भारतमा प्रचलित कानूनबमोजिम संस्थापन भई निर्माण व्यवस्थापनजन्य सेवा उपलब्ध गराउँदै आउनुका साथै नेपालमा Permanent Establishment भई सार्वजनिक खरिद कार्यहरूमा सहभागी हुँदै आइरहेको कानूनी व्यक्ति / सङ्गठित संस्था (निकाय) हो । विपक्षी मिलेनियम च्यालेन्ज

एकाउन्ट नेपाल विकास समिति (एमसीए-नेपाल) नेपाल सरकार तथा मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को संयुक्त लगानीमा सञ्चालन गर्न लागिएको ६९.७ करोड अमेरिकी डलरको पूर्वाधार आयोजनाको व्यवस्थापनका लागि विकास समिति ऐन, २०१३ को दफा ३ बमोजिमको नेपाल सरकार, अर्थ मन्त्रालयअन्तर्गत गठन गरिएको एक सरकारी निकाय हो। एमसीए-नेपालले विद्युत् प्रसारण आयोजनाअन्तर्गत तीन ट्रान्समिसन लाइन निर्माणका लागि मिति २०७९ चैत्र १३ गतेको समयसीमासहित मिति २०७९ मङ्सिर १२ मा बोलपत्र आह्वान गरेको थियो । उक्त आयोजनाअन्तर्गतको कार्यलाई ३ प्याकेजमा विभाजन गर्दै प्याकेज १ को ४०० के.भी. लप्सिफेदी-रातमाटे-न्यु हेटौंडा ट्रान्समिसन लाइन, प्याकेज २ को ४०० के.भी. रातमाटे-न्यु दमौली-न्यु बुटवल र प्याकेज ३ को ४०० के.भी.को न्यु दमौली-न्यु बुटवल र न्यु बुटवल-नेपाल भारत बोर्डर ट्रान्समिसन लाइन निर्माणका लागि (ट्रान्समिसन लाइनको डिजाइन, आपूर्ति, जडान, परीक्षण र कार्य सम्पन्नतासम्बन्धी सम्पूर्ण कार्य बोलपत्र आह्वान भएको थियो । उक्त खरिदको परिचय नं. MCA-N/ETP/CB/००३ रहेको छ । उक्त बोलपत्रमा एक चरण दुई सिलबन्दी खाम (वान स्टेज टु सिल्ड इन्भेलप) को विधि अवलम्बन गरिएको थियो । जसमा दुई भिन्दाभिन्दै सिलबन्दी खाममा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव माग गरिन्छ र प्राविधिक प्रस्ताव सफल बोलपत्रदाताहरूको मात्र आर्थिक प्रस्ताव खोली बोलपत्रको अन्य प्रक्रिया पूरा गरी सारभूत रूपमा प्रभावग्राही न्यून मूल्याङ्कित बोलपत्रदातासँग सम्झौता गरिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७(१)(ख) मा नेपाल सरकार र दातृ पक्षबिच भएको सम्झौताबमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेन्ट गाइडलाइन्स) अनुरूप खरिद गर्नुपरेमा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमको खरिद प्रक्रिया अपनाउनु नपर्ने भन्ने व्यवस्था मुताबिक विपक्षीबाट आह्वान भएको बोलपत्रमा MCC Program Procurement Guidelines (PPG) बमोजिमको प्रक्रियामा अवलम्बन गरिएको छ । विपक्षीबाट उक्त कार्यका लागि आह्वान भएको बोलपत्रको आर्थिक प्रस्ताव मिति २०८०।०५।११ मा खोलिएको थियो । सोमध्ये निवेदकबाट दुई प्याकेजमा मात्र [Lot 2: Ratmate-New Damauli 400KV D/C Transmission Line, Lot 3: New Damauli-New Butwal 400KV D/C Transmission Line (Base) And New Butwal-Nepal/India Border 400KV D/C Transmission Line (Option"] बोलपत्र पेस गरेको अवस्था छ । उक्त बोलपत्रको आर्थिक प्रस्तावमा निवेदकलगायत निम्नानुसारका बोलपत्रदाताहरू सहभागी भएको देखिन्छ ।

अ. टाटा प्रोजेक्ट्स लि.-भारत
आ. कल्पुत्र पावर ट्रान्समिसन लि.-भारत
इ. ट्रान्सरेल लाइटिङ लि.-भारत
ई. लार्सेन एण्ड टर्बो लि.-भारत
उ. मेघा इन्जिनियरिङ लि. र पावर टेक इन्डिया लि.जे.भी.- भारत
ऊ. केइसी इन्टरनेसनल लि.-भारत

माथि उल्लिखित बोलपत्रदाताहरूबाट पेस भएको बोलपत्रको प्राविधिक प्रस्ताव खोलिएको र प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव खोलिँदा निवेदक एवं अन्य बोलपत्रदाताहरूबाट कबुल गरेको रकम निम्नानुसार देखिन्छ ।

प्याकेज २ (निवेदकबाट बोलपत्र पेस भएको)		
क्र. सं.	**बोलपत्रदाता**	**कबोल रकम (अ.ड. करोडमा)**
१.	टाटा प्रोजेक्ट्स लि.	१०.५४ करोड (अ.ड.)
२.	कल्पुत्र पावर ट्रान्समिसन लि.	१४.७८ करोड (अ.ड.)
३.	केइसी इन्टरनेसनल लि.	१६.३९ करोड (अ.ड.)

प्याकेज ३ (निवेदकबाट बोलपत्र पेस भएको)		
क्र. सं.	बोलपत्रदाता	कबोल रकम (अ.ड.करोडमा)
१.	टाटा प्रोजेक्ट्स लि.	१२.१० करोड (अ.ड.)
२.	केइसी इन्टरनेसनल लि.	१९.१७ करोड (अ.ड.)
३.	लार्सेन एण्ड टर्बो लि.	२६.१२ करोड (अ.ड.)

विधिवत् रूपमा पेस भई न्यून मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही रहेको निवेदकको बोलपत्रहरूउपर कारबाही भई सम्झौतामा हस्ताक्षर हुने वैध अपेक्षा (Legitimate Expectation) राखेकोमा विपक्षी एमसीए-नेपालबाट ११ अक्टुवर २०२३ (मिति २०८०।०६।२४) र १३ अक्टुवर २०२३ (मिति २०८०।०६।२६) को इमेलमार्फत सम्पूर्ण बोलपत्र रद्द गरिएको [Rejection of all bids (Lot 1, 2 and 3)] बेहोराको सूचना प्रेसित गरेकोमा निवेदकबाट १६ अक्टोबर २०२३ (मिति २०८०।०६।२९) मा विपक्षीबाट बोलपत्र रद्द गर्ने गरी भएको कार्य गलत Millennium Challenge Corporation Program Procurement Guidelines (PPG) को प्रकरण नं. P1.A.2.77 बमोजिमको प्रक्रिया अवलम्बनका लागि अनुरोध गरेकोमा विपक्षीबाट ७ नोभेम्बर २०२३ (मिति २०८०।०७।२१) को इमेलमार्फत आफूहरूबाट बोलपत्र रद्द गर्नेगरी भएको कार्य अन्तिम र बाध्यकारी (Final and Binding) रहेको भनी जवाफ दिएको अवस्थामा MCC Program Procurement Guidelines ले परिकल्पना गरेको कार्यविधि पूरा नगरी बोलपत्र रद्द गर्ने गरी भएको कार्य गैरकानूनी, असंवैधानिक र न्यायको मान्य सिद्धान्त प्रतिकूल रहेको छ । विपक्षीबाट बोलपत्र रद्द गर्दा Millennium Challenge Corporation Program Procurement Guidelines (PPG) को प्रकरण नं. P1.A.2.75 र P1.A.2.77 को आधार लिएको देखिन्छ । Millennium Challenge Corporation Program Procurement Guidelines (PPG) को प्रकरण नं. P1.A.2.75 को सुरूमा नै, "The MCA Entity will be justified in rejecting all bids only if all bids are nonresponsive, when prices are unreasonable or are substantially higher than the original estimate, or if contracting for the services is no longer in the best interest of implementation of the Compact." रहेको छ । प्रस्तुत विवादमा निवेदकको बोलपत्र प्रभावग्राही रहेको अवस्थामा पहिलो आधार आकर्षित हुने अवस्था रहेन । दोस्रो आधारमा रकम अव्यावहारिक रहेमा वा लागत अनुमानभन्दा सारभूत रूपमा बढी कबुल भएमा वा उक्त सेवा कम्प्याक्ट कार्यान्वयनको सर्वोत्तम हितमा नरहेमा भन्ने रहेकोमा एकातर्फ बोलपत्र आह्वान २८ नोभेम्बर २०२२ (मिति २०७९।०८।१२) मा भएकोमा १० अप्रिल २०२३ (मिति २०७९।१२।२७) मा मात्र लागत अनुमान तय गरेको अवस्थामा बोलपत्र आह्वान भएको करिब ६ महिनापश्चात् अर्थात् निवेदकसमेतबाट बोलपत्र पेस भएपश्चात् तय भएको लागत अनुमानको आधारमा निवेदकको बोलपत्रमा उल्लिखित रकमलाई अव्यावहारिक र लागत अनुमानभन्दा सारभूत रूपमा बढी भएको (substantially higher than the original estimate) भन्ने आधारमा बोलपत्र रद्द गर्न मिल्ने अवस्था रहँदैन । विपक्षी MCA-Nepal ले उक्त आयोजनाको लागत अनुमान तय गर्दाको specification र बोलपत्र आह्वान गर्दाको specification मूल्य, संख्या तथा मात्रामा परिवर्तन भएको अवस्थामा पुरानै

specification को आधारमा तयार पारिएको लागत अनुमानभन्दा substantially higher भयो भन्ने जिकिर त्रुटिपूर्ण रही MCC Program Procurement Guidelines समेतको विपरीत रहेको छ । त्यस्तै विपक्षीले P1.A.2.77 को समेत आधार लिएको देखिन्छ । सो प्रकरणमा, "All bids shall not be rejected and new bids be invited on the same bidding and contract documents solely for the purpose of obtaining lower prices. If the lowest evaluated responsive bid exceeds the MCA Entity pre-bid cost estimates by a substantial margin, the MCA Entity shall investigate causes for the excessive cost and consider requesting new bids as described in the previous paragraphs. Alternatively, with prior approval of MCC, the MCA Entity may negotiate with the lowest evaluated bidder to try to obtain a satisfactory contract through a reduction in the scope and/or a reallocation of risk and responsibility, which can be reflected in a reduction of the contract price." भन्ने व्यवस्था छ । यस अवस्थामा कम मूल्यका लागि मात्र बोलपत्र रद्द गरि नयाँ बोलपत्र खोल्न नमिल्ने भनी प्रकाशित सूचनाको बर्खिलाप गई बोलपत्र रद्द गरिएको छ । त्यस्तै गरी सम्झौता मूल्य घटाउन सकिने व्यवस्था रहेको र सोको लागि निवेदक तयार रहँदारहँदै न्यून मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही निवेदकलाई पूर्वसूचनासमेत नगरी बोलपत्र रद्द गर्ने गरी भएको कार्य प्रथमदृष्टिमा नै प्राकृतिक न्यायको सिद्धान्तविपरीत छ । निवेदक कम्पनीले पेस गरेको प्रस्ताव सम्पूर्ण प्रक्रियाहरू पूरा गरी प्रस्ताव खोली प्रस्तावित रकमसमेत सार्वजनिक गर्दा निवेदक कम्पनीले प्रथम स्थान हासिल गरेको देखिएको स्थितिमा उक्त कम्पनीसँग प्रस्ताव माग गर्ने MCA-Nepal ले Program Procurement Guidelines बमोजिम सम्झौता गर्नका लागि वार्तामा बोलाउने दायित्व विपक्षीको रहेको र सो सम्बन्ध निवेदकको वैध अपेक्षाको सिद्धान्त (Doctrine of Legitimate Expectation) अन्तर्गतको आधारभूत अवस्थाको रूपमा रहेको देखिन्छ । वैध अपेक्षाको सिद्धान्तको सम्बन्धमा भारतिय सर्वोच्च अदालतबाट Lalaram and Ors vs Jaipur Development Authority and Ors [reported in (२०१६)११SCC३१] मुद्दामा प्रतिपादित सिद्धान्तसमेतलाई दृष्टान्तको रूपमा हेर्न सकिन्छ भने सम्मानित सर्वोच्च अदालतले, ने.का.प.२०७५ अङ्क १ नि.नं. ९७५३ रिटमा, "वैधानिक अपेक्षाको सिद्धान्तका आधारमा विपक्षी कार्यालयले खरिद प्रक्रिया रद्द गर्ने गरी गरेको निर्णय कानूनसम्मत नहुँदा बदरभागी छ" भनी व्याख्या गरेको देखिन्छ । अतः माथि प्रकरणहरूमा वर्णित कानून, नजिर एवं तथ्यहरूको आधारमा बोलपत्र सम्बद्ध कागजातले परिकल्पना गरेको प्रक्रिया पूरा नगरी बोलपत्र रद्द गर्ने गरी भएको कार्य, निर्णय एवं प्रकाशित सूचनालगायत तत्सम्बन्धी विपक्षीहरूको सम्पूर्ण कार्यहरू गैरकानूनी, असंवैधानिक र न्यायको मान्य सिद्धान्तको प्रतिकूल रहेकोले सन् २०२२।११।२८ (मिति २०७९।०८।१२) मा प्रकाशित बोलपत्रका सूचनाअनुसारको प्रक्रिया अवलम्बन गरी MCA-Nepal Program Procurement Guidelines तथा प्रचलित कानूनअनुसार निवेदक कम्पनीसँग आवश्यक

वार्ता गरी सम्झौता गर्नु गराउनु तथा सो खरिद प्रक्रिया सम्पन्न गर्न नरोक्नु, रोक्न नदिनु भनी विपक्षीहरूको नाममा परमादेशलगायत जो चाहिने आज्ञा, आदेश वा पुर्जी जारी गरिपाऊँ। प्रस्तुत रिट निवेदन निर्णय हुन समय लाग्न सक्ने भएको र विपक्षीबाट भएको कार्य यथास्थितिमा नराखेमा अपूरणीय क्षति पुग्न जाने भएकोले प्रस्तुत मुद्दाको टुङ्गो नलागेसम्म उक्त बोलपत्र रद्द गर्ने सम्बन्धमा भए गरेका निर्णय, सोसम्बन्धी सूचना, टिप्पणी कारबाही कार्यान्वयन नगर्नु, नगराउनु, पुनः बोलपत्रमा प्रकाशित गर्नेसम्बन्धी कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने बेहोराको निवेदक TATA Projects Limited को तर्फबाट यस अदालतमा पेस भएको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएको मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं. २ र ३ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं. १ को हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू। अन्तरिम आदेशसमेतको माग भएकोमा उक्त विषयमा विपक्षीसमेतसँग छलफल गरी टुङ्गोमा पुग्न मुनासिब देखिँदा सो प्रयोजनको लागि मिति २०८०।०९।२३ को पेसी तोकी विपक्षीलाई जानकारी दिनू। साथै प्रस्तुत निवेदनपत्रको विषयवस्तु सार्वजनिक महत्त्वको एवं विषयवस्तुको प्रकृतिबाट चाँडो टुङ्गो लाग्न आवश्यक देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकारसमेत प्रदान गरिदिएको छ भन्नेसमेत बेहोराको यस अदालतबाट भएको मिति २०८०।०९।०६ को आदेश।

विपक्षीले एमसीए-नेपाल विकास समिति ऐन, २०१३ बमोजिम गठित निकाय भएकोले विकास समिति ऐन, २०१३ को दफा ४ बमोजिम उजुर लाग्ने भनी दाबी लिनुभएको रहेछ। नेपाल सरकारले एमसीए-नेपालको गठन एउटा विशिष्ट परिस्थितिमा विकास निर्माणको कार्य शीघ्र सुचारूरूपले गर्न नेपाल सरकार, अर्थ मन्त्रालय तथा संयुक्त राज्य अमेरिकाको तर्फबाट (मिलेनियम च्यालेन्ज कर्पोरेसन) बिच सन् २०१७ सेप्टेम्बर १४ (वि.सं. २०७४।५।२९) मा सम्पन्न भएको एमसीसी कम्प्याक्ट (MCC Compact Agreement) भएको छ । कम्प्याक्ट अन्तर्राष्ट्रिय कानून लागु हुने नेपालको प्रतिनिधि सभाबाट अनुमोदित एउटा सन्धि हो । एमसीए-नेपाल अन्तर्राष्ट्रिय सन्धिबमोजिम कम्प्याक्ट र कम्प्याक्टअन्तर्गतको परियोजना कार्यान्वयन गर्न स्थापित निकाय हो। कम्प्याक्टलाई अलग राखी तथा कम्प्याक्ट र कम्प्याक्ट अधीनका दस्ताबेजअनुरूप पालना गर्नुपर्ने प्रावधानहरूविपरीत हुने गरी केवल विकास समिति ऐन, २०१३ लाई मात्र सन्दर्भमा राखी खरिद कार्य वा प्रक्रियाको विषयमा एमसीए-नेपाल विरूद्ध सम्मानित अदालतसमक्ष उजुरी गर्न मिल्दैन। कम्प्याक्टको दफा ६.४ मा समेत, "प्रस्तुत सम्झौता एक अन्तर्राष्ट्रिय कानूनका सिद्धान्तहरू लागु हुने छन्" भनी प्रस्ट रूपमा उल्लेख भएको छ। त्यसैगरी कम्प्याक्टको दफा ७.१ मा, "प्रस्तुत सम्झौता लागु भएपश्चात् सम्झौता र नेपालको राष्ट्रिय कानून बाझिएमा प्रस्तुत सम्झौता लागु हुने" भनी उल्लेख भएको छ। यसैगरी नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा नेपालको प्रतिनिधि सभाबाट अनुमोदन भएको

सन्धिको कुरा कुनै प्रचलित कानूनसँग बाझिएकोमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुने व्यवस्था गरेको छ । नेपालद्वारा हस्ताक्षर र अनुमोदन भएका अन्तर्राष्ट्रिय सन्धिहरू सन्धि ऐन र भियना कन्भेन्सन (Vienna Convention on the Law of Treaties, १९६९) अन्तर्गत लागु हुने हुँदा उक्त सन्धिअन्तर्गतको खरिद प्रक्रियाको विषयमा सम्मानित सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र अवलम्बन गरी रिट दायर गर्न मिल्दैन । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले एम. सन्स. अटोमोबाइल्सको विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (नि.नं. ७७५७, ने.का.प. २०६३ अङ्क ९), अरूण कन्टिनेन्टल ट्रेसडको विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (नि.नं. ७८०३ ने.का.प. २०६४ अङ्क १) मा सन्धिअन्तर्गत भए गरेका काम कारबाहीको परीक्षण गर्ने वा अमान्य घोषित गराउने अधिकार अदालतलाई हुँदैन भनी नजिर स्थापित गरेको छ । कम्प्याक्टको दफा ३.६ मा सरकारले परियोजनासम्बन्धी खरिद प्रक्रियामा एमसीसी कार्यक्रम खरिद निर्देशिका (MCC Program Procurement Guidelines) अवलम्बन गर्नुपर्ने उल्लेख भएको छ । साथै एमसीसी कार्यान्वयन सम्झौता (Program Implementation Agreement) को दफा ५.१० ले यस सम्झौतालाई समेतमा अन्तर्राष्ट्रिय कानून लागु हुने भनी व्यवस्था गरेको छ । एमसीसी कार्यान्वयन सम्झौता (Program Implementation Agreement) को P१.A.१.१२ मा एमसीए नेपालले गर्ने खरिदको कार्यविधि, दस्ताबेज, बोलपत्र मूल्याङ्कन, निर्णय, सिफारिस र सम्झौताको पुन: परीक्षण (review) एमसीसीले गर्ने भनी उल्लेख भएको छ । यसरी परीक्षण गरी खरिद प्रक्रिया, एमसीए नेपालबाट खरिद प्रक्रियामा गरिने निर्णय तथा सम्बन्धित दस्ताबेजउपर स्वीकृति दिने वा नदिने (No Objection) सम्बन्धमा एमसीसी कार्यक्रम खरिद निर्देशिका (MCC Program Procurement Guidelines) को अनुसूची-क (Attachment-A) मा छुट्टै तालिका दिएको छ । उक्त तालिकामा एमसीए नेपालले बोलपत्रको अस्वीकार (reject) गर्ने निर्णयमा एमसीसीले आपत्ति जनाउन सक्ने (No Objection) उल्लेख भएको छ । सोहीबमोजिम P1.A.2.75 मा एमसीए नेपालले एमसीसीको स्वीकृतिपश्चात् सम्पूर्ण बोलपत्र अस्वीकार गर्न सक्ने भनी उल्लेख भएको छ । बोलपत्र चुनौती प्रणाली (Bid Challenge System) को नियम १.२(क)(४) मा सम्पूर्ण बोलपत्र अस्वीकार निर्णयउपर बोलपत्रदाताको कुनै पनि चुनौती (Protest) दिने अधिकार नरहने भनी उल्लेख भएको छ । रिट निवेदक TATA Projects Limited भारतको प्रचलित कानूनबमोजिम स्थापित भई नेपालमा आयकर ऐन, २०५८ को दफा २(क)(४) बमोजिमको स्थायी संस्थापन (Permanent Establishment) को रूपमा रहनु भएकोले नेपालको नागरिकलाई प्रदत्त गरिएको मौलिक हक अधिकारमा दाबी गर्न मिल्दैन । एमसीए नेपालले बोलपत्र आह्वान गर्दा तोकेको र निवेदकले पनि स्वीकारोक्ति प्रदान गरेका सर्तहरू करारका सर्तहरू हुन् । यसै सन्दर्भमा उर्जा मन्त्री, उर्जा मन्त्रालय तथा नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिको अध्यक्ष राधाकुमारी ज्ञवाली विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग (ने.का.प. २०७४ नि.नं. ९७४२) को मुद्दामा सम्मानित सर्वोच्च अदालतले, "बोलपत्र स्वीकृत गर्ने कार्य करारीय प्रकृतिको देवानी प्रक्रिया हो । करारसम्बन्धी कानून र प्रचलित कानूनबमोजिम हुने कारबाहीलाई स्वाभाविकरूपमा पूरा हुन दिनुपर्ने हुन्छ" भनी सार्वजनिक खरिदमा करारीय सिद्धान्त लागु हुने नजिर स्थापित गरेको छ । एमसीए नेपालले स्पष्ट रूपबाट विपक्षी निवेदकलाई बोलपत्रउपर कारबाही गरी वार्ता गर्ने वा सम्झौता गर्ने भनी कुनै आश्वान वा प्रत्याभूति नदिएको, बोलपत्र दस्ताबेजमा निवेदकलाई बाध्यकारीरूपमा वार्तामा बोलाउनुपर्ने सर्त नरहेको

परिप्रेक्ष्यमा विपक्षीले वैध अपेक्षा (legitimate expectation) राख्न नमिलेको कारणले निवेदकले उक्त विषयमा उल्लेख गर्नु भएका नजिर सिद्धान्तहरू असान्दर्भिक छन् । MCA-Nepal ले प्रसारण लाइन निर्माणको निमित्त सुरूमा लागत अनुमान अमेरिकी डलर १,९३,०००,०००।– (अक्षरूपी एक सय त्रियानब्बे मिलियन डलर मात्र) निर्धारण गरेको थियो । तत्पश्चात् MCA-Nepal ले कार्यक्रम खरिद निर्देशिकाबमोजिम आन्तरिक निर्णय गरी लागत अनुमान अमेरिकी डलर १,९३,०००,०००।– (अक्षरूपी एक सय त्रियानब्बे मिलियन डलर मात्र) बाट अमेरिकी डलर २०३,०००,०००।– (अक्षरूपी दुई सय तीन मिलियन डलर मात्र) पुऱ्याएको थियो । तदुपरान्त टेन्डर पेस गर्ने मितिभन्दा अघि नै सबै आन्तरिक प्रक्रिया पूरा गरी लागत अनुमान अमेरिकी डलर २२०,६००,०००।– (अक्षरूपी दुई सय बिस दशमलव छ मिलियन डलर मात्र) वृद्धि गरी पारदर्शी रूपमा सन् १० अप्रिल २०२३ (मिति २०७९।१२।२७) Addendum #८ जारी गरी सबै बोलपत्रदाताहरूलाई जानकारी गराइएको थियो । विपक्षी रिट निवेदकले बोलपत्र पेस गर्दा प्रस्ताव गर्नुभएको रकम एमसीए नेपालले लागत अनुमान गरेको रकमभन्दा क्रमश: लट-२ र लट-३ को लागि ५६.९९ प्रतिशत र ५८.२३ प्रतिशतले धेरै रहेको छ । यसरी लागत अनुमानभन्दा बढी रकम प्रस्ताव भएको अवस्थामा उक्त रकमलाई सारभूत रूपमा बढी भएको भनी नमानी उल्टै न्यून मूल्याङ्कन सारभूत रूपमा प्राभावग्राही बोलपत्रदाता मान्नुपर्ने तर्क कुनै पनि दृष्टिकोणबाट न्यायसङ्गत र विवेकपूर्ण मान्न सकिँदैन । कम्प्याक्टको दफा ७.४ मा सम्झौता लागु भएको मितिदेखि पाँच (५) वर्षको अवधिसम्म बहाल रहने भनी उल्लेख भएकोले परियोजनाको निर्माण पाँच वर्षको अवधिभित्र सम्पन्न गरिसक्नुपर्ने उत्तरदायित्व एमसीए-नेपालको छ । कम्प्याक्टअन्तर्गतको परियोजना सम्पन्न नभई कम्प्याक्टको अवधि समाप्त भएमा नेपाल सरकारले एमसीसीबाट अनुदान प्राप्त नहुने अवस्थाको सिर्जना हुने भएकोले रिट निवेदकले परियोजनाको कार्यान्वयन ढिलो गराउने नियत (dilatory tactics) साथ दर्ता गरिएको रिट निवेदनको कुनै पनि माग दाबीलाई सम्बोधन नगरिदिन अनुरोध गर्दछु । अतएवः माथि प्रकरणहरूमा उल्लेख भएअनुसार विपक्षीको रिट निवेदनमा कुनै सार तथ्य एवं आधार विद्यमान नरहेकोले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रत्यर्थी मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (Millennium Challenge Account Nepal-MCA Nepal) को तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ ।

रिट निवेदनमा उल्लेख गरिएको विषयमा यस कार्यालयको के, कस्तो संलग्नता रहेको छ र यस कार्यालयको के, कस्तो काम, कारबाही वा निर्णयबाट विपक्षीको के, कस्तो कानूनी हक अधिकारको हनन भएको हो भन्ने सम्बन्धमा निवेदकले निवेदनमा उल्लेख गर्न सक्नुभएको अवस्था छैन । MCA-Nepal विकास समिति ऐन, २०१३ मात्र नभई अन्तर्राष्ट्रिय सन्धिबमोजिम उक्त कम्प्याक्ट र उक्त कम्प्याक्टअन्तर्गतको परियोजना कार्यान्वयन गर्नेसमेतका लागि स्थापित निकाय भएको हुँदा उक्त कम्प्याक्टलाई अलग राखी उक्त कम्प्याक्टअन्तर्गतको दस्ताबेजअनुरूप पालना गर्नुपर्ने प्रावधानहरूविपरीत हुने गरी केवल विकास समिति ऐन, २०१३ लाई मात्र सन्दर्भमा राखी खरिद कार्य वा खरिद प्रक्रियाको विषयलाई लिएर यस कार्यालयसमेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतसमक्ष रिट निवेदन दायर गर्न मिल्ने होइन । दुई राष्ट्रबिच सम्पन्न सन्धिबमोजिम कार्यान्वयन हुने परियोजनाको विषयमा सम्मानित अदालतबाट असाधारण अधिकारक्षेत्रमार्फत विवादको निरूपण हुन सक्ने देखिँदैन । निवेदकले रिट निवेदनमा उठान गर्नुभएको परियोजनाको खरिदसम्बन्धी निर्णयका विषयमा उक्त कम्प्याक्टबमोजिम अमेरिकी

सरकारले दातृ निकाय MCC को निषेधिकार (veto) रहने भएकोले MCC बाट प्राप्त निर्देशनसमेतका आधारमा पूर्वाधार आयोजना व्यवस्थापकका रूपमा रहेको अधिकारप्राप्त MCA Nepal बाट उक्त परियोजनाको खरिदसम्बन्धी विषयमा भएको निर्णय कारबाहीलाई अन्यथा भन्न मिल्दैन। अतः उल्लिखित आधार तथा कारणबाट विपक्षीको प्रस्तुत रिट निवेदन खारेजभागी रहेकोले खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रत्यर्थी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।

बोलपत्र सम्बन्धमा सबै Unreasonable and Substantially Higher than the Original Estimate भनी निर्धारण गर्ने सम्पूर्ण अधिकार एमसीए-नेपालको सम्बन्धित अधिकारप्राप्त अधिकारीमा निहित रहेको छ। सबै बोलपत्रदाताहरूबाट प्राप्त कबोल रकम लागत अनुमानभन्दा बढी भएको रिट निवेदकले स्वीकार गरेको अवस्था छ। रिट निवेदकले जिकिर लिएका सवालहरू दुई देशहरूबिचको सम्झौता / सन्धिका विषय भई त्यस्तो सम्झौता / सन्धिका प्रावधानहरू विधायिकाबाट अनुमोदनसमेत भएकोले सोही सम्झौता / सन्धिले लिएका उद्देश्य प्राप्तिका लागि गरिएका खरिद काम कारबाही हकमा दातृ पक्षको खरिद निर्देशिका आकर्षित हुने भएकोले सोहिबमोजिम गरिएका कार्यमा अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गर्न मिल्ने अवस्था देखिँदैन। रिट निवेदकले जिकिर लिएबमोजिम निजसँग सम्झौता गर्दा हुने अतिरिक्त आर्थिक दायित्वको स्रोत तथा पर्ने व्ययभार दातृ पक्षले बेहोर्न नसक्ने भनी सम्झौतामा उल्लेख गरेको र त्यस्ता विषयलाई नेपाल सरकार र विधायिकाले समेत स्वीकार गरेकोले रद्द भएका बोलपत्रउपर पुनः खरिद कारबाही गर्नका आदेश गर्न मिल्ने होइन। बोलपत्र रद्दलगायतका खरिदसम्बन्धी कार्यहरू पारदर्शी रूपमा यथासम्भव कम लागतमा आयोजनाहरू सम्पन्न होस् भन्ने असल मनसायले गरिएको देखिन्छ। बोलपत्र रद्दलगायतका कार्यहरू सम्पन्न भइसकेकोले यस्ता विषयमा हाल आएर विवाद सिर्जना गरी न्यायिक निकाय प्रवेश गर्नु औचित्यपूर्ण देखिँदैन। यसर्थ प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको प्रत्यर्थी नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।

<u>आदेश खण्ड</u>

नियमबमोजिम अन्तरिम आदेशको छलफलका लागि पेस भई इजलाससमक्ष पेस भएको निवेदनमा सम्पूर्ण प्रत्यर्थीहरूको लिखित जवाफ पेस भइसकेको देखिएकोले पक्ष विपक्षका कानून व्यवसायीहरूको बहससमेत सुनी निर्णय प्रयोजनको लागि प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजात अध्ययन गरियो।

रिट निवेदकका तर्फबाट रहनुभएका विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री पूर्णमान शाक्य र श्री सुशिल पन्त एवं विद्वान् अधिवक्ताहरू श्री अशाङ्कनबहादुर मल्ल, श्री जयलाल भण्डारी, श्री प्रितम घिमिरे, श्री जस्मीन भण्डारी र श्री सशिष्ठा श्रेष्ठले रिट निवेदकद्वारा प्याकेज-२ र प्याकेज-३ को लागि विधिवत् रूपमा बोलपत्र पेस भएकोमा उक्त बोलपत्रमा निवेदकले पेस गरेको लागत न्यून मूल्याङ्कित एवं सारभूत रूपमा प्रभावग्राही रहँदारहँदै विपक्षी एमसीए-नेपालले इमेलमार्फत सम्पूर्ण बोलपत्र रद्द गर्ने निर्णय गरेको र निवेदकको बोलपत्रहरूउपर कारबाही भई सम्झौतामा हस्ताक्षर हुने निवेदकले वैध अपेक्षा (legitimate expectation) राखेकोमा विपक्षीद्वारा गरिएको उक्त निर्णय गैरकानूनी, र न्यायका मान्य सिद्धान्तको प्रतिकूल रहेकोले विपक्षीको उक्त निर्णय बदर गरी मागबमोजिम रिट जारी गरिपाउँ भनी आ-आफ्नो बहस जिकिर प्रस्तुत गर्नुभयो।

प्रत्यर्थीहरूमध्ये नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् नायब महान्यायाधिवक्ता डा.

श्री टेकबहादुर घिमिरे एवं सहन्यायाधिवक्ता श्री शम्भु कार्कीले MCC Compact Agreement नेपालको प्रतिनिधि सभाबाट अनुमोदित एउटा सन्धि भएकोले यसअन्तर्गत भए गरेका कार्यमा नेपालको कानून आकर्षित नभई अन्तर्राष्ट्रिय कानून तथा यसबमोजिमको MCC Program Procurement Guidelines लागु हुने हुँदा सम्मानित सर्वोच्च अदालतको दायरामा उक्त रिट निवेदन नपर्ने भनी उल्लेख गर्नुभयो भने उक्त Program Procurement Guidelines को P1.A.2.75 मा एमसीए नेपालले एमसीसीको स्वीकृतिपश्चात सम्पूर्ण बोलपत्र अस्वीकार गर्न सक्ने भनी भएको छ । यसै गरी बोलपत्र चुनौती प्रणाली (Bid Challenge System) को नियम १.२(क)(४) मा सम्पूर्ण बोलपत्र अस्वीकार निर्णयउपर बोलपत्रदाताको कुनै पनि चुनौती (protest) दिने अधिकार नरहने भन्नेसमेत उल्लेख गर्नुभयो । यसका साथै विपक्षी रिट निवेदकले बोलपत्र पेस गर्दा प्रस्ताव गर्नुभएको रकम एमसीए नेपालले लागत अनुमान गरेको रकमभन्दा क्रमश लट-२ र लट-३ को लागि ५६.९९ प्रतिशत र ५८.२३ प्रतिशतले धेरै रहेकोमा रिट निवेदकको उक्त बोल रकमलाई सारभूत रूपमा न्यून मूल्याङ्कित रहेको भनी भन्न नमिल्ने । सोही कारण MCA-Nepal द्वारा विपक्षीलगायतबाट पेस भएका बोलपत्रहरू खारेज गर्ने गरेको निर्णयलाई अन्यथा भन्न नमिल्ने भएकोले प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी आ-आफ्नो बहस जिकिर प्रस्तुत गर्नुभयो ।

प्रत्यर्थी MCA-Nepal र MCC का तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री युवराज भण्डारी तथा अधिवक्ताहरू श्री सेमन्त दाहाल, श्री राजिव दाहाल, श्री सत्यम पाठक, श्री प्रमेश खनाल र श्री अन्जन धितालले प्रस्तुत रिट निवेदन गर्ने निवेदकलाई हकदैया नभएको, MCC नेपालले संसद्बाट अनुमोदन गरेको सन्धि हुँदा सर्वोच्च अदालतमा रिट गर्न क्षेत्राधिकार नभएको, सन्धि र त्यसअन्तर्गतका वैकल्पिक उपचारमा निवेदन दिन सकिनेमा निवेदनले त्यस्तो उपाय अवलम्बन नगरेको, निवेदकको Bid सारभूत रूपमा प्रभावग्राही नभएको, अनुमानित रकमभन्दा बढी अधिक बोलकबोल गरेको, Bid पेस गर्ने समय बढाएकोमा उक्त बढाएको समयको सदुपयोग नगरेकोलगायतका कारणबाट MCC परियोजनाको हितको लागि र कार्यान्वयन गर्न सकिने थप प्रक्रियाको लागि निवेदकलगायत सबैका बिड दस्ताबेजहरू प्रभाव शून्य बनाइएको हो । रिट निवेदकउपर यही रिट निवेदन दिएका कारण मात्र पूर्वाग्रही हुनुपर्ने छैन र पुनः प्रक्रियामा समावेश हुन सक्ने नै हुँदा रिट निवेदन खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

मिसिल संलग्न कागजात अध्ययन गर्दा, MCA-Nepal द्वारा विद्युत् प्रसारण आयोजनाअन्तर्गत तीन ट्रान्समिसन लाइन निर्माणका लागि २०७९ चैत्र १३ गतेको समयसीमासहित मिति २०७९ मङ्सिर १२ मा बोलपत्र आह्वान गरेकोमा निवेदक TATA Projects Limited द्वारा प्याकेज-२ (४०० के.भी. रातमाटे-न्यु दमौली-न्यु बुटवल) र प्याकेज-३ (४०० के.भी.को न्यु दमौली-न्यु बुटवल र न्यु बुटवल-नेपाल भारत बोर्डर ट्रान्समिसन लाइन) का लागि विधिवत रूपमा पेस भएको सारभूत रूपमा न्यून मूल्याङ्कित रहेको निवेदकको बोलपत्रहरूउपर कारबाही भई सम्झौतामा हस्ताक्षर हुने वैध अपेक्षा (legitimate expectation) राखेकोमा विपक्षी एमसीए-नेपालबाट ११ अक्टुवर २०२३ (मिति २०८०।०६।२४) र १३ अक्टुवर २०२३ (मिति २०८०।०६।२६) को इमेलमार्फत सम्पूर्ण बोलपत्रहरू रद्द गरिएको निर्णय गैरकानूनी एवं असंवैधानिक भएकोले उक्त निर्णय बदर गरी विपक्षीहरूको नाममा उत्प्रेषणलगायतका उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन माग दाबी देखिन्छ ।

दुई राष्ट्रबिच सम्पन्न सम्झौताबमोजिम

कार्यान्वयन हुने परियोजनाको विषयमा सम्मानित अदालतबाट असाधारण अधिकारक्षेत्रमार्फत विवादको निरूपण हुन सक्ने देखिँदैन । विपक्षी रिट निवेदकले बोलपत्र पेस गर्दा प्रस्ताव गर्नुभएको रकम एमसीए नेपालले लागत अनुमान गरेको रकमभन्दा क्रमश: लट-२ र लट-३ को लागि ५६.९९ प्रतिशत र ५८.२३ प्रतिशतले धेरै रहेको छ । बोलपत्रदाताहरूबाट प्राप्त कबोल रकम लागत अनुमानभन्दा बढी भएको अवस्थामा उक्त रकमलाई विपक्षीले न्यून मूल्याङ्कन सारभूत रूपमा प्राभावग्राही भन्न नमिल्ने । एमसीसी कार्यक्रम खरिद निर्देशिका (MCC Program Procurement Guidelines) मा एमसीए नेपालले बोलपत्रको अस्वीकार गर्ने निर्णयमा एमसीसीले आपत्ति जनाउन सक्ने उल्लेख भएको छ । सोहिबमोजिम निर्देशिकाको P1.A.2.75 मा एमसीए नेपालले एमसीसीको स्वीकृतिपश्चात् सम्पूर्ण बोलपत्र अस्वीकार गर्न सक्ने भनी उल्लेख भएको छ। रिट निवेदक TATA Projects Limited भारतको प्रचलित कानूनबमोजिम स्थापित भई नेपालमा आयकर ऐन, २०५८ को दफा २(क)(४) बमोजिमको स्थायी संस्थापन (permanent establishment) को रूपमा रहने भएकोले नेपालको नागरिकलाई प्रदत्त गरिएको मौलिक हक अधिकारमा दाबी गर्न मिल्दैन । बोलपत्र रद्दलगायतका कार्यहरू सम्पन्न भइसकेकोले यस्ता विषयमा हाल आएर विवाद सिर्जना गरी न्यायिक निकाय प्रवेश गर्नु औचित्यपूर्ण नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षीहरूको पृथक्-पृथक् तर एउटै आशयको लिखित जवाफ रहेको पाइन्छ ।

उपर्युक्तानुसारको तथ्य रहेको प्रस्तुत निवेदनमा पक्ष विपक्षबाट रहनुभएका विद्वान् कानून व्यवसायी तथा विद्वान् सरकारी वकिलहरूले प्रस्तुत गर्नुभएको बहससमेत सुनी निर्णयतर्फ विचार गर्दा निवेदकले माग गरेबमोजिमको आदेश जारी हुने वा नहुने के हो ? भन्ने विषयमा केन्द्रीत रही निम्न प्रश्नहरूको निरूपण गर्नुपर्ने देखियोः-

क. नेपाल पक्ष राष्ट्र भएका सन्धि-सम्झौताको नेपाली कानूनी सोपानक्रममा के-कस्तो हैसियत रहन्छ ?

ख. एमसीसी र एमसीए-नेपालको सैद्धान्तिक, प्राविधिक र कानूनी पक्ष के-कस्तो रहेको छ ?

ग. रिट निवेदकले जिकिर लिएबमोजिम निवेदकको बोल रकम सारभूत रूपमा न्यून थियो वा थिएन ?

घ. TATA Projects Limited ले पेस गरेको बोलपत्रहरूको हकमा वैध अपेक्षा (legitimate expectation) को अवस्था देखिन्छ वा देखिँदैन ?

ङ. एमसीए-नेपालद्वारा विपक्षीलगायतका बोलपत्र खारेज गर्ने गरेको निर्णय कानूनसम्मत छ वा छैन ?

२. पहिलो प्रश्न नेपाल पक्ष राष्ट्र भएका सन्धि-सम्झौताको नेपाली कानूनी सोपानक्रममा के-कस्तो हैसियत रहन्छ भन्ने सम्बन्धमा विचार गर्दा, नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा ***"व्यवस्थापिका संसद्बाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुने छ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानूनसरह लागु हुने छ"*** भनी व्यवस्था गरिएको देखिन्छ । तत्सम्बन्धमा विचार गर्नुअघि नेपाल सन्धि ऐन, २०४७ ले व्यवस्था गरेको समग्र सन्धिसम्बन्धी व्यवस्थाको सम्बन्धमा चर्चा गर्नुपर्ने देखिन्छ । ऐनमा मुख्यतः तीन प्रकारका सन्धि-सम्झौताबारे छुट्टाछुट्टै व्यवस्था गरिएको देखिन्छ;

क. दफा ४ बमोजिम प्रतिनिधि सभा[48] बाट

48 नेपाल सन्धि ऐन, २०४७ मा "व्यवस्थापिका संसद्" भन्ने शब्द

पारित हुनुपर्ने सन्धि[49]

ख. दफा ५ बमोजिम सङ्घीय संसद्[50] बाट पारित हुनुपर्ने सन्धि[51], र,

(ग) दफा ६ बमोजिम नेपाल सरकारले हस्ताक्षर गरी लागु गर्न सक्ने सन्धि[52]

उक्त व्यवस्था हेर्दा, सन्धि सम्झौताको प्रकृति र त्यस्ता सन्धि सम्झौता गर्दा मुलुकलाई पर्न सक्ने असरको गम्भीरताको आधारमा सन्धि सम्झौताको वर्गीकरण गरिएको देखिन्छ। सामान्य प्रकृतिका तथा राष्ट्रलाई गम्भीर असर नपर्ने सन्धि सम्झौताको अनुमोदन प्रक्रिया सरलीकृत गरिएको देखिन्छ। त्यस्तै, असाधारण प्रकृतिका एवम् राष्ट्रलाई गम्भीर असर पार्न सक्ने सन्धि सम्झौताको अनुमोदन प्रक्रियालाई कठोर बनाइएको देखिन्छ। सामान्यतया असाधारण प्रकृतिका सम्झौताहरूमा राष्ट्रको स्वतन्त्रता, सार्वभौमिकता तथा भौगोलिक अखण्डतामा सोझो प्रभाव पार्न सक्ने विषयहरूका सन्धि सम्झौता पर्ने देखिन्छ। यस्ता सन्धि सम्झौताका सम्बन्धमा नेपाल सन्धि ऐन, २०४७ को दफा ५ र नेपालको संविधानको धारा २७९(२) मा व्यवस्था गरिएको देखिन्छ। उक्त धारा २७९(२) मा चार वटा विषयहरूको उल्लेख गरिएको देखिन्छ; (क) शान्ति र मैत्री, (ख) सुरक्षा एवं सामरिक सम्बन्ध, (ग) नेपाल राज्यको सिमाना, र (घ) प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँट। उक्त चार विषयका सन्धि सम्झौताको अनुमोदन गर्न सङ्घीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण संख्याको दुई तिहाइ बहुमतले पारित गर्नुपर्ने देखिन्छ।[53]

३. त्यस्तै, साधारण प्रकृति एवम् मुलुकलाई दीर्घकालीन असर नगर्ने सन्धिका सम्बन्धमा नेपालको संविधानको धारा २७९(२) मा व्यवस्था गरिएको

कायम भए तापनि हाल व्यवस्थापिका संसद्को सट्टा सङ्घीय संसद् कायम भएको र संविधानको धारा २७९(२) को प्रतिबन्धात्मक वाक्यांशले त्यस्तो सन्धि प्रतिनिधि सभाबाट पारित हुने भनी उल्लेख भएकाले यहाँ "प्रतिनिधि सभा" उल्लेख भएको।

49 नेपाल सन्धि ऐन, २०४७ को दफा ४; (१) संविधानको धारा २७९ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धिबाहेक अन्य विषयका सन्धिहरूमध्ये अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्नुपर्ने भनी व्यवस्था भएको सन्धिलाई अनुमोदन, स्वीकृति वा समर्थन गर्नु परेमा वा कुनै सन्धिमा सम्मिलित हुन चाहेमा सोसम्बन्धी प्रस्ताव नेपाल सरकारले व्यवस्थापिका संसद्मा पेस गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम पेस भएको सन्धिको अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलनसम्बन्धी प्रस्ताव व्यवस्थापिका संसद्मा उपस्थित सदस्य संख्याको बहुमतबाट पारित हुनुपर्ने छ।

(३) उपदफा (२) बमोजिम व्यवस्थापिका–संसद्बाट प्रस्ताव पारित भएपछि नेपाल सरकारले सो सन्धिमा भएको व्यवस्थाबमोजिम अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलनको सूचना सम्बन्धित पक्ष वा अधिकारीलाई दिनेछ।

(४) कुनै अन्तर सरकारी सङ्गठनको स्थापना गर्ने वा त्यस्तो कुनै सङ्गठनको सदस्यता प्राप्त गर्ने सन्धि वा प्रचलित कानूनको प्रतिकूल हुने सन्धिको हकमा त्यस्तो सन्धिमा अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको व्यवस्था नगरिएको भए तापनि व्यवस्थापिका–संसद्बाट प्रस्ताव पारित नभएसम्म नेपाल वा नेपाल सरकार त्यस्तो सन्धिको पक्ष हुन सक्ने छैन।

50 नेपाल सन्धि ऐन, २०४७ मा व्यवस्थापिका संसद् भन्ने शब्द कायम भए तापनि हाल व्यवस्थापिका संसद्को सट्टा सङ्घीय संसद् कायम भएको र संविधानको धारा २७९(२) ले त्यस्तो सन्धि सङ्घीय संसद्बाट पारित हुने भनी उल्लेख भएकाले यहाँ "सङ्घीय संसद्" उल्लेख भएको।

51 नेपाल सन्धि ऐन, २०४७ को दफा ५; (१) संविधानको धारा २७९ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धिको अनुमोदन, स्वीकृति वा समर्थन गराउनु पर्दा वा त्यस्तो सन्धिमा सम्मिलित हुने अनुमति प्राप्त गर्नु पर्दा नेपाल सरकारले यस सम्बन्धमा व्यवस्थापिका–संसद्मा प्रस्ताव पेस गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम पेस भएको सन्धिको सम्बन्धमा संविधानको धारा २७९ को उपधारा (२) बमोजिम व्यवस्थापिका–संसद्बाट प्रस्ताव पारित भएपछि त्यस्तो सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको सूचना नेपाल सरकारले सो सन्धिमा उल्लेख भएको व्यवस्थाअनुसार सम्बन्धित पक्ष वा अधिकारीलाई दिनेछ।

52 नेपाल सन्धि ऐन, २०४७ को दफा ४ वा संविधानको धारा २७९ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धिहरूबाहेक अन्य जुनसुकै विषयका सन्धिमा नेपाल सरकारको निर्णयबाट हस्ताक्षर गरिसकेपछि त्यस्तो सन्धिमा नेपाल वा नेपाल सरकार पक्ष भएको र त्यस्तो सन्धि स्वीकृत भएको मानिने छ।

53 नेपालको संविधान, धारा २७९(२)

देखिन्छ । उक्त सन्धि सम्झौताको अनुमोदन प्रक्रिया असाधारण प्रकृतिका सन्धि सम्झौताको तुलनामा केही सरलीकृत गरिएको देखिन्छ। शान्ति र मैत्री एवम् प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँटसम्बन्धी सम्झौताहरू भए पनि साधारण प्रकृतिका तथा व्यापक, गम्भीर र दीर्घकालीन असर नगर्ने सन्धि सम्झौताहरू यसै वर्गअन्तर्गत पर्ने देखिन्छ । यस्ता सन्धि सम्झौता प्रतिनिधि सभाको बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतले पारित गर्न सक्ने देखिन्छ ।[54] त्यस्तै, अन्तरसरकारी सङ्गठनको स्थापना गर्ने वा सदस्यता प्राप्त गर्ने विषय तथा प्रचलित कानूनको प्रतिकूल हुने सन्धि सम्झौतासमेतको अनुमोदन प्रतिनिधि सभाको बहुमतबाट हुने व्यवस्था गरिएको देखिन्छ ।[55] यसप्रकारका सन्धि सम्झौताको अनुमोदनसम्बन्धी व्यवस्था नेपाल सन्धि ऐन, २०४७ को दफा ४ मा गरिएको देखिन्छ ।

४. यसबाहेक नेपाल सन्धि ऐन, २०४७ मा दफा ४ वा दफा ५ मा उल्लेख भएकाबाहेक अन्य विषयका सन्धि सम्झौताहरूलाई भने सामान्य प्रकृतिको मानिएको देखिन्छ । यसप्रकारका सन्धि सम्झौता सम्बन्धमा ऐनको दफा ६ मा व्यवस्था गरिएको देखिन्छ। उक्त सामान्य प्रकृतिका सन्धि सम्झौतामा भने नेपाल सरकारको निर्णयबाट हस्ताक्षर गरिएमा नेपाल पक्ष राष्ट्र कायम हुन सक्ने गरी व्यवस्था गरिएको देखिन्छ। तर, नेपालको संविधानको धारा २७९(३) को व्यवस्था हेर्दा ***"यो संविधान प्रारम्भ भएपछि हुने कुनै सन्धि वा सम्झौता यस धाराबमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन नभएसम्म नेपाल सरकार वा नेपालको हकमा लागु हुने छैन"*** भनी उल्लेख गरिएको देखिन्छ । यस व्यवस्थाले दफा ६ बमोजिम नेपाल सरकारले हस्ताक्षर गरी कुनै सम्झौतामा नेपाल पक्ष राष्ट्र कायम हुने अवस्थालाई सीमित तुल्याउन खोजेको देखिन्छ । खासगरी मुलुकलाई व्यापक, गम्भीर र दीर्घकालीन असर पर्न सक्ने सन्धि सम्झौतालाई सङ्घीय संसद् वा प्रतिनिधि सभामा पेस नगरी नेपाल सरकारले हस्ताक्षर गरी सन्धि स्वीकृत गर्नाले मुलुकलाई अपूरणीय क्षति हुन सक्ने सम्भाव्य अवस्थालाई निवारण गर्न यस दफाको सावधानीपूर्वक प्रयोग हुनुपर्ने देखिन्छ । तसर्थ, नेपाल सन्धि ऐन, २०४७ को दफा ६ ले नेपाल सरकारलाई सन्धि स्वीकृत गर्न सक्ने गरी प्रत्यायोजन गरेको असीमित अधिकारलाई नेपालको संविधानको धारा २७९ को रोहमा समयानुकूल संशोधन गर्नुपर्ने देखिन्छ ।

५. यसरी नेपाल सरकारको हस्ताक्षर तथा सङ्घीय संसद्को अनुमोदनबाट सन्धि सम्झौताहरू गर्दा राज्यले अनुशरण गर्नुपर्ने मूल्य मान्यताका सम्बन्धमा नेपालको संविधानको भाग-४ मा व्यवस्था गरिएको देखिन्छ । तत्सम्बन्धमा, नेपालको संविधानको धारा ५०(४) मा ***"नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुने छ"*** भनी व्यवस्था गरिएको देखिन्छ । त्यस्तै, धारा ५१ को खण्ड (ङ) को देहाय (१) मा ***"नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्र संघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने"*** र देहाय (२)

54 नेपालको संविधान, धारा २७९(२) को प्रतिबन्धात्मक वाक्यांश

55 नेपाल सन्धि ऐन, २०४७ दफा ४(४) : कुनै अन्तर सरकारी सङ्गठनको स्थापना गर्ने वा त्यस्तो कुनै सङ्गठनको सदस्यता प्राप्त गर्ने सन्धि वा प्रचलित कानुनको प्रतिकूल हुने सन्धिको हकमा त्यस्तो सन्धिमा अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको व्यवस्था नगरिएको भए तापनि व्यवस्थापिका–संसद्बाट प्रस्ताव पारित नभएसम्म नेपाल वा नेपाल सरकार त्यस्तो सन्धिको पक्ष हुन सक्ने छैन।

मा "***विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने"*** राज्यको नीति व्यवस्था गरिएको देखिन्छ । साथै, धारा ५१ को खण्ड (ग) को देहाय (३) मा ***"नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने"*** राज्यको नीति हुने व्यवस्था गरिएको देखिन्छ । उक्त व्यवस्थाहरूबमोजिम राज्यले राष्ट्रिय हित (national interest), सार्वभौमिक समानता (sovereign equality) र पारस्परिकता (mutuality/reciprocity) लगायतका मूल्य मान्यताको आधारमा अन्तर्राष्ट्रिय सम्बन्धको अभ्यास गर्नुपर्ने गरी नीति निर्देशन गरिएको देखिन्छ । नेपालको जटिल भू-राजनीतिक अवस्थितिका कारणले पनि सार्वभौमिक समानता र पारस्परिकताको अनिवार्य परिपालना आवश्यक देखिन्छ । अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने राज्यको नीतिअन्तर्गत यस अदालतको समेत भूमिका रहने देखिन्छ । तसर्थ, कुनै सन्धि सम्झौताअन्तर्गतका हकअधिकार कार्यान्वयन गर्ने क्रममा यस अदालतबाट निर्णय हुँदा सार्वभौमिक समानता (sovereign equality) र पारस्परिकता (reciprocity) लगायतका मूल्य मान्यतामा आधारित रहेर विचार गर्नुपर्ने देखिन्छ ।

६. यद्यपि सबै प्रकारका सन्धि सम्झौतामा समानता र पारस्परिकताका मूल्य मान्यताको अनिवार्य उपस्थिति नहुने कुरालाई यस अदालतले स्वीकार्नै पर्ने हुन्छ । विशेषतः अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिलगायतका बहुपक्षीय सन्धिको अनुमोदन गर्ने क्रममा पक्ष राष्ट्रहरूले आरक्षण (reservation) वा घोषणा (declaration) सहित अनुमोदन गर्न सक्ने अवस्था रहन्छ । यस सम्बन्धमा नेपाल सन्धि ऐन, २०४७ को दफा २(ग) र प्रतिनिधि सभा नियमावली, २०७९ मा व्यवस्था गरिएको आरक्षण (reservation) सम्बन्धी व्यवस्था आकर्षित हुने देखिन्छ । उक्त नियमावलीको नियम २२५ मा सन्धि प्रस्तुतिसम्बन्धी व्यवस्था गरिएको देखिन्छ । उक्त नियमबमोजिम ***"बहुपक्षीय सन्धिमा आरक्षण राख्नुपर्ने भएमा सोको कारण र आरक्षणको प्रस्ताव"*** राखी प्रतिनिधि सभाको बैठकमा प्रस्तुत गर्न सकिने व्यवस्था गरिएको देखिन्छ ।[56] त्यस्तै, नियम २२७ मा सन्धिउपर सामान्य छलफल समाप्त भएपछि नेपाल सरकारले आफ्नो हकमा सन्धिको कुनै घोषणा (declaration) गरेको वा आरक्षण (reservation) राखेको भएमा प्रतिनिधि सभाले संशोधनको प्रस्ताव गर्न सक्ने देखिन्छ ।[57] यसरी छलफलबाट संशोधन स्वीकार गरिएको प्रत्येक आरक्षण (reservation) वा स्पष्ट पारिएका प्रावधानका घोषणा (declaration) सम्बन्धमा "यो सन्धिको अङ्ग बनोस्" भन्ने प्रस्ताव सभामुखले निर्णयार्थ पेस गर्न सक्ने देखिन्छ ।[58] यसरी

56 प्रतिनिधि सभा नियमावली, २०७९, नियम २२५; सन्धिको प्रस्तुति : (१) संविधानको धारा २७९ बमोजिम सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रीले सन्धिको प्रकृतिसहित देहायका विवरण खुलाई त्यस्तो सन्धिको प्रामाणिक प्रतिको प्रमाणित प्रति र नेपाली भाषामा अनुवाद गरिएको प्रति समेत संलग्न गरी महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई सूचना दिएको पाँच दिनपछिको कुनै बैठकमा सोसम्बन्धी प्रस्ताव प्रस्तुत गर्न सकिने छः–

(च) बहुपक्षीय सन्धिमा आरक्षण राख्नुपर्ने भएमा सोको कारण र आरक्षणको प्रस्ताव ।

57 प्रतिनिधि सभा नियमावली, २०७९, नियाम २२७; आरक्षणउपर संशोधनः (१) नियम २२६ बमोजिम सामान्य छलफल समाप्त भएको बहत्तर घण्टाभित्र सो सन्धिको व्यवस्थाअन्तर्गत आरक्षण राख्न सकिने रहेछ भने वा त्यस्तो सन्धिको कुनै प्रावधानको व्याख्या नेपाल सरकारले आफ्नो हकमा स्पष्ट गरी घोषणा गर्न सकिने रहेछ वा त्यस्तो प्रस्ताव गरिएको भए सोसम्बन्धी विषयमा सिमित रही संशोधन पेस गर्न चाहने सदस्यले त्यस्तो संशोधनको सूचना महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिनुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम प्राप्त कुनै संशोधनलाई यस नियमावलीको अधीनमा रही स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा सम्बन्धित सदस्यलाई बोलाई त्यसमा सुधार गर्ने वा एकै आशयका एकभन्दा बढी संशोधनलाई एकीकृत गरी स्वीकृत गर्ने अधिकार सभामुखलाई हुनेछ ।

(३) कुनै सन्धिको व्यवस्थाअन्तर्गत आरक्षण राखिएको रहेनछ भने त्यस्तो सन्धिमाथि संशोधन पेश गर्न सकिने छैन ।

58 प्रतिनिधि सभा नियमावली, २०७९, नियम २२९(२); छलफलबाट संशोधन स्वीकार गरिएको प्रत्येक आरक्षण राखिएका वा स्पष्ट

विस्तृत छलफल भइसकेपछि सन्धि अनुमोदनसम्बन्धी प्रस्ताव प्रतिनिधि सभाको बहुमतले पारित गरेपछि मात्र त्यस्तो सन्धि लागु हुने देखिन्छ। यसमा ध्यान दिनुपर्ने कुरा के छ भने, सामान्यतया बहुपक्षीय सन्धिमा मात्र आरक्षण (reservation) प्रस्ताव गर्न सकिने देखिन्छ । यसैकारण प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २२५ मा आरक्षणको प्रस्तावका सम्बन्धमा उल्लेख गर्दा स्पष्टरूपमा बहुपक्षीय सन्धिको सम्बन्धमा उक्त व्यवस्था गरिएको बुझ्न सकिन्छ।

७. सामान्यतया आरक्षणको प्रावधानले सन्धिको विषयवस्तु एवम् कार्यान्वयनमा पारस्परिकतालाई निस्तेज गर्ने क्षमता राखेको हुन्छ। साथै, यसले प्रत्येक राष्ट्रलाई सार्वभौमिक अधिकारको अभ्यास गर्ने मौका प्रदान गर्दछ। तर, द्विपक्षीय तथा त्रिपक्षीय सन्धि सम्झौताहरूमा भने आरक्षणको प्रावधानको कुनै औचित्य देखिँदैन। यसकारण यस्ता सम्झौताहरू सङ्घीय संसद् वा प्रतिनिधि सभामा अनुमोदनका लागि पेस भए तापनि सामान्यतया आरक्षण प्रस्ताव गर्न सकिने देखिँदैन। आरक्षण राख्न नसकिने यस्ता सन्धिहरूमा पक्ष राष्ट्रका कार्यकारीबिच सहमति भएका विषय मात्र सन्धिमा उल्लेख हुने गर्दछ। तसर्थ, द्विपक्षीय सन्धि सम्झौताको मस्यौदा र कार्यान्वयन गरी दुई चरणमा पारस्परिकताको सुनिश्चितता गरिनुपर्ने हुन्छ। अन्यथा, असमान सन्धि सम्बद्ध दायित्व र एकपक्षीय कार्यान्वयनको अवस्था सिर्जना हुन गएमा सन्धि सम्झौताको वैधतामा नै प्रश्न उठ्न सक्दछ। तसर्थ, सन्धि सम्बद्ध दायित्वहरू अर्को पक्ष राष्ट्रमा समान रूपमा कार्यान्वयन हुन्छन् या हुँदैनन् भन्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ। सामान्यतया सन्धि सम्झौताका प्रावधानको औचित्यका सम्बन्धमा यस अदालतमा सवाल उठाउन नसकिने भए तापनि द्विपक्षीय तथा त्रिपक्षीय सन्धि सम्झौता, सन्धि सम्झौताको कार्यान्वयन र अर्को पक्ष राष्ट्रले उक्त सन्धि सम्झौतालाई प्रदान गरेको कानूनी दर्जामा पारस्परिकता (reciprocity) रहेनछ भने अदालतले त्यस्तो सन्धि सम्झौतालाई नेपाल सन्धि ऐन, २०४७ बमोजिमको उपल्लो दर्जाको हैसियत (status of supra-legality) प्रदान नगर्न पनि सकिन्छ।

८. अर्कोतर्फ, केही द्विपक्षीय सन्धि सम्झौताहरू स्वभावतः पारस्परिकतामा आधारित रहेका हुन्छन्। उदाहरणका लागि, लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता, दोहोरो कर मैत्री सम्झौता, सपुर्दगी सन्धि तथा अन्य व्यापारिकलगायतका द्विपक्षीय सन्धि सम्झौताहरू यसअन्तर्गत पर्दछन्। यसप्रकारका सन्धि सम्झौताले समानता र पारस्परिकताका आधारमा मात्र अधिकानूनको हैसियत प्राप्त गर्ने देखिन्छ। तर, ऋण, अनुदान तथा विकास सम्झौताका सम्बन्धमा भने यस्ता सन्धि सम्झौता कार्यान्वयनका लागि छुट्टै आयोजनासन्बन्धी निर्देशिका एवम् कार्यविधिगत दस्ताबेजहरू निर्माण गरिएका हुन्छन् । यस्ता दस्ताबेजको सन्धिसम्बद्ध आयोजना कार्यान्वयनमा मुख्य भूमिका रहने हुँदा यसप्रकारका सन्धि सम्झौतासँग पृथक् रूपमा कार्यान्वयन हुने शक्ति रहेको हुन्छ। साथै, प्रचलित नेपाल कानूनले नै त्यस्तो सन्धि सम्झौता वा आयोजनासम्बद्ध दस्ताबेजलाई छुट प्रदान गरेको अवस्थामा त्यस्ता दस्ताबेजहरू कार्यान्वयनयोग्य नै हुन्छन्।

९. नेपाल सन्धि ऐन, २०४७ को दफा ९ को व्याख्याको क्रममा यस अदालतबाट विभिन्न समयमा भएका व्याख्याहरूका सन्दर्भमा विचार गर्नुपर्ने हुन्छ । तत्सम्बन्धमा विचार गर्दा, ***Abdi Fahad Yusuf विरूद्ध अध्यागमन विभागसमेत, ने.का.प. २०७७, अङ्क ५, नि.नं. १०५०३, मोहम्मद राशिद विरूद्ध नेपाल सरकारसमेत ने.का.प.२०६४, अङ्क ६, नि.नं. ७८६०*** को मुद्दामा शरणार्थी कानूनमा प्रथाजनित अन्तर्राष्ट्रिय कानून तथा अन्तर्राष्ट्रिय

पारिएका प्रावधानका सम्बन्धमा क्रमानुसार सभामुखले "यो सन्धिको अङ्ग बनोस्" भन्ने प्रस्ताव निर्णयार्थ पेस गर्नेछ।

कानूनका सर्वोच्च मूल्य (Jus cogens) को रूपमा रहेको फिर्ता नपठाउने सिद्धान्त (principle of non-refoulement) को आधारमा शरणार्थीको हकअधिकार कार्यान्वयन गरेको देखिन्छ । त्यस्तै, प्रचलित नेपाल कानूनमा रहेका केही प्रावधानहरूले संविधान प्रदत्त मौलक हकउपर अनुचित बन्देज लगाएको छ छैन भन्ने विषयको निर्णय गर्दा यस अदालतले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनका मूल्य मान्यतालाई मार्गदर्शकका रूपमा लिई नेपाल कानूनमा उपयुक्त संशोधन गर्न आदेश जारी गरिएको दृष्टान्तसमेत पाइन्छ।[59] त्यस्तै, यस अदालतले ***सुमन अधिकारी वि. प्रधानमन्त्रीको कार्यालय, ने.का.प. २०७१, अङ्क १, नि.नं. ९३०३*** र ***राजेन्द्र ढकाल वि. प्रधानमन्त्रीको कार्यालय, ने.का.प. २०६४, अङ्क २, नि.नं. ७८१७*** को मुद्दामा राष्ट्रिय परिप्रेक्ष्यमा सङ्क्रमणकालीन न्यायसम्बन्धी मूल्य मान्यताको विकास गर्ने क्रममा अन्तर्राष्ट्रिय मानव अधिकारसन्धिको सहायता लिएको देखिन्छ।

१०. त्यस्तै नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) को कार्यान्वयनका सम्बन्धमा यस अदालतले ***राजाराम ढकाल वि. प्रधानमन्त्रीको कार्यालय, ने.का.प. २०६०, अङ्क १, नि.नं. ७२७४*** को मुद्दामा जेनभा महासन्धिको कार्यान्यवनको लागि आवश्यक नेपाल कानून निर्माण गर्न निर्देशनात्मक आदेश जारी गरिएको देखिन्छ । ऐनको दफा ९(१) बमोजिम कुनै प्रचलित नेपाल कानून बदर गर्न मिल्छ मिल्दैन भन्ने सन्दर्भमा भने ***दिनेशकुमार शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत, ने.का.प. २०६३, अङ्क ९, नि.नं. ७७५७, अरूणकुमार चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत, ने.का.प. २०६४, अङ्क १, नि.नं. ७८०३***, को मुद्दामा नेपाल-भारतबिच सम्पन्न व्यापार सन्धिको प्रावधानको बर्खिलाफ हुने गरी आर्थिक अध्यादेशमा प्रावधान भएकाले सोको खारेजीका लागि परेका रिट निवेदनहरूमा *"नेपाल पक्ष भएका सन्धिहरू कानूनसरह लागु हुन सक्छन्, तर कानून नै भनिहाल्न नमिल्ने, कानून हुनु र कानूनसरह लागु हुनु दुई पृथक् कुरा हुन् । कुनै कुरा कानूनसरह लागु हुन्छ भन्दैमा सबै सन्दर्भमा सबै प्रयोजनको निमित्त त्यसलाई वैधानिक प्रक्रियाद्वारा निर्मित कानूनको रूपमा ग्रहण गर्न नमिल्ने, सन्धि र राष्ट्रिय कानून बाझिएको नबाझिएको भन्ने प्रश्नको निरूपण संविधानको धारा ८८(१) अन्तर्गत हुन सक्ने अवस्था नदेखिने"* अर्थात् द्विपक्षीय प्रकृतिका **सन्धि सम्झौताको आधारमा राष्ट्रिय कानूनको न्यायिक पुनरावलोकन हुन नसक्ने भन्ने यस अदालतबाट पहिले नै व्याख्या भएबाट नेपाल पक्ष राष्ट्र भई कुनै अर्को राष्ट्र वा त्यसका निकाय वा अन्तरसरकारी सङ्गठनसँग गरेका द्विपक्षिय सन्धिहरू सामान्यतया नेपाल कानूनसरह मात्र लागु हुने भन्ने देखिन्छ । तर, करारीय प्रकृतिका सम्झौतासँग सम्बद्ध हक वा दायित्वको प्रचलनमा कुनै प्रश्न उठेमा अदालतले सो प्रश्न निरूपणको विषयमा समान हैसियत भएको वा नभएकोसम्बन्धी सार्वभौमिक समानता र पारस्परिकताको सिद्धान्तको कसीमा राखेर विचार गर्नु न्यायोचित देखिन्छ ।**

११. सन्धि कार्यान्वयन सम्बन्धमा तुलनात्मक क्षेत्राधिकारका संवैधानिक प्रावधान तथा विधिशास्त्रीय विकासबारे विचार गर्दा, बहुपक्षीय मानव अधिकार सन्धि र द्विपक्षीय तथा त्रिपक्षीय सन्धिबिच भिन्नाभिन्नै हैसियत प्रदान गरिएको देखिन्छ । बहुपक्षीय मानव अधिकार सन्धिहरूलाई विभिन्न राष्ट्रहरूले प्रचलित राष्ट्रिय कानूनभन्दा माथिल्लो हैसियत प्रदान गरेको पाइन्छ। यस सम्बन्धमा Bosnia and Herzegovina

59 सपना प्रधान मल्ल विरूद्ध श्री ५ को सरकार, २०५८ सालको रिट नं.५५; प्रकाशमणि शर्मा विरूद्ध नेपाल सरकार, ने.का.प.२०६२, नि.नं.७५७७; ज्योति लम्साल विरूद्ध नेपाल सरकार ०६४-WO-०१८६

को संविधान हेर्दा, धारा २(२) मा "The Federation will ensure the application of the highest level of internationally recognized rights and freedoms provided in the documents listed in the Annex to the Constitution." उल्लेख गर्दै अन्तर्राष्ट्रिय रूपमा मान्यता प्रदान गरिएका अधिकार र स्वतन्त्रताहरूलाई उच्चतम हैसियत प्रदान गरिएको देखिन्छ । त्यस्तै अर्जेन्टिनाको संविधान हेर्दा, धारा ७५.२२ मा *"**The following [international instruments], under the conditions under which they are in force, stand on the same level as the Constitution, [but] do not repeal any article in the First Part of this Constitution,*** and must be understood as complementary of the rights and guarantees recognized therein: *The American Declaration of the Rights and Duties of Man; the Universal Declaration of Human Rights; the American Convention on Human Rights; the International Covenant on Economic, Social and Cultural Rights; the International Covenant on Civil and Political Rights and its Optional Protocol; the [International] Convention on the Prevention and Punishment of Genocide; the International Convention on the Elimination of all Forms of Racial Discrimination; the Convention on the Elimination of All Forms of Discrimination Against Women; the Convention Against Torture and other Cruel, Inhumane or Degrading Treatment or Punishment; and the Convention on the Rights of the Child"* भनी अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरूको सूचीसहित उल्लेख गरी त्यस्ता मानव अधिकारसम्बन्धी दस्ताबेजहरूलाई संविधानसरहको हैसियत प्रदान गरिएको देखिन्छ । यस्तै व्यवस्था कोलम्बिया, ब्राजिल र रोमानियाको संविधानमा पनि गरिएको पाइन्छ ।

१२. अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिलाई संविधानमै विशेष व्यवस्था गरी संविधानसरह हैसियत प्रदान गर्दै गर्दा द्विपक्षीय तथा त्रिपक्षीय सन्धि सम्झौतालाई अधिकानूनको हैसियत (status of supra-legality) प्रदान गर्न थप सर्तहरू तोकिएको पाइन्छ । द्विपक्षीय तथा त्रिपक्षीय सन्धि सम्झौताका प्रावधानहरूलाई सम्झौता गर्दाको परिवेश तथा परिस्थितिले निर्देशन गर्ने हुँदा यस्ता सम्झौताहरूलाई मानव अधिकार सन्धिसरह उच्चतम व्यवहार नगरिएको देखिन्छ । तत्सम्बन्धमा विचार गर्दा, द्विपक्षीय तथा त्रिपक्षीय सन्धि सम्झौतामा पारस्परिकताको सिद्धान्त अवलम्बन गर्नुपर्ने बाध्यता सिर्जना गर्ने गरी फ्रान्सको संविधानमा व्यवस्था गरिएको पाइन्छ । फ्रान्सको संविधानको धारा ५५ हेर्दा "Treaties or agreements duly ratified or approved shall, upon publication, prevail over Acts of Parliament, subject, with respect to each agreement or treaty, to its application by the other party"[60] भनी अर्को पक्ष राष्ट्रले समान रूपमा कार्यान्वयन गरेको हुनुपर्ने सर्तमा सन्धि तथा सम्झौताहरूको राष्ट्रिय कानूनभन्दा माथिल्लो दर्जा हुने गरी व्यवस्था गरिएको देखिन्छ । बहुपक्षीय सन्धिहरूमा पारस्परिकताको सिद्धान्तको (principle of reciprocity) पूर्ण अवलम्बन असम्भव हुने हुँदा फ्रान्सेली सर्वोच्च प्रशासकीय अदालतको रूपमा रहेको Conseil d'Etat ले यस सिद्धान्तको प्रचलन

60 Constitution of October 4, 1958, Art. 55 available at https://www.conseil-constitutionnel.fr/sites/default/files/as/root/bank_mm/anglais/constiution_anglais_oct2009.pdf

द्विपक्षीय सन्धिमा मात्र सीमित गरेको पाइन्छ ।[61] यसर्थ, फ्रान्समा सामान्यतया करारीय प्रकृतिको देखिने पारस्परिकताको सिद्धान्तलाई द्विपक्षीय सम्बन्ध र करारीय सन्धिमा अवलम्बन गरिए तापनि बहुपक्षीय सन्धिहरूमा यसको प्रयोगलाई बाध्यात्मक बनाइएको देखिँदैन ।[62] त्यस्तै, कोलम्बियाको संविधानको धारा २२६ मा "The state shall promote the internationalization of political, economic, social and ecological relations on the basis of fairness, reciprocity and national interest"[63] भनी स्वच्छता, पारस्परिकता र राष्ट्रिय हितलाई अन्तर्राष्ट्रिय सम्बन्धका अभिन्न तत्त्वको रूपमा उल्लेख गरिएको पाइन्छ । यसै धाराको आधारमा कोलम्बियाको संवैधानिक अदालतले राज्यले गरेका सन्धि तथा सम्झौताउपर संवैधानिक नियन्त्रण कायम राख्ने जिम्मेवारी वहन गर्दै आएको देखिन्छ । उदाहरणको लागि, *Sentenica C-864/06* को मुद्दामा कोलम्बियाको संवैधानिक अदालतले *"in ruling C-327 of 2000, the same doctrine set forth in the previous rulings was reiterated, consisting of maintaining that trade agreements constitute a manifestation of the economic integration mandate established in the Political Constitution, which for purposes To overcome constitutionality control, it must obey the principles of equity, equality, reciprocity and national convenience provided for in the Charter"*[64] भनी समता, समानता, पारस्परिकता र राष्ट्रिय सुविधाको सिद्धान्तलाई व्यापारिक सम्झौतामा अनिवार्य रूपमा पालना गरिएको हुनुपर्ने गरी व्याख्या गरेको पाइन्छ ।

१३. यसप्रकार कोलम्बियाको अदालती अभ्यास सन्धि तथा सम्झौताउपर संवैधानिक नियन्त्रण गर्नेतर्फ उन्मुख रहेको देखिन्छ भने फ्रान्समा करारीय तथा द्विपक्षीय सन्धिमा समानता र पारस्परिकताको सिद्धान्तको अवलम्बन गर्दा संवैधानिक सामञ्जस्यता कायम हुने गरी निर्देशित गरिएको देखिन्छ । वर्तमान विश्व व्यवस्थामा प्राय: द्विपक्षीय तथा त्रिपक्षीय सन्धि सम्झौताहरू मूल रूपमा ऋण, व्यापार तथा विकासलगायतका करारीय प्रकृतिका विषयमा केन्द्रित रहने हुनाले यस्ता सन्धिमा "पारस्परिकता" को करारीय अवधारणालाई सामवेश गरी सन्धि सम्झौता कायम गर्ने प्रचलन रहेको देखिन्छ । हरेक सन्धि तथा सम्झौतामा अभिव्यक्त दायित्वहरू पक्ष राष्ट्रहरूका लागि यान्त्रिक रूपमा समान प्रकृतिको हुन सक्ने नभए तापनि सन्धिसम्बद्ध दायित्वहरू समानान्तर प्रकृतिका भएमा मात्र त्यस्तो सन्धि सम्झौताको यथेष्ट कार्यान्वयन हुन सक्नेतर्फ तुलनात्मक क्षेत्राधिकारमा संवैधानिक विधिशास्त्रको विकास भएको देखिन्छ । त्यस्तै, अधिकांश राष्ट्रहरू युरोपेली युनियन, अफ्रिकी एकता सङ्गठनलगायतका कुनै न कुनै अधिराष्ट्रिय

61 Dinah Shelton (ed.), International Law and Domestic Legal Systems: Incorporation, Transformation and Persuasion (2011), p. 227; In general, the Conseil d'État seems to limit the condition of reciprocity to bilateral agreements, such as the Franco-Algerian agreements, leaving aside treaty laws of objective character, such as the international labour conventions or human rights and humanitarian law treaties.

62 Id. at p. 235; The term 'reciprocity' itself, which appears in the 1946 Preamble, is transposed into Article 55 in fine of the 1958 Constitution, reflecting a contractual conception, above all in bilateral relations and treaty-contracts, rather than envisaging multilateral agreements that are in effect treaty-law.

63 Political Constitution of Columbia, Art. 226 available at: https://www.corteconstitucional.gov.co/english/Constitucio%CC%81n%20en%20Ingle%CC%81s.pdf

64 Sentencia C-864 de 2006 (Corte Constitucional de Colombia) available at: https://www.corteconstitucional.gov.co/relatoria/2006/C-864-06.htm#_ftn116

सङ्गठन वा निकायको सदस्य रहेको देखिन्छ । यसप्रकारका अधिराष्ट्रिय सङ्गठनहरूले आफैँ सन्धि सम्झौता गर्न सक्ने हुँदा त्यस्ता सन्धि सम्झौतामा पारस्परिकता तथा समानताको मूल्य मान्यता कायम गर्ने जिम्मेवारी उक्त अधिराष्ट्रिय सङ्गठनले वहन गर्दै आएको पाइन्छ ।

१४. समग्रमा हेर्दा **नेपालको संविधानको प्रस्तावना, मौलिक अधिकार, राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व र विभिन्न संवैधानिक निकायको अधिकार तथा कर्तव्यअन्तर्गत बहुपक्षीय मानव अधिकार सन्धि तथा सम्झौतालाई विशिष्ट हैसियत प्रदान गरिएको देखिन्छ । यस अदालतले संविधान प्रदत्त हक अधिकारहरूको प्रचलन गर्ने क्रममा विभिन्न मुद्दामा अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि सम्झौतासमेतको आधार लिइएको र राष्ट्रिय कानूनको अभावमा पनि मानव अधिकार सन्धिमा आधारित मूल्य मान्यताको सहयोग लिई मानव अधिकारसम्बन्धी विधिशास्त्र निर्माण गरिएको देखिन्छ । द्विपक्षीय तथा त्रिपक्षीय सन्धिका हकमा भने संविधानका विभिन्न प्रावधानहरूमा सार्वभौमिक समानता, पारस्परिकता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र मुलुकलाई पर्ने असरलगायतका सर्तहरूको अवलम्बन गर्नुपर्ने देखिन्छ । तुलनात्मक क्षेत्राधिकारमा समेत मानव अधिकार सन्धि र द्विपक्षीय तथा त्रिपक्षीय सन्धिहरूको पृथक् हैसियत (bifurcation) कायम गरी संवैधानिक विधिशास्त्र निर्माण गरिएको देखिन्छ । तसर्थ, नेपालको संविधान, नेपाल सन्धि ऐन, २०४७, यस अदालतबाट समयसमयमा प्रतिपादन भएका नजिर तथा तुलनात्मक क्षेत्राधिकारमा भएको विधिशास्त्रीय विकासलाई मध्यनजर गर्दा बहुपक्षीय मानवअधिकार सन्धिले अधिकानूनको हैसियत (status of supra-legality) प्राप्त गर्ने भए तापनि द्विपक्षीय सन्धि सम्झौतामा यदि समानता र पारस्परिकताको अभाव भएमा त्यस्ता सन्धि सम्झौताहरूले प्रचलित कानूनको तुलनामा माथिल्लो हैसियत प्राप्त गर्न नसक्ने देखिन्छ ।**

१५. यसको अर्थ नेपाल सन्धि ऐन, २०४७ बमोजिम कुनै सन्धि सम्झौताका प्रावधानहरूमा स्वीकृति तथा सहमति जनाई नेपाल पक्ष राष्ट्र भइसकेको सन्धि सम्झौताको कार्यान्वयनमा अदालत आफैँले गैरसन्धिजनित सर्तहरू थप गरी त्यसको न्यायिक परीक्षण गर्नुपर्छ भन्ने होइन । नेपाल पक्षराष्ट्र भएका र संसद्बाट सम्मिलन, अनुमोदन, स्वीकृति वा समर्थन भएका सन्धिहरूले नेपाल राज्यका लागि निश्चित दायित्वहरू सिर्जना गरिदिएका हुन्छन् जसको कार्यान्वयन गर्नु सन्धिका सबै पक्षको दायित्व रहेको हुन्छ। यस प्रकारको दायित्व पालना गर्न सन्धिका पक्षहरू अन्तरराष्ट्रिय प्रथाजनित कानूनको रूपमा रहेको *pacta sunt servanda* को मान्यताबमोजिम तथा सन्धि सम्झौतासँग सम्बन्धित अन्तरराष्ट्रिय कानूनको रूपमा रहेको भियना सन्धिको प्रावधानबमोजिम बाध्य हुने देखिन्छ ।[65] साथै, सन्धि सम्झौताबाट नि:सृत दायित्वको पालनाको क्रममा कुनै पनि राज्यले आफ्नो आन्तरिक कानूनको प्रावधानलाई सन्धिबमोजिमको दायित्व पालना गर्न नसक्नुको कारणको रूपमा प्रस्तुत गर्नबाट रोक लगाएको देखिन्छ ।[66]

१६. यद्यपि द्विपक्षीय वा त्रिपक्षीय आर्थिक, व्यापारिक वा करारीय प्रकृतिका सन्धि सम्झौताअन्तर्गत कसैको हक वा दायित्वको प्रचलनको सम्बन्धमा न्याय निरूपण गर्दा न्यायिक निकायले जुन सन्धि वा सम्झौतासँग सम्बन्धित प्रश्न रहेको हो सो सन्धि वा सम्झौताले नेपालबाहेकका

65 Vienna Convention on Law of Treaties, 1969; Art. 26 - Every treaty in force is binding upon the parties to it and must be performed by them in good faith.

66 Id., Art. 27 - A party may not invoke the provisions of its internal law as justification for its failure to perform a treaty. This rule is without prejudice to article 46.

अन्य पक्षहरूको के कस्तो प्रकारको दायित्व निर्धारण गरेको छ भन्ने तथ्यको समेत विश्लेषण गर्नुपर्ने हुन्छ। नेपालसँग सन्धि वा सम्झौता गर्ने राष्ट्रमा उक्त सन्धि वा सम्झौताबमोजिमको हक वा दायित्वको न्यायिक प्रचलन हुने समानान्तर अवस्था विद्यमान भएमा मात्र सन्धि वा सम्झौताबमोजिमको हक वा दायित्वको प्रचलनको प्रश्न न्यायिक निरूपणयोग्य प्रश्नको रूपमा स्थापित हुन जान्छ । त्यस्ता सन्धि सम्झौताबाट सिर्जित हक वा दायित्वको कार्यान्वयनको क्रममा कुनै प्रश्नसम्बद्ध विवाद यस अदालतमा प्रवेश गरेमा उक्त सन्धि सम्झौताका अन्य पक्षराष्ट्रमा सम्बन्धित सन्धि सम्झौताले समान किसिमको हैसियत (reciprocal status) राख्छ कि राख्दैन भनेरसमेत हेर्नुपर्ने हुन्छ। दुई वा दुईभन्दा बढी सार्वभौम राष्ट्रले आफ्नो सार्वभौमिकताको प्रयोग गरेर हस्ताक्षर गरिने यस्ता सन्धि सम्झौता सम्बद्ध सबै राष्ट्रमा उस्तै रूपमा कार्यान्वयनयोग्य छन् छैनन् भनेर हेर्नु आवश्यक देखिन्छ । नेपाल पक्ष भएको उक्त सन्धि सम्झौताबाट सिर्जित हक वा दायित्व अर्को पक्षको अदालतबाट समान रूपले प्रचलन गराउने अवस्था छ छैन भनेरसमेत हेर्नुपर्ने हुन्छ । यदि त्यस्तो अवस्था नरहेको देखिएमा नेपालको अदालतले मात्र एकपक्षीय रूपमा नेपाल कानूनभन्दा माथिल्लो दर्जामा राखेर न्यायिक निरूपणयोग्य मान्ने र अर्को पक्षको अदालतले सोही हैसियत नदिने अवस्था सिर्जना भई समान सार्वभौमिकताको सिद्धान्तमा आधारित नभएर गरिने यस्ता सन्धि सम्झौताको वैधतामाथि नै प्रश्न उठ्ने खतरा रहन्छ।

१७. तसर्थ, माथि विवेचित प्रसङ्गका आधारमा नेपाल सन्धि ऐन, २०४७ बमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल पक्ष राष्ट्र कायम भएका सन्धि सम्झौताहरूको देहायबमोजिमको हैसियत कायम हुने देखिन्छ;

क. अन्तरराष्ट्रिय प्रथाजनित कानून (Customary International Law), अन्तरराष्ट्रिय कानूनअन्तर्गतका सर्वोच्च मूल्यहरू (Jus Cogens norms) तथा राज्यको सर्वोपरि दायित्व (Obligations erga omnes) को हैसियत प्राप्त सन्धि सम्झौता वा सन्धि सम्झौताका प्रावधानबाट स्थापित भएका अधिकारको प्रचलनका लागि यस अदालतले असाधारण अधिकारक्षेत्रको प्रयोग गरी आफ्ना फैसलामार्फत कानूनी हैसियत प्रदान गरेको भएमा त्यस्ता सन्धि सम्झौता एवम् सम्झौताका प्रावधानले अधिकानूनको हैसियत (status of supra-legality) प्राप्त गर्न सक्ने देखिन्छ;

ख. मानव अधिकारलगायतका बहुपक्षीय सन्धि तथा सम्झौता वा सन्धि-सम्झौताका प्रावधानहरूलाई नेपालको संविधानको प्रस्तावना, मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा समेत विशिष्ट हैसियत प्रदान गरिएको तथा यस अदालतका फैसलाको माध्यमबाट कानूनसरहको हैसियत प्रदान गरिएकोमा त्यस्ता मानव अधिकार सन्धिले अधिकानूनको हैसियत (status of supra-legality) प्राप्त गर्न सक्ने देखिन्छ;

ग. नेपालको संविधानको धारा २७९(२) तथा नेपाल सन्धि ऐन, २०४७ बमोजिम अनुमोदन भएका द्विपक्षीय तथा त्रीपक्षीय सन्धिहरूले सार्वभौम समानता (sovereign equality) र पारस्परिकता (mutuality / reciprocity) कायम भएका आधारमा प्रचलित कानूनभन्दा उपल्लो दर्जाको हैसियत प्राप्त गर्न सक्ने देखिन्छ; र

घ. ऋण, अनुदानलगायतका द्विपक्षीय वा त्रिपक्षीय विकास सम्झौतालाई प्रचलित

कानूनभन्दा माथिल्लो दर्जा प्रदान गर्दा उक्त सन्धि सम्झौताको मुख्य दस्ताबेज [main document(s)] लाई मात्र माथिल्लो दर्जा प्रदान गर्न सकिने देखिन्छ । यस्ता सन्धि सम्झौताअन्तर्गत आयोजना कार्यान्वयनसम्बन्धी छुट्टै कार्यविधि, निर्देशिकालगायतका दस्ताबेजहरू रहेको र त्यस्ता दस्ताबेजहरूलाई नेपाल कानूनले छुट दिएको भएमा उक्त सन्धि सम्झौता सम्बद्ध दस्ताबेजहरूसमेत कार्यान्वयनयोग्य हुने देखिन्छ ।

१८. दोस्रो प्रश्न एमसीसी र एमसीए-नेपालको सैद्धान्तिक, प्राविधिक र कानूनी पक्ष के-कस्तो रहेको छ भन्नेतर्फ विचार गर्दा, US Congress द्वारा स्थापना भएको Millennium Challenge Corporation (MCC) ले विश्वका आर्थिक रूपमा कम विकासशील देशहरूसँग सहकार्य गरी उक्त देशहरूमा विकास निर्माणका कार्यहरू गर्ने गरेको पाइन्छ । MCC ले निश्चित अवधिका लागि अनुदानहरू प्रदान गरी उक्त देशको आर्थिक अभिवृद्धि, गरिबी न्यूनीकरण एवं संस्थाहरूको सुदृढीकरणमा मद्दत पुऱ्याउने गरेको देखिन्छ । US Congress ले सन् २००४ मा Millennium Challenge Act of 2003 (Division D of P.L.108-199)[67] मार्फत MCC स्वीकृत गरेको देखिन्छ । उक्त ऐनले MCC लाई United States Department of the Treasury (USDT)[68] र US Agency for International Development (USAID)[69] भन्दा छुट्टै एक स्वतन्त्र निकायको रूपमा स्थापना गरेको देखिन्छ । MCC द्वारा अनुदान प्रदान गरिने देशहरूको विभिन्न मापदण्डहरूको आधारमा प्रत्येक वर्ष छनोट हुने गरेको देखिन्छ । MCC बाट गरिने सहयोग तथा अनुदानहरू मुख्यतया तीन प्रकारका रहेका देखिन्छन् : कम्प्याक्ट (compact), थ्रेसहोल्ड (threshold) र रिजनल कम्प्याक्ट (regional compact) । छनोटको मापदण्डमा पूर्णतया उत्तीर्ण (score highly on selection criteria) भएको देशलाई प्रदान गरिने अनुदानलाई कम्प्याक्टको संज्ञा दिएको पाइन्छ । यो अनुदान अन्य अनुदानभन्दा बढी भएको देखिन्छ ।[70] कम्प्याक्ट लागु गर्नका लागि उक्त देशमा छुट्टै कानूनी निकाय स्थापना गर्नुपर्ने देखिन्छ । कम्प्याक्टद्वारा पूर्ण अनुदान प्राप्त गर्न असफल रहेका देशहरूलाई दिइने कम्प्याक्टभन्दा कम अनुदानलाई थ्रेसहोल्डको संज्ञा दिएको पाइन्छ । यसै गरी क्षेत्रीय रूपमा लागु हुने कम्प्याक्टलाई रिजनल कम्प्याक्टको संज्ञा दिएको पाइन्छ । यसरी कम्प्याक्ट र थ्रेसहोल्ड गरी MCC ले हालसम्म ५१ देशहरूमा अनुदान प्रदान गरेको देखिन्छ ।[71]

१९. नेपाल सरकार र अमेरिकी सरकारको Millennium Challenge Corporation बिचमा मिति २०७४।०५।२१ मा Millennium Challenge Compact मा हस्ताक्षर भएको देखिन्छ भने उक्त कम्प्याक्टलाई नेपालको प्रतिनिधि सभाबाट मिति २०७८।११।१५ मा अनुमोदन गरेको देखिन्छ । मिति २०८०।०५।१३ गतेदेखि ५ वर्षे अवधि रहेको MCC

67 Congress.gov. (n.d.). H.R.4558 - Millennium Challenge Accountability Act of 2004.congress.gov. https://www.congress.gov/bill/108th-congress/house-bill/4558/text?s=1&r=32

68 Department of the Treasury (USDT) is the national treasury and finance department of the federal government of the United States, where it serves as an executive department.

69 The United States Agency for International Development (USAID) is an independent agency of the United States government that is primarily responsible for administering civilian foreign aid and development assistance

70 Millennium Challenge Corporation. (n.d). Millennium Challenge Corporation Where we Work.mcc.gov. https://www.mcc.gov/where-we-work/

71 ibid.

Nepal Compact ले कार्यान्वयन चरणमा प्रवेश (Entry into Force) गरेको पाइन्छ। यस प्रयोजनको लागि नेपालमा MCA-Nepal गठन गरी सोबमोजिम कार्यान्वयन इकाइ स्थापन गरेको देखिन्छ। MCA-Nepal को मूल उद्देश्य आर्थिक वृद्धिमा तीव्रता ल्याई बिजुलीको उपलब्धता र भरपर्दोपनमा वृद्धि गर्नु र सडकको गुणस्तर कायम राखी नेपाल र यस क्षेत्रको ऊर्जा व्यापारलाई सहजीकरण गर्नु रहेको पाइन्छ। यस आयोजनाअन्तर्गत राष्ट्रिय गौरवको विद्युत् प्रसारण आयोजना र सडक मर्मत गरी दुईवटा आयोजना रहेका देखिन्छन्। उक्त कम्प्याक्टको दफा ६.४ मा, "प्रस्तुत सम्झौता एक अन्तर्राष्ट्रिय सम्झौता हो र सोहीअनुरूप यस सम्झौताका हकमा अन्तर्राष्ट्रिय कानूनका सिद्धान्तहरू लागु हुने छन्"[72] भन्ने व्यवस्था रहेको देखिन्छ भने सोही कम्प्याक्टको दफा ७.१ मा, "प्रस्तुत सम्झौता लागु भएपश्चात् प्रस्तुत सम्झौता र नेपालको राष्ट्रिय कानून बाझिएमा प्रस्तुत सम्झौता लागु हुने"[73] भनी उल्लेख भएको पाइन्छ। यस्तो प्रकृतिका सम्झौताहरूलाई नेपालको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७(१)(ख)[74] ले समेत विशेष व्यवस्था गरी सोही सम्झौताबमोजिमका करारीय वा कानूनी दस्ताबेज लागु हुने छुट दिएको पाइन्छ। यद्यपि निवेदकले दाबी गरेबमोजिम यो सम्झौता बहुपक्षीय (multilateral) प्रकृतिको नभई द्विपक्षीय (bilateral) प्रकृतिको देखिन्छ। यसै गरी कम्प्याक्टको दफा ३.६(क)[75] मा सरकारले परियोजनासम्बन्धी खरिद प्रक्रियामा एमसीसी कार्यक्रम खरिद निर्देशिका (MCC Program Procurement Guidelines) अवलम्बन गर्नुपर्ने भनी उल्लेख भएको देखिन्छ भने एमसीसी कार्यान्वयन सम्झौता (Program Implementation Agreement) को दफा ५.१०[76] ले उक्त सम्झौतालाई अन्तर्राष्ट्रिय सम्झौताको रूपमा ग्रहण गर्न सहमति गरेको भन्ने व्यवस्था गरेको पाइन्छ। यस सम्बन्धमा हेर्दा, नेपाल सन्धि ऐन, २०४७ को दफा २(क)[77] ले "सन्धि" को परिभाषा दुई वा दुईभन्दा बढी राज्यहरू वा कुनै राज्य र अन्तरसरकारी सङ्गठनबिच लिखित रूपमा भएको सम्झौता भन्ने गरेको देखिन्छ। यसैगरी सोही ऐनको दफा ९(१)[78] मा सङ्घीय संसद्बाट अनुमोदन भएको सन्धि प्रचलित कानूनसँग बाझिएमा

72 सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको तर्फबाट (अर्थ मन्त्रालय) तथा संयुक्त राज्य अमेरिकाको तर्फबाट (मिलेनियम च्यालेन्ज कर्पोरेसन) बिच सम्पन्न मिलेनियम च्यालेन्ज सम्झौता (कम्प्याक्ट) मिलेनियम च्यालेन्ज सम्झौता दफा ६.४

73 सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको तर्फबाट (अर्थ मन्त्रालय) तथा संयुक्त राज्य अमेरिकाको तर्फबाट (मिलेनियम च्यालेन्ज कर्पोरेसन) बिच सम्पन्न मिलेनियम च्यालेन्ज सम्झौता (कम्प्याक्ट) मिलेनियम च्यालेन्ज सम्झौता दफा ७.१

74 सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७(१)(ख), "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा यो ऐनबमोजिमको खरिद प्रक्रिया अपनाउनुपर्ने छैनः- (ख) नेपाल सरकार र दातृ पक्षबिच भएको सम्झौताबमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेन्ट गाइडलाइन्स) अनुरूप खरिद गर्नु परेमा"

75 सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको तर्फबाट (अर्थ मन्त्रालय) तथा संयुक्त राज्य अमेरिकाको तर्फबाट (मिलेनियम च्यालेन्ज कर्पोरेसन) बिच सम्पन्न मिलेनियम च्यालेन्ज सम्झौता (कम्प्याक्ट) मिलेनियम च्यालेन्ज सम्झौता दफा ३.६(क), "सरकारले कार्यक्रम कार्यान्वयनका लागि सम्पूर्ण वस्तु, कार्य तथा सेवाको परिपूर्ति सरकार वा प्रदायकले एमसिसि कार्यक्रम खरिद निर्देशिका ("एमसिसि कार्यक्रम खरिद निर्देशिका") बमोजिम गर्ने सुनिश्चित गर्नेछ.."

76 सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको तर्फबाट (अर्थ मन्त्रालय) तथा संयुक्त राज्य अमेरिकाको तर्फबाट (मिलेनियम च्यालेन्ज कर्पोरेसन) बिच सम्पन्न कार्यक्रम कार्यान्वयन सम्झौता दफा ५.१०, "पक्षहरुले प्रस्तुत सम्झौता कम्प्याक्ट कार्यान्वयन गर्नको लागि गरिएको अन्तराष्ट्रिय सम्झौताको रूपमा ग्रहण गर्न र त्यसलाई कम्प्याक्टसँग नबाझिने गरी व्याख्या गर्न र यसको व्याख्यामा अन्तराष्ट्रिय कानूनका सिद्धान्तहरू लागू गर्न सहमति गरेका छन्"

77 नेपाल सन्धि ऐन, २०४७, दफा २(क), "सन्धि भन्नाले दुई वा दुईभन्दा बढी राज्यहरू वा कुनै राज्य र अन्तर-सरकारी सङ्गठनबिच लिखित रूपमा सम्पन्न भएको सम्झौता सम्झनुपर्छ र सो शब्दले यसै प्रकृतिको जुनसुकै नामकरण गरिएको लिखतसमेतलाई जनाउने छ"

78 नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१), "व्यवस्थापिका-संसद्बाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानूनसरह लागू हुनेछ"

उक्त सन्धिको प्रावधान लागु हुने र उक्त प्रावधान नेपाल कानूनसरह लागु हुने व्यवस्था रहेको देखिन्छ। सामान्यतया यस्तो प्रावधान बहुपक्षीय (multilateral) हुने सन्धिमा आकर्षित हुने भए तापनि सन्धि ऐनको परिभाषा खण्डको दफा २(क) र दफा ९(१) मा भएको व्यवस्थाले दुई राज्यबिच भएको सम्झौतामा पनि सोही रूपमा आकर्षित हुने जस्तो देखिन्छ। त्यसरी राज्य राज्यबिच दायित्व सिर्जना गर्ने द्विपक्षीय (bilateral) वा त्रिपक्षीय (trilateral) सन्धि सम्झौताहरूमा दुवै राज्यहरूले उक्त सन्धि सम्झौतामार्फत दुवै देशका राष्ट्रिय कानूनलाई समान र पारस्परिक व्यवहार गरेको अवस्थामा मात्र उक्त दफा २(क) र दफा ९(१) को प्रावधान आकर्षित हुने भनी पहिलो प्रश्नको सन्दर्भमा विवेचित भइसकेको छ। तसर्थ, **नेपाल पक्ष राष्ट्र भएको द्विपक्षीय वा त्रिपक्षीय सन्धिको सम्बन्धमा अर्को देशको कानून वा अभ्यासमा नेपाल सन्धि ऐनको दफा ९(१) सरहको प्रावधान नभएमा वा सन्धिका प्रावधानलाई राष्ट्रिय कानूनसरह मान्यता नदिएको अवस्थामा अदालतले त्यस्तो द्विपक्षीय वा त्रिपक्षीय सन्धि सम्झौताका आधारमा एकपक्षीय रूपमा नेपालको राष्ट्रिय कानूनभन्दा सन्धि सम्झौताको प्रावधानलाई माथिल्लो हैसियत नदिन पनि सक्दछ। नेपालले कुनै अर्को देश वा उक्त देशको कानूनद्वारा स्थापित संस्थासँग ऋण वा अनुदानमा आयोजना सम्पन्न गर्न सम्झौता गरेको अवस्था भएमा उक्त आयोजना सम्पन्न गर्ने सम्झौतासँग सम्बन्धित मुख्य दस्ताबेजसम्म मात्र नेपाल सन्धि ऐन, २०४७ को दफा २ र दफा ९(१) बमोजिमको हैसियत सीमित हुने भएको हुँदा, MCC अन्तर्गत भएको सम्झौता र दस्ताबेजहरूलाई सो हदसम्म मात्र बुझ्नुपर्ने देखिन्छ।**

२०. एमसीसी कार्यक्रम खरिद निर्देशिका (MCC Program Procurement Guidelines) सम्बन्धमा निर्णय गर्नुपर्दा, उक्त खरिद निर्देशिका मिलिनियम च्यालेन्ज कम्प्याक्टमा आधारित आयोजना सम्बद्ध दस्ताबेज रहेको देखिन्छ। यस्ता प्रकृतिका करारजन्य सम्झौताका प्रावधानहरूसँग राष्ट्रिय कानूनभन्दा पृथक् रूपमा कार्यान्वयन हुने शक्ति हुन्छ। यस्ता ऋण, अनुदानलगायतका विकास सम्झौता आफैँमा कार्यान्वयनयोग्य (self-implementing) हुने भए तापनि सम्झौताअन्तर्गत निर्मित कार्यविधिगत दस्ताबेजको आधारमा प्रचलित नेपाल कानून बदर गराउन मिल्ने देखिँदैन। यद्यपि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ को व्यवस्था हेर्दा नेपाल सरकार र दातृ पक्षबिच भएको सम्झौताबमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेन्ट गाइडलाइन्स) अनुरूप खरिद गर्नुपरेमा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमको खरिद प्रक्रिया अपनाउनुपर्ने छैन भनी उल्लेख भएको हुँदा उक्त कानूनी प्रावधानको कसीमा सामान्यतया त्यस्ता सम्झौताहरू आकर्षित हुन्छन् भन्ने देखिन्छ।[79] मिलिनियम च्यालेन्ज कम्प्याक्टका परिभाषित कार्यका लागि सम्बन्धित सम्झौता नै आकर्षित हुने तथा उक्त कम्प्याक्टको अधीनमा रहेको एमसीसी कार्यक्रम खरिद निर्देशिकालाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ ले समेत छुट दिएको हुँदा उक्त खरिद सम्झौता प्रचलित नेपाल सन्धि कानूनको रोहमा समेत कार्यान्वयनयोग्य नै देखिन्छ। तर, ऋण वा अनुदानका लागि नेपालले अनुमोदन गरेको उक्त एमसीसी सम्झौता सम्बद्ध आयोजनाको प्रयोजनका लागि सम्बन्धित कानूनका हदसम्म मात्र लागु गर्नुपर्ने देखिन्छ।

२१. निवेदक कम्पनी नेपालको नागरिक वा नेपालको राष्ट्रियता ग्रहण गर्न सक्ने कम्पनी नभई केवल कर प्रयोजनको लागि स्थापित स्थायी संस्थापक रहेको हुँदा नेपालको नागरिकलाई प्रदत्त

79 सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७; (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा यो ऐनबमोजिमको खरिद प्रक्रिया अपनाउनुपर्ने छैनः (ख) नेपाल सरकार र दातृ पक्षबिच भएको सम्झौताबमोजिम सो पक्षको खरिद निर्देशिका (प्रोक्योरमेन्ट गाइडलाइन्स) अनुरूप खरिद गर्नु परेमा।

गरिएको हकमा निवेदकले दाबी गर्न नमिल्ने भनी जिकिर लिएको देखिन्छ । निवेदक भारतको प्रचलित कानूनबमोजिम स्थापित भई नेपालमा आयकर ऐन, २०५८ को दफा २(कद)(४)[80] बमोजिमको स्थायी संस्थापन (permanent establishment) को रूपमा रहेको कम्पनी भन्ने तथ्यमा द्विविधा देखिँदैन । यस सन्दर्भमा विचार गर्दा, निवेदकले MCA-Nepal र नेपाल सरकारको सहकार्यमा नेपालमा निर्माण हुन लागेको विद्युत् आयोजनामा बोलपत्र पेस गर्ने क्रममा विवाद आएकोमा सो विवाद निरूपणको लागि यस अदालतमा रिटको माध्यमबाट उपचार माग गरेको विषयलाई अन्यथा भन्न मिल्ने देखिँदैन । **MCC सम्झौताअन्तर्गतको MCA-Nepal मा नेपालको पनि लगानी रहेको, MCC स्वयम्मा एक राज्य जस्तै प्रकृतिको निकाय रहेको र यसले गर्ने निर्णयहरूमा स्वेच्छाचारिता (arbitrariness) नहुने भन्ने नभएको हुँदा प्रभावकारी उपचार (effective remedy) को प्रयोजनको लागि निवेदक यस अदालतमा प्रवेश गर्न नपाउने भन्ने दृष्टिकोण बनाउन सक्ने देखिँदैन ।**

२२. अब तेस्रो प्रश्न निवेदकको आर्थिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही हो वा होइन भन्ने प्रश्नतर्फ विचार गर्दा, Millennium Challenge Account Nepal (MCA-Nepal) र यसअन्तर्गतका परियोजनाहरूबारे Millennium Challenge Account Nepal (MCA-Nepal) को के कस्ता दस्ताबेजहरू रहेका छन् भनी बुझ्न आवश्यक रहन्छ, नेपाल सरकार तथा मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को संयुक्त लगानीमा सञ्चालन गर्न लागिएको ६९.७ करोड अमेरिकी डलर जसमा ५० करोड अमेरिकी डलर MCC को तर्फबाट अनुदान र बाँकी १९.७ करोड अमेरिकी डलर नेपाल सरकारको तर्फबाट रहेकोमा[81] पूर्वाधार आयोजनाको व्यवस्थापनका लागि विकास समिति ऐन, २०१३[82] बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयअन्तर्गत सरकारी निकाय, Millennium Challenge Account Nepal (MCA-Nepal) को स्थापना भएको देखिन्छ । उक्त परियोजनाको कार्यान्वयनमा सहजीकरणको निम्ति MCA-Nepal का निश्चित दस्ताबेजहरू जारी गरिएको पाइन्छ । मिति २०७५।०६।०५ मा MCC द्वारा Bid Challenge System जारी गरेको पाइन्छ । यसको मूल उद्देश्य MCA-Nepal को खरिद प्रक्रियालाई पारदर्शी र निष्पक्ष बनाउनु रहेको देखिन्छ । यसमार्फत बोलपत्रदाताहरूले MCA-Nepal द्वारा भएको निर्णयउपर पुनरावेदन गर्न सक्ने देखिन्छ ।[83] यसैगरी नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालय र संयुक्त राज्य अमेरिकाको तर्फबाट एमसीसीबिच कार्यक्रम कार्यान्वयन सम्झौता (Program Implementation Agreement) सम्पन्न भएको देखिन्छ ।[84] यस सम्झौतामा MCA-

80 आयकर ऐन, २०५८ को दफा २(कद)(४), "(२) 'स्थायी संस्थापन' भन्नाले कुनै व्यक्तिले पूर्ण वा आंशिक रूपमा व्यवसाय सञ्चालन गर्ने स्थान सम्झनुपर्छ र सो शब्दले देहायको स्थानसमेतलाई जनाउँदछः- (४) कुनै व्यक्तिले नब्बे दिन वा सोभन्दा बढी समयमा निर्माण गर्ने, जडान गर्ने वा स्थापना गर्ने आयोजनामा संलग्न रहेको स्थान तथा सो आयोजनाको सुपरीवेक्षणसम्बन्धी क्रियाकलापहरू सञ्चालन गरेको स्थान"

81 Millennium Challenge Corporation. मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति. https://mcanp.org/

82 विकास समिति ऐन, २०१३ को दफा ३(१) "नेपाल सरकारले उचित वा आवश्यक ठहराएमा सूचित आदेशद्वारा सोही आदेशमा तोकिएबमोजिमको कुनै विकास योजना वा विकास कार्यलाई कार्यान्वित गर्न समिति गठन गर्न सक्ने छ"

83 Millennium Challenge Account-Nepal (MCA-Nepal) Bid Challenge System. Governing Principles, "The purpose of this BCS is to provide Bidders who believe that they have been harmed by an MCA-Nepal Procurement Action or decision and have the ability to seek a prompt, impartial and cost-effective review of the action or decision in order to promote and maintain the integrity and transparency of the MCA-Nepal compact procurement process."

84 सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको तर्फबाट (अर्थ मन्त्रालय) तथा संयुक्त राज्य अमेरिकाको तर्फबाट (मिलेनियम च्यालेन्ज कर्पोरेशन) बिच सम्पन्न कार्यक्रम कार्यान्वयन सम्झौता https://mcanp.org/wp-content/uploads/2021/09/FINAL-MCC-

Nepal को भूमिका, यसको अधिकार र दायित्व एवं यसको कार्यान्वयन योजना तथा एमसीसीबाट प्राप्त रकमको प्रयोजन र वितरणसम्बन्धी उल्लेख भएको पाइन्छ। उक्त कार्यक्रमको आयोजनाको खरिद प्रक्रिया सहज बनाउन एमसीसी कार्यक्रम खरिद निर्देशिका (MCC Program Procurement Guidelines)[85] जारी भएको देखिन्छ । यस निर्देशिकामा मूलतः Millennium Challenge Account Entity को खरिद प्रक्रिया, त्यसको नियम तथा सिद्धान्तहरू उल्लेख गरिएको पाइन्छ । यो निर्देशिका एक देशको Millennium Challenge Account मा मात्र लागु नभई MCC अन्तर्गत रहेका हरेक Millennium Challenge Account मा लागु हुने प्रकृतिको देखिन्छ।

२३. उल्लिखित परिप्रेक्ष्यको MCA-Nepal को रिट निवेदकले बोलपत्र पेस गरेको कार्यलाई ३ प्याकेजमा विभाजन गरिएको देखिन्छ । प्याकेज-१ मा ४०० के.भी. लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा ट्रान्समिसन लाइन रहेको देखिन्छ भने प्याकेज-२ मा ४०० के.भी. रातमाटे-न्यु दमौली-न्यु बुटवल र प्याकेज-३ मा ४०० के.भी. न्यु दमौली-न्यु बुटवल र न्यु बुटवल-नेपाल भारत बोर्डर ट्रान्समिसन लाइन रहेको देखिन्छ । यस ट्रान्समिसन लाइन डिजाइन, आपूर्ति, जडान, परीक्षण र कार्य सम्पन्नतासम्बन्धी सम्पूर्ण कार्यको लागि मिति २०७९।०८।१२ मा मिति २०७९।१२।१३ को समयसीमासहित बोलपत्र आह्वान भएको देखिन्छ । उक्त बोलपत्रमा पुन परिवर्तन गरी बोलपत्र पेस गर्ने अन्तिम मिति (bid submission deadline) मिति २०८०।२।८ (सन् २२।५।२०२३) सम्म सारेको देखिन्छ ।[86] उक्त बोलपत्र एमसीसी कार्यक्रम खरिद निर्देशिकाअनुरूप गुणस्तर र मूल्यमा आधारित छनोट (Quality and Price Based Selection, QPBS)[87] मा आधारित रहेको पाइन्छ । MCA-Nepal ले उक्त प्रशारण लाइन निर्माणको लागि सुरूमा लागत अनुमान अमेरिकी डलर १,९३,०००,०००।– (अक्षरूपी एक सय त्रियानब्बे मिलियन डलर मात्र) निर्धारण गरे पनि पछि टेन्डर पेस गर्ने मितिभन्दा अघि उक्त लागत अनुमान बढाई अमेरिकी डलर २२०,६००,०००।– (अक्षरूपी दुई सय बिस दशमलब छ मिलियन डलर मात्र) गरी सबै बोलपत्रदाताहरूलाई समेत जानकारी गराएको देखिन्छ[88] भने लट-१, लट-२ र लट-३ को

Implementation-Agreement_Nep-translation-by-LBMC.pdf

85 Program Procurement Guidelines. Department of Compact Operations.DCO-2008.37.7.Feb 10, 2021. https://assets.mcc.gov/content/uploads/guidance-2020001236804-procurement-program.pdf.

86 Millennium Challenge Account-Nepal (MCA-Nepal). Procurement of Plant Design, Supply, Delivery, Installation, Testing and Commissioning of:Lot 1: Lapsiphedi-Ratmate-New Hetauda 400kV D/C Transmission Line Lot 2: Ratmate-New Damauli 400kV D/C Transmission Line Lot 3: New Damauli-New Butwal 400kV D/C Transmission Line (Base) And New Butwal -Nepal/India Border 400kV D/C Transmission Line (Option) Contract No.: MCA-N/ETP/CB/003.Addendum 10 retrieved from https://mcanp.org/wp-content/uploads/2022/11/230502_-Addendum-10-issued.pdf.

87 Program Procurement Guidelines.P1.A.2.80, "As a potential best value improvement over the lowest evaluated bid principle, QPBS provides a process to consider non-price criteria in the evaluation of bids for goods, works, and non-consulting services in circumstances where the MCA Entity considers that fitness for purpose could be better achieved through such considerations. Through the QPBS procurement, the MCA Entity can apply Competitive Bidding procurement procedures modified to reflect the introduction of such non-price criteria. A two-envelope (technical and financial) bidding procedure shall be used. The appropriate SBDs for QPBS shall be used. The contract shall be awarded to the qualified bidder whose bid has been determined to have the highest combined technical and financial score."

88 Procurement of Plant Design, Supply, Delivery,

लागि क्रमश: अमेरिकी डलर ७६,४६४,६५१।-, अमेरिकी डलर ६४,८५३,१३०।- र अमेरिकी डलर ६२,२७६,२४९।- रहेको देखिन्छ । मिसिल संलग्न बोलपत्रको Financial Offers Opening लाई हेर्दा, उक्त आयोजनाको लागि कलपतरू पावर ट्रान्समिसन लिमिटेड (Kalpataru Power Transmission Limited), एम/एस केईसी इन्टरनेसनल लिमिटेड, भारत (M/S KEC International Limited, India), ट्रान्सरेल लाइटनिङ लिमिटेड (Transrail Lightning Limited), रिट निवेदक टाटा प्रोजेक्ट लिमिटेड (TATA Projects Limited) र लार्सेन एण्ड टर्बो लिमिटेड (Larsen and Turbo Limited) गरी पाँच बोलपत्रदाताहरू रहेको देखिन्छ । यस प्रसङ्गमा रिट निवेदकद्वारा लट-२ र लट-३ मा बोलपत्र पेस गरेको देखिन्छ । निवेदकले लट-२ मा पेस गरेको बोलपत्रको आर्थिक प्रस्ताव अमेरिकी डलर १०५,४२५,०१३.८५।- रहेको देखिन्छ भने लट-३ मा पेस गरेको बोलपत्रको आर्थिक प्रस्ताव अमेरिकी डलर ११४,५८५,५८६।– रहेको पाइन्छ ।[89] उक्त लट-२ को लागत रकमभन्दा रिट निवेदकबाट लट-२ को लागि पेस भएको आर्थिक प्रस्ताव ६२.५ प्रतिशतले अधिक रहेको देखिन्छ भने लट-३ को लागत रकमभन्दा निवेदकबाट लट-३ को लागि पेस भएको आर्थिक प्रस्ताव ८३.९ प्रतिशतले बढिरहेको देखिन्छ। मिति २०७९।८।१२ को बोलपत्रमा अनुमानित रकम उल्लेख नगरी specifications हरू मात्र उल्लेख गरी बोलपत्र प्रस्तोताहरूलाई एक प्रकारको अन्यौल र खुला परिस्थिति सिर्जना भएको भए तापनि मिति २०७९।१२।२७ मा जारी Addendum 8[90] मिति २०७९।१२।१३ को बोलपत्र पेस गर्ने अन्तिम मितिभन्दा १४ दिनपछि मिति २०७९।१२।२७ मा Addendum ८ जारी भएकोमा बोलपत्र पेसकर्ताले बोलपत्र पेस गरिसकेपछि Addendum ८ जारी भएको भए तापनि बोलपत्र पेसकर्तालाई उक्त Addendum ८ पछि करिब ४०-४१ दिनको समय अर्थात् मिति २०८०।२।८ सम्म त्यसरी पेस भएको bid document मा बोलपत्रकर्ताको अनुमानित रकम (estimated amount) को भावनाबमोजिम पुनर्विचार गरी परिवर्तन गर्न नसक्ने भन्ने देखिँदैन । यस सन्दर्भमा MCC को Program Procurement Guidelines मा रहेको व्यवस्थालाई हेर्दा, उक्त दस्ताबेजको P1.A.1.18 मा, “only a commercially reasonable price shall be paid to procure goods, works, and non-consulting services” भनी उल्लेख गरेको पाइन्छ । त्यसैगरी सोही Guidelines को P1.A.2.7 मा, "Preparation of a thorough and realistic budget estimate is essential to ensure MCC funding is to be managed properly” भनी उल्लेख गरेको पाइन्छ । यसबाट उक्त दस्ताबेजले खरिदको उचित मूल्यलाई प्राथमिकता दिई MCC को बजेटको सदुपयोग गर्न जोड दिएको भनी बुझ्न सकिन्छ । यस अवस्थामा रिट निवेदकले आफूले प्रस्तुत गरेको बोलपत्रको आर्थिक प्रस्तावको लागत सारभूत रूपमा प्रभावग्राही रही न्यून मूल्याङ्कित

Installation, Testing and Commissioning of Lot 1: Lapsiphedi-Ratmate-New Hetauda 400 kV D/C Transmission Line Lot 2: Ratmate-New Damauli 400k V D/C Transmission Line Lot 3: New Damauli-New Butwal 400 kV D/C Transmission Line (Base) And New Butwal -Nepal/India Border 400 kV D/C Transmission Line (Option) ADDENDUM #8, “The combined estimated budget for Lot 1, Lot 2, Lot 3 (Base) and Lot 3 (Option) is approximately 220,600,000 (Two Hundred Twenty Million and Six Hundred Thousand US Dollars).”

89 Millennium Challenge Account Nepal. Minutes of Financial Opening retrieved from https://mcanp.org/wp-content/uploads/2022/11/230908_Minutes-of-Financial-Offers-opening_TL.pdf

90 Millennium Challenge Account Nepal. Addendum 8 retrieved from https://mcanp.org/wp-content/uploads/2022/11/230410_ADDENDUM_8.pdf

रहेको भनी लिएको जिकिरसँग सहमत हुन सकिएन।

२४. अब, चौथो प्रश्न रिट निवेदकले वैध अपेक्षा (legitimate expectation) राख्ने अवस्था रहन्छ वा रहँदैन भन्ने सन्दर्भमा विचार गर्दा, MCA-Nepal ले सन् २८ नोभेम्बर २०२२ (मिति २०७८।०८।१२) मा सन् २२ मै, २०२३ (मिति २०८०।२।८)[91] सम्मको समयसीमासहित, "MCA-Nepal now invites sealed bids from all interested eligible bidders for Design, Supply, Delivery, Installation, Testing and Commissioning of Transmission Line. The Works Consists of: Lot 1: Lapsiphedi-Ratmate-New Hetauda 400kV D/C Transmission Line, Lot 2: Ratmate-New Damauli 400kV D/C Transmission Line, and Lot 3: New Damauli-New Butwal 400kV D/C Transmission Line (Base) and New Butwal - Nepal/India Border 400kV D/C Transmission Line (Option)" भन्ने बेहोराको विद्युत् प्रसारण आयोजनाअन्तर्गत तीन ट्रान्समिसन लाइन (प्याकेज १ को ४०० के.भी. लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा ट्रान्समिसन लाइन, प्याकेज २ को ४०० के.भी. रातमाटे-न्यु दमौली-न्यु बुटवल र प्याकेज ३ को ४०० के.भी.को न्यु दमौली-न्यु बुटवल र न्यु बुटवल-नेपाल भारत बोर्डर ट्रान्समिसन लाइन) को निर्माण, डिजाइन, आपूर्ति, जडान, परीक्षण र कार्य सम्पन्नतासम्बन्धी सम्पूर्ण कार्यका लागि बोलपत्र आह्वान गरेको देखिन्छ। त्यसैगरी MCA-Nepal ले आफ्नो वेभसाइटमा उक्त बोलपत्र रद्द भएको भनी सूचना प्रकाशित गरेको देखिन्छ। उक्त सूचनामा, "The Millennium Challenge Account Nepal (MCA-Nepal) invited bids for the Procurement of Plant Design, Supply, Delivery, Installation, Testing and Commissioning of: Lot 1: Lapsiphedi Ratmate-New Hetauda 400kV D/C Transmission Line, Lot 2: Ratmate-New Damauli 400kV D/C Transmission Line, Lot 3: New Damauli-New Butwal 400kV D/C Transmission Line (Base) And New Butwal -Nepal/India Border 400kV D/C Transmission Line (Option) (MCAN/ETP/CB/003). The Bids received were evaluated and as per clause P1.A.2.75 and P1.A.2.77 of the Millennium Challenge Corporation Program Procurement Guidelines (PPG) all bids are rejected due to Bid Prices substantially higher than the original estimate."[92] अर्थात् पेस भएका बोलपत्रहरू लागत अनुमानभन्दा सारभूत रूपमा बढी भएको कारण रिट निवेदकलगायतका बोलपत्रहरू रद्द गरेको भनी उल्लेख भएको देखिन्छ। उक्त बोलपत्र रद्द हुनुअघि MCA-Nepal ले सन् १४ फेब्रुअरी २०२३ मा Addendum #२ मार्फत बोलपत्र कागजातमा निश्चित परिमार्जनहरू गरेको भन्ने देखिन्छ जसअन्तर्गत, "The Bid price shall not be adjusted" has been replaced by: "The factor for price adjustment is zero,

91 यसमा सन् २७ मार्च २०२३ (२०७९।१२।१३) सम्मको समयसिमा रहेकोमा Addendum 10 मार्फत उक्त बोलपत्र पेस गर्ने अन्तिम मिति सन् २२ मे २०२३ (मिति २०८०।२।८) भनी उल्लेख गरिएको।

92 Millennium Challenge Account-Nepal (MCA-Nepal). Procurement of Plant Design, Supply, Delivery, Installation, Testing and Commissioning of:Lot 1: Lapsiphedi-Ratmate-New Hetauda 400kV D/C Transmission Line Lot 2: Ratmate-New Damauli 400kV D/C Transmission Line Lot 3: New Damauli-New Butwal 400kV D/C Transmission Line (Base) And New Butwal -Nepal/India Border 400kV D/C Transmission Line (Option) Contract No.: MCA-N/ETP/CB/003. Notice of Rejection of All Bids retrieved from https://mcanp.org/wp-content/uploads/2022/11/231013_Publication-of-Rjection-of-all-Bids.pdf.

that is the rates quoted by the bidders in the priced Schedule of Prices shall not be adjusted." अर्थात् बोल रकममा फेरबदल नहुने भन्ने वाक्यांश प्रतिस्थापन भई बोल रकममा हेरफेर हुने कुनै कारण नरहेकोले बोलपत्रदाताहरूले मूल्य सूचीमा उल्लेख गरेको मूल्यमा हेरफेर नहुने भनी उल्लेख भएको देखिन्छ । यसबाट MCA-Nepal ले बोलपत्र आह्वान गरेपश्चात् विभिन्न Addendum मार्फत रिट निवेदकलगायतका बोलपत्रदाताहरूलाई उक्त आयोजनाको बोल रकम हेरफेर नहुने भनी सूचित गरेको भन्ने देखिन आयो । उल्लिखित बोलपत्र रद्द गर्दा मिलेनियम च्यालेन्ज कार्यक्रम खरिद निर्देशिका (Program Procurement Guidelines) को P1.A.2.75 र P1.A.2.77 बमोजिम उक्त बोलपत्रहरूको मूल्याङ्कन गरी रद्द गरिएको भन्ने देखिन्छ । मिलेनियम च्यालेन्ज कार्यक्रम खरिद निर्देशिका (Program Procurement Guidelines) को सम्बन्धित दफा P1.A.2.75 लाई हेर्दा, "The MCA Entity will be justified in rejecting all bids only if all bids are nonresponsive, when prices are unreasonable or are substantially higher than the original estimate, or if contracting for the services is no longer in the best interest of implementation of the Compact……The MCA Entity may, after approval by MCC (if required under Attachment A. PPG Approval Matrix), reject all bids..." अर्थात् MCA-Entity ले बोलपत्र आह्वान गरेकोमा कुनै बोलपत्रहरू पेस नभएमा, पेस भएका बोलपत्रबमोजिमका रकम अव्यावहारिक वा सारभूत रूपमा बढी भएमा वा उक्त बोलपत्रबमोजिमका कार्य MCA-Entity को सर्वोत्तम हितविपरीत भएमा MCA-Entity ले पेस भएका बोलपत्रहरू रद्द गर्न सक्ने तथा MCA-Entity ले MCC को स्वीकृति लिई बोलपत्रहरू खारेज गर्न मिल्ने भनी उल्लेख भएको देखिन्छ । यसै गरी मिलेनियम च्यालेन्ज कार्यक्रम खरिद निर्देशिका (Program Procurement Guidelines) को दफा P1.A.2.77 मा, "***All bids shall not be rejected and new bids invited on the same bidding and contract documents solely for the purpose of obtaining lower prices.*** If the lowest evaluated responsive bid exceeds the MCA Entity pre-bid cost estimates by a substantial margin, the MCA Entity shall investigate causes for the excessive cost and consider requesting new bids as described in the previous paragraphs. Alternatively, with prior approval of MCC, the MCA Entity may negotiate with the lowest evaluated bidder to try to obtain a satisfactory contract through a reduction in the scope and/or a reallocation of risk and responsibility, which can be reflected in a reduction of the contract price. However substantial reduction in the scope or modifications to the contract documents will generally require rebidding." अर्थात् न्यून मूल्यको बोलपत्र पेस हुने आशयले मात्र पेस गरिएका बोलपत्रहरू रद्द गरी नयाँ बोलपत्र आह्वान गर्न नमिल्ने तर न्यून मूल्यको बोलपत्रको रकम MCA-Entity को लागत अनुमानभन्दा सारभूत रूपमा बढी भएमा नयाँ बोलपत्र आह्वान गर्न सकिने, MCA-Entity ले MCC को स्वीकृति लिई परियोजनाको प्राविधिक कार्यक्षेत्र र मापदण्डमा परिमार्जन गरी न्यून बोलरकम रहेको बोलपत्रदातासँग बोल रकमबारे सम्झौता गर्न सक्ने। तर सम्झौताको प्राविधिक कार्यक्षेत्र र मापदण्डमा सारभूत रूपमा कमी भएको अवस्थामा नयाँ बोलपत्र आह्वान गर्नुपर्ने" भनी उल्लेख भएको देखिन्छ। मिसिल संलग्न

कागजातहरू हेर्दा, रिट निवेदकले पेस गरेको बोल रकम अन्य बोलपत्रदाताहरूको तुलनामा न्यून रहे पनि उक्त बोल रकम MCA-Nepal ले Addendum #8 मार्फत निर्धारण गरेको लागत अनुमानभन्दा अधिक रहेको भन्ने देखिन आयो । तसर्थ MCA-Nepal ले मिलेनियम च्यालेन्ज कार्यक्रम खरिद निर्देशिका (Program Procurement Guidelines) को P1.A.2.75 र P1.A.2.77 बमोजिम पेस भएका बोलपत्रहरू रद्द गर्ने गरेको निर्णयलाई अन्यथा भन्न मिलेन । कम रकममा पुन ठेक्का जारी गर्ने उद्देश्यले मात्र ठेक्का प्रक्रिया रद्द गरिएको थियो भन्ने पनि पुष्टि हुने अवस्था देखिएन । त्यसै गरी प्रतिनिधि सभाबाट पारित कुनै विदेशी दातृ संस्थाको विकास परियोजनामा उल्लेख भएको उक्त योजनाका दस्ताबेजहरू लागु हुने र ती दस्ताबेजहरू सम्बन्धित नेपाली कानूनभन्दा माथि हुने भनिएकोमा त्यस्ता निकायबाट गरिने कुनै गलत वा स्वेच्छाचारी कार्य विरूद्ध यस अदालतको क्षेत्राधिकार नै नहुने भन्ने तर्क गर्न सक्ने देखिँदैन । यद्यपि यसमा नेपाली कानूनभन्दा माथि हुने भन्ने प्रयोजनलाई न्यायिक पुनरावलोकन गरी नेपाल कानूनलाई बदर गर्नेभन्दा पनि त्यस्ता दस्ताबेजको प्रयोगमा अनुदान वा ऋण सम्झौतामा भएका व्यवस्थालाई सम्झौताको प्रयोजनको लागि मात्र राष्ट्रिय कानूनभन्दा पृथक् रूपमा स्थान दिन सकिने भए तापनि MCA-Nepal को बोलपत्र चुनौती प्रणाली (Bid Challenge System) को नियम १.२(क)(४) मा, "(a) The following Procurement Actions may not be the subject of a Protest:…(iv) a decision to cancel a procurement or reject all bids, proposals or quotations." भनी उल्लेख भएको देखिन्छ । यसरी MCA-Nepal को दस्ताबेज बोलपत्र चुनौती प्रणालीमा नै बोलपत्र अस्वीकार गर्ने निर्णयउपर बोलपत्रदाताको कुनै पनि चुनौती दिने अधिकार नरहने भनी उल्लेख भएकोमा यसबारेमा रिट निवेदक अवगत नरहेको भन्ने अवस्था पनि देखिँदैन ।

२५. अब, रिट निवेदकले MCA-Nepal सँग वैध अपेक्षा (legitimate expectation) राख्ने अवस्था रहन्छ वा रहँदैन भन्ने सन्दर्भमा विचार गर्दा, वैध अपेक्षालाई, "A person may have a legitimate expectation of being treated in a certain way by an administrative authority even though he has no legal right in private law to receive such treatment. The expectation may arise from a representation or promise made by the authority including an implied representation or from consistent past practice."[93] भनी व्याख्या गरेको पाइन्छ । यसबमोजिम वैध अपेक्षा भनेको व्यक्तिले प्रशासकीय निकायसँग आफ्नो कुनै कानूनी हक नरहेको अवस्थामा पनि राख्ने अपेक्षा भन्ने देखिन्छ । त्यस्तो अपेक्षा प्रशासकीय निकायतर्फबाट भएको प्रतिनिधित्व वा कुनै मौखिक वा लिखत वचन वा पहिले उक्त निकायबाट भए गरेका कार्यबाट समेत प्रस्ट हुन सक्दछ । निवेदकले उल्लेख गरेको नजिरमा वैध अपेक्षाबारे, "वैध अपेक्षाको सिद्धान्त आकर्षित हुन सामान्यतया सार्वजनिक निकाय वा पदाधिकारीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट कुनै काम गर्ने वा नगर्ने वचनबद्धता वा आश्वासन लिखित वा मौखिकरूपमा व्यक्त गरेको हुनुपर्दछ । त्यस्तो आश्वासन वा वचनबद्धताप्रति सार्वजनिक पदाधिकारी वा निकाय प्रतिबद्ध रहने छ भन्ने कुरामा सम्बन्धित पक्ष विश्वस्त भई सोबमोजिम कार्य गरेको हुनुपर्ने"[94] भनी सर्वोच्च अदालतले व्याख्या गरेको पाइन्छ । उक्त नजिरअनुसार सार्वजनिक निकाय वा पदाधिकारीले कुनै काम गर्ने वा नगर्ने आश्वासन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लिखित

93 Halsbury's Laws of England Vol. I (1) 4th Edition para 81 at page 151-152

94 नेसनल मेडिकल कलेज प्रा.लि. विरूद्ध त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौंसमेत (ने.का.प.२०७४, अङ्क ५, नि.नं. ९८०६)

वा मौखिक रूपमा व्यक्त गर्नुपर्ने भन्ने देखिन्छ । उक्त नजिरलाई प्रस्तुत रिट निवेदनको रोहमा हेर्दा, MCA-Nepal ले विद्युत् परियोजनाको निर्माणको निम्ति बोलपत्र आह्वान गरेकोमा निवेदकले बोलपत्र पेस गरेको र MCA-Nepal ले उक्त बोलपत्रहरूको बोल रकम सारभूत रूपमा अधिक रहेको भनी पेस भएका बोलपत्रहरू रद्द गरेको भन्ने देखिन्छ भने बोल रकममा फेरबदल नहुने भनी Addendum २ मार्फत MCA-Nepal ले बोलपत्रदाताहरूलाई सूचितसमेत गरेको देखिन्छ । यसका साथै बोलपत्र चुनौती प्रणाली (Bid Challenge System) मा समेत पेस भएका बोलपत्रहरू रद्द गर्ने निर्णयउपर बोलपत्रदाताहरूले चुनौती दिने अधिकार नहुने भनी उल्लेख भएको देखिन्छ । रिट निवेदकले MCA-Nepal सँग ठेक्का सम्झौता गरी सोअनुरूपको कार्य गर्न पाउने अपेक्षा राखे पनि बोलपत्रको बोल रकममा हेरफेर नहुने र उक्त बोलपत्र रद्द भएमा बोलपत्रदाताले सो निर्णयउपर चुनौती दिन नमिल्ने भन्नेबारे निवेदक सूचित रहेकोमा निवेदकले MCA-Nepal सँग वैध अपेक्षा राख्ने अवस्था रहन्छ भन्ने देखिएन । तसर्थ प्रस्तुत रिट निवेदनको हकमा उल्लिखित नजिर सान्दर्भिक देखिएन । यसमा मुख्य विषय आयोजना अनुमानित रकममा तोकिएको समयमा सम्पन्न गर्नुपर्ने दायित्व भएको निकायलाई उक्त आयोजनाको बारेमा best interest के हो भन्ने निर्णय गर्ने अधिकारसमेत दिएको अवस्थामा बोलपत्रको अनुमानित रकममा आएको परिवर्तन बोलपत्रदाताले समयमा पाइसकेपछि अनुमानितभन्दा बढी रकम पेस भएको अवस्थामा वैध अपेक्षा कायम नै रहिरहने मान्न सक्ने देखिएन । साथै MCA-Nepal को बोलपत्र रद्द गर्ने कार्य कम रकममा काम गराउनकै लागि गरेको हो भन्ने सम्बन्धमा यो इजलास सहमत हुन सकेन ।

२६. जहाँसम्म MCA-Nepal ले न्यून मूल्य रहेको बोलपत्रदातासँग वार्तामार्फत सम्झौता गरी बोल रकममा हेरफेर गर्न सक्ने भन्ने मागदाबी रहेको छ । त्यस सन्दर्भमा विचार गर्दा आयोजनाको कुल लागत अनुमान अमेरिकी डलर २२०,६००,०००।– रही लट २ को लागि लागत अनुमान अमेरिकी डलर ६४,८५३,१३०।– रहेको देखिन्छ भने लट-३ को लागि अमेरिकी डलर ६२, २७६,६५१।– रहेको देखिन्छ । यसमा माथि उल्लेख भएबमोजिम रिट निवेदकले पेस गरेको बोल रकम लट-२ र लट-३ को लागि क्रमशः अमेरिकी डलर १०५,४२५,०१३.८५।– र अमेरिकी डलर ११४,५८५,५८६।– रहेको देखिन्छ। लट-२ को लागत अनुमान र रिट निवेदकले पेस गरेको बोलरकममा अमेरिकी डलर ४०,५७१,१८८३.८५।– (६२.५ प्रतिशतले अधिक) को फरक देखिन्छ भने लट-३ को लागत अनुमान र रिट निवेदनले पेस गरेको बोलरकममा अमेरिकी डलर ५२,३०९,३३७।– को फरक (८३.९ प्रतिशतले अधिक) रहेको देखिन्छ । यसमा व्यावहारिक रूपमा दुवै पक्षले सहमति गरी अनुमानित रकमभित्र सम्झौता गर्न सक्ने नै भए तापनि बोल रकम र लागत अनुमानमा सारभूत भिन्नता (substantial difference) रहेको देखिएकाले यस सम्बन्धमा MCA-Nepal ले आयोजनाको सर्वोत्तम हितको लागि उचित निर्णय गर्न सक्ने नै देखिन्छ ।

२७. अब, अन्तिम प्रश्न MCA-Nepal ले रिट निवेदकलगायतको बोलपत्रहरू रद्द गर्ने गरेको निर्णय ठिक छ वा छैन भन्नेतर्फ विचार गर्दा, MCA-Nepal ले रिट निवेदकलाई मिति २०८०।०६।२४ र मिति २०८०।०६।२६ मा, “As per the provisions P1.A.2.75 and P1.A.2.77 of the Millennium Challenge Corporation Program Procurement Guidelines (PPG), MCA-Nepal would like to notify you of the rejection of all submitted Bids under the Procurement of Plant Design, Supply, Delivery, Installation, Testing and Commissioning of:

Lot 2: Ratmate-New Damauli 400k V D/C Transmission Line (MCA-N/ETP/CB/003). The reason for rejecting all Bids is that the prices submitted under this procurement process were substantially higher than the original estimate" भन्ने बेहोराको इमेलबाट मिलिनियम च्यालेन्च कार्यक्रम खरिद निर्देशिकाको P1.A.2.75 र P1.A.2.77 बमोजिम लट-२ रातमाटे-न्यु दमौली 400k V D/C विद्युत् आयोजनाका लागि पेस भएका सबै बोलपत्रहरू रद्द गरिएको भनी जानकारी गराएको देखिन्छ । उक्त बोलपत्रहरूको बोल रकम लागत अनुमानभन्दा सारभूत रूपमा अधिक रहेको कारण सो बोलपत्रहरू रद्द गरिएको भनी उल्लेख गरेको पाइन्छ । यसै गरी उक्त इमेलपश्चात् रिट निवेदकले मिति २०८०।०६।२९ मा MCA-Nepal लाई बोलपत्र रद्द गर्नेगरी भएको कार्य गलत भई Millennium Challenge Corporation Program Procurement Guidelines (PPG) को प्रकरण नं. P1.A.2.77 बमोजिमको प्रक्रिया अवलम्बनका लागि अनुरोध गरी इमेल पत्राचार गरेको देखिन्छ। यसपश्चात् MCA-Nepal ले मिति २०८०।०७।२१ मा रिट निवेदकलाई इमेलमार्फत आफूहरूबाट बोलपत्र रद्द गर्ने गरी भएको कार्य अन्तिम र बाध्यकारी रहेको भनी सूचित गराएको देखिन्छ भने कार्यक्रम खरिद निर्देशिका को P.1.A.2.77 र P1.A.2.75 बमोजिम तथा MCC को सिफारिसमा उक्त बोलपत्रहरू रद्द गरिएको भन्ने देखिन्छ। उक्त इमेलमा, "Rejection of All Bids is final and binding for MCA-Nepal and affirm that there is no possibility to reopen any discussion regarding this decision"…The Program Procurement Guidelines (PPG) P.1.A.2.77 provision sets a limitation to a potential negotiation process by stating that "However, substantial reduction in the scope or modification to the contract documents generally will require rebidding." Furthermore, PPG P1.A.2.75 allows for the MCA Entity to reject all bids if the price is substantially higher than the original estimate. Considering this limitation and after conducting a detailed assessment (based on bidders provided information) of the reasons for the substantial gap between the budget estimate and the submitted prices, MCA-Nepal, with prior recommendation from MCC, decided to reject all bids" भनी उल्लेख गरेको देखिन्छ । यसरी बोलपत्रहरू रद्द भएपश्चात् पनि रिट निवेदक र MCA-Nepal बिच बारम्बार इमेलमार्फत पत्राचार भई MCA-Nepal ले रिट निवेदकलाई बोलपत्र रद्द गर्नुको स्पष्ट कारण र औचित्यसमेत खुलाई पत्राचार गरेको भन्ने देखिन्छ । यस अवस्थामा MCA-Nepal ले सम्बन्धित कानून कार्यक्रम खरिद निर्देशिकाबमोजिम बोलपत्रहरू रद्द गर्ने गरेको कार्यलाई गैरकानूनी भन्न मिल्ने देखिएन।

२८. MCA-Nepal, नेपाल सरकार तथा मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को संयुक्त लगानीमा सञ्चालन गर्न लागिएको ६९.७ करोड अमेरिकी डलरको पूर्वाधार आयोजनाको व्यवस्थापनका लागि अर्थ मन्त्रालयअन्तर्गत गठन गरिएको एक सरकारी निकाय हो । यस कार्यक्रमको उद्देश्य आर्थिक वृद्धिमा तीव्रता ल्याउन बिजुलीको उपलब्धता र भरपर्दोपनामा वृद्धि गर्नु, सडकको गुणस्तर कायम राख्नु तथा नेपाल र यस क्षेत्रको ऊर्जा व्यापारलाई सहजीकरण गर्नु हो । MCC को Program Procurement Guidelines मा रहेको व्यवस्थालाई हेर्दा, उक्त दस्ताबेजको P1.A.1.18 मा, "only a commercially reasonable price

shall be paid to procure goods, works, and non-consulting services" भनी उल्लेख गरेको पाइन्छ । त्यसैगरी सोही guidelines को P1.A.2.7 मा, "Preparation of a thorough and realistic budget estimate is essential to ensure MCC funding is to be managed properly" भनी उल्लेख गरेको पाइन्छ । यस स्थितीमा MCC ले खरिदको उचित मूल्यलाई प्राथमिकता दिई प्राप्त अनुदानको सदुपयोग गर्न जोड दिएको भनी बुझ्न सकिन्छ । तसर्थ, प्राप्त अनुदानको सदुपयोग भई उचित मूल्यमा MCA-Nepal अन्तर्गतका आयोजनाहरू सफल होस् भन्ने उद्देश्यले पेस भएका बोलपत्रहरू लागत अनुमानबमोजिम नरहेको कारण रद्द गर्ने गरेको MCA-Nepal को निर्णय कानूनसम्मत नै देखिन आयो ।

२९. अतः माथि विवेचित आधार, कारण अवस्थामा MCA-Nepal ले उल्लिखित विद्युत् आयोजनाको लागि बोलपत्र आह्वान गरेकोमा प्राप्त बोलपत्रहरूको बोल रकम सारभूत रूपमा अधिक रहेकोमा बोलपत्रहरू खारेज गर्ने गरेको निर्णय गलत भन्न नमिल्नुका साथै रिट निवेदकको बोल रकम लागत रकमभन्दा धेरै प्रतिशत अधिक रहेको अवस्थामा पुन: ठेक्का प्रक्रियामा जाँदा नै यो आयोजना र यस आयोजनामार्फत सम्झौताको पक्ष नेपालले प्राप्त गर्न खोजेको उद्देश्य उचित समय र मूल्यमा प्राप्त हुने देखिँदा निवेदकको निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमानता देखिएन । MCA-Nepal ले सुरूमा जारी गरेको बोलपत्रमा अनुमानित रकम उल्लेख नगरी specifications मात्र उल्लेख गरी पछि Addendum ८ मार्फत अनुमानित रकम परिवर्तन गरी निकै ढिला निवेदकलाई जानकारी दिएको देखिँदा MCA-Nepal का ठेक्का प्रक्रियामा निवेदकजस्तो प्रतिष्ठित र व्यावसायिक कम्पनीलाई कुनै पूर्वाग्रह राख्नुपर्ने अवस्था पनि देखिँदैन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी प्रत्यर्थीहरूलाई दिई आदेशको प्रति विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.शारङ्गा सुवेदी

इजलास अधिकृत: विरेन्द्रप्रकाश खड्का, मेजुमी गुरूङ
(शा.अ.)
इति संवत् २०८० साल माघ १४ गते रोज १ शुभम् ।